# उच्च अदालतका फैसलाहरुको संगालो
# २०८०



राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
मनमैजु, काठमाडौं

# उच्च अदालतका फैसलाहरूको सँगालो

## २०८०

राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
मनमैंजु, काठमाडौ

**सम्पादन तथा संयोजनः** श्री पुष्पा तिवारी, उपनिर्देशक

**सर्वाधिकार :** राष्ट्रिय न्यायिक प्रतिष्ठान
मनमैंजु, नेपाल

**लेआउट :** श्री सुसन महर्जन

**प्रकशित :** ५०० प्रति

**प्रकाशकः** राष्ट्रिय न्यायिक प्रतिष्ठान
मनमैंजु, नेपाल

**मुद्रण :** एन.आर.एस. प्रिन्ट सर्भिष

**यस संगालोमा संकलन गरिएका फैसलाहरुमा विज्ञ समूहबाट फैसला प्रकाशनको लागि योग्य भएको एकिन मात्र गरिएको छ। आधिकारिक प्रस्तुतिका लागि सक्कल प्रतिप नै प्रस्तुत गर्नुपर्ने छ।**

# प्राक्कथन

राष्ट्रिय न्यायिक प्रतिष्ठानले उच्च तथा जिल्ला अदालतबाट भएका फैसलाहरु छनौट गरी छुट्टाछुट्टै फैसलाहरुको सँगालो प्रकाशन गर्दै आईरहेको छ। यसै क्रममा प्रतिष्ठानलाई प्राप्त भएका ४७ थान मध्ये २४ वटा फैसलालाई "उच्च अदालतका फैसलाहरुको सँगालो २०८०" प्रकाशन गर्न पाएकोमा खुशी लागेको छ।

प्रतिष्ठानको अनुरोधमा प्रकाशनका लागि उच्च अदालतहरुबाट ४७ थान फैसलाहरु प्राप्त भएको थियो। विगतमा गरेको अनुभवको आधारमा ती प्राप्त फैसलाहरुमा मुद्दाको तथ्यको प्रस्तुतीकरण, ठहर गर्नुपर्ने विषयको पहिचान, प्रमाणको मूल्यांकन, कानूनको व्याख्या, नजीरको प्रयोग, फैसला लेखन शैलीको आधारमा भएको मूल्यांकनबाट प्रकाशनका लागि उचित ठहऱ्याईएका २४ थान फैसलाहरु प्रकाशन गरिएको छ।

फैसलामा हुनुपर्ने कानूनको व्याख्या, नजीरको सिद्धान्त तथा प्रयोग, फैसला लेखन शैलीमा सुधार होस् तथा समकालीन न्यायाधीशहरुबीच पनि फैसलाको विषयवस्तु र प्रद्धतिमा पनि जानकारी होस् भन्ने उद्देश्यले प्रस्तुत प्रकाशन गरिएको हो। प्रस्तुत फैसलाहरु पुनरावेदनको रोहमा माथिल्लो अदालतमा विचाराधीन हुन सक्लान्, न्यायको रोहमा उल्लेखित निर्णयमा फरक पर्न सक्लान्, तर प्रतिष्ठानले छनौट भएका उक्त फैसलाहरु विशुद्ध प्राज्ञिक तथा फैसला लेखन शैलीमा सुधारमा सहयोग होस् भन्ने उद्देश्यले मात्र प्रकाशन गरिएको हो। तसर्थ यस प्रकाशनमा संकलित फैसलाहरु अन्तिम फैसला होइनन्। तर फैसलाहरु आवश्यकता अनुसार प्रतिष्ठानले न्यायिक शिक्षामा प्रयोग गर्न सक्छ। साथै प्रतिनिधिमूलक फैसलाको रुपमा प्रकाशित प्रस्तुत फैसलाको सँगालोले उच्च अदालतबाट हुने निर्णयको स्वरुप, कानूनको प्रयोग र व्याख्या, न्यायाधीशको तार्किकता, फैसला लेखनमा भएको सृजनशीलता, मेहनत वा लगनसमेतलाई पाठक समक्ष पुऱ्याउन मद्दत गर्नेमा यस प्रतिष्ठान विश्वस्त छ।

संकलित फैसलाहरु प्रकाशनका लागि छनौट गरी दिनु हुने न्यायाधीशज्यूहरुप्रति कृतज्ञता व्यक्त गर्दछु। यस प्रतिष्ठानको यस प्रकाशनमा आफ्ना फैसला पठाई सहयोग पुऱ्याउनु हुने उच्च अदालतका र माननीय न्यायाधीशज्यूहरुप्रति यस प्रतिष्ठान आभार तथा धन्यवाद व्यक्त गर्दछ। यस प्रकाशनलाई सहजीकरण गर्नु हुने प्रतिष्ठानका अनुसन्धान तथा विकास महाशाखाका निर्देशक श्री श्रीकृष्ण मुल्मी र फैसला संकलक/संयोजक उपनिर्देशक श्री पुष्पा तिवारीलगायत प्रत्यक्ष अप्रत्यक्ष रुपमा यस फैसला प्रकाशनमा सहयोग गर्नु हुने प्रतिष्ठानका कर्मचारीहरु र अन्य सबैप्रति धन्यवाद व्यक्त गर्दछु।

बैद्यनाथ उपाध्याय<br>
कार्यकारी निर्देशक

# विषयसूची


| क्र.सं. | मुद्दा | पक्ष/विपक्ष | फैसला गर्ने माननीय न्यायधीश | पृष्ठ |
|---|---|---|---|---|
| १ | प्रतिषेध परमादेश | अधिवक्ता मिना कुमारी रानाभाट वि. नेपाल खानेपानी संस्थान पोखरा समेत | मा. श्री उज्ज्वल शुक्ल<br>मा. श्री श्रीधरा कुमारी पुडासैनी | १ |
| २ | उत्प्रेषण परमादेश | माया थापा राना वि. प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय, सिंहदरवार, काठमाण्डौ समेत | मा. श्री रमेशप्रसाद राजभण्डारी<br>मा. श्री ऋषि राजभण्डारी | १७ |
| ३ | उत्प्रेषण मिश्रित परमादेश र निषेधाज्ञा समेत | लिलाराज पौडेल समेत वि. नयाँ मोदी लेखनाथ १३२ के.भी. प्रसारण लाईन मुआब्जा निर्धारण समिति, कास्की समेत | का.मु.मा.मु.न्या.श्री डिल्लीराज आचार्य<br>मा. श्री उज्ज्वल शुक्ल | २४ |
| ४ | परमादेश लगायत उपयुक्त आज्ञा आदेश जारी गरी पाऊँ। | अन्जु सिखाकार वि. नेपाल सरकार, गृह मन्त्रालय समेत | मा. श्री गोकर्ण डाँगी<br>मा. श्री महेन्द्रनाथ उपाध्याय | ४२ |
| ५ | लेनदेन | छेरूक मुनाङ भोटे वि. सोभितामाया तामाङ | मा. श्री रमेश कुमार खत्री<br>मा. श्री अन्जु उप्रेती ढकाल | ४९ |
| ६ | तर्फ कायम गरी दर्ता श्रेस्ता बनाई पाऊँ | राजुदीन मिया वि. मालपोत कार्यालय तनहुँ दमौली समेत | मा.श्री रमेशप्रसाद राजभण्डारी<br>मा.श्री श्रीधरा कुमारी पुडासैनी | ५७ |
| ७ | जग्गा फुकुवा गरी पाऊँ | रामप्रसाद थारू चौधरी वि. किसान बहुउद्देश्यीय बचत तथा ऋण सहकारी संस्था लि., रजहर नगरपालिका समेत | मा. श्री उज्ज्वल शुक्ल<br>मा. श्री श्रीधरा कुमारी पुडासैनी | ६८ |
| ८ | अंश | राजकुमार नेपाली वि. सरस्वती सार्की समेत | मा. श्री उज्ज्वल शुक्ल<br>मा. श्री ऋषि राजभण्डारी | ७६ |
| ९ | ठगी | महेश भन्ने भुवन धिताल वि. नेपाल सरकार | मा. श्री गोपाल भट्टराई<br>मा.श्री बबिता उप्रेती | ८८ |
| १० | कर्तव्य ज्यान | नेपाल सरकार वि. प्रचण्ड | मा. श्री अन्जु उप्रेती ढकाल<br>मा. श्री फूर्पा तमाङ | १२१ |
| ११ | उत्प्रेषणयुक्त परमादेश, प्रतिषेध, अधिकारपृच्छा | अम्बर बहादुर श्रेष्ठ समेत वि. जिल्ला प्रशासन कार्यालय, सुनसरी समेत | मा. श्री राम बहादुर थापा<br>मा.श्री मुरारीबाबु श्रेष्ठ | १३४ |
| १२ | आत्महत्या | रोशन खड्का समेत वि. नेपाल | मा. श्री रमेशप्रसाद | १५२ |

| | | | | |
|---|---|---|---|---|
| | दुरूत्साहन | सरकार | राजभण्डारी<br>मा. श्री ऋषि राजभण्डारी | |
| १३ | मोटर बीमा (चोरी) दाबी | बविना मोक्तान लावती वि. शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड | मा. श्री गोकर्ण डाँगी<br>मा. श्री किरण कुमार पोखरेल | १६६ |
| १४ | लागू औषध (ब्राउन सुगर) | नेपाल सरकार वि. सुमन रावत | मा. श्री बबिता उप्रेती<br>मा. श्री राजुराम सिलवाल | १७४ |
| १५ | कर्तव्य ज्यान | नेपाल सरकार वि. सुकमाया राई(तामाङ्ग) | मा. श्री रमेश कुमार खत्री<br>मा. श्री फूर्पा तमाङ | १८५ |
| १६ | कर्तव्य ज्यान | योगेन्द्रबहादुर गुरूङ्ग वि. नेपाल सरकार | मा. श्री राम बहादुर थापा<br>मा. श्री जगतनारायण प्रधान | २०५ |
| १७ | निषेधाज्ञा | भोला बिक्रम थापा समेत वि. काठमाडौं महानगरपालिका नगर कार्यापालिकाको कार्यालय, बागदरवार, काठमाडौ समेत | मा. श्री महेश शर्मा पौडेल<br>मा. श्री राज्यलक्ष्मी बज्राचार्य | २३५ |
| १८ | परमादेश | नरेश तामाङ समेत वि. जिल्ला प्रशासन कार्यालय, धनकुटा | मा. श्री रमेश कुमार खत्री<br>मा. श्री फूर्पा तमाङ | २५४ |
| १९ | जबरजस्ती करणी | परिवर्तित नाम थर २०७७।०७८ कास्की-२ वि. नेपाल सरकार | का.मु.मा.मु.न्या.श्री डिल्लीराज आचार्य<br>श्री श्रीधरा कुमारी पुडासैनी | २६१ |
| २० | जबरजस्ती करणी | नेपाल सरकार वि. दिपक सार्की | का.मु.मा.मु.न्या.श्री गोपाल भट्टराई<br>माननीय न्यायाधीश श्री बबिता उप्रेती | २७८ |
| २१ | जबरजस्ती करणी | सागर भन्ने गोविन्द विश्वकर्मा वि. नेपाल सरकार | मा. श्री रमेश कुमार खत्री<br>मा. श्री फूर्पा तमाङ | २९५ |
| २२ | जबरजस्ती करणी उद्योग | नेपाल सरकार वि. टिकाराम श्रेष्ठ | मा. श्री उज्ज्वल शुक्ल<br>मा. श्री ऋषि राजभण्डारी | ३०७ |
| २३ | जबरजस्ती करणी उद्योग | नेपाल सरकार वि. विनोद थापा | मा. श्री रमेश कुमार खत्री<br>मा. श्री फूर्पा तमाङ | ३१६ |
| २४ | जबरजस्ती करणी। | मन बहादुर क्षेत्री वि. नेपाल सरकार | का.मु.मा.मु.न्या.श्री डिल्लीराज आचार्य<br>मा. श्री उज्ज्वल शुक्ल | ३२९ |

श्री
उच्च अदालत पोखरा
संयुक्त इजलास
इजलास नं.३
माननीय न्यायाधीश श्री उज्ज्वल शुक्ल
माननीय न्यायाधीश श्री श्रीधरा कुमारी पुडासैनी
आदेश
मुद्दाः- <u>प्रतिषेध परमादेश।</u>
**मुद्दा नं. 077-WO-0017**
नि.नं. २५४

| | |
|---|---|
| कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं.१७ बस्ने अधिवक्ता मिना कुमारी रानाभाट......................................................................................१ | **निवेदक** |

**विरूद्ध**

| | |
|---|---|
| नेपाल खानेपानी संस्थान, पोखरा.............................................................१<br>पोखरा महानगरपालिकाको कार्यालय, पोखरा..............................................१<br>भौतिक पूर्वाधार विकास मन्त्रालय, गण्डकी प्रदेश, पोखरा...............................१ | **विपक्षी** |

**न्याय प्रशासन ऐन, २०७३ को दफा ८(१) बमोजिम यसै अदालतको अधिकार क्षेत्रभित्र पर्ने भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छः-**

<u>तथ्य-खण्ड</u>

१. <u>निवेदन बेहोराः-</u>

म निवेदक नेपाल खानेपानी संस्थान पोखरा शाखाबाट खानेपानीको सुविधा लिई संस्थानको नियमित ग्राहक समेत रहेको कारणबाट प्रस्तुत रिट निवेदनमा मेरो सार्थक सम्बन्ध र सरोकार रहेको छ। छिमेकी जिल्लाहरूबाट र आसपासका क्षेत्रबाट बसाइ सरी पोखरा बजारमा आई बस्नेको संख्या दिन प्रतिदिन बढ्दो छ। पोखराको जनसंख्याको अनुपातमा हिउदमा खानेपानी संस्थानबाट उपलब्ध गराइएको पानी अपर्याप्त त छदै छ। त्यसमा पनि वर्षा याममा खानेपानी संस्थानबाट उपलब्ध गराइएको पानी मानबिय प्रयोगका लागि मात्र नभएर पशु चौपायाका लागि समेत उपयुक्त देखिदैन। प्रत्येक वर्ष बर्षा लागे पछि खानेपानीको धारामा हिलो मिसिएको लेदो, पात, पतिङ्गरका टुक्रा र जुका, गड्यौला समेत आउने गर्दछन्। जेष्ठ महिनादेखि भदौ महिनासम्म नागरिकहरू प्रदुषणयुक्त पानी पिउन बाध्य भई अस्वस्थकर जीवन जिउन बाध्य छन्। सृष्टिका प्रत्येक प्राणीहरूको जिवन रक्षाका लागि स्वच्छ पिउने पानीको महत्वलाई कसैले नकार्न सक्दैन तर मानवीय स्वास्थ्य जस्तो संवेदनशिल बिषयमा पनि नेपाल खानेपानी संस्थान र सम्बन्धित निकायहरू मौन रहेका छन्। यसरी नागरिकको स्वास्थ्य सम्बन्धी अधिकारलाई विभिन्न अन्तर्राष्ट्रिय कानून तथा नेपालको संविधान र प्रचलित नेपाल

कानूनहरूले समेत आधारभूत मानव अधिकारको रूपमा स्वीकार गरेको पाइन्छ। कानूनमा भएका व्यवस्थाहरूलाई वेवास्ता गरी विपक्षी नेपाल खानेपानी संस्थान पोखराले बिगत लामो समयदेखि व्यक्तिको शुद्व र स्वच्छ पानी पिउन पाउने जस्तो गम्भिर विषयमा पनि बेवास्ता गर्दै आएको छ। ७५ प्रतिशत रोगहरू प्रदुषित पानीका कारण लाग्ने कुरा स्वास्थविदहरू बताउँछन्। फोहोर पानीका कारण प्रत्येक वर्ष कैयौं बालबालिका लगायतले झाडा पखला जस्तो महामारीको शिकार हुनु परेको छ। कैयौ बालबालिकाहरूको मानसिक तथा शारिरीक बृद्धि बिकासमा समेत असर पर्ने गर्दछ जसका कारण व्यक्तिको बाँच्न पाउने हक समेत हनन् हुन पुगेको छ।

विपक्षीहरूले तत्कालै शुद्व पानी बितरण गर्न सकिने अवस्था परिस्थिती तर्फ समेत केहि कार्य नगरी मुकदर्शक बनि रहेको कारणले आउने दिनमा समेत बिपक्षीहरूबाट शुद्ध सफा पिउनेपानी बितरण गर्न कुनै तत्परता नदेखाएकोले बिपक्षीहरूलाई कानूनले तोकेको जिम्मेवारी र दायित्व निर्बाह गर्न गराउन सम्मानित अदालतको ढोका ढकढक्याउन जरूरी देखिएकोले सार्बजनिक सरोकारको प्रस्तुत बिषयमा बिपक्षी खानेपानी संस्थानले बितरण गरि आएको कास्की मर्दी खोलाको मुहान लगायत श्रोतलाई न्युनतम उपाय अपनाइ शुद्ध खाने पानी बितरण किन नगरेको भनि प्रतिषेधको आदेश र विपक्षीहरूको उल्लेखित अकर्मन्यतापुर्ण गैह्र जवाफदेहिताका कारण नागरिकहरूको जीउ ज्यान स्वास्थ्य र व्यक्तिगत स्वतन्त्रताको हकमा प्रत्यक्ष असर पुग्न गएको हुंदा तत्काल प्रदुषित पानी आपूर्ति नगर्नु नगराउनु, प्रदुषित पानीलाई शुद्धिकरण गरी मात्र आपूर्ति गर्नु गराउनु भनी विपक्षीहरूका नाममा नेपालको संविधानको धारा १४४ एवं न्याय प्रशासन ऐन, २०७३ को दफा ८ (१) बमोजिम परमादेश लगायत उपयुक्त आदेश जारी गरी पाउँ साथै यो निवेदन पत्रको अन्तिम टुङ्गो नलाग्दा सम्मको लागी तत्काल प्रदुषित पानी आपूर्ति नगर्नु नगराउनु, प्रदुषित खानेपानीलाई शुद्धिकरण गरी मात्र आपूर्ति गर्नु गराउनु, पानीको आपूर्ति गर्दा शुद्ध पानी आपूर्ति भए नभएको नियमित रूपमा चेक जाँच र अनुगमन गर्नु गराउनु र यसको सुनिश्चितताको लागि सम्मानित अदालतकै नेतृत्वमा निरीक्षण टोली समेत खटाई सबै विपक्षीहरूका नाममा मुलुकी देवानी कार्यविधि सहिता, २०७४ को दफा १५८ एवं उच्च अदालत नियमावली २०७३ को नियम ४२ बमोजिम अन्तरिम आदेश लगायतका आवश्यक र उपयुक्त आदेश जारी गरी पाउँ भन्ने समेत बेहोराको रिट निवेदक अधिवक्ता मिना कुमारी रानाभाटको मिति २०७६।०५।१६ को निवेदन मागदावी।

२. <u>यस अदालतको आदेशः-</u>

- यसमा के कसो भएको हो? निवेदकको निवेदन माग बमोजिमको आदेश किन जारी गर्नु नपर्ने हो ? माग बमोजिमको आदेश जारी गर्नु नपर्ने कुनै कानूनसम्मत आधार र कारण भए खुलाई यो आदेश सहितको सूचना प्राप्त भएको मितिले बाटाको म्याद बाहेक १५(पन्ध्र) दिनभित्र विपक्षीहरू मध्येका विपक्षी नं.१ र २ का हकमा आफै वा कानून बमोजिमको प्रतिनिधि वा कानून व्यवसायी मार्फत र विपक्षी नं.३ का हकमा गण्डकी प्रदेश, प्रदेश मुख्य न्यायाधिवक्ताको कार्यालय, पोखरा

मार्फत लिखित जवाफ पेश गर्नु भनी निवेदन र यो आदेशको प्रतिलिपि समेत साथै राखी म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नुहोला।

साथै, निवेदकले अन्तरिम आदेश समेत माग गरेकोमा निवेदकले उठाएको विषयवस्तुको संवेदनशिलतालाई विचार गर्दा दुबै पक्ष बीच छलफल गराई अन्तरिम आदेश जारी गर्ने वा नगर्ने सम्वन्धमा निक्यौलमा पुग्न उचित हुने देखिंदा दोहोरो छलफलका निम्ति विपक्षीहरूलाई मिति २०७७।०५।२८ का दिन ११.०० बजे विपक्षीहरूबाट पोखरा महानगर क्षेत्रमा प्रदुषणरहित खाने पानी वितरणका सम्वन्धमा हालसम्म अवलम्वन गरी आएका प्रविधि, उपाय लगायतका आफूसँग भएका हक प्रमाणसँग सम्वन्धित सक्कल कागजात समेत लिई अदालतमा उपस्थित हुनु भनी आदेश गरिदिएको छ। प्रस्तुत आदेशको जानकारी विपक्षीहरूलाई दिनुहोला भन्ने यस अदालतको मिति २०७७।०५।१७ को आदेश।

- नेपाल खानेपानी संस्थान ऐन, २०४६ को दफा ५ मा खानेपानी सम्बन्धमा संस्थानको काम, कर्तव्य र अधिकारको कानूनी व्यवस्था रहेको र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२)(झ)(५) मा स्थानीय गाउँ तथा नगरपालिकाहरूको काम, कर्तव्य र अधिकार अन्तर्गत खानेपानी सम्बन्धमा नियमन गर्ने दायित्व समेतको कानूनी व्यवस्था रहेको र नेपालको संविधानको धारा ३५(४) मा प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाईमा पहुँचको हक हुनेछ भन्ने स्वास्थ्य सम्बन्धी हक अन्तर्गत संवैधानिक प्रावधान समेत रहेको देखिन्छ।स्वच्छ खानेपानी मानव जीवनको स्वास्थ्यसँग सम्बन्धित भएको समेत आधारमा मर्दीखोला खानेपानीको मुहान फोहोर मैला, हिलो मिसिएको पानी, चौपाया आहाल बस्ने, मानव दिशापिसाव लगायत प्रदुषित कार्य गर्ने गराउने लगायतका मानवीय गतिविधिमा निगरानी गरी, रोकी तत्कालिन अवस्थामा गर्न सक्ने सम्भव भएसम्मको यथोचित प्रभावकारी रूपमा व्यवस्थापनको कार्य विपक्षी मध्येको नेपाल खानेपानी संस्थान, पोखराले गरी खानेपानी संस्थान, पोखराले वितरण गरेको पानी पिउन योग्य छ, छैन? हालै गरिएको ल्याब परीक्षण सहितको प्रतिवेदन पेशीका दिनमा पेश गर्नु र विपक्षी नेपाल खानेपानी संस्थान, पोखराले उल्लिखित कार्य गरे, नगरेको र खानेपानीको मुहानको अवस्था के कस्तो छ? सो को अनुगमन नियमित रूपमा विपक्षी पोखरा महानगरपालिका र भौतिक पूर्वधार विकास मन्त्रालय, गण्डकी प्रदेश, पोखराको समन्वयबाट गरी मुद्दा पेशीका दिन सो को प्रतिवेदन समेत पेश गर्न, गराउन उच्च अदालत नियमावली, २०७३ को नियम ४२(१) बमोजिम अन्तरिम आदेश सहितको आवश्यक र उपयुक्त आदेश जारी गरिएको छ। आदेशको जानकारी विपक्षीहरूलाई दिनू भन्ने यस अदालतको मिति २०७७।०५।२८ को आदेश।
- मिति २०७७।५।२८ मा यस अदालतबाट भएको आदेश मध्ये पोखरा महानगरपालिकाबाट खानेपानीको मुहान शुद्धताको बारेमा अनुगमन गरी इन्जिनियरबाट पेश भएको अनुगमन प्रतिवेदन मात्र मिसिल संलग्न भएको देखियो। तर सो मुहानको पानीको शुद्धताको बारेमा ल्याब टेस्टको प्रतिवेदन प्राप्त भएको नदेखिँदा उल्लेखित आदेशानुसार पानीको शुद्धताको बारेमा १५(पन्ध्र) दिन

भित्र निवेदककै रोहवरमा सम्बन्धित मुहानबाट संकलित पिउने पानीको नमुनाको ल्याव परीक्षण गरी सो को प्रतिवेदन अदालतमा पेश गर्नु भनी विपक्षी नेपाल खानेपानी संस्थान, पोखरालाई लेखि पठाई आएपछि वा म्याद नाघेपछि नियमानुसार पेश गर्नु भन्ने यस अदालतको मिति २०७८।०५।३० को आदेश।

- यसमा उपभोक्ताको निम्ति खानेपानीको पाइपबाट विपरित पानी परीक्षण गर्नुपर्नेमा मुहानको पानी परीक्षण गरिएको नमिलेको हुँदा पाइपबाट विपरित पानीको गुणस्तर परीक्षण गरीपाउँ भनी विपक्षी खानेपानी संस्थानको तर्फबाट माग भएकोले खानेपानीको मुहानबाट पोखरा विन्दवासिनी स्थित रिजर्भ ट्याङ्कीमा जम्मा हुने पानी उपभोक्ता समक्ष वितरण गर्नु अघि सो पाइपको पानीको गुणस्तर र शुद्धताको वारेमा निवेदक समेतको रोहवरमा नमुना लिई परीक्षण गरी प्रतिवेदन पेश गर्न लगाई आएपछि नियमानुसार गरी पेश गर्नुहोला भन्ने यस अदालतको मिति २०७८।०७।१५ को आदेश।
- यस अदालतको पूर्व आदेशानुसार खानेपानी परीक्षणको लागि आदेश भएकोमा नेपाल खानेपानी संस्थान, शाखा कार्यालय पोखराको पत्रानुसार वितरण गरिने पानीको परीक्षण रिपोर्टमा Remarks: Tested water sample was found to be contaminated by coliform bacteria so proper disinfection technique/s should be followed before drinking purpose भन्ने व्यहोरा उल्लेख भएको देखिँदा उक्त परीक्षण प्रतिवेदन साथै राखी वितरित खानेपानीको शुद्धताको लागि अल्पकालिन तथा दीर्घकालिन योजना/रणनीति के कस्तो रहेको छ? भन्ने सम्बन्धमा विपक्षीहरू नेपाल खानेपानी संस्थान, पोखरा, पोखरा महानगरपालिकाको कार्यालय र प्रदेश सरकार, भौतिक पूर्वधार विकास मन्त्रालय गण्डकी प्रदेश समेतबाट जवाफ लिनु।

  पानीको शुद्धता मापन गर्दा अवलम्बन गर्नुपर्ने शुद्धता सम्बन्धमा रहेको सरकारी व्यवस्था र मापदण्ड के कस्तो रहेको छ? विपक्षीहरूबाट पेश गर्न लगाउनु भन्ने यस अदालतको मिति २०७८।०९।०६ को आदेश।

३. <u>लिखित जवाफः-</u>

पोखरा महानगरपालिकाको साविकमा उप-महानगरपालिका पछि महानगर पालिकाको क्षेत्र भित्र पर्ने वडा नं. १ देखि वडा नं. १८ सम्मको क्षेत्रमा नेपाल खानेपानी संस्थानबाट नै खानेपानीको आपूर्ति हुँदै आइरहेको छ। हाल पनि उक्त वडाहरूमा संस्थानको तर्फबाट नै खानेपानीको व्यवस्था भएको छ। उक्त वडा वाहेक पछि महानगरपालिका अन्तर्गत समावेश हुन आएका वडा नं. १९ देखि ३३ सम्म र केही वडाहरूमा थप गरिएको अघि गा.वि.स. अन्तरगत पर्ने स्थानहरू एवं सो क्षेत्रहरूमा उपभोक्ता समितिहरू गठन भै उपभोक्ता समिति मार्फत स्वच्छ खानेपानी आपूर्तिको व्यवस्थापन गरिएको छ। ती सवै क्षेत्रमा पनि पोखरा महानगरपालिकाको तर्फबाट खानेपानी उपलव्ध गराउन आवश्यक कार्यमा सहयोग पुर्याउने गरिएको छ। त्यसैले विशेष ऐनबाट स्थापित संस्था नेपाल खानेपानी संस्थानको कार्यक्षेत्र भित्र पर्ने कार्य सो संस्थानले कार्य गरी आएको अवस्थामा निवेदन माग बमोजिम सोही कार्य क्षेत्र भित्रको विषयमा यस महानगरलाई समेत

समानान्तर रूपको कार्य गर्ने निकाय सरह माग दावी लिई आएको प्रस्तुत निवेदनको आधारमा यस महानगरका हकमा लिइएको रिट निवेदन दावी खारेज भागी रहेको छ। तसर्थ, पोखरा महानगरपालिका क्षेत्रमा स्वच्छ र प्रदुषण रहित खानेपानीको वितरण गर्ने कार्यमा कानून बमोजिम स्थापित संस्थाको काम कारवाहीमा सहयोग पुऱ्याउने कार्य यस महानगरपालिकाको हो। माथि उल्लेख गरे अनुसार प्रदुषण रहित पानी उपलब्ध गराउने कार्य खटी रहेको नेपाल खानेपानीको सवै कार्यलाई महानगरपालिकाको तर्फबाट सक्रियता पूर्वक समन्वय गर्ने अनुगमन गर्ने जस्ता सकारात्मक सहयोग उपलब्ध गराउने कार्यमा महानगरले कुनै कमि गरेको छैन। पोखरा महानगरपालिकाको तोकिएको क्षेत्रमा खानेपाली उपलव्ध हुने मुख्य श्रोतको रूपमा रहेको मर्दिखोलाको पानीको मुहान यस महानगरको क्षेत्र भित्र नभै माछापुच्छ्रे गाउँपालिकाको वडा नं. ४, ५ र ६ नं. वडा समेतको क्षेत्रमा पर्दछ। त्यसैले रिट निवेदनमा उल्लेख गरे जस्तो महानगर क्षेत्र भित्र खानेपानीको मुहान रहेको छैन। तथापि उपलब्ध श्रोत साधनको प्रयोग गरी शुद्ध पानी उपलब्ध गराउने दिशामा यस महानगरपालिका सदैव सक्रियताका साथ क्रियाशिल रही रहेको अवस्थामा यस महानगरको नाउँमा रिट निवेदन माग बमोजिम अनुसार परमादेश, प्रतिषेधको आदेश जारी हुन पर्ने अवस्था नभएकाले विपक्षको रिट निवेदन दावी खारेज गरी पाउँ भन्ने समेत बेहोराको पोखरा महानगरपालिका नगर कार्यपालिकाको कार्यालयको लिखित जवाफ।

४. निवेदकले नै खानेपानीको सुविधा नेपाल खानेपानी संस्थान, पोखरा शाखाबाट लिएको र संस्थानको नियमित ग्राहक रहेको निवेदन-पत्रको प्रकरण नं. १ को क. मा उल्लेख गर्नु भएको छ। नेपाल खानेपानी संस्थान अविछिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था रहेको, नेपाल खानेपानी संस्थान ऐन, २०४६ को दफा ४ मा उल्लेख गरेको छ। ऐ. ऐनको दफा ५ मा संस्थानको काम, कर्तव्यको व्यवस्थामा ५.१.६ मा नेपाल सरकारले तोकिदिएका खानेपानी तथा ढल निकास सम्बन्धी विकास परियोजना सञ्चालन गर्ने, दफा २३ मा नेपाल सरकारले संस्थानलाई समय-समयमा निर्देशन दिन सक्ने र दफा २४ मा संस्थानले यस ऐन विपरीत कुनै काम गरेमा वा गर्न लागेमा नेपाल सरकारले त्यस्तो काम रोक्ने आदेश दिन सक्ने प्रावधान उल्लेख गरिए बमोजिम खानेपानी संस्थानलाई निर्देशन तथा नियमन गर्ने अधिकार नेपाल सरकारसंग रहेकोलेयस प्रदेश मन्त्रालयलाई विपक्षी बनाई दायर गरिएको रिट निवेदन खारेज भागी छ। तसर्थ, निवेदकको जिकिर बमोजिम नेपालको संविधानको धारा-१७, स्वतन्त्रताको हक र धारा-१८ समानताको हक र धारा-३५स्वास्थ्य सम्बन्धी हकद्वारा प्रदत्त मौलिक एवम् कानूनी हकमा प्रतिकूल असर पर्ने गरी यस मन्त्रालयबाट कुनै काम नभएको हुँदा यस मन्त्रालयबाट भएको के कस्तो काम कारबाही वा निर्णयबाट रिट निवेदकको हक अधिकारमा आघात परेको हो? सो सम्बन्धमा निवेदकले स्पष्ट खुलाउन समेत नसकेकोले विना आधार हचुवामा यस मन्त्रालय समेतलाई विपक्षी बनाई दायर गरेको प्रस्तुत रिट निवेदन खारेजभागी छ, खारेज गरिपाउँ भन्ने समेत बेहोराको प्रदेश सरकार भौतिक तथा पूर्वधार विकास मन्त्रालय गण्डकी प्रदेश

पोखरकाको तर्फ बाट ऐ. का सचिव राम चन्द्र श्रेष्ठले  मुख्य न्यायाधिवक्ताको कार्यालय, गण्डकी प्रदेश पोखरा मार्फत पेश गरेको लिखित जवाफ।

५. नेपाल खानेपानी संस्थानले वितरण गरी आएको कास्की मर्दि खोलाको मुहान लगायत श्रोतलाई न्यूनतम उपाय अपनाई शुद्ध खानेपानी वितरण किन नगरेको भनी प्रतिषेधको आदेश र तत्काल प्रदूषित पानी वितरण नगर्नु नगराउनु प्रदूषित पानीलाई शुद्धिकरण गरी मात्र आपूर्ति गर्न, गराउन भनी प्रत्यर्थीहरूका नाउँमा प्रतिषेध परमादेशको आदेश सहितको अन्तिम आदेश जारी गरी पाउँ भन्ने मुख्य व्यहोराको निवेदन दावीको सन्दर्भमा पोखरा महानगरपालिका भित्र सफा स्वच्छ शुद्ध प्रदुषण रहित खानेपानी आपूर्ति गर्न विभिन्न प्रविधि उपाय अपनाइएको, पोखरा खानेपानी शुद्धिकरण आयोजनाको काम सुचारू रहेको हुँदा विपक्षीको निवेदन मुलुकी देवानी कार्यविधि सहिता २०७४ को दफा ९१ उपदफा १ बमोजिम आएको तर निवेदन उपदफा २ बमोजिम छुट्टै निवेदन नराखी दर्ता भएको ने खा.पा. ऐन २०४६ को दफा २१.३ग हचुवा दफा राखी दर्ता भएको हुँदा विपक्षीले निवेदनमा लेखिए जस्तो कुनै पनि कार्य लिखित जवाफ कर्ताबाट नभए नगरेको हुँदा निवेदकको निवेदन खारेज गरी पाऊँ भन्ने समेत बेहोराको नेपाल खानेपानी संस्थान पोखराको लिखित जवाफ।

६. प्रस्तुत विषयमा ताहाँ सम्मानित अदालतको प.सं. ०७७/०७८ च.नं.१३२८ मिति २०७७/०५/२९ को पत्र प्राप्त भई व्यहोरा अवगत भयो। तत्सम्बन्धमा निवेदक मिना कुमारी रानाभाट र विपक्षी यस पोखरा महानगरपालिका समेत भएको प्रतिषेध, परमादेश (077-WO-0017) मुद्दामा सम्मानित अदालतबाट सो मुद्दाका सम्बन्धमा पोखरामा प्रवाह गरिएको खानेपानीको मुख्य मुहान मर्दीखोलाको खानेपानीको मुहानमा फोहोरमैला, हिलो मिसिएको पानी, चौपाया आहाल बस्ने, मानव दिशापिशाव लगायतले प्रदुषण गराएको भन्ने सम्बन्धमा सो स्थानको अवस्था के छ? तत् सम्बन्धमा यस कार्यालयका ईन्जिनियरबाट अनुगमन भई प्राप्त प्रतिवेदन यसै पत्र साथ संलग्न राखी पेश गरिएको व्यहोरा अनुरोध गरिन्छ भन्ने व्यहोरा उल्लेख भएको पोखरा महानगरपालिका नगर कार्यपालिकाको कार्यालयको च.नं.२८८० मिति २०७७।०८।१८ को पत्र।

७. उपरोक्त सम्बन्धमा तहाँको प.सं.०७८/०७९ च.नं.१६३५ मिति २०७८।०५।३१ को पत्र प्राप्त भई व्यहोरा अवगत भयो। सो सम्बन्धमा निवेदक अधिबक्ता श्री मिना कुमारी रानाभाटको मु.न. 077-WO-0017 मिति २०७८।०५।३० मा पानीको शुद्धता सम्बन्धमा भएको आदेश अनुसार यस संस्थानबाट वितरण गरिने पानीको मुख्य मुहानबाट निवेदकको रोहवरमा संकलन भएको पानीको नमूनालाई निवेदककै रोहवरमा गरिएको परिक्षण रिपोर्ट यसै पत्र साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ भन्ने व्यहोराको नेपाल खानेपानी संस्थानको च.नं.९६ मिति २०७८।६।१३ को पत्र।

८. उपरोक्त विषयमा तहाँको प.सं. ०७८/०७९ च.नं.२६४३ मिति २०७८।७।१६ को पत्र प्राप्त भई व्यहोरा अवगत भयो। सो सम्बन्धमा निवेदक अधिवक्ता श्री मिना कुमारी रानाभाटको मु.नं. 077-WO0017/16 मिति २०७८।७।१५ मा पानीको शुद्धता सम्बन्धमा भएको आदेश अनुसार

यस संस्थानको रिजरभायर (पानीटंकी) मा जम्मा भई उपभोक्ता समक्ष वितरण भएको पानीलाई निवेदकको रोहवरमा संकलन गरी उक्त नमूनालाई निवेदककै रोहवरमा गरिएको परीक्षण रिपोर्ट यसै पत्र साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ भन्ने नेपाल खानेपानी संस्थानको च.नं.१६६ मिति २०७८।८।२० को पत्र।

९. उपरोक्त विषयमा सम्मानित उच्च अदालतको प.सं.०७८/०७९ च.नं.९२८२ मिति २०७८।९।७ र प.सं.०७८/०७९ च.नं.१०८९० मिति २०७८।११।०८ को पत्र प्राप्त भई व्यहोरा अवगत भयो। सो सम्बन्धमा निवेदक अधिवक्ता श्री मिना कुमारी रानाभाटको मु.नं.077-WO0017/16 मिति २०७८।९।६ मा पानी को शुद्धता सम्बन्धमा भएको आदेश अनुसार यस संस्थानबाट पोखरा नगरवासी उपभोक्तालाई वितरणको लागि ल्याइएको मुख्य मुहान मर्दिको पानीलाई संस्थानबाट विन्ध्यवासिनीमा निर्माण भएको पानीपोखरीमा संकलन गरी पानी शुद्धिकरणको लागि ब्लीचिङ्ग पाउडर राखी वितरण प्रणालीमा पठाईने गरेको साथै भोटिखोला मुहान र कालिमुढा मुहानबाट ल्याइएको पानीलाई अमलाविसौनीमा निर्माण भएको पानीपोखरीमा ब्लीचिङ्गपाउडर राखी वितरण गर्ने गरिएको व्यहोरा अनुरोध छ। वितरण पानीको शुद्धता मापन गर्दा National Drinking Water Quality Standard 2005 मापदण्डलाई अवलम्बन गरिएको छ। साथै यसको दीर्घकालिन समस्या समाधानको लागि हाल जापान सरकारको सहयोगमा, पोखरा २५, हेम्जामा पानी फिल्टरेसन यूनिट निर्माण र पोखरा १९, पुरनचौरमा पानी प्रशोधन केन्द्र निर्माणको लागि आवश्यक जग्गा नेपाल सरकारको सहयोगमा अधिग्रहण गरी कार्य सूचारू भईरहेको व्यहोरा अनुरोध छ। उक्त योजना सम्पन्न भएपश्चात मर्दि मुहानबाट आएको पानी सोझै पिउन योग्य हुने र भोटिखोला र कालिमुढाबाट आएको पानीलाई पनि शुद्धिकरणको लागि पहल भइरहेको व्यहोरा समेत जानकारीको लागि अनुरोध छ भन्ने व्यहोरा उल्लेख भएको नेपाल खानेपानी संस्थानको च.नं.३०३ मिति २०७८।११।१६ को पत्र।

१०. उपरोक्त सम्बन्धमा सम्मानित अदालतको च.नं.१०८९१ मिति २०७८।११।०८ को पत्र प्राप्त भै व्यहोरा अवगत भयो। प्राप्त पत्रमा उल्लेख भएको पोखरा महानगर क्षेत्रमा वितरित खानेपानीको शुद्धताको लागि अल्पकालिन तथा दीर्घकालीन योजना/रणनीति के कस्तो रहेको छ साथै पानीको शुद्धता मापन गर्दा अवलम्बन गर्नु पर्ने शुद्धता सम्बन्धमा रहेको सरकारी व्यवस्थापन र मापदण्ड के कस्तो रहेको छ भन्ने सोधनी भै आएकोमा पोखरा महानगरपालिकाले पोखरा महानगरमा खानेपानी वितरण गर्न आवश्यक पर्ने खानेपानी संकलनको लागि ट्याङ्की निर्माण गर्ने प्रयोजनका लागि जग्गा उपलब्ध गराउने जस्ता आवश्यक सहयोग गरी आएको छ। नेपाल खानेपानी संस्थान ऐन, २०४६ को दफा ५ अनुसार वितरित खानेपानीको शुद्धताको प्रदुषण नियन्त्रण लगायत आवश्यक व्यवस्था मिलाउने कार्य खानेपानी संस्थानको हुने हुँदा खानेपानीको स्रोत क्षेत्र मध्ये महानगर क्षेत्रमा पर्ने स्थान मर्दिखोलाको वरपर प्रदुषण नियन्त्रण गर्न अनुगमन गर्ने कार्य यस महानगरपालिकाले गर्ने गरेको व्यहोरा जानकारीको लागि अनुरोध गरिन्छ भन्ने समेत व्यहोरा उल्लेख भएको पोखरा महानगरपालिका नगर कार्यपालिकाको कार्यालयको च.नं. ७९६० मिति २०७८।११।२३ को पत्र।

११. प्रस्तुत विषयमा भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय, गण्डकी प्रदेशको मिति २०७८।१२।२२ गते, च.नं.१०१५ को पत्र मार्फत सम्मानित श्री उच्च अदालत पोखराको मिति २०७८।१२।१६ गते, च.नं.१२०३५ को पत्र प्राप्त भई व्यहोरा अवगत भयो।
तत्सम्बन्धमा नेपाल खानेपानी संस्थान ऐन, २०४६, खानेपानी नियमावली, २०५५, खानेपानी सेवा संचालन सम्बन्धी निर्देशिका, २०६९, दिगो विकासको लक्ष्य नं.६ तथा शहरी खानेपानी नीतिका साथै प्रदेश सरकार, प्रदेश नीति तथा योजना आयोग, प्रथम पञ्चवर्षीय योजना २०७६-०७७/२०८०-०८१ मा आधारभुत खानेपानी सुविधा शतप्रतिशत र मध्यम देखि उच्च गुणस्तरको खानेपानी सुविधा ५० प्रतिशत घरपरिवारमा पुर्‍याउने रणनीति तथा कार्यनीतिको व्यवस्था गरी अल्पकालिन तथा दीर्घकालिन योजना/रणनीति बमोजिम कार्य हुँदै आएको, वितरित खानेपानी शुद्धताको मापन गर्ने सम्बन्धमा नेपाल राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०६२ को (क) को वर्ग व्यवस्था तथा मापदण्ड पालना हुनुपर्ने प्रावधान रहेको व्यहोरा उल्लेख गरी निम्न बमोजिमको कागजात साथै राखी निर्देशन अनुसार जवाफ पठाइएको व्यहोरा सादर अनुरोध छ भन्ने उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय गण्डकी प्रदेशको च.नं.८५१ मिति २०७८।१२।२२ को पत्र।

## आदेश-खण्ड

१२. नियम बमोजिम पेशी सूचीमा चढी निर्णयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत निवेदन सहितको मिसिल अध्ययन गरी निवेदक अधिवक्ता श्री मिना कुमारी रानाभाट तथा निवेदकका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री तिलक पराजुली र अधिवक्ता श्री सुरेन्द्र थापा मगरले, कास्की जिल्लाको मर्दीखोलाको मुहान तथा श्रोतलाई न्युनतम उपाय अपनाई शुद्व खानेपानी बितरण गर्नुपर्नेमा सो नगरी विपक्षीहरूको गैह्र जिम्मेवारी र लापरवाहीको कारण पोखरा महानगरपालिकाका नागरिकले पिउने पानीको धारामा फोहर पानी आउने हुँदा फोहर पानी सेवन गरेका कारण प्रत्येक वर्ष कयौं नागरिक तथा वालवालिकालाई विभिन्न किसिमका रोग लागी मृत्यु हुने गरेको छ मानसिक तथा शारिरीक बृद्वि बिकासमा समेत असर पर्ने गरेको तथ्य विदितै छ।कानूनमा भएका व्यवस्थालाई वेवास्ता गरी विपक्षी नेपाल खानेपानी संस्थान पोखराले व्यक्तिको शुद्व र स्वच्छ पानी पिउन पाउने जस्तो गम्भिर विषयमा वेवास्ता गरिरहेको हुँदा कास्की जिल्लाको मर्दीखोलाको मुहान तथा श्रोतलाई न्युनतम उपाय अपनाई शुद्व खानेपानी बितरण किन नगरेकोभनि प्रतिषेधको आदेश र विपक्षीहरूको उपरोक्त उल्लेखित अकर्मण्यता पुर्ण गैह्र जिम्मेवारीको कारण नागरिकहरूको जिउ ज्यान स्वास्थ्य र व्यक्तगत स्वतन्त्रताको हकमा प्रत्यक्ष असर पुग्न गएको हुँदा प्रदुषित पानी आपुर्ति नगर्नु, नगराउनु भनि, प्रदुषित पानीलाई शुद्धिकरण गरी मात्र आपुर्ति गर्नु गराउनु, पानीको आपूर्ति गर्दा शुद्व पानी आपुर्ति भए नभएको नियमित रूपमा चेक जाँच र अनुगमन गर्नु गराउनु भनि भनि विपक्षीहरूका नाउँमा उपर्युक्त आदेश जारी गरी पाउँ भनि गर्नुभएको बहस सुनियो।

१३. विपक्षी पोखरा महानगरपालिकाका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री शिव वहादुर भुजेल र विपक्षी भौतिक पुर्वाधार विकास मन्त्रालय, गण्डकी प्रदेश पोखराका तर्फबाट उपस्थित उपन्यायधिवक्ता श्री सुरेन्द्र काफ्लेले, रिट निवेदकको निवेदन दावीसँग सम्बन्धित विषयको सेवा प्रदायकको जिम्मेवारी नेपाल खानेपानी संस्थानको रहने गरी नेपाल खानेपानी संस्थान ऐन, २०४६ मा व्यवस्था गरिएको छ सोही बमोजिम नेपाल खानेपानी संस्थानले उपलब्ध स्रोत साधनको प्रयोग गरी शुद्ध पानी उपलब्ध गराउने दिशामा हामीहरूको सदैव सक्रियताका साथ क्रियाशिल रही रहेको अवस्थामा हामीहरूको नाउँमा रिट निवेदन माग बमोजिम परमादेश प्रतिषेधको आदेश जारी हुन पर्ने अवस्था नभएकाले विपक्षको रीट निवेदन दावी खारेज गरी पाउँ भनी र विपक्षी खानेपानी संस्थानको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री रामचन्द्र न्यौपानेले, पोखरा महानगरपालिकाका बासिन्दालाई नेपाल खानेपानी संस्थानले सफा शुद्ध स्वच्छ पिउने पानी वितरणमा नयाँ प्रविधी उपायबाट पाईप विछ्याईएको मुहान लगायत ट्याङकीमा सफाई गर्ने कार्य गरिरहेको मुहानको पानीमा ल्याव टेष्ट गरी खान उपयुक्त भएपछि मात्र वितरण गरिएको अवस्था हुँदाहुँदै हचुवाको भरमा गरिएको रिट निवेदन खारेज गरी पाउँ भनि गर्नुभएको बहस समेत सुनियो।

१४. दुबै पक्षका विद्वानहरूको बहस जिकिर एवं मिसिल कागजात समेतलाई दृष्टिगत गरी निवेदन मागबमोजिमको आदेश जारी हुने, नहुने के हो? भन्ने विषयको निरूपण गर्नुपर्ने देखिन आयो।

१५. निर्णयतर्फ विचार गर्दा, पोखरा महानगरपालिकामा नेपाल खानेपानी संस्थानद्वारा वितरण हुने खानेपानीमा विभिन्न किसिमका किटाणु फोहोर पतिंगर गड्यौला लगायत आउने हुँदा त्यस्तो प्रकारको अशुद्ध पानी पिएका कारण प्रत्येक वर्ष कयौ बालबालिका तथा मानिसहरूलाई विभिन्न किसिमका झाडापखाला लगायतका रोगहरू लागी महामारीको सिकार हुनुपरेको छ। कयौंको मानसिक तथा शारिरिक विकासमा समेत असर परेको छ। यसरी नागरीकको स्वास्थ्य सम्बन्धी अधिकारलाई विभिन्न अन्तराष्ट्रिय कानून तथा नेपालको संविधान र प्रचलित नेपाल कानूनले समेत आधारभुत मानव अधिकारको रूपमा स्वीकार गरेको पाईन्छ। स्वास्थ्य सम्बन्धी अधिकारलाई संविधानले नै मौलिक हकको रूपमा व्यवस्था गरेको छ। संविधानको धारा ३५ मा स्वास्थ्य सम्बन्धी हकको व्यवस्था गरेको छ यसरी कानूनमा भएका व्यवस्थालाई समेत वेवास्ता गरी विपक्षी खानेपानी संस्थानले खेलवाड गरेको छ भने अन्य विपक्षीहरूद्वारा पनि नियमन र निरिक्षण गरी खानेपानी संस्थानलाई कर्तव्य वोध गराउनु पर्नेमा सो गराउन सकेको देखिएन तसर्थ प्रस्तुत विषयमा नेपाल खानेपानी संस्थानले वितरण गरी आएको कास्की मर्दीखोलाको मुहान लगायत श्रोतलाई न्युनतम उपाय अपनाई शुद्ध खानेपानी वितरण किन नगरेको भनि प्रतिषेधको आदेश र विपक्षीहरूका नाउँमा तत्काल प्रदुषित पानी आपुर्ती नगर्नु नगराउनु प्रदुषित पानीलाई शुद्धिकरण गरी मात्र आपुर्ती गर्नु गराउनु भनि विपक्षीहरूका नाउँमा संविधानको धारा १४४ एवं न्याय प्रशासन ऐन २०७३ को दफा ८(१) बमोजिम परमादेश लगायत उपयुक्त आदेश जारी गरी पाउँ भन्ने निवेदकको रिट निवेदन दावी रहेको देखिन्छ।

१६. पोखरा महानगरपालिकाले पोखरा महानगरपालिका क्षेत्रभित्र प्रदुषण रहित खानेपानी व्यवस्थापन गर्नको लागि पोखरा महानगरपालिकाको वडा नं.५,१५ र ११ मा पानी पोखरी बनाउनको लागि आवश्यक प्रकिया पुरा गरी जग्गा उपलब्ध गराई जापान सरकारको सहयोगमा Pokhara Water Supply Improvement Project को कार्यक्रम लागु भएकोमा उक्त Project ले निरन्तर काम गरीरहेको छ। पोखरा महानगरपालिकाको वडा नं.१ देखि १८ सम्मको क्षेत्रमा नेपाल खानेपानी संस्थानबाट नै खानेपानीको आपुर्ति भईरहेको छ भने उक्त वडा बाहेक पछी समावेश भएका १९ देखी ३३ सम्मका वडामा उपभोक्ता समितिहरूको गठन भई उपभोक्ता समिति मार्फत स्वच्छ खानेपानीको व्यवस्था गरिदै आएको छ। सबै क्षेत्रमा पोखरा महानगरपालिकाको तर्फबाट खानेपानी उपलब्ध गराउने आवश्यक कार्यमा सहयोग पुर्याउने काम गरीरहेको छ। उपलब्ध स्रोत साधनको उपयोग गरी शुद्ध खानेपानी उपलब्ध गराउने कार्यमा निरन्तर क्रियाशिल रहिरहेको अवस्थामा रिट निवेदन माग बमोजिम परमादेश प्रतिषेधको आदेश जारी हुनुपर्ने होईन भन्ने समेत व्यहोराको पोखरा महानगरपालिकाको लिखित जवाफ रहेको पाइन्छ भने पोखराको मुख्य नगर क्षेत्रमा खानेपानी संस्थानले र ग्रामीण क्षेत्रमा प्रदेश सरकारले खानेपानी वितरण समानान्तर रूपमा गर्दै आईरहेको छ। प्रदेश मन्त्रालयले क्रमश न्युनतम सेवा स्तरको आधारभुत स्तरको खानेपानी सेवा पुर्याउने त्यसपछी निजि धारा जडान र अन्तमा पानी प्रशोधन, शुद्धीकरण गर्ने रणनिति लिई सोही आधारमा गर्दै आईरहेको छ। नागरिकको जिउज्यानसँग जोडिएको संवेधनशिल विषयमा नेपाल सरकारसँग सहकार्य र समन्वय गरिरहेको अवस्थामा रिट निवेदकलाई मन्त्रालयबाट भएका के कस्ता कार्यले हक अधिकारमा आघात परेको हो सो खुलाउन नसकेको हुँदा प्रस्तुत रिट निवेदन खारेजभागी हुदा खारेज गरी पाउँ भन्ने समेत व्यहोराको भौतिक पुर्वाधार विकास मन्त्रालयको लिखित जवाफ रहेको देखिन्छ।

१७. पोखरा महानगरपालिकाका बासिन्दालाई नेपाल खानेपानी संस्थानले सफा, शुद्ध, स्वच्छ पिउने पानी वितरणलाई प्रभावकारी वनाउन नेपाल र जापान सरकारको संझौता भई नयाँ प्रविधि उपायबाट नयाँ पाईप बिछ्याईएको खानेपानीको मुहानमा पोखरा महानगरपालिका उद्योग वाणिज्य संघ पोखरा र खानेपानी संस्थानबिच भएको सम्झौता अनुसार काम सम्पन्न भई प्रयोगमा समेत आईरहेको मुहान लगायत ट्याङकिमा पानी खान योग्य बनाउने प्रविधी उपाय लगायतका कार्य गर्दै आईरहेको र यस संस्थानबाट वितरण गरेको पानी ल्याव टेष्ट समेत गरी खान उपयुक्त भएको प्रमाणित भएपछि मात्र वितरण गर्ने गरेको अवस्थामा हामी उपर हचुवा, भ्रामक कपोलकल्पित रूपमा राखिएको निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको नेपाल खानेपानी संस्थानको लिखित जवाफ रहेको देखिन्छ।

१८. खानेपानी मानव जीवनको लागि नभई नहुने अत्यावश्यक वस्तुको रूपमा रहेको र खानेपानी बिना मान्छे बाच्न नसक्ने भई मानिसको बाच्न पाउने हक (Right to life) सँग प्रत्यक्ष रूपमा जोडिएको देखिन्छ। मानिसको बाच्न पाउने हकसँग जोडिएको आधारभूत वस्तु खानेपानी स्वच्छ र शुद्ध

रूपमा आम मानिस उपभोक्ताको पहुँचमा पुग्ने गरी उपलब्ध गराउनु राज्यको प्राथमिक एवं न्यूनतम दायित्व (Core minimum obligation) भित्र पर्ने कुरामा पनि विवाद रहन सक्दैन। राज्यका सबै अंगहरू एवं विशेष गरी त्यसको जिम्मेवारी बोकेको निकाय एवं सरकारका अंगहरूले आफ्नो राज्य भित्रका मानव समुदायलाई स्वच्छ र शुद्ध खानेपानी आपूर्तिको कार्यान्वयनका लागि तत्काल प्रभावकारी कदम चाल्न पर्ने हुन्छ। हाम्रो देशको संविधानमा नै स्वास्थ्य सम्बन्धी हक मौलिक हकको रूपमा राखी नेपालको संविधानको धारा ३५(४) मा "प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाईमा पहुँचको हक हुनेछ।" भन्ने संवैधानिक व्यवस्था गरेको देखिन्छ। यसर्थ शुद्ध र स्वच्छ खानेपानी मौलिक हकका रूपमा हाम्रो संविधानले अंगिकार गरेकोमा सोका लागि राज्यका निकायहरूले उचित प्रबन्ध मिलाउने गरी कार्यान्वयन गर्नुपर्ने दायित्वलाई अन्देखा गरी बस्न मिल्ने देखिदैन। त्यस्ता दायित्व अर्थात संविधानको धारा ३५ समेतको मौलिक हक नेपालको संविधानको धारा २७३(१०) बमोजिम संकटकालिन अवस्था घोषणा गर्दा समेत निलम्बन हुने देखिदैन।

१९. रिट निवेदकले पोखरा महानगरपालिका भित्र वितरण हुने खानेपानीको धारामा हिलो मिसिएको लेदो, पात, पतिङ्गरका टुक्रा र जुका, गड्यौला समेत आउने र उपभोक्ताहरू प्रदुषणयुक्त पानी पिउन बाध्य भई मानव स्वास्थ्यमा गंभिर चुनौति रहेको भनि सार्वजानिक सरोकारको विषयवस्तुको उठान एवं चिन्ता प्रकट गरी त्यसको लागि विपक्षीहरूका नाउँमा परमादेश समेतको निवेदन मागदावी गरेको देखिन्छ। नेपालको संविधानको अनुसुची-६ प्रदेशको अधिकार सूचिको क्र.सं. १९ मा प्रदेश भित्रको राष्ट्रिय बन, जल उपयोग तथा वातावरण व्यवस्थापन रहेको र त्यसैगरी अनुसूची-८ स्थानीय तहको अधिकार सूचीमा क्र.सं.९ को आधारभूत स्वास्थ्य र सरसफाई, क्र.सं.१९ मा खानेपानी समेत रहेको र अनुसूची-९ को क्र.सं.५ मा विद्युत, खानेपानी, सिचाँई जस्ता सेवाहरू संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा राखेको देखिँदा खानेपानीको विषय सरकारका तीनै तह संघ, प्रदेश र स्थानीय तहको साझा दायित्व भित्रको रहेको देखिन्छ। त्यसैगरी नेपाल खानेपानी संस्थान ऐन, २०४६ को प्रस्तावनामा नेपालको विभिन्न क्षेत्रमा नियमित रूपले स्वच्छ खानेपानी उपलब्ध गराउन समेत नेपाल खानेपानी संस्थानको स्थापना र संचालन गर्न ऐन बनेको उल्लेख भएको र उक्त ऐनको दफा ५ मा खानेपानी सम्बन्धमा संस्थानको काम, कर्तव्य र अधिकारको कानूनी व्यवस्था गरेको देखिन्छ। उक्त ऐनको दफा ५.१ अन्तर्गत ५.१.१० मा खानेपानीको प्रदुषण नियन्त्रण गर्ने उक्त खानेपानी संस्थानको काम, कर्तव्य र अधिकार तोकिदिएको पाइन्छ। यस पोखरा महानगर क्षेत्र भित्रका विभिन्न वडाहरू अन्तर्गत विपक्षी नेपाल खानेपानी संस्थान पोखराले खानेपानी पाइप मार्फत सो क्षेत्रका उपभोक्ताहरूलाई खानेपानी वितरण गर्दै आएको देखिन्छ।

२०. नेपालको संविधानको धारा ४४ मा रहेको उपभोक्ताको हक अन्तर्गत उपधारा (१) मा प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक रहेको देखिन्छ। नेपाल खानेपानी संस्थानका उपभोक्ताहरूले समेत गुणस्तरीय वस्तु र सेवा पाउनुपर्ने कुरामा अन्यथा हुन सक्दैन। आफ्नो उपभोक्तालाई स्वच्छ खानेपानी वितरण गर्नुपर्ने निरपेक्ष दायित्व नेपाल खानेपानी संस्थानको रहेको

देखिन्छ। नेपाल खानेपानी संस्थान ऐन, २०४६ को दफा १८ मा खानेपानी वा खानेपानीको मुहानलाई दुषित गर्न मनाही गरी त्यस्तो कार्य गरेमा त्यस्तो काम कारवाही गर्ने गराउनेलाई सजाय समेतको व्यवस्था गरेको पाइन्छ। त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२)(झ)(५) मा स्थानीय गाउँ तथा नगरपालिकाहरूको काम, कर्तव्य र अधिकार अन्तर्गत स्वच्छ खानेपानी तथा खाद्य पदार्थको गुणस्तर सम्बन्धमा नियमन गर्ने दायित्व समेत स्थानीय तहको रहेकोमा दुविधा हुन सक्दैन। वितरीत खानेपानीको स्वच्छताको सम्बन्धमा प्रदेश सरकार र पोखरा महानगरपालिकाले समेत आवश्यक अनुगमन, निरिक्षण समन्वय एवं व्यवस्थापन गरी स्वच्छ गुणस्तरीय खानेपानीको आपूर्तिका लागि नियमन गर्नुपर्ने दायित्व प्रति उदाशिन हुन वा सो दायित्वबाट पन्छिन मिल्ने देखिदैन।

२१. यस अदालतबाट मिति २०७७/५/२८ मा भएका आदेशानुसार पोखरा महानगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट खटीई गएको ईन्जिनियरको प्रतिवेदनमा माछापुच्छ्रे गाउँपालिकामा मर्दीखोलाको मुहान रहेको, मर्दी खोलाको पानीको मुहानमा फोहोरमैला फाल्ने कार्य भएको देखिएन,वर्षा याममा स्वभाविक रूपमा बाढी आउने तर सो बाढीको पानीलाई चेक ड्यामबाट नियन्त्रण गरिने गरेको, पानीको क्षेत्रमा चौपाया आहाल बस्ने गरेको छैन, छाडा चौपाया छाडेको पाईएन। मानव दिशापिशाबको सम्बन्धमा जनस्तरमा सचेतता रहेको पाईयो र खोलाको वरपरका वासिन्दा र सम्बन्धित सरोकारवालासँग बुझ्दा शवदहन गर्दा पानीको वहावमा नमिसाई सफा गर्ने गरेको र फोहोर मिसाउने गरेको भन्ने पाईएन भन्ने समेत व्यहोराको प्रतिवेदन रहेछ र ग्राहकहरूको धारामा अनुगमन गर्दा धारामा हिलो मिसिएको लेदो, पात पतिङ्गरका टुक्रा र जुका, गड्यौला समेत अनुगमनका क्रममा नपाईएको, खानेपानी संस्थानबाट तोकेको क्षेत्रभित्र त्यस्तो कुनै गलत कार्य गरेको पाईएन, खानेपानीको मुहान भन्दा तलका क्षेत्रमा मानिसको आवागमन बढि हुने गरेको पाईयो। हालसम्म वितरण गरेको पानीमा कुनै समस्या नरहेको नियमित ल्याव परिक्षण गरीएको, मुहान क्षेत्रमा नियमित कर्मचारी खटाई उचित हेरचाह गरेको, कार्यालयले अनुगमनलाई प्रभावकारी रूपमा लागु गरेको व्यहोरा समेत उल्लेख गरी नेपाल खानेपानी संस्थान, शाखा कार्यालय पोखराको च.नं.९६ मिति २०७८/६/१३ को पत्रसाथ निवेदकको रोहवरमा संकलन भएको पानीको नमुनालाई निवेदककै रोहवरमा परिक्षण गरिएको संयोजक सन्तोष कुमार दास समेतको टोलिको परिक्षण प्रतिवेदनबाट देखिन्छ।

२२. त्यस्तै उपभोक्ताहरूलाई आपूर्ति एवं वितरण गर्ने खानेपानीको मापदण्ड सम्बन्धी कानूनी व्यवस्था हेर्दा जलश्रोत ऐन, २०४९ को दफा १८(१) मा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी जलश्रोतको विभिन्न उपयोगको सम्बन्धमा आवश्यक गुणस्तर तोक्न सक्ने अधिकार प्रदान गरेको देखिन्छ। उक्त दफा १८ ले प्रत्यायोजन गरेको अधिकार प्रयोग गरी नेपाल सरकारले राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड २०६२ जारी गरी तोकेको देखिन्छ। उक्त मापदण्डको (क) राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड अन्तर्गत बर्ग (Category) खण्डकमा सुक्ष्म जैविक (Microbiological) कोलमको परिमिति (Parameter) मा इ-कोली (E-Coli) र कुल कोलिफर्म (Total Coliform) को इकाई (Unit) मा MPN/100 ml हुनुपर्ने सो को अधिकतम् सघनन् सीमा (Maximum Concentration Limits) इ-कोलीमा '0' र कुल कोलिफर्ममा '0 in 95 Samples' '०(९५% नमुनामा) हुनुपर्ने मापदण्ड तोकिएको देखिन्छ।

२३. यस अदालतको मिति २०७८/७/१५ मा भएको आदेशानुसार नेपाल खानेपानी संस्थान शाखा कार्यालय पोखराबाट च.नं.१६६ मिति २०७८/८/२० को पत्रसाथ रिजर्भ ट्याङ्कीबाट खानेपानीको पाईपमा वितरण गर्नुभन्दा अघि पानीको शुद्धता सम्बन्धमा परिक्षण गर्दा परिक्षण रिपोर्टमा Microbiological parameters अन्तर्गत E.coli को observed values/s 16 र Total coliform को observed value/s मा 87 उल्लेख भएको देखिन्छ भने उक्त Water Quality Test Report (पानी गुणस्तर परीक्षण प्रतिवेदन) मा, Remarks: Tested Water sample was found to be contaminated by coliform bacteria so proper disinfection technique/s should be followed before drinking purpose भन्ने समेत व्यहोरा परीक्षण प्रतिवेदनमा उल्लेख भएको पाईन्छ।

२४. पोखरा नगरबासी उपभोक्तालाई वितरणको लागि ल्याईएको पानी मुख्य मुहान मर्दीको पानीलाई संस्थानबाट विन्धवासीनीमा निर्माण भएको पानी पोखरीमा संकलन गरी पानी शुद्धिकरणको लागि ब्लीचिङ पाउडर राखी वितरण प्रणालीमा पठाईने गरेको साथै भोटीखोला मुहान र कालीमुढा मुहानबाट ल्याईएको पानीलाई अमलाविसौनीमा निर्माण भएको पानी पोखरीमा ब्लीचिङ पाउडर राखी वितरण गर्ने गरिएको र वितरित पानीको शुद्धता मापन गर्दा National Drinking Water Quality Standard 2005 मापदण्डलाई अवलम्बन गर्ने गरिएको छ। साथै यसको दिर्घकालिन समस्या समाधानको लागि हाल जापान सरकारको सहयोगमा पोखरा २५ हेम्जामा पानी फिल्टरेसन युनिट निर्माण र पोखरा १९, पुरनचौरमा पानी प्रशोधन केन्द्र निर्माण गर्नको लागि प्रक्रिया हुँदै गरेको भन्ने समेत व्यहोरा उल्लेख गरी खानेपानी संस्थान पोखराको च.नं.३०३ च.नं.२०७८/११/१६ को पत्रमा उल्लेख भएको देखिन्छ भने पोखरा महानगरपालिकाले पोखरा महानगरमा खानेपानी वितरण गर्न आवश्यक पर्ने खानेपानी संकलनको लागि ट्याङकी निर्माण गर्ने प्रयोजनका लागि जग्गा उपलब्ध गराउने गरेको, खानेपानीको स्रोत क्षेत्रमध्ये महानगर क्षेत्रमा पर्ने स्थान मर्दीखोलाको वरपर प्रदुषण नियन्त्रण गर्न अनुगमन गर्ने कार्य समेत महानगरपालिकाले गर्ने गरेको भन्ने समेत व्यहोराको पोखरा महानगरपालिका नगरकार्यापालिकाको कार्यालय न्यूरोड पोखराको च.न.४९६०, मिति २०७८/११/२० को पत्रको

व्यहोराबाट देखिन्छ। त्यस सम्बन्धमा वितरित खानेपानी शुद्वताको मापन गर्ने सम्बन्धमा नेपाल राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०६२ को (क) को वर्ग सुक्ष्म जैविक पारामिति (parameter) ई-कोली समेत तोकी सोही बमोजिम शुद्व खानेपानी वितरण गरी सरकारी व्यवस्था तथा मापदण्ड पालन हुनुपर्ने प्रावधान रहेको भन्ने समेत व्यहोराको उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय गण्डकी प्रदेश पोखराको च.नं. ८५१ मिति २०७८/१२/२२ को पत्रबाट देखिन्छ।

२५. खानेपानी शुद्धता सम्बन्धमा रहेको सरकारी व्यवस्था र मापदण्ड नेपाल सरकारले तोकेको राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड २०६२ अनुसारको कुल कोलिफर्मको MPN/100ml ईकाई युनिटको अधिकत्तम सघनन् सिमा ० (९५% नमुनामा) रहनुपर्ने मापदण्ड रहेकोमा खानको लागि योग्य भयो भनि धारामा पठाउनु भन्दा अगाडी पानीको नमुना संकलन गरी निवेदकको रोहवरमा ल्याव परिक्षण गर्दा खानेपानी संस्थान, पोखराबाट यस अदालतमा प्राप्त भएको मिसिल संलग्न परिक्षण प्रतिवेदन (Water Quality Test Report) मा Coliform bacteria को total Coliform CFU/100ml मा 87 पाईएको भन्ने उल्लेख भएको देखिन्छ। उपरोक्त परीक्षण प्रतिवेदनबाट नेपाल खानेपानी संस्थानबाट पोखरा महानगरपालिका अन्तर्गतका क्षेत्रमा वितरण भएको पिउन योग्य शुद्व पानी भनीएको पानीमा शुद्वता देखिएन।

२६. तसर्थ यसमा, स्वच्छ खानेपानी मानव जीवनको नैसर्गिक आवश्यकता भई नेपालको संविधानको धारा ३५ को स्वास्थ्य सम्बन्धी हक अन्तर्गतको उपधारा (४) मा प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाईमा पँहुचको हक हुनेछ भन्ने मौलिक हकको प्रत्याभुति गरेकोमा नेपाल सरकारले तोकेको राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०६२ अनुसारको कुल कोलिफर्मको MPN/100ml ईकाई युनिटको अधिकत्तम सघनन् सिमा 0 (95% नमुनामा) रहनुपर्ने मापदण्ड रहकोमा विपक्षी नेपाल खानेपानी संस्थान, पोखराले वितरण गर्ने खानेपानीको उपभोक्ता समक्ष वितरण गर्नु अघिको पानीको निवेदक समेतको रोहवरमा नमुना लिई सम्बन्धित ल्यावमा परिक्षण गरी च.नं.166 मिति 2078/08/20 को पत्रद्वारा नेपाल खानेपानी संस्थान, पोखराबाट यस अदालतमा प्राप्त भएको मिसिल संलग्न परिक्षण प्रतिवेदन (Water Quality Test Report) मा Coliform bacteria को total Coliform CFU/100ml मा 87 पाईएको भन्ने उल्लेख भएको देखिँदा रिट निवेदन माग बमोजिम आवश्यक व्यवस्थापन गरी उपभोक्तालाई वितरण गर्ने पानीको शुद्धिकरण गरी उल्लिखित मापदण्ड बमोजिम पिउन योग्य शुद्ध पानीको वितरण गर्नु गराउनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी हुने ठहर्छ। रिट निवेदकको अन्य निवेदन दावी पुग्न सक्दैन। साथै उपरोक्त परमादेशको आदेश जारी भएको सन्दर्भमा विपक्षी नेपाल खानेपानी संस्थान, पोखराले उपभोक्ताहरूलाई स्वच्छ खानेपानी वितरण गर्दा सो को वितरण हुने पानीको गुणस्तर र शुद्वता सम्बन्धमा अवलम्वन गरिएको कार्यको प्रगति विपक्षी नेपाल खानेपानी संस्थान, पोखराबाट र त्यसको अनुगमन नियमित रूपमा गरी वितरण गर्ने पानीको गुणस्तर र शुद्धताको सम्बन्धमा आफ्नो अल्पकालीन एवं दिर्घकालीन योजना समेतको कार्यान्वयन भए नभएको, भएको भए के कति प्रगति भएको छ सो

को प्रतिवेदन विपक्षी मध्येका पोखरा महानगरपालिका भौतिक पुर्वाधार विकास मन्त्रालय, गण्डकी प्रदेश समेतबाट पुर्ण रूपमा शुद्ध पिउने पानीको सुनिश्चितता (ग्यारेन्टी) नभएसम्म ६/६ महिनामा यस अदालत समक्ष प्रतिवेदन पेश गर्नु भनी विपक्षीहरूका नाउँमा निर्देशनात्मक आदेश जारी गरिदिएको छ। अरूमा तपसिल बमोजिम गर्नुहोला।

<u>तपसिल</u>

- माथी आदेश खण्डमा उल्लेख भए बमोजिम रिट निवेदन माग बमोजिम सरकारी मापदण्ड र व्यवस्था बमोजिम आवश्यक व्यवस्थापन गरी उपभोक्तालाई वितरण गर्ने पानीको शुद्धिकरण गरी मापदण्ड बमोजिम पिउन योग्य शुद्ध पानीको वितरण गर्नु गराउनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी भएको हुँदा सोही बमोजिम वितरण हुने पानीको गुणस्तर र शुद्धता सम्बन्धमा अवलम्वन गरिएको कार्यको प्रगति प्रतिवेदन विपक्षी नेपाल खानेपानी संस्थान, पोखराबाट र त्यसको अनुगमन नियमित रूपमा गरी वितरण गर्ने पानीको गुणस्तर र शुद्धताको सम्बन्धमा आफ्नो अल्पकालीन एवं दिर्घकालीन योजना समेतको कार्यान्वयन भए नभएको, भएको भए के कति प्रगति भएको छ सो को प्रतिवेदन विपक्षी मध्येका पोखरा महानगरपालिका र भौतिक पुर्वाधार विकास मन्त्रालय, गण्डकी प्रदेश समेतबाट पुर्ण रूपमा शुद्ध पिउने पानीको सुनिश्चितता (ग्यारेन्टी) नभएसम्म ६/६ महिनामा यस अदालत समक्ष प्रतिवेदन पेश गर्नु भनि विपक्षीहरूलाई आदेशको प्रतिलिपी सहित जानकारी दिनु......................................................................................................१
- प्रस्तुत आदेशको नक्कल माग्न आएमा सरोकारवालालाई नियमानुसार गरी नक्कल दिनुहोला................................................................................................२
- प्रस्तुत आदेशलाई विद्युतीय प्रणालीमा अपलोड गर्नुहोला..................................................३
- प्रस्तुत निवेदनको दायरीको लगत कट्टा गरी नियमानुसार मिसिल अभिलेख शाखामा बुझाईदिनुहोला............................................................................................४

**(उज्ज्वल शुक्ल)**
न्यायाधीश

उक्त रायमा म सहमत छु।

**(श्रीधरा कुमारी पुडासैनी)**
न्यायाधीश

इजलास अधिकृतः गीता ढकाल पौडेल
कम्प्यूटर अपरेटरः झलकराज पौडेल
**इति सम्वत २०७९ साल जेष्ठ २४ गते रोज ३ शुभम्.................................।**
प्रमाणिकरण मितिः २०७९।१०।

**श्री**

**उच्च अदालत पोखरा**

**संयुक्त इजलास**

**माननीय न्यायाधीश श्री रमेशप्रसाद राजभण्डारी**

**माननीय न्यायाधीश श्री ऋषि राजभण्डारी**

**इजलास नं. २**

**आदेश**

**मुद्दाः उत्प्रेषण परमादेश।**

**078-WO-0037**

**नि.नं. ४२४**

गण्डकी प्रदेश, स्याङजा जिल्ला, साविक विरूवा अर्चले गा.वि.स. वडा नं. २ को परिवर्तित ऐ. विरूवा गाउँपालिका वडा नं. २ साविक ठेगाना भई हाल कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. १४ बस्ने हर्क बहादुर रानाको छोरा बुहारी शेर बहादुर रानाकी श्रीमती माया थापा राना.......................................................................१ } **निवेदक**

**विरूद्ध**

प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय सिंहदरवार काठमाण्डौ.....................१
जिल्ला अदालत कास्की .......................................................................१
मालपोत कार्यालय, कास्की ....................................................................१
नापी कार्यालय, कास्की.........................................................................१ } **विपक्षी**

**नेपालको संविधानको धारा १४४ न्याय प्रशासन ऐन, २०७३ को दफा ८(१) बमोजिम यसै अदालतको अधिकार क्षेत्र भित्र पर्ने भई दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यसप्रकार छः**

**तथ्य खण्ड**

१. **निवेदनः**

मैले घर वनाउने प्रयोजनले पोखरा म.न.पा. वडा नं. १५ स्थित कित्ता नं. १० क्षेत्रफल २७४.८० व.मि.जग्गा धनमाया गुरूङबाट मिति २०७३।०५।१४ गते मालपोत कार्यालयबाट राजिनामा गरी लिई दा.खा. नामसारी गराई प्रत्येक वर्षको सरकारी तिरो समेत वुझाई भोग गरी आएको जग्गा हो। उक्त घडेरी जग्गा बिक्री गर्न रजिष्ट्रेशन पारित गरीदिन मालपोत कार्यालयमा गई राजीनामा फर्म भरी प्रस्तुत गरेकोमा मेरो नाउँको उक्त जग्गाको मेरो दर्ता बदर गरी नेपाल सरकारका नाउँमा दर्ता भएको कुरा मालपोत कार्यालय, कास्कीबाट भएको निर्णय पर्चाबाट थाहा भयो। निर्णय पर्चामा उल्लेख भएको वादी धनराज गुरूङ, देवी गुरूङ, प्रतिवादी महेन्द्र बहादुर कार्की समेत भएको मुद्दामा म निवेदक वा मेरो जग्गादाता धनमाया गुरूङ समेत संलग्न छैनौं र यो मुद्दाको सुनुवाई हुँदा अदालतबाट हामीलाई बुझिएको छैन। कास्की जिल्ला अदालतले मिति २०७४।९।३० मा पठाएको पत्रको हवला दिंदै

जग्गा धनी म निवेदकलाई बुझ्दै नबुझी मेरो हकभोगको कि.नं. १० समेतलाई सार्वजनिक सन्धि सर्पन कायम गर्दै नेपाल सरकारको नाउँमा जग्गा दर्ता गरीदिने गरी भएको आदेश मौलिक हक, नागरीक अधिकार, प्राकृतिक न्यायको सिद्धान्त एवं कानूनी सिद्धान्त समेतको प्रतिकूल छ। मालपोत कार्यालयमा नै मैले २२ लाख रूपैया भुक्तानी दिई खरिद गरेको जग्गालाई मेरो हक मेटिने गरी निर्णय गर्न कुन कानूनले अधिकार दिएको हो ? त्यो कुनै आधार समेत निर्णय पर्चामा उल्लेख छैन। मेरो हकभोग दर्ता तिरोको जग्गा सार्वजनिक सन्धिसर्पनको परिभाषा भित्र पर्ने जग्गा पनि होईन। म जग्गाधनीलाई बुझ्दै नबुझी नेपालको संविधानको धारा १८ र २५ समेतको वर्खिलाप हुने गरी भएको मिति २०७४।१२।१ को निर्णय तथा त्यस निर्णयका आधारहरू उत्प्रेषणको आदेशद्वारा बदर गरी मेरो उक्त जग्गाको जग्गा दर्ता मेरै नाउँमा यथावत कायम गरीदिनु भनी परमादेशको आदेश समेत जारी पाउँ भन्ने समेत बेहोराको रिट निवेदक माया थापा रानाको निवेदन।

२. <u>यस अदालतको आदेश:</u>

- यसमा के कसो भएको हो? निवेदकको निवेदन माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो? त्यस्तो आदेश जारी हुन नपर्ने कुनै आधार, कारण र प्रमाण भए सो आधार कारण खुलाई त्यस्तो प्रमाणहरू समेत साथै राखी बाटाको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र उच्च सरकारी वकील कार्यालय, पोखरा मार्फत लिखित जवाफ पेस गर्नु भनी विपक्षीहरूका नाउँमा यो निवेदन पत्रको प्रतिलिपि सहित म्याद सूचना जारी गरी रितपूर्वक तामेल गराई नियमानुसार पेस गर्नू भन्ने यस अदालतको मिति २०७८।९।७ को आदेश।

३. <u>लिखित जवाफ:</u>

- विपक्षीले उल्लेख गरे बमोजिम साविक छिनेडाँडा ९ को कि.नं. ४७४० हाल कि.नं. १० समेतका जग्गाहरू मालपोत कार्यालय, कास्कीको च.नं. ३७०४ मिति २०७४।१२।१ को पत्रबाट बदर गरी साविककै कि.नं. कायम गरीदिनु भनी लेखी आएकोले सोही बमोजिम उक्त कित्ता लगायतका अन्य जग्गाहरू बदर गरीएको हो। सोही कारणबाट मात्र यस कार्यालयलाई प्रतिवादी बनाइरहनु पर्ने कुनै कारण नभएकोले प्रस्तुत रिट निवेदन खारेज गरीपाऊँ भन्ने समेत बेहोराको नापी कार्यालय कास्कीको तर्फबाट नापी अधिकृत प्रदिप कुमार श्रेष्ठको लिखित जवाफ।
- कास्की जिल्ला अदालतको च.नं. ५१२८, मिति २०७४।९।३० को पत्रबाट सम्मानित सर्वोच्च अदालतको मिति २०७२।११।२३ को फैसला बमोजिम साविक छिनेडाँडा वडा नं. ९, कि.नं. ५९१, क्षेत्रफल ७६८–१३–१–३ को जग्गा सार्वजनिक कायम गरी दिनु हुन भनी आदेश प्राप्त भए अनुसार यस कार्यालयबाट मिति २०७४।१२।१ मा साविक छिनेडाँडा वडा नं. ९, कि.नं. ५९१, क्षेत्रफल ७६८–१३–१–३ को जग्गा विभिन्न मितिमा कित्ता काटको आदेश भै प्लट रजिष्टर कायम भएको कित्ताहरू र बाँकी कि.नं. २३९१, क्षेत्रफल १५६–१२–०–३ समेतका बाँकी सबै कित्ता खारेज गरी साविक कि.नं ५९१, क्षेत्रफल ७६८–१३–१–३ पर्ती यथावत कायम राखी सो जग्गा नेपाल सरकारका नाउँमा दर्ता श्रेस्ता कायम गर्ने निर्णय भएको हो। भूमि व्यवस्थापन तथा अभिलेख विभाग बबरमहल काठमाण्डौंको च.नं. ९२६, मिति २०७५।७।१५

दा.खा. पत्र समेतका प्रमाणका आधारमा साविक छिनेडाँडा वडा नं. ९, कि.नं. ५९१, क्षेत्रफल ७६८–१३–१–३ को जग्गा नेपाल सरकार गृह मन्त्रालय अन्तर्गत श्री क्षेत्रिय प्रहरी तालिम केन्द्र प्रदेश नं. ४ पोखराका नाउमा दा.खा. गर्ने निर्णय भएको र सोही बमोजिम श्रेस्तापूर्जा समेत कायम गरीएको हुँदा उक्त कित्ता जग्गामा उत्प्रेषण समेतको माग भई यस कार्यालयलाई समेत विपक्षी बनाई रिट दायर गर्नु पर्ने कुनै कारण नदेखिएको हुँदा प्रस्तुत रिट नवेदन खारेज गरी पाऊँ भन्ने समेत बेहोराको मालपोत कार्यालय, कास्कीको तर्फबाट प्रमुख मालपोत अधिकृत राजेन्द्र प्रसाद पौडेलको लिखित जवाफ।

- पुनरावेदक वादी लक्ष्मी कुमारी गुरूङ समेत प्रतिवादी देवी गुरूङ भएको दर्ता बदर सन्धी सर्पन कायम मुद्दामा उच्च अदालत पोखरा तथा सम्मानित सर्वोच्च अदालत समेतबाट भएका फैसला अनुसार मिति २०७४।९।३० मा यस अदालतबाट श्री मालपोत कार्यालय कास्कीलाई सार्वजनिक कायम गरी दिने बारे पठाएको पत्रले निवेदकको संवैधानिक, कानूनी हकमा आघात पुगेको देखिंदैन। यस अदालतबाट सम्मानित सर्वोच्च अदालत समेतको फैसला कार्यान्वयन सम्म भएको हो। यस अदालतका हकमा विपक्षीको मागदावी बमोजिम उत्प्रेषण समेतको आदेश जारी हुनुपर्ने होइन, प्रस्तुत रिट निवेदन खारेज गरीपाऊँ भन्ने समेत बेहोराको कास्की जिल्ला अदालतको लिखित जवाफ।
- प्रथमत: कसैका विरूद्ध कुनै कुराको दावी लिंदा तत्सम्बन्धमा रहेको संलग्नता प्रत्यर्थी बनाउनु पर्नाको आधार र कारण निवेदनमा स्पष्टसँग उल्लेख हुनुपर्नेमा नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको के, कस्तो संलग्नता रहेको हो ? के कस्तो काम, कारवाही वा निर्णयबाट संवैधानिक तथा कानूनी हक अधिकारको हनन भएको हो ? भन्ने सम्बन्धमा कुनै कुरा उल्लेख भएको छैन। अर्को तर्फ कास्की जिल्ला अदालतको च.नं. ५१२८, मिति २०७४।९।३० को पत्रबाट सम्मानित सर्वोच्च अदालतको मिति २०७२।११।२३ को फैसला बमोजिम साविक छिनेडाँडा वडा नं. ९, कि.नं. ५९१, क्षेत्रफल ७६८-१३-१-३ को जग्गा सार्वजनिक कायम गरीदिन लेखि आए बमोजिम उक्त कार्यालयबाट मिति २०७४।१२।१ मा साविक छिनेडाँडा वडा नं. ९, कि.नं. ५९१, क्षेत्रफल ७६८-१३-१-३ को जग्गा विभिन्न मितिमा कित्ता काटको आदेश भई प्लट रजिष्टर कायम भएको कित्ताहरू र बाँकी कि.नं. २३९१, क्षेत्रफल १५६-१२-०-३ समेतका बाँकी सबै कित्ता खारेज गरी साविक कि.नं. ५९१ क्षेत्रफल ७६८-१३-१-३ पर्ति यथावत कायम राखी सो जग्गा नेपाल सरकारका नाउँमा दर्ता श्रेस्ता कायम गर्ने गरी निर्णय भएको देखिएकोले सम्मानित सर्वोच्च अदालतको आदेश कार्यान्वयन गर्नु सबैको कर्तव्य र दायित्व हुने तथा उक्त निर्णय कानूनी र न्यायिक समेत भएकोले विपक्षीले यसलाई अन्यथा लिनु उपयुक्त देखिंदैन। तसर्थ यस कार्यालयलाई समेत विपक्षी बनाई दायर गरेको प्रस्तुत निवेदन खारेज गरीपाऊँ भन्ने समेत बेहोराको प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयको तर्फबाट ऐ. को सचिव धनराज ज्ञवालीको लिखित जवाफ।

<u>आदेश खण्ड</u>

४. नियम बमोजिम पेसीमा चढी निर्णयार्थ इजलास समक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदन सहितको मिसिल अध्ययन गरी निवेदकका तर्फबाट उपस्थित विद्धान् वरिष्ठ अधिवक्ता श्री तिलक पराजुली र विद्वान् अधिवक्ता श्री गणेशबहादुर आलेले निवेदकको कँही कतैबाट रोक्का नरहेको कित्ता नं. १०

को क्षेत्रफल २७४.८० वर्गमिटरको पुरै जग्गा राजीनामा पारित गरी लिई प्रत्येक वर्षको तिरो भरो चलाई भोग चलन गर्दै आएको जग्गा हो। निवेदकको नाउँको जग्गा दर्ता बदर गर्ने गरी मिति २०७४।१२।१ को मालपोत कार्यालय, कास्कीको पत्र र सोपत्रका आधारमा दर्ता बदर भई कित्ता नं.१० लाई कित्ता नं. ५९१ मा समावेश गराई नेपाल सरकारको नाउँमा दर्ता गर्ने कार्य प्राकृतिक न्यायका सिद्धान्त एवं मौलिक हकको विपरित रहेकोले यस्तो कार्य गर्न गराउन अन्य कुनै अड्डा अदालतका निर्णय, पत्रचार भए ती समेतका सम्पूर्ण कार्यहरू अवैधानिक हुँदा उत्प्रेषणको आदेशद्वारा बदर गरी कित्ता नं. १० यथावत निवेदकका नाउँमा दर्ता कायम गरी दिनु भनी परमादेशको आदेश जारी गरी पाउँ भन्ने समेत बहस जिकिर प्रस्तुत गर्नुभयो।

५. त्यसैगरी, विपक्षीहरूको तर्फबाट उपस्थित उच्च सरकारी वकील कार्यालय, पोखराका विद्वान् उपन्यायधिवक्ता श्री खेमराज पाठकले, कास्की जिल्ला अदालतको च.नं. ५१२८, मिति २०७४।९।३० को पत्रबाट सम्मानित सर्वोच्च अदालतको मिति २०७२।११।२३ को फैसला बमोजिम साविक छिनेडाँडा वडा नं. ९, कि.नं. ५९१ को क्षेत्रफल ७६८-१३-१-३ रोपनी जग्गा सार्वजनिक कायम गरीदिन लेखि आए बमोजिम साविक कि.नं. ५९१ को क्षेत्रफल ७६८-१३-१-३ रोपनी पर्ति जग्गा यथावत कायम राखी सो जग्गा नेपाल सरकारका नाउँमा दर्ता श्रेस्ता कायम गर्ने गरी निर्णय भएको देखिएकोले सम्मानित सर्वोच्च अदालतको आदेश कार्यान्वयन गर्नु सबैको कर्तव्य र दायित्व हुने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुनुपर्दछ भन्ने समेत बहस जिकिर प्रस्तुत गर्नुभयो।

६. दुवै पक्ष तर्फबाट प्रस्तुत उपरोक्त बहस जिकिर सुनी रिट निवेदन तथा लिखित जवाफ सहितका मिसिल संलग्न कागजात समेतलाई दृष्टिगत गरी निवेदकको माग बमोजिमको आदेश जारी हुन सक्ने, नसक्ने के हो? भन्ने सन्दर्भमा निर्णय गर्नुपर्ने देखिन आयो।

७. मिसिल संलग्न कागजातहरूको अध्ययन गरी निर्णयतर्फ बिचार गर्दा, कास्की जिल्ला, हाल पोखरा महानगरपालिका वडा नं. १५ कि.नं. १० को क्षेत्रफल २७४.८० वर्गमिटर जग्गा मिति २०७३।५।१४ गते कास्की मालपोत कार्यालयबाट धनमाया गुरूङबाट राजीनामा लिई प्रत्येक वर्षको नियमानुसार लाग्ने तिरो समेत तिरेको मेरो हकभोग भित्रको जग्गा हो। उक्त जग्गा बिक्री गर्न भनी मालपोत कार्यालय कास्कीमा जाँदा उक्त जग्गा मालपोत कार्यालय, कास्कीको मिति २०७४।१२।१ को निर्णयबाट मेरो नाउँमा रहेको दर्ता बदर गरी नेपाल सरकारका नाउँमा दर्ता श्रेस्ता कायम गरेको भन्ने जानकारी प्राप्त हुन आएकोले उक्त जग्गा सम्बन्धमा मालपोत कार्यालय, कास्कीबाट नेपाल सरकारको नाउँमा दर्ता श्रेस्ता कायम गर्ने गरी भए गरेका सम्पूर्ण काम कारवाही उत्प्रेषणको आदेशद्वारा बदर गरी निवेदकको हक कायम समेत गराई पाऊँ भन्ने समेत बेहोराको रिट निवेदन पर्न आएको देखिन्छ।

८. रिट निवेदकको उपरोक्त निवेदन सम्बन्धमा विपक्षीहरूबाट पेस भएको लिखित जवाफ हेर्दा, साविक छिनेडाँडा ९ को कि.नं. ४७४० हाल कि.नं. १० समेतका जग्गाहरू मालपोत कार्यालय कास्कीको च.नं. ३७०४ मिति २०७४।१२।१ को पत्रबाट बदर गरी साविककै कि.नं. कायम

गरीदिनु भनी लेखी आएकोले सोही बमोजिम उक्त कित्ता लगायतका अन्य जग्गाहरू बदर गरीएको हो भन्ने नापी कार्यालय कास्कीका नापी अधिकृत प्रदिप कुमार श्रेष्ठद्वारा लिखित जवाफ पेस हुन आएको देखिन्छ भने कास्की जिल्ला अदालतको च.नं. ५१२८, मिति २०७४।९।३० को पत्रबाट सम्मानित सर्वोच्च अदालतको मिति २०७२।११।२३ को फैसला बमोजिम साविक छिनेडाँडा वडा नं. ९, कि.नं. ५९१, क्षेत्रफल ७६८–१३–१–३ को जग्गा सार्वजनिक कायम गरीदिनु हुन भनी आदेश प्राप्त भए अनुसार यस कार्यालयबाट मिति २०७४।१२।१ मा साविक छिनेडाँडा वडा नं. ९, कि.नं. ५९१, क्षेत्रफल ७६८–१३–१–३ को जग्गा विभिन्न मितिमा कित्ता काटको आदेश भै प्लट रजिष्टर कायम भएको कित्ताहरू र बाँकी कि.नं. २३९१ को क्षेत्रफल १५६–१२–०–३ समेतका बाँकी सबै कित्ता खारेज गरी साविक कि.नं ५९१, क्षेत्रफल ७६८–१३–१–३ रोपनी पर्ती जग्गा यथावत कायम राखी सो जग्गा नेपाल सरकारका नाउँमा दर्ता श्रेस्ता कायम गर्ने निर्णय भई सोही बमोजिम श्रेस्तापूर्जा समेत कायम गरिएको हो भन्ने समेत बेहोराको मालपोत कार्यालय, कास्कीको तर्फबाट प्रमुख मालपोत अधिकृत राजेन्द्र प्रसाद पौडेलद्वारा लिखित जवाफ प्रस्तुत भएको देखिन्छ। यिनै रिट निवेदक सरहका पुनरावेदक वादी लक्ष्मी कुमारी गुरूङ समेत र प्रतिवादी देवी गुरूङ भएको दर्ता बदर सन्धी सर्पन कायम मुद्दामा उच्च अदालत पोखरा तथा सम्मानित सर्वोच्च अदालत समेतबाट भएका फैसला अनुसार मिति २०७४।९।३० मा यस अदालतबाट श्री मालपोत कार्यालय कास्कीलाई सार्वजनिक कायम गरी दिने बारे पत्र पठाएको हो। यस अदालतबाट सम्मानित सर्वोच्च अदालत समेतको फैसला कार्यान्वयन सम्म भएको हो भन्ने समेत बेहोराको कास्की जिल्ला अदालतबाट लिखित जवाफ पेस भएको देखिन्छ।

९. कास्की जिल्ला अदालतको च.नं. ५१२८, मिति २०७४।९।३० को पत्रबाट सम्मानित सर्वोच्च अदालतको मिति २०७२।११।२३ को फैसला बमोजिम साविक छिनेडाँडा वडा नं. ९, कि.नं. ५९१, क्षेत्रफल ७६८-१३-१-३ को जग्गा सार्वजनिक कायम गरीदिन लेखि आए बमोजिम उक्त कार्यालयबाट मिति २०७४।१२।१ मा साविक छिनेडाँडा वडा नं. ९, कि.नं. ५९१, क्षेत्रफल ७६८-१३-१-३ को जग्गा विभिन्न मितिमा कित्ता काटको आदेश भई प्लट रजिष्टर कायम भएको कित्ताहरू र बाँकी कि.नं. २३९१, क्षेत्रफल १५६-१२-०-३ समेतका बाँकी सबै कित्ता खारेज गरी साविक कि.नं. ५९१ क्षेत्रफल ७६८-१३-१-३ पर्ति यथावत कायम राखी सो जग्गा नेपाल सरकारका नाउँमा दर्ता श्रेस्ता कायम गर्ने गरी निर्णय भएको देखिएकोले सम्मानित सर्वोच्च अदालतको आदेश कार्यान्वयन गर्नु सबैको कर्तव्य र दायित्व हुने तथा उक्त निर्णय कानूनी र न्यायिक समेत भएको हुँदा यस कार्यालयलाई समेत विपक्षी बनाई दायर गरेको निवेदन खारेज गरीपाऊँ भन्ने समेत बेहोराको प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयको तर्फबाट ऐ. को सचिव धनराज ज्ञवालीद्वारा लिखित जवाफ पेस गरेको देखिन्छ।

१०. त्यसैगरी, मालपोत कार्यालयले गरेको दूषित जग्गा दर्ता बदर गरी सार्वजनिक सन्धीसर्पन कायम गरी पाऊँ भनी कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १५ बस्ने देवी गुरूङले कास्की जिल्ला अदालतमा महेन्द्रबहादुर कार्की समेतका दर्तावाला व्यक्तिहरूलाई प्रतिवादी बनाई मुद्दा दर्ता गराएकोमा उक्त अदालतको मिति २०६१।३।८ गतेको फैसलाले मालपोत कार्यालय कास्कीको उक्त निर्णय

सदर गरेको र कास्की जिल्ला अदालतको उक्त फैसला उपर देवी गुरूङले तत्कालिन पुनरावेदन अदालत पोखरामा पुनरावेदन गरेकोमा उक्त अदालतबाट कास्की जिल्ला अदालतको फैसला उल्टी भई दावीको कि.नं. ५९१ क्षेत्रफल ७६८-१३-१-३ को पूरै जग्गा सार्वजनिक कायम हुने गरी भएको मिति २०६४।३।१३ को फैसला उपर महेन्द्र बहादुर कार्की समेतका प्रतिवादीहरूले सर्वोच्च अदालतमा पुनरावेदन गरेकोमा सम्मानित सर्वोच्च अदालतबाट विवादित जग्गा व्यक्ति विशेषको हकको जग्गा देखिन नआई विशुद्ध पर्ती समेत भएको मालपोत ऐन, २०३४ को दफा २ को (ख२) अन्तर्गतको सार्वजनिक जग्गा देखिएको कारणबाट व्यक्ति विशेषको हक पुग्न नसक्ने हुँदा विवादित जग्गा सार्वजनिक ठहर गरेको पुनरावदेन अदालत पोखराको मिति २०६४।३।१३ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भनी फैसला भएको समेत देखिन्छ।

११. साविक छिनेडाँडा वडा नं. ९ को कि.नं. ५९१ क्षेत्रफल ७६८-१३-१-३ को जग्गा मध्येबाट कित्ताकाट गरी मालपोत कार्यालय कास्कीको मिति २०५६।६।१८ को निर्णयले अम्मादेवी बानियाँ समेत ११ जनाको नाउँमा क्षेत्रफल २१२-१-२-२ र मिति २०५६।६।२७ को निर्णयानुसार रामप्रसाद समेत ११ जनाको नाउँमा क्षेत्रफल ४००-०-०-० समेत जम्मा क्षेत्रफल ६१२-१-२-२ छुट जग्गा दर्ता भएको देखिन्छ। मालपोत कार्यालयले गरेको दर्ता बदर गर्न कास्की जिल्ला अदालतमा मुद्दा दायर भएकोमा कास्की जिल्ला अदालतबाट सो निर्णय सदर भएको र उक्त फैसला उपर तत्कालिन पुनरावेदन अदालतमा पुनरावेदन परी पुनरावेदन अदालत पोखराबाट सुरू अदालतको फैसला उल्टी भई दावीको कि.नं. ५९१ को क्षेत्रफल ७६८-१३-१-३ को पुरै जग्गा सार्वजनिक कायम हुने गरी फैसला भएको र सर्वोच्च अदालतबाट पनि पुनरावेदन अदालत पोखराको फैसला नै सदर हुने गरी मिति २०७२।११।२३ मा फैसला भएको देखिन्छ। सर्वोच्च अदालतको फैसला अनुसार साविक धनमाया गुरूङ हाल माया थापा राना (हाल साविक समेत भएको भई खारेज भएको) कि.नं. ४७४० हाल कि.नं. १० को २७४.८० वर्गमिटरको जग्गा स्रेस्ता खारेज गरी नेपाल सरकारका नाउँमा स्रेस्ता कायम भएको देखियो। यसरी साविक धनमाया गुरूङ हाल माया थापा रानाको मोठ स्रेस्ता खारेज गर्ने नापी कार्यालय कास्कीलाई उल्लेखित छिनेडाँडा ९ को कि.नं. ५९१ बाट मालपोत कार्यालय कास्कीबाट विभिन्न मितिमा कित्ताकाटको आदेश भई प्लट रजिष्टर कायम भएका कित्ताहरू र बाँकी कि.नं. २३९१ क्षेत्रफल १५६-१२-०-३ समेतका सबै कित्ता खारेज गरी साविक बमोजिम कि.नं. ५९१ क्षेत्रफल ७६८-१३-३-१ पर्ति यथावत कायम राखी सो जग्गा नेपाल सरकारको नाउँमा दर्ता जनाउन पठाउने भनी मालपोत कार्यालय कास्कीबाट मिति २०७४।१२।१ मा निर्णय पर्चा भई सोहि अनुसार उल्लेखित जग्गाहरू साविक कि.नं. ५९१ कायम भई सरकारी जग्गाको रूपमा सन्धिसर्पन कायम भएको देखियो।

१२. उपरोक्त तथ्यगत आधारमा साविक कि.नं. ५९१ क्षेत्रफल ७६८-१३-१-३ को पुरै जग्गा सार्वजनिक कायम हुने गरी भएको विषयमा यिनै रिट निवेदक सरहका पुनरावेदकहरूले सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरेकोमा समेत उक्त कि.नं र क्षेत्रफलको जग्गा सार्वजनिक कायम नै हुने भनी निर्णय भएको देखिन्छ। कानून बमोजिम पुनरावेदकीय उपचारको मार्ग नभएको स्थितिमा सामान्यतया रिट निवेदन प्रयुक्त हुने भएतापनि प्रस्तुत विषयमा निवेदकले उठाएको विषय

सम्मानित सर्वोच्च अदालतबाट फैसला भई सोही अन्तिम फैसला अनुसार मालपोत कार्यालय, कास्कीको मिति २०७४।१२।१ को निर्णय पर्चाबाट सार्वजनिक कायम भई सकेको कि.नं. को एउटै जग्गाहरूमा यिनै निवेदक सरहका पुनरावेदकहरूले पुनरावेदनको मार्ग अवलम्बन गरी सम्मानित सर्वोच्च अदालतबाट साविक कि.नं. ५९१ को पुरै जग्गा नेपाल सरकारको नाउँमा दर्ता श्रेस्ता कायम गर्ने गरी फैसला भएको र मालपोत कार्यालय कास्कीबाट समेत निर्णय भएको देखिएबाट प्रस्तुत निवेदन दावीको विषयमा पनि सोही निर्णय नै लागु हुने हुँदा सोही एउटै प्रकृति र विषय सन्दर्भमा यस अदालतमा प्रस्तुत रिट निवेदन दायर हुन आएको स्थितिमा निवेदन माग बमोजिमको आदेश जारी हुन सक्ने अवस्था देखिएन।

१३. तसर्थ, माथि विवेचित आधार, कारण र प्रमाणहरूबाट रिट निवेदकको निवेदन माग बमोजिमको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिंदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। अरू तपसिल बमोजिम गर्नुहोला।

<u>तपसिल खण्ड</u>

- माथि आदेश खण्डमा लेखिए बमोजिम प्रस्तुत रिट निवेदन खारेज हुने ठहरेकाले सोको जानकारी निवेदकलाई दिनुहोला। साथै, प्रस्तुत आदेशको प्रतिलिपि साथै राखी फैसलाको जानकारी उच्च सरकारी वकील कार्यालय पोखरा, विपक्षी कार्यालयहरू, पोखरा महानगरपालिका र क्षेत्रिय प्रहरी तालिम केन्द्र, प्रदेश नं. ४ पोखरालाई समेत दिनुहोला.......................................................१
- सरोकारवालाले नक्कल माग्न आए नियम बमोजिम गरी नक्कल दिनुहोला...................................................................................................२
- प्रस्तुत आदेशको विध्युतीय प्रति अपलोड गरी प्रस्तुत आदेशको प्रमाणीकरण भएको विवरण सूचना पाटी र अदालतको वेवसाइटमा समेत प्रकाशित गर्नु र प्रस्तुत मुद्दाको डायरीबाट लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाईदिनुहोला................................................३

**(रमेशप्रसाद राजभण्डारी)**
न्यायाधीश

उक्त आदेशमा सहमत छु।

**(ऋषि राजभण्डारी)**
न्यायाधीश

इजलास अधिकृतः श्रीकृष्ण गौतम
कम्प्युटर अपरेटरः सुष्मा शर्मा
**इति सम्वत् २०७९ असार २१ गते रोज ३ शुभम्.............................................।**
आदेश प्रमाणिकरण मितिः २०७९।४।२९

श्री

उच्च अदालत पोखरा

संयुक्त इजलास

इजलास नं. १

माननीय का.मु. मुख्य न्यायाधीश श्री डिल्लीराज आचार्य

माननीय न्यायाधीश श्री उज्ज्वल शुक्ल

आदेश

मुद्दाः- उत्प्रेषण मिश्रित परमादेश र निषेधाज्ञा समेत।

मुद्दा नं. ०७७-WO-००३२

नि.नं. २७२

गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. २० बस्ने खगराज पौडेलको छोरा लिलाराज पौडेल.....................................................................१

ऐ.ऐ.वडा नं.२७ बस्ने महेश्वर पौडेलका छोरा गोपीराज पौडेल.........................१

ऐ.ऐ.वडा नं. ७ बस्ने रामराज शर्माका छोरा जनकराज पराजुली.....................१

} निवेदक

विरूद्ध

नयाँ मोदी लेखनाथ १३२ के.भी. प्रसारण लाईन मुआब्जा निर्धारण समिति, कास्की.....................................................................................................१

ऐ.ऐ.समितिका अध्यक्ष जिल्ला प्रशासन कार्यालय कास्कीका प्रमुख जिल्ला अधिकारी श्री ज्ञान प्रसाद ढकाल...........................................................................१

पोखरा महानगरपालिकाका प्रमुख श्री मान बहादुर जि.सी...............................१

मालपोत कार्यालय कास्कीका नि.प्रमुख मालपोत अधिकृत श्री केशन प्रसाद सुवेदी........................................................................................................१

प्रमुख मालपोत अधिकृत श्री हरि भुजेल मालपोत कार्यालय लेखनाथ..................१

नयाँ मोदी लेखनाथ १३२ कि.मी. प्रसारणलाई नं. आयोजनाका प्रमुख श्री रोशन अग्रवाल.................................................................................................१

प्रहरी उपरीक्षक जीवन कुमार श्रेष्ठ जिल्ला प्रहरी कार्यालय कास्की....................१

नापी प्रमुख अधिकृत श्री खिमलाल देवकोटा नापी कार्यालय कास्की..................१

नापी प्रमुख अधिकृत गगन ढकाल नापी कार्यालय लेखनाथ.............................१

वडा अध्यक्ष श्री लेखबहादुर तामाङ पोखरा महानगरपालिका वडा नं.१३.............१

वडा अध्यक्ष श्री जीवन प्रसाद आचार्य पोखरा महानगरपालिका वडा नं.१६...........१

वडा अध्यक्ष श्री शोभामोहन आचार्य पोखरा महानगरपालिका वडा नं.१९..........................................................................................................१

वडा अध्यक्ष श्री सीम बहादुर गुरूङ पोखरा महानगरपालिका वडा नं.२०..........................................................................................................१

} विपक्षी

| | |
|---|---|
| वडा अध्यक्ष श्री नारायण प्रसाद बराल पोखरा महानगरपालिका वडा नं २६......................................................................................१<br>वडा अध्यक्ष श्री पूर्ण कुमार गुरूङ पोखरा महानगरपालिका वडा नं.२७..........१<br>वडा अध्यक्ष श्री निर्मल दियाली पोखरा महानगरपालिका वडा नं.२८..............१<br>मुआब्जा समिति कास्कीका सदस्य सचिव कृष्ण प्रसाद पौडेल.......................१ | **विपक्षी** |

**न्याय प्रशासन ऐन, २०७३ को दफा ८(१) बमोजिम यसै अदालतको अधिकार क्षेत्रभित्र पर्ने भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छः-**

**तथ्य खण्ड**

१. **निवेदनको बेहोराः-**

हामी निवेदक सहित हस्ताक्षर संकलनकारी यस निवेदनको साथमा संलग्न प्रमाण कागजमा उल्लेखित सम्पूर्ण नेपाली नागरिक हौं। नेपालको मुल कानून संविधान र प्रचलित कानून बमोजिम हामी हाम्रो देश नेपालमा सबै नागरिक सरह नेपाली भूमिमा बसोबास गर्ने सम्मानजनक बाँच्न पाउने र देशका अन्य क्षेत्रका नागरिकहरूले पाउने सम्पूर्ण अधिकारको समान उपभोग गर्ने र राज्यबाट पाउने अधिकार सुविधा र अन्य हक समान ढंगले पाउने संवैधानिक र कानूनी हक छ। नेपालको संविधान २०७२ र प्रचलित नेपाल कानून बमोजिमको संवैधानिक र कानूनी प्रावधान बमोजिम हामी निवेदक समेतका जनताहरू खास गरी पोखरा महानगरपालिका वडा नं.१६, १९, २०, १३, २६, २८, २७ र माछापुच्छ्रे गाउँपालिका समेतका नागरिकहरूले कानूनमा व्यवस्था भए बमोजिम संविधानको भाग ३ मौलिक हक अन्तर्गतको धारा २५ बमोजिम सम्पत्तिको आर्जन, प्रयोग र हस्तान्तरण गर्दै आइरहेको अवस्थाको विद्यमानता छ।

मुआब्जा निर्धारणका आफ्नै विधि र प्रकृया रहेका छन् भने अर्को तर्फ समान र एकै साथ मुआब्जा निर्धारण नगर्नु आफैमा संविधान र कानून विपरित छ। साथै विपक्षी प्रत्यर्थीहरूले जनतालाई फुटाउ र शासन गरको नीति लिई जनता प्रति कलुशित मनोभावना राखी गैह्रकानूनी निर्णय गरेको छ किनभने यो निर्णय जग्गा प्राप्ति ऐन, २०३४ को मकसद विपरितको निर्णय गरिएको छ। उक्त ऐनमा मुआब्जा तोक्दा पटक पटक र किस्ता बन्दीमा मुआब्जा तोक्ने व्यवस्था कहिकतै गरेको छैन। यहाँ टावरको मात्रै मुआब्जा तोकिएको मापदण्ड विपरित तोकिएको छ। पोखरा महानगरपालिकाका यो वडाहरूको यी क्षेत्रहरू आवसीय क्षेत्र छन्। यहाँको जग्गा अत्यन्त मूल्यवान छन् भने कतिपय नागरिकको घरबास बनाउने जग्गाको टुक्रा नै नरहने गरी प्रभाव परेको छ। महानगरपालिकाको मापदण्ड एक थरी छ भने विपक्षी महानगर प्रमुखले यस समितिमा बसेर गरेको निर्णय अर्को थरी छ। यस कारण पनि उक्त निर्णय संविधान र कानून विपरित भएको अवस्था स्पष्ट देखिन्छ।

यसरी विपक्षीहरूले उक्त निर्णय गर्दा हाम्रो संवैधानिक मौलिक हक तथा कानूनी हक समेतको वेवास्ता गर्दै हाम्रो कानून बमोजिमको सम्पत्ति जबरजस्ती अधिकरण गर्न खोजिएको र कानूनले

व्यवस्था गरेको सम्भव भएसम्म वैकल्पिक व्यवस्था गर्ने भन्ने कानूनी व्यवस्थाको बारेमा कुनै छलफल नगरिकन मापदण्ड विपरित मुआब्जा तोकी काम शुरू गर्न खोजिएकोले विपक्षीहरूको यस्तो गैह्र संवैधानिक र गैह्र कानूनी कदम प्रतिको कार्यबाट हाम्रो सम्पत्तिको हक हनन हुने प्रबल सम्भावना रहेकोले उक्त कार्य रोक्नका लागि प्रस्तुत निवेदन गरेका छौं। संविधान र कानूनले हामीलाई साम्पत्तिक अधिकार दिएको छ। जुन मौलिक हकका रूपमा स्थापित छ। यदि राज्यलाई उक्त जग्गा विपक्षी मध्येको नयाँ मोदी आयोजनालाई चाहिने हो भने हामीलाई उचित मुआब्जा, सट्टापट्टा वा व्यवस्थापन गर्नुपर्ने र उचित सुविधा वा क्षतिपूर्तिको व्यवस्थापन गर्नुपर्ने हुन्छ। सो सम्बन्धमा सम्मानित सर्वोच्च अदालतले व्यक्तिको सम्पत्ति प्रयोग गर्दा क्षतिपूर्ति दिएर प्रकृया पुर्याएर अधिकरण गर्नुपर्ने नजिर सिद्धान्त प्रतिपादन गरिरहेको अवस्थामा विपक्षी निकायमा प्रमुखहरूले हाम्रो सम्पत्ति विरूद्ध जबरजस्ती गरि कब्जा शैलीमा काम गर्ने आशंका देखिएको हुनाले गैह्रकानूनी ढंगले हामी निवेदकका आवासीय जमिन उचित र एक साथ मुआब्जा बिना नचलाउन भनी विपक्षीहरूका नाँउमा निषेधाज्ञाको आदेश जारी गरी पाउँ।

यी विपक्षी जनचाहना र जनभावना विपरित हामी निवेदक समेतको संवैधानिक रूपमा प्राप्त साम्पत्तिक हक विपरित मुआब्जा तोकी हामी निवेदक समेत यस क्षेत्रका झण्डै ५०० परिवारको आवसीय क्षेत्रमा वातावरणीय र जनस्वास्थ्यको सुरक्षा विपरित जन सुरक्षामा असर पुग्ने गरी ठूला ठूला टावर बनाउने आशंकाले हामी नागरिक आतंकित भएका हौं। विपक्षीहरू राज्यका जिम्मेवार निकायमा हुनुका नाताले उचित र विकल्प सहितको सूचना वा एकै समयमा सबै जग्गाको मुआब्जा निर्धारण गरी सूचना दिनुपर्ने दायित्व र जिम्मेवारी उहाँहरूको हुन्छ तर यसो गरिएको छैन। यसबाट हाम्रो संवैधानिक र नागरिक हकको ठाडै हनन हुने अवस्था छ। उहाँहरूले गैह्र कानूनी निर्णय गरी पत्रिकामा सूचना प्रकाशित कार्यबाट हाम्रो साम्पत्तिक गरिमा, प्रतिष्ठा र हकलाई कुण्ठित गर्ने गरी गरिएका सम्पूर्ण क्रियाकलाप रोकी उचित र एकै समयमा मुआब्जा तोक्नको लागि विपक्षीहरूको मिति २०७७।५।३० को निर्णय उत्प्रेषणको आदेशद्धारा बदर गरी कानून बमोजिम उचित विकल्प वा समुचित र एकै समयमा निर्धारण गर्ने गरी कानून बमोजिम निर्णय गरे मात्र आफ्नो निर्णय कार्यान्वयन गर्नु गराउनु भनी विपक्षी मुआब्जा निर्धारण समिति, सो समितिका अध्यक्ष सदस्यहरू र आमन्त्रित सदस्य तथा तिनका कार्यालय र तिनका प्रमुखका नाउँमा परमादेशको आदेश गरी पाउँ। साथै विपक्षीहरूले टावर बनाउन सक्ने आशंका रहेकाले प्रकरण नं.५ बमोजिम निषेधाज्ञाको आदेशको समेत माग गरिएको अवस्थामा हाम्रो आवाशीय जग्गा जमिनमा तत्काल टावर नबनाउन भनी उच्च अदालत नियमावली, २०७३ को नियम ४२(१) बमोजिम विपक्षीहरूका नाउँमा अन्तरिम आदेश जारी गरी पाउँ भन्ने बेहोराको निवेदक लिलाराज पौडेल समेतको मिति २०७७।६।२७ को निवेदन पत्र।

२. **यस अदालतको आदेशः-**

यसमा के कसो भएको हो? निवेदकको निवेदन माग बमोजिमको आदेश किन जारी गर्नु नपर्ने कुनै कानूनसम्मत आधार र कारण भए खुलाई आदेश सहितको सूचना प्राप्त भएको मितिले बाटाको म्याद बाहेक १५(पन्ध्र) दिनभित्र विपक्षी नं. १,२,४,५,७,८,१० र १७ का हकमा उच्च सरकारी वकील कार्यालय, पोखरामार्फत र विपक्षी नं. ३, ६, ९, ११, १२, १३, १४, १५, १६ का हकमा आफैं वा कानून बमोजिमको प्रतिनिधि वा कानून व्यवसायी मार्फत लिखित जवाफ पेश गर्नुभनी निवेदन र यो आदेशको प्रतिलिपि समेत साथै राखी म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार गरी पेश गर्नु।साथै, निवेदकले अन्तरिम आदेश समेत माग गरेकोमा दुवै पक्षबीच छलफल गराई अन्तरिम आदेश जारी गर्ने वा नगर्ने सम्बन्धमा निर्क्योलमा पुग्न उचित हुने देखिँदा उक्त विषयमा दुवै पक्षबीच छलफलका निम्ति विपक्षीहरूलाई मिति २०७७।०७।२३ का दिन ११.०० वजे आफूसँग भएका हक प्रमाणसँग सम्बन्धित सक्कल कागजात समेत लिई यस अदालतमा उपस्थित हुनु भनी आदेश गरिदिएको छ।यो आदेशको जानकारी विपक्षीहरूलाई दिनुहोला भन्ने समेत बेहोराको यस अदालतको मिति २०७८।६।२८ को आदेश।

३. विपक्षी खण्डमा मुआब्जा समिति कास्कीका सदस्य सचिव कृष्ण प्रसाद पौडेल उल्लेख भएकोमा निजको नाममा यस अदालतबाट जारी सूचना म्याद तामेल गर्न जाँदा निज सदस्य सचिव भनी उल्लेख भएको व्यक्तिले आफू उक्त जिम्मेवारी बहन गर्ने व्यक्ति नभएकोले जारी म्याद बुझ्न इन्कार गरेको भनी प्रतिवेदकले प्रतिवेदन पेश गरेको देखिँदा उल्लिखित व्यक्ति नै लेखिए बमोजिम मुआव्जा समितिका सदस्य सचिव हुन वा होईनन वा अन्य कुनै व्यक्ति हुन खुलाउन लगाई खुलाई दिए सोही बमोजिम म्याद सूचना जारी गरी र खुलाउन नसके अन्तरिम आदेश छलफल प्रयोजनार्थ मिति २०७७/८/४ गतेको तारेख तोकी नियमानुसार पेश गर्नुहोला भनी यस अदालतबाट मिति २०७७/७/२३ मा भएको आदेश।

४. मिति २०७७/७/२३ मा भएको उक्त आदेशानुसार हामीहरूले निवेदन दिने क्रममा मुआव्जा समिति कास्कीका सदस्य सचिव कृष्णप्रसाद पौडेल भनी उल्लेख गरेकोमा हाल बुझ्दा निज जिल्ला प्रशासन कार्यालय, कास्कीको कार्यालय सहयोगी पदमा कार्यरत भएको भनी बुझिन आएकोले निजको नाँउमा पुनः म्याद जारी गरी पाँउ भनी मिति २०७७/७/२३ निवेदकबाट भएको कागज अनुसार पुनः म्याद जारी भएको।

५. <u>लिखित जवाफः-</u>

- यसमा भारतीय एक्जिम बैंकसँगको सहुलियत पूर्ण ऋण सहयोग र नेपाल सरकारको संयुक्त लगानीमा निर्माणाधिन नयाँ मोदी लेखनाथ मोदी करिडोरमा उत्पादित विद्युत शक्ति कास्की लेखनाथ सवस्टेशनमा जोडनको लागि ४२ कि.मि.को १३२ के भी. डबल सर्किट प्रशारण लाईनको निर्माण कार्य भै रहेको छ। यो प्रशारणलाईन पर्वत जिल्ला र कास्की जिल्ला भित्रका गा.पा.तथा महामनगरपालिकामा पर्दछ।उल्लेखित प्रशारणलाइन क्षेत्र भित्र पर्ने पोखरा महानगरपालिका वडाहरूमा समेत मुआव्जा निर्धारण मिति २०७७।०५।३० मा भई सम्बन्धित जग्गाधनी व्यक्तिहरूलाई वितरणको लागि

सार्वजनिक सूचना समेत मिति २०७७।१०।६।०३ मा प्रकाशित गरी सोको जानकारी सम्बन्धित निकायलाई गराई सकिएको छ। मिति २०७४।०५।३० गतेका दिन जग्गा मुआव्जा निर्धारण समिति कास्कीको संयोजक (प्रमुख जिल्ला अधिकारी) ज्यूको अध्यक्षतामा बैठक बसी मुआव्जा निर्धारण भै मुआब्जा बुझ्न आउन सूचना समेत गरिएको छ। आयोजनाबाट स्वच्छाचारी ढंगबाट कुनै काम गरेको छैन सम्पूर्ण काम कानूनसम्मत भएको छ। आयोजनाले विपक्षीको साम्पत्तिक हक अधिकारमा कुनै आघात पुर्याउने काम तथा आशंका समेत पुयाएको छैन। जग्गा प्राप्ति ऐन अर्न्तगत कुन हक अधिकार हनन भयो, कुन कानून उल्लंघन गरी प्रशारणलाइन आयोजना बनाउन लाग्यो भनी विपक्षीले भन्न सक्नु भएको छैन। माग बमोजिमको रिट जारी हुनको लागि खास गरी प्राकृतिक न्यायको सिद्धान्तको उल्लंघन (Breach of principles of Natural Justice), अधिकार क्षेत्र नाघेको (Excess of powers), कार्यविधिको त्रुटी (Errors of procedure), कानूनको त्रुटी (Errors of law), पदिय दायित्व पुरा नगरेको (failure to perform a duty), बदनियत राखेको वा अधिकारको दुरूपयोग गरेको (Bad faith or abuse of power) मध्ये सबै वा ति मध्ये कुनै एक विषय विद्यमान भएको अवस्थामा जारी हुने हो। प्रस्तुत विषयमा उल्लेखित विषय मध्ये कुनै पनि हनन भएको छैन। कानूनको प्रकृया पुरा गरी भए गरिएको कार्यले विपक्षीको मौलिक हकमा असर पुयाउन सक्दैन तसर्थ तथ्य, कानून एवं सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त विपरित दायर भएको रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत बेहोराको विपक्षी मोदी लेखनाथ १३२ के.भी. प्रशारण लाईन आयोजनाको हकमा ऐ.को आयोजना प्रमुख रोशन अग्रवालको मिति २०७७।७।८ को लिखित जवाफ।

- नेपाल सरकार, उर्जा जलश्रोत तथा सिंचाई मन्त्रालयको समन्वयमा मोदी करिडोरमा उत्पादित विद्युत कास्की जिल्लाको लेखनाथ सवस्टेशनमा जोड्नको लागि ४२ कि. मि. को १३२ के. भी. डबल सर्किट प्रशारण लाइनको निर्माण कार्य सम्पन्न गर्ने गरी योजना संचालन गरिएको छ। सो को लागि टावर निर्माण गर्न आवश्यक पर्ने जग्गा अधिग्रहण गर्ने सन्दर्भमा जग्गा प्राप्ति ऐन, २०३४ तथा विद्युत ऐन, २०४९ बमोजिमको कानूनी प्रकृया अवलम्बन गरी कार्य प्रारंभ गरिएको छ। यस्तो कानूनले निर्दिष्ठ गरेको प्रकृया अनुसार गरिएको काम कारवाहीलाई कार्यविधिको त्रुटी वा सम्बद्ध निकायले पुरा गर्नु पर्न दायित्व पुरा नगरेको वा प्राप्त अधिकारको दुरूपयोग गरेको कारण व्यक्तिको वैयक्तिक हक तथा अधिकारमा प्रत्यक्ष आघात पुग्न गएको वा सो को कानून वमोजिमको साधारण अधिकार क्षेत्रको मार्ग अवरूद्ध भएको अवस्थामा मात्र आकर्षित हुने कानूनी र सवैधानिक व्यवस्थालाई सिरान हाली दायर गरिएको प्रस्तुत रिट निवेदनवाट माग गरिएको उपचार प्राप्त हुन सक्तैन। रिट निवेदकले दावी गरेको विषय कसरी गैर संवैधानिक वा असमान पूर्ण हुन गयो भन्ने स्पष्ट र किटानी दावी लिनु वेगर गोलमडोल अर्थ गरी दायर गरेको विपक्षहरूको रिट निवेदन दावी बमोजिम आदेश जारी हुन सक्ने अवस्था नभएकाले विपक्षीहरूको प्रस्तुत रिट

निवेदन खारेज गरि पाउँ भन्ने समेत बेहोराको पोखरा महानगरपालिका, नगर कार्यपालिकाका प्रमूख मान बहादुर जि.सी. समेत जना ८ को मिति २०७७।८।७ को लिखित जवाफ।

- विपक्षीले रिट निवेदनमा उल्लेख गरे बमोजिम नापी कार्यालय, कास्कीको प्रमुखको हैसियतले मुआब्जा निर्धारण समितिमा आमन्त्रित सदस्यको तर्फवाट उक्त समितिमा उपस्थित भएको हो, विद्यमान प्रचलित ऐन कानून तथा जग्गा प्राप्ति ऐन वमोजिम मुआब्जा निर्धारण भएको हो। विपक्षी रिट निवेदकहरूको सम्पत्ति सम्वन्धी मौलिक हक तथा अधिकारलाई कुण्ठित गर्ने कुनै कार्य नभएको तथा रिट निवेदनमा उठाएका कुराहरू सवै काल्पनिक र मनोगत रहेकोले विपक्षीले म समेतलाई विपक्षी बनाई दायर भएको उक्त रिट निवेदन खारेज भागी छ। खारेज गरी पाउँ भन्ने समेत बेहोराको नापी कार्यालय, कास्कीका प्रमुख नापी अधिकृत ई. खिमलाल गौतमको मिति २०७७।७।२६ को लिखित जवाफ।
- रीट निवेदनमा उल्लेख भए वमोजिम नयां मोदी लेखनाथ १३२ के.भी. प्रशारण आयोजना सम्वन्धमा जग्गा प्राप्ति ऐन, २०३४ को दफा १३ बमोजिम मुआब्जा किसिम र सो निर्धारण गर्ने अधिकारी प्रमुख जिल्ला अधिकारी हुने र उहाँको अध्यक्षतामा भूमि प्रशासक वा माल अड्डाको हाकिम, परियोजनाको प्रमुख, प्रमुख जिल्ला अधिकारीले तोकेको एक जना अधिकृत, सम्बन्धित गाउँपालिका वा नगरपालिकाको प्रतिनिधि समेतको समिति रहनेछ भन्ने कानुनी व्यवस्था रहे बमोजिम मिति २०७४।०५।३० गते प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा पोखरा महानगरपालिकाको प्रमुख (मेयर), मालपोत कार्यालयको प्रमुख, नयां मोदी लेखनाथ १३२ के.भी. प्र.ला.आ. को आयोजनका प्रमुख लगायत यस कार्यालयको कार्यालय प्रमुख प्रहरी उपरीक्षक जीवन कुमार श्रेष्ठ समेतको उपस्थितिमा नयाँ मोदी लेखनाथ १३२ के.भी. प्रशारण लाईन आयोजना, नेपाल बिद्युत प्राधिकरणको लागि जग्गा अधिग्रहण गर्नको लागि जिल्ला प्रशासन कार्यालय, कास्कीमा बैठक बसी आयोजनाले अधिग्रहण गर्न लागेको सम्बन्धित जग्गावालाहरूलाई सोही ऐनको दफा १६ बमोजिम मुआब्जा निर्धारण गरी दिलाई उल्लेखित जग्गाहरू आयोजनाको नाममा दा.खा. गरी जिल्ला प्रशासन कार्यालय, कास्कीमा विवरण पठाउन मालपोत कार्यालय कास्कीलाई लेखि पठाउने समेत निर्णय भएको, उक्त बैठकमा रीट निवेदकहरूको सम्बन्धित वडाका वडा अध्यक्षहरू समेतको उपस्थितिमा उल्लेखित छलफल भई कानून सम्मत तवरबाट आयोजनाको तर्फवाट मुआब्जा बापतको रकम सम्बन्धित जग्गावालालाई दिलाउने निर्णय भएको देखिंदा रीट निवेदकहरूले यस कार्यालयका प्रमुख प्रहरी उपरीक्षक जीवन कुमार श्रेष्ठ समेतलाई विपक्षी बनाई दिएको रीट निवेदनको सम्पूर्ण व्यहोरा झुठ्ठा एवं कपोकल्पित तवरले उल्लेख गरेको हुँदा बदर भागी छ, खारेज गरी पाऊं भन्ने समेत बेहोराको प्रहरी उपरिक्षक जीवन कुमार श्रेष्ठको मिति २०७७।८।७ को लिखित जवाफ।
- विपक्षीले रिट निवेदनमा उल्लेख गरे वमोजिम मालपोत कार्यालय, कास्कीको प्रमुखको हैसियतले मुआब्जा निर्धारण समितिमा आमन्त्रित सदस्यको तर्फवाट उक्त समितिमा उपस्थित भएको हो, मुआव्जा निर्धारण गर्दा मालपोत कार्यालयको न्युनतम मूल्यांकन, बैंक तथा वित्तिय संस्थाको धितो मूल्यांकन स्थानीय तहको मूल्य समेतलाई आधार मानेर प्रचलित ऐन कानून तथा जग्गा प्राप्ति ऐन बमोजिम

मुआब्जा निर्धारण भएको हो। विपक्षी रिट निवेदकहरूको सम्पत्ति सम्बन्धी मौलिक हक तथा अधिकारलाई कुण्ठीत गर्ने कुनै कार्य नभएको तथा रिट निवेदनमा उठाएका कुराहरू सवै काल्पनिक र मनोगत रहेकोले विपक्षीले म समेतलाई विपक्षी वनाई दायर भएको उक्त रिट निवेदन खारेज भागी छ। खारेज गरी पाउँ भन्ने समेत बेहोराको मालपोत कार्यालय, पोखराका नि. प्रमुख मालपोत अधिकृत केशवराज सुवेदीको मिति २०७७।७।२६ को लिखित जवाफ।

- म जिल्ला प्रशासन कार्यालयमा कार्यालय सहयोगी पदमा कार्यरत रहेको छु। मुआब्जा रकम निर्धारण समितिको भएको बैठकमा कार्यालय सहयोगीले गर्नु पर्ने सहयोगी भूमिकाका लागि उपस्थित भएको थिए। मुआब्जा निर्धारण समितिको बैठकमा आमन्त्रितको रूपमा उपस्थित जनाएको मात्र हुँ। मेरो मुआब्जा रकम निर्धारण गर्ने कुनै भूमिका रहेको छैन, विना कारण मलाई दुःख हैरानी दिने नियतले विपक्षी बनाई हालेको रिट निवेदन खारेज भागी छ। निवेदकको उक्त रिट निवेदन खारेज गरि पाउँ भन्ने समेत बेहोराको विपक्षी कृष्ण प्रसाद पौडेलको मिति २०७७।८।७ को लिखित जवाफ।
- जग्गा प्राप्ति ऐन, २०३४ को दफा १३ बमोजिम मुआब्जाको रकम निर्धारण गर्ने समितिको ब्यवस्था रहेको।सोही दफाको २(१) बमोजिमको समितिले कास्की जिल्लाको अन्नपुर्ण र माछापुच्छ्रे गा.पा. हुँदै पोखरा म.न.पा.-२७ मा रहेको नयाँ मोदी १३२ के.भी सव-स्टेसन सम्म ४२ कि.मी.१३२ के.भी. डवल सर्किट प्रशारण लाईन निर्माण गर्नका लागि आवश्यक पर्ने मिति २०७६/०२/३० को सूचनामा उल्लेखित जग्गाहरू प्राप्ति गर्न मुआब्जा रकम निर्धारणका लागि सिफारिस गर्न गठित उप-समितिको प्रतिवेदन, रजिष्ट्रेशन पारित गर्ने प्रयोजनका लागि मालपोत नियमावली, २०३६ को नियम ५ (ख) बमोजिम न्यूनतम मूल्य निर्धारण समितिले गरेको मूल्याङ्कन, जग्गा प्राप्ति ऐन, २०३४ को दफा १६ मा उल्लेखित मुआब्जा निर्धारण गर्न विचार गर्नु पर्ने कुराहरूलाई समेत आधार मानेर विश्लेषण गरी मुआब्जा रकम निर्धारण गरिएको हो। प्रस्तुत रिट विना कारण हचुवाको आधारमा यस कार्यालय र मुआब्जा निर्धारण समितिलाई दुःख हैरानी दिने नियतले विपक्षी बनाई हालेको हुँदा खारेज भागी छ।निवेदकहरूको माग बमोजिमको आदेश जारी गर्नु पर्ने अवस्था विद्यमान नहुँदा रिट निवेदन खारेज गरि पाउँ भन्ने समेत बेहोराको नयाँ मोदी लेखनाथ १३२ के.भी. प्रसारण लाईन मुआब्जा निर्धारण समिति र जिल्ला प्रशासन कार्यालय,कास्कीको तर्फबाट प्रमुख जिल्ला अधिकारी ज्ञान प्रसाद ढकालको मिति २०७७।८।५ को लिखित जवाफ।
- विपक्षीले रिट निवेदनमा उल्लेख गरे बमोजिम जग्गा प्राप्ति ऐन, २०३४ को दफा १३ बमोजिम गठन हुने समितिमा मालपोत कार्यालय लेखनाथ कास्कीको प्रतिनिधित्व गर्न नि.प्रमुख मालपोत अधिकतको हैसियतले सदस्यको रूपमा उपस्थित भई निर्णय प्रक्रियामा सहभागी भएको हो। जग्गाको मूल्य निर्धारण गर्दा मालपोत नियमावली, २०३६ को नियम ५ बमोजिम गठन हुने न्यूनतम मूल्य निर्धारण समितिले निर्धारण गरेको जग्गाको न्यूनतम मूल्य, यस अघि मालपोत

कार्यालयमा पास गरिएका जग्गाको थैली अंक र बैंक तथा वित्तीय संस्थाले उपलब्ध गराएको धितो मूल्य भन्दा धेरै, जग्गाको स्थलगत अवलोकन समेत गरि जग्गाको अवस्थिति, सडक बजार सम्मको दुरी, आवासीय क्षेत्र वा कृषि क्षेत्र समेत विचार गरि मुआब्जा रकम निर्धारण गरिएकाले रिट निवेदकले गरेको अति न्यून मूल्यांकन भएको भन्ने दावी जायज देखिंदैन। कुनै पनि विकास आयोजना सञ्चालन गर्दा जग्गाको आवश्यकता रहन्छ, जग्गा प्राप्ति विना विकासका काम हुन नसक्ने भएकाले नै जग्गा प्राप्ति ऐन, २०३४ जारी भई जग्गा प्राप्तिको प्रक्रिया निर्धारण भएको छ। उल्लेखित जग्गा प्राप्ति गर्दा पुरा गर्नु पर्ने सबै प्रक्रिया पुरा गरिएको छ। जग्गाको उचित मूल्य निर्धारण भई जग्गाधनीले उचित मूल्य पाउने अवस्थामा संविधान प्रदत्त सम्पत्तिको हक हनन गरेको भन्ने आरोप सहि सत्य होइन। रिट निवेदकले उठाएका कुराहरू तथ्य सँगत नभई मनोगत र उच्च आकांक्षी चाहना मात्र हुन, कानून विपरीत र विकास आयोजना समेत रोक्ने गरि उठाईएका मनोगत माग रहेको रिट निवेदन खारेज भागी छ। खारेज गरि छुटकारा पाउँ भन्ने समेत बेहोराको मालपोत कार्यालय, लेखनाथ पोखराका नि. प्रमुख मालपोत अधिकृत हरि बहादुर भुजेलको मिति २०७७।८।१४ को लिखित जवाफ।

- विपक्षीले रिट निवेदनमा उल्लेख गरे बमोजिम नापी कार्यालय, लेखनाथ कास्कीको प्रमुखको हैसियतले मुआब्जा निर्धारण समितिमा आमन्त्रित सदस्यको रूपमा उक्त समितिको बैठकमा उपस्थित भएको हो। विद्यमान प्रचलित ऐन कानून तथा जग्गा प्राप्ति ऐन बमोजिम मुआब्जा निर्धारण भएको हो। विपक्षी रिट निवेदकहरूको सम्पत्ति सम्बन्धि मौलिक हक तथा अधिकारलाई कुण्ठित गर्ने कुनै कार्य नभएको तथा रिट निवेदनमा उठान गरिएका विषयहरू काल्पनिक एवं मनोगत भएकोले विपक्षीले म समेतलाई विपक्षी बनाई दायर गरेको उक्त रिट निवेदन खारेज भागी छ। खारेज गरि पाउँ भन्ने समेत बेहोराको नापी अधिकृत गगन ढकालको मिति २०७७।८।१८ को लिखित जवाफ।

६. निवेदकहरूले नयाँ मोदी  लेखनाथ १३२ के.भी. प्रसारण लाईन आयोजनाको लागि मुआव्जा निर्धारण समितिबाट भएको मिति २०७७/५/३० को निर्णय उपर नेपाल सरकार, गृह मन्त्रालयमा मिति २०७७/६/१९ मा  दिएको निवेदनमा गृह मन्त्रालयबाट कानून बमोजिम निर्णय हुने र सो मन्त्रालयबाट भएको निर्णय बमोजिम हुने भएको देखिएको र उक्त नयाँ मोदी लेखनाथ १३२ के.भी. प्रसारण लाईन आयोजनाको टावर निर्माण समेतको लागि आवश्यक जग्गाको हकमा कानून बमोजिम विधि एवं प्रक्रिया पुरा गरी मुआब्जा एवं क्षतिपूर्ति निवेदकहरूलाई विपक्षीहरूबाट उपलब्ध गराईने नै भएको देखिएको तथा पछि ठहरे बमोजिम हुने नै हुँदा निवेदकको निवेदन माग बमोजिम अन्तरिम आदेश जारी हुने देखिएन। कानून बमोजिम गर्नुहोला भनी यस अदालतबाट मिति २०७७/८/२२ मा भएको आदेश।

७. जग्गा प्राप्ति ऐन,२०३४ बमोजिम मुआब्जा निर्धारण समितिको निर्णय उपर गृह मन्त्रालयमा निवदेन परेको भन्ने सन्दर्भमा  सो  मन्त्रालयमा यस विषयमा के कस्तो निर्णय वा आदेश भएको छ? सो

कुराको लिखित जानकारी यथाशीघ्र उपलब्ध गराउने भनी जिल्ला प्रशासन कार्यालय कास्की मार्फत गृह मन्त्रालयमा बुझी जवाफ प्राप्त भएपछि यस मुआब्जा विषयसँग सम्बन्धित सक्कल मिसिल देखाई फिर्ता लैजाने गरी झिकाई पेश गर्नुहोला भनी यस अदालतबाट मिति २०७८/५/२१ मा भएको आदेश।

८. जिल्ला प्रशासन कार्यालय, कास्कीको च.नं. प्रशासन/१९३ मिति २०७८/७/९ को पत्रसाथ गृह मन्त्रालयको च.नं.१६६ मिति २०७८/७/८ को पत्रद्वारा "लिलाराज पौडेल समेतले नयाँ मोदी लेखनाथ १३२ के.भी. प्रसारण लाईन आयोजनाको लागि आयोजना क्षेत्रमा परेका जग्गाको अधिग्रहण गर्ने सम्बन्धमा जिल्ला मुआव्जा निर्धारण समितिले मिति २०७७/५/३० मा गरेको मुआब्जा निर्धारण सम्बन्धी निर्णयमा चित्त नबुझेको हुँदा पुनरावलोकन गरी पाउँ भनी गृह मन्त्रालय सिंहदरबारलाई दिनुभएको निवेदन उपर कारवाही हुँदा नयाँ मोदी लेखनाथ १३२ के.भी. प्रसारण लाईनमा पर्ने जग्गाहरूको प्रयाप्त तथ्य, प्रमाण, आधार, कारणहरूको विश्लेषण गरी मुआब्जा निर्धारण गरिरहनु पर्ने नदेखिएको जानकारी निवेदकहरूलाई दिन जिल्ला प्रशासन कार्यालय, कास्कीमा लेखी पठाउने भनी निर्णय भएको व्यहोरा मिति २०७८/७/८ (सचिवस्तर) को निर्णय अनुसार" भन्ने व्यहोरा उल्लेखित पत्र प्राप्त भई मिसिल सामेल रहेको।

९. जिल्ला प्रशासन कार्यालय, कास्कीको च.नं. ४८ मिति २०७८/७/२८ को पत्रसाथ नयाँ मोदी लेखनाथ १३२ के.भी. प्रसारण लाईन आयोजना सम्बन्धी सक्कलै मिसिल फाईल थान-२ प्राप्त भई साथै रहेको।

१०. प्रस्तुत रिट निवेदनसँग सम्बन्धित मुआव्जा पुनरावलोकन सम्बन्धमा मिति २०७८/७/८ मा भएको गृह मन्त्रालय (सचिवस्तर)को निर्णयको प्रमाणित प्रतिलिपि नेपाल सरकार गृह मन्त्रालयबाट झिकाउने तथा दुवै पक्ष तर्फबाट कानून व्यवसायीहरू मार्फत १५ दिन भित्र लिखित बहसनोट पेश गर्न लगाउनु भनी मिति २०७८/९/१९ मा भएको आदेश।

११. मिति २०७८/९/१९ मा भएको आदेशानुसार पोखरा महानगरपालिका नगर कार्यपालिकाको कार्यालयका प्रमुख मान बहादुर जि.सि. समेत जना आठको तर्फबाट नियुक्त कानून व्यवसायी अधिवक्ता श्री कमलप्रसाद अर्यालबाट पेश भएको लिखित बहसनोट दर्ता नं.९१ मिति २०७८/१०/२ मा, निवेदकहरू लिलाराज पौडेल समेत जना ३ को तर्फबाट अधिवक्ता श्री गोविन्द पौडेलबाट पेश भएको लिखित बहसनोट दर्ता नं.९४ मिति २०७८/१०/४ मा तथा नेपाल बिद्युत प्राधिकरण, नयाँ मोदी लेखनाथ १३२ के.भी. प्रसारण लाईन आयोजनाको हकमा ऐ.को आयोजना प्रमुख रोशन अग्रवालको तर्फबाट अधिवक्ताहरू श्री राजन अधिकारी, श्री राज कुमार पोखरेल एवं श्री तुलाराम गिरीको तर्फबाट पेश भएको लिखित बहसनोट दर्ता नं.९७ मिति २०७८/१०/५ मा दर्ता भई मिसिल सामेल रहेको।

१२. गृह मन्त्रालय, आन्तरिक प्रशासन, सवारी तथा सभा समारोह व्यवस्थापन शाखाको च.नं. २७५ मिति २०७८/१०/९ को पत्रसाथ रिट निवदेनसँग सम्बन्धित मुआव्जा पुनरावलोकन सम्बन्धी मिति २०७८/७/८ गृह सचिवस्तरबाट भएको निर्णयको प्रमाणित प्रतिलिपी साथै राखी पेश हुन आएको।

१३. विपक्षी नयाँ मोदी लेखनाथ १३२ के.भी. प्रसारण लाईन आयोजनाको लिखित जवाफको प्रमाण ३(ई) मा Right of Way मा पर्ने जग्गाहरूको मुआब्जा क्षतिपूर्ति निर्धारण गर्न नेपाल सरकार उर्जा तथा सिंचाई मन्त्रालयबाट मिति २०७६/१२/१८ मा निर्णय समेत भएको" भन्ने उल्लेख भएको देखियो। सो बिषयमा के कस्तो निर्णय भएको छ? भन्ने सम्बन्धमा हेर्नुपर्ने देखिँदा उक्त निर्णयको प्रतिलिपि मिति २०७८/११/३० गतेभित्र पेश गर्न आयोजनाको तर्फबाट तारेखमा रहेका पक्षलाई तारेख तोकी, तत्सम्बन्धमा कुनै प्रतिक्रिया भए लिखित रूपमा आगामी पेशी अगावै प्रतिक्रिया पेश गर्नुभनी निवदेकलाई समेत सुनाई पेश गर्नुहोला भन्ने यस अदालतबाट मिति २०७८/११/२२ मा भएको आदेश।

१४. मिति २०७८/११/२२ को आदेशानुसार मिति २०७६/१२/१८ को पत्रबाट Right of Way मा पर्ने जग्गाहरूको क्षतिपूर्ति निर्धारण भएको नभईकन बिभिन्न ठाँउहरूमा निर्माणाधिन प्रसारण लाईन आयोजनाहरूको Right of Way मा पर्ने जग्गाहरूको बिद्युत नियमावली,२०५० बमोजिम क्षतिपूर्ति निर्धारण गर्न समिति बनाएको हो। सोही निर्णय मार्फत उल्लिखित समितिबाट नेपाल बिद्युत प्राधिकरण, नयाँ मोदी लेखनाथ १३२ के.भी प्रसारणलाईन आयोजनाको दाया बायाँ ९/९ गरी १८ मिटर जग्गाको बालीनाली, रूख बिरूवा फलफूल समेतको तारतानी सकेपछि नापीको प्रतिवेदन अनुसार क्षतिपूर्ति निर्धारण हुने हो भन्ने व्यहोराको नयाँ मोदी लेखनाथ १३२ के.भी. प्रसारण लाईन आयोजनाको तर्फबाट तारेखमा रहेका वारेश सोही आयोजनामा कार्यरत कर्मचारी राजु अधिकारीबाट खुलाईएको निवेदन पत्र।

## आदेश-खण्ड

१५. नियमबमोजिम पेसी सूचीमा समावेश भई निर्णयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत निवेदनमा निवेदकका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री तिलक पराजुली, विद्वान अधिवक्ताहरू श्री गोविन्द पौडेल, श्री हेमराज बराल तथा श्री कमल थापा एवं जिल्ला प्रशासन कार्यालय, कास्की समेतको तर्फबाट उच्च सरकारी वकील कार्यालय पोखराका विद्वान उपन्यायाधिवक्ता श्री केदारनाथ उपाध्याय तथा विपक्षी मध्येको पोखरा महानगरपालिका समेतको तर्फबाट विद्वान अधिवक्ता श्री शिव बहादुर भुजेलले गर्नुभएको बहस समेत सुनियो।

१६. दुवै पक्षका विद्वानहरूको बहस जिकिर एवं मिसिल कागजात समेतलाई दृष्टिगत गरी निवेदकको माग बमोजिम आदश जारी हुन सक्ने, नसक्ने के हो? भन्ने सन्दर्भमा न्याय निरूपण गर्नुपर्ने देखिन आयो।

१७. निर्णय तर्फ हेर्दा, हामी निवेदक समेतका जनताहरू खास गरी पोखरा महानगरपालिका वडा नं.१६ १९ २० १३ २६ २८ २७ र माछापुच्छ्रे गाउँपालिका समेतका नागरिकहरू हौ। मुआब्जा

निर्धारणका आफ्नै विधि र प्रकृया रहेका छन भने अर्को तर्फ समान र एकै साथ मुआब्जा निर्धारण नगर्नु आफैमा संविधान र कानून विपरित छ।कुनै छलफल नगरिकन मापदण्ड विपरित मुआब्जा तोकी काम शुरू गर्न खोजिएकोले विपक्षीहरूको यस्तो गैह्र संवैधानिक र गैह्र कानूनी कदम प्रतिको कार्यबाट हाम्रो सम्पत्तिको हक हनन हुने प्रबल सम्भावना रहेको छ। राज्यलाई उक्त जग्गा विपक्षी मध्येको नयाँ मोदी आयोजनालाई चाहिने हो भने हामीलाई उचित मुआब्जा, सट्टापट्टा वा व्यवस्थापन गर्नुपर्ने र उचित सुविधा वा क्षतिपूर्तिको व्यवस्थापन गर्नुपर्ने, सो सम्बन्धमा सम्मानित सर्वोच्च अदालतले व्यक्तिको सम्पत्ति प्रयोग गर्दा क्षतिपूर्ति दिएर प्रकृया पुर्याएर अधिकरण गर्नुपर्ने नजिर सिद्धान्त प्रतिपादन गरिरहेको अवस्थामा विपक्षी निकायका प्रमुखहरूले हाम्रो सम्पत्ति विरूद्ध जबरजस्ती गरि कब्जा शैलीमा काम गर्ने आशंका देखिएको हुनाले गैह्रकानूनी ढंगले हामी निवेदकका आवासीय जमिन उचित र एक साथ मुआब्जा बिना नचलाउन भनी निषेधाज्ञाको आदेश जारी गरी पाउँ साथै हामी निवेदकहरू समेत यस क्षेत्रका झण्डै ५०० परिवारको आवसीय क्षेत्रमा वातावरणीय र जनस्वास्थ्यको सुरक्षा विपरित जन सुरक्षामा असर पुग्ने गरी ठूला ठूला टावर बनाउने आशंकाले हामी नागरिक आतंकित भएका हौं। विपक्षीहरू राज्यका जिम्मेवार निकायमा हुनुका नाताले उचित र विकल्प सहितको सुचना वा एकै समयमा सबै जग्गाको मुआब्जा निर्धारण गरी सुचना दिनुपर्ने दायित्व र जिम्मेवारी उहाँहरूको हुन्छ तर यसो गरिएको छैन उचित र एकै समयमा मुआब्जा तोक्नको लागि विपक्षीहरूको मिति २०७७।५।३० को निर्णय उत्प्रेषणको आदेशद्धारा बदर गरी कानून बमोजिम उचित विकल्प वा समूचित र एकै समयमा निर्धारण गर्ने गरी कानून बमोजिम निर्णय गरे मात्र आफ्नो निर्णय कार्यान्वयन गर्नु गराउनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश गरी पाउँ। साथै विपक्षीहरूले टावर बनाउन सक्ने आशंका रहेकाले प्रकरण नं.५ बमोजिम निषेधाज्ञाको आदेशको समेत माग गरिएको अवस्थामा हाम्रो आवाशीय जग्गा जमिनमा तत्काल टावर नबनाउन भनी उच्च अदालत नियमावली, २०७३ को नियम ४२(१) बमोजिम विपक्षीहरूका नाउँमा अन्तरिम आदेश जारी गरी पाउँ भन्ने बेहोराको निवेदक लिलाराज पौडेल समेतको रिट निवेदन माग दावी रहेको पाईन्छ।

१८. सर्वप्रथम प्रस्तुत मुद्दामा निवेदकले निवेदन माग दावी गरेको उत्प्रेषण, परमादेश लगायतको निवेदन माग बमोजिमको आदेश जारी हुने हो वा होइन भनी निर्णय गर्नुपूर्व प्रस्तुत विषयबस्तु अर्थात् उत्प्रेषण, परमादेशको सामान्य अवधारणा र उद्देश्यतर्फ संक्षिप्त रूपमा विवेचना गर्नु सान्दर्भिक देखिन्छ।उत्प्रेषण, परमादेश लगायत परमाधिकार सम्पन्न आदेशहरू (Prerogative Writs) सिद्धान्ततः साधारण उपचारको बाटो नभएको वा भएपनि पर्याप्त र प्रभावकारी नभएको अवस्थामा व्यक्तिको संविधान प्रदत्त मौलिक हक अधिकार हनन भएको देखिएको स्थितिमा उल्लेखित हक अधिकार संरक्षण, प्रत्याभूति वा प्रचलन गर्नका लागि असाधारण अधिकार क्षेत्र अन्तर्गत उपचारको बाटोको रूपमा रिट आदेश जारी गर्ने सैद्धान्तिक मान्यता रहेको छ।यसै सन्दर्भमा नेपालका संविधानको धारा १४४(१) मा "यस संविधानद्वारा प्रदत्त मौलिक हकको

प्रचलनका लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भएपनि सो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनका लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै कानूनी प्रश्नको निरूपणका लागि आवश्यक र उपयुक्त आदेश जारी गर्ने अधिकार उच्च अदालतलाई हुनेछ।" भन्ने संबैधानिक व्यवस्था गरेको छ।

१९. निवेदकले माग गरेको उत्प्रेषणका अवधारणा र उद्देश्य तर्फ हेर्द सिद्धान्ततः उल्लेखित परमाधिकार सम्पन्न आदेशहरू मध्ये मातहत अदालत, न्याधिकरण वा कानून बमोजिम स्थापित अन्य सार्वजनिक प्रकृतिका निकायबाट भएका निर्णय वा आदेशको बैधता परीक्षणका लागि उच्चतम न्यायिक निकाय (Superior Court) समक्ष प्रस्तुत गरिने सशक्त प्रकृतिको रिटको नाम हो उत्प्रेषण। व्यक्तिका हकाधिकार समाविष्ट जुनसुकै विषयमा निर्णय गर्दा प्राकृतिक न्यायका सिद्धान्तहरूको अनिवार्य अवलम्वन र नागरिकका मौलिक अधिकारको निशर्त सम्मान गर्दै निश्पक्षताका साथ कारण र आधार सहितको निर्णय राज्यका सवै सार्वजनिक पदाधिकारीबाट हुनु पर्दछ भन्ने न्यायिक अपेक्षा हुन्छ।यी कुराहरू अवलम्वन नगरी बदनियत, अपारदर्शी, मनोमानी र स्वेच्छाचारी तवरबाट भएका निर्णयलाई उत्प्रेषणका सिद्धान्त एवं कानूनले आत्मसात गर्न सक्तैनन् र त्यस्ता निर्णयहरू न्यायका मान्य सिद्धान्त र न्यायानुकूल नहुँदा बदरयोग्य हुन्छन् भन्ने उत्प्रेषणको रिटको सैद्धान्तिक अवधारणा हो। यसको मुख्य उद्देश्य कानूनी अधिकार वा कर्तव्य भएका निकाय वा पदाधिकारीबाट गलत निर्णय वा त्रुटि भएमा सच्याउनु हो।

२०. तर कुनै सार्वजनिक पदाधिकारीले गलत तवरबाट निर्णय गरेको कारणले कसैको अधिकारमा आघात पुग्न गएको एउटा कारणले मात्र यस्तो रिट जारी हुन सक्तैन। प्रथमतः निवेदकले आफ्नो हकाधिकार स्थापित गराउनु पर्दछ र आघातित सो अधिकारमा न्यायिक उपचार प्राप्त गर्न कानूनले अदालतको साधारण अधिकारक्षेत्र (Ordinary jurisdiction) अन्तर्गत वैकल्पिक उपचार (Alternative remedy) को बन्दोवस्त नगरेकोले असाधारण अधिकारक्षेत्र (Extra-ordinary jurisdiction) अन्तर्गत उत्प्रेषणको आदेश मांग गर्नु परेको हो भन्ने कुरा देखाउनु पर्दछ; अथवा बैकल्पिक उपचारको मार्ग प्रभावकारी नरहेको र रिट क्षेत्रबाट तत्काल निर्णय वा आदेश जारी हुनुपर्ने अवस्था विद्यमान रहेको भन्ने देखाउन सक्नुपर्दछ।अन्यथा निवेदन माग बमोजिमको आदेश जारी गर्न यस रिटका सिद्धान्तले अदालतलाई अनुमति प्रदान गर्दैन।साधारण अधिकारक्षेत्र नभएमा मात्र असाधारण अधिकारक्षेत्रको शरण लिनु पर्दछ भन्ने न्यायिक सुत्र समेत प्रचलनमा छ। यस्तै हकदैयाको विद्यमानता नभएको अवस्थामा पनि अदालतले यस्तो आदेश जारी गर्न ईन्कार गर्दछ। न्यायिक उपचार खोज्न यथासमयमा अदालत प्रवेश गरेको अवस्था रहेनछ र तेस्रो पक्षको हक स्थापित भईसकेको अवस्था रहेछ भने बिलम्वको सिद्धान्त (Doctrine of laches) ले पनि यस्तो रिट जारी गर्न मिल्दैन।अदालत सफा हात (Clean hands) सँग प्रवेश गर्नु पर्दछ, छलछाम गरेर होईन भन्ने पनि रिट क्षेत्राधिकार भित्रको अर्को सैद्धान्तिक अवधारणा हो।

२१. परमादेशको सैद्धान्तिक अवधारणातर्फ हेर्दा, कानून बमोजिम गर्नु पर्ने काम कर्तव्य कुनै सार्वजनिक पदाधिकारीले नगरेको कारणले कसैको अधिकारमा आघात पुग्न गएमा सो काम गर्नु भनी त्यस्ता अधिकारीका नाममा जारी गरिने आदेश नै परमादेश (Mandamus) हो। तर कानूनले गर्नु पर्ने काम कुनै सार्वजनिक अधिकारीले नगरेको कारणले हकाधिकारमा आघात पर्यो भन्ने आधारमा मात्र परमादेशको रिट जारी हुन सक्तैन। प्रथमतः निवेदकले आफ्नो हकाधिकार स्थापित गराउनु पर्दछ र आघातित सो अधिकारमा न्यायिक उपचार प्राप्त गर्न कानूनले अदालतको साधारण अधिकारक्षेत्र (Ordinary Jurisdiction) अन्तर्गत वैकल्पिक उपचार (Alternative Remedy) को बन्दोवस्त नगरेकोले असाधारण अधिकारक्षेत्र (Extra-Ordinary Jurisdiction) अन्तर्गत परमादेशको आदेश मांग गर्नु परेको हो भन्ने कुरा देखाउनु पर्दछ; अन्यथा निवेदन मांग बमोजिमको आदेश जारी गर्न रिटका सिद्धान्तले अदालतलाई अनुमति प्रदान गर्दैन।

२२. निवेदकले निषेधाज्ञाको आदेश समेत जारी गरी पाउँ भनी निवेदन दिएको सन्दर्भमा हेर्दा, सिद्धान्ततः निषेधाज्ञा (Injunction) भन्नाले कुनै निकाय वा अधिकारी वा व्यक्तिले अवैध एवं अनाधिकृत कार्य गरी कसैको कानूनी एवं निर्विवादित हक अधिकारमा आघात पुर्‍याउन सक्ने आशङ्काको अवस्थामा सो कार्य रोक्नका लागि जारी गरिने आदेश हो तर निवेदकले जुन कार्य हुन लागेको भनी आशाङ्का देखाएको छ सो कार्य नै सम्पन्न भइसकेको स्थितिमा निषेधाज्ञाको आदेश जारी हुन सक्दैन। निवेदकले जुन कार्य रोक्नका लागि निषेधाज्ञाको आदेश माग गरेको हो सो कार्य नै सम्पन्न हुनु भनेको निषेधाज्ञाको आदेश जारी हुने अवस्थाको समाप्ति हो। त्यसैगरी निबेदकको कानूनतः हक नै नरहेको वा निवेदकले देखाएको हक नै विवादित रहेको अवस्थामा पनि निषेधाज्ञाको आदेश जारी हुन सक्दैन।

२३. विपक्षीहरूको लिखित जवाफहरू हेर्दा, भारतिय एक्जिम बैंकसँगको सहुलियत पूर्ण ऋण सहयोग र नेपाल सरकारको संयुक्त लगानीमा निर्माणाधिन नयाँ मोदी लेखनाथ मोदी करिडोरमा उत्पादित विद्युत शक्ति कास्की लेखनाथ सवस्टेशनमा जोड्नको लागि ४२ कि.मि.को १३२ के भी. डबल सर्किट प्रशारण लाईनको निर्माण कार्य भैरहेको छ। यो प्रशारणलाईन पर्वत र कास्की जिल्ला भित्रका गा.पा.तथा महानगरपालिकामा पर्ने भई प्रशारणलाइन क्षेत्र भित्र पर्ने पोखरा महानगरपालिका वडाहरूमा समेत मुआव्जा निर्धारणको निर्णय मिति २०७७।०५।३० मा भई सम्बन्धित जग्गाधनीहरूलाई वितरणको लागि सार्वजनिक सूचना समेत मिति २०७७।१०।६।०३ मा प्रकाशित गरी सोको जानकारी सम्बन्धित निकायलाई गराई सकिएको छ। मिति २०७७।०५।३० गतेका दिन जग्गा मुआव्जा निर्धारण समिति कास्कीको संयोजक (प्रमुख जिल्ला अधिकारी) ज्यूको अध्यक्षतामा वैठक बसी मुआव्जा निर्धारण भै मुआब्जा बुझन आउन सूचना समेत जारी गरिएको छ। आयोजनाबाट स्वेच्छाचारी ढंगबाट कुनै काम गरेको छैन सम्पूर्ण काम कानूनसम्मत भएको भन्ने व्यहोरा विपक्षीहरूको लिखित जवाफहरूमा उल्लेख भएको देखिन्छ।

२४. त्यसैगरी आयोजनाले विपक्षीको साम्पात्तिक हक अधिकारमा कुनै आघात पुयाउने काम तथा आशंका समेत पुयाएको छैन। जग्गा प्राप्ति ऐन अर्न्तगत कुन हक अधिकार हनन भयो कुन कानून उलंघन गरी प्रशारणलाइन आयोजना बनाउन लाग्यो भनी विपक्षीले भन्न सक्नु भएको छैन। माग बमोजिमको रिट जारी हुनको लागि खास गरी उल्लेखित रिट जारी हुनको लागि यसरी उत्प्रेषण र परमादेश समेतको रिट आदेश सम्बन्धमा गरिएको उपरोक्त सैद्धान्तिक विवेचनालाई मध्यनजर गर्दै निवेदकको माग वमोजिमको आदेश जारी हुने नहुने तर्फ विचार गर्दा, प्राकृतिक न्यायको सिद्धान्तको उल्लंघन (Breach of principles of Natural Justice), अधिकार क्षेत्र नाघेको (Excess of powers), कार्यविधिगत त्रुटी (Errors of procedure), कानूनको त्रुटी (Errors of law), पदिय दायित्व पुरा नगरेको (failure to perform a duty), बदनियत राखेको वा अधिकारको दुरूपयोग गरेको (Bad faith or abuse of power) मध्ये सबै वा ति मध्ये कुनै एक विषय समेत विद्यमान भएको अवस्थामा मात्र रिट जारी हुने हो। प्रस्तुत विषयमा उल्लिखित कुनै पनि हनन नभएको भन्ने समेत विपक्षी लिखित जवाफमा जिकिर लिएको पाईन्छ।

२५. उक्त मिति २०७७/५/३० गतेका दिन जग्गा प्राप्ति ऐन, २०३४ को दफा १३ बमोजिमको मुआव्जा निर्धारण समितिका संयोजक प्रमुख जिल्ला अधिकारी श्री ज्ञानप्रसाद ढकालको अध्यक्षतामा अन्य सदस्यहरू समेतको उपस्थितिमा नयाँ मोदी लेखनाथ १३२ केभी प्रसारण लाईन आयोजना,नेपाल विद्युत प्राधिकरणको लागि जग्गा अधिग्रहण गर्न बैठक बसेको जिल्ला प्रशासन कार्यालयबाट पेश भएको निर्णय पुस्तिकाबाट देखिन्छ। उक्त बैठकको प्रस्ताव नं. १ मा उपसमितिबाट प्राप्त प्रतिवेदनको अध्ययन गरी माछापुच्छ्रे गाँउपालिकाको लाहाचोक-४ र घाचोक-३ तथा पोखरा महानगरपालिका वडा नं. १३,१६,१९,२०,२६,२७ र २८ का क्षेत्रहरूमा पर्ने टावरप्याडका जग्गाहरूको मुआव्जा निर्धारण गर्ने सम्बन्धमा भन्ने प्रस्ताव रहेकोमा निर्णय हुँदा नयाँ मोदी लेखनाथ १३२ के.भी. प्रसारण लाईन आयोजनाले पर्वत जिल्लाको मोदी गाउँपालिका र कास्की जिल्लाको अन्नपूर्ण गाउँपालिका, माछापुच्छ्रे गाउँपालिका र पोखरा महानगरपालिका हुँदै लेखनाथ-२७ मा रहेको लेखनाथ १३२ के.भी. सबस्टेशन सम्म ४२ कि.मी १३२ के.भी. डबल सर्कीट प्रसारण लाईन टावर निर्माण गर्नका लागि आवश्यक पर्ने जग्गा यस जिल्लाको पोखरा महानगरपालिकाको वडा नं. १३,१६,१९,२६ २७ र २८ का क्षेत्रहरू स्थित जग्गाहरू प्राप्त गर्ने सम्बन्धमा मुआब्जा रकम निर्धारणका लागि प्रतिवेदन पेश गर्न गठित उपसमितिले यस समिति समक्ष पेश गरेको प्रतिवेदन अध्ययन एवं विश्लेषण गरी उक्त जग्गाहरूको प्रकृति, जग्गाको अवस्थिति, भौगोलिक अवस्था, सडकको पहुँच, उब्जनी, खेतियोग्य खेतिपातीको प्रकार, सिँचाई सुविधा, यातायातको व्यवस्था, गाउँवस्तीको अवस्था, पर्यटकीय क्षेत्रका सम्भावना, स्थानीय भद्रभलाद्मीहरूको राय, सुझाव, सल्लाह, जग्गाधनीहरूको अपेक्षालाई समेत मध्यनजर गरी मालपोत रजिष्ट्रेशन पारित गर्ने प्रयोजनका लागि निर्धारण गरिएको चालु आ.व. को न्यूनतम मुल्याङ्कन, बैंक तथा वित्तीय संस्थाले उक्त क्षेत्रमा गरेको धितो मुल्याङ्कन, र सम्बन्धित गा.पा. को वडाको चलनचल्तीको मूल्यको विवरण समेतको आधारमा तपसिल बमोजिम मुआब्जा रकम निर्धारण गर्ने गरि सो विवरण अनुसार मुआब्जा बुझ्न

आउनका लागि सूचना प्रकाशन गर्ने निर्णय भएको देखिन्छ। उक्त निर्णय बमोजिम मिति २०७७/६/३ मा जग्गाधनी व्यक्तिहरूलाई मुआब्जा वितरणको लागि सार्वजनिक सूचना समेत प्रकाशित भएको भन्ने विपक्षीहरूको लिखित जवाफबाट देखिन्छ।

२६. जग्गा प्राप्ति ऐन,२०३४ को दफा ११ मा जग्गावालाले उजुर गर्न सक्ने व्यवस्था उल्लेख भई सोही ऐनको उपदफा (१) मा "दफा ९ बमोजिम सूचना टाँस भएको मितिले बाटोको म्याद बाहेक सात दिनभित्र आफ्नो जग्गा प्राप्त नगर्नु पर्ने कुनै कारण भए त्यसको कारण खोलि सम्बन्धित जग्गावालाले स्थानीय अधिकारीको कार्यालय मार्फत नेपाल सरकार गृह मन्त्रालयमा उजुर गर्न सक्नेछ" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। उक्त ऐनको दफा ९ मा जग्गा प्राप्ति गर्ने कुराको सूचना सम्बन्धी कुराहरू उल्लेख भएको पाईन्छ। उल्लेखित कानूनी व्यवस्था बमोजिम जग्गा प्राप्तिका सम्बन्धमा जिल्ला प्रशासन कार्यालयबाट प्रकाशित मिति २०७६।०२।३० को सूचना उपर रिट निवेदक एवं सम्बन्धित जग्गाधनीहरूको कुनै उजुरी निवेदन परेको देखिँदैन।

२७. नयाँ मोदी लेखनाथ विद्युत प्रशारण लाईनको पूर्व निर्धारित मुआव्जा पुनः मूल्यांकन गराई पाउँ भनी गठित समितिका अध्यक्ष रिट निवेदक लिलाराज पौडेल समेतले मिति २०७७/५/३० मा भएको मुआब्जा निर्धारण समितिको निर्णय उपर चित्त नबुझाई जग्गा प्राप्ति ऐन,२०३४ को दफा १८ बमोजिम जिल्ला प्रशासन कार्यालय, कास्कीबाट क्षतिपूर्ति तथा मुआब्जा सम्बन्धी प्रकाशित सूचनालाई पुनः मूल्यांकन गरी मुआव्जा निर्धारण गरियोस् भनी नेपाल सरकार गृह मन्त्रालय सिंहदरवारमा मुआव्जा पुनरावलोकन सम्बन्धमा निवेदन पेश गरेको पाईन्छ। उक्त निवेदन जग्गा प्राप्ति ऐन,२०३४ को दफा २५(७) बमोजिम पेश भएको पाईन्छ। उक्त पेश भएको मिति २०७७।०५।३० को मुआब्जा निर्धारण सम्बन्धी निर्णय पुनरावलोकन गरी पाउँ भन्ने निवेदन उपर कारवाही हुँदा नयाँ मोदी लेखनाथ १३२ के.भी. प्रशारण लाइनमा पर्ने जग्गाहरूको पर्याप्त तथ्य, प्रमाण, आधार, कारणहरूको विश्लेषण गरी मुआब्जा निर्धारण समिति कास्कीद्वारा मिति २०७७।०५।३० मा गरिएको निर्णय न्यायोचित नै रहेको देखिँदा पुनरावलोकन गरिरहनु पर्ने नदेखिएको भनी मिति २०७८।०७।०८ (सचिवस्तर) को निर्णय भएको भन्ने मिसिल संलग्न गृह मन्त्रालयबाट मिति २०७८।०७।०८ मा च.नं.१६६ बाट जिल्ला प्रशासन कार्यालय कास्कीलाई पत्रचार गरेको पत्रबाट देखिन्छ।

२८. पुनरावलोकनको क्रममा मुआव्जा निर्धारण समितिसँग आवश्यक कागजात, जवाफ, राय, मुआव्जा रकम बुझेको सम्बन्धमा समेत पत्राचार गरी तत् तत् जवाफ प्राप्त हुन गएको भन्ने निर्णयबाट देखिन आउछ। जग्गा प्राप्ति ऐन, २०३४ को दफा २५ को उपदफा ७ मा क्षतिपूर्ति वा मुआव्जामा चित्त नबुझ्ने व्यक्तिले क्षतिपूर्ति वा मुआव्जा निर्धारण भएको सूचना जारी भएको मितिले पन्ध्र दिनभित्र नेपाल सरकार गृह मन्त्रालय समक्ष उजुर गर्न सक्नेछ र त्यस्तोमा नेपाल सरकार गृह मन्त्रालयको निर्णय अन्तिम हुनेछ भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। निवेदकको तर्फबाट परेको यसै बिषयसँग सम्बन्धित पुनरावलोकन सम्बन्धमा नयाँ मोदी बिद्युत प्रशारण लाईनको पोल नं. ६९(AP ६९) देखि

पोल नं. १२९(AP १२९) सम्म १३२ के.भी. प्रशारण लाईनमा पर्ने जग्गा अधिग्रहण गर्ने सम्बन्धमा पर्याप्त तथ्य, प्रमाण, आधार, कारणहरूको विश्लेषण गरी मुआव्जा निर्धारण समिति, कास्कीद्वारा मिति २०७७।५।३० मा गरिएको निर्णय न्यायोचित नै रहेको देखिँदा पुनरावलोकन गरिरहनु पर्ने नदेखिएको भनी मिति २०७८।७।८ मा निर्णय भएको देखिएबाट सो सम्बन्धमा निवेदकहरूको रिट निवेदन परेको देखिँदैन। उक्त पुनरावलोकनको निर्णय उपर रिट निवेदकहरूको कुनै रिट निवेदन नपरी अन्तिम अवस्थामा रहेको देखिँदा उक्त प्रशारण लाइनको पोलको टावरप्याडमा परेको जग्गाको मुआब्जाको सम्बन्धमा प्रस्तुत रिट निवेदनबाट विवेचना एवं मूल्याङ्कन गर्न मिल्ने देखिएन।

२९. यी रिट निवेदकले आफ्नो रिट निवेदनमा पुनरावलोकनको लागि निवेदन पेश गरेको कुरा कँहिकतै खुलाएको देखिँदैन। साधारण अधिकार क्षेत्रको प्रयोगको लागि पुनरावलोकन गर्न निवेदन समेत दिने एवं सो व्यहोरा उल्लेख नै नगरी असाधारण क्षेत्राधिकार भित्र प्रवेश गरी पेश हुन आएको प्रस्तुत निवेदनबाट त्यस तर्फको माग गरिएको उपचार समेत प्राप्त हुन सक्ने कानूनी आधार समेत सृजना हुन आएको देखिएन।

३०. उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयको च.नं. ७८२ मिति २०७६/१२/१८ बाट गृह मन्त्रालयलाई प्रेषित पत्रमा नेपाल सरकार(मन्त्रीपरिषद्)को मिति २०७६/१२/०९ निर्णय अनुसार नयाँ मोदी लेखनाथ १३२ के.भी. प्रशारण लाईनको मध्यरेखाबाट दायाँबायाँ ९/९ मिटर गरी १८ मिटर भित्र पर्ने निजी आवादी जग्गा, घर,टहरा,अन्य भौतिक संरचना तथा रूख बिरूवा समेतको मूल्यांकन गरी क्षतिपूर्ति निर्धारण गर्नका लागि बिद्युत नियमावली,२०५० को नियम ८८(१) बमोजिमको क्षतिपूर्ति निर्धारण समितिमा रहने पदाधिकारीहरूको सम्बन्धमा निर्णय भएको देखिन्छ। अदालतको आदेशानुसार नेपाल बिद्युत प्राधिकरण, नयाँ मोदी लेखनाथ १३२ के.भी. प्रशारणलाईन आयोजनाबाट पेश भएको व्यहोरामा उक्त आयोजनाको दायाँ बायाँ ९/९ गरी १८ मिटर जग्गाको बालीनाली,रूखविरूवा फलफूल समेतको तारतानी सकेपछि नापीको प्रतिवेदन अनुसार क्षतिपूर्ति निर्धारण हुने व्यहोरा उल्लेख भएको देखिन्छ। यसरी Right of way मा पर्ने जग्गाको क्षतिपूर्तिका सम्बन्धमा विद्युत नियमावली, २०५० को नियम ८८(१) बमोजिम गठित क्षतिपूर्ति निर्धारण समितिमा विचाराधीन रहेको देखिएकोले तत्सम्बन्धमा समेत निवेदन माग बमोजिमको आदेश जारी गर्न मिल्ने देखिएन।

३१. प्रस्तुत रिट निवेदनबाट निवेदन माग बमोजिम उत्प्रेषण परमादेश लगायतको रिट जारी हुन सक्ने अवस्था विद्यमान नदेखिई प्रस्तुत रिट निवेदन खारेज हुने देखिएतापनि उल्लेखित प्रशारण लाइनको Right of way मा पर्ने जग्गाको मुआब्जा नपाई क्षतिपूर्ति स्वरूप रकम उपलब्ध हुने तर क्षतिपूर्तिका नाउँमा न्यूनतम रकम मात्र उपलब्ध हुने आशंका र निवेदकहरूको चिन्ताको सन्दर्भमा विचार गर्दा, उल्लेखित प्रशारण लाइनमा पर्ने जग्गाको क्षतिपूर्ति वितरण सम्बन्धमा उक्त प्रशारण लाइनको मापदण्ड भित्र पर्ने Right of way भित्र पर्ने जग्गा एवं त्यसबाट प्रभावित जग्गाधनीहरूलाई पर्ने आर्थिक एवं भौतिक क्षतिको सम्बन्धमा समेत निर्णय गर्दा जे जो बुझ्नुपर्छ बुझी सो को समूचित रूपमा मूल्यांकन गरी क्षतिपूर्ति निर्धारण गर्ने कार्यबाट सम्बन्धित जग्गाधनीहरूलाई विद्युत विकास प्रतिको आस्था र विश्वास

अभिवृद्धि हुन सकोस भन्ने समेत मान्यतालाई मध्यनजर राखी मनासिव एवं न्यायोचित क्षतिपूर्ति निर्धारण गर्नु गराउनु भनी विपक्षी मध्येका जिल्ला प्रशासन कार्यालय, कास्कीका प्रमुख जिल्ला अधिकारी एवं विद्युत नियमावली, २०५० को नियम ८८(१)बमोजिम गठित सम्बन्धित क्षतिपूर्ति निर्धारण समितिका नाँउमा निर्देशात्मक आदेशसम्म जारी गर्नुपर्ने देखियो।

३२. अतः उल्लेखित आधार र कानूनी व्यवस्था समेतका कारणबाट नयाँ मोदी, लेखनाथ १३२ के.भी. प्रशारण लाईनको निर्माण कार्य जारी रहेको विद्युत टावर स्थानमा पर्ने जग्गाको मुआब्जा निर्धारण सम्बन्धमा सम्बन्धित मुआब्जा निर्धारण समितिको मिति २०७७।५।३० को निर्णय पुनरावलोकन गर्न नमिल्ने भनी गृह मन्त्रालयको सचिव स्तरबाट मिति २०७८।७।८ मा निर्णय भईसकेको, सो निर्णय उपर प्रस्तुत रिट निवेदनमा दावी लिएको नदेखिएको र विद्युत प्रशारण लाईन (Right of way) मा पर्ने जग्गाको मुआब्जाका सम्बन्धमा उर्जा जलस्रोत तथा सिंचाई मन्त्रालयको मिति २०७६।१२।०९ को निर्णय अनुसार गठित सम्बन्धित क्षतिपूर्ति निर्धारण समितिमा विचाराधिन रहेकोले निवेदकहरूको माग बमोजिमको आदेश जारी गर्न मिल्ने अवस्था देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ।

३३. प्रस्तुत रिट निवेदन खारेज हुने ठहरेतापनि निवेदकले उठाएको विषय वस्तुको गम्भीरता, सम्वेदनशीलता एवं आशंकालाई मध्यनजर गर्दा निवेदकहरूले दावी लिएको १३२ के.भी. प्रशारण लाईन (Right of way) मा पर्ने जग्गाको क्षतिपूर्ति वितरण सम्बन्धी निर्णय गर्दा, सो गर्नु गराउनु पूर्व निवेदकहरू सहितका सम्बन्धित जग्गा धनीहरूले जानकारी पाउने गरी तत् सम्बन्धमा सम्बन्धित जग्गाधनीहरूको न्यायोचित माग दावीको विषयमा आधार र कारण सहित निवेदन पेश गर्न कम्तीमा १५ दिनको समय अवधि तोकी, तोकिएको समय भित्र पर्न आएको निवेदनहरूमा उल्लेखित आधारहरू र अन्य जो जे बुज्नु पर्छ बुझी क्षतिपूर्ति निर्धारण गर्ने कार्यबाट निवेदकहरू सहितका सम्बन्धित जग्गा धनीहरूलाई विद्युत विकास प्रतिको आस्था र विश्वास अभिवृद्धि हुन सकोस भन्ने समेत मान्यतालाई मध्यनजर राखी मनासिव एवं न्ययोचित क्षतिपूर्ति निर्धारण गर्ने निर्णय गर्नु गराउनु भनी विपक्षी मध्येका जिल्ला प्रशासन कार्यालय, कास्कीका प्रमुख जिल्ला अधिकारी एवं विद्युत नियमावली, २०५० को नियम ८८(१) बमोजिम गठित सम्बन्धित क्षतिपूर्ति निर्धारण समितिका नाउँमा निर्देशनात्मक आदेशसम्म जारी गरिदिएको छ। अरूमा तपसिल बमोजिम गर्नु।

<u>तपसिल</u>

- प्रस्तुत रिट निवेदन खारेज हुने ठहरेकोले केही गरिरहनु परेन.........................................१
- निवेदकहरूले दावी लिएको १३२ के.भी. प्रशारण लाईन (Right of way) मा पर्ने जग्गाको क्षतिपूर्ति वितरण सम्बन्धी निर्णय गर्दा, सो गर्नु गराउनु पूर्व निवेदकहरू सहितका सम्बन्धित जग्गाधनीहरूले जानकारी पाउने गरी तत् सम्बन्धमा सम्बन्धित जग्गाधनीहरूको न्यायोचित माग दावीको विषयमा आधार र कारण सहित निवेदन पेश गर्न कम्तीमा १५ दिनको समय अवधि तोकी, तोकिएको समय भित्र पर्न आएको निवेदनहरूमा उल्लेखित आधारहरू र अन्य जो जे बुज्नु पर्छ बुझी क्षतिपूर्ति

निर्धारण गर्ने कार्यबाट निवेदकहरू सहितका सम्बन्धित जग्गाधनीहरूलाई विद्युत विकास प्रतिको आस्था र विश्वास अभिवृद्धि हुन सकोस भन्ने समेत मान्यतालाई मध्यनजर राखी मनासिव एवं न्यायोचित क्षतिपूर्ति निर्धारण गर्ने निर्णय गर्नु गराउनु भनी निर्देशनात्मक आदेश जारी हुने ठहरेकोले आदेशको प्रमाणित प्रतिलिपी साथै राखी जानकारीको लागि उच्च सरकारी वकील कार्यालय पोखरा मार्फत विपक्षी मध्येका जिल्ला प्रशासन कार्यालय, कास्कीका प्रमुख जिल्ला अधिकारी एवं विद्युत नियमावली, २०५० को नियम ८८(१) बमोजिम गठित सम्बन्धित क्षतिपूर्ति निर्धारण समितिलाई दिनुहोला..........................................................................................................२

- जिल्ला प्रशासन कार्यालय कास्कीको च.नं.४८ मिति २०७८/७/२८ को पत्रसाथ प्राप्त हुन आएका निर्णय रजिष्ट्रर थान दुई फिर्ता पठाईसकेको देखिँदा केही गरिरहनु परेन..........................................................................................................३
- प्रस्तुत आदेशको नक्कल माग्न आएमा सरोकारवालालाई नियमानुसार गरी नक्कल दिनुहोला..........................................................................................................४
- प्रस्तुत आदेशको विध्युतीय प्रति अपलोड गरी प्रस्तुत आदेशको प्रमाणीकरण भएको विवरण सूचना पाटी र अदालतको वेवसाइटमा समेत प्रकाशित गर्नुहोला..........................................................................................................५
- प्रस्तुत निवेदनको दायरीको लगत कट्टा गरी नियमानुसार मिसिल अभिलेख शाखामा बुझाईदिनुहोला..........................................................................................................६

**(उज्ज्वल शुक्ल)**
न्यायाधीश

उक्त रायमा म सहमत छु।

**(डिल्लीराज आचार्य)**
का.मु. मुख्य न्यायाधीश

इजलास अधिकृतः सुमिना गुरूङ, दीपक गिरी
कम्प्युटर अपरेटरःकेशव पौडेल
**इति सम्वत २०७८ साल चैत ८ गते रोज ३ शुभम्...............................।**
प्रमाणिकरण मितिः २०७९।३।

श्री

उच्च अदालत, पाटन

संयुक्त इजलास

इजलास नं. ८

माननीय न्यायाधीश श्री गोकर्ण डाँगी

माननीय न्यायाधीश श्री महेन्द्रनाथ उपाध्याय

आदेश

मुद्दा नं. ०७८-WO-१२९९

निर्णय नं. १८

मुद्दाः-परमादेश लगायत उपयुक्त आज्ञा आदेश जारी गरी पाऊँ।

| | |
|---|---|
| संघरत्नको नातिनी जिव रत्न सिखाकारको छोरी काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.२२ बस्ने वर्ष ४७ की अन्जु सिखाकार..........................................................................१ | निवेदक |

<u>विरूद्ध</u>

| | |
|---|---|
| नेपाल सरकार, गृह मन्त्रालय...................................................................१<br>जिल्ला प्रशासन कार्यालय, काठमाण्डौ........................................................१<br>जिल्ला प्रशासन कार्यालय काठमाण्डौका प्रमुख जिल्ला अधिकारी.............,......१ | विपक्षी |

नेपालको संविधानको धारा १४४ तथा न्याय प्रशासन ऐन, २०७३ को दफा ८(१) बमोजिम यस अदालतको क्षेत्राधिकार भित्र दायर हुन आएको प्रस्तुत रिटको संक्षिप्त तथ्य एवं यस अदालतको आदेश र तपसिल यस प्रकार छः-

<u>तथ्य खण्ड</u>

१. म रिट निवेदक नेपाली नागरिक हुँ। वि.सं.२०५५ सालमा भारतीय नागरिक उत्तम दलाईसँग जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं.२२ मा भेटघाट भई वि.सं.२०५६ सालमा प्रेम विवाह गरी सँगै बसी आएको समयमा मिति २०५७।०५।२५ मा छोरा उमन डलै र मिति २०६३।०१।२५ मा छोरी अनुस्का डलैको जायजन्म भएको छ।दुवै छोराछोरीको जन्मदर्ता काठमाडौं महानगरपालिका वडा नं.२२ मा भएको छ भने हाम्रो विवाह दर्ता भएको छैंन। म रिट निवेदकले भारतमा गई विवाह दर्ता गराएको छैन। नेपाली नागरिकता परित्याग गरी भारतीय नागरिकता लिएको छैन भने छोरा छोरीले समेत भारतीय नागरिकता एवं प्रमाणपत्र केही लिएको अवस्था छैन। साथै म रिट निवेदकका पति उत्तम दलाई छोरीको जायजन्म भएपश्चात हाम्रो सम्पर्क भन्दा बाहिर हुनु भएको हुँदा दुई छोराछोरी साथमा म रिट निवेदक काठमाडौंमा नै बसी आएकी हुँ। नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न कानूनले तोकिएका कागज, म रिट निवेदकको नागरिकताको फोटोकपी, छोराको जन्मदर्ता, प्रमाणपत्रको फोटोकपी, विद्यालयमा अध्ययन गरेको

प्रमाणपत्र सहित स्थानीय तहबाट अंगिकृत नागरिकता प्राप्त गर्न जारी गर्ने अनूसूची फाराम सहित म रिट निवेदक र छोरा उमन डलै जिल्ला प्रशासन कार्यालय काठमाडौंमा जाँदा विपक्षीहरूले नेपालको संविधानको धारा १० र १० ले प्रत्याभूत गरेको संवैधानिक हकको प्रतिकूल हुने गरी म नेपाली आमाको नामबाट मेरो छोरा उमन डलैलाई नागरिकता प्रमाण पत्र पाउने हकबाट बञ्चित गरिएको अवस्था छ। म रिट निवेदकको छोरालाई म आमाको नामबाट नेपाली नागरिकताको प्रमाण पत्र प्राप्त गर्ने हकबाट सम्बन्धित कार्यालयमा बाबुको नागरिकता नभएकै कारणबाट बञ्चित गरिएको हुँदा नेपालको संविधानको धारा १०,११, १६, २०, २५,३८, ३९, १३३, नेपालको नागरिकता ऐन, २०६३, नेपाल नागरकिता नियमावली, २०६३ मानव अधिकार सम्बन्धि विश्वव्यापी घोषणा १९४८ को धारा १५, नागरिकता तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञा पत्र १९६६ को धारा २४(२),२४(३), महिला विरूद्ध हुने सबै प्रकारका भेदभावहरू उन्मूलन गर्ने महासन्धी १९७९ को धारा ९(२), बाल अधिकार सम्बन्धी महासन्धी १९८९ को धारा ७(१) सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित नजिर, सिद्धान्त समेतको विपरित रहेकोले उल्लेखित संवैधानिक र कानूनी आधार समेतबाट विपक्षीका नाममा नेपाली नागरिकताको प्रमाण पत्र जारी गरी दिनु भनी नेपालको संविधानको धारा १४४ को उपधारा १ र २ बमोजिम विपक्षीको नाममा परमादेश लगायत उपयुक्त आदेश जारी गरी पाउँ भन्ने समेत व्यहोराको निवेदन पत्र।

२. यसमा के कसो भएको हो ?निवेदन माग बमोजिम आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने कुनै आधार कारण र प्रमाण भए सो समेत राखी सूचना म्याद पाएको मितिले बाटाको म्याद बाहेक १५ दिनभित्र उच्च सरकारी वकील कार्यालय, पाटन मार्फत लिखित जवाफ पेश गर्नु भनी यो आदेश र निवेदनको प्रतिलिपि सहित विपक्षीहरूको नाममा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नुहोला भन्ने यस अदालतबाट मिति २०७९/०३/०१ मा भएको आदेश।

३. रिट निवेदकको पति भारतीय नागरिक भएको रिट निवेदन मै उल्लेख भएको देखिएपछि नेपालको नागरिकता ऐन, २०६३ को दफा ५ को उपदफा ३ तथा नेपालको नागरिकता नियवमाली, २०६३ को नियम ७(१) बमोजिम प्रचलित ऐन कानूनले तोकिएको सर्त र प्रक्रिया पुरा गरेमा सम्बन्धित निकायबाट अंगिकृत नागरिकताको प्रमाण पत्र प्राप्त गर्ने नै हुँदा कानूनले तोकेको प्रक्रिया र कार्यविधिको पालना नगर्नू गैरकानुनी एवंम कानूनको शासनको मर्म विपरित हुन्छ।नागरिकताको प्रमाण पत्र संविधान र कानूनले नागरिक हुन योग्यता पुगेको व्यक्तिलाई मात्र प्रदान गरिन्छ। संविधान र कानूनले नागरिक हुन तोकेको योग्यता नपुगेको व्यक्ति जतिसुकै लामो अवधि बसोबास गरेको भएपनि नागरिक बन्न नसक्ने भनी सर्वोच्च अदालतबाट नजिर सिद्धान्तहरू प्रतिपादन भएबाट निवेदकले कानूनले तोकिएको शर्त र प्रक्रिया पुरा गरेमा अंगिकृत नागरिकताको प्रमाण पत्र प्राप्त गर्ने नै हुँदा प्रस्तुत निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको जिल्ला प्रशासन कार्यालय, काठमाडौंको तर्फबाट गोविन्द प्रसाद रिजालको यस अदालतमा पर्न आएको लिखित जवाफ।

४. संविधान एवं कानून प्रदत्त नागरिकका मौलिक हक एवं अधिकारको संरक्षण र सम्बर्द्धन गर्न गृह मन्त्रालय सदा प्रतिवद्ध छ। साथै निवेदकले उठाएको विषयवस्तुको सम्बन्धमा गृह-मन्त्रालय संवेदनशिल छ। कुनै पनि नागरिकले संविधान तथा संघीय कानूनले तोकेबमोजिमको योग्यताका आधारमा कानूनले तोकेको प्रकृया पूरा गरी नागरिकता प्राप्त गर्न सक्ने नै हुन्छ। यस मन्त्रालयबाट निवेदकको संविधान तथा कानूनद्वारा प्रदत्त संवैधानिक तथा कानूनी हकको उल्लघन हुने गरी कुनै पनि कार्य भएको छैन। संविधान तथा प्रचलित कानूनद्वारा प्रत्याभूत गरेको नागरिकताको अधिकारबाट कुनै पनि नागरिक बञ्चित हुनुपर्ने अवस्था रहँदैन। मन्त्रालयले संविधान एवं कानूनले तोकिएको अधिकार क्षेत्रभित्र रही कानून बमोजिमको प्रकृया अपनाई आफ्ना कारवाही संचालन गरिरहेको छ।यस मन्त्रालयले नेपालको संविधान तथा प्रचलित कानून विपरित नागरिकताको प्रमाणपत्र नदिनु भनी मातहतका निकायलाई कुनै पनि आदेश, निर्देश तथा परिपत्र समेत गरेको नहुँदा विना आधार र कारण यस मन्त्रालयलाई समेत विपक्षी बनाई दायर गरेको रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको नेपाल सरकार, गृह मन्त्रालयको तर्फबाट टेकनारायण पाण्डेको लिखित जवाफ।

## ठहर खण्ड

५. नियम बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेशी सूचीमा चढी निर्णयार्थ इजलास समक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनको मिसिल संलग्न कागजात अध्ययन गरी रिट निवेदकको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री दिपक कुमार लम्सालले यी रिट निवेदकले नागरिकताको प्रमाणपत्रको लागि फारम भरि विपक्षी जिल्ला प्रशासन कार्यालय, काठमाण्डौमा नागरिकताको लागि निवेदन दिंदा वावुको नागरिकता नभएको कारणले नेपाली नागरिकका सन्तान भएपनि नागरिकताको प्रमाण पत्र पाउनबाट बन्चित भएकाले विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी गरी नागरिकताको प्रमाण पत्र दिलाई पाउँ भनी तथा प्रत्यर्थीहरू नेपाल सरकार गृहमन्त्रालय समेतको तर्फबाट उपस्थित विद्वान सहायक न्यायाधिवक्ता श्री वियन तिमल्सिनाले यी निवेदकले कानूनको प्रकृया पुरा गरी निवेदन दिए नागरिकताको प्रमाण पत्र दिन कुनै बाधा नरहेको हुँदा प्रस्तुत रिट निवेदन खारेज हुनु पर्छ भनी गर्नुभएको बहस समेत सुनियो।

६. उल्लेखित तथ्य रहेको प्रस्तुत रिट निवेदनमा दुवै पक्षको तर्फबाट प्रस्तुत बहस समेतलाई दृष्टीगत गर्दा माग बमोजिम परमादेशको आदेश जारी हुनुपर्ने हो वा होइन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

७. निर्णय तर्फ विचार गरि हेर्दा, यि रिट निवेदक काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. २२ मा बस्ने नेपाली नागरिक रहेको, पति उत्तम डलै छोरा छोरीहरू नावालिक रहँदाकै बखत पति घर छोडी सम्पर्क विहिन भएको, छोरा बालिक भइसकेपश्चात अंगिकृत नागरिकता बनाउनको लागि अनुसूची ७ नं. बमोजिमको फारम भरी स्थानिय तहको सिफारिस सहित विपक्षी जिल्ला प्रशासन कार्यालय, काठमाण्डौमा जाँदा निवेदन नै दर्ता नगरि नागरिकता दिन नसकिने भनी मौखिक जवाफ पाई छोराले नेपाली नागरिकता पाउनबाट बन्चित रहेको भन्ने रिट निवेदन

दावी रहेको देखिन्छ भने कानून बमोजिमको प्रक्रिया पुरा गरी आएमा नेपाली नागरिकताको प्रमाण पत्र दिईने भन्ने विपक्षीहरूको लिखित जवाफको सार रहेको देखियो।

८. मिसिल संलग्न कागजातबाट उमन डलैकी आमा रिट निवेदक अन्जु सिख्रकारले मिति २०५१।२।०८ मा वंशजको नेपाली नागरिकता जिल्ला प्रशासन कार्यालय, काठमाण्डौवाट प्राप्त गरेको देखिन्छ। रिट निवेदकका छोरा उमन डलैको मिति २०५७।०५।२५ जन्म भएको भन्ने स्थानीय पञ्जिकाधिकारीको कार्यालय,काठमाण्डौ महानगरपालिकाको मिसिल संलग्न जन्म दर्ताको प्रमाण-पत्रको फोटोकपीबाट देखिन्छ। यी रिट निवेदक र उत्तम डलैको छोरा उमन डलै रहेको भन्ने मिसिल संलग्न जन्मदर्ता एवं केन्द्रीय माध्यमिक शिक्षा बोर्डको प्रमाण पत्र समेतबाट देखिन्छ। रिट निवेदीकाका छोरा नेपालमै जन्मेको भन्ने परोपकार प्रसुतीगृह हस्पिटल, थापाथली, काठमाण्डौबाट जारी भएको जन्म दर्ताको फोटोकपीबाट देखिन्छ।

९. नागरिकता राष्ट्रिय पहिचानको प्रमाण-पत्र हुदा यसले व्यक्ति र राज्य बिचको सम्बन्ध स्थापित गर्ने भएकाले नागरिकताको प्रमाण-पत्रको अभावमा व्यक्तिले आर्थिक, राजनैतिक अधिकार लगायतका राज्यद्वारा प्रदान गरिने हरेक सेवा र सुविधा उपभोग गर्नबाट वञ्चित हुनु पर्ने अवस्थाको श्रृजना हुनजाने भएकाले राज्यसँगको सार्थक पहिचान र सम्बन्धकालागि नागरिकता प्राप्त गर्नु राज्यका नागरिकको अधिकार नै हुन जान्छ भन्नेमा कोहि कसैलेपनि विमति राख्नुपर्ने देखिदैन।

१०. अब निवेदकको रिट निवेदन र विपक्षीहरूबाट पेश भएको लिखित जवाफ समेतलाई हेर्दा, रिट निवेदकले आफ्नो छोरालाई नेपाली नागरिकता दिलाउन आफूले स्थानिय तहको सिफारिस सहित तोकिएको फाराम समेत भरेको भन्ने दावि लिएको देखिन्छ। निज रिट निवेदनले छोरा जन्मेको स्थानको नागरिकताको प्रमाण पत्र दिने क्षेत्राधिकार रहेको जिल्ला प्रशासन कार्यालय, काठमाण्डौले आफ्नो लिखत जवाफमा नेपालको नागरिकताको प्रमाण पत्र संविधान र कानूनले नागरिक हुने योग्यता पुगेको व्यक्तिलाई मात्र प्रदान गरिन्छ। संविधान र कानूनले नागरिक हुन तोकेको योग्यता नपुगेको व्यक्ति जतिसुकै लामो अवधि बसोबास गरेको भए पनि नेपाली नागरिक बन्न नसक्ने भन्ने उल्लेख गर्दै यी रिट निवेदकको छोराले कानूनले तोकिएको शर्त र प्रक्रिया पुरा गरेमा अंगिकृत नागरिकताको प्रमाण पत्र प्राप्त गर्न सक्ने भन्ने उल्लेख गरेको देखिन्छ। रिट निवेदक नेपाल भित्र जन्मिएको, नेपालको नागरिकता समेत प्राप्त गरेको देखिन्छ भने छोराको जन्मदर्ताको प्रमाणपत्र र रिट निवेदक नेपाली नागरिक रही निजको नेपाली नागरिकताको प्रतिलिपी लगायत निजका छोरा उमन डलैले नेपालमै अध्ययन गरी प्राप्त गरेको नेपालकै केन्द्रीय माध्यमिक शिक्षा बोर्डको प्रमाणपत्र समेतका कागजातहरू प्रमाण मिसिल संलग्न रहेको देखियो भने वाबुले छोरा र रिट निवेदक आमालाई छोडी बेपत्ता भई हालसम्म पनि सम्पर्कमा नआएका भनि रिट निवेदनमा खुलाएको व्यहोरा र बाबु भारतीय भए पनि आमा प्रस्तुत रिट निवेदकले भारतमा विवाह दर्ता नगराएको र नागरिकता समेत नलिएको भनि निवेदकले प्रस्टसंग निवेदनमा उल्लेख गरको देखिन्छ। यस अवस्थामा अन्तर्राष्ट्रिय महासन्धी, हाम्रो संविधान, कानूनमा के कस्तो व्यवस्था रहेको छ ? र यस सम्वन्धमा सम्मानित सर्वोच्च अदालतबाट के कस्तो कानूनी सिद्धान्तहरू रहे भएका छन सो तर्फ समेत हेर्नु पर्ने देखियो।

११. मानव अधिकारको विश्वव्यापी घोषणा-पत्र (UDHR) १९४८ को धारा १५ मा प्रत्येक व्यक्तिलाई राष्ट्रि यताको अधिकार हुने, कुनै पनि व्यक्तिलाई स्वेच्छाचारी ढङ्गले निजको राष्ट्रियताबाट वञ्चिईत गरिने छैन भन्ने रहेको पाईन्छ भने नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञा-पत्र (ICCPR), १९६६ को धारा २४ को उपधारा ३ मा प्रत्येक शिशुलाई राष्ट्रि यता प्राप्त् गर्ने अधिकार हुने छ भन्नेछ व्यवस्था रहेको छ। आर्थिक, सामाजिक तथा सास्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रि य प्रतिज्ञा-पत्र (ICESCR)१९६६, को धारा १० को उपधारा ३ मा पितृत्व वा अन्य अवस्थाहरूका अधारमा कुनै पनि भेदभाव नगरिने भन्ने समेतको व्यवस्था रहेको पाइन्छ। त्यस्तै बाल अधिकार सम्बन्धी महासन्धी (CRC),१९८९ को धारा ७ ले बालबालिकाको राष्ट्रियताको अधिकार तथा धारा ८ ले बालबालिकाको पहिचानको अधिकारको सुनिश्चि तता गरेको छ। महिला विरूद्धका सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि (CEDAW),१९७९ को धारा ९(२) मा पक्ष राष्ट्राहरूले महिलालाई आफ्ना बालबालिकाको राष्ट्रि यताको सम्बन्धमा पुरूष सरहको समान अधिकार प्रदान गर्ने छन् भन्ने व्यवस्था रहेको छ। उल्लेखित अन्तर्राष्ट्रिधय महासन्धिहरूले बालबालिकाको पहिचान एवं राष्ट्रियताको अधिकारको सुनिश्चाातता गर्नुका साथ-साथै महिला पुरूष दुबैलाई आफ्ना सन्तानको नागरिकता प्रदान गर्न सक्ने अधिकारको सुनिश्चनतता गरेको पाइन्छ। नेपाल पक्ष राष्ट्र भई अनुमोदन गरेको उक्त महासन्धिमा उल्लेखित प्रावधानको पालना गर्नु राज्यको दायित्व हुन आउँछ। उपरोक्त अन्तर्राष्ट्रिय महासन्धिमा उल्लेखित प्रावधान वमोजिम कुनैपनि व्यक्ति राष्ट्रियता विहिन हुन सक्दैन।

१२. नेपालको संविधानको धारा १८ मा समानताको हकको व्यवस्था गरिएको छ भने धारा ३८(१) मा प्रत्येक महिलालाई लैंगिक भेदभाव विना समान वंशिय हक हुनेछ भनी महिलाको हकको व्यवस्था गरिएको छ। यसरी संविधानले नै महिला भएकै कारणबाट भेदभाव गर्न नपाइने र महिलालाई समेत वंशिय अधिकारको सुनिश्चिधतता गरेको छ। त्यसैगरी धारा ३९(१) मा प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामाकरण र जन्मदर्ताको हक हुनेछ भनी बालबालिकाको हकलाई मौलिक हकको रूपमा स्विकार गरिएको छ। त्यस्तै संविधानको ११(२) मा "यो संविधान प्रारम्भ हुँदाका बखत नेपालमा स्थायी बसोबास भएको देहायको व्यक्ति वंशजका आधारमा नेपालको नागरिक ठहर्ने छ भन्ने प्रावधान उल्लेख भई धारा ११(२) को देहाय (ख) मा कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजका आधारमा नेपालको नागरिक ठहरिने भन्नेम संवैधानिक व्यवस्था रहेको छ।

१३. नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(१) मा "कुनै व्यक्तिको जन्म हुँदा निजका बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ" भन्ने कानूनी व्यवस्था रहेको पाईन्छ भने नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३(१) मा वंशजको नाताले नेपाली नागरिकता लिन चाहने १६ वर्ष पुरा भएको नेपाली नागरिकले सम्बन्धित प्रमुख जिल्ला अधिकारी समक्ष आफ्नो बाबु वा आमा वा तिन पुस्ता भित्रको नातेदारको नेपाली नागरिकताको प्रमाण-पत्र र जन्म स्थान र नाता खुल्ने गरी स्थानिय निकायले गरिदिएको

सिफारिस वा जन्मदर्ताको प्रमाण-पत्रको प्रतिलिपी संलग्न राखी तोकिएको फारम बमोजिमको ढाँचाको निवेदन दिनु पर्छ भन्ने स्पष्ट व्यवस्था रहेको पाइन्छ।

१४. उल्लेखित कानूनी व्यवस्थाहरूको विस्तृत विवेचना गर्दै यसै प्रकारका नागरिकताका विवादका सम्वन्धमा सम्मनित सर्वोच्च अदालतवबाट **सविना दमाई विरूद्व नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत** (ने.का.प.२०६८ अंक २, नि.नं.८५५७), भएको परमादेश रिट निवेदनमा "आमा नेपाली नागरिक भन्ने प्रमाणित भएको, बाबुको ठेगाना नभएको तर नेपाली नागरिक आमाबाट नेपालमा जन्मेको बालबालिकाले आमाको नामबाट नागरिकता माग्न आएमा नेपाल नागरिकता ऐन,२०६३ र ऐ.नियमावलीको रित र कार्यविधि पुरा गरी आमाको नामबाट सहज तरिकाले नागरिकताको प्रमाण-पत्र उपलब्ध गराउन देशव्यापी रूपमा सबै प्रमुख जिल्ला अधिकारीका नाममा परिपत्र जारी गरी आवश्यक व्यवस्था गर्नु" भनी गृह मन्त्रालयका नाममा निर्देशनात्मक आदेश समेत जारी भईसकेको अवस्था छ।

१५. उल्लेखित संबैधानिक एवं कानूनी व्यवस्था साथै सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त समेतका आधारमा नेपाली आमा वा बाबु मध्ये कसको नाउँबाट नागरिकता लिने भनी रोज्ने अधिकार छोरा-छोरीमा निहित रहने कुरामा द्विविधा हुनुपर्ने पनि रहेन। यी रिट निवेदकले वंशजको आधारमा नेपाली नागरिकता प्राप्त व्यक्ति भएको भन्ने मिसिल संलग्न निजको नामको नागरिकताको प्रमाणपत्रको प्रतिलिपीवाट देखिदा रिट निवेदकको नागरिकता, रिट निवेदकको छोरा उमन डलैको जन्मदर्ता, स्थानिय निकायको सिफारिस सहितको कागजातका आधारमा रितपुर्वकको आवेदन गरी बिपक्षी जिल्ला प्रशासन कार्यालय समक्ष आएका वखत संविधान, कानून एवं सर्वोच्च अदालतबाट प्रतिपादित नजिर सिद्वान्त समेतका आधारमा नेपालको नागरिकता वाट वन्चित गर्नु पर्ने देखिएन।

१६. तसर्थः माथि उल्लेखित विश्लेषणका आधारमा रिट निवेदकको छोरा उमन डलैले नागरिकता प्रमाण पत्र पाउनका लागि आवश्यक कागजात सहित निवेदन दिएमा नेपाल नागरिकता ऐन, २०६३ तथा नेपाल नागरिकता नियमावली, २०६३ बमोजिम जो जे बुझ्नु पर्ने हो बुझि आवश्यक प्रकृया पुऱ्याई नागरिकताको प्रमाण पत्र उपलव्ध गराउनु भनी विपक्षी जिल्ला प्रशासन कार्यालयका नाममा परमादेशको आदेश जारी हुने ठहर्छ। अरू तपसिल बमोजिम गर्नु।

<u>तपसिल खण्ड</u>

- माथि आदेश खण्डमा लेखिए बमोजिम विपक्षी जिल्ला प्रशासन कार्यालय, काठमाण्डौको नाममा परमादेशको आदेश जारी हुने ठहरेकोले यो आदेशको प्रमाणित प्रतिलिपी साथै राखि विपक्षीलाई जानकारी दिनू.....................................................................................................१
- सरोकारवालाले प्रस्तुत फैसलाको प्रतिलिपी माग्न आएमा उच्च अदालत नियमावली, २०७३ को परिच्छेद १२ बमोजिमको प्रक्रिया पुरा गरी प्रमाणित प्रतिलिपी दिनू .......................................................................................................................२
- प्रस्तुत आदेशको जानकारी उच्च सरकारी वकिल कार्यालय,पाटनलाई दिनू.......................................................................................................३

- प्रस्तुत आदेश विद्युतीयप्रति अपलोड गरी पीठमा जनाउनू ..........................................४
- प्रस्तुत निवेदनको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइ दिनू.....................................................................................................५
- प्रस्तुत आदेश प्रमाणीकरण भएपछि मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३१(१०) बमोजिम यस अदालतको वेभराइट र सूचनापाटीमा विवरण प्रकाशित गर्नू.....................................................................................................६

**(गोकर्ण डाँगी)**
न्यायाधीश

उक्त रायमा सहमत छु।

**(महेन्द्रनाथ उपाध्याय)**
न्यायाधीश

<u>फैसला तयार गर्न सहयोग गर्नेः</u>-
इजलास अधिकृत : नुनेत्रहरी पौडेल
कम्प्युटर टाईप गर्नेः कल्पना घर्ति
**इति सम्बत् २०७९ साल साउन १८ गते रोज ४ शुभम् ............,,....................।**

**प्रमाणीकरण मितिः**
**न्यायाधीश**
**अदालतको छाप**

श्री

उच्च अदालत विराटनगर

धनकुटा इजलास

संयुक्त इजलास

इजलास नं.१

माननीय न्यायाधीश श्री रमेश कुमार खत्री

माननीय न्यायाधीश श्री अन्जु उप्रेती ढकाल

फैसला

मुद्दा नं.:-०७७-DP-००२८

कोड नं. २३-०७६-००१६३

निर्णय नं.:- १५१

| | |
|---|---|
| लक्देन भोटेको छोरा, जिल्ला संखुवासभा साविक नुम गा.वि.स. वडा नं.१ हाल परिवर्तित भोटखोला गाउँपालिका वडा नं.४ बस्ने वर्ष ३२ को छेरूक मुनाङ भोटे........................................................................................१ | पुनरावेदक प्रतिवादी |

**बिरूद्ध**

| | |
|---|---|
| लोकबहादुर तामाङ्गकी छोरी, नरबहादुर तामाङ्गकी पत्नी जिल्ला संखुवासभा मकालु गाउँपालिका वडा नं.५ बस्ने वर्ष ४२ की सोभितामाया तामाङ........................................................................................१ | प्रत्यर्थी वादी |

**मुद्दाः लेनदेन।**

शुरू फैसला गर्ने अदालत :- श्री संखुवासभा जिल्ला अदालत
शुरू फैसला गर्नेः- मा.जि.न्या. श्री शान्ति प्रसाद आचार्य
फैसला मिति :- २०७७/११/२६
पुनरावेदन दर्ता मिति :- २०७७/१२/२६

न्याय प्रशासन ऐन, २०७३ को दफा ८(३)अनुसार यसै अदालतको अधिकारक्षेत्र अन्तर्गतको भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य, पुनरावेदन जिकिर तथा यस अदालतको निर्णय यस प्रकार छः

१. **फिरादपत्रः-** म फिरादीको जिल्ला संखुवासभा मकालु गाउँपालिका वडा नं ४ नुम बजारमा किराना सामानको पसल संचालन गरी अलैंचीको सिजनमा अलैचीको खरीद विक्री गर्ने कारोवारसमेत गरिआएको छु। २०७१/२०७२ साल देखि विपक्षी छेरूक भोटेसँग अलैची खरीद गरी लिने र निजले मेरो किराना पसलबाट सामानहरू खरीद गरी लाने गर्नुहुन्थ्यो। हामी वीचको कारोवार हुँदा किराना पसलबाट लगेको सामान, अलैंची खरिद गर्न लिएको नगद र मलाई दिएको अलैचीको हिसाव वहिखातामा लेख्ने गरेको र ठाउँ ठाउँमा हिसाव मिलान गरी विपक्षीले सहि गर्नु भएको थियो। मिति २०७३/०५/१२ मा विपक्षीले दिनुभएको नगद अलैची समेतको हिसाव गरी मेरो लिन वाँकी जम्मा १२,४४,०४५।—

(अक्षरेपी वाह्र लाख चवालिस हजार पैतालिस रूपैयाँ) रहेको उक्त लेनदेन पछी मेरो बाँकी रकमको विपक्षीले कानून बमोजिम व्याज समेत वुझाउँला भनी मौखिक सहमति गर्नुभएको थियो।मेरो वहिखातामा विपक्षीसँग लिन जम्मा रू ८,४६,२३०।- बाँकी रहेकोमा विपक्षी २०७४ साल मंसिर देखि मेरो पसलमा आउन छोडी कुनै कारोवार नगरेकाले निजको भोटखोला स्थित घरमा भेटी हिसाव किताव गरौं, मेरो लिन बाँकी रूपैयाँ दिनुहोस् भन्दा विपक्षीले उल्टै मलाई हप्की दप्की गरेकाले भोटखोला गाउँपालिका न्यायिक समितिमा मिति २०७६/०९/०३ मा निवेदन गरेकोमा न्यायिक समितिमा छलफल हुँदासमेत विपक्षीले मेरो रूपैयाँ नतिरी खाने पचाउने नदिने नियत गरेको हुँदा सो समितिमा मिल्न नसकी भोटखोला गाउँपालिका न्यायिक समितिले माथिल्लो निकायमा जान सक्नुहुनेछ भनी मिति २०७५/०९/०६ को पत्रद्वारा जानकारी गराएको हुँदा मुलुकी देवानी संहिता, २०७४ को दफा ४९२(ख) बमोजिम मुद्धा गर्नु परेको कारण परेको मितिले १ वर्ष भित्र यो फिराद गरेको छु। मेरो वहिखातामा जम्मा रू ८,४६,२९०।—(आठ लाख छयालिस हजार दुई सय नव्वे) विपक्षीबाट लिन बाँकी रहेको भएपनि उक्त वहि खातामा व्याज लिने दिने विषयमा लिखित रूपमा नै कुनै कुरा उल्लेख नभएको हूँदा उक्त वहिखातामा उल्लेख भएको व्याज रू १,२०,०००।— कानूनत लिन नपाउने हुँदा व्याज रकम कट्टा गरी बाँकी रू ७,२६,२३०।—(सात लाख छव्वीस हजार दुई सय तीस) र अदालती शुल्क लगायतका अन्य दस्तुर समेत प्रतिवादीबाट दिलाई भराई पाउँ भन्ने समेत व्यहोराको वादी सोभितामाया तामाङ्गको  फिरादपत्र।

२. **प्रतिउत्तरपत्रः**- वादीको दावी झुट्टा एवं काल्पनिक हो।दावीको रूपैयाँ मैले लिएको नहुँदा मैले वुझाउनुपर्ने होइन। वादीले फिरादमा मेरो नाम र मेरो वावुको नाम नै फरक देखाएबाट पनि मसंग वादीको कारोवार नै नभएको स्पष्ट हुन्छ। वादीको पसलबाट मैंले यदाकदा सामान उधारो लिएपनि समयमै सामानको रूपैयाँ वुझाउने गरेको थिएँ। फिरादसाथ पेश गरेको वहिखाता भनिएको कागजमा कुन सामानको कति रूपैयाँ हो? स्पष्ट छैन।ठाउँ ठाउमा सिग्नेचर गरे जस्तो देखिन्छ, सो सही कसको हो फिरादमा उल्लेख गर्न सकेको अवस्था छैन।मैंले वादीको पसलबाट कुनै पनि किराना सामान खरिद गरेको छैन।कुनैपनि लिखतमा कारणीको सहि हुनु आवश्यक हुन्छ। कारणीको सहिछाप विनाको वनावटी कारोवारबाट दावी लिन मिल्दैन। लेनदेन कारोवार गरेको लिखत हुनु पर्ने त्यस्तो लिखतमा कारणीको सहिछाप हुनु पर्ने अनिवार्यता विधायिका निर्मित कानूनले गरेको अवस्था छ।सामान लिनुदिनु गरेको  सामानको नाम परिमाण मुल्य खुलेको  वील फिरादसाथ पेश गर्न नसक्नुले वादी दावी झूट्टा हो भन्ने प्रमाणित हुन्छ। एउटै विषयको उजुरी पटक-पटक फरक-फरक निकायमा दर्ता गर्न प्राङन्यायको सिद्धान्तले मिल्ने हुँदैन। फिराददावी खारेज भागी छ।वादीको वहिखातामा केरमेट थपघट समेत गरी दावीको रूपैयाँ देखाएकोले मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा २८ को उपदफा १ मा भएको व्यवस्था विपरीतको वहिखातामा उल्लेखित दावीको रूपैयाँ मैंले तिर्न वुझाउन नपर्ने हुँदा दावीबाट अलग फुर्सद गरी पाउँ भन्ने समेत व्यहोराको प्रतिवादी छेरूक मुनाङ भोटेको प्रतिउत्तर पत्र।

३. **आदेशः-** वादीले फिरादपत्रमा उल्लेख गरेको सक्कल वहिखाता वादीबाट दाखेल गर्न लगाई मुलुकी देवानी कार्यविधि संहिता,२०७४ को दफा १७२ बमोजिम बहीखाताको सम्बन्धमा प्रतिवादीको सनाखत वयान गराई नियमानूसार पेश गर्नू भन्ने मिति २०७७/०८/२८मा सुरू अदालतबाट भएको आदेश।

४. **सक्कल वहिखाताः-** वादीले पेश गरेको वहिखाता थान २ प्रमाणको रूपमा मिसिल सामेल रहेको।

५. **दफा १७२ बमोजिमको वादी\प्रतिवादीको वयानः-**

(क) वादीबाट दाखिला भएको प्र. छेरूङ भोटेसंगको कारोवारको हिसाव लेखिएको वहिखाताको पाना नं १५३, १५४, १५५, १५६, १५७, २०० र २०१ देखाउँदा, देखें। उक्त बहिखाताको टिपोट कसरी टिपेका हुन् थाहा भएन। वेहोरा झुट्टा हो। प्रतिवादीले वादीलाई कुनै हिसाव वुझाउनुपर्ने नभएकाले बहिखाताको टिपोट झुट्टा हो भनेको हो भन्ने समेत व्यहोराको प्रतिवादी वारेश रेणुका कोइरालाले मिति २०७७/०९/१४ मा मुलुकी देवानी कार्यविधि संहिता,२०७४ को दफा १७२ बमोजिम सुरू अदालतमा गरेको लिखत सनाखत वयान।

(ख) प्रतिवादी वारेशले गरेको वयान व्यहोरा सुनि पाएँ। उक्त वयान व्यहोरा झुट्टा हो। मैंले अलैंची किनवेच गर्नुका साथै मेरो किराना पसल लगायतका व्यापार व्यवसाय रहेको हुँदा मैंले प्रतिवादी लगायत अन्य व्यक्तिहरूसँग दैनिक कारोवार गरी हिसाव टिपोट गर्ने गरेको सद्दे वहिखाता हो। विपक्षीले २०७२ सालदेखि गरेको कारोवार पटक-पटक निजबाट लिएको अलैंचीको हिसाव र मबाट विपक्षीले लिनु भएको सामानको हरहिसाव उल्लेख गरी उल्लेखित वहिखाता आ.व. ०७०/०७१ को पेज नं १५७,२००,२०१ मा नेपालीमा हस्ताक्षर गरेको र अर्को वहिखाताको ५५ नं मा अंग्रेजीमा हस्ताक्षर गरी सहि सद्दे कारोवार गरेकोमा विपक्षीले मलाई तिर्नु वुझाउनुपर्ने रकम नदिएको हुँदा प्रस्तुत मुद्दाको फिराद दर्ता गरेको हो। मेरो फिराद बमोजिम होस् भन्ने समेत व्यहोराको वादी वारेश दुर्गाबहादुर श्रेष्ठले मुलुकी देवानी कार्यविधि संहिता,२०७४ को दफा १७२ बमोजिम सुरू अदालतमा गरेको प्रतिवाद वयान।

६. **आदेशः-** मुख नमिलेको विषयमा वादी, प्रतिवादीले दिएका साक्षी वुझी नियमानूसार गर्नु भन्ने मिति २०७७/०९/२२ को सुरू अदालतको आदेश।

७. **वादी/प्रतिवादीका साक्षीको बकपत्रः-**

(क) वादी र प्रतिवादी वीचमा लेनदेन गर्दा वाँकी रहेको रकम प्रतिवादीले वादीलाई तिर्नु वुझाउनुपर्ने हो। मैंले देखे अनुसार वादीको अलैची तथा अन्य किराना सर सामानहरूको कारोवार थियो। पहिला ४०/५० लाख हुँदै गर्दा अन्य रूपैयाँ पटक पटक तिरेर हाल करीव आठलाख पचास हजार जति मलाई छेरूकले तिर्न वाँकी छ भनी सोभितामाया तामाङ्गले भनेको सुनेको हो। वादी दावी बमोजिम वाँकी रहेको रकम वादीलाई प्रतिवादीले तिर्नु वुझाउनुपर्ने हो भन्नेसमेत व्यहोराको वादीको साक्षी ललिता पोखरेलले सुरू अदालतमा गरेको वकपत्र।

(ख) वादी प्रतिवादीवीच कारोवार भएको छैन। प्रतिवादीले कुन मितिमा के कति सामानहरू लगेको भन्ने कुरा वहिखातामा खुलाएको छैन। वहिखातामा भएको २ वटा सही नै गलत हो भन्ने समेत व्यहोराको प्रतिवादी साक्षी अमेरिकन भोटेले सुरू अदालतमा गरेको वकपत्र।

८. **सुरू अदालतको फैसलाः-** प्रतिवादीले वहिखाताको रकम तिर्नु नपर्ने सम्मको स्पष्ट ठोस प्रमाणबाट वादी दावी अन्यथा प्रमाणित गर्न सकेको नदेखिंदा वादीले प्रतिवादीबाट दावीको रकम मुलुकी देवानी संहिता, २०७४ को दफा ४८८ का आधारमा प्रचलित कानूनको अधिनमा रही भराई पाउने ठहर्छ भन्ने समेत व्यहोराको सुरू संखुवासभा जिल्ला अदालतको मिति २०७७/११/२६ को फैसला।

९. **प्रतिवादीको पुनरावेदन पत्र** :- वादीले पेश गरेको सक्कल कागजलाई प्रतिवादीले गरेको सनाखत बयानमा झुट्टा भने तापनि वादीले सद्दे भनेको र सो बयानलाई साक्षीले पुष्टि गरेको भन्ने आधार लिई फैसला भएको छ। वादीले दावी गरे बमोजिमको लिखतमा उल्लेखित रकममा मेरो सहीछाप सम्म नभएको कुरा लिखतबाट नै पुष्टि भएको र फैसलामा समेत उल्लेख भएकै छ। त्यसमा पनि दावीको रकम वादी र मेरो बीच सहमति गरी तय गरिएको होइन भन्ने कुरा विपक्षीको फिरादपत्रमा २०७४ साल देखि नै मेरो पसलमा आउन छाडेकाले निजको घरमा गई "मेरो हिसाब खिताब गरौं" भन्दा उल्टै विभिन्न गाली गलौज गरेको भनी उल्लेख गरेको अवस्थामा सो दावीको रकममा मेरो कुनै सहमति, स्वीकार नै नभएको प्रष्ट हुँदा हुँदै त्यसतर्फ कुनै ख्यालै नगरी केवल अनुमानकै भरमा दावीको रकम रू.७,२६,२३०।—(सात लाख छब्बीस हजार दुईसय तीस) मैले लिए खाएको भनी उक्त रकम मैले तिर्नु बुझाउनु पर्ने ठहऱ्याई भएको फैसला त्रुटिपूर्ण हुँदा उक्त फैसला उल्टी गरी झुट्टा फिराद दावीबाट अलग फूर्सद गरी पाउँ भन्ने समेत जिकिर लिई प्रतिवादीको तर्फबाट  यस अदालतमा पर्न आएको पुनरावेदन पत्र।

१०. **प्रत्यर्थी झिकाउने आदेशः**-वादीले पेश गरेको वहिखातामा उल्लेखित रकमको हिसाबका सन्दर्भमा संखुवासभा जिल्ला अदालतको मिति २०७७/११/२६/४ को फैसला फरक पर्न सक्ने देखिंदा मुलुकी देवानी कार्यविधि संहिता,२०७४ को दफा २१३(३) को प्रयोजनार्थ पुनरावेदक प्रतिवादीको पुनरावेदनपत्रको प्रतिलिपि साथै राखी वादीको नाममा म्याद सूचना जारी गरी उपस्थित भए वा  अवधि व्यतित भएपछि नियमानुसार गरी पेश गर्नु भन्ने यस अदालतको मिति २०७८/५/२७ को प्रत्यर्थी झिकाउने आदेश।

११. पक्षहरूका कानून व्यवसायीहरूले प्रस्तुत मुद्दा मिलापत्र गराउन पक्षहरूलाई प्रेरित गर्ने भनी इजलास समक्ष बहसको क्रममा व्यक्त गर्नु भएको तथा मुद्दाको प्रकृतिबाट पनि मेलमिलाप गराउन उपयुक्त देखिंदा प्रस्तुत मुद्दा उच्च अदालत नियमावली,२०७५ को नियम ९३(१) बमोजिम मेलमिलाप प्रयोजनार्थ २५ दिनको समय दिई यस अदालतको मेलमिलाप केन्द्रमा पठाई दिनू। उक्त समयावधि भित्र मिलापत्र हुने भए मिलापत्रको लागि र मिलापत्र हुन नसके सोको प्रतिवेदन सहित नियमानुसार पेश गर्नू भन्ने यस अदालतको मिति २०७८/९/२१ को आदेश।

१२. पक्षहरूवीच मिलापत्र हुन नसकेको भन्ने ब्यहोराको मेलमिलापकर्ताको प्रतिवेदन पेश भई मिसिल सामेल रहेको।

## यस अदालतको ठहर

१३. नियम बमोजिम निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्धामा पुनरावेदकको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री हेमराज पराजुलीले लेनदेन कारोवार प्रमाणित हुन लिखत हुनु पर्ने र त्यस्तो लिखतमा कारणीको सहीछापको अनिवार्यता रहनेमा वादीले रीतपूर्वकको लिखत पेश गरी दावी लिएको अबस्था छैन। वादीले आफू खुसी राखेको बहिखाता पेश गरी दावी लिएकोमा एकतर्फी तवरले तयार गरेको बहीखातालाई प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने हुँदैन। बहीखाताको सही मेरो पक्षको हो,होईन त्यसको परीक्षण भएको छैन। बहीखातामा लेखिएको कुरा अन्य प्रमाणबाट पुष्टि हुनु पर्नेमा सुरू जिल्ला अदालतले वादीले दावी गरेकै भरमा बहीखातामा उल्लेख भएको भनी रकम भराउने गरेको सुरू फैसला त्रुटिपूर्ण हुँदा सो फैसला बदर गरी मेरो पक्षलाई वादीको झुट्टा दावीबाट फूर्सद दिलाई पाउँ भन्ने समेत बहस प्रस्तुत गर्नु भयो।

१४. यस्तै, पुनरावेदक प्रतिवादीकैतर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री हिमादेवी बस्नेतले वादीले मेरो पक्षसंग बसी छलफल गरी हर-हिसाव गरेको छैन। वादी र मेरो पक्षवीच छलफल गरी हर हिसाब नभएको कुरामा वादीले एक तर्फि रूपमा कथित बहीखाता तयार गरी दावी गरेको आधारमा लिखत प्रमाण विना वादी दावी पुग्ने ठहऱ्याएको सुरू फैसला त्रुटिपूर्ण हुँदा उक्त फैसला उल्टी गरी मेरो पक्षलाई झुट्टा फिराद दावीबाट अलग फूर्सद दिलाई पाउँ भनी बहस प्रस्तुत गर्नु भयो।

१५. त्यस्तै प्रत्यर्थीको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री रोहितकुमार डाँगीले वादीले प्रतिवादीसंग भएको कारोबारको हिसाव वहिखातामा नियमित रूपमा राखी आय र व्यय स्पष्ट खुलाएको, उक्त वहिखातामा सामानको रू १२,४४,०४५।—लेखिएको कलममा प्रतिवादीले हस्ताक्षर गरेको देखिएको, प्रतिवादीबाट प्राप्त भएको ४६७ केजी अलैचीको ५,८३,८५०।—र ६२ केजी अलैचीको रू ६०,०००।— घटाई हिसाव राखिएको, वहिखातामा उल्लेख भएको व्याजको दावी नगरेको स्थितिमा सुरू अदालतबाट प्रमाणहरूको उचित मूल्यांकन गरी मेरो पक्षको दावी अनुसार रू.७,२६,२३०।—भराउने भनी दावी पुग्ने ठहऱ्याएको सुरू फैसला मिलेको हुँदा सदर कायम होस् भनी गर्नु भएको बहस समेत सुनियो।

१६. यसमा प्रतिवादीसंग कारोबार गर्दा बाँकी रहेको आफूले लिनुपर्ने वहिखातामा उल्लेखित रकम रू ७,२६,२३०।—(सात लाख छव्वीस हजार दुई सय तीस) नबुझाएकाले उक्त रकम र अदालती शुल्क सहितको दस्तुर समेत प्रतिवादीबाट दिलाई भराई पाउँ भन्ने फिराद दावी रही वहिखातामा उल्लेखित वादी दावीको रकम आफूले तिर्नु वुझाउन पर्ने होइन भन्ने प्रतिवाद जिकिर रहेको प्रस्तुत मुद्धामा वादीले प्रतिवादीबाट दावीको रकम मुलुकी देवानी संहिता, २०७४ को दफा ४८८ को आधारमा प्रचलित कानूनको अधिनमा रही भराई पाउने ठहऱ्याएको सुरू संखुवासभा जिल्ला अदालतको फैसला उपर चित्त नबुझाई प्रतिवादीको तर्फबाट यस अदालतमा प्रस्तुत पुनरावेदन परेको देखियो।

१७. उपरोक्त वादी दावी,प्रतिवाद जिकिर र दुवै पक्षका कानून व्यवसायीको बहस सुनी संखुवासभा जिल्ला अदालतको मिति २०७७/११/२६ को फैसला मिले, नमिलेको के रहेछ? प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्ने हो, होइन ? सो सम्वन्धमा निर्णय दिनु पर्ने देखिन आयो।

१८. सम्वद्ध मिसिल अध्ययन गरी निर्णय तर्फ विचार गर्दा वादीले किराना पसल संचालन गरिआएकोमा वादी, प्रतिवादीवीच २०७१/०७२ साल देखि नै किराना पसलका सामानहरू उधारो लिने दिने तथा अलैंची लगायतका चिज बस्तुहरू खरिद, बिक्री गर्ने कारोबार हुँदै आएको कुरा फिराद लेखमा उल्लेख भएकोमा प्रतिवादीको वारेशले वादीले राखेको बहीखाता हेरी वयान गर्दा उक्त बहीखातामा भएको सहीछाप आफ्नो पक्षको नभएकाले जचाई एकिन गरी पाउँ भन्न सकेको देखिँदैन। प्रतिवाद जिकिर हेर्दा वादीको पसलवाट यदाकदा ऊधारो सामान लैजाने गरेको तथ्य स्वीकार गरेकै देखिन्छ।

१९. वादीबाट पेश भएको २०७२ सालको वहिखाताको पृष्ठ १५४, १५५, १५६, १५७, २०० र २०१ मा प्रतिवादीको नाम उल्लेख भई निजसंगको कारोवारको हर हिसाव उल्लेख गरी अ.ल्या हुँदै २०७३ सालको वहिखाताको पृष्ठ ५५ मा रू १२,४४,०४५।—प्रतिवादीको नाममा हिसाव राखिएको र सो रकम उल्लेख भएको स्थानमा प्रतिवादीको हस्ताक्षर रहेको समेत देखिन्छ। सोही खातामा प्रतिवादीले अलैंची जम्मा गरेको रकम ५,८३,७५०।— र ६०,०००।—घटाई जोडिएको व्याज रू १,२०,०००।— सम्मको हिसावमा जम्मा रू ८,४६,२९०।— वाँकी देखाई ब्याज रू१,२०,०००।— को हकमा नपाउने भनी सो घटाई वादीले रू.७२६२३० भराई पाउन दावी लिएको देखिन्छ।

२०. पुनरावेदनमा लेनदेन कारोवार गरेको कानून बमोजिमको लिखत पेश नभएको,बहीखाताको हर-हिसाब दुवै पक्ष भई नगरेको, बहीखाताको हिसावमा प्रतिवादीको सहमती नभएको जिकिर लिएकोमा प्रमाण ऐन २०३१ को दफा १४ ले कुनै काम कारबाही वा व्यवसायको सिलसिलामा नियमित रूपमा राखिएका खाता,बही,किताब वा स्रेस्तामा जनिएका कुरा प्रमाणमा लिन हुने व्यवस्था गरेको देखिन्छ। त्यस्तै मुलुकी देवानी संहिता,२०७४ को दफा ४८८ मा "कसैले रीत पुर्‍याई लिखत नगरे पनि कुनै लिखत, बैंकिङ्ग कारोबार, विनिमय अधिकारपत्र, चेक, भौचर वा बही खातामा लेखिएको व्यहोराबाट कुनै व्यक्तिसंग लेनदेन भएको कुरा देखिन आएमा अदालतले त्यस्तो लिखत, वैंकिङ्ग कारोबार, विनिमय अधिकारपत्र, चेक, भौचर वा बही खातामा लेखिएको आधारमा नालिस गर्ने व्यक्तिलाई ऋणीबाट त्यस्तो रकम भराई दिन सक्नेछ" भन्ने व्यवस्था रहेको देखिन्छ।

२१. प्रतिवादीले वादीको व्यापार सम्वन्धी व्यवसाय नै नरहेको भनी अन्यथा जिकिर लिन सकेको अबस्था छैन। वादीवाट पेश भएको बहीखातामा प्रतिवादीसंगको मात्र नभई अन्य धेरै व्यक्तिसंगको व्यापारीक कारोवारको हरहिसाब चढाउने गरी हर-हिसाव मिलान, लिए, दिएको र लिनु दिनु बांकीको विवरण समेत राखेको देखिन्छ। बहीखाताको प्रकृति र त्यसमा उल्लेखित बिबरण हेर्दा व्यापारीक हर हिसाव र लिनु दिनुको बिबरण राखेको स्वाभाविक देखिएको र उक्त बहीखाता व्यवसायको सिलसिलामा नियमित रूपमा राख्ने गरेको भन्ने समेत देखिन्छ। कारोवारको सिलसिलामा राखिएको बहीखातामा उल्लेखित विवरण सही रूपमा राखिएको विवरण हो भनी प्रमाण ऐन २०३१ को दफा ७ (ग) बमोजिम अदालतले अनुमान गर्नु वान्छनीय देखिन्छ।

२२. जहाँसम्म पुनरावेदक तर्फका विद्धवान कानून व्यवसायीले बहसमा रीतपूर्वकको लिखत पेश हुन नसकेको र बहीखातालाई उच्चकोटिको प्रमाणको रूपमा ग्रहण गर्न नमिल्ने र झिनो प्रमाण अरू प्रमाणबाट समर्थित भएको नहुँदा दावी ठहर गर्न नमिल्ने भन्ने जिकिर लिनु भएको भएको छ त्यसतर्फ हेर्दा प्रमाण कानूनमा कुनै तथ्य प्रमाणित हुन यति नै प्रमाण हुनु पर्छ भन्ने ब्यवस्था रहेको छैन। प्रमाणको संख्या हेर्नु हुँदैन, त्यस्को गुणबत्ता हेर्नु पर्छ भन्ने प्रमाण मुल्यांकनको सिद्धान्त रही आएको छ। देवानी विषयको निरूपण त झन पक्षहरूवाट पेश भएका प्रमाणको मुल्यांकनमा सन्तुलनको सम्भाब्यतामा (Balance of probabilities)आधारीत रहने हुन्छ। प्रतिवादीले वादी दावी झुट्टा हो भनेको सम्म देखिन्छ। वादीले, प्रतिवादीसंगको कारोवारको हिसाव देखाई लिन बांकी रकम उल्लेख गरी बहीखाता समेत पेश गरेबाट वादी, प्रतिवादीबीच कारोवार नै भएको रहेनछ भन्न सकिने अबस्था देखिदैन। कारोवारको सिलसिलामा नियमित रूपमा राखेको खाता-बही कानूनले नै प्रमाणमा ग्राह्य हुने भने पछि त्यस्तो प्रमाणको बारे झिनो वा सानो प्रमाण भनी अन्यथा तर्क गर्नु मनासिब नहुने हुँदा पुनरावेदक तर्फका कानून व्यवसायीहरूको बहस जिकिरसंग सहमत हुन सक्ने अबस्था रहेन।

२३. अतः उपरोक्त आधार र कारणबाट शुरू संखुवासभा जिल्ला अदालतबाट वादीको दावी पुग्ने ठहऱ्याई मिति २०७७।११।२६ मा भएको फैसला मिलेकै देखिंदा सदर हुने ठहर्छ। प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरूमा तपसिल बमोजिम गर्नु।

<u>तपसिल</u>

- माथि ईन्साफ खण्डमा लेखिए बमोजिम शुरू संखुवासभा जिल्ला अदालतको फैसला सदर हुने ठहरेकोले शुरू फैसलाले वादीले प्रतिवादीबाट भराई पाउने ठहराएको अदालती शुल्क रू.१४,८९५।—प्रतिवादीले २०७७/१२/२६ को मितिमा यस अदालतमा पुनरावेदन गर्दा र.नं.०१२ बाट धरौटी राखेको देखिँदा मुलुकी देवानी कार्यविधि संहिता,२०७४ को दफा ८३(१) बमोजिम वादीले अदालती शुल्क भराई लिन पाउँ भनी दरखास्त दिए सोही धरौटी रकमबाट वादीलाई नियमानुसार भराई दिनू भनी यस अदालतको लेखा शाखालाई जानकारी दिनू..........................................................................................................१
- सुरू फैसला सदर हुने ठहरेकाले प्रतिवादीले र.नं.२०४९१०६०१-७७-५८६ बाट मिति २०७७/१२/२६ मा यस अदालतमा दाखिला गरेको अदालती शुल्क रू. रू.२,२३५/-(दुई हजार दुईसय पैतिस रूपैंया ) मुलुकी देवानी कार्यविधि संहिता,२०७४ को दफा ८१ बमोजिम जफत हुनेमा उक्त रकम राजस्व सदर-स्याहा भईसकेकोले थप बोलिरहन परेन..........................................................................................................२
- सरोकारवालाले नक्कल माग गरे लाग्ने दस्तुर लिई नियमानुसार नक्कल दिनू..........................................................................................................३
- प्रस्तुत मुद्दाको फैसला अपलोड गरी दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू..........................................................................................४

**(रमेश कुमार खत्री)**
न्यायाधीश

उक्त रायमा सहमत छु।

**(अन्जु उप्रेती ढकाल)**
न्यायाधीश

<u>आदेश/फैसला तयार गर्न सहयोग कर्मचारीः</u>
शाखा अधिकृतः ललितकुमार वि.के.
**सम्बत् २०७९ साल  असार ०८ गते रोज ०४ शुभम्......।**
प्रमाणिकरण मितिः २०७९।०४।९।२

न्यायाधीश                    अदालतको छाप

श्री

उच्च अदालत पोखरा

संयुक्त इजलास

माननीय न्यायाधीश श्री रमेशप्रसाद राजभण्डारी

माननीय न्यायाधीश श्री श्रीधरा कुमारी पुडासैनी

**फैसला**

मुद्दा नं. 076-DP-0190

इजलास नं.-२, निर्णय नं. ३३

मुद्दाः- तर्फ कायम गरी दर्ता श्रेस्ता बनाई पाऊँ।

| | |
|---|---|
| कास्की जिल्ला, पोखरा महानगरपालिका, वडा नं.१३ बस्ने सर्वदीनको छोरा राजुदीन मिया.........१ | पुनरावेदक वादी |

**विरूद्ध**

| | |
|---|---|
| मालपोत कार्यालय तनहूँ दमौली.........१<br>जिल्ला प्रशासन कार्यालय तनहूँ दमौली.........१<br>नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय सिंहदरबार काठमाण्डौं.........१ | प्रत्यर्थी प्रतिवादी |

सुरू फैसला गर्ने अदालतः- श्री तनहूँ जिल्ला अदालत

सुरू फैसला गर्ने माननीय जिल्ला न्यायाधीशः- श्री बासुदेव पौडेल

सुरू फैसला मितिः- २०७६।८।१६

सुरू मुद्दा नंः 074-CP-0145

न्याय प्रशासन ऐन, २०७३ को दफा ८(३) बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः

**तथ्य-खण्ड**

१. **फिरादपत्रः**

तनहूँ जिल्ला ढोरफिर्दी गाउँपञ्चायत ३ अन्तर्गत नक्सा नं.३/ज मा कि.नं.३ मा क्षे.फ. १५-१५-२-० जनाई जि. चन्द्रबहादुर ९०० नौसय ६ खेतमुरी मध्ये १०/५/५को जम्मा तिरो रू. ९/ जनिई दर्तावाला गोरे कुमाल, भिमबहादुर कुमाल र तिलबहादुर कुमाल समेत जना ३ को नाउँमा पुर्व सिमा,पश्चिम कि.नं. ७, उत्तर सिमा, दक्षिण कि.नं. ७ जनिई पानी भएको उक्त कित्ता नं. ३ को जग्गामा कैफियत महलमा नै स्पष्ट रूपमा ४ भागमा आधा गोरे कुमाल आधा भिम बहादुर १ भाग तिलबहादुर १ भाग हक हिस्सा भन्ने जनाई नापीकै समयमा फिल्डबुक तयार भै त्यसमा दर्तावाला समेतले सहिछाप गरी दर्ता भएको उक्त जग्गामा दर्तावालाहरू आफ्नो हकभोग गरी आएको जग्गा हो। उक्त कि.नं. ३ को क्षे.फ. १५-१५-२-० मध्ये गोरे कुमालको हक हिस्सा मध्येको आधा

जग्गा र भिम बहादुर कुमालको हक हिस्सा जनिएको ४ भागको १ भाग मध्येको जग्गा समेत तत्कालिन श्री ५ को सरकारले जिल्ला कार्यालय तनहूँ तिव्वती शरणार्थी क्याम्पको नाउँमा अधिग्रहण गरी लिएको र बाँकी तिलबहादुरको हक हिस्साको जग्गा निज दर्तावाला तिलबहादुर कुमालले नै हक भोग गरी आएको अवस्थामा रहेको, तिलबहादुर कुमालले हकभोग गरी आएको निजको हक हिस्साको क्षे.फ. ३-१५-३-१ समेतको जग्गा मिति २०५२।३।२० मा र.नं. ४३९७ बाट तिलबहादुर कुमाल दिने तारासिं पुन मगर लिने गरी राजिनामा पारित भएको रहेछ। सो आफुले राजिनामा लिएको जग्गा निज तारासिं पुन मगरले मिति २०५४।४।२० मा र.नं. ९६ बाट करिमबक्स मियाँलाई, करिम बक्समियाले मिति २०६९।६।५मा र.नं. १९८३ बाट चेतमाया गुरूङलाई निज चेतमाया गुरूङबाट र.नं. २३९३ मिति २०६९।६।१६ को राजिनामा लिखतबाट लक्ष्मण भण्डारीलाई, लक्ष्मण भण्डारीले र.नं. ८२८४ मिति २०७२।३।१४ को राजिनामा लिखतबाट मेरो दाता यम कुमारी नेपालीलाई पारित गरी दिएको र निज यम कुमारीबाट मैले र.नं. ४४२५ मिति २०७३।८।२९ मा राजिनामा पारित गरि लिई मेरा दाता-परदाताहरूले जे जसरी हक भोग गरी आएका थिए सोही बमोजिम मैले पनि उक्त जग्गा भोग चलन गरी आएको छु। मेरा दाता लगायतले विभिन्न मितिमा उक्त मालपोत कार्यालयबाट लिखत पारित गरी लिने क्रममा पनि छुट्टै कित्ता कायम नभई साविकमा तिलबहादुर कुमालको हक हिस्सा भनी जनिईएको जग्गा पारीत हुँदै आएको, सोही अवस्था देखि मैले मेरो राजिनामा बमोजिमको जग्गाको कि.नं. र क्षे.फ. मिलान गरी पाउँ भनी मालपोत कार्यालय तनहूँमा निवेदन दिएकोमा सो कार्यालयबाट तर्फ नखुलेको हुँदा स्रेस्ता सुधार गर्न सकिएन तर्फ छुट्टयाई ल्याएको बखतमा कारवाही गर्ने गरी मिसिल तामेलीमा राखिदिने भनी मिति २०७४।८।२७ मा निर्णय पर्चा गरेको हुँदा मलाई अन्याय परेको छ। मालपोत कार्यालयले तर्फ कायम गरी ल्याएको श्रेस्ता कायम गरी दिने भनी निर्णय गरी मिसिल तामेलीमा राखेको अवस्था हुँदा मेरो जग्गा र सो जग्गमा रहको भोग समेतलाई हेरी साविक कि.नं. ३ को क्षेत्रफल १५-१५-२-० मध्ये मेरो राजिनामाबाट हक भएको क्षे.फ ३-१५-३-१ जग्गामा सो कि.नं. ३ को उत्तरतर्फबाट मेरो भोग बमोजिमको जग्गामा कित्ताकाट गरी सोही बमोजिम तर्फ कायम गरी मेरो नाउँमा दर्ता श्रेस्ता कायम गरी हक ईन्साफ गरी पाउँ भन्ने समेत व्यहोराको राजुदिन मियाँको मिति २०७४।९।१८ को फिरादपत्र।

२. <u>प्रतिउत्तर पत्रः</u>

- विपक्षी वादी दावीको कि.नं. ३ को १५-१५-२-० मध्ये ७-१५-२-३ मा गोरे कुमाल, ३-१५-३-१ मा भीमबहादुर कुमाल र ३-१५-३-१ मा तिलबहादुर कुमालको नाममा श्रेस्ता कायम भएकोमा उक्त कि.नं. ३ को जग्गा नेपाल सरकारले तिव्वती शरणार्थी क्याम्पका नाममा अधिग्रहण गरी कि.नं. ३ को १५-१५-२-० पुरै जग्गा नेपाल सरकारका नाममा जग्गाधनी जनिई श्रेस्ता पूर्जा तयार भैसकेको देखिएको, मोठ कैफियतमा सो कुरा जनाउन भुल भएकै कारण वादी दावीको जग्गा बिक्री हुँदै आएकोले नेपाल सरकारका नाममा दर्ता श्रेस्ता कायम भैसकेको तर्फ कायम गरी कित्ताकाट समेत गरी दर्ता फुटाएर दिन सक्ने अवस्था नभएकोले मिसिल तामेलीमा राखिएको हो भन्ने समेत व्यहोराको मालपोत कार्यालय तनहूँको मिति २०७४।११।११ गतेको प्रतिउत्तर।

- मालपोत ऐन, २०३४ ले जग्गा प्रशासन गर्ने सम्बन्धमा निश्चित प्रकृयाका साथै सम्बन्धित निकायको अधिकार कर्तव्य र दायित्व समेत तत्सम्बन्धी निकाय एवं पदाधिकारीलाई तोकेको छ। उक्त कानुनी व्यवस्था बमोजिम सम्बन्धित निकायबाट सम्पादन हुने काम कारवाहीको विषयमा यस कार्यालयलाई विपक्षी कायम गरी फिराद दायर गर्नु पर्ने होईन समेत भन्ने व्यहोराको मिति २०७४।१०।२३ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रतिउत्तर पत्र।
- तत्कालीन श्री ५ को सरकारको नाममा दर्ता भई सकेको जग्गा एउटै कम्पाउण्ड भित्र रहेको एउटै नक्शामा रहेको कि.नं. ३ नै रहेको र जग्गा धनीको हकहिस्सा पुरा क्षेत्रफल भनी तत्कालीन श्री ५ को सरकारको नाममा दर्ता भै सेकेको जग्गा भएकोले सो जग्गामा विपक्षीको हकदैया पुग्दैन। प्रस्तुत फिराद दावी खारेज गरी पाउँ भन्ने समेत व्यहोराको मिति २०७४।११।१६ को जिल्ला प्रशासन कार्यालय तनहूँको प्रतिउत्तर पत्र।

३. आदेशानुसार विवादित जग्गाको भै आएको नाप नक्शा मुचुल्का मिसिल संलग्न रहेको।

४. जग्गा प्राप्तिका लागि अधिग्रहण गर्नुपर्दा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा गठित समितिद्वारा निर्णय भई जग्गा अधिग्रहण हुने हुँदा तिव्वती शरणार्थी क्याम्प ढोरफिर्दीको लागि १२४०-५-०-१ रोपनी जग्गा अधिग्रहण गर्ने गरी मिति २०४६।१।१४ मा भएको निर्णय मिसिल नं. २९२ का सम्बन्धमा जिल्ला प्रशासन कार्यलय तनहूँमा पत्राचार गरी उक्त मिसिल खोजवीन गरी पत्र प्राप्त भएको ७ दिनभित्र यस अदालतमा पठाउने व्यवस्थापन गर्नु भनी जिल्ला प्रशासन कार्यालयलाई लेखी पठाई नियमानुसार पेश गर्नू भन्ने समेत व्यहोराको मिति २०७५।८।२३ को सुरू अदालतको आदेश।

५. वादी दावीको कि.नं. ३ को दर्ता श्रेस्ता र जग्गाधनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपिहरू मिसिल संलग्न रहेको।

६. <u>सुरू जिल्ला अदालतको फैसला</u>

वादी दावीको कि.नं.३ को १५-१५-२-० को जग्गाधनी प्रमाण पुर्जा हेर्दा जग्गाधनीमा नेपाल सरकार रहेको भन्ने देखिन आयो। उक्त कि.नं. ३ को ४ खण्डको १ खण्ड जग्गामा मेरो जग्गाको साविक जग्गाधनी तिलबहादुर कुमालको हक भोग रहेको भन्ने यी वादीको कथन रहेपनि आफ्नो हक हिस्साको जग्गाको दर्ता फारी गरी कित्ताकाट गरी पाउँ भनी निज तिलबहादुर कुमालले समेत कहींकतै उजुरवाजुर गरेको देखिएन। जग्गा जमिनको आवश्यक जाँचबुझ गरी तोकेको प्रकृया पुरा गरी सरकारी वा सार्वजनिक जग्गाको अभिलेख अद्यावधिक गरी दर्ता श्रेस्ता तयार गर्ने समेतको जग्गा व्यवस्थापनको सम्पूर्ण जिम्मा र जग्गावालाको नाम थर समेत सच्चाई दर्ता श्रेस्ता कायम गर्ने समेतको जिम्मेवारी र दायित्व मालपोत ऐन, २०३४ ले मालपोत कार्यालयलाई दिएको, सो अनुसारको प्रक्रिया पुरा गरी मालपोत कार्यालय तनहूँले कि.नं.३ को सम्पूर्ण १५-१५-२-० जग्गाको श्रेस्ताको जग्गाधनीमा नेपाल सरकार भनी उल्लेख गरीसकेको देखिएको र सो निर्णय उपर यी वादी वा निजको जग्गाका साविक धनी तिलबहादुर कुमालको कहिँकतै उजुर परेको नदेखिएबाट समेत प्रस्तुत मुद्दामा यी वादीको फिराद दावी मुनासिव देखिन आएन। आफूले किन्न लागेको जग्गा सबुद वेसबुद के छ सो एकिन गरी जग्गा खरिद गर्नुपर्नेमा सो नगरी यी वादी राजुदिन मियाँले वादी दावीको कि.नं. ३

को ३-१५-३-१ को जग्गा यमकुमारीबाट राजीनामा गरी खरिद गरी लिएको र उक्त जग्गा बेसबुद देखिँदा वादीले जग्गा खरिद गर्दा तिरेको थैली रकम समेतको सम्बन्धमा आफ्नो दातासँग यी वादीले कानून बमोजिम दावी गर्न सक्ने नै हुँदा सो सम्बन्धमा थप बोलीरहनु पर्ने देखिएन। फिराद मागदावी बमोजिम कि.नं. ३ को उत्तरतर्फबाट ३-१५-३-१ जग्गा कित्ताकाट गरी श्रेस्ता कायम गरी पाउँ भन्ने समेतको फिराद दावी पुग्न नसक्ने ठहर्छ भन्ने समेत बेहोराको सुरू तनहूँ जिल्ला अदालतको मिति २०७६।८।१६ को फैसला।

७. <u>पुनरावेदन पत्रः</u>

कि.नं. ३ क्षेत्रफल १५-१५-२-० मध्ये ४ भागको ३ भाग नेपाल सरकारको २०४६ सालको अधिग्रहणले नेपाल सरकारको नाममा कायम भएको र बाँकी तिल बहादुर कुमालको १ भाग क्षेत्रफल ३-१५-३-१ जग्गा अधिग्रहणमा नपरी मोठ श्रेस्ता समेत कायम रही विभिन्न व्यक्तिसँग हकहस्तान्तरण हुँदै आई हाल म पुनरावेदक/वादी राजुदिन मियाको नाममा कायम रहेकोले सो जग्गा अधिग्रहणमा नपरेको प्रष्ट छ। मालपोत कार्यालय तनहूँले २०७४।८।२७ मा निर्णय गर्दा पनि मेरो वादी दावीको जग्गा मेरो हक भोग नै नरहेको भन्न सकेको अवस्था छैन। केवल संगोलमा रहेका कारण ३ भाग अधिग्रहणमा परेका कारण उक्त कि.नं. र क्षेत्रफलको जग्गा नेपाल सरकारका नाममा कायम हुन गएको देखिएको कारणले मात्र मेरो फिराद मागदावी बमोजिम कि.नं. ३ को क्षेत्रफल ३-१५-३-१ जग्गा दर्ताफारी नहुने ठहऱ्याई भएको तनहूँ जिल्ला अदालतको मिति २०७६।८।१६ को त्रुटिपूर्ण फैसला बदर गरी मेरो वादी दावी बमोजिम तर्फ कायम हुनेगरी न्याय निरोपण गरी पाउँन सादर अनुरोध छ भन्ने समेत व्यहोराको वादी राजुदिन मियाँको मिति २०७६।९।२७ को पुनरावेदन पत्र।

८. <u>यस अदालतको आदेशः</u>

अधिग्रहण गरिएको अभिलेख फेला नपरेको भन्ने जिल्ला प्रशासन कार्यालय, तनहूँको च.नं. २९५८ मिति २०७७।९।२४ को पत्र रहेको तथा राजुदिन मियाँका नाममा कि.नं. ३ को जग्गाको जग्गाधनी दर्ता प्रमाणपुर्जा दोहोरो रहेको समेतका प्रमाणको विवेचना नगरी भएको सुरू जिल्ला अदालतको फैसला फरक पर्न सक्ने देखिंदा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २१३(३) बमोजिम प्रत्यर्थीका नाममा सूचना म्याद जारी गरी झिकाई आएपछि वा अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नुहोला भन्ने यस अदालतको मिति २०७७।१०।२१ को आदेश।

## <u>ठहर-खण्ड</u>

९. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचिमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्दाको मिसिल संलग्न प्रमाणहरू अध्ययन गरी पुनरावेदक वादी राजुदिन मियाँको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री यामबहादुर खत्रीले कि.नं. ३ को क्षेत्रफल १५-१५-२-० जग्गा मध्ये ४ भागको ३ भाग नेपाल सरकारको नाममा कायम भएको र बाँकी तिलबहादुर कुमालको १ भाग क्षेत्रफल ३-१५-३-१ जग्गा अधिग्रहणमा नपरी मोठ श्रेस्ता समेत कायम रही विभिन्न व्यक्तिसंग तहतह राजिनामा हुँदै आई हाल मेरो पक्ष पुनरावेदक वादी राजुदिन मियाँको नाममा कायम रहेकोले सो जग्गा अधिग्रहणमा नपरेको प्रष्ट छ। केवल सगोलमा रहेका कारण उक्त जग्गा

नेपाल सरकारका नाममा कायम हुन गएको देखिएको कारणले मात्र फिराद माँग बमोजिमको कि.नं. ३ को ३-१५-३-१ जग्गा दर्ताफारी नहुने ठहर्याई भएको सुरू तनहूँ जिल्ला अदालतको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी कि.नं. ३ को क्षेत्रफल १५-१५-२-० मध्य उत्तरतर्फबाट मेरो पक्ष पुनरावेदक वादीको ३-१५-३-१ जग्गा कित्ताकाट गरी श्रेस्ता कायम गरी पाउँ भनी गर्नु भएको एवं प्रत्यर्थी मालपोत कार्यालय तनहूँ समेतको तर्फबाट उपस्थित उच्च सरकारी वकिल कार्यालय पोखराका विद्वान उपन्यायाधिवक्ता श्री धर्मराज पौडेलले कि.नं. ३ को १५-१५-२-० क्षेत्रफल भएको पुरै जग्गा नेपाल सरकारको नाममा जग्गाधनी जनिई श्रेस्ता कायम भएको सरकारी जग्गा हुँदा सो जग्गामा विपक्षीको हकदैया नै पुग्दैन। तसर्थ कि.नं. ३ को १५-१५-२-० जग्गाको उत्तरतर्फबाट ३-१५-३-१ जग्गा कित्ताकाट गरी श्रेस्ता कायम गरी पाउँ भन्ने फिराद दावी पुग्न सक्दैन भनी वादी दावी पुग्न नसक्ने ठहर गरी भएको सुरू तनहूँ जिल्ला अदालतको फैसला मिलेकै देखिंदा सुरू फैसला सदर गरी पाऊँ भनी गर्नु भएको बहस समेत सुनियो।

१०. तनहूँ जिल्ला ढोरफिर्दी गाउँपञ्चायत ३ अन्तर्गत नक्सा नं. ३/ज कि.नं. ३ को क्षेत्रफल १५-१५-२-० जग्गाको दर्तावाला गोरे कुमाल, भिमबहादुर कुमाल र तिलकबहादुर कुमाल समेत ३ जनाको नाउँमा रहेको सो जग्गा मध्य आधा गोरे कुमालको हकहिस्सा र आधामा भिमबहादुर कुमालको १ भाग र तिलबहादुर कुमालको १ भाग हकहिस्सा जनाई फिल्डबुक तयार भएको उक्त जग्गा मध्य गोरे कुमालको आधा र भिमबहादुर कुमालको हकहिस्सा जनिएको ४ भागको १ भाग मध्यको जग्गा समेत तत्कालिन श्री ५ को सरकारले जिल्ला कार्यालय तनहूँ तिव्वती शरणार्थी क्याम्पको नाउँमा अधिग्रहण गरी लिएको र बाँकी तिलबहादुरको हक हिस्साको क्षेत्रफल ३-१५-३-१ को जग्गा मिति २०५२।३।२० मा र.नं. ४३९७ बाट तिलबहादुर कुमालले दिने र तारासिं पुन मगरले लिनेगरी राजिनामा पारित भएको रहेछ। त्यसपछि सो जग्गा तारासिं पुन मगरले मिति २०५४।४।२० मा र.नं. ९६ बाट करिमबक्स मियाँलाई, करिम बक्स मियाँले मिति २०६९।६।५ मा र.नं. १९८३ बाट चेतमाया गुरूङलाई, चेतमाया गुरूङले मिति २०६९।६।१६ मा र.नं. २३९३ बाट लक्ष्मण भण्डारीलाई, लक्ष्मण भण्डारीले मिति २०७२।३।१४ मा र.नं. ८२८४ बाट यमकुमारी नेपालीलाई र निज यम कुमारी नेपालीले मिति २०७३।८।२९ मा र.नं. ४४२५ बाट म राजुदिन मियाँलाई राजीनामा पारीत गरिदिएको उक्त जग्गाको छुट्टै कित्ता कायम नभएकोले राजीनामा बमोजिमको जग्गाको कि.नं. र क्षेत्रफल मिलान गरी पाउँ भनी मालपोत कार्यालय तनहूँमा निवेदन दिएकोमा सो कार्यालयबाट तर्फ नखुलेको हुँदा स्रेस्ता सुधार गर्न सकिएन, तर्फ छुट्टयाई ल्याएका बखत कारवाही गर्ने गरी मिसिल तामेलीमा राखिदिने भनी मिति २०७४।८।२७ मा निर्णय पर्चा गरेको हुँदा मेरो जग्गा र सो जग्गामा रहेको भोग समेतलाई हेरी साविक कि.नं. ३ को क्षे.फ. १५-१५-३-० मध्ये मेरो राजीनामाबाट हक हुन आएको क्षेत्रफल ३-१५-३-१ जग्गा सो कि.नं. ३ को १५-१५-३-० मध्ये उत्तरतर्फबाट ३-१५-३-१ जग्गा कित्ताकाट गरी सोही बमोजिम तर्फ कायम गरी मेरो नाउँमा दर्ता श्रेस्ता कायम गरी पा उँ भन्ने मूख्य दावी लिई राजुदिन मियाँबाट मिति २०७४।९।१८ मा

फिराद दायर भएकोमा शुरू तनहूँ जिल्ला अदालतबाट वादीको फिराद दावी पुग्न नसक्ने ठहराई फैसला भएको सो फैसला उपर चित्त नबुझाई वादी दावी पुग्न नसक्ने गरी भएको शुरू फैसला बदर गरी फिराद दावी बमोजिम साविक कि.नं. ३ को १५-१५-३-० मध्ये उत्तरतर्फबाट क्षेत्रफल ३-१५-३-१ जग्गा कित्ताकाट गरी सोही बमोजिम तर्फ कायम गरी मेरो नाउँमा दर्ता श्रेस्ता कायम गरी पाउँ भन्ने जिकिर लिई पुनरावेदक वादी निज राजुदिन मियाँको तर्फबाट प्रस्तुत पुनरावेदन पर्न आएको देखियो।

११. उपरोक्त तथ्य एवं पुनरावेदन जिकिर रहेको प्रस्तुत मुद्दामा वादी दावी पुग्न नसक्ने गरी भएको शुरू तनहूँ जिल्ला अदालतको मिति २०७६।८।१६ को फैसला मिलेको छ वा छैन ? पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होईन ? यसै सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

१२. मिसिल संलग्न तथ्य अवलोकन गरी निर्णय तर्फ विचार गर्दा, यी पुनरावेदक वादी राजुदिन मियाँले यम कुमारी नेपालीबाट कि.नं. ३ को क्षेत्रफल ३-१५-३-१ भएको जग्गा मिति २०७३।८।२९ मा र.नं. ४४२५ बाट राजीनामा पारीत गरिलिएकोमा उक्त जग्गाको छुट्टै कित्ता कायम नभएकोले राजीनामा बमोजिमको जग्गाको कि.नं. र क्षेत्रफल मिलान गरी पाउँ भनी मालपोत कार्यालय तनहूँमा निवेदन दिएकोमा सो कार्यालयबाट तर्फ नखुलेको हुँदा तर्फ छुट्ट्याई ल्याएका बखत कारवाही गर्ने गरी मिसिल तामेलीमा राखिदिने भनी मिति २०७४।८।२७ मा निर्णय पर्चा गरेको हुँदा मेरो जग्गा र सो जग्गामा रहेको भोग समेतलाई हेरी मेरो राजीनामाबाट हक हुन आएको क्षेत्रफल ३-१५-३-१ जग्गामा कि.नं. ३ को क्षेत्रफल १५-१५-३-० मध्ये उत्तरतर्फबाट कित्ताकाट गरी सोही बमोजिम तर्फ कायम गरी मेरो नाउँमा दर्ता श्रेस्ता कायम गरी पाउँ भन्ने मूख्य मागदावी लिई राजुदिन मियाँले शुरू तनहूँ जिल्ला अदालत समक्ष मिति २०७४।९।१८ मा फिराद पत्र दायर गरेको देखिन्छ।

१३. प्रत्यर्थी मध्यका मालपोत कार्यालय तनहूँको तर्फबाट पेश भएको प्रतिउत्तर पत्रको व्यहोरा हेर्दा तत्कालीन समयमा नेपाल सरकार जिल्ला कार्यालय तनहूँले तिव्वती शरणार्थी क्याम्पको नाउँमा अधिग्रहण गरी क्षेत्रफल १५-१५-२-० को श्रेस्ता पूर्जा कायम भैसकेको देखिंदा जग्गाधनी श्रेस्तामा कैफियत जनाउन भुल भएकै कारणबाट जग्गा धनीले दुषित मनसायले सुक्रिबिक्री गर्दै आएपनि सो जग्गा व्यक्ति विशेषको नाममा दर्ता श्रेस्ता पूर्जा कायम गर्न सक्ने अवस्था नै रहन आउदैन। उक्त जग्गा एउटै कम्पाउण्ड भित्र रहेको एउटै नक्शामा रहेको कि.नं. समेत एउटै कि.नं. ३ नै रहेको पूरै कित्ता र पूरै क्षेत्रफल नेपाल सरकारको नाममा दर्ता भैसकेको जग्गा कैफियत जनाउन भूल भएकै कारण यस कार्यालयबाट लिखत पारीत हुदै आएपनि नेपाल सरकारको विरूद्ध यस कार्यालयले दर्ताफारी गरी निजको जग्गा छुटयाई छुट्टै श्रेस्ता पूर्जा कायम गर्न सक्ने अवस्था नै देखिदैन। उक्त जग्गा फिल्डबुक अनुसार  ३ ज को क्षेत्रफल एउटै कम्पाउण्ड भित्र एउटै नक्सामा रहेको कि.नं. समेत एउटै रहेको, पूरै कित्ता र पूरै क्षेत्रफल १५-१५-२-० पूरै नेपाल सरकार तिव्वती शरणार्थी क्याम्पको नाममा दर्ता श्रेस्ता पूर्जा कायम भैसकेको अवस्था देखिंदा र नक्सामा समेत पूरै जग्गा शरणार्थी क्याम्प भित्र परेको नक्सा श्रेस्ताबाटै देखिंदा

उक्त जग्गा नेपाल सरकारको होईन भन्ने आधार देखिएन। विपक्षीले भोग बुझ्नपर्ने भनी जिकिर लिएपनि सो बुझिरहनु पर्ने आवश्यकता देखिएन। तसर्थ नेपाल सरकार तिव्वती शरणार्थी क्याम्पको नाममा नक्सा र श्रेस्ता अनुसार ढोरफिर्दी वडा नं. ३ज को कि.नं. ३ को क्षेत्रफल १५-१५-२-० पूरै जग्गा श्रेस्ता पूर्जा कायम भैसकेको अवस्थामा देखिंदा यस कार्यालयबाट उक्त कित्ता काट गरी दर्ता फारी गरिदिन सक्ने अवस्था नभएको

हुँदा मिसिल तामेलीमा राखिएको हो। विपक्षीको फिराद दावी खारेज गरिपाउँ भन्ने समेत व्यहोरा उल्लेख गरी तत्कालीन मालपोत प्रमुख दिव्यराज घिमिरेबाट मिति २०७४।११।११ मा प्रतिउत्तर पत्र प्रस्तुत भएको पाईन्छ।

१४. जिल्ला प्रशासन कार्यालय तनहूँको तर्फबाट पेश भएको प्रतिउत्तर पत्र हेर्दा साविक ढोरफिर्दी गाविस वडा नं ३ ज किनं ३ को जम्मा क्षेत्रफल १५-१५-२-० भएको जग्गाधनीको हकहिस्सा पूरा भएको प्रति जग्गा तत्कालीन समयमा श्री ५ को सरकार श्री जिल्ला कार्यालय तिव्वती शरणार्थी क्याम्प को नाममा अधिग्रहण गरी श्रेस्ता पूर्जा कायम भई तिव्वती शरणार्थी क्याम्पले भोग चलन गर्दै आईरहेको विद्यमान अवस्थामा सो जग्गा व्यक्ति विशेषको नाममा दर्ता गरी श्रेस्ता पूर्जा कायम गर्न सक्ने अवस्था रहदैन। तत्कालीन श्री ५ को सरकारको नाममा दर्ता भईसकेको उल्लेखित जग्गा के कसरी लिखत पारीत हुँदै आयो। यस कार्यालयलाई कुनै जानकारी छैन। उल्लेखित जग्गा एउटै कम्पाउण्डभित्र रहेको, एउटै नक्सामा रहेको, कि.नं. समेत एउटै कि.नं. ३ नै रहेको र जग्गाधनीको हकहिस्सा पुरा क्षेत्रफल भनी तत्कालीन श्री ५ को सरकारको नाममा दर्ता भईसकेको जग्गा भएकोले सो जग्गामा विपक्षीको हकदैया पुग्दैन। प्रस्तुत फिराद दावी खारेज गरी पाउँ भन्ने समेत व्यहोरा उल्लेख गरी निमित्त प्रमुख जिल्ला अधिकारी तुल्सीराम पौडेलबाट मिति २०७४।११।१६ मा प्रतिउत्तर पत्र प्रस्तुत भएको पाईन्छ।

१५. त्यसैगरी नेपाल सरकार, प्रधान मन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको तर्फबाट तत्कालीन सचिव राजीव गौतमले मालपोत ऐन, २०३४ ले जग्गा प्रशासन गर्ने सम्बन्धमा निश्चित प्रकृयाका साथै सम्बन्धित निकायको अधिकार कर्तव्य र दायित्व समेत तत्सम्बन्धी निकाय एवं पदाधिकारीलाई तोकेको छ। उक्त कानूनी व्यवस्था बमोजिम सम्बन्धित निकायबाट सम्पादन हुने काम कारवाहीको विषयमा यस कार्यालयलाई विपक्षी कायम गरी फिराद दायर गर्नु पर्ने होईन। फिराद दावीमा नै मालपोत कार्यालय तनहूँमा फिरादीले निवेदन दिएकोमा तर्फ छुट्याई नआएको तथा एउटै कित्ता नम्बर जनिएको भन्ने कारणले निवेदन तामेलीमा राखेको भन्ने देखिएको हुँदा कानूनले तोकेको निश्चित विधि र प्रकृया बमोजिम हुनु पर्नेमा सो नभई भएको काम कारवाहीलाई निवेदकले अन्यथा भन्न मिल्ने पनि हुँदैन। फिराद दावीको अन्य विषयका हकमा सम्बन्धित निकायको प्रतिउत्तरबाट प्रष्ट हुने नै हुँदा यस कार्यालयको प्रतिउत्तर पत्रमा थप उल्लेख गरिरहनु परेन भन्ने व्यहोरा उल्लेख गरी मिति २०७४।१०।२३ मा प्रतिउत्तर पत्र प्रस्तुत भएको पाईन्छ।

१६. कि.नं. ३ को क्षेत्रफल १५-१५-३-० गोरे कुमाल, तिल बहादुर कुमाल, भिमबहादुर कुमालको नाममा हकहिस्सा जनाई श्रेस्ता कायम भएको उक्त श्रेस्ता मध्ये भिमबहादुर कुमाल र गोरे कुमालको श्रेस्ता श्री ५ को सरकार जिल्ला कार्यालय तनहूँ तिब्बती शरणार्थी क्याम्पको नाममा अधिग्रहण

जनिएको, तिल बहादुर कुमालको नाममा अधिग्रहण नजनिएको कारणले उक्त जग्गा राजिनामा हुँदै तिलबहादुर कुमालबाट तारा सिंह मगर, करिम बक्स, चेतमाया गुरूङ, लक्ष्मण भण्डारी, यमकुमारी नेपाली हुँदै हाल उक्त जग्गा ढोरफिर्दी वडा नं. ३ ज.को कि.नं. ३ को क्षेत्रफल ३-१५-३-१ राजुदिन मियाँको नाममा श्रेस्ता पुर्जा कायम रहिरहेको अवस्था छ। यसरी नक्सा श्रेस्ता र फिल्डबुकबाट हक हिस्सा जनिए पनि कस कसको कता तर्फ हो भन्ने उल्लेख नभई, नापी कार्यालयमा नक्सा यथास्थितिमा रही रहेको श्रेस्ता पुर्जामा मात्र क्षेत्रफल छुट्ट्याई तिल बहादुर कुमालकै नाममा श्रेस्ता पुर्जा कायम हुँदा उक्त जग्गाको तर्फ कुन हो भन्ने समेत एकिन हुने देखिएन। मिति २०४६।१।१४ को निर्णयले उक्त कि.नं. ३ को ३ भाग अधिग्रहणमा परेको अवस्थामा उक्त भाग परेको हो होइन भन्ने सन्दर्भमा एकिन गर्न उक्त मिसिल खोजतलास गर्दा समेत फेला नपरेको हुँदा सो समेत एकिन हुने अवस्था देखिएन। नेपाल सरकारको नाममा क्षेत्रफल १५-१५-२-० जग्गा गईसकेको कित्तामा नै दोहोरो परेको हुँदा र सोही कित्ता मध्येबाटै राजुदिन मियाँको नाममा दर्ता रहेको जग्गा क्षेत्रफल मात्र कायम गरी तर्फ नखुलाई श्रेस्ता पुर्जा कायम भएको उक्त जग्गा यसै कार्यालयबाट विभिन्न मितिमा रजिष्ट्रेशन पारित भै आएको हुँदा उक्त कि.नं. को उक्त क्षेत्रफल समेतलाई तर्फ नखुलेको कारण र साविक कित्ता नै नेपाल सरकारका श्रेस्ता पुर्जा कायम भईसकेको कारणबाट श्रेस्ता सुधार गरी मिलान गर्न सक्ने अवस्था समेत रहेन। अत: निवेदकले रजिष्ट्रेशन पारित कै आधारमा नेपाल सरकारको अधिग्रहणमा ३ भाग परी सकेको देखिंदा र नक्सा यथावत रहिरहेको हुँदा यस कार्यालयबाट मात्र निर्णय दिने अवस्था नरहेको हुँदा उक्त कित्तालाई तर्फ छुट्याई ल्याएको बखत मात्र कारवाही हुने गरी हाल मिसिल तामेलीमा राखिदिने ठहर्छ भनी मालपोत कार्यालय तनहुँका तत्कालिन प्रमुख जितेन्द्रजंग के.सी.बाट २०७४।८।२७ मा निर्णय पर्चा भएको देखिन्छ।

१७. अव, उपरोक्त तथ्यहरूको विश्लेषण गरी शुरू तनहूँ जिल्ला अदालतबाट वादी दावी पुग्न नसक्ने गरी भएको शुरू फैसला बदर गरी फिराद दावी बमोजिम साविक कि.नं. ३ को क्षेत्रफल १५-१५-३-० मध्ये उत्तरतर्फबाट क्षेत्रफल ३-१५-३-१ जग्गा कित्ताकाट गरी सोही बमोजिम तर्फ कायम गरी मेरो नाउँमा दर्ता श्रेस्ता कायम गरी पाउँ भन्ने पुनरावेदक राजुदिन मियाँको पुनरावेदन जिकिर सम्बन्धमा हेर्दा यी पुनरावेदक वादीको फिराद पत्र एवं पुनरावेदन जिकिरमा उल्लिखित तनहूँ जिल्ला साविक ढोरफिर्दी गाउँ पञ्चायत वडा नम्बर ३ ज कि.नं. ३ को क्षेत्रफल १५-१५-२-० को पुरै जग्गा सहित जम्मा क्षेत्रफल १२४१-५-०-१ क्षेत्रफल जग्गा मिति २०४६।१।१४ को निर्णय बमोजिम तिव्वती शरणार्थी क्याम्पको लागि तत्कालीन गण्डकी अञ्चलाधिश कार्यालयबाट जिल्ला कार्यालय तनहूँ मार्फत अधिग्रहण भई जग्गाधनी महलमा श्री ५ को सरकार जनिई मालपोत कार्यालय तनहूँबाट मिति २०४६।१।१५ मा जग्गा धनी दर्ता प्रमाण श्रेस्ता तयार भई श्रेस्ता कायम भएको तथ्य उल्लिखित कि.नं. ३ को क्षेत्रफल क्षेत्रफल १५-१५-२-० जग्गाको जग्गाधनी दर्ता प्रमाण श्रेस्ता पुर्जाबाट प्रष्ट देखिन आउँछ। प्रमाणको रूपमा मिसिल संलग्न रहेको मिति २०४६।१।१५ मा तयार भएको उक्त जग्गाधनी दर्ता प्रमाण श्रेस्ताबाट यी पुनरावेदक वादीले दावी गरेको कि.नं. ३ को क्षेत्रफल १५-१५-२-० को पुरै

जग्गा २०४६ सालमै नेपाल सरकारको नाउँमा गईसकेको भन्ने तथ्य स्थापीत हुन आएको देखिन्छ। वादी दावीको उक्त कि.नं. ३ को क्षेत्रफल १५-१५-२-० जग्गामा २८ वर्ष पछि मात्र यी पुनरावेदक वादीको तर्फबाट दावी जिकिर लिईएको देखिन्छ, जबकि वादी दावीको उक्त जग्गा वादीले दावी गर्नु भन्दा २८ वर्ष अघि नै अर्थात मिति २०४६।१।१५ मा तिव्वती शरणार्थी क्याम्पको लागि अधिग्रहण भई नेपाल सरकारको नाउँमा श्रेस्ता कायम भईसकेको तथ्य श्री ५ को सरकारको नाउँमा जग्गा धनी जनिई तयार भएको उक्त जग्गाधनी श्रेस्ताबाट प्रष्ट देखिन आउँछ। वादी दावीको कि.नं. ३ को पूरै जग्गा २०४६ सालमै नेपाल सरकारको नाउँमा कायम भई गईसकेको अवस्था हुँदा सो जग्गाधनी दर्ता प्रमाण श्रेस्ता उपर कुनै कसैको दावी विरोध असहमती भएको भए सोही समय ऐन मौकामा यी पुनरावेदक वादीका दाता यमकुमारी नेपाली तथा परदाता तिलबहादुर कुमाल समेतबाट दावी उजुर गरेको हुनुपर्ने थियो सो सम्बन्धमा कुनै कसैको पनि हक दावी रहेको भनी उजुरी परी चुनौति दिन सकेको समेत नपाईएबाट २०४६ को अधिग्रहणबाट तत्कालीन श्री ५ को सरकारको नाउँमा उक्त कि.नं. ३ को पूरै क्षेत्रफल १५-१५-२-० जग्गामा कायम भएको जग्गाधनी दर्ता प्रमाण श्रेस्ता अद्यावधि सदर कायम रहि नेपाल सरकारको हक स्वामित्व खम्बीर रहिरहेको अवस्था देखिन्छ। यस सम्बन्धमा कुनै शंका वा दुविधा रहे भएको अवस्था देखिदैन।

१८. त्यसैगरी उक्त विवादको भनिएको कि.नं. ३ को १५-१५-२-० जग्गा कित्ताकाट नभई एकै चक्लामा रहेको भन्ने नक्शा प्रिन्ट र नक्शा मुचुल्का तथा श्रेस्ता समेतबाट प्रष्ट खुलेको देखिन आउँछ। उक्त कि.नं. ३ को १५-१५-२-० जग्गा मध्ये गोरे कुमाल र भीमबहादुर कुमालको हकहिस्सा अधिग्रहणमा परिसकेकोमा पनि कुनै विवाद हुन आएको देखिदैन। यी वादी राजुदिन मियाले खरिद गरी लिएको ३-१५-३-१ जग्गाका साविक हकवाला तिलबहादुर कुमालको जग्गा कि.नं. ३ को १५-१५-२-० मध्ये कुन तर्फको हो भन्ने पनि कँहि कतैबाट खुलेको देखिन आउँदैन। वादीका दाता र परदाता तिलबहादुर कुमालले उक्त कि.नं. ३ को जग्गा कुन तर्फबाट बिक्री गरेको हो ? सो समेत मिसिल संलग्न राजीनामा लिखतबाट खुल्न सकेको देखिंदैन। सो कि.नं. ३ को जग्गा गोरे कुमाल, भीमबहादुर कुमाल र तिलबहादुर कुमालको नाममा संयुक्त दर्ता रहेकोमा आफ्नो हक हिस्सा कित्ताकाट गरी तर्फ कायम गरी निज तिलबहादुरले लिन सकेको समेत देखिदैन। उक्त कि.नं. ३ को जग्गा नेपाल सरकार र यी वादीको नाममा दर्ता श्रेस्ता कायम भएकोमा कित्ताकाट गरी दर्ता फारी गरी पाउँ भनी यी वादी तथा वादीका दाता परदाताले कँही कतै उजुर गरेको भन्ने समेत देखिन नआएको र उक्त कि.नं. ३ को १५-१५-२-० पुरै जग्गा नेपाल सरकारको नाममा जग्गाधनी श्रेस्ता कायम गर्ने गरी भएको नेपाल सरकारको मिति २०४६।१।१४ को निर्णय तथा मिति २०४६।१।१५ मा श्रेस्ता तयार भई तत्कालीन श्री ५को सरकार (तिव्वति शरणार्थी क्याम्प) को नाउँमा गैसकेको सम्बन्धमा सो उपर वादीका दाता परदातासमेतले कुनै चुनौती दिएको र उक्त निर्णय बदर गराउन सकेको नदेखिएको स्थितिमा यी पुनरावेदक वादीको दावी जिकिर औचित्यपूर्ण रहेको देखिन आएन।

१९. वादी दावीको जग्गाका साविक दर्तावाला जग्गाधनी तिलबहादुर कुमालले कि.नं. ३ को ३-१५-३-१ जग्गा मिति २०५२।३।२० मा तारासिं पून मगरलाई राजीनामा दिनु पूर्व नै कि.नं. ३ को १५-१५-२-० पूरै जग्गा मिति २०४६।१।१४ को निर्णयले नेपाल सरकार (तत्कालीन श्री ५ को

सरकार) को नाममा मिति २०४६।१।१५ मा गईसकेको र पछि कि.नं. ३ दोहोरो पर्नेगरी उल्लेख गरी रजिष्ट्रेशन पारीत भएको देखिएको कि.नं. ३ को क्षेत्रफल ३-१५-३-१ उल्लेख भई तहतह बिक्री हुँदै हाल यी वादी राजुदिन मियाँले राजीनामा गरी लिएको देखिन आएको भएतापनि उक्त जग्गाको हक स्वामित्वको वैधानिकता माथि तिलबहादुर दिने र तारासिं लिने गरी भएको मिति २०५२।३।२० को सुरू राजीनामाकै बखत प्रश्न चिन्ह खडा भएको अवस्था देखिन्छ। यस्तो प्रश्नचिन्ह खडा भएको जग्गाको हक स्वामित्वमा शुरू देखि नै विवादित जग्गा कुनै कारणले तहगत रूपमा हस्तान्तरण भई खरिद गरी लिएको लिखतले वैधानिकता पाउन सक्ने अवस्था देखिन नआउने भएकोले प्रस्तुत मुद्दामा पनि यी वादी राजुदिन मियाँको दावी जिकिर औचित्यपूर्ण रहेको भन्न मिल्ने देखिएन।

२०. जग्गा जमिनको आवश्यक जाँचबुझ गरी कानूनद्वारा निर्दिष्ट प्रकृया पुरा गरी सरकारी वा सार्वजनिक जग्गाको अभिलेख अद्यावधिक गरी दर्ता श्रेस्ता तयार गर्ने समेतको जग्गा व्यवस्थापनको र जग्गावालाको नाम थर समेत सच्चाई दर्ता श्रेस्ता कायम गर्ने समेतको सम्पूर्ण जिम्मेवारी र दायित्व मालपोत ऐन २०३४ ले मालपोत कार्यालयलाई नै दिईएको पाइन्छ। सो अनुसारको कानूनी प्रक्रिया पुरा गरी मालपोत कार्यालय तनहूँले कि.नं.३ को क्षेत्रफल १५-१५-२-० पूरै जग्गाको श्रेस्ताको जग्गाधनीमा श्री ५ को सरकार (नेपाल सरकार) भनी उल्लेख गरिसकेको देखिएको हुँदा र २०४६ सालको जग्गा अधिग्रहण सम्बन्धी सो निर्णय उपर यी वादी वा निजका दाता वा परदाता हकवाला तिलबहादुर कुमालको कँहिकतै उजुर वाजुर केहि परेको नदेखिएबाट समेत प्रस्तुत मुद्दामा यी पुनरावेदक वादीको फिराद दावी जिकिर पुग्न सक्ने अवस्था देखिन आएन। यस तथ्यगत अवस्था र स्थितिमा यी वादी राजुदिन मियाँले वादी दावीको कि.नं. ३ को क्षेत्रफल ३-१५-३-१ को जग्गा यमकुमारी नेपालीबाट राजीनामा गरी खरिद गरी लिंदा जग्गा सवुद वेसवुद के छ सो एकिन गरी जग्गा खरिद गर्नुपर्नेमा सो नगरी उक्त जग्गा वेसवुद देखिँदा वादीले जग्गा खरिद गर्दा तिरेको थैली रकम समेतको सम्बन्धमा आफ्नो दातासँग यी वादीले कानून बमोजिम दावी गर्न सक्ने नै हुँदा सो सम्बन्धमा थप बोलीरहनु पर्ने अवस्था देखिएन भनी वादी दावी पुग्न नसक्ने ठहराई भएको शुरू तनहूँ जिल्ला अदालतको फैसला मनासिवै रहेकोले परिवर्तन गर्नुपर्ने देखिन आएन। यसर्थ फिराद दावीबमोजिम कि.नं. ३ को उत्तरतर्फबाट क्षेत्रफल ३-१५-३-१ जग्गा कित्ताकाट गरी श्रेस्ता कायम गरी पाउँ भन्ने पुनरावेदक वादी राजुदिन मियाँको पुनरावेदन जिकिर र सो को समर्थनमा बहस गर्नु हुने विद्वान अधिवक्ताको बहस जिकिर तथा यस अदालतबाट प्रत्यर्थी झिकाउँदा आधार लिईएको यस अदालतको मिति २०७७।१०।२१ को आदेशसँग समेत सहमत हुन सकिएन।

२१. अत: माथि विवेचित आधार, कारण र प्रमाणहरूबाट सुरू तनहूँ जिल्ला अदालतबाट मिति २०७६।८।१६ मा भएको फैसला मिलेको देखिंदा सदर हुने ठहर्छ। पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरू तपसिल बमोजिम गर्नुहोला।

<u>तपसिल-खण्ड</u>

- प्रस्तुत फैसलाको नक्कल माग्न आउने सरोकारवालालाई नियमानुसार गरी नक्कल दिनुहोला.............१
- प्रस्तुत फैसलाको प्रमाणीकरण भएको विवरण सूचना पाटीमा र अदालतको वेबसाईटमा प्रकाशन गर्नुहोला......................................................................................................२
- प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी सुरू मिसिल सुरू एवं प्रमाण जिल्ला अदालतमा पठाई रेकर्ड मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाईदिनुहोला.......................................३

**(रमेशप्रसाद राजभण्डारी)**
**न्यायाधीश**

उक्त रायमा म सहमत छु।

**(श्रीधरा कुमारी पुडासैनी)**
**न्यायाधीश**

इजालास अधिकृतः रामप्रसाद न्यौपाने
कम्प्यूटर अपरेटरः सुष्मा शर्मा
**इति सम्वत् २०७८ साल भाद्र महिना १५ गते रोज ३ शुभम्...............................।**
प्रमाणिकरण मिति २०७८।६।१५।३

श्री

उच्च अदालत पोखरा

संयुक्त इजलास

माननीय न्यायाधीश श्री उज्ज्वल शुक्ल

माननीय न्यायाधीश श्री श्रीधरा कुमारी पुडासैनी

फैसला

मुद्दा नं. 076-DP-0047

इजलास नं.-३, निर्णय नं. २७२

मुद्दाः- जग्गा फुकुवा गरी पाऊँ।

| | |
|---|---|
| अनिलको छोरा जिल्ला नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), सरावल गाउँपालिका वडा नं.१ बस्ने लिलाराम गुरौको मुद्दा सकार गर्ने ऐ.ऐ. बस्ने **रामप्रसाद थारू चौधरी**........................................................................................१ | पुनरावेदक वादी |

विरूद्ध

| | |
|---|---|
| जिल्ला नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) देवचुली नगरपालिका वडा नं.१६ स्थित श्री **किसान बहुउद्देश्यीय बचत तथा ऋण सहकारी संस्था लि., रजहर नगरपालिका**........................................................................१<br>ऐ.ऐ. स्थित ऐ. संस्थाका व्यवस्थापक ऐ.ऐ. बस्ने **चन्द्र बहादुर सुनारी**........................................................................................१<br>ऐ.ऐ. स्थित ऐ. संस्थाका अध्यक्ष ऐ.ऐ. बस्ने **गोपाल प्रसाद गौतम**........................................................................................१<br>ऐ.ऐ. स्थित ऐ. जनमुखी केन्द्र संस्थाका संयोजक ऐ.ऐ. बस्ने **भेषराज** पौडेल........................................................................................१ | प्रत्यर्थी प्रतिवादी |

सुरू फैसला गर्ने अदालतः-श्री नवलपुर जिल्ला अदालत
सुरू फैसला गर्ने न्यायाधीशः- मा.जि.न्या. श्री अम्बिका प्रसाद निरौला
सुरू मुद्दा नं.- ०७४-CP-०२३३
सुरू फैसला मितिः- २०७६।०२।२१
पुनरावेदन दर्ता मितिः २०७६।०५।११

न्याय प्रशासन ऐन, २०७३ को दफा ८(३) बमोजिम यसै अदालतको अधिकार क्षेत्र भित्रको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छः-

तथ्य-खण्ड

१. <u>फिराद मागदावीः-</u>

नवलपरासी गा.वि.स. वडा नं. २/ख कि.नं. ६० को ज.वि. मेरो पैतृक जग्गा सम्पत्ति हो। मिति २०७१।१०/१० मा उक्त विपक्षी संस्थाको अध्यक्ष कहाँ गई मेरो उक्त जग्गा धितो राखी मलाईऋण कर्जा चाहिएको छ। ऋण दिनुहोस् भनी आग्रह गर्दा त्यस संस्थाका तत्कालीन व्यवस्थापक ज्यूले तपाईले आफ्नो नामको जग्गाधनी पुर्जाको फोटोकपि छाड्नुहोस्। ऋण निकाल्न मिति २०७१/१०/२० गते यस संस्थामा आउनुहोस् भनी मौखिक जानकारी दिएपनि म ऋण लिन जान सकिन। यस्तैमा मिति २०७४/०१/०८ गते हामी अंशियारहरू बीचमा अंशवण्डा गर्नु पर्यो भनी मालपोत कार्यालय, परासीमा जाँदा त्यहाँको कर्मचारीले तपाईको जग्गा उक्त विपक्षी संस्थाको च.नं. ३२ मिति २०७१/१०/१८ को पत्रले रोक्का छ, फुकुवा गर्न मिल्दैन भनी जवाफ दिएको छ। मैले ऋण नै नखाएको, कतै सहिछाप नगरेको, मञ्जुरी नगरेको अवस्थामा उक्त जग्गा विपक्षी संस्थाले रोक्का गरेकोले मैले ऋण नलिई मेरो जग्गा किन रोक्का राखिदिएको, फुकुवा गरिदिनुहोस् भन्दा संस्थाका व्यक्तिहरू समेत एकमत भई तपाईको जग्गा फुकुवा हुदैन जानेको गर्नुहोस् भनी उत्तर दिए। तसर्थ, विपक्षीलाई यसै अदालत मार्फत झिकाई मेरो तपसिलमा उल्लेखित साक्षी सबुद प्रमाण बुझी उपरोक्त प्रकरणमा उल्लेख गरे बमोजिम म फिरादीको नाउँमा रहेको जिल्ला नवलपरासी तिलकपुर गा.वि.स. वडा नं. २/ख कि.नं. ६० को ज.वि. ०-८-१५ जग्गा मैले विपक्षी संस्थासँग कुनै ऋण नलिए नखाएको अवस्थामा समेत विपक्षीहरू मिली मेरो उक्त जग्गा रोक्का राखी दिएको हुँदा उक्त जग्गा फुकुवा गरी हक इन्साफ दिलाई लागेको मुद्दा खर्चसमेत विपक्षीबाट दिलाई भराई पाउँ भन्ने बेहोराको फिराद दावी।

२. <u>प्रतिउत्तर जिकिरः-</u>

वि.सं.२०६९ सालदेखि व्यवस्थापकको रूपमा कार्यरत भक्तिप्रसाद थनेतले मिति २०७३/०३/०३ सम्मको कूल रकम रू. ३९,४९,५८७।–(अक्षरूपी उनन्चालिस लाख उनन्पचास हजार पाँच सय सतासी रूपैयाँ) आर्थिक हिनामिना गरेको पाईएकाले संस्थाले निजको जिम्मामा पर्न आएको दायित्व रकम पटक पटक तिर्न भने पनि तिर्न नसकेपछि भक्तिप्रसाद थनेतले यस जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडमा आफू कार्यरत रहदा नै आफ्ना पिता शिखाराम थनेतका नाममा रहेको जिल्ला नवलपरासी सिसवार १क कि.नं. ४१ को ०-५-७-० जग्गा, निजले भोगेको र निज जिम्मा रहेको साविक सिसवार १ क कि.नं. ९८९ को दक्षिणतर्फ र सिसवार ४ घ पुर्वासको कि.नं. ९३२, ९३४, ८९६ को उत्तरतर्फ रहेको अन्दाजी ज.वि. १३.५ धुर जग्गा र सो जग्गामा निर्माण भएको दुई तले घरसमेत यस संस्थाका नाममा धन जमानी गरिदिए तापनि यस संस्थाको लिन पर्ने बाँकी रकम चुक्ता नहुने भएपछि निज आफैले आफ्ना सम्धी विपक्षी वादीको नवलपरासी तिलकपुर कि.नं. ६० को ज.वि. ०-८-१५ जग्गा ल्याई धनजमानीमा राखेका हुन्। भक्तिप्रसाद थनेत आफैले मालपोत कार्यालय परासीलाई रोक्का पत्र लेखी पठाई रोक्का गरेका हुन्। स्वयम् भक्तिप्रसाद थनेतले समेत यस कार्यालयमा वादीका नाममा रहेको उक्त जग्गा फुकुवा गरी पाउँ भनी मिति २०७२/०४/१७ मा निवेदन दिएकोमा २०७२/०४/०२ को सञ्चालक समितिको बैठकमा छलफल भई निजले लिएको रकम चुक्ता नभएसम्म फुकुवा गर्न नसकिने जानकारी गराएको थियो। यसरी ऋणी भक्तिप्रसाद

थनेतले यस संस्थाको कारोबार हिनामिना गरी लिएको रकम ऋण सरह भुक्तानी नगरेसम्म निजले धितो जमानीका रूपमा यस संस्थामा ल्याई बुझाई यस संस्थाबाट रोक्का रहेको नवलपरासी तिलकपुर कि.नं.६० को ज.वि. ०-८-१५ जग्गा फुकुवा हुन सक्ने अवस्था नरहेकाले विपक्षीको गैह्रकानूनी फिराददावी खारेजभागी रहेको छ, खारेज गरी पाउँ भन्ने समेत बेहोराको प्रतिउत्तर जिकिर।

३. वादी दावीको कि.नं. ६० को जग्गा किसान बहुउद्देश्यीय वचत तथा ऋण सहकारी संस्था लिमिटेडमा धितोमा लिएको र रोक्का रहेको सम्पूर्ण सक्कल फायल उक्त सहकारी संस्थाबाट प्राप्त भई मिसिल सामेल रहेको।

४. वादी दावीको कि.न.६० को जग्गा लिलाराम थारूका नाउँमा रहेको र उक्त जग्गा जनमुखी बहुउदेश्ययीय सहकारी संस्था लिमिटेड रजहरको च.नं. ३२ मिति २०७१/१०/१२ को पत्रले रोक्का रहेको र रोक्का हुनुको कारण यस कार्यालयको रोक्का किताबमा नखुलेको भन्ने बेहोराको मालपोत कार्यालय नवलपरासीको च.नं. ७४२८ मिति २०७५/०८/१६ को पत्रबाट मिसिल सामेल रहेको।

५. <u>सुरू अदालतको फैसलाः-</u>

प्रतिवादी श्री किसान बहुउदेश्यीय वचत तथा ऋण सहकारी संस्था लि. कानूनी व्यक्ति रहेको हुँदा सो को व्यवस्थापन प्राकृतिक व्यक्तिले नै गर्ने हो। तत्काल व्यवस्थापन सञ्चालन गर्ने व्यक्ति भक्तिप्रसाद थनेतले संस्थाको काम कारवाही गर्दा संस्थालाई घाटा हुने गरी अभिलेख नराखेकै कारणले अन्य संस्थाहरू र कार्यालयहरूसँग भएका काम कारवाहीहरू वदर हुने अवस्था हुदैन। कम्पनी स्थापना भएपछि सञ्चालन भइरहने कानूनी व्यक्ति भएकाले यसका कार्यहरूले कानूनी मान्यता पाउँछ। कम्पनीमा काम गर्ने कुनै मानवीय त्रुटीबाट कम्पनीको दायित्व र सम्पत्ति हरण हुन सक्तैन। कानून बमोजिम स्थापित र सञ्चलित संघ संस्थाले कानून बमोजिम गरेको काम कारवाहीमा परीणाम भइसकेपछि सो कार्य विधिसम्मत रूपमा नै भएको मान्नुपर्छ। सो सहकारी संस्थाले रोक्का राख्न आदेश दिएको कुरा आफ्नो आन्तरिक कार्यविधि पूरा गरेको नै मान्नुपर्ने हुन्छ। सहकारी संस्थामा राख्नुपर्ने लिखत र अभिलेखहरू संस्थाका व्यवस्थापकले नियमित नगरेको आधारमा संस्थाले धितो स्वरूप राखेको सम्पत्ति फुकुवा हुन सक्तैन। तसर्थ, संस्थाको कुनै व्यक्तिले नियमित राख्नुपर्ने अभिलेख नराखेको मात्र आधारमा कानून बमोजिम कर्जा सुरक्षण वापत राखेको सम्पत्ति फुकुवा गर्न नमिल्ने हुँदा वादी दावी पुग्न सक्तैन भन्ने समेत व्यहोराको सुरू नवलपुर जिल्ला अदालतको मिति २०७६।०२।२१ को फैसला।

६. <u>पुनरावेदन पत्रः-</u>

मेरा पिताले विपक्षी संस्थासँग ऋण कर्जा लिनु त के ऋण कर्जा फारम समेत भर्नु भएको छैन। कुनै ऋण कर्जा वापतमा जमानी पनि बस्नु भएको छैन। यस्तो अवस्थामा विपक्षीले जग्गा रोक्का राख्न पाउने अधिकार छैन। सुरू अदालतको आदेश बमोजिम कागजात माग गर्दा समेत पिताले विपक्षी संस्थासँग कुनै सम्झौता धितो जमानी तमसुक कुनै लिखत गरिदिएको प्रमाण विपक्षीले पेश गर्न नसकेको, सुरू अदालतले फैसला गर्दा विपक्षी संस्थालाई रकम तिर्नु बुझाउनु समेत

नभनेको अवस्थामा सुरू नवलपुर जिल्ला अदालतको फैसला त्रुटिपूर्ण हुँदा उल्टी गर्ने प्रयोजनार्थ मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २१३ बमोजिम प्रत्यर्थी झिकाउने आदेश गरी फिराद दावी एवं पुनरावेदन जिकिर बमोजिम रोक्का रहेको जग्गा फुकुवा गरी पाउँ भन्ने समेत बेहोराको वादी रामप्रसाद चौधरीको पुनरावेदन जिकिर।

७. <u>यस अदालतको आदेशः-</u>

यसमा, पुनरावेदक प्रत्यर्थी किसान बहुउद्देश्यीय बचत तथा ऋण सहकारी संस्थाको सदस्य नरहेको र पुनरावेदकले सो संस्थाको कुनैपनि सदस्यलाई आफ्नो नामको नवलपरासी जिल्ला, तिलकपुर गा.वि.स. वडा नं. २(ख) कि.नं.६० को क्षेत्रफल ०-८-१५ जग्गा धितो राखी दिन मञ्जुरीमा समेत दिएको अवस्था नदेखिंदा सुरू नवलपुर जिल्ला अदालतको मिति २०७६।०२।२१ को फैसला प्रमाण मूल्याङ्कनको रोहमा फरक पर्न सक्ने हुँदा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २१३(३) बमोजिम प्रत्यर्थी झिकाई आएपछि नियमानुसार पेश गर्नु भन्ने यस अदालतको मिति २०७६।०८।०९ को आदेश।

<u>ठहर-खण्ड</u>

८. नियमबमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक, वादीको तर्फबाट उपस्थित विद्वान बरिष्ठ अधिवक्ता रामप्रसाद घिमिरे र अधिवक्ता श्री अर्जुन पौडेलले, निवेदक रामप्रसाद थारू चौधरीका पिता लिलाराम गुरौंले ऋण कर्जा लिनुभएको भन्ने पुष्टी हुने कागजात विपक्षी संस्थाले पेश गर्न सकेको छैन। निवेदकका पिताले विपक्षी संस्थामा ऋण लिन भनी जानुभएकोमा संस्थाले धितो वापत राख्ने जग्गाको जग्गाधनी प्रमाण पूर्जाको फोटोकपी छाडी जानुहोस् भनेकाले छाडी जानुभएको सम्म हो। उहाँले ऋण लिएको भन्ने कागजातमा सहिछाप गर्नुभएको छैन। मालपोत कार्यालय नवलपरासीले रोक्का राखेको तिलकपुर गा.वि.स. वडा नं. २/ख कि.नं. ६० को लिलाराम थारूको नाममा दर्ता रहेको जग्गा जनमुखी सहकारी संस्था लिमिटेड रजहरको पत्रबाट रोक्का रहेको र रोक्का किताबमा कुनै पनि कारण नखुलेको भन्ने व्यहोरा मालपोत कार्यालय नवलपरासीको पत्रबाट देखिएको छ। पिता लिलाराम गुरौंका सम्धी नाता पर्ने व्यक्ति भक्तिप्रसाद थनेतलाई संस्थाको सम्पत्ती हिनामिना गरेकोले निजलाई समेत प्रतिवादी कायम गर्न नसकेको भन्ने आधार कानूनसम्मत छैन।शुरू जिल्ला अदालतबाट भएको फैसला नमिलेकोले उल्टी गरी निवेदकका स्व. पिता लिलाराम गुरौको कहिकतै सहीछाप नभएको र मन्जुरी समेत नभएको अवस्थामा रोक्का रहेको जग्गा फुकुवा गरी पाउँ भनी गर्नुभएको बहस सुनियो।

९. विपक्षी श्री किसान बहुउदेश्यीय बचत तथा ऋण सहकारी संस्था लि.को तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री रमेश काफ्लेले, भक्तिप्रसाद थनेतले लिएको रकममा विपक्षी रामप्रसाद गुरूङका पिता स्व. लिलाराम गुरौं थारू जमानतकर्ता रहेको र निजले धनजमानी स्वरूप आफ्नो नवलपरासी तिलकपुर गा.वि.स. वडा नं. २/ख कि.नं. ६० को जग्गा दिएकाले नै तत्कालिन जनमुखी बहुउदेश्यीय सहकारी संस्था लि. बाट रोक्काको लागी मालपोत कार्यालय परासीमा पठाएको हो। संस्थाले कानूनसम्मत लिखतहरू तथा कानून बमोजिमको प्रक्रिया पुरा गरी यस संस्थाले कानून बमोजिम उक्त जग्गा धितो जमानतमा लिई रोक्का राखेको र ऋणी भक्तिप्रसाद थनेत र जमानीकर्ता लिलाराम गुरौं समेतले यस

संस्थालाई बुझाउनुपर्ने ऋण रकम बाँकी नै रहेकोले रोक्का राखिएको हुँदा सुरू जिल्ला अदालतबाट भएको फैसला सदर कायम गरिपाउँ भनी बहस प्रस्तुत गर्नुभयो।

१०. यसमा मिसिल संलग्न कागजातको अध्ययन गर्दा, मेरो पैतृक सम्पत्ति नवलपरासी तिलकपुर गा.वि.स. वडा नं. २/ख कि.नं. ६० को जग्गा धितो राखी विपक्षी संस्थाको अध्यक्ष कहाँ गई ऋण दिनुहोस् भनी आग्रह गर्दा त्यस संस्थाका तत्कालीन व्यवस्थापकज्यूले तपाईले आफ्नो नामको जग्गाधनी पुर्जाको फोटोकपि छाड्नुहोस् भनेकाले छाडी म आए र पछि म ऋण लिन जान सकिन। यस्तैमा मिति २०७४/०१/०८ गते हामी अंशियारहरू बीचमा अंशवण्डा गर्नु पर्यो भनी मालपोत कार्यालय,परासीमा जाँदा त्यहाँको कर्मचारीले तपाईको जग्गा उक्त विपक्षी संस्थाको च.नं. ३२ मिति २०७१/१०/१८ को पत्रले रोक्का छ,फुकुवा गर्न मिल्दैन भनी जवाफ दिएकोले विपक्षी संस्थामा फुकुवा लागि कुरा गर्न जाँदा जग्गा फुकुवा हुदैन भनेको हुँदा विपक्षी संस्थाले रोक्का राखेको मेरो नाउँको उल्लेखित जग्गा फुकुवा गरीपाउँ भन्ने फिराद दावी रहेको पाइन्छ भने बि.सं. २०६९ सालदेखि व्यवस्थापकको रूपमा रहेका ऋणी भक्तिप्रसाद थनेतले यस संस्थाको कारोवार हिनामिना गरी लिएकोले यस संस्थाबाट रोक्का राखिएको नवलपरासी तिलकपुर कि.नं. ६० को ज.वि. ०-८-१५ जग्गा फुकुवा हुन सक्ने अवस्था नरहेकोले विपक्षीको फिराद दावी खारेज गरी पाउँ भन्ने समेत व्यहोराको किसान बहुउदेश्यीय वचत तथा ऋण सहकारी संस्था लि. रजहर समेतको प्रत्तिउत्तरपत्र जिकिर रहेको प्रस्तुत मुद्दामा सुरू जिल्ला अदालतबाट सहकारी संस्थामा राख्नुपर्ने लिखत र अभिलेखहरू संस्थाका व्यवस्थापकले नियमित नगरेको आधारमा संस्थाले धितो स्वरूप राखेको सम्पत्ति फुकुवा गर्न नमिल्ने भनी शुरू जिल्ला अदालतबाट भएको फैसलामा चित्त नबुझाई पुनरावेदक वादीले उक्त फैसला उल्टी गरी रोक्का रहेको जग्गा फुकुवा गरी पाउँ भनी प्रस्तुत पुनरावेदन गरेको पाइयो।

११. उपरोक्तानुसारको विद्वानहरूको बहस सुनी उपरोक्त तथ्य एवं पुनरावेदन जिकिर रहेको प्रस्तुत मुद्दामा, **सुरू जिल्ला अदालतको फैसला मिलेको छ, छैन?** र **पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्ने, नसक्ने के हो?** भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

१२. निर्णयतर्फ विचार गर्दा, किसान बचत तथा ऋण सहकारी संस्था लि.को प्रत्तिउत्तरपत्रमा एकिकरण पूर्व रहेको साविक जनमुखी बहुउदेश्यीय सहकारी संस्था लि.मा २०६९ सालदेखी नै व्यवस्थापकको रूपमा कार्यरत रहेका भक्तिप्रसाद थनेतले सहकारीमा बचतको रू ३४,४९,५८७।— (अक्षरूपी उनन्चालिश लाख उनन्पचास हजार पाँच सय सतासी रूपैयाँ) हिनामिना गरेकोले सो बापतमा आफ्नो पिताको नाममा रहेका जग्गाहरू संस्थाका नाममा धनजमानी गरिदिएका जग्गाले संस्थाको लेनादेना गरेको रकम चुक्ता नहुने भएपछी निजले पुन आफ्नै सम्धी लिलाराम गुरौंको नाउँमा रहेको जग्गा ल्याई धनजमानीमा राखेका हुन्। भक्तिप्रसाद थनेत आफैले मालपोत कार्यालय परासीलाई पत्र लेखी रोक्का पनि गरेका हुन्। भक्तिप्रसाद थनेतले अपचलन गरेको रकम हालसम्म पनि नतिरेको हुँदा धन जमानीमा राखिएका चलअचल सम्पत्ती फुकुवा हुन सक्ने अवस्था छैन भन्ने जिकिर लिएको पाइन्छ। उपरोक्त प्रतिउत्तर जिकिर अनुसार वादी लिलाराम गुरौं (थारू) ले आफ्नो नाउँको उक्त कि.नं. ६० को जग्गा निजका सम्धी नाताका

भक्तिप्रसाद थनेतले प्रतिवादी सहकारी संस्थाको हिनामिना गरेको रकम वापत धन जमानीमा राखेको भन्ने उल्लेख भएकोमा वादी लिलाराम गुरौंले त्यसरी धन जमानीमा राख्न दिएको हो वा होइन? भन्ने बिषयको निर्कोल गरी प्रतिवादी संस्थामा राखिएको लिखत कागजहरू एवं अदालत समक्ष प्राप्त लिखित प्रमाणहरूको विवेचना गरी वादीले मागदावी गरेको उक्त कि.नं. ६० को जग्गा फुकुवा हुने वा नहुने भन्ने बिषयको न्याय निरूपण गर्नुपर्ने देखिन्छ।

१३. प्रस्तुत मुद्दामा विवादित जग्गाको सम्बन्धमा नवलपुर जिल्ला अदालतको मिति २०७५।०८।०३ को आदेशानुसार पठाइएको च.नं. १५२५, मिति २०७५/८/४ को पत्रको जवाफमा मालपोत कार्यालय, नवलपरासीले तिलकपुर गा.वि.स. वडा नं. २ख को कि.नं. ६० लिलाराम थारूको नाममा दर्ता रहेको जग्गा जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लि. रजहरको च.नं. ३२ मिति २०७१/१०/१२ को पत्रले रोक्का रहेको र यस कार्यालयको रोक्का किताबमा कुनै पनि कारण नखुलेको भन्ने जवाफ लेखि पठाएको देखिन्छ। विपक्षी प्रतिवादी किसान बचत तथा ऋण सहकारी संस्था लि.बाट प्राप्त भएको निवेदक वादी लिलाराम गुरौंको जग्गा धितोमा लिएको र रोक्का गरेको समेतका प्रक्रियागत कागजात सहितको सक्कल रेकर्ड फाइलबाट विपक्षी सहकारी संस्था लि.ले आफ्नो सहकारीबाट रोक्का राखेको नवलपरासी तिलकपुरको उल्लेखित कि.नं. ६० ज.बि. ०-८-१५ जग्गाका जग्गाधनी लिलाराम गुरौले नै संस्थाबाट ऋण लिएवापत वा सम्धी नाताका भक्तीप्रसाद थनेतले संस्थाको हिनामिना गरेको रकम वापतमा धनजमानी राख्न मञ्जुरी दिएको भन्ने स्पष्ट रूपमा देखिने लिखित कागजात प्रतिवादी पक्षले पेश गर्न वा उल्लेख गर्न सकेको देखिदैन।

१४. वादीको फिराद दावीमा वादी लिलाराम गुरौंले मैले ऋण लिन भनी संस्थामा गएको र जग्गाधनी दर्ता श्रेस्ता प्रमाण पूर्जाको प्रतिलिपि छाडेर जानुहोस् भनेकामा पछी ऋण लिन गएको होइन भन्ने व्यहोरा उल्लेख गरेको देखिन्छ। **किसान बचत तथा ऋण सहकारी संस्था लि.को संशोधित विनियम-२०५६ परिच्छेद-६ ऋण प्रशासन को नियम २१ ऋण लगानी विधि** अनुरूप आवश्यक प्रक्रिया पुरा गरी वादी लिलाराम गुरौंले सहकारीबाट यो यति रकम ऋण लिएको भनि सहकारी संस्थाले गर्नुपर्ने प्रक्रिया पुरा गरेको देखिने आवश्यक कागजातसहित प्रतिवादी सहकारी संस्थाले दावी लिन सकेको पनि पाइदैन। विपक्षी सहकारीले सहकारीका पूर्व व्यवस्थापक भक्तिराम थनेतले सहकारीलाई तिर्नु बुझाउनुपर्ने रकम बापत लिलाराम गुरौले मेरो नाउँमा रहेको नवलपरासी तिलकपुर वडा नं. २/ख को कि.नं. ६० रोक्का रहेमा मेरो मञ्जुर छ भनी सहिछाप गरेको जेथाजमानत कागज समेत पेश गरेको देखिदैन। प्रतिवादी सहकारी संस्थाको **ऋण नीति — २०६८ को नियम २.१५ धितोः ...(घ) "धितो राखी ऋण लगानी गर्दा ऋण लिने सदस्यले आफ्नै धितो नराखी अर्काको धितोको आधारमा मात्र ऋण लगानी गरिने छैन।"** भन्ने व्यवस्था गरेको देखिन्छ। उल्लेखित ऋण निति अनुसार ऋण लगानी गर्दा संस्थाको सदस्यलाई ऋण प्रदान गर्नुपर्नेमा वादी लिलाराम गुरौं उक्त संस्थाको सदस्य भएको प्रमाण प्रतिवादी सहकारीले देखाउन सकेको पाइदैन। उक्त सहकारी संस्थाको साविकको पूर्व व्यवस्थापक वा संस्थाको कुनै प्रतिनिधिले संस्थाको तर्फबाट रोक्का राख्दा कुनै पनि व्यक्तिको जग्गा कानून बमोजिम मात्र रोक्का राख्नुपर्ने देखिन्छ।

१५. प्रतिवादी सहकारी संस्था पनि कानूनी व्यक्ति रहेको अवस्थामा तत्काल प्रचलित सहकारी ऐन, २०४८ एवं सम्बन्धित सहकारी संस्थाको विनियम एवं ऋण नीतिमा उल्लेख भएका प्रक्रिया पूरा गरी मात्र उक्त संस्थाले धितो जमानीमा राखेको जग्गा रोक्का राख्न सक्ने देखिन्छ। त्यसरी कानूनी प्रक्रिया विना सिधै अर्को पक्षको जग्गा रोक्का राख्न लेखि पठाउने अधिकार सहकारी ऐन, २०४८ को दफा ३९ ले सहकारी संस्थालाई प्रदान गरेको नदेखिने भनी ने.का.प. २०६५, अंक १०, नि.नं. ८०२१, पृष्ठ १२०३ मा न्यायिक सिद्धान्त प्रतिपादन भएको देखिन्छ। त्यसरी उल्लेखित सर्वोच्च अदालतवाट प्रतिपादित नजिर सिद्धान्त समेतबाट अर्को पक्षको जग्गा कानुनी प्रक्रिया विना रोक्का राख्न पाउने अधिकार सहकारी संस्थालाई रहे भएको समेत देखिँदैन। प्रस्तुत प्रतिवादी सहकारी संस्था कानुनी व्यक्ति भई कानुनी व्यक्तिले रोक्का राखिएकोमा त्यसका पूर्व प्रबन्धकलाई वादीले फिराद गर्दा प्रतिवादी बनाउनुपर्ने वा निजबाट रोक्का राख्ने प्रयोजनको जानकारी वादीले लिनुपर्ने भन्ने शुरू जिल्ला अदालतको फैसलामा उल्लेखित आधारसँग समेत सहमत हुन सकिँदैन। सहकारीबाट लिलाराम गुरौंले ऋण लिएको नभई सहकारीका पूर्व व्यवस्थापक भक्तिराम थनेतले सहकारीलाई तिर्नु बुझाउनुपर्ने रकम वापत लिलाराम गुरौंको जग्गा रोक्का राखेको भनी प्रतिवादी सहकारीको प्रतिउत्तरपत्रमा उल्लेख गरेबाट आफ्नै सहकारी संस्थाको ऋण नीति एवं प्रचलित सहकारी सम्बन्धी कानून विपरित अर्कै व्यक्तिको जग्गा धितोमा राखेको देखिन आउछ। वादी लिलाराम गुरौं सहकारीको रकम लिनुपर्ने पूर्व व्यवस्थापक भक्ति प्रसाद थनेतको एकासगोलको अंशियारा नाताको समेत देखिदैन। सम्धी नाताका ब्यक्ति भक्तिप्रसाद थनेतले वादी लिलाराम गुरौंको नाउँमा रहेको जग्गा ल्याई धन जमानीमा राखी रोक्का राखेका हुन् भनी विपक्षी प्रतिवादीले लिएको जिकिर अन्य थप प्रमाणद्वारा पुष्टी गर्न सकेको समेत पाइदैन।

१६. अतः माथि उल्लेखित आधार, कारण र प्रमाण समेतबाट विवादित नवलपरासी जिल्ला तिलकपुर गा.वि.स. वडा नं.२/ख कि.नं.६० क्षे.फ. ०-८-१५ को जग्गाधनी पुनरावेदक, वादी लिलाराम गरौं रही निज प्रत्यर्थी प्रतिवादी मध्येका सहकारी संस्थाको सदस्य नरहेको र निज जग्गाधनी पुनरावेदक, वादीले संस्थालाई वा संस्थाको सञ्चालक वा सदस्यलाई आफ्नो नाउँको उक्त कि.नं.६० को जग्गा कुनै पनि किसिमले धितो बन्धकी वा जमानीमा दिने प्रयोजनका लागि मञ्जुरीनामा वा कुनै कागज गरेको समेत नदेखिएको अवस्थामा पनि उक्त सहकारी संस्थाले रोक्का राखेको कि.नं.६० जग्गा फुकुवा गर्न नमिल्ने भनी वादी दावी पुग्न नसक्ने ठहऱ्याई सुरू नवलपुर जिल्ला अदालतबाट मिति २०७६।०२।२१ मा भएको फैसला मिलेको नदेखिंदा उल्टी भई फिराद दावी बमोजिम उक्त सहकारी संस्थाको तर्फबाट विवादित कि.नं.६० को जग्गाको मालपोत कार्यालय नवलपरासीमा रोक्का राखिएको च.नं.३२ मिति २०७१।१०।१८ को रोक्का फुकुवा हुने ठहर्छ। सो ठहर्नाले उक्त रोक्का रहेको जग्गा फुकुवा गरिदिनु भनी सम्वन्धित मालपोत कार्यालयमा लेखी पठाइदिनू। अरूमा तपसिल बमोजिम गर्नू।

<u>तपसिल खण्ड</u>

- माथी ठहर खण्डमा लेखिए बमोजिम शुरू जिल्ला अदालतको फैसला उल्टी भई फिराद दावी बमोजिम किसान बचत तथा ऋण सहकारी संस्थाको साविकको जनमुखी बहुउद्देश्यीय सहकारी

संस्था लिमिटेडको तर्फबाट मालपोत कार्यालय नवलपरासीमा रोक्का राखिएको लिलाराम गुरौंको नाममा दर्ता श्रेस्ता रहेको नवलपरासी तिलकपुर वडा नं. २/ख को कि.नं. ६० को जग्गा फुकुवा हुने ठहरेकाले उक्त साविकको जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लि. (हाल परिवर्तित किसान बचत तथा तथा

ऋण सहकारी संस्था) को च.नं.३२ मिति २०७१।१०।१८ को पत्रद्वारा रोक्का रहेको जग्गा फुकुवा गरिदिनु भनी मालपोत कार्यालय, नवलपरासीमा लेखि पठाईदिनू...........................१

- प्रस्तुत फैसलाको नक्कल माग्न आउने सरोकारवालालाई नियमानुसार गरी नक्कल दिनुहोला..................................................................................२
- प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गर्नुहोला.................................................३
- प्रस्तुत फैसला प्रमाणिकरण भएको विवरण सुचना पाटीमा र अदालतको वेवसाइटमा प्रकाशन गर्नुहोला..................................................................................४
- प्रस्तुत फैसलाको विद्युतीय प्रति अपलोड गरी सुरू मिसिल सुरू जिल्ला अदालतमा पठाई रेकर्ड मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाइदिनुहोला.........................................५

**(उज्ज्वल शुक्ल)**
**न्यायाधीश**

उक्त रायमा म सहमत छु।

**(श्रीधरा कुमारी पुडासैनी)**
**न्यायाधीश**

इजलास अधिकृतः लेखनाथ पौडेल
कम्प्यूटर अपरेटरः झलकराज पौडेल
**इति सम्वत २०७९ साल असार महिना ५ गते रोज १ शुभम्.....................................।**
प्रमाणिकरण मिति २०७९।४।२९

श्री

उच्च अदालत पोखरा

संयुक्त इजलास

माननीय न्यायाधीश श्री उज्ज्वल शुक्ल

माननीय न्यायाधीश श्री ऋषि राजभण्डारी

फैसला

इजलास नं.- ३

मुद्दाः- अंश।

निर्णय नं. ११८

मुद्दा नं. 077-DP-0147

| | |
|---|---|
| नर बहादुर सार्कीको छोरा गण्डकी प्रदेश कास्की जिल्ला सराङकोट गा.वि.स. वडा नं.१ जन्म भै कास्कीकोट गा.वि.स. वडा नं.९ को परिवर्तित पोखरा महानगरपालिका वडा नं.२४ बस्ने **राजकुमार नेपाली**..........१ | पुनरावेदक<br>वादी |

विरूद्ध

| | |
|---|---|
| नर बहादुर सार्कीको श्रीमती गण्डकी प्रदेश कास्की जिल्ला सराङकोट गा.वि.स. वडा नं.१ को परिवर्तित पोखरा महानगरपालिका वडा नं.१८ घर भै हाल ऐ.ऐ वडा नं.१० गौतमबुद्ध मार्ग स्थित रचिता ब्युटीपार्लर भएको घरमा बस्ने **सरस्वती सार्की**..........१<br>नर बहादुर सार्कीको छोरा ऐ.ऐ. घर भै ऐ.ऐ. बस्ने **राजेश नेपाली**..........१<br>नर बहादुर सार्कीको छोरी ऐ.ऐ. घर भै ऐ.ऐ. बस्ने **कविता नेपाली**..........१ | प्रत्यर्थी<br>प्रतिवादी |

मुद्दा नं. 077-DP-0151

निर्णय नं. ११९

| | |
|---|---|
| नर बहादुरको छोरा कास्की जिल्ला साविक कास्कीकोट गा.वि.स. वडा नं.९ को परिवर्तित ऐ. पोखरा महानगरपालिका वडा नं.२४ बस्ने **सुवास नेपाली**..........१ | पुनरावेदक<br>प्रतिवादी |

विरूद्ध

| | |
|---|---|
| नर बहादुरको छोरा कास्की जिल्ला कास्कीकोट गा.वि.स. वडा नं.९ को परिवर्तित पोखरा महानगरपालिका वडा नं.२४ बस्ने **राजकुमार नेपाली**..........१ | प्रत्यर्थी<br>वादी |

सुरू फैसला गर्ने अदालतः श्री कास्की जिल्ला अदालत

सुरू फैसला गर्ने न्यायाधीशः मा.जि.न्या. श्री तेजेन्द्रप्रसाद शर्मा सापकोटा

सुरू फैसला मितिः २०७७।०८।२४

सुरू मुद्दा नं. ०७४-CP-०४५९
पुनरावेदन दर्ता मितिः २०७७।११।०४ र २०७७।११।१०

**न्याय प्रशासन ऐन, २०७३ को दफा ८(३) बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र पर्ने भई पुनरावेदन दर्ता हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः**

**तथ्य-खण्ड**

१. **फिरादपत्रः-**

हाम्रो घर परिवारमा मुल ४ अंशियार विपक्षी आमा सरस्वती सार्की-१, विपक्षी भाई राजेश नेपाली-१, विपक्षी बहिनी कबिता नेपाली र म फिरादी राजकुमार नेपाली हालसम्म एकासगोलमै छौं। म फिरादी रोजगारीको लागि भारतमा गएको अवस्थामा विपक्षी आमा र भाई वहिनी पोखरामा आई डेराकोठामा वस्नुभएको र मैले डेराकोठामा वस्न भन्दा गाउँमा गएर खेतिपाती गरौं भनी सल्लाह गर्दा पनि विपक्षीहरूले वास्ता नगरेका साथै गाउँमा गई बुझ्दा गाउँको पैतृक सम्पत्ति बिक्री गरेको भन्ने मिति २०७४/१०/२८ मा थाहा पाएको हुँ। सो पैतृक सम्पत्ति विक्री गरेको रकम कहाँ राख्नुभएको भनी विपक्षी आमालाई सोध्दा तलाई किन चाहियो भनी मलाई डेराकोठामा वस्न तथा खान समेत दिन्न भनि अन्याय गरेकोमा विपक्षी आमा सरस्वती नेपालीका नाउँमा वण्डा गर्नुपर्ने सम्पूर्ण चल अचल सम्पत्ति भएको हुँदा विपक्षीबाट तायदाती फाटवारी मागी सम्पूर्ण सम्पत्तिलाई ४ भाग लगाई ४ भागको १ भाग अंश दिलाई पाउँ भन्ने राजकुमार नेपालीको मिति २०७४।११।०९ को फिरादपत्र।

२. **शुरू अदालतको आदेश**

विपक्षी प्रतिवादी सरस्वती सार्कीको नाउँमा रहेको कास्की जिल्ला शिशुवा गा.वि.स. वडा नं. २ को कि.नं. ७३७० र ८९७२ का जग्गा तथा माछापुच्छ्रे बैंक लि.को खाता नं ३२-४६-५२४-४३५९०४-०१-४ र कैलाश बैंक लिमिटेड को खाता नं ९००९००१०८४८५००००01 मा रहेको नगद रकम समेत रोक्का गरी पाउँ भनी वादीले मिति २०७४/११/४० मा दिएको निवेदन उपर सुरू अदालतबाट आदेश भै निवेदनमा उल्लेखित कित्ता जग्गा सुरू अदालतको मिति २०७४/११/११ को चलानी नं ६२२३ को पत्रबाट साथै माछापुच्छ्रे बैक लि को उल्लेखित खाता मिति २०७४/११/११ को चलानी नं ६२२२ बाट र कैलाश विकास बैक लि. को खाता मिति २०७४/११/१४ को चलानी नं ६२२१ बाट रोक्का रहेको।

३. **प्रतिउत्तर जिकिरः-**

निज विपक्षी राजकुमार नेपालीले दाबी गरेको ४ अशियार भन्नेमा सत्य साँचो होइन। विपक्षीको दाजु सुवास नेपालीको नाम अंशियारमा उल्लेख गरेका छैनन्। अंशवण्डा गर्नुपर्ने ५ अंशियार रहेका र सबै एकासगोलमा रहेका र अंशबण्डा समेत नभएको हुँदा निजलाई अंश दिनुपर्ने अवस्था होइन। विपक्षी वादीले म प्रतिवादीलाई रकम खर्च पठाएको भन्ने सत्य साँचो होइन। १ छोरी अपाङ्ग दिर्घ रोगी रहेकी हुँदा निजको उपचार तथा गाउँको खासै मुल्यवान जग्गा नभएकोले खान लाउन समेत गाउँको सम्पत्तिले नपुग्ने हुँदा सो जग्गा जमिन बेची शहरमा सानो टुक्रा जग्गा लिई भाडामा स्दै आएकी

छु। सबै मिली उक्त घडेरीमा घर बनाई बसौं भन्दै आएकोमा विपक्षीले अनाहकमा झुट्टा कुरा उल्लेख गरी प्रस्तुत फिराद दर्ता गरेका हुन्।विपक्षी वादीको दावी सत्य साँचो नहुँदा झुट्टा फिराद दावीबाट अलग फुर्सद दिलाई पाउने हक इन्साफ गरी पाऊँ भन्ने सरास्वती सार्कीको मिति २०७४।१२।२६ को प्रतिउत्तर जिकिर।

४. <u>सुरू अदालतको आदेशः-</u>

- वादीले मुल ४ अंशियार देखाएकोमा प्रतिउत्तरपत्रमा ५ अंशियार भनी सुवास नेपालीलाई अंशियार देखाएकोमा प्रतिवादी कायम गरेको नदेखिंदा निज सुवास नेपालीलाई बुझ्नुपर्ने देखिंदा निजको वतन साविक मुलुकी ऐन अ.वं. १३३ नं. तथा मुलुकी देवानी कार्यविधि संहिता ऐन, २०७४ को दफा १७१(१) नं. बमोजिम वादी प्रतिवादीबाट कागज गरी खुलाई खुलाएको वतनमा मुलुकी देवानी कार्यविधि संहिता ऐन, २०७४ को दफा १२३(१) बमोजिम बाटोको म्याद बाहेक ७ दिन भित्र उपस्थित हुनु भनी म्याद सुचना जारी गरी निज उपस्थित भएमा बयानको लागी पेश गर्नु र नियमानुसार लगाउको मुद्दा समेत साथै राखी इजलास समक्ष पेश गर्नू भन्ने मिति २०७५।०५।१३ को आदेश।
- फिरादपत्रको प्रकरण नं १ मा सौताने आमा नन्दकली स्वर्गे भै सकेको छोरा छोरीको विवाहदान भैसकेको र अंश समेत लिई अलग्गै वस्नुभएको भनी उल्लेख गरेको देखिँदा निजहरूले अंश लिई छुट्टै बसेको कुनै प्रमाण पेश दाखिला गर्न लगाउने र पेश गर्न नसकेमा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १७१  बमोजिम वादीको कागज गराई निजहरूको नाम वतन समेत खुलाई खुलाएको वतनमा म्याद जारी गरी ऐ. को दफा १७६ बमोजिम बुझ्न इलजास समक्ष पेश गर्नु भन्ने मिति २०७६।१।२५ को आदेश।
- वादी तथा प्रतिवादी बीच नाता, अंशियार भएकोमा विवाद नदेखिएको यी वादीले कानूनत अंश पाएको भन्ने मिसील संलग्न कागजातबाट नदेखिएको बाट यी वादीले प्रतिवादीबाट अंश पाउने नै देखियो। यी वादीले के कति भागको के कति भाग अंश पाउने हुन भन्ने विषयमा ठहरे बमोजिम नै हुने हुँदा फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गरी दिएको छ। अतः सो मिति भन्दा पहिलाको वण्डा गर्नुपर्ने चल अचल संपत्तिको फाटवारी वादी प्रतिवादी बुझिएका समेतसँगबाट लिई मुलुकी देवानी संहिता, २०७४ को दफा २२२,२२३,२२४ समेतको प्रकृया पुरा गरी नपुग कोर्टफी वादीबाट दाखिला गराई अचल सम्पत्तिको दर्ता श्रेस्ता सम्बन्धीत मालपोत कार्यालयबाट झिकाई आएपछि लगाउका अन्य मुद्दा समेत साथै राखी नियमानुसार गरी पेश गर्नू भन्ने मिति २०७६।११।२० को आदेश।

५. <u>बुझिएका सुवास नेपालीले मिति २०७५/६/४ मा गरेको बयानः-</u>

म नरबहादुर नेपाली र सरास्वती नेपालीको जेठो छोरा हुँ। हामी ५ जना अंशियार छौ। मैले ५ भागको १ भाग अंश पाउनुपर्छ भनी गरेको वयानका साथमा पेश गरेको निजले पामे प्राथमिक बिद्यालयबाट २०५९ सालमा कक्षा एक पास गरेको भन्ने लव्धाङ्कपत्र र स्थानिय पन्जिकाधिकारी को कार्यालय वडा नं २४,पोखरा लेखनाथ महानगरपालिका, कास्कीबाट जारी भएको जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि मिसिल संलग्न रहेको।

६. <u>सुरू अदालतमा भएको वादीका साक्षी कृष्णबहादुर दमैले गरेको वकपत्रः-</u>

नर बहादुर सार्कीका २ वटी श्रीमती रहेकोमा जेठी श्रीमती नन्दकली सार्की पहिले नै स्वर्ग भएको र निजपट्टीका छोराछोरीको विवाह दान भै छोराहरूले अंश लिई भिन्दै बस्दै आएका छन्। यी वादीका पिताले यी प्रतिवादीलाई विवाह गरी ल्याउँदा एउटा छोरा भएकी श्रीमती ल्याएका हुन। यी नरबाहदुरसँग विवाह गरेपछि यी प्रतिवादीले वादी राजकुमार, कान्छो छोरा राजेश र छोरी कविता नेपालीको जन्म भएको हुँदा वादीले ४ भागको १ भाग अंश पाउने हुन्। सुवास नेपाली प्रतिवादीको छोरा भएपनि वादीका पिता नरवहादुरबाट पाएका नभै अघिल्लै पतिबाट ल्याएका हुन भन्ने वादीका साक्षी कृष्ण बहादुर दमैले गरेको बकपत्र।

७. <u>बुझिएका सुमित्रा नेपालीले मिति २०७६/४/१ मा गरेको बयानः-</u>

मेरा मुल अंशियारमा ससुरा गोरे नेपाली, सासु नन्दकली नेपाली र कान्छी सासु सरास्वती नेपाली भएकोमा ससुरा गोरे नेपाली र सासु नन्दकली नेपालीको करिब २० वर्ष अगाडी नै मृत्यु भइसकेको हुँदा जेठी सासु तर्फका कृष्णबहदुर, डिलबहादुर र रमेश नेपाली हुन। कान्छी तर्फ यी वादी राजकुमार नेपाली,राजेश नेपाली र एउटी छोरी कविता नेपाली हुन्। मेरा पतिले करिब २२ वर्ष अगाडी ससुरा गोरे नेपालीबाट आफ्नो अंश भाग लिनु भएकोले सोहि बमोजिम पतिको मृत्युपछि मेरो र मेरा छोराहरूको नाममा नामसारी गरि लिएका छौं। यी वादीलाई मैले अंश दिनुपर्ने होइन भन्ने आदेश बमोजिम बुझिएकी सुमित्रा नेपालीले मिति २०७६।४।१ मा गरेको बयान।

८. <u>सुरू अदालतको फैसलाः-</u>

मूल अशियारा ४ जना भएकोमा सम्पूर्ण चल अचल सम्पत्तिको ४ भागको १ भाग अंश पाउँ भन्ने वादी दावी रहेकोमा जम्मा अंशियारा संख्या ५ रहेकाले ५ भागको १ भाग मात्र वादीले अंश पाउने हुन् भनी जिकिर लिएको देखिन्छ। यसमा प्रतिवादी सरस्वती सार्कीले थप अंशियारा देखाएका व्यक्ति सुवास नेपालीले आफ्नो यस अदालतको बयानका क्रममा आफ्नो जन्मदर्ताको प्रतिलिपि पेश गरेको तर सो को प्रमाणित प्रतिलिपी सम्वन्धित निकायमा माग गर्दा जन्मदर्ता रेकर्डमा नदेखिएको भनि सम्वन्धित निकायबाट जवाफ प्राप्त भएको देखिँदा आफू पनि प्रस्तुत मुद्दामा अंशियारा हुँ भनी वयान गर्ने निज सुवास नेपालीलाई अंशियारा कायम गर्न मिलेन। यसमा वादी प्रतिवादी वीचमा नातामा विवाद नभएको र फिरादीले यस पूर्व अंश पाएको भन्ने मिसिल संलग्न प्रमाणहरूबाट देखिन नआएबाट तायदाती विवरणमा उल्लेख भएको ऋणका हकमा साहुँको नालेश परेका वखतमा ठहरे वमोजिम हुने गरी सम्पूर्ण सम्पत्तिबाट दर्ता स्रेस्ता मिले भिडेसम्मको सम्पत्तिबाट ४ भाग लगाई ४ भागको १ भाग वादीले अंश पाउने ठहर्छ भन्ने समेत बेहोराको सुरू कास्की जिल्ला अदालतको मिति २०७७।०८।२४ को फैसला।

९. <u>पुनरावेदन पत्रः-</u>

- हामि ४ जना (विपक्षी आमा सरस्वती-१, विपक्षी भाई राजेश नेपाली-१, विपक्षी बहिनी कविता नेपाली-१ र म फिरादी राजकुमार नेपाली-१) चार अंशियार हुँदा ४ भागको १ भाग अंश दिलाई पाउँ भनि फिराद दायर गरेपछि मैले विपक्षी आमा सरस्वतीका नाममा कास्की जिल्ला शिशुवा गा.वि.स. वडा नं. २ को कि.नं. ७३७० र ८९७२ का जग्गा तथा माछापुच्छ्रे बैंक लिमिटेडको

खाता नं ३२-४६-५२४-४३५९०४-०१-४ मा रहेको रू.३,६३,३३८।८२ र कैलाश बैंक लि. को खाता नं ९००९००१०८४८५००००००१ मा रहेको रू.२५,५८,६८८।१७ नगद रकम समेत रोक्का गरीपाउँ भनि मिति २०७४।११।१० निवेदन दिएकोमा कास्की जिल्ला अदालतका मिति २०७४।११।११ आदेशानुसार जग्गा रोक्का तथा सम्बन्धित बैंकबाट पत्र प्राप्त भई मिति २०७४।११।१६ को आदेशले बैंक खाता रोक्का समेत भएको अवस्थामा कास्की जिल्ला अदालतबाट फैसला गर्दा उक्त नगद रकमका बारेमा फैसला मौन छ। आमा सरस्वती सार्किले म भारतमा रहँदा नसोधि आफ्नो नाममा जग्गाधनी प्रमाणपुर्जा भएका कास्की जिल्ला कास्कीकोट गा.वि.स. वडा नं.९ को कि.नं. २८८६ र ऐ. को कि.नं.२८८९ समेतका २ कित्ता दुई करोडमा बिक्री गरे पनि कम हुने जग्गा जम्मा मुल्य रू.४२,००,०००।— मा थैली राखि लिनुदिनु गर्नुभएको रहेछ। सो जग्गाको उक्त मिति २०७३।१०।०४ मा र.नं.२९५६ ख को लिखत बदरको लागि दिएको मुद्दामा वादीको फिराद दावी पुग्न नसक्ने ठहर्छ भनि फैसला भएको अवस्था छ भने यस मुद्दामा उक्त माछापुच्छ्रे बैंक लिमिटेड र कैलाश बैंक लिमिटेडमा रहेको रूपैंया बण्डा गर्नु पर्नेमा सो बण्डा नगरी भएको कास्की जिल्ला अदालतको फैसला बदर गरी अचल सम्पत्तिका साथै बैंक खातामा रहेको उक्त रूपैयाँबाट समेत ४ भागको १ भाग अंश दिलाई न्याय पाउँ भन्ने समेत बेहोराको वादी राजकुमार नेपालीको पुनरावेदन जिकिर।

- यी वादी राज कुमार नेपाली वादी बनेर अंश फिराद दर्ता गर्दा निजको जेठो दाजु म पुनरावेदक अंशियारा नै लोप गरी म बाहेक ४ भागको १ भाग अंशको दावी गरेका रहेछन् सो मुद्दाको प्रतिउत्तर पेश गर्दा आमा सरास्वती सार्किले म पुनरावेदक अंशियाराको नाम अंश हक नै लोप गरी गरेको फिराद दावी झुट्टा सिद्ध भएको भन्ने प्रतिउत्तर गर्नुभएको रहेछ सो बमोजिम शुरू अदालतबाट म्याद जारी भै मैले कागज गर्दा कास्की जिल्ला कास्कीकोट गा.वि.स. वडा नं.९ को परिवर्तित ऐ. पोखरा महानगरपालिका वडा नं.२४ को स्थानिय पञ्जिकाधिकारीको कार्यालयबाट जारी भएको जन्म दर्ताको प्रतिलिपी तथा श्री पामे आधारभूत विद्यालय पोखरा महानगरपालिका वडा नं.२४ पामे कास्कीको २०५९ सालको लब्धाङ्क पत्रको प्रतिलिपी माग गरी पेश गरेको र सम्मानित शुरू अदालतबाट भएको मिति २०७६।९।१३ को आदेश बमोजिम सोही वडा नं.२४ लाई पत्राचार गर्नुपर्नेमा वडा नं.१८ लाई पत्राचार गरेको गंभिर त्रुटी भै सो बमोजिम उक्त वडा नं.१८ को कार्यालयबाट म पुनरावेदकको उक्त वडामा जन्मदर्ता रेकर्ड नभएको भनि आएको असम्बद्ध पत्रलाई नै फैसलाले ग्रहण गरी र श्री पामे आधारभुत विद्यालय पोखराबाट बाबु नर बहादुर नेपाली, आमा सरास्वती नेपाली र छोरा सुवास नेपाली भएको समेत व्यहोरा उल्लेख भै आएको प्रमाणित छाप दस्तखत समेत भएको प्रष्ट प्रमाणलाई अनदेखा गरी म पुनरावेदकलाई अंशियारा कायम नगरी गरेको शुरू फैसलाबाट म पुनरावेदकको नैसर्गिक हक अंश नै लोप हुन गएको छ। म पुनरावेदक पिता नरबहादुर सार्की र आमा सरस्वती सार्कीको रजबीर्य करणीबाट जन्मेको औरस सन्तान जेठो छोरा म पुनरावेदक सुवास नेपाली, माहिलो राजकुमार नेपाली, कान्छो राजेश नेपाली र एक छोरी कविता नेपाली समेतका संगोलका ५ अंशियार भएकोमा शुरू फैसलाले

४ अंशियार कायम गरी अंशवण्डा हुने गरी गरेको फैसला बदर गरी अंक हक पाउँ भन्ने समेत व्यहोराको पुनरावेदक प्रतिवादी सुवास नेपालीको पुनरावेदन पत्र।

१०. <u>यस अदालतको आदेशः-</u>

- यसमा, प्रतिवादी मध्ये सरस्वती सार्किका नाउँमा माछापुच्छ्रे बैंक लि. र कैलाश विकास बैंक लि.को खातामा रकम देखिएकोमा सो रकम वादीले अंश पाउने नपाउने तर्फ विवेचना नगरी एवं प्रतिवादी सुवास नेपालीको पोखरा महानगरपालिका वडा नं.२४ बाट जारी भएको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि र निज अध्ययन गरेको पामे आधारभूत विद्यालयबाट निजको बाबु नरबहादुर सार्की र आमा सरास्वती सार्की भएको भनि अदालतलाई लब्धाङ्गपत्र सहित पत्राचार गरेको देखिएकोमा सो को समूचित विवेचना नगरी निज प्रतिवादी सुवास नेपालीलाई अंशियार कायम नगर्ने गरी सुरू कास्की जिल्ला अदालतबाट भएको फैसला प्रमाण मूल्याङ्कनको रोहबाट फरक पर्न सक्ने देखिंदा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २१३(३) बमोजिम प्रत्यर्थी झिकाई आएपछि वा अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नुहोला भन्ने यस अदालतको मिति २०७८।९।२१ को आदेश।
- स्थानीय पञ्जिकाधिकारीको कार्यालय वडा नं. २४ साविक पोखरा लेखनाथ महानगरपालिकाबाट नरबहादुर सार्की तथा सरस्वती सार्कीको छोरा सुवास नेपालीको जन्म दर्ताको प्रमाणपत्र (जारी मिति २०७४/११/२५) उक्त कार्यालयबाट जारी भएको हो होइन? हाल कायमी पोखरा म.न.पा.वडा नं. १८ बाट जवाफ लिनु भन्ने समेत व्यहोराको मिति २०७९/०१/२७ को आदेश। पोखरा महानगरपालिका वडा नं. २४ नं. वडा कार्यालयको च.नं. ३६८१ मिति २०७९/०३/०७ को पत्रमा यस कार्यालयबाट मिति २०७४/११/२५ मा नरबहादुर सार्की तथा सरस्वती सार्कीको छोरा सुवास नेपालीको जन्मदर्ता प्रमाणपत्र जारी भएको भन्ने व्यहोरा देखिन्छ।

<u>ठहर-खण्ड</u>

११. नियमबमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न कागजातको अध्ययन गरी पुनरावेदक, वादी राजकुमार नेपालीको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री कृष्ण प्रसाद तिमिल्सिनाले, विपक्षी सरस्वती सार्कीको नामका माछापुच्छ्रे बैक र कैलाश बिकास बैंकको खाताको ४ भागको १ भाग रकम शुरू जिल्ला अदालतबाट रोक्का भैसकेको अवस्थामा उक्त खातामा भएका रूपैंया बण्डा हुनुपर्नेमा सो नगरी फैसला भएकोले उक्त रूपैयाँ समेतबाट पुनरावेदक वादी राजकुमार नेपालीले ४ भागको १ भाग पाउने गरी फैसला गरीपाउँ बहस गर्नुभयो।

१२. पुनरावेदक प्रतिवादी सुवास नेपालीको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री दीपक पराजुलीले, सुवास नेपाली जेठो छोरा भएकोले निजसहित ५ अंशियारको ५ भाग अंश लाग्नुपर्ने हो भनी आमा प्रतिवादी सरस्वती नेपालीले आफ्नो प्रतिउत्तरपत्र खुलाएकी तथा सुवास नेपालीले अदालतसमक्ष म नरबहादुर सार्कीको जेठो छोरा हुँ भनी सो पुष्टी गर्ने पामे प्राथमिक बिद्यालयबाट कक्षा एक उत्तिर्ण गरेको लब्धाङ्क पत्र र स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट जारी जन्मदर्ताको प्रमाणपत्रको

प्रतिलिपि पेश गरेबाट स्पष्ट हुन आएकोले सुवास नेपालीलाई समेत अंशियारा कायम गरी निजलाई ५ भागको १ भाग अंश दिलाई पाउँ भनी गर्नुभएको बहस समेत सुनियो। त्यसैगरी प्रत्यर्थी प्रतिवादी सरस्वती नेपालीको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री बलराम तिमिल्सिनाले, सरस्वती नेपालीले सुवास नेपाली जेठो छोरा हो भनेकी छन्, राजकुमार नेपाली बाहेक अन्य अंशियारले सुवास नेपालीको बिषयमा कुनै प्रश्न उठाएको अवस्था नहुँदा सुवास नेपालीले समेत अंश पाउनुपर्छ। सरस्वती नेपालीको नाउँमा बैंकमा भएको बचत रकम आफू र अंशियार मध्येकी अपांग छोरी कविता नेपालीको लालन पालन औषधी उपचार समेतको लागी भनी राखेको हो भनी गर्नु भएको बहस समेत सुनियो।

१३. मिसिल अध्ययन गरी हेर्दा, मुल अंशियार बिपक्षी आमा सरस्वती सार्की, भाई राजेश नेपाली, बहिनी कविता नेपाली र म फिरादी राजकुमार नेपाली एकासगोलमा नै रहिरहेकोमा विपक्षी आमा सरस्वती नेपालीले म समेतको सल्लाह बेगर पैतृक सम्पत्ती बिक्री गरेको थाहा पाई सोध्दा किन चाहियो भनि मलाई बस्न तथा खान समेत दिन्न भनी अन्याय गरेको हुँदा बिपक्षीबाट तायदाती फाँटवारी माग गरी सम्पूर्ण सम्पत्तीलाई ४ भाग लगाई ४ भागको १ भाग अंश दिलाई पाउँ भन्ने फिराद दावी पाइयो। फिरादीको दाजु सुवास नेपाली समेत गरी अंशवण्डा गर्नुपर्ने ५ अंशियार छन्। गाउँको जग्गा बेची शहरमा सानो टुक्रा जग्गा लिई भाडामा बस्दै आएको हो। विपक्षी वादीको झुठ्ठा फिराद खारेज गरी पाउँ भन्ने प्रतिवादी सरस्वती सार्कीको प्रतिउत्तर जिकिर एवं अदालतको आदेशानुसार बुझिएका सुवास नेपालीले म समेत मुल ५ अंशियारा छौं, मैले ५ भागको १ भाग अंश पाउनुपर्छ भनी बिद्यालयको लब्धाङ्कपत्र र जन्मदर्ताको प्रमाणपत्र समेत पेश गरी वयान गरेकोमा शुरू जिल्ला अदालतबाट सुवास नेपालीको जन्मदर्ता रेकर्ड नभेटिएको भन्ने सम्बन्धित निकायको जवाफ प्राप्त भएकोले सुवास नेपालीलाई अंशियारा कायम गर्न मिलेन र प्रतिवादी सरस्वती सार्कीको नाउँको सम्पत्तीबाट ४ भागको १ भाग जग्गा वादीले पाउने ठहर्छ भनी भएको फैसलामा चित्त नबुझाई उक्त फैसला बदर गरी सरस्वती सार्कीको नाउँका माछापुच्छ्रे बैंक लि. र कैलाश बिकास बैंकमा रहेको रकम समेत वण्डा लगाई पाउँ भन्ने वादी राजकुमार नेपालीले र मलाई समेत अंशियार कायम गरी ५ भागको १ भाग अंश दिलाई पाउँ भनी प्रतिवादी सुवास नेपालीले छुट्टाछुट्टै पुनरावेदन गरेको देखियो।

१४. उपरोक्तानुसारको विद्वान अधिवक्ताहरूको बहस जिकिर सुनी पुनरावेदन पत्र समेत अध्ययन गरी हेर्दा, **शुरू जिल्ला अदालतको फैसला मिलेको छ, छैन? पुनरावेदक वादी राजकुमार नेपालीको र प्रत्यर्थी प्रतिवादी सुवास नेपालीको पुनरावेदन जिकिर पुग्ने, नपुग्ने के हो? पुनरावेदकहरूले के कति सम्पत्ति को कसबाट पाउने हुन्?** भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१५. निर्णयतर्फ विचार गर्दा, प्रतिवादी सरस्वती नेपालीले आफ्नो प्रत्तिउत्तरपत्रमा अंशियार छोराहरूमा जेठो सुवास नेपाली, माहिलो धनबहादुर (राजकुमार नेपाली), कान्छो जुन बहादुर (राजेश नेपाली) र छोरी भाइरथी नेपाली (कविता) हुन्। मुल अंशियारा ५ जना छौं भनी खुलाएको देखिन्छ। त्यसैगरी प्रतिवादी सरस्वती सार्कीले बावु नरबहादुर सार्की र आमा सरस्वती सार्कीको छोरा सुवास सार्कीको मिति २०५०/०५/११ मा जन्म भएको भन्ने पोखरा महानगरपालिका २४ नं. वडा

कार्यालयबाट जारी जन्मदर्ता प्रमाणपत्रको आधारमा सुवास नेपालीलाई नागरिकता दिलाउनको लागि आवश्यक सिफारिस गरिदिनू भनी परमादेश लगायतका आदेश जारी गरी पाउँ भनी मिति २०७६/५/१ मा उच्च अदालत पोखरामा ०७६-WO-००१५ नं.को मुद्दा दायर गरेको पाइन्छ।

१६. शुरू जिल्ला अदालतको आदेशानुसार बुझिएका सुवास नेपालीले वयानमा म नरबहादुर सार्की र सरस्वती सार्कीको जेठो छोरा हुँ। सुवास नेपाली, राजकुमार नेपाली, राजेश नेपाली गरी ३ भाई छोरा र कविता नेपाली एक छोरी गरी ४ जनाको जन्म भएको हो। ५ भागको १ भाग अंश मैले पाउनुपर्छ भनी खुलाएको पाइन्छ। बुझिएका सुवास नेपालीले वयानसाथ पेश गरेको पामे प्राथमिक बिद्यालय, कास्कीकोट-६ पामेबाट शै.स.२०५९ मा कक्षा १ (एक) उत्तिर्ण गरेको भनि जनिएको प्रमाणपत्र तथा लब्धाङ्कपत्रमा बावुको नाम नरबहादुर नेपाली र आमाको नाम सरस्वती नेपाली भन्ने उल्लेख भएको पाइन्छ। त्यस्तै गरी सुवास नेपालीले वयान साथ पेश गरेको मिति २०७४/११/२५ मा दर्ता गरिएको जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपिबाट कास्की जिल्ला पोखरा लेखनाथ महानगरपालिका वडा नं. २४ बस्ने श्री नरबहादुर सार्की तथा श्री सरस्वती सार्कीको छोरा श्री सुवास नेपालीको मिति २०५०-०५-११ मा घरमा जन्म भएको हो भन्ने देखिन्छ।

१७. बुझिएका सुवास नेपालीले पेश गरेको स्थानीय पञ्जिकाधिकारीको कार्यालय वडा नं. २४ बाट जारी भएको जन्मदर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि सम्बन्धित निकायबाट झिकाउनु भनी शुरू जिल्ला अदालतबाट आदेश भएको र उक्त अदालतबाट पोखरा महानगरपालिका वडा नं. १८ बस्ने नरबहादुर सार्की तथा सरस्वती सार्कीको छोरा सुवास नेपालीको मिति २०७४/११/२५ मा दर्ता गरिएको जन्म दर्ताको प्रमाणित प्रतिलिपि पठाइदिनू भनी पोखरा महानगरपालिका १८ नं. वडा कार्यालयमा पत्राचार भएको देखिन्छ। पोखरा महानगरपालिका १८ नं. वडा कार्यालयले सुवास नेपालीको मिति २०७४/११/२५ मा दर्ता गरेको जन्म दर्ताको रेकर्डमा नभेटिएको भन्ने व्यहोराको पत्रसाथ उक्त मितिको अनलाइन दर्ता रेकर्ड किताबको प्रमाणित प्रतिलिपि समेत साथै राखी पठाएको र उक्त पत्रलाई आधार लिई शुरू अदालतबाट जन्मदर्ता रेकर्डमा नदेखिएको भनि सम्बन्धित निकायबाट जबाफ प्राप्त भएको भनी सुवास नेपालीलाई अंशियारा कायम गर्न मिलेन भनी फैसला भएको पाइन्छ। यस उच्च अदालतका आदेशानुसार प्राप्त पोखरा महानगरपालिका २४ नं. वडा कार्यालयको च.नं.२६८१ मिति २०७९/०३/०७ को पत्रमा यस कार्यालयबाट मिति २०७४/११/२५ मा नरबहादुर सार्की तथा सरस्वती सार्कीको छोरा सुवास नेपालीको जन्मदर्ता प्रमाणपत्र जारी भएको भन्ने व्यहोरा देखिन्छ। शुरू अदालतबाट आदेशमा भनिएभन्दा फरक वडामा पत्राचार गरी प्राप्त जवाफलाई नै आधार लिई मुद्दा फैसला भएको देखिन आएबाट शुरू फैसला बिचारणीय देखिन आउँछ।

१८. प्रतिवादी सुवास नेपालीले आफ्नो वयानसाथ पेश गरेको बावुको नाम नरबहादुर सार्की उल्लेख भएको पामे प्राथमिक विद्यालयबाट कक्षा १ पास गरेको लब्धाङ्क पत्र र पोखरा लेखनाथ महानगरपालिका २४ नं. वडा कार्यालयको जन्मदर्ताको प्रमाणपत्रको सम्बन्धमा वादी राजकुमार नेपालीले कुनै खण्डन गर्न सकेको पाइदैन। **प्रमाण ऐन, २०३१ को दफा ६ को खण्ड (ग) मा** ***"कुनै अदालत वा सरकारी कार्यालयमा कानून राख्नु पर्ने स्याहा, श्रेस्ता वा कागजपत्रमा उल्लेखित गरिएको कुराहरू सही रूपमा उल्लेख गरिएका हुन् भनि अदालतले अनुमान गर्नेछ।..."***, भन्ने उल्लेख भएको देखिन्छ भने ***दफा***

*१९ मा "कुनै निस्सा वा प्रमाणपत्र दिने कानूनी कर्तव्य भएका व्यक्तिले प्रचलित कानूनबमोजिम दिएको निस्सा वा प्रमाणपत्र प्रमाणमा लिन हुन्छ।"* भन्ने व्यवस्था समेतका आधारमा प्रतिवादी सुवास नेपालीले पेश गरेका लब्धाङ्क पत्र र जन्मदर्ता प्रमाणपत्रलाई प्रमाणको रूपमा ग्रहण गर्न हुने नै देखियो।

१९. वादी राजकुमार नेपालीका साक्षी कृष्णबहादुर दमैले अदालत समक्ष बकपत्र गर्दा वादीका पिताले प्रतिवादी सरस्वती नेपालीलाई बिवाह गरेपछि राजकुमार, राजेश र छोरी कविताको जन्म भएको हो। वादीले ४ भागको १ भाग अंश पाउने हुन्। सुवास नेपाली प्रतिवादी सरस्वतीको छोरा भएपनि वादीका पिता नरबहादुरबाट पाएको नभै अघिल्लो पतिबाट ल्याएका हुन् भनी बकपत्र गरेको देखिन्छ। वादीका साक्षीले आफ्नो बकपत्रमा सुवास नेपाली नरबहादुरको छोरा नभइ अरू को कसको छोरा हुन् भनी किटानसाथ नाम खुलाउन सकेको देखिँदैन। त्यस्तै गरी अदालतको आदेशानुसार वादी राजकुमार नेपालीले गरेको कागजमा आमाले भनेको जेठो छोरा सुवास हाम्रो बुवातर्फको छोरा होइन। आमाले अन्तैबाट जन्माएर हाम्रो बुवासँग विवाह गर्नुभएको हो भनेतापनि निजले सुवास नेपालीको बुवा नरबहादुर सार्की नभई अरू कोही हो भनी खुलाई आफ्नो जिकिर पुष्टी गर्न सकेको देखिँदैन।

२०. नरबहादुर नेपाली र नन्दकली नेपालीको तर्फबाट जायजन्म भएका छोराहरू डिलबहादुर नेपाली र रमेश नेपालीलाई मुलुकी देवानी कार्यविधि संहिता, २०७६ को दफा १७६ बमोजिम बुझी नरबहादुर नेपाली र सरस्वती नेपाली तर्फबाट जायजन्म भएका अंशियारा छोराछोरीको विवरण खुलाउनु भनी यस उच्च अदालतबाट आदेश भएको पाइन्छ। उक्त आदेशानुसार निजहरूका नाउँमा ७ (सात) दिने म्याद जारी भएकोमा निजहरू अदालतसमक्ष उपस्थित भई अंशियारा संख्या तथा सुवास नेपाली वादी राजकुमार नेपालीको दाजु नाताको व्यक्ति होइनन् भनी खुलाउन सकेको समेत पाइदैन।

२१. अदालतको आदेशानुसार मुलुकी देवानी कार्यविधि संहिता, २०७६ को दफा १७६ बमोजिम बुझिएका सुमित्रा नेपालीले शुरू अदालतसमक्ष गरेको वयानसाथ पेश गरेको मा.पो.का. कास्कीबाट पारित र.नं. ८१९३ मिति २०५९/१२/१४ को अंश बुझेको भरपाई लिखतमा पुनरावेदक वादी राजकुमार नेपाली र पुनरावेदक प्रतिवादी सुवास नेपाली समेतको नाम उल्लेख भएको देखिँदैन। उक्त अंश बुझेको भरपाई लिखतमा नरबहादुर सार्कीको जेठी श्रीमतीतर्फका छोराहरूले मात्र अंश बुझिलिएको देखिन्छ। यसबाट उक्त मितिमा सरस्वती नेपाली तथा पुनरावेदक राजकुमार नेपाली समेतले आफ्नो अंश भाग छुट्याई लिएको देखिँदैन।

२२. मेरो अंश लोप गरी ४ अंशियारा मात्र कायम गरी भएको शुरू फैसला बदर गरी म समेत गरी ५ अंशियारा कायम गरी पाउँ भन्ने प्रतिवादी सुवास नेपालीको पुनरावेदन जिकिरतर्फ हेर्दा, माथि उल्लेखित आधार कारणबाट प्रतिवादी सुवास नेपालीले पेश गरेको लब्धाङ्कपत्र, स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा दर्ता भएको जन्मदर्ताको प्रमाणपत्र समेतको आधारमा प्रतिवादी सुवास नेपालीको बाबु नरबहादुर नेपाली बाहेक अन्य कोही देखिन आएन। पुनरावेदक प्रतिवादी सुवास नेपालीको बाबु नरबहादुर नेपाली बाहेक अन्य व्यक्ति यी हुन् भनी वादी राजकुमार नेपाली

एवं अन्य अंशियारहरू राजेश नेपाली र कविता नेपाली समेतले खुलाउन नसकेको स्थितिमा प्रतिवादी सुवास नेपालीको बावुको सम्बन्धमा आमा सरस्वती सार्कीको भनाईले नै महत्वपूर्ण स्थान पाउने देखियो। सो हुँदा प्रतिवादी सरस्वती नेपालीको प्रतिउत्तरपत्रमा जेठो सुवास नेपाली समेत ५ अंशियारा रहेको भनी खुलाएबाट सुवास नेपालीको बावु नरबहादुर नेपाली देखिन आइ सुवास नेपालीले समेत ५ भागको १ भाग अंश पाउने देखियो। साथै बच्चाको पिताको सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको "***आमाको गर्भबाट बच्चा पैदा हुने हुँदा मातृत्व एउटा निश्चित तथ्यमा आधारित हुने कुरा हो तर पितृत्वको निर्धारण यस्तो वास्तविक तथ्यको आधारमा हुन सक्तैन। यो जहिले पनि अनुमानकै भरमा हुन्छ र यस्तो विवाद उठेमा पितृत्वको निर्धारण गर्न आमाको कथनले धेरै हदसम्म महत्व राख्दछ तसर्थ पितृत्वको निश्चय गर्न आमाको कथनलाई नकार्न सकिन्न।"[i], "जन्मेको बच्चाको पितृत्वको ठेगान गर्नुपर्दा आमाको भनाईले महत्व पाउने"[ii] र "एउटा पुरूषसँग करणी गरी गराई सोको कारणबाट गर्भ रही वच्चासमेत जन्मेको कुरालाई अर्को पुरूषको करणीबाट सो बच्चा जन्मेको हो भनी अर्को व्यक्तिलाई लान्छना लगाउनु पर्ने कारणको विद्यमानता नरहेकोले प्रतिवादी वाहेकको व्यक्तिको करणीबाट जन्मेको भनी अनुमान गर्न नमिल्ने।"***[iii] भन्ने नजिर समेतका आधारमा यी पुनरावेदक सुवास नेपाली समेत वादीका पिता नरबहादुर नेपाली (सार्की) को तर्फबाट जन्म भएको थप पुष्टी गरिरहेको पाइन्छ।

२३. कास्की जिल्ला अदालतको आदेशानुसार रोक्का रहेको प्रतिवादी सरस्वती नेपालीको नाममा रहेका बैंकका खाताहरूमा रहेको रूपैयाँ वण्डा गर्नुपर्नेमा सो वण्डा नगरी भएको फैसला बदर गरी उक्त बैंक खातामा रहेको उक्त रूपैयाँबाट समेत ४ भागको १ भाग दिलाई पाउँ भन्ने पुनरावेदक वादी राजकुमार नेपालीको पुनरावेदन जिकिरतर्फ हेर्दा, वादी राजकुमार नेपालीको बैंक खातामा रहेको नगद रकम समेत रोक्का राखी राखी पाउँ भन्ने निवेदन माग बमोजिम कास्की जिल्ला अदालतका मिति २०७४/११/१६ मा ४ भागको १ भाग नगद रोक्का राख्नु भन्ने आदेशानुसार सोही मितिमा च.नं. ६३६६ को पत्रबाट सरस्वती नेपालीका नाउको माछापुच्छ्रे बैंक लि.को खाता नं ३२-४६-५२४-४३५९०४-०१-४ मा रहेको रू. ९०,८३४।७० (नब्बे हजार आठ सय चौतिस रूपैयाँ सत्तरी पैसा) र च.नं. ६३६७ को पत्रबाट कैलाश बैंक लिमिटेड को खाता नं ९००९००१०८४८५००००० १ मा रहेको रू. ६,३९,६७२।०४ (छ लाख उनान्चालिस हजार छ सय बहत्तर रूपैयाँ चार पैसा) रोक्का रहेको देखिन्छ। शुरू जिल्ला अदालतले तायदाती फाँटवारीको माग भई वादी प्रतिवादीबाट तायदाती फाँटवारीको सम्बन्धमा निवेदन लिएपश्चात छुट वण्डा गर्नुपर्ने चल अचल सम्पत्ती बाँकी पेश भए पेश गर्नु भनी वादीलाई तारेख तोक्नुपर्नेमा सो गरेको देखिएन। सो हुँदा मुल अंशियारा सरस्वती नेपालीका नाउँ खातामा रहेको मौज्दात रकम नभई पैत्रिक सम्पत्ति नै रहेको देखिदा सो खातामा रहेको मौज्दात रकम अन्य अंशियारालाई समेत वण्डा लाग्ने र पुनरावेदक वादी राजकुमार नेपाली समेतले आफ्नो भाग हिस्सा पाउने नै देखियो।

---

[i] नि.नं. १९८७, नेकाप २०४१, अङ्क ५

[ii] नि.नं. २३००, नेकाप २०४२, अङ्क ३

[iii] नि.नं. ८०२६, नेकाप २०६५, अङ्क १०

२४. यसरी माथी विवेचित एवं उल्लेखित आधार कारणहरू समेतबाट प्रतिवादी सरस्वती सार्कीको नाउँमा बैंक खातामा रकम देखिएकोमा सो बचत रकम वण्डा नगरी एवं पुनरावेदक सुवास नेपाली सहित पाँच अंशियाराहरू देखिएकोमा सुवास नेपालीलाई अंशियार कायम नगरी सुवास नेपाली बाहेक चार अंशियार मात्र कायम गरी वादी राजकुमार नेपालीले ४ भागको १ भाग अंश पाउने ठहऱ्याएको शुरू कास्की जिल्ला अदालतको मिति २०७७।८।२४ को फैसला सो हदसम्म मिलेको नदेखिदा केही उल्टि भई पुनरावेदक सुवास नेपाली समेत अंशियार कायम हुने ठहर्छ। सो ठहर्नाले निज सुवास नेपालीले समेत सरस्वती सार्कीको नाउँमा रहेको चल अचल सम्पत्तिबाट ५ भागको १ भाग अंश पाउने ठहर्छ। साथै प्रतिवादीमध्ये सरस्वती सार्कीको नाउँका कैलाश बिकास बैंकको खाता नं.९००९००१०८४८५००००01 र माछापुच्छ्रे बैंक लि.को खाता नं.३२-४६-५२४-४३५९०४-०१-४ मा जम्मा भएको बचत रकमबाट एवं शुरूबाट वण्डा हुने ठहऱ्याएको जग्गाहरूबाट समेत नरम करम मिलाई पाँच भागको एक भाग वादी राजकुमार नेपालीले समेत अंश भाग छुट्याई चलन चलाई लिने पाउने समेत ठहर्छ। अरूमा तपसिल बमोजिम गर्नू।

<u>तपसिल-खण्ड</u>

- माथी ठहर खण्डमा लेखिए बमोजिम शुरू फैसला केही उल्टी भई *पुनरावेदक प्रतिवादी सुवास नेपाली समेतलाई अंशियार कायम गरी र पुनरावेदक वादी राजकुमार नेपालीले प्रतिवादी सरस्वती नेपालीको नाममा माछापुच्छ्रे बैंक तथा कैलाश विकास बैंकमा रहेका खाताहरूमा मौज्दात रकमबाट आफ्नो भाग* पाउने ठहरी फैसला भएकोले मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २३५ बमोजिम पुनरावेदक वादी राजकुमार नेपालीलाई सरस्वती सार्कीको नाउँको देहायको चल अचल सम्पत्तिबाट **नरम करम मिलाई ५ भागको १ भाग अंश छुट्ट्याई दिनू** भनी शुरू कास्की जिल्ला अदालत तहसील शाखालाई लगत दिनू.........................................................१

<u>प्रतिवादी सरस्वती सार्कीको नाउँमा रहेको वण्डा गर्नुपर्ने सम्पत्ति विवरणः-</u>

| जिल्ला | गा.वि.स./न.पा. | वडा नं. | कि.नं. | क्षे.फ. | कैफियत |
|---|---|---|---|---|---|
| कास्की | शिसुवा | २ | ७३७० | ०-५-१-० | |
| कास्की | शिसुवा | २ | ८९७२ | ०-१-३-० | |
| **कैलाश बिकास बैंकको खाता नं.९००९००१०८४८५००००01 मा जम्मा रकम** | | | | | |
| **माछापुच्छ्रे बैंक लि.को खाता नं.३२-४६-५२४-४३५९०४-०१-४ मा जम्मा रकम** | | | | | |

- पुनरावेदक प्रतिवादी सुवास नेपालीले पुनरावेदन दर्ता गर्दा उच्च अदालत पोखराको रसिद नं. २३३ मिति २०७७/११/१० मा धरौटी वापत कोर्ट फि रू.११२०।—को हकमा मुलुकी देवानी

कार्यविधि संहिता, २०७४ को दफा ८३ बमोजिम वादीबाट भराई पाउने हुँदा उक्त रकम भराई पाउँ भनी ऐ.ऐनको दफा २४८ को म्यादभित्र वादी राजकुमार नेपालीको यसै सरहदको जेथा देखाई निवेदन दिएमा कुनै दस्तुर नलिई भराई दिनू................................................................२

- प्रस्तुत फैसलामा चित्त नबुझे ३० (तीस) दिनभित्र श्री सर्वोच्च अदालतमा पुनरावेदन गर्नू भनी पुनरावेदक वादीलाई पुनरावेदनको म्याद दिनूहोला...........................................................३
- नक्कल माग्ने सरोकारवालालाई नियमानुसार गरी नक्कल दिनुहोला..........................................४
- प्रस्तुत फैसलाको विद्युतीय प्रति विद्युतीय प्रणालीमा अपलोड गर्नुहोला...................................५
- प्रस्तुत फैसला प्रमाणिकरण भएको विवरण सूचना पाटीमा र यस अदालतको वेबसाइटमा प्रकाशन गर्नुहोला........................................................................................................................६
- प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी सुरू मिसिल सुरू अदालतमा पठाई रेकर्ड मिसिल अभिलेख शाखामा बुझाइदिनुहोला...............................................................................................७

**(ऋषि राजभण्डारी)**
**न्यायाधीश**

उक्त रायमा म सहमत छु।

**(उज्ज्वल शुक्ल)**
**न्यायाधीश**

इजलास अधिकृत लेखनाथ पौडेल
कम्प्यूटर अपरेटर प्रेम बहादुर खत्री
**इति सम्वत २०७९ साल माघ महिना ११ गते रोज ४ शुभम्.....................................।**
प्रमाणिकरण मितिः २०७९।११।३
**अदालतको छापः**

**श्री**

**उच्च अदालत तुलसीपुर**

**संयुक्त इजलास**

**इजलास नं. २**

**माननीय न्यायाधीश श्री गोपाल भट्टराई**

**माननीय न्यायाधीश श्री बबिता उप्रेती**

**फैसला**

**निर्णय नं. १०८**

**मुद्दा नं. 077-CS-0231**

जिल्ला दाङ, तुलसीपुर उपमहानगरपालिका वडा नं.११ घर भै ऐ. वडा नं.१५ बस्ने हाल जिल्ला कारागार कार्यालय घोराही दाङमा थुनामा रहेका बर्ष ४० का महेश भन्ने भुवन धिताल.................................................................१ — **पुनरावेदक** **प्रतिवादी**

**विरूद्ध**

सवित्रा डाँगी समेतको जाहेरीले नेपाल सरकार........................................१ — **प्रत्यर्थी** **वादी**

**निर्णय नं. १०९**

**मुद्दा नं. 077-CS-0308**

सवित्रा डाँगी समेतको जाहेरीले नेपाल सरकार........................................१ — **पुनरावेदक** **वादी**

**विरूद्ध**

जिल्ला दाङ साविक उरहरी गा.वि.स. वडा नं.५ हाल तुलसीपुर उपमहानगरपालिका वडा नं. ११ घर भई हाल घोराही उपमहानगरपालिका वडा नं. १५ बस्ने गोविन्द धितालको छोरा बर्ष ४० को महेश भन्ने भुवन धिताल.................................................................................१

जिल्ला दाङ साविक मानपुर गा.वि.स. वडा नं.३ मजगाउँ हाल तुलसीपुर उपमहानगरपालिका वडा नं. १६स्थायी वतन भई हाल दाङ घोराही उपमहानगरपालिका वडा नं. १५ आर्मी व्यारेज नजिक बस्ने जगजित वलीको नाती विर बहादुर वलीको छोरा बर्ष ४१ को सागर वली भन्ने कुलराज वली.....................................................................................१

— **प्रत्यर्थी** **प्रतिवादी**

शुरू फैसला गर्ने अदालत:- श्री दाङ देउखुरी जिल्ला अदालत।

शुरू फैसला गर्ने न्यायाधीश:- श्री डिल्लीराम अर्याल।

कसूर कायम फैसला मिति:- २०७७/०८/२२

सजाँय निर्धारण फैसला मिति :- २०७७/०९/३०

यस अदालतमा पुनरावेदन दर्ता मिति:- २०७७/११/०२

२०७८/०१/०३

उच्च अदालतको फैसलाः- बिगोको हकमा केही उल्टी

**मुद्दाः ठगी।**

**न्याय प्रशासन ऐन, २०७३ को दफा ८ (३) बमोजिम दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छ:-**

**तथ्यखण्डः**

१. **अनु डाँगी समेत ५ जनाको जाहेरी:-**

मिति २०७५/०७/०१ गते देखी प्रतिवादी भुवन धितालले घोराही उपमहानगरपालिका वडा नं.१४ मिलन चोक स्थित रेखा धितालको घर कोठामा हामी जाहेरवालीहरूलाई भेला जम्मा गराई जाहेरवालीहरूमध्ये अनु डाँगीबाट नगद रू.७,००,०००।— (सात लाख) र ५ तोला १२ आनाका सुनको गहना, र मेघा बैंक र गण्डकी बिकास बैंकका साईन मात्र गरेका खाली चेकहरू, रेखा धितालबाट नगद रू.७,००,०००।- (सात लाख) र १२ आनाको सुनको बाला थान-१, गण्डकी र सिटिजन बैंकको खाली चेक थान-५, जानकी कुमारी भण्डारीबाट नगद रू.२,५०,०००।— (दुई लाख पचास हजार), सपना के.सी.बाट रू.३,५०,०००।— (तीन लाख पचास हजार), काठमाण्डौं बैंकको चेक थान-२, लेख कुमारी दाहालबाट नगद रू.३,५०,०००।- (तीन लाख पचास हजार), सुनका गरगहनाहरू र खाली चेक लिई गएकोमा निजले हामी जाहेरवालीहरूबाट लिएको नगद र धनमाल पटक पटक माग्दा दिन आलटाल गर्ने, जे गर्न सक्छौ गर तिमीहरूलाई जानेको छु भनी धम्काउने, अपशब्द प्रयोग गरी गाली गलौज, हातपात दुर्व्यबहार गर्ने गरेकोले कानून वमोजिम गरी निजले ठगी गरेको धनमाल दिलाई पाउँ भन्ने अनु डाँगी, रेखा धिताल, लेख कुमारी दाहाल, सपना के.सी. र जानकी कुमारी भण्डारीको जाहेरी दरखास्त।

२. **पुनिता चौधरीको जाहेरीः-**

प्रतिवादी भुवन धितालले मिति २०७५/०२/०६ गते देखी घोराही उप-महानगरपालिको बिभिन्न स्थानमा मलाई फकाई फुलाई प्रलोभनमा पारी विश्वास दिलाई मबाट बिभिन्न मितिमा नगद रू.३१,९१,५००।— (एकतीस लाख एकानब्य हजार पाँच सय) लिई रकम लिएको आधार चाहिन्छ भनी झुक्याई नेपाल बैंक लिमिटेडको खाता नं. ००२७१००१७४७४२ को चेक नं.७६६३५४७८ लिएको, मेरो नाममा मिति २०७३।३।१९ गते रू.१,००,०००।- (एक लाख रूपैया) र मिति २०७३।३।१९ गते रू.१,००,०००।- (एक लाख रूपैया) को तमसुकमा जबरजस्ती साईन गर्न लगाई लिई गएकोले कानून बमोजिम गरी पाउँ भन्ने पुनिता चौधरीको जाहेरी दरखास्त।

३. **रिता मिजारको जाहेरीः-**

प्रतिवादी भुवन धितालले मिति २०७५/०२/०६ गते देखी पटक पटक मबाट घोराही उप-महानगरपालिकाका बिभिन्न स्थानबाट नगद रू.६,३०,०००।—(छ लाख तिस हजार) लिई रकम लिएको आधार चाहिन्छ भनी उल्टै बैक अफ काठमाण्डौ लिमिटेडको चेक नं.००४२६२८९४५, नं.००४२६२८९४४, नं.००४२६२८९४७, नं.००४२६२८९५० र गण्डकी बैंकको

नं.२०००९५६९४३ को चेकमा विश्वासमा पारी साईन गर्न लगाई लिई रकम असुल गर्ने गरेको र नदिएमा पत्रकार हुँ चेक बाउन्स गरी उल्टै मुद्दा लगाई दिन्छु भन्दै दुर्व्यवहार गरेकोले कानून बमोजिम गरी पाउँ भन्ने रिता मिजारको जाहेरी दरखास्त।

४. **झुप्ली पुनको जाहेरीः-**

प्रतिवादी भुवन धितालले मिति २०७३/८/१४ गते म जाहेरवालीको बुहारी लिला पुनको नाममा दर्ता श्रेस्ता भएको ५ धुर जग्गा र उक्त जग्गामा बनेको ३ कोठाको १ ढलान भएको पक्की घर जम्मा मुल्य रू.२२,५०,०००।— (बाइस लाख पचास हजार) खरीद गरी लिएकोमा रू.२२,५०,०००।- (बाइस लाख पचास हजार) मध्ये रू.६,०००००।- (छ लाख रूपैया) मात्र दिएको र बाँकी रू.१६,५०,०००।— (सोह्र लाख पचास हजार) पटक पटक माग्दा नदिई उल्टै धाकधम्की दिने गरेकोले निज भुवन धितालालाई कानून बमोजिम कारवाही गरी ठगी गरेको रकम रू.१६,५०,०००।— (सोह्र लाख पचास हजार) दिलाई पाउँ भन्ने झुप्ली पुनको जाहेरी दरखास्त।

५. **सपना चौधरीको जाहेरीः-**

प्रतिवादी भुवन धितालले मिति २०७५/६/२९ गते देखी घोराहीका बिभिन्न वडाबाट मलाई विश्वासमा पारी नगद रू.८,००,०००।—(आठलाख) नेपाल बंगलादेश बैंकको चेक नं. ०००२७२९३६७, नं. ०००३६१५८०, नं. ००३६१५१७९, नं. ०००२७२९३६८ र गण्डकी विकास बैंकको चेक नं.२०००९५७६६० का चेकहरूमा मलाई साइन मात्र गर्न लगाई लिई गएकोले मेरो साथबाट लिएको नगद तथा चेकहरू समेत पटक पटक माग्दा नदिई उल्टै जे गर्न सक्छौ गर भनी धाक धम्की दिएकोले यसरी विश्वास दिलाई नगद तथा चेकहरू लिई ठगी गर्ने महेश भन्ने भुवन धितालालाई कानून बमोजिम कारवाही गरी मेरो नगद समेत दिलाई पाउँ भन्ने सपना चौधरीको जाहेरी दरखास्त।

६. **गमला बुढासमेत ४ जनाको जाहेरीः-**

प्रतिवादी भुवन धितालले मिति २०७५/०५/१२ गते गमला बुढाबाट नगद रू.५,९९,५००।— (पाँच लाख उनान्सय हजार पाँच सय), ग्लोबल आई.एम.ई.बैंकको खाली चेक थान-५, म बिमला ऐरीबाट हिमालयन बैंकको चेक थान-२ (दुई), मआशा शाहबाट नगद रू.३,५०,०००।— (तीन लाख पचास हजार) र म सावित्रा डाँगीबाट नगद रू.७,०००००।—(सात लाख) ग्लोबल आई.ए.ई.बैक, गण्डकी बैंक,आई.एम.ई.बैंकको ५/६ वटा चेकहरूमा विश्वासमा पारी साईन मात्र गर्न लगाई रकम र अन्य विवरण आफैले लेखी लिएको र हामी जाहेरवालीहरूबाट लिएको नगद तथा चेकको धनमाल पटक पटक माग्दा दिन आलटाल गर्ने जे गर्न सक्छौ गर तिमीहरूलाई जानेको छु भनी धम्काउने, अपशब्द प्रयोग गरी गाली गलौजहातपात दुर्व्यबहार समेत गर्ने,घुमुवा पुलिस बोलाएर तिमीहरूलाई तह लगाउछु,तिमीहरूबाट लिएको रकम र बैंकहरूको चेक नदिए पनि मेरो केही बिगार्न सक्दैनौ, मैले चाहे भने तिमीहरूबाट लिएको रकम पनि दिन्न र तिमीबाट मैले लिएको चेक पनि बाउन्स गरि उल्टै मुद्दा दिन्छु भनी डर त्रास तथा धाक धम्की, हातपात

तथा दुर्व्यबहार गरी रकम लिई नदिई खाएकोले कानून बमोजिम गरी पाउँ भन्ने गमला बुढा, बिमला ऐरी, आशा शाह र सावित्रा डाँगीको जाहेरी दरखास्त।

७. **शिवा पुनको जाहेरीः-**

प्रतिवादी भुवन धितालले मिति २०७५/१/४ गते मलाई झुक्यानमा पारी पैसाको जरूरी परेको छ, मैले नारायणपुरमा रहेको ५ मिटरको घडेरी बिक्री गर्न लागेको छु, तपाईलाई सस्तोमा घडेरी चाहिएको छ भने अहिले मलाई रू.४,००,०००।— (चार लाख) दिनुहोस २/३ दिन पछि घडेरी रजिष्ट्रेसन पास गरि दिउँला भनी ललाई फकाई विश्वास दिलाई रू.४,००,०००।— (चार लाख) लिएकोमा जग्गा पास गरिदिनुहोस् भनि पटक पटक अनुरोध गर्दा तपाईलाई रकम पनि दिदैन र जग्गा पास पनि दिदैन जे गर्न सक्नु हुन्छ गर्नुहोस भनी मेरो साथमा लिएको रकम बेईमानी पूर्व झुक्याई खान खोजेकोले निजलाई कानून बमोजिम कारवाही गरी पाउँ भन्ने शिवा पुनको जाहेरी दरखास्त।

८. **सितल बुढा समेत ३ जनाको जाहेरीः-**

प्रतिवादी भुवन धितालले मिति २०७५/८/१७ गते घोराहीका बिभिन्न स्थानहरूबाट म जाहेरवाली सितल बुढाबाट नगद रू.१२,०००००।- (बाह्र लाख रूपैया), साईन मात्र गर्न लगाई बैंकका खाली चेक थान-३, म अम्बिका भाट क्षेत्रीबाट नगद रू.२,०००००।(दुई लाख रूपैया) चन्द्र बहादुर भाट क्षेत्रीको भारितीय पेन्सन पट्टा थान-१ (एक) र म नुमा कुमारी पुन मगरबाट नगद रू.३२,०००००।- (बत्तिस लाख रूपैया), दस्तखत मात्र गरेका बैंकका चेकहरू थान-५ राम्रो व्याजमा लगाई दिन्छु भनी फकाई फुलाई विश्वास दिलाई लिई बेईमानी पूर्वक ठगी खाएकोले कानून बमोजिम कारवाही गरी पाउँ भन्ने सितल बुढा, नुमा कुमारी पुन मगर र अम्बिका भाट क्षेत्रीको जाहेरी दरखास्त।

९. **बरामदी मुचुल्काः-**

जिल्ला दाङ लमही नगरपालिका वडा नं.९ अमिलिया स्थित पूर्व पश्चिम महेन्द्र राजमार्ग, उत्तरमा गायत्री सामुदायिक वन र दक्षिणमा चुडामणी वलीको घर यति चारकिल्ला भित्र रहेको पूर्व पश्चिम महेन्द्र राजमार्गमा ड्यूटीमा खटिएको प्रहरी टोलीले चेकजाँच गर्ने क्रममा पुर्वबाट पश्चिमतर्फ जाँदै गरेको बा.१५च.७६६८ नं.को सेतो रङको कारमा सवार गरी आएका महेश भन्ने भुवन धितालालाई पक्राउ गरी वारदातमा प्रयोग भएको बा.१५च.७६६८ नं.को सेतो रङको कार-१(एक), महेश भन्ने भुवन धितालको साथमा रहेको बिभिन्न दरको नेपाली नोट रू.१८,५००।- (अठार हजार पाँच सय रूपैया), सुनको औठी थान-२(दुई), हातमा लगाएको सुनको ब्रासलेट थान-१(एक), सामसुङ कम्पनीको मोबाईल थान-१, DTC कम्पनीको मोबाईल थान-१(एक), महेश धितालको PRESS लेखिएको पत्रकारको परिचय पत्र थान-१(एक) रितपूर्वक बरामद भएको भन्ने मिति २०७५/१२/१३ गतेको बरामदी मुचुल्का।

### १०. खानतलासी मुचुल्काः-

जिल्ला दाङ घोराही उप-महानगरपालिका वडा नं.१५ हिमाल टोल स्थित पूर्वमा हिमाल टोल देखी राप्ती सुपरमार्केटतर्फ जाने सडक बाटो, पश्चिममा खाली जग्गा उत्तरमा राम प्रसाद देवकोटाको घर र दक्षिणमा खाली जग्गा यति चारकिल्ला भित्र महेश भन्ने भुवन धिताल बस्दै आएको २ तलाको पक्की घरको कोलियामा पार्किङ गरि राखेको वारदातमा प्रयोग भएको भनिएको भे.८प.३९५५ नं.को APRILIA-150 स्कुटीथान-१ र सोही घरको माथिल्लो तलाको पश्चिम उत्तरतर्फको कोठाबाट पुजा वलीको नमुना बचत तथा ऋण सहकारी संस्थाको चेक नं.१०४०३०२००००२८३, हिमालयन बैंकको चेक नं.०२४०६०८७३९००१६, नं. ०२४०६०८७३९००१६, जानकी कुमारी भण्डारीको वर्ष्टन बैंकको चेक नं.१०००३०२३०७, नं. ००००५६७१५१, नं. ००००५५१३१९, नं.००००५६७१५७, सपना के.सी.को नं. २११८००००२४१८५२४, रेखा धितालको सांग्रिला डेभलमेन्ट बैंकको चेक नं. ०२१-०२१०१४००११२२६७००००००१, गण्डकी विकास बैंकको चेक नं.०६०८१३००२३०९१२००००००१, सिटिजन बैंकको नं. ०१९००१७५१, नं. ००१०५३१५४६, नं. ०००९०१७८०४, नं. ००१०५३१५४५, नं. ००१०५३१५४८, आई एम.ई. फाईनान्सियल ईष्टिच्यूराम लिमिटेडको नं. ०३००३००००००९२१ चेक रितपूर्वक बरामद भएको भन्ने बरामदी खानतलासी मुचुल्का।

### ११. प्र. भुवन धितालको घरको खानतलासी मुचुल्काः-

जिल्ला दाङ घोराही १५ हिमाल टोल स्थित पूर्वमा हिमाल टोल देखी राप्ती सुपरमार्केटतर्फ जाने सडक बाटो, पश्चिममा खाली जग्गा उत्तरमा राम प्रसाद देवकोटाको घर र दक्षिणमा खाली जग्गा यति चारकिल्ला भित्र महेश भन्ने भुवन धिताल बस्दै आएको २ तलाको पक्की घरको रहेको सोही घरको माथिल्लो तलाको पश्चिम उत्तरतर्फको कोठामा पूर्वतर्फको भित्तामा सटाएर राखेको दराजको पिंधको घरामा रातोमा सेतो प्लाष्टिकमा पोको बनाई लुकाई राखेको अवस्थामा जानकी लेखी सहीछाप मात्र गरेको खाली तमसुक-१ वटा, सुनिता लेखी सहीछाप मात्र गरेको तमसुक-१, सितल मात्र लेखी सहीछाप मात्र गरेका खाली तमसुक थान-२, भि.एस.मोटर्स प्रा.लि.नेपालगंज बाँकेको कागज-१, बा.१५च.७६६८ नं. को कारको बिक्री नामाको कागज-१, अन्जु चौधरीलाई रू.४,००,०००।— (चार लाख) ऋणि बनाई दिएको तमसुक कागज पाना-१, पदमा बस्नेतलाई रू.६,००,०००।— (छ लाख) (को ऋणी बनाई बनाएको तमसुक पाना-१, यम बहादुर बि.क.बाट रू.८,००,०००।— (आठ लाख) ल्याएको तमसुक कागज-१, सुनिता सुवेदीलाई ऋणी बनाई लेखिएको रू.३,००,०००।- (तीन लाख) दिएको तमसुक थान -१, पुनिता चौधरीलाई ऋणि बनाई १/१ लाख तमसुक थान -२, सुनिता सुवेदीलाई ऋणी बनाई दिएको रू.२,००,०००।— (दुई लाख) को तमसुक कागज-१, राम बहादुर थारूलाई ऋणी बनाई रू.६,००,०००।— (छ लाख) दिएको तमसुक कागज थान-१, लक्ष्यवती के.सी.लाई ऋणी बनाई रू.१२,००,०००।— (बाह्र लाख) र रू.४,००,०००।— (चार लाख) को तमसुक थान-२, र रू.४,००,०००।— (चार लाख) कागज थान-१, रमेश चौधरीलाई ऋणी बनाई गराएको रू.४/४

लाखको कागज थान -२, बुद्धि प्रसाद चौधरीलाई ऋणी बनाई दिएको तमसुक कागज-१, पदमा बस्नेतलाई ऋणी बनाई दिएको रू.२,००,०००।— (दुई लाख) को तमसुक कागज-१, भुमिका खत्रीलाई ऋणी बनाई दिएको रू.६,००,०००।— (छ लाख) को कागज -१, बिमला बुढालाई ऋणी बनाई लेखिएको रू.४,००,०००।— (चार लाख) को कागज-१, पार्वती घर्ती ऋणी भएको रू.४,००,०००।— (चार लाख) को कागज-१, धर्मा बस्नेतलाई ऋणी बनाई गरेको रू.३,००,०००।— (तीन लाख) को तमसुक कागज-१, अन्जु चौधरीलाई ऋणी बनाई गरेको रू.२,००,०००।— (दुई लाख) को तमसुक कागज-१, दिपक चौधरीलाई ऋणी बनाई गरेको रू.४,००,०००।— (चार लाख) र रू.१,००,०००।— (एक लाख) को कागज-२, सारदा कुमारी सिजवाललाई जग्गा खरीद बिक्रीको व्यहोराको कागज-१, नुमा कुमारी पुन मगर ऋणी भएको रू.२,००,०००।— (दुई लाख) र रू.८,००,०००।— (आठ लाख) को कागज-२, गोविन्द प्रसाद धिताल ऋणी भएको रू.६,००,०००।— (छ लाख) को कागज-१ र अनु डाँगी ऋणी भएको रू.६,००,०००।— (छ लाख) को तमसुक कागज-१ र SABITRA DANGI-K-031730,A-031732, 9-2000957651, 002336546, 0023363550, 0023363543, चेक थान-६, RITA MIJAR-R2000956943, 0042628950, 004262894, 0042628944, 0042628945 चेक थान-५, GAMALA BUDHA-0021227946, 0021227938, 002122937, 0021227949, चेक थान-४, SEETAL BUDHA-10935475/04011, 0026/2610017505931, 10935478 /0401/0026/26/0017505931 चेक थान-२, NUMA KUMARI PUN MAGAR-00133480245 चेक थान-१, DIPAOLI-0007826934, PRERANA KHADKA (BUDHATHOKI) -2000957767, 2000957768, 0005482570, SAPANA CHAUDHARY -K2000957660, 0002729367, 0003615180, 0003615179, 0002729368, ANJU CHAUDHARY-004960923, 004960927, 0004960924, MANJU KUMARI K.C.-0005604402, 5-025730, X025733, BHUPKAMARI YOGI-000420385, 0004240384, SUNITA SUBEDI-4 048070, 0403478,0004963572, 0403475, KRISHNI SARKI-2000958382, 2000958384, BHIM KUMARI K.C.-023107004359701(324), KAMALA B.K.-0043765432, 004376434, बिमला साईन मात्र गरेको कृषि विकास बैंक लिमिटेको 0447085, 0447082, नेपाल एस बिआई बैंकको 15425704, 1596943, 16788557, 17537269जानकी साईन मात्र भएका राष्ट्रिय बाणिज्य बैंकका चेक नं.०३९७७६७, LAXYABATY K.C.-0038148233, PUNITA CHAUDHARY-7663547, SUSHILA BUDHATHOKI-69192802, PADMA BASNET-0004964059, TARA PRASAD RASAILI-004268131, DINESH BHUSAL- 0041118009, SHILA PUN(MALLA)-0003365456,RITA GHARTI-0020048813, SMOVA DANGI-0042628131, SARITA NATA-8-025960, DEEPAK CHAUDHARY-0013353880, SHAMBHU K.C.-0000104925, MALATI BUDDA ROKA MAGAR-00000121, KRISHNA BAHADUR RAWAT-0020295856, JYOTI SHRESTHA-6139082, SAGARMATHA AUTO TRADERS-0001547871, LEDEGS NO.5, AMAN LEDGER NO.300, NOTE BOOK XN-8518 लेखिएको डायरी थान-(तिन), Music of Nature लेखिएको कपी थान-१, P.P.O.NO.240550137135 CHANDRA BDR CHHETRI को भारतिय पेन्सन पट्टा थान-१(पाना-१४) ANU DANGI-2018089475, 2019702116. 2018810574 भौचर थान-२ समेत प्रहरी टोलीले रितपूर्वक बरामद गरेको मुचुल्का।

**१२. प्रतिवादी भुवन धितालले मौकामा गरेको बयानः-**

जाहेरवालीहरू अनु डाँगीलाई रू.१७,००,०००।— (सत्र लाख), रेखा धिताललाई रू.१०,००,०००।— (दश लाख), जानकी कुमारी भण्डारीलाई रू.२,००,०००।- (दुई लाख),सपना के.सी.लाई रू.४,००,०००।- (चार लाख), बिमला ऐरीलाई रू.१,५०,०००।- (एक लाख पचास हजार), साविञा डाँगीलाई रू.७,५०,०००।- (सात लाख पचास हजार), गमला बुढालाई रू.४,२०,०००।- (चार लाख बिस हजार), सितल बुढालाई रकम दिएको छु, तर कति दिएको छु थाहा छैन। अम्बिका भाट क्षेत्रीलाई रू.१,००,०००।— (एक लाख), नुमा कुमारी पुन मगरलाई रू.१३,००,०००।— (तेह्र लाख), सिवा पुनलाई रू.३,००,०००।— (तीन लाख), सपना चौधरीलाई रू.९५,०००।— (पन्चानब्बे हजार), रिता मिजारलाई रू.२,००,०००।— (दुई लाख) र पुनिता चौधरीलाई रू.४,००,०००।— (चार लाख) ऋण दिई प्रमाण समेत गराई बार्षिक ३६ प्रतिशत व्याजमा मैले रकम लगानी गरी प्रमाणको रूपमा जाहेरवालीहरूलाई बिभिन्न बैंकहरूका चेकहरूमा साईन मात्र गर्न लगाई अन्य बिवरण (रकम, नाम, मिति) म आफैले लेखी राखेकोमा पटक पटक मैले लगानी गरेको रकम व्याज सहित माग्दा जाहेरवालीहरूले नदिने मनसाय बनाएर राम्रो व्याज लगाई दिन्छु भनी जाहेरीमा उल्लेखित रकम लिई नदिई खाएको भनी किटानी जाहेरी दरखास्त दिएकी हुन। मैले जाहेरवालीहरूलाई रकम दिई रकम असुल गर्न सजिलो होस भनेर बिभिन्न बैंकहरूका चेकहरूमा साईन मात्र गर्न लगाई ल्याई नाम, रकम र मिति म आफैले लेखी रकम असुल गर्दै आएको थिए। जाहेरवालीहरू आफैले हामी समुह खेल्न लागेका छौं, हिसाव राखी दिनु पऱ्यो भनेकाले हिसाब राखी दिएको हुँ। मैले गर्दै आएको कारोबारमा पत्रकार सागर वली भन्ने कुलराज वलीले पनि ३६ प्रतिशत ब्याजमा रकम लगानी गर्ने र यसमा आएको नाफा समेत खाने गर्दै आएका छन। सागर वली भन्ने कुलराज वलीले प्रहरीले तपाईलाई खोजीरहेको छ, तपाईलाई भेट्यो भने थुनी हाल्छ ईज्जत जान्छ तपाई भागी हाल्नुहोस्,म यहाँ सबै कुरा मिलाउँछु बाँकी कुरा पछि गरौला भनी मिति २०७५/१२/१३ गते बिहान रू.१,५०,०००।- सोही दिन बिहान १२/०१ बजे तुल्सीपुर बीरेन्द्रचोकसम्म गई मलाई भेटी तपाई भागी हाल्नु होस भनी सिकाएकोले म दाङ छोडी नेपालगंज हुँदै बाहिर जाने मनसायले बा.१५च.७६६८ नं.को कारमा भाग्दै गर्दा लमही नगरपालिका वडा नं.९ अमिलियाबाट पक्राउ परेको हुँ। मेरो साथबाट बरामद भएको PRESS (रिपोर्टर) लेखिएको मेरो परिचय पत्र प्रहरीले मेरै साथबाट बरामद गरी ल्याएको हो।म पत्रकार होईन, निजसागर वली भन्ने कुलराज वलीले अहिलेको जमानामा पत्रकार भन्ने बित्तिकै प्रशासनका हाकिम समेत डराउँछन् तपाईलाई फाईदा नै हुन्छ, यता उता हिड्दा उक्त पत्रकारको कार्ड भयो भने मानसम्मान अलग्गै हुन्छ धेरै रकम खर्च पनी हुदैन भनी उक्त पत्रकारको परिचय पत्र बनाई दिएका हुँन्। मैले जाहेरवालीहरूले जाहेरीमा उल्लेख गरे बमोजिम नगद र सुनका गर-गहनाहरू लिई नदिई खाएको छैन। जाहेरवालीहरूले मलाई दिनु पर्ने रकम दिने भए देउ नत्र तिमीहरूबाट मैले ल्याएको चेकहरू बाउन्स गरी मुद्दा लगाई दिन्छु। म पत्रकार पनि हो के गर्नुपर्छ मलाई थाहा छ भनी डराउनलाई धम्काएको मात्र हुँ। मैले जबरजस्ती साईन गर्न लगाई चेकहरू तथा रकम समेत लिई खाएको होईन। मैले जाहेरवालीहरूलाई ऋण स्वरूप दिएको रकम नतिर्ने मनसाय

बनाई जाहेरवालीहरूले जाहेरी दरखास्तमा उल्लेखित रकम, सुनका गर-गहनाहरू र बिभिन्न बैंकका चेकहरूमा जवरजस्ती साईन गर्न मात्र लगाई लिएको भनी आरोप लगाएकी हुन भन्ने समेत व्यहोराको प्रतिवादी महेश भन्ने भुवन धितालले अनुसन्धानको क्रममा गरेको बयान।

**१३. प्रदिप गौतमको घटना विविरण कागजः-**

म मासिक रू.१५,०००।- मा प्रतिवादी महेश भन्ने भुवन धितालको गाडि चलाउँथे। मिति २०७५/१२/४ गते मैले प्रतिवादी भुवन भन्ने महेश धितालको गाडि चलाई नेपालगंजतर्फ जाँदै गर्दा अमिलियाबाट प्रहरी टोलीले महेश धिताललाई खान तलासी गरि पक्राउ गरी ल्याएको हो भन्ने प्रदिप गौतमको घटना विवरण कागज।

**१४. रेणु रूचालको घटना विवरण कागजः-**

प्रतिवादी महेश भन्ने भुवन धितालले टोलका एकल महिला, श्रीमान विदेश गएका महिला र गाउँमा घर जग्गा भएका अनपढ सिधासादा महिलाहरूलाई मात्र भेला जम्मा गराई राम्रो व्याज दिने थोरै रकम जम्मा गरेमा धेरै राम्रो फाईदा हुन्छ भनी जाहेरवालीहरू सपना के.सी., रेखा धिताल, अनु डाँगी, लेख कुमारी दाहाल, जानकी कुमारी भण्डारी समेतबाट राम्रो व्याजमा लगाई दिन्छु भन्दै पटक पटक रकम उठाई तिमीहरूले मलाई रकम दिएको आधार चाहिन्छ भन्दै उल्टै सबै जनालाई बैंकहरूका चेकहरूमा हस्ताक्षर मात्र गर्न लगाई लिने गर्दथे। निजले जाहेरवालीहरू लाई पटक पटक अपशब्द प्रयोग गरी गाली गलौज, हातपात, दुर्व्यवहार गरेको, जाहेरवालीहरूले रकम माग्दा नदिने म पत्रकार हो, तिमीहरूले मलाई रकम दिएको के प्रमाण छ भन्दै धम्काउने गरेको मैले देखी किन यस्तो दुर्व्यवहार गर्नु हुन्छ भन्दा निजले म समेतलाई थर्काउने गर्दथे। यसरी निजले टोल छिमेकका ईज्जतदार एकल महिला श्रीमान बिदेश गएको मौका पारी अनेक परिपञ्चमा पारी ललाई फकाई रकम राम्रो व्याजमा लगाई दिन्छु भनी रकम लिई दुर्व्यबहार समेत गर्ने गरेका थिए भन्ने रेणु रूचालको घटना विवरण कागज।

**१५. नारायण वलीको घटना विवरण कागजः-**

प्रतिवादी महेश भन्ने भुवन धितालले शम्भु के.सि.बाट ऋण कटाई लिएको बा.१५च.७६६८नं.को गाडी चलाउने मानिस छैनन् चलाई दिनु भनेकोले मैले निजको गाडि चलाउने गर्दथे। निज प्रतिवादी महेश भन्ने भुवन धितालले जाहेरवालीहरू रेखा धिताल, अनु डाँगी लगायतका महिलाहरू सँग रकम उठाई गाडीमा राखि ल्याउने गर्दथे। निजले कती रकम उठाए कति पटक ल्याए मलाई एकिन थाहा छैन। निजले जाहेरवाली अनु डाँगी, रेखा धिताल, जानकी कुमारी भण्डारी, सपना के.सी., लेख कुमारी दाहाल, गमला बुढा, आशा शाह, सावित्रा डाँगी, सिवा पुन, पुनिता चौधरी, झुप्ली पुन, रिता मिजार, सपना चौधरी, सितल बुढा, अम्बिका भाट क्षेत्री, नुमा कुमारी पुन मगर, पुजा वली, लगायतका महिलाहरूबाट जाहेरीमा उल्लेख भए अनुसारको नगद र सुनका गर गहना लिई नदिएको र जाहेरवालीहरूलाई धाकधम्की डर त्रास देखाई नगद रकम, सुनका गर-गहनाहरू लिई नदिई उल्टै खाली चेकहरूमा दस्तखत मात्र गर्न लगाई नाम, रकम र मिति आफैले लेखी रकम असुल गर्दै आएको कुरा सुनी थाहा पाएको हुँ भन्ने नारायण वलीको घटना विवरण कागज।

**१६. केशर वलीको घटना विवरण कागजः-**

मैले मासिक रू.१५,०००।— (पन्ध्र हजार) मा प्रतिवादी महेश धितालकोगाडी चलाउथें। प्रतिवादी भुवन धिताल १/२ दिनको अन्तरमा बा १५ च ७६६८ नं. को गाडीमा रेखा धितालको घरमा जाने र रेखा धितालको घरको छतमा महिलाहरूलाई भेला जम्मा गरी समुह बनाई ५०० र १००० दरका नोटको गड्डी ल्याई बा १५ च ७६६८ नं.को गाडीमा राखेर ल्याउने, लिने गर्दथे। पत्रकार सागर वली भन्ने कुलराज वली प्रतिवादी महेश भन्ने भुवन धितालका पार्टनर हुन, निजहरू दुबै जनाले महिलाहरूलाई मात्र भेला जम्मा गराई राम्रो व्याज लगाई दिन्छु भनी रकम जम्मा गरी लिने गर्दथे। के कति रकम उठाई लिने दिने काम गरेका हुन मलाई थाहा छैन। निजले गाडीमा हिड्दा र कहिले काँही होटेलमा नास्ता खान बस्दा म पत्रकार पनि हुँ भन्दथे र अनु डाँगी, रेखा धिताल समेतसँग बोल्दा अली हेपेर, छुच्चो तवरले अपशब्द प्रयोग गरी बोल्ने गर्दथे। निजले जाहेरवाली अनु डाँगी, रेखा धिताल, जानकी कुमारी भण्डारी, सपना के.सी., लेख कुमारी दाहाल, गमला बुढा, आशा शाह, सावित्रा डाँगी, सिवा पुन, पुनिता चौधरी, झुप्ली पुन, रिता मिजार, सपना चौधरी, सितल बुढा, अम्बिका भाट क्षेत्री, नुमा कुमारी पुन मगर, पुजा वली, लगायतका महिलाहरूबाट जाहेरीमा उल्लेख भए अनुसारको नगद र सुनका गरगहना लिई नदिएको र जाहेरवालीहरूलाई धाकधम्की डर त्रास देखाई नगद रकम, सुनका गर-गहनाहरू लिई नदिई उल्टै खाली चेकहरूमा दस्तखत मात्र गर्न लगाई नाम, रकम र मिति आफैले लेखी रकम असुल गर्दै आएको कुरा सुनी थाहा पाएको हुँ भन्ने बुझिएका केशर वलीको घटना विवरण कागज।

**१७. रोशन बुढाथोकीको घटना विवरण कागजः-**

मलाई महेश भन्ने भुवन धितालले अर्को चालक नराखे सम्म गाडि चलाई देउ भनेकाले मैलै माशिक १५/२० हजारमा सहयोगीको रूपमा काम गर्ने गर्दथे। निज प्रतिवादी भुवन धितालले घुम्न जाउँ भनेपछि म, नारायण वली, रोशन बुढाथोकी समेत भई नेपालगंज, बुटवल, सुनौली, तुल्सीपुर स्थित महेश धितालको सुसुराली घर, घोराही बसपार्कमा रहेको पुजा वलीले संचालन गरेको होटेलमा पटक पटक गाडी चलाई लिई गई नास्ता समेत खाने गरर्दथ्यौ। निज प्रतिवादी भुवन धिताल १/२ दिनको अन्तरमा बा.१५च.७६६८ नं.को गाडीमा रेखा धितालको घरमा जाने र निज रेखा धितालको घरको छतमा महिलाहरूलाई भेला जम्मा गरी समुह बनाई राम्रो व्याज लगाई दिन्छु भनी रकम जम्मा गरी लिने गर्दथे। के कति रकम उठाई लिने दिने काम गरेका हुन मलाई थाहा छैन। मिति २०७५/१२/११ गते तिर सागर भन्ने कुलराज वली पत्रकारसँग महेश भन्ने भुवन धितालले दिपशिका चोक नजिक क्याफेमा भेट गरी महिलाहरूले मलाई फसाउन लागे भनेपछि सागर वली भन्ने कुलराज वलीले त्यस बिषयमा केही चिन्ता लिनुपर्दैन म मिलाउछु तपाई पत्रकार जस्तो मान्छे भएर के डराउनु हुन्छ भनी कुरा गरेको मैले सुनेको थिए। ऐ.१३ गते बिहान महेश भन्ने भुवन धिताल र सागर वली भन्ने कुलराज वलीको छोरा बर्सादि वली बा.१५च.७६६८ नं.को कारमा भुवन धितालको चालकले चलाई लिएका हुन। निजले जाहेरवाली अनु डाँगी, रेखा धिताल, जानकी कुमारी भण्डारी, सपना के.सी., लेख कुमारी दाहाल, गमला बुढा, आशा शाह, सावित्रा

डाँगी, सिवा पुन, पुनिता चौधरी, झुप्ली पुन, रिता मिजार, सपना चौधरी, सितल बुढा, अम्बिका भाट क्षेत्री, नुमा कुमारी पुन मगर, पुजा वली, लगायतका महिलाहरूबाट जाहेरीमा उल्लेख भए अनुसारको नगद र सुनका गर गहना लिई नदिएको र जाहेरवालीहरूलाई धाकधम्की डर त्रास देखाई नगद रकम, गर-गहनाहरू लिई नदिई उल्टै खाली चेकहरूमा दस्तखत मात्र गर्न लगाई नाम, रकम र मिति आफैले लेखी रकम असुल गर्दै आएको कुरा सुनी थाहा पाएको हुँ भन्ने बुझिएका रोशन बुढाथोकीको घटना विवरण कागज।

१८. **बुझिएका १६ जना मानिसहरूको एकै मिलानको कागज बेहोराः-**

प्रतिवादी महेश भन्ने भुवन धितालले घोराही उप-महानगरपालिका वडा नं.१५ स्थित रेखा धितालको घर कोठा, छत समेतमा महिलाहरूलाई मात्र भेला जम्मा गराई समुह बनाई प्रत्येक महिना रकम उठाई ब्याजमा लगाई दिन्छु भनी रकम लिन्थे। निजले जाहेरवाली अनु डाँगी, रेखा धिताल, जानकी कुमारी भण्डारी, सपना के.सी., लेख कुमारी दाहाल, गमला बुढा, आशा शाह, सावित्रा डाँगी, सिवा पुन, पुनिता चौधरी, झुप्ली पुन, रिता मिजार, सपना चौधरी, सितल बुढा, अम्बिका भाट क्षेत्री, नुमा कुमारी पुन मगर, पुजा वली, लगायतका महिलाहरूबाट जाहेरीमा उल्लेख भए अनुसारको नगद र सुनका गर गहना लिई नदिएको र जाहेरवालीहरूलाई धाकधम्की डर त्रास देखाई नगद रकम, सुनका गर-गहनाहरू लिई नदिई उल्टै खाली चेकहरूमा दस्तखत मात्र गर्न लगाई नाम, रकम र मिति आफैले लेखी रकम असुल गर्दै आएको कुरा सुनी थाहा पाएका हौं। यसरी महिलाहरूलाई मात्र जम्मा गराई परिपञ्चमा पारी धाकधम्की समेत दिई रकम असुल गर्ने प्रतिवादी महेश भन्ने भवुन धिताल समेतलाई कानून बमोजिम कारवाही होस भन्ने बुझिएका बिमला ऐरी, ईन्द्रा डाँगी, दिपक भण्डारी, मिना कुमारी बुढा, तारा कुमारी चौधरी, मिना वली, लहानी चौधरी, गिता चौधरी, बालीका बस्नेत, गोमा पुन, माधी गिरी, कुमार के.सी., राखी यादव, मिना रूचाल, सिता वली, वसन्ता चौधरी र कमला गिरीको एकै व्यहोराको घटना विवरण कागज।

१९. **प्रतिवादी कुलराज वलीको मौकाको बयानः-**

प्रतिवादी महेश भन्ने भुवन धिताल चिनजानका साथी हुन। निजले मिति २०७५/१२/११ गते तिर मलाई फोन गरी रेखा धिताल समेतसंग लेनदेनको करोबार भएकाले मलाई फसाउन लागे जसरी पनी मिलाई दिनु पर्यो भनेकाले मैले चिन्ता नगर्नु म जि.प्र.का.मा गएर बुझ्छु भनेको हुँ। निज प्रतिवादी महेश धितालालाई प्रहरीले खोजी रहेकाले मिति २०७५।१२।१२ गते मेरो घरमा आई सोही मुद्दाको बिषयमा कुराकानी भई मेरो घरमा बसेका हुन। भोलिपल्ट १३ गते बिहान जि.प्र.का. गई निजलाई लागेको जबरजस्ती करणी र ठगी मुद्दा लागेको थाहाँपाई निजलाई फोन गरी तपाई कहाँ हुनुहुन्छ भन्दा तुलसिपुरमा छु भनेकाले म तुलसिपुर गई करीव १२/१ वजे आँखा अस्पताल नजिक निजलाई भेटी तपाईको नाममा जघन्य जबरजस्ती करणी र ठगी मुद्दा लागेको रहेछ अब तपाई आफै बिचार गर्नुहोस मेरो अनुरोधले मुद्दा मिलाउन सकिन भनी म आफ्नो काममा लागेको हुँ। निजलाई सोही दिन साँझ प्रहरीले अमिलियाबाट पक्राउ गरेको हो र त्यसको भोलिपल्ट म काठमाण्डौ गई बसेको अबस्थामा प्रहरीले पक्राउ गरेको हो। मैले निज महेश भन्ने भुवन धितालालाई

रू.१७,००,०००।— (सत्र लाख) दिएको छु। उक्त रकमको साँवा ब्याज मैले पाएको छैन। निज प्रतिवादी महेश धितालको पत्रकारको परिचय पत्र मैले बनाई दिएको हुँ। निज प्रतिवादी महेश धिताल र केशव डाँगीले मेरो अफिसमा पर्दा कार्पेट राखि दिएका हुन। मैले मुद्दा मिलाई दिन्छु भनी महेश धिताल संग रू.१,५०,०००।— (एक लाख पचास हजार) लिएको भन्ने सम्वन्धमा मलाई थाहाँ छैन भन्ने समेत व्यहोराको सागर वली भन्ने कुलराज वलीले अनुसन्धानको क्रममा गरेको बयान।

२०. **अभियोगपत्रः**

प्रतिवादी महेश भन्ने भुवन धितालले प्रतिवादी सागर भन्ने कुलराज वलीको सहयोगमा जाहेरवालीहरूबाट बिभिन्न मितिमा जम्मा बिगो रू.१,५६,७४,०००।- (एक करोड छपन्न लाख चौहत्तर हजार) रूपैयाँ बराबरका नगद र सुनका गरगहना लिई, जाहेरवालीहरूलाई झुक्याई खाली चेक र तमसुकमा सही गर्न लगाई राखेको र हाल जाहेरवालीहरूले आफ्नो रकम फिर्ता माग्दा म पत्रकार हुँ तिमीहरूलाई मुद्दा लगाई दिन्छु भनी धाकधम्की डर त्रास देखाई निजले लिएका नगद रकम, सुनका गर-गहनाहरू नदिई ठगी गरेको तथ्य स्थापित भएको र प्रतिवादीहरूमध्ये प्रतिवादी महेश भन्ने भुवन धितालको उक्त कार्य मुलुकी अपराध संहिता,२०७४ को दफा २४९ को उपदफा (१), (२) र (३) को देहाय (ग) अन्तर्गतको कसूर अपराध भएकोले प्रतिवादी महेश भन्ने भुवन धिताललाई सोही मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ को उपदफा (३) को देहाय (ग) बमोजिम सजाय गरी सोही मुलुकी अपराध संहिता, २०७४ को दफा २५४ बमोजिम बरामद भएको विगो रू.४,०३,०००/- (चार लाख तीन हजार) बराबरका गहना मध्ये जाहेरवालीहरू अनुडाँगीलाई रू.३,५६,५००/- (तीन लाख छपन्न हजार पाँच सय) रेखा धिताललाई रू.४६,५००/- (छयालीस हजार पाँच सय) बराबरका गहना फिर्ता दिई नपुग हुने विगो रू.१,५२,७१,०००/- (एक करोड बाउन्न लाख एकहत्तर हजार) प्रतिवादी महेश भन्ने भुवन धितालबाट जाहेरवालीहरूलाई क्षतिपूर्ति दिलाई पाउँन र अर्का प्रतिवादी सागर भन्ने कुलराज वलीले ठगी गर्ने मुख्य प्रतिवादी भुवन भन्ने महेश धितालको उल्लेखित ठगी गर्ने कार्यमा सल्लाह दिने, सहयोग पुऱ्याउने र वारदात पश्चात भगाउने कार्य गरेको देखिएकोले प्रतिवादीको उक्त कार्य मुलुकी अपराध संहीता ऐन, २०७४ को दफा ३६ को उपदफा (१), (२) र (३) को देहाय (क) बमोजिमको कसूर गरेकाले प्रतिवादी सागर भन्ने कूलराज वलीलाई मुलुकी अपराध संहीता, २०७४ को दफा ३६ को उपदफा (३) को देहाय (क) बमोजिम ऐ.ऐनको दफा २४९ को उपदफा (३) को देहाय (ग) बमोजिम हुने सजायको आधा सजाय हुन माग दाबी लिईएको वादी नेपाल सरकारको अभियोग पत्र।

२१. **प्रतिवादी कुलराज वलीले अदालतमा गरेको बयानः-**

म पत्रकार हुँ। हाल जलजला अनलाईन खवर तथा टेलिभिजनको सञ्चालक हुँ। २०७५ सालको तिहारको सेरोफेरोमा घोराही १६ मा पानीको डयाममा बच्चा डुवेको अबस्थामा त्यहा रिपोटिङ्ग गर्न जाँदा प्रतिवादी भुवन धितालसंग चिनजान भएको हो। उक्त समयमा निज भुवन धितालले राम्रो

फोटो खिचेको देखे पछि मैले निजलाई महेश धिताल नामको पत्रकार परिचयपत्र बनाई दिएको हुँ। पत्रकार नभएको मान्छेलाई पनि परिचयपत्र बनाई दिन मिल्छ। भुवन धिताल पत्रकार होईनन्। के काम गर्दछन् मलाई थाहा छैन। मैले जाहरवालाहरू कसैलाई पनि चिन्दिन। मिति २०७५/१२/१४ मा म उपचार तथा अन्य कामले काठमाण्डौ गएको बेलामा मिति २०७६/१/५ गते प्रहरीले काठमाण्डौमा नै पक्राउ गरे पछि प्रस्तुत मुद्दाको वारेमा थाहा पाएको हुँ। जाहेरवालाहरूलाई ठगी गर्ने कार्यमा मेरो कुनै संलग्नता छैन भनी प्रतिवादी सागर भन्ने कुलराज वलीले अदालत समक्ष गरेको बयान।

२२. **प्रतिवादी भुवन धितालले अदालतमा गरेको बयानः-**

मैले केही बर्ष अगाडि देखि मानिसहरूलाई पैसा सापटी दिने गर्दथे। जाहेरवालामध्ये रेखा धिताललाई मैले पहिले देखि नै चिनेको हुनाले निजलाई आवश्यकता परेको भनी एक पटक मबाट पैसा सापट लिनु भएको थियो। निजको सम्पर्क मार्फत अन्य जाहेरवालाहरूले विभिन्न मितिमा मबाट पैसा सापट लिनु भएको थियो। उक्त पैसा लिए वापत निजहरूले मलाई तमसुक गरी तथा साईन गरेर चेक दिनु भएको थियो। यसै क्रममा केही जाहेरवालाहरूको पैसा फिर्ता दिने म्याद कटी सके पनि फिर्ता नदिएको हुँदा मैले पैसा माग्दा दिदिन भनी भनेको हुँदा मैले उक्त चेकहरू वाउन्स गरी मुद्दा हाल्ने तयारी गर्दै गर्दा जाहेरवालीहरूले मेरो पैसा तिर्न पर्छ भनेर म उपर झुठा जाहेरी दिएका हुन्। मैले जाहेरवालीहरूको पैसा खाएको होईन्। बरामद भएको चेक तथा तमसुक यिनै जाहेरवालीहरूले मबाट पैसा लिए वापत मलाई दिएका हुन्। वरामद भएको पत्रकारको परिचयपत्र मलाई कुलराज वलीले बनाई दिएका हुन्। म पत्रकार होईन्। मैले पैसा लगानी गर्ने कार्यमा कुलराज वलीको कुनै संलग्नता छैन भनी प्रतिवादी महेश भन्ने भुवन धितालले अदालत समक्ष गरेको बयान।

२३. **थुनछेक आदेशः-**

प्रतिवादी महेश भन्ने भुवन धिताल कसूरदार होईनन् भन्ने अबस्थाको विद्यमानता नदेखिदा पछि थप प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाल यी प्रतिबादी महेश भन्ने भुवन धिताललाई मुलुकी फौज्दारी कार्यविधी संहिता, २०७४ को दफा ६७ बमोजिम थुनामा राखी मुद्दा पुर्पक्ष गर्नु पर्ने अबस्था देखिंदा निज प्रतिबादीलाई नियमानुसार सिधा खान पाउने गरी सोही मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ८० बमोजिम थुनुवा पूर्जि दिई मुद्दा पुर्पक्षका लागि थुनामा राख्न स्थानीय कारागारमा पठाई दिनू। अर्का प्रतिवादी सागर भन्ने कुलराज वलीबाट मुलुकी फौज्दारी कार्यविधि संहिता, २०७४ को दफा ६८ तथा ७२ बमोजिम निजबाट रू.३,५०,०००/- (तीन लाख  पचास हजार) नगद वा सो वरावरको जमानत वा बैक ग्यारेण्टी दिए लिई तारेखमा राख्नु। माग बमोजिमको धरौट दिन नसके नियमानुसार सिधा खाना पाउने गरी सोही मुलुकी फौज्दारी कार्यविधि संहिता, २०७४ को दफा ८० बमोजिम थुनुवा पूर्जी दिई मुद्दा पूर्पक्षका लागि थुनामा राख्न स्थानीय कारागारमा लेखी पठाईदिनु भन्ने शुरू अदालतको मिति २०७६/१/१५/१ को आदेश।

२४. **जाहेरवाला अनु डाँगीको बकपत्रः-**

जाहेरी दरखास्तमा भएको व्यहोरा सहिछाप मेरो हो। प्रतिवादीमध्येका भुवन धितालले प्रत्येक महिना १/१ लाखको दरले जम्मा ७ लाख रूपैयाँ समूह बसाल्ने गरी लिनु भएको हो। निजले किस्तामा रक नपुगेको बेलामा तिम्रो सुन लेउ राखि दिन्छु भनी भन्नुहुन्थ्यो। किस्ताको बेलामा पैसा नपुग भएको अबस्थामा घरमा भएको सामान लिएर आउनु हुन्थ्यो।मेरो साढे चार तोलाको सुनको सिक्री, २ वटा वाला, चैत महिनादेखि तपाईले लिनुहोला भनी ४/५ वटा ब्लाङ्क चेक दिनुहोस् भनी लगी गएको र उक्त चेकमा सहिमात्र गराएका हुन्। निजले तपाईको श्रीमानलाई विदेश पठाउनुहोस् भनी चार लाखको चेकमा छ लाखको तमसुक गराउनु भएको हो। उक्त तमसुक बनाएको बापत प्रत्येक महिनामा एघार हजार रूपैयाँ दिनु पर्दथ्यो। साथै सोही समयमा एक लाख पनि निजको साथी मार्फत दिएकी थिएँ। निज प्रतिवादीले सात लाख र ४१/२तोलाको सुनको सिक्री र दुई थान बाला लिनु भएको छ। फिर्ता भएको छैन भनी जाहेरवाला अनु डाँगीले गरेको बकपत्र।

२५. **जाहेरवाला जानकी भण्डारीको बकपत्रः-**

जाहेरी दरखास्तमा भएको व्यहोरा सहिछाप मेरो हो। प्रत्येक महिनामा नाम नभएको समूहमा मैले ५ पटक पचास हजार रूपैयाका दरले दुई लाख पचास हजार रूपैयाँ दिएकी हुँ। मेरो गरगहना प्रतिवादीले लिएका छैनन् भनि जाहेरवाली जानकी कुमारी भण्डारीले गरेको बकपत्र।

२६. **जाहेरवाला रेखा धितालको बकपत्रः-**

जाहेरी दरखास्तमा भएको ल्याप्चे सहिछाप, व्यहोरा मेरो हो।प्रतिवादी भुवन धितालले हामी ७ जना सहित आफूहरू ५ जना गरी १२ जना र हामी ७ सात जनाबाट प्रत्येक महिनाको ७ गते प्रतिव्यक्ति १ लाखका दरले समूहको पैसा उठाउने गर्नु हुन्थ्यो। हामीलाई महंगो व्याज देखाई सात लाखको दश लाख हुन्छ भनी प्रलोभनमा पारी रकम लिनु भएको हो। हामीबाट प्रत्येक महिनामा एउटा खाली चेकमा सहिमात्र गराएर लैजानु हुन्थ्यो। म बाट एउटा सुनको बाला र नगद सात लाख लिनु भएको हो भनी जाहेरवाला रेखा धितालले गरेको बकपत्र।

२७. **जाहेरवाला लेख कुमारी दाहालको बकपत्रः-**

जाहेरी दरखास्तमा भएको व्यहोरा सहिछाप मेरो हो। मबाट व्याजमा लगाई दिन्छु भनी तीन लाख पचास हजार रूपैयाँ लिई गएको र सागर वलीले घरमा लगाएको पर्दा सहितको मेरा पसलका सामानको चालिस हजार पाँच सय रूपैयाँ र समूह खेल्दा प्रति महिना १ लाखका दरले सात महिनाको सात लाख दिएका थियौ। पछि पैसा माग्दा पैसा दिएको के प्रमाण छ भनी उल्टै धम्कीपूर्ण शब्दहरू प्रयोग गरेको कारणले जाहेरी दिएका हौ। प्रतिवादीहरूलाई सजाय हुनु पर्छ भनी जाहेरवाली लेख कुमारी दाहालले गरेको बकपत्र।

**२८. जाहेरवाला सपना के.सी. को बकपत्रः-**

जाहेरी दरखास्तमा भएको व्यहोरा सहिछाप मेरो हो। जाहेरवाली रेखा धितालको प्रतिवादी देवर नाता पर्ने भएकाले चिनजान भई समूहमा बसेकी जानकी भण्डारीले आफ्नो सट्टामा मलाई चेक दिन पठाएपछि जानकीको सट्टा २ वटा चेक मैले सहिमात्र गरेर दिएकी हुँ। म उक्त समूहमा बसेकी थिईन। मैले राम्रो व्याज पाईन्छ भनेकाले प्रतिवादीलाई तीन लाख पचास हजार दिएकी हुँ। प्रतिवादी भुवन धितालले मेरो डेढ तोलाको सुनको सिक्री पनि लिनु भएको हो भनी जाहेरवाला सपना के.सी.ले गरेको बकपत्र।

**२९. जाहेरवाला गमला बुढाले गरेको बकपत्रः-**

जाहेरीमा भएको व्यहोरा सहिछाप मेरो हो। प्रतिवादी भुवन धितालले समूहमा बस राम्रो आम्दानी हुन्छ, आफूलाई राम्रो हुन्छ भनेपश्चात म उक्त समूहमा आबद्ध भई प्रति महिना १ लाखका दरले पाँच लाख उनान्सय हजार पाँच सय रूपैयाँका ५ वटा चेक रकम उल्लेख नगरेर सहिमात्र गरेर दिएकी हुँ। प्रतिवादीले चैत्र महिनामा पैसा दिने भनेकोमा नदिएपछि म ठगीएको जस्तो लागि जाहेरी दिएकी हुँ भनी जाहेरवाली गमला बुढाले गरेको बकपत्र।

**३०. जाहेरवाला रिता मिजारले गरेको बकपत्रः-**

जाहेरीमा भएको व्यहोरा सहिछाप मेरो हो। जाहेरवाली रेखा धितालको घरमा भएको लघुवित्तीय संस्थामा हामी आबद्ध भई बैठक हुने क्रममा प्रतिवादी भुवन धिताल पनि सोही घरमा आउने जाने गर्ने भएकाले चिनजान भएको हो। प्रतिवादीले श्रीमान विदेश हुनुहुन्छ पैसा देखाउन सजिलो हुन्छ, राम्रो व्याज हुन्छ भनेकाले मासिक एक लाख उठाउने गर्दथ्यौं। मासिक एउटा सहिमात्र गरेको चेक दिनु पर्दथ्यौ। किन यसरी चेक लिनु पऱ्यो भन्दा तपाईले दिएको रूपैयाँको आधार हुन्छ भनी जवाफ दिनु हुन्थ्यो। मसँग प्रतिवादीले ६ पटकको किस्तामा छ लाख तीस हजार लिएको र अन्तिम पटक रूपैयाँ नपुगेपछि फोन मार्फत तथानाम गाली गलौज गरी धम्कीपूर्ण शब्दहरू प्रयोग गरे पश्चात म ठगीएको महसूस भई प्रस्तुत जाहेरी दिएकी हुँ भनी जाहेरवाला रिता मिजारले गरेको बकपत्र।

**३१. जाहेरवाला पुनिता चौधरीले गरेको बकपत्रः-**

जाहेरी दरखास्तमा भएको व्यहोरा सहिछाप मेरो हो। म बाट प्रतिवादीले विभिन्न मितिमा एक्तिस लाख एकानब्बे हजार लिएको तर उक्त रूपैयाँ वापतको जग्गा फुकुवा गरि दिनु भएको छैन। मैले एउटा चेक सहिमात्र गरेर दिएकी हुँ, किनकी प्रतिवादी भुवन धितालले आधार हुन्छ खाली चेक दिनुहोस् भनी मलाई प्रलोभनमा पारेका हुन्। प्रतिवादीले घरबाट पनि विभिन्न सामान उठाई लगेको र रकम नदिएका कारणले ठगी मुद्दा दर्ता गर्न बाध्य भएकी हुँ भनी जाहेरवाली पुनिता चौधरीले गरेको बकपत्र।

**३२. जाहेरवाला झुम्ली पुनको बकपत्रः-**

जाहेरी दरखास्तमा भएको व्यहोरा सहिछाप मेरो हो। छोरा विदेश मलेसियामा गएको र बुहारीले छिनुवा पास गरिदिई ६ लाख बुझि सोह्र लाख पचास हजार रूपैयाँ लिन बाँकी भएकोमा निजसँग

छोरा बुहारी माग गर्न जाँदा अब दिदैन जानेको गर, मैल पैसा बुझाई सकेको छु भनी जवाफ दिएका हुन्। तिम्रो घरमा ताला लगाएको छ भनेपछि मात्र मैले थाहा पाएकी हुँ। प्रतिवादीले उक्त घर जग्गा विक्री गरी अरू मानिस घरमा बसेका छन्। यसरी हामीलाई विचल्लिमा पार्ने प्रतिवादी भुवन धितालालाई कारवाही होस् भनी जाहेरवाला झुप्ली पुनले गरेको बकपत्र।

**३३. जाहेरवाला सपना चौधरीको बकपत्रः-**

जाहेरी दरखास्तमा भएको व्यहोरा सहिछाप मेरो हो। मेरो आफ्नो व्यापारको सिलसिलामा प्रतिवादीसँग चिनजान भई रेखा धितालको घरमा हाम्रो समूह बस्छ तिमी पनि आउ सहभागी वन राम्रो व्याज पाईन्छ भनी ललाई फकाई मलाई उक्त समूहमा आबद्ध गराएका हुन्। समूहमा मैले मासिक एक लाखका दरले सात महिनामा सात लाख र पटक पटक गरी एक लाख गरी जम्मा आठ लाख र पटक पटक सहिमात्र गरेको चेक आधार चाहिन्छ भनी लिएकोमा उक्त रकम माग गर्दा पटक पटक डर, त्रास र धम्की दिएकोमा बाध्य भई प्रस्तुत जाहेरी दर्ता गरेकी हुँ। प्रतिवादीलाई सजाय जरिवाना हुनुपर्छ भनी जाहेरवाला सपना चौधरीले गरेको बकपत्र।

**३४. जाहेरवाला सावित्रा डाँगीको बकपत्रः-**

जाहेरी दरखास्तमा भएको व्यहोरा सहिछाप मेरो हो। हामीले भुवन धितालको समूहमा आबद्ध भई मासिक एक लाखका दरले समूहको लागि रकम उठाउने गर्दथ्यो। दिदी बहिनी भागेपछि आधार हुन्छ भनी खाली चेकमा सहिमात्र गरी मासिक एउटा चेक दिन्थ्यौं। मैले सात पटकमा जम्मा सात लाख दिएकी हुँ। पछि माग गर्दा जे जानेका छौ, त्यही गर, मैले तिमीहरूको पैसा दिदैन भनेकाले प्रस्तुत मुद्दा दर्ता गरेका हौ भनी जाहेरवाला सावित्रा डाँगीले गरेको बकपत्र।

**३५. बुझिएका मानिस राखी यादवको बकपत्रः-**

घटना विवरण कागजमा भएको ल्याच्चे सहिछाप मेरो हो। रेखा धिताल मेरो घर नजिकको छिमेकी भएकाले प्रत्येक महिनामा महिलाहरूलाई जम्मा गरी समूह गठन गरी रकम उठाउने कार्य गर्नु हुन्थ्यो। प्रत्येक महिनामा समूह बसाली ती महिलाहरूसँग रकम उठाउने र लैजाने गर्नु हुन्थ्यो भनी घटना विवरण कागज गर्ने राखी यादवले गरेको बकपत्र।

**३६. घटना विवरण कागज गर्ने मिना बुढाले गरेको बकपत्रः-**

घटना विवरण कागज गर्ने मिना बुढाले घटना विवरण कागजमा भएको व्यहोरा ल्याप्चे सहिछाप मेरो हो। प्रतिवादीले महिलाहरूलाई समूह मार्फत धेरै व्याज दिने र ७ लाखको दश लाख दिने भनी प्रलोभनमा पारी ठगी गर्ने नियतले सहिमात्र गरेका र वाँकी अन्य कुराहरू आफै भर्नेसम्मका क्रियाकलापहरू गर्ने र उक्त खातामा पैसा नभएमा फोन मार्फत धम्काउने जस्ता कार्यहरू गरेका हुन्। पीडित पुनिता चौधरीको घरबाट धान मकै जवरजस्ती उठाई लगेको मैले देखेकी हुँ भनी घटना विवरण कागज गर्ने मिना बुढाले गरेको बकपत्र।

**३७. घटना विवरण कागज गर्ने इन्द्रा डाँगीको बकपत्रः-**

जाहेरवालीहरूले समूहमा पैसा चिहिएको छ दिनुहोस् भनेपछि पैसा र सुनका गरगहना पनि दिए। एउटा समूहमा सात लाख रूपैयाँ उठ्छ भन्दथे। पछि जाहेरवालीहरू ठगीएको हल्ला सुनी थाहा पाएकी हुँ भनी घटना विवरण कागज गर्ने इन्द्रा डाँगीले गरेको बकपत्र।

**३८. घटना विवरण कागज गर्ने रेनु रूचालले गरेको बकपत्रः-**

घटना विवरण कागजमा भएको व्यहोरा सहिछाप मेरो हो। म तरकारी बेचेर फर्कने क्रममा प्रतिवादी रेखा धितालको घरमा आएको र निजले महिलाहरूलाई गलत कार्य गरेको मैले बारम्बार देखेकी छु। विभिन्न गाली गलौज गर्ने, दुर्व्यवहार गर्ने गरेको मैले देखेकी हुँ।समूहमा बसी प्रत्येक महिना एक लाख रूपैयाँ प्रतिवादीले उठाउँदै आएको कुरा मैले दिदी बहानीहरूबाट सुनी थाहा पाएकी हुँ भनी घटना विवरण कागज गर्ने रेनु रूचालले गरेको बकपत्र।

**३९. घटना विवरण कागज गर्ने माधी गिरीले गरेको बकपत्रः-**

घटना विवरण कागजमा भएको व्यहोरा सहिछाप मेरो हो।जाहेरवालीहरूलाई प्रतिवादीले ठगी गरेको कुरा सुनी थाहा पाएकी हुँ। समूहमा कति उठाउनु हुन्थ्यो। के गर्नु हुन्थ्यो मलाई केही पनि थाहा जानकारी भएन भनी घटना विवरण कागज गर्ने माधी गिरीले गरेको बकपत्र।

**४०. प्रतिवादी कुलराज वलीको साक्षी मुक्त बहादुर डि.सी.ले गरेको बकपत्रः-**

प्रतिवादीलाई फसाउन दुःख दिन अनाबश्यक मानसिक तनाव दिनको लागि झुठ्ठा आरोप लगाईएको हो। प्रतिवादी भुवन धिताल र कुलराज वली वीच कुनै लेनदेन कारोवार केही छैन। निजलाई भगाएको भन्ने व्यहोरा गलत हो। यि प्रतिवादीको यस घटनामा कुनै संलग्नता नभएको हुँदा सजाय हुनुपर्ने होईन भनी प्रतिवादी कुलराज वलीको साक्षी मुक्त बहादुर डि.सी.ले गरेको बकपत्र।

**४१. घटना विवरण कागज गर्ने रोशन बुढाथोकीले गरेको बकपत्रः-**

घटना विवरण कागजमा भएको सहिछाप मेरो हो। व्यहोरा के लेखिएको थियो मलाई थाहा भएन। प्रहरीले सहिछाप गरेर मलाई सहयोग गरिदिनु होस् भनेकाले सहि मात्र गरेको हुँ। जाहेरवालीहरूलाई प्रतिवादीले ऋण दिएर सहयोग गर्ने गर्नु हुन्थ्यो। जाहेरवालीहरूले ऋण लिएको पैसा पचाउनका लागि प्रस्तुत ठगी मुद्दा दायर गरेका हुन्।प्रतिवादी निर्दोष भएकाले सजाय हुनु हुँदैन भनी घटना विवरण कागज गर्ने रोशन बुढाथोकीले गरेको बकपत्र।

**४२. घटना विवरण कागज गर्ने कुमार के.सी.ले गरेको बकपत्रः-**

घटना विवरण कागजमा भएको सहिछाप मेरो हो। व्यहोरामा के लेखिएको थियो थाहा भएन। प्रहरीले केही अप्ठेरो पर्दैन भनी सहि गर्न पठाएकाले सहिछाप मात्र गरेको हुँ। प्रतिवादी भुवन धितालले ऋण दिएको र जाहेरवालीहरूले आफूले ऋण दिएको पैसा ठग्नका लागि प्रतिवादीलाई बुझाउनु पर्छ भनी प्रस्तुत् मुद्दा दायर गरेका हुन्।जुन नितान्त झुटा र कपोलकल्पित हो। प्रतिवादी निर्दोष भएकाले सजाय हुनु पर्ने होईन भनी घटना विवरण गर्ने कुमार के.सी.ले गरेको बकपत्र।

**४३. प्रतिवादी भुवन धितालको साक्षी मदननाथ योगीले गरेको बकपत्रः-**

प्रस्तुत मुद्दा झुठ्ठा हो। प्रतिवादीले अरूलाई ऋण दिने गर्दथे। प्रतिवादीले आफूले कमाएको पैसा आम्दानी हुन्छ भनी जाहेरवालीहरूलाई ऋण दिएको र सोहीऋण तिर्न बुझाउन पर्दैन कि भन्ठानेर यि जाहेरवालीहरूले प्रस्तुत झुट्टा अभियोग जाहेरी दिएका हुन्। प्रतिवादी भुवन धितालले ठगी गरेको नभई ठगीएका हुन् भनी प्रतिवादी भुवन धितालको साक्षी मदननाथ योगीले गरेको बकपत्र।

**४४. घटना विवरण कागज गर्ने नारायण वलीले गरेको बकपत्रः-**

प्रतिवादी महेश भन्ने भुवन धितालको गाडी मैले कहिलेकाहीं चलाउने गरेको कुरा ठिक हो। जाहेरवालीहरूलाई म चिन्दैन। निजहरूसँग कारोवार भएको ब्यहोरा पनि मलाई थाहा छैन। निज असल चालचलनका मानिस हुन। यी प्रतिवादी महेशले ऋण आफै लगानी गर्थे, ऋण कर्जा अरूलाई दिन्थे अरूबाट ऋण कर्जा लिएको कुरा पनि मलाई थाहा जानकारी छैन। उक्त कागजमा भएको ल्याप्चे सहिछाप भने मेरो हो। यी प्रतिवादी ठगी गर्ने खालका मानिस होइनन् यी जाहेरवालीहरूलाई निजले ठगी गरेका पनि होइनन्।यी जाहेरवालाहरूले प्रतिवादीसँग ऋण लिएकोले उक्त रकम तिर्न बुझाउन नपरोस भनेर प्र. लाई सताउन दुख दिने आसयले ठगी मुद्दा दायर गरेको हुनुपर्छ भनी घटना विवरण कागज गर्ने नारायण वलीले गरेको बकपत्र।

**४५. घटना विवरण कागज गर्ने केशर वलीले गरेको बकपत्रः-**

प्रतिवादी महेश भन्ने भुवन धितालको गाडी करिव एक महिना जति चलाएको ठिक हो। निजहरूसँग कारोवार भएको ब्यहोरा पनि मलाई थाहा छैन। जाहेरवालीहरूलाई राखेर मैले गाडी चलाएको पनि होइन। उक्त कागजमा भएको ल्याप्चे सहिछाप भने मेरो हो। यी प्रतिवादी ठगी गर्ने खालका मानिस होलान् जस्तो लाग्दैन। ठगी गरेको पनि मलाई थाहा छैन।प्रतिवादीबाट जाहेरवालाहरूले ऋण लिएकोले तिर्न नपरोस भनेर ठगी मुद्दा दायर गरेको हुनुपर्छ भनी घटना विवरण कागज गर्ने केशर वलीले गरेको बकपत्र।

**४६. जाहेरवाली नुमा कुमारी पुन मगरले गरेको बकपत्रः-**

जाहेरीमा भएको सहिछाप मेरो हो। व्यहोरा मैले भने बमोजिम लेखिएको छैन। निजले केही रकम मात्रै ठगी गरेका हुन्। मलाई कागज गरेको पैसा दिनु भएको होईन। मसँग त्यसपश्चात केही कारोबार भएको छैन। मैले निजलाई खाली चेक दिएकी पनि छैन। जाहेरी लेखाउँदा मैले त्यस्तो व्यहोरा लेखाएकी होईन। अन्य जाहेरवालीहरूसँग जाहेरी लेखाएको हुँदा त्यस्तो लेखिदिएका होलान्। मलाई त्यो थाहा भएन भनी जाहेरवाली नुमा कुमारी पुन मगरले गरेको बकपत्र।

**४७. जाहेरवाली आशा शाहले गरेको बकपत्रः-**

मैले भुवन धितालालाई तीन लाख पचास हजार रूपैयाँ व्याज पाईन्छ भनी दिएकी हुँ।उक्त रूपैयाँ माग गर्दा उल्टै तथानाम गाली गलौज गर्ने गरेका हुन्। अन्य जाहेरवाला जस्तो खाली चेक

लिनुदिनु भएको होईन। उक्त तीन लाख पचास हजार फिर्ता पाईसकेकी छु। प्रतिवादीलाई सजाय जरिवाना हुनु पर्छ भनी जाहेरवाली आशा शाहले गरेको बकपत्र।

४८. **जाहेरवाली शिवा पुनले गरेको बकपत्रः-**

म प्रतिवादीहरू महेश भन्ने भुवन धिताल र कुलराज वली कसैलाई पनि चिन्दैन। बसन्ता खड्का सँग दृष्टिबन्धक लेनदेन कारोबार गरेकी हुँ। पैसा तिर्न नसकेर जग्गा छोडी दिए। अरू कारोबार मैले कसै सँग गरेकी छैन। मैले बसन्ता खड्कालाई २ वटा खाली चेक र कागज दिएकी हुँ। मलाई पछि केही हुन्छकी भन्ने डरले आएकी थिए। मलाई अरू केही थाहा छैन। मैले बसन्ता खड्का बाहेक कसै सँग कारोबार गरेकी छैन। पैसा लिएर घडेरी दृष्टिबन्धक गरिदिएकी थिए। पैसा तिर्न सकेन र घडेरी छोडी दिए भनी जाहेरवाली शिवा पुनले गरेको बकपत्र।

४९. **कसूर ठहर फैसलाः-**

प्रतिवादी महेश भन्ने भुवन धिताले अधिकार प्राप्त अधिकारी समक्ष र यस अदालतमा बयान गर्दा समेत जाहेरवालाहरूको नगद तथा धनमाल ठगी गरेको होइन, निजहरूसँग पैसा लिनुपर्ने थियो, तिर्न नपरोस भनी झुठ्ठा जाहेरी दिएका हुन भनी बयान गरेको देखिन्छ। जाहेरवालाहरूसँग प्रतिवादीको लेनदेन भए वा नभए पनि जाहेरवालाहरूका सुनका गहना र बैंकका चेकहरू प्रतिवादीले किन लगेका हुन? तथ्ययुक्त कारण खुलाउन सकेको पाइदैन। प्रतिवादीको भनाई बमोजिम पैसा तिर्न नपरोस भनी जाहेरवालाहरूले ठगीमा किटानी जाहेरी दिई त्यसै अनुरूप बकपत्र गरे होलान भनी विश्वास गर्न सकिने अबस्था पनि प्रस्तुत मुद्दामा देखिंदैन। त्यसकाण अदालतमा उपस्थित भई बकपत्र गर्ने जाहेरवाला अनु डाँगी समेतले गरेको बकपत्र ब्यहोरा समेतबाट प्रतिवादी महेश भन्ने भुवन धितालले जाहेरवाली अनु डाँगी समेत जना १२ को जाहेरीमा लेखिए बमोजिम तथा निजहरूको हकमा अभियोग माग दावी अनुरूपको रू.१,०६,७४,०००/- बराबरको नगद तथा धनमाल ठगी गरेको प्रमाणित भएकोले निजले मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ को उप-दफा (१), (२) र (३) (ग) को कसूर गरेको ठहर्छ।

जाहेरवाला मध्येका सितल बुढा र अम्बिका भाट क्षेत्री बकपत्र प्रयोजनको लागि अदालतमा उपस्थित हुन नआएका, नुमा कुमारी पुन मगर र शिवा पुनले प्रतिवादी महेश भन्ने भुवन धितालले जाहेरीमा लेखिए बमोजिम ठगी गरेका होइनन भनि बकपत्र गरेकाले निज चारैजना जाहेरवालाको विगो पनि ठगी गरेको भन्ने अभियोग दावी प्रमाणित हुन नसकेकोले सो तर्फको अभियोग दावी पुग्न सक्तैन।

विगोको हकमा जाहेरवाला अनु डाँगी समेतको रू.१,०६,७४,०००/- बराबरको नगद तथा धनमाल प्रतिवादी महेश भन्ने भुवन धितालले ठगी गरेको ठहरेको र अभियोग पत्रसाथ दाखिला भएको रू.४,०३,०००/- नगद र सुनका गहना जाहेरवाला अनु डाँगी र रेखा धितालले यस अदालतबाट मिति २०७७/०६/११ मा फिर्ता बुझि लगेको देखिंदा सो कटाई नपुग विगोरू. १,०२,७१,०००/- जाहेरवाला अनु डाँगी समेतका १२ जनाले प्रतिवादी महेश भन्ने भुवन धितालबाट मुलुकी अपराध संहिता, २०७४ को दफा २५४ बमोजिम भराई पाउने ठहर्छ।

अर्का प्रतिवादी सागर वली भन्ने कुलराज वलीले प्रतिवादी महेश भन्ने भुवन धिताललाई ठगी गर्ने कार्यमा सल्लाह दिने, सहयोग गर्ने र वारदात पश्चात भगाउने कार्य गरेको भनी अभियोग माग दावी लिइएकोमा निजले अधिकार प्राप्त अधिकारी समक्ष र यस अदातलमा बयान गर्दा प्रतिवादी महेश भन्ने भुवन धितालला‌ई ठगी गर्ने सल्लाह दिने, सहयोग गर्ने तथा भगाउने कार्य गरेको होइन भनी बयान गरेको, अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा सह-प्रतिवादीले यी प्रतिवादीले भगाउन सहयोग गरेको भनी लेखाए पनि अदालतमा त्यस्तो गरेको होइन भनी बयान गरेको, जाहेरवालाहरूले निज उपर आरोप लगाउन नसकेको, प्रतिवादी महेश भन्ने भुवन धितालका चालक केशर वलीले पनि यी प्रतिवादी सागर भन्ने कुलराज वली उक्त कुनै कार्यमा संलग्न थिएनन् भनी बकपत्र गरेको समेतका प्रमाणबाट प्रतिवादी सागर भन्ने कुलराज वलीले अभियोग पत्र माग दावी बमोजिम कसूर गरको भन्ने प्रमाणित हुन नसकेकोले निजले अभियोग दावीबाट सफाई पाउने ठहर्छ।

प्रतिवादी महेश भन्ने भुवन धितालले रू.१,०६,७४,०००/- (एक करोड छ लाख चौरहत्तर हजार) बराबरको नगद तथा धनमाल ठगी गरेको ठहरेको अभियोग माग दावी बमोजिम मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ (३) (ग) बमोजिम निजलाई सात वर्ष सम्म कैद र सत्तरी हजार रूपैंया सम्म जरिवाना हुन सक्ने कानूनी व्यवस्था रहेको र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ८ (१) (ख) र दफा ९ बमोजिम प्रतिवादी महेश भन्ने भुवन धितालको हकमा सजाय निर्धारणका लागि ऐ को दफा ९ बमोजिमको प्रतिवेदन लिई मिति २०७७/०९/१३ गते को पेशी तारेख तोकी दुवै पक्षलाई पेशीको जानकारी दिई नियमानुसार पेश गर्नु भन्ने शुरू अदालतबाट मिति २०७७/८/२२ मा भएको कसूर कायम आदेश।

५०. **सजाय निर्धारण फैसलाः-**

प्रतिवादी महेश भन्ने भुवन धितालले यस अघि यस्तै कसूर गरेको भन्ने मिसिल प्रमाणबाट नदेखिएको, कसुरको गम्भीरता र प्रतिवादीको दोषको मात्रा समेतलाई विचार गर्दा निज प्रतिवादी महेश भन्ने भुवन धितालला‌ई कैदको उपल्लो हद नै कैद सजाय गर्नु पर्ने अवस्था पनि नदेखिएको र प्रतिवादी महेश भन्ने भुवन धितालला‌ई कैद वर्ष ४(चार) र जरिवाना रू.४०,०००/- (चालिस हजार रूपैया) गर्दा पनि सजायको उद्देश्य पूरा हुने नै देखिंदा मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ को उप-दफा (३) (ग) बमोजिम प्रतिवादी महेश भन्ने भुवन धितालला‌ई कैद बर्ष ४ (चार) र जरिवाना रू.४०,०००/- (चालिस हजार रूपैया) समेत सजाय हुने ठहऱ्याई शुरू दाङ देउखुरी जिल्ला अदालतबाट मिति २०७७।०९।३० मा भएको सजाय निर्धारण फैसला।

५१. **प्रतिवादी भुवन धितालको पुनरावेदन जिकीरः-**

म उपर जाहेरी पर्नुको मूख्य कारण के हो त भने म सँग लिएको सापटी रूपिया समयमा नवुझाएकाले सापटी लिएका व्यक्तीहरू सँग पटक पटक माग गर्दा नदिएकाले ति चेकहरू

वाउन्स गराई उनिहरू उपर वैकिङ्ग कसुर चेक अनादर मुद्दा दर्ता गर्ने प्रकृयामा म रहेको अवस्थामा जाहेरवालाहरूले म सँग लिएको रूपिया पचाउने नतिर्ने उदेश्यले झुठा जाहेरी दिएको स्पष्ट हुन्छ। जहासम्म जाहेरवालाहरूले आफ्नो जाहेरी दरखास्तमा हामी अनपढ महिलालाई गुमराहमा राखी रूपिया लिई मैले नवुझाएको भन्नुहुन्छ। मेरो कारोवार अनपढ महिलाहरूसँग मात्रै छैन। शिक्षित महिलाहरू र शिक्षित पुरूषहरूसँग पनि छ। त्यस्ता शिक्षित महिलाहरूले मलाई उल्टै रूपिया दिएको भए किन चेकमा सहि गरि मलाई दिनु भएको होला त्यसै गरि किन मलाई धनी बनाई तमसुक कागज गरिदिनु भएको होला। यसबाट पनि जाहेरवालाहरूले म सँग नै रूपिया सापटी लिनुभएको थियो त्यसरी लिएको रूपियाको प्रमाण स्वरूप मलाई चेक र तमसुक गरिदिएको भन्ने स्पष्ट हुन आउछ। मैले सम्मानित शुरू जिल्ला अदालतमा गरेको वयान म सँग सापट स्वरूप लिएका जाहेरवालाहरूको नाम र रकम समेत उल्लेख गरेको छु र कारोवार नभएका व्यक्तीहरूको नाम पनि स्पष्ट रूपमा उल्लेख गरेको छु। अर्का तर्फ जाहेरवाला मध्ये अम्विका भाट क्षेत्री र सितल वुढा अदालतमा उपस्थित भै आफ्नो जाहेरीलाई पुष्टि गर्न नसकेबाट र जाहेरवाला मध्येका नुमा कुमारी पुन र शिवा पुनले जाहेरीमा उल्लेखित व्यहोरा मेरो होइन मैले यि प्रतिवादीलाई चिन्दिन निज सँग मेरो कुनै कारोवार समेत केहि छैन भनी आफ्नो जाहेरी व्यहोरालाई खण्डन हुनेगरी वकपत्र गरेबाट पनि अन्य जाहेरवालाहरूको भनाईमा विश्वसनियता प्रति खण्डित भै रहेको अवस्थामा मलाई अभियोग मागदावी वमोजिम सजाय गर्ने गरी गरिएको फैसला प्रमाण ऐन २०३१ को दफा १८,२५ विपरित समेत भएकाले त्रुटिपूर्ण फैसला वदर उल्टी गरी अभियोग माग दावीवाट सफाई दिलाई पाउँ। घटना विवरण कागज गर्ने व्यक्तिहरू सबैले सुनी थाहा पाएको भन्ने उल्लेख गरेका छन्। मेरो जाहेरवालाहरू सँग लेनदेन कारोवार रहेको भन्ने कुरा दुबै वयानमा उल्लेख गरेकै छु। कारोवार हुनु र ठगी हुनु भनेको फरक कुरा हो। घटना विवरण कागज गर्ने रोशन वुढाथोकी, कुमार के.सी., मुक्त बहादुर डि.सी. नारायण वली,केशर वली, रोशन वुढाथोकी, समेतका घटना विवरण कागज गर्ने व्यक्तीहरू सम्मानित अदालतमा उपस्थित भै घटना विवरण कागजको सहिछाप सम्म हाम्रो हो व्यहोरा हाम्रो होइन सहिछाप गर भनेकाले सहिछाप सम्म गरेका हौं भनी आफ्नो घटना विवरण कागजको खण्डन गरि प्रतिवादी भुवन धितालले दिएको ऋण तिर्न वुझाउन नपरोस भनी झुठा जाहेरी दिएका हुन् भनि गरेको वकपत्र समेतलाई नजर अन्दाज गरी ठगीको परिभाषा भित्र नपर्ने कारोवार गरिएको कार्यलाई ठगी गरेको भनी मलाई ठगीको अपराध गरको ठहर गरी सजाय समेत गर्ने गरी गरिएको त्रुटिपूर्ण फैसला वदर उल्टी गरी सफाई दिलाई पाउँ भन्ने समेत व्यहोराको पुनरावेदक प्रतिवादी महेश भन्ने भुवन धितालले मिति २०७७।११।०२ मा यस अदालत समक्ष पेश भएको पुनरावेदनपत्र।

**५२. वादी नेपाल सरकारको पुनरावेदन जिकीरः-**

प्रतिबादी महेश भन्ने भुवन धिताल उपर निजले मिति २०७५/०१/०४ गते मलाई नारायणपुरमा रहेको ५ मिटरको घडेरी तपाईलाई सस्तोमा पास गरि दिउला भनी ठगी खाने नियतले ललाई फकाई विश्वास दिलाई रू.४,००,०००।- लिएकोमा जग्गा पास गरिदिनुस् भनि पटक पटक अनुरोध

गर्दा रकम पनि दिदैन र जग्गा पास पनि दिदैन भनेकोले निजलाई कानून बमोजिम कारवाही गरी पाउँ भन्ने शिवा पुनको किटानी जाहेरी रहेको, त्यस्तै भुवन धितालले मिति २०७५/८/१७ गते घोराहीका बिभिन्न स्थानहरूबाट जाहेरवाली सितल बुढाबाट नगद रू.१२,००,०००।- (बाह्र लाख रूपैया), साईन मात्र गर्न लगाई बैंकका खाली चेक थान-३, अम्बिका भाट क्षेत्रीबाट नगद रू.२,००,०००। (दुई लाख रूपैया) चन्द्र बहादुर भाट क्षेत्रीको भारतीय पेन्सन पट्टा थान-१ (एक) र नुमा कुमारी पुन मगरबाट नगद रू.३२,००,०००।- (बत्तिस लाख रूपैया), दस्तखत मात्र गरेका बैंकका चेकहरू थान-५ राम्रो व्याजमा लगाई दिन्छु भनी फकाई फुलाई विश्वास दिलाई लिई ठगी खाएकोले कानून बमोजिम कारवाही गरी पाउँ भन्ने सितल बुढा, नुमा कुमारी पुन मगर र अम्बिका भाट क्षेत्रीको संयुक्त किटानी जाहेरी दरखास्तमा उल्लेख भएको छ भने जाहेरवाली नुमा कुमारी पुन मगरले अदालत समक्ष उपस्थित भई बकपत्र गर्दा प्रतिबादीले केही रकम ठगी गरेका हुन भनी बकपत्र गरेको अबस्था छ। जाहेरवालाहरूले प्रतिबादीलाई झुठा जाहेरी दिनुपर्ने अन्य कुनै कारण पनि नभएको अबस्थामा जाहेरवालाहरू सितल बुढा र अम्बिका भाट अदालत समक्ष उपस्थित हुन नसकेकै कारण निजहरूको बिगोको हकमा बिगो नपुग्ने ठहरगरी भएको फैसला त्रुटिपूर्ण रहेको हुँदा सो हद सम्म बदरगरी अभियोग दाबी बमोजिमको बिगो कायमगरी सजाय गरी पाउँ। प्रतिबादी महेश भन्ने भुवन धितालले अनुसन्धानको क्रममा बयान गर्दा मैले गर्दै आएको कारोबारमा पत्रकार सागर वली भन्ने कुलराज वलीले पनि ३६ प्रतिशत ब्याजमा रकम लगानी गर्ने र यसमा आएको नाफा समेत खाने गर्दै आएका छन। मैले निजसंग सर-सल्लाह लिने गर्दछु। निज सागर वली भन्ने कुलराज वलीले प्रहरीले तपाईलाई निकै खोजीरहेको छ तपाईलाई भेटयो भने थुनी हाल्छ भागी हाल्नुहोस म यहाँ सबै कुरा मिलाउँछु बाँकी कुरा पछि गरौला भनी मिति २०७५।१२।१३ गते बिहान रू.१,५०,०००।- मसंग लिएका हुन। निज कुलराज वलीले भने बमोजिम दाङबाट नेपालगंज हुँदै बाहिर जाने मनसायले बा.१५च.७६६८ नं.को कारमा जाँदै गर्दा लमही नगरपालिका वडा नं.९ अमिलियाबाट पक्राउ परेको हुँ। PRESS लेखिएको मेरो परिचय पत्र प्रहरीले मेरै साथबाट बरामद गरी ल्याएको हो। सागर वली भन्ने कुलराज वलीले तपाईलाई फाईदा नै हुन्छ भनी उक्त परिचय पत्र बनाई दिएका हुँन भनी प्रतिबादी सागर भन्ने कुलराज वलीलाई पोल गरी बयान गरेका र प्रतिबादी पक्राउ परेको स्थान, प्रतिबादीसँग बरामद भएको PRESS लेखिएको परिचय पत्र समेतबाट निजले अनुसन्धानमा गरेको बयान पुष्टि भएको र प्रतिबादी सागर वली भन्ने कुलराज वलीले अनुसन्धानमा बयान गर्दा प्रतिवादी महेश भन्ने भुवन धिताल चिनजानका साथी भएको, निजले मलाई फोन गरी रेखा धिताल समेतसंग लेनदेनको कारोबार भएकाले मलाई फसाउन लागे जसरी पनी मिलाई दिनु पर्यो भनेकाले म जि.प्र.का.मा गई बुझ्छु भनेको, प्रतिवादी महेश धिताललाई प्रहरीले खोजी रहेकाले मिति २०७५।१२।१२ गते आफ्नो घरमा राखेको, भोलिपल्ट १३ गते बिहान जि.प्र.का.मा गई निजलाई लागेको मुद्दाको बारेमा बुझि म तुलसिपुर गई करीव १२/१ वजे आँखा अस्पताल नजिक निज महेश धिताललाई भेटी तपाईको नाममा जघन्य जबरजस्ती करणी र ठगी मुद्दा लागेको भनेको र निजको पत्रकारको परिचय पत्र बनाई दिएको कुरा स्विकार गरी लेखाएको समेतबाट यी प्रतिबादी सागर भन्ने कुलराज वलीको प्रतिबादी महेश भन्ने भुवन धितालालाई सल्लाह

सहयोग गरेको र निजबाट रू.१,५०,०००।—(एकलाख पचास हजार) लिई पत्रकारको परिचयपत्र बनाई भगाउन सहयोग गरेको पुष्टि भै रहेको अबस्थामा निज प्रतिबादीलाई समेत सजाय गर्नु पर्नेमा अभियोगदाबीबाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण छ। तः प्रतिवादी महेश भन्ने भुवन धितालालाई कम बिगो ठगी गरेको ठहर हुने र प्रतिबादी सागर भन्ने कुलराज वलीलाई कसूरबाट सफाई दिने ठहर भएको दाङ देउखुरी जिल्ला अदालतको फैसला बदर रि प्रतिवादी महेश भन्ने भुवन र सागर भन्ने कुलराज वलीलाई अभियोग मागदावी बमोजिम सजाय गरी पाउँ भन्ने समेत व्यहोराको पुनरावेदक वादी नेपाल सरकारको मिति २०७७।११।०२ मा यस अदालत समक्ष पेश भएको पुनरावेदनपत्र।

**५३. प्रत्यर्थी झिकाउने आदेशः-**

यसमा दाङ देउखुरी जिल्ला अदालतको मिति २०७७।०८।२२ को फैसला उपर वादी नेपाल सरकार तथा प्रतिवादी महेस भन्ने भुवन धितालको दोहरो पुनरावेदन परेको देखिंदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) को प्रयोजनार्थ वादी नेपाल सरकारको पुनरावेदनको जानकारी पुनरावेदक/प्रतिवादी महेश भन्ने भुवन धिताल र सफाई पाउने प्रत्यर्थी/प्रतिवादी सागर भन्ने कुलराज वलीलाई तथा प्रतिवादीको पुनरावेदन सहित पेशीको सूचना उच्च सरकारी वकील कार्यालय तुलसीपुरलाई दिई नियमानुसार पेश गर्नुहोला भन्ने मिति २०७८।०३।२८ गतेको यस अदालतको आदेश।

**ठहरखण्ड**

५४. नियम बमोजिम निर्णयार्थ यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदन पत्र सहित शुरू सक्कल मिसिल अध्ययन गरी विद्वान अधिवक्ताहरूले गर्नु भएको बहस समेत सुनियो।

**५५. बहस जिकीरः-**

क) प्रतिवादी महेस भन्ने भुवन धितालको तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरू श्री प्रविण लम्साल र श्री विजय पौडेलले यी पीडित भनिएका जाहेरवालाहरू स्वयंले प्रतिवादी भुवन धितालवाट विभिन्न समयमा ऋणस्वरूप रकम लिएको र सो रकमको सुरक्षणका लागि ऋणीहरूले मेरो पक्षलाई खालि चेक दिएको अवस्था हो। ऋणीहरूलाई दिएको रकम असुल गर्न खोज्दा झुट्टा जाहेरी परेको हो। जाहेरी अनुसन्धानको आधारसम्म हो, अकाट्य प्रमाण होईन।जाहेरीमा रकम उल्लेख हुँदैमा सो रकम प्रतिवादीलाई दिएको पुष्टि हुँदैन। जाहेरवाला र प्रतिवादी भुवन धितालबीच रकम कारोबारको बिषयको विवाद सम्म हो। रकम कारोबार हुनु र ठगी हुनु फरक फरक बिषय हो। तसर्थ कारोवारको बिषय ठगीको परिभाषा भित्र नपर्ने भएकाले शुरू अदालतबाट प्रतिवादीलाई ठगीको कसूरमा सजाय गर्ने गरी भएको सो फैसला मिलेको नदेखिंदा उल्टी वदर गरी पाउँ भनी गर्नु भएको बहस समेत सुनियो।

ख) पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट बहस गर्नुहुने सहायक न्यायाधिवक्ता श्री ढकबहादुर रावतले प्रतिवादी भुवन धितालका विरूद्धमा किटानी जाहेरी परेको छ, जाहेरी दरखास्तमा निजले ठगी

गरेको रकम स्पष्टसँग उल्लेख गरेको अवस्था छ। जाहेरी बेहोरालाई सनाखत गर्दै १६ जना जाहेरवालाहरू मध्ये १२ जना जाहेरवालाहरू अदालतमा उपस्थित भई बकपत्र गर्दा आफू ठगीएको बेहोरा उल्लेख गरेका छन्।जाहेरी बकपत्र र प्रतिवादी भुवन धितालले मौकामा गरेको बयान समेतका आधारमा प्रतिवादी भुवन धितालको हकमा अभियोग दावीको कसूर कायम गरेको शुरू अदालतको फैसला मिलेको हुँदा निजको हकमा सोही फैसला सदर होस भनी अर्का सह-प्रतिवादी सागर भन्ने कुलराज वलीले यी मूख्य कसुरदार महेश भन्ने भुवन धिताललाई ठगी गर्ने कार्यमा सहयोग पुऱ्याएको तथा निज प्रतिबादी महेश भन्ने भुवन धितालले अनुसन्धानको क्रममा बयान गर्दा यी सागर वली भन्ने कुलराज वलीले पनि ३६ प्रतिशत ब्याजमा रकम लगानी गर्ने र यसमा आएको नाफा समेत मिली खाने गर्दै आएका छौं। मैले निजसंग सर-सल्लाह लिने गर्दछु भन्ने बेहोरा उल्लेख गरेको अवस्था र प्रतिवादी महेश भन्ने भुवन धितालालाई अपराधबाट भाग्न उम्कन सहयोग गर्ने नियतले गैर कानूनी तवरले पत्रकारको परिचयपत्र उपलब्ध गराएको अवस्थामा यी प्रतिवादी सागर भन्ने कुलराज वलीलाई अभियोग दावीबाट सफाई दिने गरी भएको शुरू फैसला सोहदसम्म त्रुटिपुर्ण हुँदा वदर गरी प्रतिवादी कुलराज वलीलाई पनि अभियोग दावी वमोजिम सजाय गरि पाउँ भनी वहस गर्नु भयो।

ग) झिकाईएको पक्ष कुलराज वलीको तर्फबाट बहस गर्नु हुने बिद्वान अधिवक्ता श्री पुष्करबहादुर भण्डारीले प्रस्तुत मुद्दाका मूख्य अभियुक्त भुवन धितालको मौकाको बयानबाट पोलिन पुगेका यी सह-प्रतिवादी कुलराज वली सोही पोलको आधारमा प्रतिवादी कायम भएको सम्म देखिन्छ। यिनी बिरूद्ध कुनै पनि जाहेरवालाहरूको पोल तथा उजुरी परेको छैन। प्रतिवादी भुवन धिताल र मेरो पक्ष सामान्य चिनजानका साथी रहेका, निजले राम्रो फोटो खिचेको देखेर फोटो खिच्ने मान्छेलाई पनि पत्रकारको परिचयपत्र बनाई दिन सकिने हुँदा आफू पत्रकार भएको र कहिले काहीँ फोटो साभार गरी लिन सहज होला भनी सदासयताका साथ नै पत्रकारको परिचयपत्र बनाउन सहोयोग गरेको हो। निजले गरेको ठगीजन्य कार्यमा मेरो पक्षको कुनै पनि सहयोगी भूमिका नरहेको भन्ने आधारमा शुरू अदालतले सम्पूर्ण तथ्यहरूका विवेचना गरी मेरो पक्ष कुलराज वलीका हकमा शुरू जिल्ला अदालतबाट भएको सो फैसला मिलेकै देखिंदा सदर कायम गरि पाउँ भनी गर्नु भएको बहस समेत सुनियो।

**५६. प्रस्तुत मुद्दाको संक्षिप्त विवरणः-**

सावित्रा डाँगीसमेतका १६ जना जाहेरवालाहरूको बिभिन्न मितिमा परेको जाहेरीमा प्रतिवादी महेश भन्ने भुवन धितालले जाहेरवालाहरूलाई बिभिन्न प्रकारको प्रलोभन देखाई विश्वास दिलाई गफलतमा पारी निज प्रतिवादीलाई फाइदा हुने र जाहेरवालाहरूलाई आर्थिक क्षति पुग्ने गरी ठगी गरेको हुँदा कानून बमोजिम कारवाही गरी जाहेरवालाहरूको बिगो समेत भराई पाउँ भन्ने जाहेरीहरूमा अनुसन्धान कार्य सम्पन्न भई उठान भएको यस मुद्दामा प्रतिवादी महेश भन्ने भुवन धितालालाई मुलुकी अपराध संहिता २०७४ को दफा २४९(१) र (२) को कसूरमा ऐ. ऐनको दफा २४९(३)(ग) बमोजिम को सजाय माग र प्रतिवादी भुवन धितालको मौकाको बयानमा पोलिएका

प्रतिवादी सागर वली भन्ने कुलराज वलीले मुख्य अभियुक्त भुवन धितालललाई जाहेरवालाहरूको रकम ठगी गर्नमा मद्दत गर्न बिभिन्न किसिमले सहयोग पुर्‍याई मत सल्लाहमा सहभागी रहेको हुँदा निजलाई समेत सोही ऐनको दफा ३६(३) को देहाय (क) को कसूरमा सोही ऐनको दफा ३६(३)(ग) बमोजिम हुने सजायको आधा सजाय गरिपाउन र जाहेरवालाहरूको जाहेरी बेहोरामा उल्लेख भएको नगदको जम्मा बिगो रू.१,५६,७४,०००।— (एक करोड छपन्न लाख चवत्तर हजार) र सुनका बिभिन्न गरगहना रहेकोमा सोही ऐनको दफा २५४ बमोजिम बरामद भएको नगद रू.४,०३,०००।— (चार लाख तीन हजार) मध्ये रू.३,५६,५००।- (तीन लाख छपन्न हजार पाँच सय) अनु डाँगीलाई र रू.४६,५००।— (छयालीस हजार पाँच सय) रेखा धितालललाई र निजहरूका सुनका गहनाहरू निजलाई फिर्ता दिई नपुग बिगो रू.१,५२,७१,०००।— (एक करोड बाउन्न लाख एकहत्तर हजार) रूपैयाँ प्रतिवादी महेश भन्ने भुवन धितालबाट जाहेरवालाहरूलाई भराई पाउन भनी दायर भएको अभियोगपत्र उपर सुनुवाई भई शुरू अदालतबाट फैसला हुँदा प्रतिवादी महेश भन्ने भुवन धितालको हकमा अभियोगदावीको कसूर कायम भई निजलाई ४ बर्ष कैद सजाय गरी निजले १६ जना जाहेरवालाहरू मध्ये अदालतमा उपस्थित भई जाहेरीलाई सनाखत गरी बकपत्र गर्ने १२ जना जाहेरवालाहरूको कायम हुन आएको रू.१,०६,७४,०००।— (एक करोड छ लाख चौवत्तर हजार) रूपैयाँ बराबरको बिगोको रकम भराई दिनु पर्ने गरी र अर्का सह-प्रतिवादी सागर वली भन्ने कुलराज वलीलाई आरोपित कसूरबाट सफाई दिने गरी भएको सो फैसलामा वादी र प्रतिवादी दुवै पक्षले चित्त नबुझाई प्रतिवादी भुवन धितालको हकमा कसूर कायम भएको मिति २०७८।०८।२२।२ का दिन नै सह-प्रतिवादी कुलराज वलीले सफाई पाएको हकमा र प्रतिवादी भुवन धितालललाई अभियोग दावीमा उल्लेखित बिगो भन्दा कम बिगो कायम गरेको हक सम्ममा मात्रै वादी नेपाल सरकारको पुनरावेदन परेको र अभियोग दावीको कसूर कायम भएका प्रतिवादीले अभियोगदावीको कसूरमा पूर्णतः इन्कार रही कारोवारको विषय र ठगीको विषय नितान्त फरक फरक हुन, कारोबारको विषयलाई ठगीको परिभाषा गरी कसूर कायम गरेको शुरू फैसला उल्टी गरी आरोपित कसूरबाट सफाई पाउनुपर्दछ भनी पुनरावेदन परी दुवै पक्षको पुनरावेदन सहितको मिसिल निर्णयार्थ इजलास समक्ष पेश भएको देखिन्छ।

**५७. प्रस्तुत मुद्दामा निर्णय गर्नुपर्ने प्रश्नहरुः**

(क) प्रस्तुत वारदातको विषय करोवारको विषय हो। कारोवारको विषयमा व्यवस्थापनको कार्य सम्ममा मैले जाहेरवालाहरूलाई सहयोगी भावनाले सहयोग गरेको हुँ। जाहेरवालाहरू मध्येका केही मानिसहरूलाई मैले दिएको ऋणको रकम माग्दा निजहरूले काटी दिएको खाली चेकहरू मसँग रहेका थिए। मैले जाहेरवालाहरूलाई ठगी गरेको होईन। आरोपित कसूरबाट सफाई पाउनुपर्दछ भनी प्रतिवादीले लिएको पुनरावेदन जिकिर पुग्न सक्ने हो की होईन?

(ख) सह-प्रतिवादी सागर वली भन्ने कुलराज वलीले मुख्य अभियुक्त महेश भन्ने भुवन धितालललाई ठगी गर्ने कार्यमा सहयोग पुर्‍याई निज अभियुक्तलाई प्रहरीहरूले नियन्त्रणमा लिन खोजी रहेको अवस्थामा निजलाई भगाउन समेतका कार्यमा सहयोगी भूमिका खेलेको भन्ने प्रतिवादी भुवन धितालको मौकाको

बयानबाट खुली आएको अवस्थामा निज प्रतिवादी कुलराज वलीलाई आरोपित कसूरबाट सफाई दिने ठहर गरेको शुरू फैसला मिलेको नहुँदा सो फैसला उल्टी गरी निजको हकमा पनि मतियार तर्फको अभियोग दावीको कसूरमा सजाय हुनुपर्दछ भन्ने र अभियुक्त भुवन धितालको हकमा अभियोग दावीमा उल्लेखित बिगो भन्दा कम बिगो कायम गरेको सो हदसम्मको शुरू फैसला केही उल्टी गरी अभियोग दावीमा उल्लेखित १,५२,७१,०००।- (एक करोड बाउन्न लाख एकहत्तर हजार) बिगो जाहेरवालाहरूलाई दिलाई भराई पाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्ने हो की होईन?

(ग) प्रतिवादी महेश भन्ने भुवन धितालललाई अभियोग दावीको कसूरमा ४(चार) बर्ष कैद र रू.४०,०००।— (चालीस हजार) रूपैयाँ जरीवाना र रू.१,०६,७४,०००।—(एक करोड छ लाख चौहत्तर हजार) रूपैयाँ बिगो १२ जना जाहेरवालाहरूले निज प्रतिवादीबाट भराई लिन पाउने र अर्का सह-प्रतिवादी सागर भन्ने कुलराज वलीले आरोपित कसूरबाट सफाई पाउने गरी भएको शुरू अदालतको फैसला मिलेको छ की छैन?

**५८. प्रस्तुत मुद्दामा मुख मिलेका र नमिलेका कुराहरुः**

अभियुक्त भुवन धिताल र सह-प्रतिवादी कुलराज वली चिनजानका साथी भाई, प्रतिवादी कुलराज वली पत्रकार र जलजला अनलाईन खवर तथा टेलिभिजनको सञ्चालक समेत रहेका, अभियुक्त भुवन धितालले जाहेरवालाहरू लगायत बिभिन्न धेरै मानिसहरूलाई तमसुक बनाई रकम लगानी गर्ने गरेको, जाहेरवालाहरूबाट खाली चेकमा सही गराई चेक लिने गरेको, जाहेरवालाहरू मध्येकै केही महिलाहरू रहने गरी महिला समुह बनाई यसको हरहिसाव राख्नमा प्रतिवादी भुवन धितालले जाहेरवालाहरूलाई सहयोग गर्ने गरेको, सह-प्रतिवादी कुलराज वलीको सहयोगमा अभियुक्त भुवन धितालले पत्रकारको परिचयपत्र लिएको भन्ने कुरामा दुवै पक्षको मुख मिलेको नै देखिन्छ।

सह-प्रतिवादी कुलराज वलीले अभियुक्त भुवन धितालललाई पत्रकारको परिचयपत्र बनाई दिएको तथ्यलाई स्वीकार गरी तिहारको सेरोफेरोमा घोराही-१६ मा पानीको ड्याममा बच्चा डुवेको अवस्थामा रिपोर्टिङ गर्न जाँदा प्रतिवादी भुवन धितालले राम्रो फोटो खिचेको देखेपछि निजलाई पत्रकारको परिचयपत्र बनाई दिएको हो। दुषित भावनाले निजलाई पत्रकारको परिचयपत्र बनाई दिएको होइन। आफु पत्रकार भएकोले फोटोको स्रोत लिन सहज होला भनी सफा भावनाले नै पत्रकारको परिचयपत्र बनाई दिएको हो। प्रतिवादी भुवन धितालले गरेको अन्य कार्यमा मेरो कुनै संलग्नता र सहयोगी भुमिका रहेको छैन भन्ने प्रतिवाद प्रतिवादी सागर वलीको रहेको देखिन्छ।

यसैगरी जाहेरवालाहरू मध्ये अदालतमा उपस्थित धेरैजनाले प्रतिवादी भुवन धितालले हामीलाई महिला समुह खोल्न लगाई त्यसमा रकम जम्मा गर्न लगाउनु हुन्थ्यो। त्यहाँ जम्मा भएको रकमको कारोबार यिनै प्रतिवादीले नै गर्नुहुन्थ्यो। त्यस समुहमा सहभागी महिलाहरू मध्ये केहिलाई महिनाको एक एक लाख जम्मा गरेमा हामीलाई धेरै ब्याज आउँछ भनी विश्वासमा पारेका थिए। सात महिनामा १० लाख रकम आउँछ भनी बिश्वास दिलाएको हुँदा निजको विश्वासमा परी रकम जम्मा गर्ने गरेको र महिना महिना दिनमा रकम जम्मा गर्न नसकेको दिन

निजले हामीहरूसँग भएको सुनका गहना तथा खाली चेकहरू काट्न लगाई लाने र सो नगरेका बखत तमसुक पनि बनाउने गर्दथे भन्ने करिव करिव एकै मिलानको जाहेरवालाहरूको बकपत्रको बेहोरा रहेकोमा अभियुक्त भुवन धितालले जाहेरवालाहरूबाट बनाएको महिला समुहले रकम जम्मा गर्ने गरेको तथ्यलाई स्वीकार गरी निजहरूले जम्मा गरेको रकमलाई हरहिसाव मिलाइदिनमा सम्म मैले सहयोग गरेको हुँ। निजहरूले जम्मा गरेको रकम मैले चलाई हिनामिना गरेको छैन। मैले नै जाहेरवालाहरू मध्येका धेरैलाई ऋण लगानी गरेको छु। ऋण लगानी गरेका जाहेरवालीहरू मध्येका केही मानिसहरूसँग तमसुक पनि बनाई राखेको छु। मैले दिएको ऋण निजहरूसँग माग गर्दा निजहरूले दिएको चेक मैले लिएर आएको हो। निजहरूलाई मैले ठगी गर्ने कुनै कार्य गरेको छैन भन्ने प्रतिवादी भुवन धितालको प्रतिवाद रहेको देखिन्छ।

प्रतिवादी भुवन धितालको नेतृत्व र योजनामा जाहेरवालाहरू उपर ठगी भएको हो भन्ने वादी दावी र जाहेरवालाहरूसँगको कारोवारको बिषय ठगीको परिभाषा भित्र पर्दैन भन्ने अभियुक्त भुवन धितालको प्रतिवाद तथा सह-प्रतिवादी कुलराज वलीले प्रतिवादी भुवन धितालको कसूरजन्य कार्यमा मैले जाहेरवालाहरूलाई हानी नोक्सानी पुऱ्याउने गरी दुषित मनसाय राखी कुनै कार्य गरेको छैन भन्ने प्रतिवाद रही सोहदसम्ममा वादी र प्रतिवादीहरूको मुख नमिली प्रस्तुत वारदात ठगीको वारदात हो? वा अभियुक्त भुवन धितालले दावी लिएको जस्तो निजहरूबीच रहेको आर्थिक कारोवाको बिषयलाई ठगीको परिभाषा गर्न मिल्दैन भन्ने प्रतिवाद जिकिर बमोजिम प्रस्तुत विवाद आर्थिक कारोवारको बिषय हो? वा वादीदावी बमोजिम ठगीको परिभाषा भित्र पर्ने विषय हो? सोमा केन्द्रित रही न्यायिक निरूपण गर्नुपर्ने देखिन आयो।

**आधार र कारण सहितको ठहर निस्कर्षः**

**५९. प्रतिवादी भुवन धितालले लिएको पुनरावेदन जिकिरको क्रमश विवेचनाः**

(क) "म रोजगारीको शिलसिलामा २०६० सालमा मलेसिया गई ३ बर्ष काम गरेको, २०६४ सालमा दुवईमा गई २ बर्ष काम गरेको, घोराहीमा बस्दा जग्गा खरिद बिक्रीको काम गर्ने कार्य गरी आएको, ५ बर्षसम्म घोराहीमा होटेल ब्यवसाय गरी आएको हुँदा सो ब्यवसाय तथा नोकरी समेतबाट जम्मा भएको रकम यि जाहेरवालाहरूलाई सापटी स्वरूप दिएको रूपैयाँ हो। सापटी दिएको उक्त रूपैयाँको प्रमाण वापत जाहेरवालाहरूले आफूले सही गरेको चेकहरू दिएका हुन्। जाहेरवालाहरूसँग तमसुक पनि गराएर राखेको थिए। मेरो घरबाट बरामद भएका तमसुक र चेकहरूले समेत सो प्रमाणित गरेको हुँदा हामीहरूबीचको कारोबारको बिषय हो। मसँग लिएको सापटी रूपैयाँ समयमा नबुझाएकाले पटक पटक माग गर्दा नदिएकाले ति चेकहरू बाउन्स गराई उनीहरू उपर बैंकिङ्ग कसूर चेक अनादरमा मुद्दा दर्ता गर्ने प्रकृयामा रहेको अवस्थामा जाहेरबालाहरूले मसँग लिएको रूपैयाँ पचाउने, नतिर्ने उद्देश्यले झुठ्ठा जाहेरी दिएको हुँदा झुठ्ठा जाहेरीबाट उठान भएको ठगी मुद्दामा कसूर कायम गरी सजाय भएको शुरू फैसला उल्टी गरी सफाई पाउनु पर्दछ" भन्ने मुख्य पुनरावेदन जिकिर रहेको देखिन्छ। प्रतिवादीको यो पुनरावेदन जिकिरलाई मिसिल संलग्न रहेको प्रमाण कागजहरूसँग विवेचना

र विश्लेषण गरी पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर स्थापित हुने नहुने के सो हो? सोही विषयमा केन्द्रित रही न्यायिक निर्णय गर्नुपर्ने देखिन्छ।

(ख) प्रतिवादी भुवन धिताल बिरूद्ध बिभिन्न मितिमा परेको १६ जना जाहेरवालाहरू मध्ये १२ जना जाहेरवालाहरूले अदालतमा आई जाहेरी बेहोरालाई सनाखत गरी बकपत्र गर्दा जाहेरवालाहरू मध्येको आशा साहले आफुले दिएको रकम रू.३,५०,०००।— (तीन लाख पचास हजार) प्रतिवादी भुवन धितालबाट फिर्ता पाइसकेको छु भन्ने बेहोरा बाहेक अन्य सबै जाहेरवालाहरूले यी प्रतिवादीलाई किटानी पोल गरी हामी जाहेरवालाहरूलाई फकाई, विश्वासमा पारी, बढी ब्याज आउने प्रलोभन देखाई समुहमा रकम जम्मा गर्न लगाउने, विश्वासमा पारी बढी ब्याज आउँछ भनी समूह बाहेक पनि छुट्टै रकम लिने र कारोवार गर्ने सेमतका कार्य गरी हामीहरूलाई आर्थीक क्षति हुने गरी विश्वासघात गरेको वा आफु ठगीएको कुरा थाहा पाएपछि निज बिरूद्ध उजुरी गरेका हौं भन्ने एकै मिलानको बेहोरा देखिन्छ।

(ग) प्रतिवादीको घर खानतलासी गर्दा तयार भएको बरामदी मुचुल्कामा दर्जनौं तमसुकका लिखत र सही भएका खाली चेकहरू बरामद भएको देखिन्छ। बरामद भएको तमसुक र चेकहरू आफ्नो हो, आफुले लगानी गरेको रकमको सुरक्षणको लागि ऋणीहरूबाट लिएको खाली चेकहरू र तमसुकहरू हुन् भन्ने प्रतिवादीको मुख्य प्रतिवाद जिकिर रहे तापनि जाहेरवालाहरूलाई बढी ब्याज आउने प्रलोभन देखाई महिला समुह बनाई त्यसमा रकम जम्मा गर्न लगाएको र त्यस समुहमा समयमा महिनावारी रूपमा जम्मा गर्नुपर्ने रकम समयमा जम्मा गर्न नसकेको बेला सहि गरेर खाली चेक दिनु, चेक भएपछि त्यहीँ आधार हुन्छ भनी विश्वास दिलाएको हुँदा सोही विश्वासमा परी कहिलेकाँही खाली चेक, कहिले गहनाहरू दिने गरेको हौं भन्ने जाहेरवालाहरूको बकपत्रको बेहोराले प्रतिवादीले जाहेरवालाहरू उपर लगानी गरेको रकमको सुरक्षाको लागि निजहरूबाट खाली चेक लिने गरेको हो भन्ने निजको पुनरावेदन जिकिर पीडित भनिएको जाहेरवालाहरूको बकपत्रबाट खण्डित हुन गई जाहेरवालाहरूको उक्त बकपत्रलाई प्रमाण ऐन, २०३१ को दफा १८ तथा प्रमाण ऐन, २०३१ को दफा १०(क) र (ख) बमोजिम प्रमाणमा ग्रहण गर्न मिल्ने नै देखिन आयो।

(घ) मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ (१) माः "कसैले ठगी गर्न वा गराउन हुदैन"। सोही ऐनको उपदफा (२) माः "उपदफा (१) को प्रयोजनको लागि कसैले कसैलाई कुनै कुराको विश्वास दिलाएकोमा सो बमोजिम नगरी वा फकाई, झुक्याई, अन्य कसैलाई कुनै किसिमले धोका दिई, कुनै काम गरी वा गर्नबाट रोकी त्यस्तो व्यक्ति वा अन्य कसैलाई बेइमानीपूर्वक कुनै किसिमको हानी नोक्सानी वा क्षति पुऱ्याएमा वा आफ्नो वा अरू कसैको लागि कुनै लाभ प्राप्त गरेमा निजले ठगी गरेको मानिनेछ।"

उपदफा २ को स्पष्टिकरणमा "ठगीबाट पीडित व्यक्तिले ठगी गर्ने व्याक्तिबाट कुनै लिखत गराएको रहेछ भने त्यस विषयमा लिखत बमोजिम हुनेछ"।

सोही ऐनको दफा (३) (ग) माः "खण्ड (क) र (ख) मा लेखिएदेखि बाहेक अन्य कुनै किसिमले ठगी गरेमा सात वर्षसम्म कैद र सत्तरी हजार रूपैया सम्म जरिवाना" हुने भन्ने कानूनी ब्यवस्था छ।

यसरी कुनै कुराको बिश्वास दिलाएको, फकाई, झुक्याई वा अन्य किसिमले धोका दिएको, बेइमानीपूर्वक कुनै किसिमले हानी नोक्सानी वा क्षति पुऱ्याएको वा आफु वा अरू कसैलाई लाभ पुऱ्याएमा ठगी गरेको मानिने भन्ने कानूनी प्रावधान देखिन्छ। प्रस्तुत मुद्दामा जाहेरवालाहरू मध्येकै महिलाहरूबाट महिला समुह बनाउन लगाई त्यो समुहमा बसी रकम जम्मा गरेमा वढी ब्याज आउने प्रलोभन महिलाहरूलाई देखाई वढी रकम जम्मा गर्न लगाई जम्मा भएको रकमको अन्यत्र लगानी भएको नखुलाई सो रकमको ब्यवस्थापनको जिम्मेवारी लिई यि प्रतिवादीले सहयोग गरी रकम परिचालन गरी रहेको भन्ने पीडित जाहेरवालाहरूको बकपत्रको बेहोराबाट देखिंदा प्रतिवादीले गरेको उक्त कार्य माथि उल्लेखित मुलुकी अपराध संहिता, २०७४ को दफा २४९(२) मा उल्लेखित ठगीको परिभाषा भित्रको कार्य देखिन आयो। तसर्थ जाहेरवालाहरूले आफुले प्रतिवादीलाई दिएको नगद र समुहमा जम्मा गरेको रकमलाई फिर्ता माग्दा फिर्ता नपाउनु, कारोवारको बिषय मात्र नभई ठगीको कसूरजन्य कार्य रहे भएको देखिंदा उक्त कार्य हामीहरू विचको कारोबार हो भन्ने प्रतिवादीको सो पुनरावेदन जिकिरसँग माथि उल्लिखित ठगीको परिभाषा समेतका आधारमा पनि सहमत हुन सकिएन।

(ङ) विना प्रयोजन विभिन्न मितिमा जाहेरवालाहरूलाई चर्को ब्याज दरमा ऋण दिनुपर्ने र निजहरूबाट ऋणको आधार भनी जाहेरवालाहरूको नाउको रकम नखोलिएको तर निजहरूलाई सही गराएको खाली चेक समेत प्रतिवादी भुवन धितालले लिनुपर्ने बस्तुगत अवस्था र कारण मिसिल कागजबाट नदेखिएको हुँदा मैले जाहेरवालाहरूलाई दिएको रकम तिर्नु नपरोस भनी जाहेरवालाहरूले म उपर झुठ्ठा बेहोराको ठगीको उजुरी गरेका हुन् भन्ने सो पुनरावेदन जिकिरसँग पनि प्रस्तुत मुद्दाको तथ्य समेतका आधारमा सहमत हुन सकिएन।

(च) घटना विवरण कागज गर्ने रोशन बुढाथोकी, कुमार के.सी., नारायण वली, केशर वली र प्रतिवादी भुवन धितालका साक्षीहरूले प्रतिवादी भुवन धितालको समर्थनमा बकपत्र गरेको हुँदा सो बकपत्रलाई प्रमाणमा ग्रहण गरिनु पर्दछ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरतर्फ विचार गर्दा घटना विवरण कागज गर्ने ती मानिसहरू प्रतिवादी भुवन धितालको सेरोफेरो र संरक्षणमा रही निजको चालक र अन्य काममा सहयोग गरीदिने मानिसहरू भएको निजहरूको मौकाको कागज र बकपत्रबाट खुली आएको देखिन्छ। निजहरू बाहेक मौकामा घटना विवरण कागज गर्ने अन्य सबै मानिसहरूले जाहेरी समर्थनमा बकपत्र गरेको मिसिल कागजहरूबाट देखिन्छ। अदालतमा उपस्थित भई बकपत्र गर्ने वादी साक्षीहरूको भनाईको सामञ्जस्यतालाई बढी से वढी प्रस्तुत मुद्दाको तथ्यसँग जोडेर न्यायिक निष्कर्षमा पुग्नुपर्ने हुँदा प्रतिवादीको सो पुनरावेदन जिकिरसँग पनि सहमत हुन सकिएन।

(छ) ऋण दिने व्यक्तिले कारोवारको आधार बन्छ भनी जाहेरवालाहरूबाट रकम खोल्न नलगाई सही गरेर खाली चेकमा दस्तखत गराई उक्त चेकहरू आफूसँग राख्नुपर्ने र समयावधिभित्र चेकबाट भुक्तानी प्रकृया अवलम्वन नगरी वस्नुपर्ने वस्तुगत अवस्था पनि मिसिल कागजबाट देखिन आएन।

(ज) वास्तविक रूपमा जाहेरवालाहरूबाट प्रतिवादी भुवन धितालले रकम लिन वाँकी रहेको भए खाली चेक लिनुको सट्टा वास्तविक रकम उल्लेख गरी सोही मुताविक चेक प्राप्त गरी चेक सटहिको समयावधि भित्र भुक्तानी गर्न वाधा पर्ने थिएन। जाहेरवालाहरू मध्येकै महिला समुह बनाई त्यस समुहमा मासिक रूपमा रकम जम्मा हुने गरेको तथ्यलाई प्रतिवादी भुवन धितालले पनि स्वीकार गरेको, महिला समुहले अन्यत्र लगानी गर्ने गरेको भन्ने प्रतिवादी भुवन धितालको प्रतिवाद जिकिर पनि नरहेको, जाहेरवालाहरूको महिला समुहमा मासिक रूपमा उठाउने गरेको रकमको हरसिसाव राख्ने व्यवस्थापनको कार्यमा महिला समुहलाई प्रतिवादी भुवन धितालले नै सहयोग गर्ने गरेको तथ्यलाई निजले स्वीकार गरेको, महिला समुहमा उठेको रकमको लगानी वा ऋण प्रवाह नखुलेको अवस्थामा जाहेरवालाहरूले जाहेरी बकपत्रमा उल्लेख गरेको प्रतिवादी भुवन धितालले हामीलाई धेरै ब्याज आउँछ रकम जम्मा गर्नु भनी बिश्वास दिलाई रकम जम्मा गर्न लगाई जम्मा गरेको रकमको ब्यवस्थापन र संचालन निजले नै गर्दथे भन्ने भनाईलाई प्रस्तुत मुद्दाको तथ्यगत अवस्थाको आधारमा अन्यथा भन्न सकिएन। यि प्रतिवादीले मौकामा र अदालतमा कसूरमा इन्कार रही बयान गरे तापनि जाहेरवालाहरूबाट उठाउने गरेको भनिएको रकमको ब्यवस्थापनको जिम्मेवारी वा सहयोग गरी हिसाव किताव राखिदिने मानिसले सो रकमको लगानी वा हिसाव फेरस्ती नदेखाई हामीबीचको कारोबारको बिषयसम्म हो। सो कारोबारको बिषय ठगीको परिभाषा भित्र पर्दैन भन्ने प्रतिवादीको सो पुनरावेदन जिकिरसँग पनि माथि प्रकरणमा विवेचना गरिएको प्रमाण कागज र कानूनसमेतका आधारमा सहमत हुन सकिएन।

**६०. वादी नेपाल सरकारले लिएको पुनरावेदन जिकिरको विवेचनाः-**

(क) प्रतिवादी महेश भन्ने भुवन धितालालाई प्रतिवादी सागर वली भन्ने कुलराज वलीले जाहेरवालाहरूको रकम ठगी लिनमा सहयोगी भूमिका खेलेको भन्ने प्रतिवादी भुवन धितालले मौकामा गरेको बयानबाट सिलसिलेवार रूपमा पुष्टि भएको छ। निजले पत्रकार नभएको मानिसलाई पत्रकारको परिचयपत्र बनाई दिएको तथ्य उजागर भएको छ। तसर्थ निजले गरेको सहयोगी भूमिकाको कसूरमा अभियोग दावीको कसूर कायम हुनुपर्दछ भन्ने वादी नेपाल सरकारको मुख्य पुनरावेदन जिकिर रहेको देखिन्छ।

(ख) प्रतिवादी भुवन धिताल आफु कसूरमा पूर्णतः इन्कार रही मौकामा बयान गर्दा यी प्रतिवादीलाई ३६% ब्याजमा लगानी गरेको रकमको नाफा बाँडेर खाने गरेका थियौं भनी पोल गरे तापनि कहाँ कहाँ कति कति रकम ३६% ब्याजमा लगानी गरेको हो? निजको मौकाको बयानबाट खुलेको देखिन आएन।

(ग) निजले अदालतमा बयान गर्दा प्रतिवादी कुलराज वलीलाई कही कतै पोल गरेको देखिंदैन। चिनजानका साथी भाई रहेभएकाले साथीलाई अप्ठेरो पऱ्यो भनी सामान्य सरसल्लाह माग्दा र

केही कुरा बुझी दिन अनुरोध गर्दा चिनजानको मानिसको हैसियतले सम्बन्धित् प्रहरी कार्यालयमा गई के कसो भएको हो? कस्तो उजुरी परेको हो? भनी सोधपुछ गरिदिने कार्यलाई समेत अन्यथा भन्न सकिएन।

(घ) प्रतिवादी भुवन धिताललाई पत्रकारको परिचयपत्र बनाई दिएको तथ्यलाई स्वीकार गरी दुषित मनसाय राखेर परिचयपत्र बनाईदिएको होईन भनी मौकामा र अदालतमा एकै बेहोराको बयान गरेको देखिन्छ। जाहेरवालाहरू कसैले पनि यी प्रतिवादी कुलराज वली बिरूद्ध पोल गरी जाहेरी दिएको देखिंदैन। घटना विवरण कागज गर्ने मानिसहरूले पनि मौकामा कागज गर्दा र अदालतमा आइ बकपत्र गर्दा समेत यी प्रतिवादी बिरूद्ध पोल गरेको देखिंदैन। यी प्रतिवादीले जाहेरवालाहरूको रकम ठगी गर्नमा मतियारको भुमिका निर्वाह गरेको हो भनी दावी गर्ने वादीले प्रमाण ऐन २०३१ को दफा २५ बमोजिम बस्तुनिष्ठ प्रमाणहरूले सो दावीको पुष्टि गर्नुपर्ने प्रथम दायित्व वादीमा नै रहेकोमा सो अवस्था प्रस्तुत मुद्दामा देखिन आएन। तसर्थ अभियोग दावीको कसूरमा निज प्रतिवादी कुलराज वलीलाई पनि सजाय हुनुपर्दछ भन्ने वादी नेपाल सरकारको सो पुनरावेदन जिकिरसंग माथि विवेचना गरिएका प्रमाण कागजहरू र प्रमाण ऐन, २०३१ को दफा २५ समेतका आधारमा सहमत हुन सकिएन।

(ङ) अभियोगपत्रमा उल्लेखित बिगो भन्दा कम बिगो कायम गरेको सो हदसम्मको शुरू फैसला पनि मिलेको छैन भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ विचार गर्दा १६ जना जाहेरवालाहरूले बिभिन्न मितिमा दिएको जाहेरीमा आफूहरूले बढी ब्याज पाउने बिश्वासमा परी बिभिन्न प्रयोजनका लागि भनी प्रतिवादी भुवन धितालालाई निजले हामीहरूलाई दिलाएको बिश्वास र प्रलोभनमा परी निजलाई नगद, गरगहना, सही गरेका खाली चेकहरू दिएको भनी उल्लेख भएको छ। प्रतिवादीको खातामा जम्मा गरिदिएको निस्सा वा प्रतिवादीसँग तमसुक गराई लिखतसमेत गरेका छौं भन्ने दावी जाहेरवालीहरूको रहेको छैन। निजहरूले प्रतिवादीलाई रकम दिएको निस्सा मिसिलमा नभएको र आफ्नो जाहेरी बेहोरालाई सनाखत गरी बकपत्र गर्न अदालतमा उपस्थित नहुने जाहेरवालाहरूको जाहेरी बेहोरालाई प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम प्रमाणमा ग्रहण गर्न मिल्ने देखिन आएन। तसर्थ अदालतमा उपस्थित नहुने जाहेरवालाहरूको हकमा निजहरूले जाहेरीमा उल्लेख गरेको रकम सम्मलाई बिगो कायम नगरेको हकसम्मको शुरू फैसला मिलेको नै देखिंदा अभियोग दावीमा उल्लेखित बिगो कायम हुनु पर्दछ भन्ने वादी नेपाल सरकारको सो पुनरावेदन जिकिरसँग पनि सहमत हुन सकिएन।

६१. सुरू अदालतले गरेको फैसला उपर कार्यविधि प्रकृया अन्तर्गत वादी र प्रतिवादी दुबै पक्षको पुनरावेदन एक अर्कालाई सुनाउने प्रयोजनार्थ प्रत्यर्थी झिकाउने आदेश भएको देखिंदा प्रत्यर्थी झिकाउने आदेशतर्फ थप विवेचना गरिरहनु परेन।

**६२. शुरू अदालतले गरेको फैसलातर्फ विचार गर्दाः-**

प्रतिवादी महेश भन्ने भुवन धितालले अधिकार प्राप्त अधिकारी र अदालतमा बयान गर्दा अभियोगदावीको कसूरमा पूर्णतः इन्कार रही बयान गरे तापनि जाहेरवालाहरूले प्रतिवादी भुवन

धिताल बिरूद्ध किटानी जाहेरी दिएका, जाहेरी दिने मध्येका १२ जना अदालतमा उपस्थित भई जाहेरी बेहोरालाई सनाखत गरी बकपत्र गर्दा जाहेरवाला आसा शाह बाहेकका अन्य ११ जना जाहेरवालाहरूले आफुहरूले जम्मा गरेको रकम र प्रतिवादीलाई सापटी दिएको रकमहरू प्रतिवादीबाट फिर्ता नपाएको भन्ने जाहेरवालाहरूको किटानी बकपत्र रहेको अवस्थामा जाहेरवालाहरूलाई ऋण दिएको रकम फिर्ता माग्दा झुठ्ठा बेहोरा उल्लेख गरी ठगीको कसूरमा म बिरूद्द जाहेरी परेको हो भन्ने प्रतिवादीको मुख्य प्रतिवाद जिकिर रहे तापनि के प्रयोजनका लागि ऋण दिएको हो? खुलाउन नसकेको तथा ऋण दिएको दावी गर्ने साहुले रकम उल्लेख नभएका जाहेरवालाहरूको सही मात्र रहेका खाली चेकहरू समेतका सामानहरू प्रतिवादीको घर कोठाबाट फेलापर्नुले निजहरूबीच लेनदेन तथा कारोबारको बिषयमात्र रहे भएको अवस्था प्रस्तुत मुद्दाको तथ्यगत अवस्थाबाट देखिन आएन। तसर्थ शुरू अदालतले यी प्रतिवादी भुवन धितालालाई अभियोग दावीको कसूरमा सजाय गरी अर्का सह-प्रतिवादी कुलराज वलीको प्रस्तुत वारदातमा सहयोगी भूमिका तथा मतियार भई मुख्य अभियुक्त भुवन धितालालाई सहयोग गरेको भन्ने बस्तुनिष्ठ प्रमाणहरूले पुष्टि हुन नसकेको हुँदा निज सह-प्रतिवादी कुलराज वलीले आरोपित कसूरबाट सफाई पाउने गरी मिति २०७७।०८।२२ मा भएको कसूर ठहर आदेश मिलेको देखिंदा अन्यथा गरी परिवर्तन गरी रहनु परेन।

प्रतिवादी भुवन धितालले जाहेरवालाहरूलाई भराउनुपर्ने बिगो सम्बन्धमा शुरू अदालतले गरेको फैसलातर्फ विचार गर्दा, अदालतमा उपस्थित भई बकपत्र गर्ने १२ जना जाहेरवालाहरू मध्ये आसा शाहले प्रतिवादी भुवन धितालालाई दिएको रू.३,५०,०००।- (तीन लाख पचास हजार) रूपैयाँ निज प्रतिवादीबाट मैले फिर्ता पाई सकेको छु भन्ने बकपत्र रहेकोमा सो रकम समेत भराउने गरी भएको बिगोको हकसम्ममा सो हदसम्मको शुरू फैसला केही उल्टी भई प्रतिवादी भुवन धितालले जम्मा रू.९९,२१,०००।- (उनान्सय लाख एक्काइस हजार) बिगो जाहेरवालाहरूलाई भराउनुपर्ने देखिन्छ।

किटानी जाहेरी दिने जाहेरवालाहरू शितल बुढा, अम्बिका भाट क्षेत्री, नुमा कुमारी पुन मगर र शिवा पुनले प्रतिवादी भुवन धितालालाई जाहेरीमा उल्लेखित रकम दिएको भन्ने बस्तुगत प्रमाण मिसिलमा सङ्लग्न नरहेको र निजहरूले आफ्नो जाहेरी बेहोरालाई सनाखत गरी अदालतमा उपस्थित भई बकपत्र समेत गर्न नसकेको भन्ने आधारमा निजहरूले दावी लिएको रकम सम्मलाई बिगो कायम नगरेको सोहदसम्मको रकम फैसला प्रमाण मूल्याङ्कनको रोहमा मिलेको नै देखिंदा अन्यथा गरिरहनु परेन।

६३. अतः उपरोक्त तथ्यगत अवस्था भएको प्रस्तुत विषयमा मिसिल संलग्न कागजातहरूको समग्रतामा विश्लेषण गरी हेर्दा यसमा पुनरावेदक प्रतिवादी महेश भन्ने भुवन धितालालाई मुलुकी अपराध संहिता २०७४ को दफा २४९ को (१),(२),(३)(ग) बमोजिमको अभियोग दावीको कसूर मिति २०७७।०८।२२ मा कायम गरी सोही ऐनको दफा २४९(३)(ग) बमोजिम निज प्रतिवादीलाई ४(चार) बर्ष कैद र रू.४०,०००।— (चालीस हजार) जरिवाना हुने गरी मिति

२०७७।०९।३० मा सजाय निर्धारण गरेको शुरू दाङ जिल्ला अदालतको फैसला मिलेको देखिंदा सदर हुने ठहर्छ।

अब कायम भएको बिगो रकमको हकमा विचार गर्दा अभियोग दावीमा उल्लेखित जाहेरवालाहरू मध्येका शितल बुढा, अम्बिका भाट क्षेत्री, नुमा कुमारी पुन मगर र शिवा पुनको जम्मा बिगो रू.५०,००,०००।— (पचास लाख) बिगो कायम नगरेको सो हदसम्मको फैसला मिलेको देखिंदा सदर हुन्छ।

जाहेरवाला आशा शाहको बकपत्रबाट निजले जाहेरीमा उल्लेख गरेको बिगो रू.३,५०,०००।— (तीन लाख पचास हजार) आफूले पाइसकेको भनी खुलाएको अवस्थामा सो रकमलाई समेत जोडी रू.१०२७१०००।—(एक करोड दुईलाख एकहत्तर हजार) बिगो कायम गरेको सो हदसम्म मिलेको नदेखिंदा केही उल्टी भई बिगो रू.९९,२१,०००।— (उनान्सय लाख एक्काईस हजार) रूपैयाँ कायम हुने ठहर्छ। कायम भएको बिगो मध्यबाट देहाय बमोजिम जाहेरवालाहरूले देहायबमोजिमको रकम प्रतिवादी महेश भन्ने भुवन धितालबाट मुलुकी अपराध संहिता, २०७४ को दफा २५४ बमोजिम भराई पाउने ठहर्छ।

**देहाय**

| | | | |
|---|---|---|---|
| सावीत्रा डाँगी | ७,००,०००।- | गमला बुढा | ५,९९,५००।- |
| अनु डाँगी | ७,००,०००।- | सपना के.सी. | ३,५०,०००।- |
| सपना चौधरी | ८,००,०००।- | लेख कुमारी दाहाल | ३,५०,०००।- |
| झुपाली पुन | १६,५०,०००।- | रेखा धिताल | ७,००,०००।- |
| पुनित चौधरी | ३१,९१,०००।- | जानकी कुमारी भण्डारी | २,५०,०००।- |
| रिता मिजार | ६,३०,०००।- | | |

साथै प्रतिवादी सागर वली भन्ने कुलराज वलीको हकमा अभियोग दावीबाट सफाई दिने गरी भएको शुरू दाङ जिल्ला अदालतको फैसला मिलेको देखिंदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादी महेश भन्ने भुवन धिताल र पुनरावेदक वादी नेपाल सरकार दुवै पक्षको पुनरावेदन जिकिर पुग्न सक्तैन। अरूमा तपसिल बमोजिम गर्नू।

**तपसिल खण्ड**

- माथि ठहर खण्डमा उल्लेख भए बमोजिम बिगो रू.९९,२१,०००।- (उनान्सय लाख एक्काईस हजार) कायम भएकोले सो को संशोधित लगत कायम गर्नु भनी शुरू अदालतको तहसिल शाखामा लेखी पठाउनु.............................................................................................१
- फैसलाको प्रमाणित प्रतिलिपि सहितको जानकारी कैदमा रहेका प्रतिवादीलाई निज रहेको कारागार मार्फत दिनू.................................................................................................२
- प्रस्तुत फैसलाको प्रमाणित प्रतिलिपि सहितको जानकारी उच्च सरकारी वकील कार्यालय तुलसीपुरलाई दिनू.........................................................................................३
- प्रस्तुत फैसलामा चित्त नबुझेमा सर्वोच्च अदालतमा पुनरावेदन गर्नु भनी न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१)(ग) बमोजिम पुनरावेदनको म्याद दुवै पक्षलाई दिनू......................४
- सरोकारवालाले यो फैसलाको प्रतिलिपि माग गरे नियमानुसार लाग्ने दस्तुर लिई प्रमाणित प्रतिलिपि दिनू.......................................................................................................५
- फैसलाको विद्युतीय प्रति अपलोड गरी दायरीको लगत कट्टा गर्नू र मिसिल अभिलेख फाँटमा बुझाई दिनू...............................................................................................६

(बबिता उप्रेती)
**न्यायाधीश**

उक्त रायमा सहमत छु।

**(गोपाल भट्टराई)**
**न्यायाधीश**

फैसला तयार गर्नमा सहयोग गर्नेः
इजलास अधिकृतः- शा.अ. श्री कृष्णप्रसाद शर्मा
कम्प्यूटर अपरेटरः- श्री अर्जुन पोखेल
**इति सम्वत् २०७९ साल जेठ महिना २६ गते रोज ५ शुभम्................।**
प्रमाणीकरण मितिः २०७९/०३/ /

श्री

उच्च अदालत विराटनगर

धनकुटा इजलास

संयुक्त इजलास

माननीय न्यायाधीश श्री अन्जु उप्रेती ढकाल

माननीय न्यायाधीश श्री फूर्पा तमाङ

फैसला

मुद्दा नं.: ०७८-CS-०११३

कोड नं.: २३-०७७-०००६४

इजलास नं. २/निर्णय नं.:४७,४८

पुष्ष बहादुर चौलागाईको जाहेरीले नेपाल सरकार................................ पुनरावेदक/वादी

<u>बिरूद्ध</u>

परिवर्तित नाम प्रचण्ड.................................................................. प्रत्यर्थी/प्रतिवादी

मुद्दा नं.: ०७८-CS-०१३९

परिवर्तित नाम प्रचण्ड.................................................................. पुनरावेदक/प्रतिवादी

<u>बिरूद्ध</u>

पुष्ष बहादुर चौलागाईको जाहेरीले नेपाल सरकार..................................प्रत्यर्थी/वादी

सुरू फैसला गर्ने अदालत :-श्री संखुवासभा जिल्ला अदालत

सुरू फैसला गर्नेः- मा.जि.न्यायाधीश श्री शान्तिप्रसाद आचार्य

सुरू फैसला मिति :- २०७८/०८/२९

पुनरावेदन दर्ता मिति :- २०७८/११/०२ र २०७८/११/२७

मुद्दाः- <u>कर्तव्य ज्यान।</u>

न्याय प्रशासन ऐन, २०७३ को दफा ८(३) अनुसार यसै अदालतको अधिकार क्षेत्र अन्तर्गतको भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं यस अदालतको ठहर यस प्रकार रहेको छः-

<u>तथ्य खण्ड</u>

१. **घटनास्थल/लाश जाँच मुचुल्का** : जिल्ला संखुवासभा खाँदवारी नगरपालिका वडा नं ६ हिगुवास्थित पूर्वमा लाल बहादुर बस्नेतको खेत, पश्चिममा गाउँवेसी जाने गोरेटो बाटो, उत्तरमा लालबहादुर बस्नेतको खेत र दक्षिणमा मिथु चाम्लागाईंको खेत यति चार किल्ला भित्र ऐ.ऐ. बस्ने वर्ष ४९ को रेवती प्रसाद भण्डारीको ढुँगा माटोले बनाएको टिनको छानो भएको २ तल्ले घर उक्त घरको मूल ढोकादेखि अगाडि आँगनमा जिल्ला संखुवासभा खाँदवारी नगरपालिका वडा नं ६ हिगुवा बस्ने वर्ष ६८ को गोमादेवी चौलागाईंको अनुहारमा चोट रहेको अवस्थामा पश्चिम पूर्व खुट्टा भई उत्तानो अवस्थामा लाश रहेको, लाशको टाउँकोदेखि दक्षिणमा ३ फिटको दुरीमा तपेश (डेक्ची) रहेको, शवको खुट्टा देखि

दक्षिणमा ५ फिटको दुरीमा रगत जस्तो रातो पदार्थको टाटा दाग रहेको, शवको खुट्टा देखि उत्तरमा ५ फिट ९ इन्चको दुरीमा बाँसको १ फिट ५ इन्च र २ फिट ४ इन्च लम्वाई भएको भाटाको टुक्राहरू उक्त बाँसको भाटाका टुक्राहरूमा तथा तपेश (डिक्ची) को केहि भागहरूमा रगतजस्तो रातो पदार्थ देखिएको, उक्त लाश रहेको स्थानबाट दक्षिणमा २३ फिट इन्चको दुरीमा कालो दापमा १ फिट ६ इन्च लम्बाई कुनै किसिमको दाग नदेखिएको अवस्थामा खुकुरी रहेको, माथि उल्लेखित तपेश (डेक्ची) बाँसको भाटाको टुक्राहरू, खुकुरी तथा घटनास्थलमा पाइएको रगत जस्तो रातो पदार्थलाई सुरक्षित साथ कानूनी रित पुऱ्याई प्रहरीले आफ्नो साथमा लगेको भन्ने समेत व्यहोराको घटनास्थल प्रकृति मुचुल्का।

२. **बरामदी/खानतलासी मुचुल्का**ः जिल्ला संखुवासभा खाँदवारी नगरपालिका वडा नं ६ हिगुवा स्थित पूर्वमा पुष्प बहादुर चौलागाईंको घर जग्गा, पश्चिममा रेवत पोखरेलको जग्गा, उत्तरमा पुष्पबहादुर चौलागाईंको घर जग्गा, दक्षिणमा दिलबहादुर घिमिरेको जग्गा यति चार किल्ला भित्र हर्कध्वजको छोरा परिवर्तित नाम प्रचण्डलाई साथमा लिई आइ उत्तर तर्फको मूल ढोकाबाट भित्र हेर्दा पूर्वतर्फ माथिल्लो बुइकलमा चढ्ने काठको भऱ्याङ रहेको सो भऱ्याङबाट दक्षिण पूर्वतर्फ कोठा (१ वटा) रहेको, सो कोठादेखि उत्तर दक्षिण बनाई राखेको काठको खाट रहेको, सो खाटको उत्तर तर्फ कुनामा निज रेशम विश्वकर्माले मिति २०७७/०६/२२ गते बेलुका सम्म प्रयोग गरेको कालो रंगको जिन्सको पाइन्ट रहेको सो पाइन्टलाई निकाली हेर्दा रगतजस्तो पदार्थ लागेको रातो रातो टाटा देखिएको, उक्त जिन्सको पेन्ट कानून बमोजिम बरामद गरी सो घरबाट वाहिर निस्की उत्तरतर्फ धारा रहेको, सो धारादेखि २ मिटर उत्तरतर्फ धानबारी खेतमा सेतो बुट्टा भएको कालो भेष्ट रहेको सो भेष्ट पानीले भिजेको अवस्थामा रहेको सो भेष्टमा महिलाको लामो कपाल देखिएको सो भेष्ट समेत कानूनी रित पुऱ्याई प्रहरीले हाम्रो सामुन्ने बरामद गरी लगेको भन्नेसमेत व्यहोराको बरामदी मुचुल्का।

३. **जाहेरी दरखास्तः**- मेरो भाउजुलाई मिति २०७७/०६/२२ गते छिमेकी रेवती प्रसाद भण्डारीको घरमा काम गरी बेलुका घरको बाहिर खाटमा सुतेको अवस्थामा विपक्षी परिवर्तित नाम प्रचण्ड के कताबाट त्यहाँ पुगी भाउजूलाई सुतेको ठाउँमा सिल्भरको तपेश तथा भाटासमेत प्रयोग गरी टाउको मुख लगायत शरीरको विभिन्न भागमा निर्मम तवरले कुटपिट गरी दाँतसमेत झारी कुरूप अवस्थामा हत्या गरी मृत लाश खाटबाट भूईंमा ढोकाकै संघारमा लडाई रगताम्य अवस्थामा छोडी भागी फरार रहेको हुँदा निजलाई कानून बमोजिमको सजाय गरी पाउँ भन्नेसमेत व्यहोराको पुष्पबहादुर चौलागाईंको जाहेरी दरखास्त।

४. **प्रतिवादी परिवर्तित नाम प्रचण्डको अधिकारप्राप्त अधिकारी समक्षको बयानः** जाहेरवाला पुष्प बहादुर चौलागाईं र मृतक गोमादेवी चौलागाईं मेरा छिमेकी हुन्। निज गोमादेवी चौलागाईं पहिले देखि नै घरी घरी दिमाग ठीक नभएजस्तो गरी बोल्ने कराउने गर्नुहुन्थ्यो। मिति २०७७/०६/२२ गते निज गोमादेवी चौलागाईसँग भेट भएकोमा मलाई विनाकारण अश्लिल गाली गलौज गर्दै कराउनु थाल्नुभयो। मैंले निज गोमादेवी चौलागाईंलाई ऐ बडी जे पाए त्यही नकराउ है बडी तिमीलाई मैंले केही भनेको छैन भन्दा झन् गाली गलौज गर्दै कराउन थाल्नु

भयो। सो दिन पनि निजले गरेको व्यवहार र म सानो हुँदा पनि कुटपिट गर्नु भएकोसमेत सम्झी मलाई रिस उठी राति अं २१:00 बजेको समयतिर घरतर्फ फर्किने क्रममा घर जाने बाटोमा रहेको छिमेकी अर्जुन भन्ने रेवती प्रसाद भण्डारीको घरमा पसेको थिएँ। निज बडी गोमादेवी चौलागाईं सो घरको बाहिर सिकुवाको खाटमा सुति राख्नु भएको रहेछ। निजले मलाई देख्ने बित्तिकै कता हिडिस् अर्काको घरमा राति राति हिड्ने भन्दै ओछ्यानबाट उठी कराउँदै मलाई ठेली दिएकोले निजले मलाई भेटै पिच्छे सधैं गाली गर्ने गरेको मनमा सम्झी त.भो. बडीलाई आज मार्छु भन्ने मार्ने मनसाय राखी सिकुवा छेउमा भएको सिल्भरको तपेश टिपेर मुखमा २ पटक प्रहार गरे।निज गोमादेवीले तैंले मलाई मारिस् भन्दै मलाई ठेल्न आउनुभयो। मैंले फेरि बाँसको भाटा टिपेर टाउको पछाडिको भागमा पटक पटक प्रहार गरेपछि निज गोमादेवी चौलागाई सोही घरको संघारमा उत्तानो भएर लडिन्। मैले निज गोमादेवीको अनुहारमा बक्सिङले पटक पटक प्रहार गरी अनुहारको भाग क्षतविक्षत बनाई निजलाई मारीसकेपछि मेरो कपडामा निज गोमादेवी चौलागाईंको शरीरबाट उछिट्टिएर रगतहरू लागेको र मेरो बायाँ हातको माझी औंला (बिच औंला) मा चोट लागेर रगतसमेत निस्किएकोले घरमा गई रगत लागेको कपडाहरू फेरी अर्कै कपडाहरू लगाई घटनाबारे अरूले थाहा नपाओस् भनी पुन गाउँतिर नै गएको थिएँ भन्नेसमेत व्यहोराको प्रतिवादी नाम परिवर्तित नाम प्रचण्डले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयान।

५. **शव परीक्षण प्रतिवेदनः** Cause of Death: Heavy bleeding due to multiple incised wound over different parts of body भन्ने समेत व्यहोराको मृतकको शव परीक्षण प्रतिवेदन।

६. **खेमकुमारी लम्सालको घटना विवरण कागजः-** गोमादेवी चौलागाईं मानिसक रूपमा केही सुस्त अवस्थाकी थिइन्। मिति २०७७/०६/२२ गते हामी घर परिवारका सबै जना बिरामी हेर्न छिमेकको घरमा गएका थियौं। घरमा निज गोमादेवी चौलागाईं मात्रै हुनुहुन्थ्यो। राति अं.२२:१० बजे फर्की आउँदा निज गोमादेवी चौलागाईं घरको संघारमा रगताम्य भई लडी रहेकी देखी तत्काल कराउँदै हल्ला गरेपछि गाँउले समेत आई हेर्दा निज गोमादेवी चौलागाईं मृत अवस्थामा देखेकी हुँ। निज मृतक गोमादेवी चौलागाईको अनुहारको भागहरूमा काटिएको घाउँ चोट लागेको थियो। घटनास्थलको अवस्था हेर्दा निज गोमादेवी चौलागाईंलाई विभत्स रूपमा मारेको देखी तत्काल गाउँलेहरूले प्रहरीलाई फोन गरी प्रहरी समेत आई घटनास्थलको अनुसन्धान गर्ने क्रममा परिवर्तित नाम प्रचण्डलाई पक्राउ गरी सोधपुछ गर्दा निजले नै मैले गोमादेवी चौलागाईंको कर्तव्य गरी मारेको हुँ भनेकोले सो कुरा थाहा पाएको हुँ।निज गोमादेवी चौलागाईलाई कर्तव्य गरी मार्ने निज प्रतिवादी परिवर्तित नाम प्रचण्डलाई कानून बमोजिम कारवाही होस् भन्ने समेत व्यहोराको खेमकुमारी लम्साल (भण्डारी) ले गरेको घटना विवरण कागज।

७. **मकरध्वज चौलागाईंको घटना विवरण कागजः** मृतक गोमादेवी चौलागाई मेरो श्रीमती हुन्। उनको मानसिक अवस्था सुस्त थिइन।गाउँमा कसैको घरमा खेताला जाँदा सोही घरमा २/३ दिन सम्म बस्ने गर्थिन्।मृतक श्रीमती छिमेकी रेवती प्रसाद भण्डारीको देवरको घरमा काम सघाउँदै बस्दै आएकी थिइन्। मिति २०७७/०६/२२ गते बेलुका एक जना छिमेकी बिरामी भएकाले निजलाई हेर्न गई आएर सुति सकेको थिएँ।मिति २०७७/०६/२३ गते बिहानको राति अं.१:०० बजेको

समयमा मलाई गाउँमा मानिसहरू रेवतीप्रसाद भण्डारीको घरमा श्रीमती कस्ले हो मारेको छ भन्दै लिनजानू भने पछि हेर्न जाँदा श्रीमतीको शरीर भरी रगत लागी ढोकाको संघारमा मृत अवस्थामा देखेको हुँ। प्रहरीले परिवर्तित नाम प्रचण्डलाई पक्राउ गरी सोधपुछ गर्दा निज परिवर्तित नाम प्रचण्डले नै गोमादेवी चौलागाईलाई मारेको हो भनेको रहेछ। प्रतिवादी परिवर्तित नाम प्रचण्डले श्रीमती गोमादेवी चौलागाईंलाई विनाकारण विभत्स रूपमा कर्तव्य गरी मारेको हुँदा कानून बमोजिम कारवाही गरी पाउँ भन्ने व्यहोराको घटना विवरण कागज।

८. **बस्तुस्थिति मुचुल्काः** मिति २०७७/०६/२२ गते रातको अं २२:१० बजेको समयमा गोमादेवी चौलागाईं रेवतीप्रसाद भण्डारीको घरको अगाडि संघारमा रगताम्मे भई मृत अवस्थामा छ भन्ने सुनी हेर्न जाँदा निज मृतक, गोमादेवीको अनुहारको भागमा घाउ चोट लागी रगत समेत बगी उत्तानो भई भुईमालडी मृत अवस्थामा देखेका हौं। घटनास्थल हेर्दा निजको कसैले विभत्स रूपमा कर्तव्य गरी मारेको देखिन्थ्यो। पक्राउ परेका परिवर्तित नाम प्रचण्डलाई सोधपुछ गर्दा निजले नै गोमादेवी चौलागाईलाई कर्तव्य गरी मारेको हुँ भनी बताएकाले सो कुरा थाहा पाएको हो। निज प्रतिवादीलाई कानून बमोजिम कारवाही गरी पीडित पक्षलाई उचित क्षतिपूर्ति समेत दिलाई भराई दिनुपर्छ भन्नेसमेत व्यहोराको कुलमणि खतिवडा, लालबहादुर बस्नेत र कुसुम पोखरेलसमेतले करिव एकै मिलानमा गरिदिएको बस्तुस्थिति मुचुल्का।

९. **वादी नेपाल सरकारको अभियोग पत्रः** प्रतिवादी परिवर्तित नाम प्रचण्डले गोमादेवी चौलागाईंको शरीरको विभिन्न भागमा सिल्भरको तपेश बासँको भाटा र पटक पटक बक्सिङ्गसमेत प्रहार गरी कर्तव्य गरी मारेको पुष्टि भएकोले निज प्रतिवादीको उक्त कार्य मुलुकी अपराध संहिता, २०७४ को दफा १७७ को उपदफा (१) बमोजिमको कसूर भएको हुँदा निजलाई सोही संहिताको ऐ.उपदफा (२) बमोजिम सजाय हुन, ऐ. संहिताको दफा १८६ बमोजिम मृतकको नजिकको हकदारलाई मनासिव क्षतिपूर्ति समेत भराई पाउन र अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम क्षतिपूर्ति शुल्क निर्धारण गरी प्रतिवादीबाट पीडित राहत कोषमा रकम दाखिला गरी पाउँ भन्नेसमेत व्यहोराको जिल्ला अदालत संखुवासभामा दायर गरेको अभियोगपत्र।

१०. **प्रतिवादी परिवर्तित नाम प्रचण्डले सुरू अदालतमा गरेको वयानः-** मिति २०७७/०६/२२ गते रातको समयमा म भगवती सार्कीको घरमा गएको थिएँ। भगवतीको घरबाट फर्केर आफ्नो घरतर्फ आउने क्रममा मेरो साथी सन्देश भण्डारीसँग भेट भई आउँदै गर्दा सन्देश भण्डारी मन्दिरा पोखरेलको घरमा तास खेल्न बस्यो। सो कुरा उसको आमालाई सुनाइदिनुपर्यो भनी निजको घरमा जाँदा सन्देशको घरमा मृतक गोमादेवी चौलागाई घर बाहिर सिकुवाको खाटमा बसिरहनु भएको थियो। म बोल्दै गएको देखि निज गोमादेवी चौलागाईले एक्कासी राति राति अर्काको घरमा के खोज्न आएको? भनी गाली गरी मलाई धकेली लडाई दिनुभयो। मलाई पनि रिस उठ्यो। मैंले सिलवरको तपेश भेट्टाएकाले सो तपेशले निज मृतकलाई हान्दा निज गोमादेवीले फेरि मलाई धकेलिएपछि म लड्न पुग्दा भाटाले मेरो हात काट्यो। हात काटेपछि त्यही भाटा टिपी निजको टाउकोमा प्रहार गर्दा निज गोमादेवी भूइमा लडेपछि मैले बक्सिङले पनि हानेको हुँ। मृतक बोल्न, कराउन छोडेपछि म त्यहाँबाट आफ्नै घरमा गई घरबाट निस्की थामडाँडा

जाँदै गर्दा मृतक गोमादेवी चौलागाई मरेको खबर सुनेपछि म त्यही घटना घटेको ठाउँमा जाँदा प्रहरीले मलाई पक्राउ गरेको हो। मैले ज्यान मार्ने उद्देश्य राखी मृतकलाई मारेको होइन। निज मृतकले मलाई गाली गरी धकेली दिएकोले कारण तत्काल रिस उठी मैंले प्रतिकार गर्दा निज गोमादेवीकोज्यान गएको हो। अभियोग दावी बमोजिम म १९ वर्ष पुगेको छैन। मलाई तत्काल रिस उठी तपेश समेतले प्रहार गर्दा मृतक गोमादेवीको मृत्यु भएको हुँदा मेरो कसूर अनुसारको सजाय होस् भन्नेसमेत व्यहोराको परिवर्तित नाम प्रचण्डको बयान।

११. **थुनछेक आदेशः** मिसिल संलग्न तत्काल प्राप्त प्रमाणहरूबाट यी प्रतिवादी प्रस्तुत मुद्दाको कसूरदार होइन रहेछन् भन्न सकिने अवस्था नदेखिदा पछि थप प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुनेगरी हाललाई यी प्रतिवादी परिवर्तित नाम प्रचण्डलाई मुलुकी अपराध संहिता, २०७४ को दफा ६७(१) बमोजिम थुनामा राखी मुद्दाको पूर्पक्ष गर्नुपर्ने देखिएको तर निजको फरक फरक जन्म मिति भएकोमा अन्यथा प्रमाणित नभए सम्म निजको विद्यालयको जन्म मितिलाई आधार मान्दा प्रतिवादी १८ वर्ष पूरा नभएको देखिंदा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २४(२) बमोजिम बालसुधार गृह विराटनगरमा राखी मुद्दाको पूर्पक्ष गर्नू भन्ने सुरू संखुवासभा जिल्ला अदालतबाट मिति २०७७।०७।१९ मा भएको थुनछेक आदेश।

१२. **प्रतिवादीका साक्षी धनबहादुर कामीले सुरू अदालतमा गरेको बकपत्रः** मैंले थाहा पाए अनुसार मृतक सुस्त मनस्थिति भएकी र प्रतिवादीलाई कामी डाङ्ग्रा भनी विभिन्न किसिमको अश्लिल शव्द प्रयोग गरी भाटाले हान्दा प्रतिवादीको खुट्टा काटेको र प्रतिवादी परिवर्तित नाम प्रचण्डले खोले पकाउन प्रयोग हुने भाँडा तपेशले छेक्न खोज्दा गोमादेवी चौलागाईको टाउकोमा लाग्न गई सोही चोटको कारण निज गोमादेवी चौलागाईको मृत्यु भएको भन्नेमैले सुनेको हुँ। प्रतिवादीले निजहरू बिचपूर्व रिसइवीसमेत थिएन।प्रतिवादीले मार्ने नियतले हानेको होइन। भुलवश बालबिज्याँई हुन गएको हो भन्ने व्यहोराको वकपत्र।

१३. **सुरू अदालतको आदेशः-** प्रतिवादी परिवर्तित नाम प्रचण्डको उमेर जाँच गर्नु पर्ने देखिँदा निजलाई कोशी अंचल अस्पताल, विराटनगरबाट उमेर जाँच गराई प्रतिवेदन पठाउनू भन्ने मिति २०७७।११।२३ को आदेश।

१४. **जाहेरवाला पुष्पबहादुर चौलागाईंले सुरू अदालतमा गरेको बकपत्रः** मिति २०७७/०६/२२ गते रातिको समयमा म आफ्नै घरमा थिएँ। राति रेवती प्रसाद भण्डारीको घरमा मृतक गोमादेवी चौलागाईं सुतिरहेको अवस्थामा प्रतिवादी परिवर्तित नाम प्रचण्डले कर्तव्य गरी मारेको हो।म घटनास्थलमा पुग्दा मृतक गोमादेवी भूईमा लडी रहेको रहेछ। मृतकको टाउको, मुख र जतातत<br>ै चोट लागेको थियो। मिति २०७७/०६/२३ गतेको जाहेरीको व्यहोरा र त्यसमा भएको सहीछाप मेरै हो भन्नेसमेत व्यहोराको जाहेरवालाले सुरू संखुवासभा जिल्ला अदालतमा गरेको बकपत्र।

१५. **घटनाविवरण कागज गर्ने खेमकुमारी लम्सालले सुरू अदालतमा गरेको वकपत्रः** मृतक गोमादेवी चौलागाईंलाई प्रतिवादी नाम परिवर्तित प्रचण्डले मारेको हो। हल्ला खल्ला भएकाले म त्यहाँ जाँदा निज प्रतिवादीले हतकडी लगाएको थियो।मृतक गोमादेवी चौलागाईको टाउको मुख नाक र निधारमा

चोटपटक थियो भन्नेसमेत व्यहोराको घटना विवरण कागज गर्ने खेम कुमारी लम्सालले सुरू संखुवासभा जिल्का अदालतमा गरेको बकपत्र।

१६. **परीक्षण प्रतिवेदनः**-कोशी अंचल अस्पताल विराटनगरको च.नं.४२८० मिति २०७८/०१/१४ को पत्रबाट प्राप्त परीक्षण प्रतिवेदनमा बालबिज्याँईकर्ता परिवर्तित नाम प्रचण्डको उमेर २१ देखि माथि २५ देखि तल रहेको भन्ने परीक्षण प्रतिवेदन।

१७. **बहस नोट पेश गर्ने आदेशः** प्रतिवादी परिवर्तित प्रचण्डले अदालतमा बयान गर्दा आफ्नो जन्म मिति २०६१/१०/३० भनी उल्लेख गरेको, निजबाटै पेश भएको जन्म दर्तामा निजको जन्म मिति २०६२/१०/३० लेखिएको निज अध्ययन गरेको विद्यालय जालपादेवी आधारभूत विद्यालयबाट प्राप्त पत्रमा निजको जन्म मिति २०६०/१०/३० उल्लेख भएको र यस अदालतबाट भएका आदेशानुसार प्रतिवादीका उमेर जाँच गरी कोशी अंचल अस्पतालबाट परीक्षण भई आएको उमेर जाँच प्रतिवेदनमा निजको उमेर २१ देखि २५ सम्म रहेको भन्ने देखिँदा निजको उमेरका सम्बन्धमा प्रचलित कानूनी व्यवस्था तत्सम्बन्धि दर्शन, विधिशास्त्रीय मान्यता, बाल न्याय सम्पादन (नियमावली), २०७६, सम्मानीत सर्वोच्च अदालतबाट भएका प्रतिपादित सिद्धान्तसमेत खुलाई वादी नेपाल सरकार तथा प्रतिवादीका कानून व्यवसायीबाट ७ दिनभित्र लिखित बहस नोट पेश गर्न लगाउनू भन्ने सुरू संखुवासभा जिल्ला अदालतबाट मिति २०७८/०८/२० को आदेश।

१८. **सुरू अदालतको फैसलाः** बालबिज्याँईकर्ता परिवर्तित नाम प्रचण्डले गोमादेवी चौलागाईंलाई तपेश, भाटा र बक्सिङ्गसमेतले अनुहारसमेतका यत्रतत्र भागमा प्रहार गरी कुटपिट समेत गरेको कारण निजको कर्तव्यबाट ज्यान मर्न गएको पुष्टि भएकोले निजलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १७७ (१) बमोजिमको कसूरमा ऐ. उपदफा (२) बमोजिम जन्म कैदको सजाय हुनेमा वारदात गर्दाको बखत यी बालबिज्याँईकर्ताको उमेर १४/७/२२ वर्ष रहेको देखिएको हुँदा सोही संहिताको दफा ४५(३) बमोजिम जन्मकैद २५ (पच्चीस) वर्षको आधा कैद वर्ष १२/६/०(बाह्र वर्ष छ महिना) कैद सजाय हुने, उक्त कैद बालसुधार गृहमा बसी भुक्तान गर्नुपर्ने, निजको अंश भागको सम्पत्तिबाट ऐ. संहिताको दफा १८६ बमोजिम मृतकको हकदारले रू.५०,०००।- (पचासहजार रूपैयाँ) क्षतिपूर्ति भराई पाउने र निज बालबिज्याँईकर्ताले अपराध पीडित संरक्षण ऐन, २०७५ को ४१ (ज) बमोजिम रू.२,२००।- (दुईहजार दुईसय रूपैयाँ) अपराध पीडित राहत कोषमा जम्मा गर्नु पर्ने ठहऱ्याई सुरू संखुवासभा जिल्ला अदालतबाट मिति २०७८।०८।२९ मा भएको फैसला।

१९. **वादी नेपाल सरकारको पुनरावेदन पत्रः** बाल न्याय सम्पादन(कार्यविधि) २०७६ को नियम ३७ बालबालिकाको उमेर फरक फरक भई दुबिधा भएमा सरकारी अस्पतालबाट उमेर परीक्षण गराउनु पर्ने भन्ने कानूनी व्यवस्था रहेको छ। सो बमोजिम बालबिज्याईकर्ता परिवर्तित नाम प्रचण्डको जन्म मिति फरक फरक उल्लेख भएकोमा सुरू अदालतको आदेश बमोजिम कोशी अंचल अस्पताल विराटनगरबाट निजको उमेर जाँच हुँदा २१ देखि २५ बर्ष सम्म रहेको भनी प्रतिवेदन पेश गरेकोमा सुरू अदालतले सो प्रतिवेदन प्रमाणको रोहमा विश्वसनीय मान्न नसक्ने

भनी प्रतिवादीको उमेर १४ बर्ष ७ महिना २२ दिन पुगेको ठहऱ्याई प्रतिवादीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा ४५(३) बमोजिम भएको सुरू संखुवासभा जिल्ला अदालतको त्रुटिपूर्ण फैसला बदर गरी अभियोग दावी बमोजिम सजाय गरी पाउँ भन्ने ब्यहोराको वादी नेपाल सरकारको पुनरावेदनपत्र।

२०. **बालबिज्याँईकर्ता परिवर्तित नाम प्रचण्डको पुनरावेदन पत्रः** मृतकले आफ्नो मन दुख्ने गरी गाली गलौज गरेकोले तत्काल उठेको रिसका कारण तपेश र भाटा प्रहार गरेको हो। ज्यान मार्ने नियतले आक्रमण गरेको होइन। परिस्थितिजन्य प्रमाणको यथोचित विश्लेषण नभएको, कर्तव्य ज्यान अपराधका लागि चाहिने आवश्यक तत्वको विवेचना नभएको, मुद्दाको कारवाही, सुनुवाई र किनारा गर्दा नाबालकको सर्वोत्तम हितलाई प्राथमिकता नदिइएको र बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २०(क) विपरीत आफ्नो धारणा बुझ्ने कार्य नभएको साथै ऐ. ऐनको दफा २४ बमोजिम आफूले कसैलाई हानी नोक्सानी कार्य नगरेको अवस्थामा सुरू अदालतले कर्तव्य ज्यानको कसूर गरेको ठहऱ्याई गरेको फैसला बदर गरी अभियोग दावीबाट सफाई पाउँ भन्ने ब्यहोराको पुनरावेदन पत्र।

२१. **यस अदालतको आदेशः** संखुवासभा जिल्ला अदालतबाट मिति २०७८।०८।२९ मा भएको फैसला उपर वादी नेपाल सरकार र प्रतिवादी परिवर्तित नाम प्रचण्डका तर्फबाट छुट्टाछुट्टै पुनरावेदन परेको देखिंदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) को प्रयोजनार्थ वादी नेपाल सरकारको पुनरावेदनपत्रको प्रमाणित प्रतिलिपि प्रतिवादी परिवर्तित नाम प्रचण्डलाई र प्रतिवादीको पुनरावेदनपत्रको प्रमाणित प्रतिलिपि वादी नेपाल सरकारलाई दिनू भन्ने समेत ब्यहोराको मिति २०७८।१२।१६ मा यस अदालतबाट भएको प्रत्यर्थी झिकाउने आदेश।

## यस अदालतको ठहर

२२. नियम बमोजिम दैनिक पेशी सूचीमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री जीवनाथ पौडेलले मेरो पक्ष प्रतिवादी परिवर्तित नाम प्रचण्डलाई मृतकले मन दुख्ने गरी चोर भनी दोष लगाई अश्लील शब्द प्रयोग गरी गाली गलौज गरेका कारण रिस थाम्न नसकी तत्काल उठेको रिसको आवेशमा आई तपेस र भाटा प्रहार गरेको सम्म हो। ज्यान मार्ने नियतले मनसायपूर्वक धारिलो हतियार प्रहार गरी मृतकलाई योजनाबद्ध तरिकाले कर्तव्य गरी मारेको नहुँदा शुरू संखुवासभा जिल्ला अदालतबाट भएको फैसला त्रुटीपूर्ण भएकोले उक्त फैसला उल्टी गरी मेरो पक्षलाई वादीको अभियोग दावीको कसूरबाट सफाई दिलाई पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

२३. यसैगरी, पुनरावेदक नेपाल सरकारको तर्फबाट उपस्थित उच्च सरकारी वकील कार्यालय धनकुटाका विद्वान उपन्यायाधिवक्ता श्री गोकुल बहादुर निरौलाले प्रतिवादी परिवर्तित नाम प्रचण्डले अनुसन्धान अधिकारी समक्षको बयानमा आफू १९ वर्षको भनी लेखाएको र निजको जन्म मिति फरक फरक भई अदालतको आदेश बमोजिम कोशी अञ्चल अस्पताल विराटनगरबाट उमेर जाँच पश्चात् चिकित्सकले लेखाई दिएको परीक्षण प्रतिवेदनमा निज प्रतिवादी परिवर्तित नाम प्रचण्डको उमेर २१ देखि २५

वर्षसम्मको भनी उल्लेख गरेकोले वैज्ञानिक परीक्षणलाई मान्यता दिनु पर्ने हुँदा प्रतिवादीको उमेर १९ वर्ष पूरा भएको प्रष्ट हुन आएकोले वारदातको बखत १४ वर्ष ७ महिना २२ दिनको कायम गरी सोही आधारमा सजाय निर्धारण गरी शुरू संखुवासभा जिल्ला अदालतबाट भएको फैसला मिलेको नहुँदा उक्त त्रुटीपूर्ण फैसला सो हदसम्म उल्टी गरी अभियोग दावी बमोजिमको उमेर कायम गरी सजाय गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

२४. यसमा, प्रतिवादी परिवर्तित नाम प्रचण्डले मृतक गोमादेवी चौलागाईको मुख, अनुहार, टाउको र शरीरको विभिन्न भागमा सिल्भरको तपेस(भाँडा) बाँसको भाटा र बक्सिङले प्रहार गरी अनुहारै क्षतविक्षत बनाई कर्तव्य गरी ज्यान मारेकोले मुलुकी अपराध संहिता, २०७४ को ज्यान सम्बन्धी कसूरको दफा १७७ को उपदफा (१) बमोजिमको कसूरमा सोही संहिताको दफा १७७ को उपदफा (२) बमोजिम सजाय हुन एवं दफा १८६ बमोजिम मृतकको नजिकको हकदारलाई मनासिव क्षतिपूर्ति समेत दिलाई भराई पाउन साथै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम प्रतिवादीबाट पीडित राहत कोषमा क्षतिपूर्ति शुल्क समेत दाखिला गराई पाउँ भन्ने वादी नेपाल सरकारको अभियोग दावी रहेको र मृतक गोमादेवी चौलागाईलाई आफूले ज्यान मार्ने उद्धेश्यले कुटपीट गरी मारेको नभई तत्काल उठेको रिसको आवेशमा कुटपिट गर्दा निजको ज्यान गएको हुँदा वादीको अभियोग दावीको कसूर गरेको छैन भन्ने प्रतिवादीको प्रतिवाद रहेको प्रस्तुत मुद्दामा शुरू संखुवासभा जिल्ला अदालतले प्रतिवादी परिवर्तित नाम प्रचण्डलाई वादीको अभियोग दावीको कसूरदार ठहर गरी कर्तव्य गरी ज्यान मारेकोले निज प्रतिवादीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १७७ को उपदफा (२) बमोजिम जन्म कैदको सजाय हुनेमा वारदात गर्दाको बखत प्रतिवादी परिवर्तित नाम प्रचण्डको उमेर १४ वर्ष ७ महिना २२ दिनको रहेको देखिएकोले सोही संहिताको दफा ४५ को उपदफा (३) बमोजिम निज प्रतिवादीलाई जन्मकैद (२५ वर्ष) को आधा १२ वर्ष ६ महिना कैद सजाय निर्धारण हुने र ठेकिएको कैद बालसुधार गृहमा बसी कैद भुक्तान गर्नुपर्ने, निजको अंश भागको सम्पतिबाट मुलुकी अपराध संहिताको दफा १८६ बमोजिम मृतकको हकदारले क्षतिपूर्ति बापत रू ५०,०००। भराई पाउने र अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१(ज) बमोजिम प्रतिवादीले पीडित राहत कोषमा रू २,२००। शुल्क दाखिला गर्नु पर्ने ठहऱ्याई गरेको फैसला उपर चित्त नबुझाई प्रतिवादीको र प्रतिवादी परिवर्तित नाम प्रचण्डको उमेर विवादित भई अदालतको आदेश बमोजिम कोशी अञ्चल अस्पताल विराटनगरबाट भएको उमेर जाँच परीक्षण प्रतिवेदनबाट प्रतिवादीको उमेर १९ देखि २५ वर्षसम्मको भनी उल्लेख गरेकोले वैज्ञानिक परीक्षणलाई आधार मानी सजाय निर्धारण गर्नु पर्नेमा सो नगरी प्रतिवादीको उमेर घटी कायम गरी भएको शुरू संखुवासभा जिल्ला

अदालतको फैसलामा चित्त नबुझाई वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा पुनरावेदन परेको देखियो।

२५. संखुवासभा जिल्ला अदालतबाट भएको फैसला मिलेको छ, छैन? प्रतिवादीको र वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्ने हो, होइन? यही विषयमा निर्णय दिनु पर्ने देखिन आयो।

२६. निर्णयतर्फ विचार गर्दा, मिति २०७७।०६।२२ गते मेरी भाउजू वर्ष ६८ की गोमादेवी चौलागाई छिमेकी रेवती प्रसाद भण्डारीको घरमा दिनभरि काम गरी बेलुकीको खाना खाई सोही घरको बाहिर खाटमा सुतिरहेको अवस्थामा प्रतिवादी परिवर्तित नाम प्रचण्डले सिल्भरको तपेश,(भाँडा), बाँसको भाटा र बक्सिङले टाउको, मुख र शरीरको विभिन्न भागमा निर्मम तरिकाले कुटपीट गरी दाँतसमेत झारी दिई हत्या गरी फरार भएको हुँदा निज प्रतिवादीलाई पक्राउ गरी हदैसम्मको सजाय गरी पाउँ भन्ने समेत व्यहोराको पुष्प बहादुर चौलागाईको जाहेरी दरखास्तको आधारमा प्रस्तुत मुद्दाको अनुसन्धान तहकीकात प्रारम्भ भएको देखियो।

२७. प्रतिवादी परिवर्तित नाम प्रचण्डले मृतक गोमादेवी चौलागाईलाई आफूले ज्यान मार्ने उद्धेश्यले कुटपीट गरी मारेको नभई तत्काल उठेको रिसको आवेशमा कुटपिट गर्दा निजको ज्यान गएकोले वादीको अभियोग दावीको कसूर नगरेको हुँदा वादीको अभियोग दावीबाट सफाई दिलाई पाउँ भन्ने पुनरावेदन जिकिरतर्फ विचार गर्दा, प्रतिवादीले बयानको क्रममा आफूलाई मृतक गोमादेवी चौलागाईले भेटेपिच्छे संधै गाली गर्ने गरेकीले वारदातको दिन अर्थात मिति २०७७।०६।२२ गते घरबाट माथिल्लो गाउँतिर जाने क्रममा पनि मृतक गोमादेवी चौलागाई बाटोमा भेट भएको र सो बेला पनि निज गोमादेवी चौलागाईले विना कारण अश्लिल शव्दहरू बोली गाली गलौज गरेकी थिइन्। सोही साँअ अन्दाजी २१:०० बजेको समयमा आफू घर फर्की आउने बेलामा छिमेकी अर्जुन भन्ने रेवती प्रसाद भण्डारीको घरमा पस्न जाँदा निज गोमादेवी चौलागाई सोही घरको बाहिर सिकुवाको खाटमा सुतिरहेकी रहिछिन्। निज गोमादेवी चौलागाईले मलाई देख्ने बितिक्कै कता हिंडिस्? अर्काको घरमा राति राति हिंड्छस्? भनी सुतेको ओछ्यानबाट उठी कराउँदै आई ठेली धकेल्न आएकीले यो बूढी मान्छेले जहिल्यै निहूँ खोजी रहन्छन् बरू यसलाई मारिदिन्छु भनी सोही स्थानमा रहेको सिल्भरको तपेसले अनुहार र मुखमा २ पटक प्रहार गरेको र घरमुनि रहेको बाँसको भाटा ल्याई टाउको पछाडिको भागमा प्रहार गरी भूंईमा लडाई दिई अनुहारमा बक्सिङले समेत हानी अनुहार र मुख क्षतबिक्षत बनाई निज गोमादेवी चौलागाईलाई आफूले कर्तव्य गरी मारेको हुँ भनी अनुसन्धान अधिकारी समक्ष आरोपित कसूरमा सावितै रही बयान गरेको देखिन्छ भने अदालत समक्षको बयानमा भने निज मृतक गोमादेवी चौलागाईले विना कारण गाली गरी ठेली धकेल्न आएकीले आफूलाई रिस उठेकोले तत्काल उठेको रिसको आवेशमा प्रतिकार गर्दा निज गोमादेवी चौलागाईको मृत्यु हुन गएको हो। ज्यान मार्ने

उद्धेश्यले मनसायपूर्वक हत्या गरेको होइन भनी मौकाको बयान व्यहोराभन्दा केही फरक व्यहोरा लेखाई बयान गरेको देखिन्छ।

२८. मृतकको शव परीक्षण प्रतिवेदनमा Cause of Death: Heavy bleeding due to multiple incised wound over different parts of body भन्ने व्यहोरा उल्लेख छ। यसबाट यी प्रतिवादीले मृतक गोमादेवी चौलागाई उपर सामान्य प्रतिकार गरेको भन्ने देखाउँदैन। मुख र अनुहारै क्षतबिक्षत हुनेगरी तथा टाउको जस्तो संवेदनशील अंगमा तपेस(भाँडा), बाँसको भाटा र मुड्कीले जथाभावी प्रहार गरी रगतपच्छे बनाई सोही चोटबाट मृतकको मृत्यु भएको भन्ने कुरा लाश जाँच प्रकृति मुचुल्का, पोष्ट मार्टम रिपोर्ट, प्रतिवादी स्वयमले मौकामा अनुसन्धान अधिकारी समक्ष गरेको बयान व्यहोरा यी मृतक गोमादेवी चौलागाईले विना कारण आफूलाई जहिल्यै निहूं खोजिरहने भएकीले आज त यसलाई मार्छु नै भन्ने उद्धेश्यले कुटपिट गरेको हुँ भन्ने बयान व्यहोरा लेखाई दिएको देखिदा प्रतिवादीको मौकाको बयान व्यहोर र वारदातको प्रकृतिबाट तत्काल उठेको रिस थाम्न नसकी आवेशमा आई मृतक गोमादवी चौलागाईले आफूलाई ठेली धकेली प्रतिकार गर्दा निज गोमादेवी चौलागाईको मृत्यु हुन गएको भन्ने निज प्रतिवादीको अदालत समक्षको बयान व्यहोरालाई विश्वासनीय मान्न सकिने स्थितिको विद्यमानता देखिन आएन। तसर्थ शुरू संखुवासभा जिल्ला अदालतबाट वादीको अभियोग दावीको कसूरदार ठहर गरी प्रतिवादी परिवर्तित नाम प्रचण्डलाई जन्मकैदको सजाय हुने गरी भएको फैसला मिलेकै देखिएकोले सो फैसला उल्टि गरी वादीको अभियोग दावीको कसूरबाट आफूलाई सफाई दिलाई पाउँ भन्ने निज प्रतिवादीको पुनरावेदन जिकिर तथा निज तर्फको विद्वान कानून व्यवसायीको बहस जिकिरसंग सहमत हुन सकिएन।

२९. अब वादी नेपाल सरकारले प्रतिवादीको उमेर चिकित्साकीय जाँच परीक्षणबाट निजको उमेर २१ देखि २५ वर्षसम्मको भन्ने परीक्षण प्रतिवेदनमा उल्लेख भएको हुँदा वारदात गर्दाको बखत प्रतिवादीको उमेर १९ वर्ष पूरा भएको भन्ने वैज्ञानिक परीक्षणबाट पुष्टि भएको अवस्थामा शुरू जिल्ला अदालतले १४ वर्ष ७ महिना २२ दिनको उमेर कायम गरी प्रतिवादीलाई कसूरदार ठहर गरी भएको सजाय निर्धारणको फैसला त्रुटीपूर्ण भएकोले सो हदसम्मको फैसला उल्टी गरी वादीको अभियोग दावी बमोजिमको उमेर कायम गरी सजाय गरी पाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ विचार गर्दा, प्रतिवादीले मौकामा अनुसन्धान अधिकारी समक्षको बयानमा आफू १९ वर्षको भनी लेखाइदिएको देखिन्छ। अदालत समक्षको बयानमा प्रतिवादीले आफ्नो जन्म मिति २०६१।१०।३० भनी लेखाई दिएको देखिन्छ र निजले अदालत समक्ष पेश गरेको जन्म दर्ताको प्रमाणपत्रमा जन्म मिति २०६२।१०।३० उल्लेख भएको देखियो।

कोशी अञ्चल अस्पताल, विराटनगरबाट उमेर जाँच भई आएको परीक्षण प्रतिवेदनमा प्रतिवादीको उमेर २१ देखि २५ सम्मको भनी उल्लेख गरेको देखियो। प्रतिवादीले अध्ययन गरेको जालपा देवी आधारभूत विद्यालयको विद्यार्थी भर्ना अभिलेखको सक्कल रजिष्टार किताब पेशीको दिन इजलास समक्ष झिकाई हेर्दा उक्त भर्ना अभिलेख किताबमा प्रतिवादी परिवर्तित नाम प्रचण्डको जन्म मिति २०६०।१०।३० जनिएको देखियो।

३०. बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ८३ को देहायको खण्ड (क) देखि खण्ड (ङ) सम्म विभिन्न आधारहरू उल्लेख गरी उमेरका सम्बन्धमा प्राथमिकीकरण गरेको पाइन्छ। जसअनुसार दफा ८३ को देहाय खण्ड (क) ले अस्पतालबाट जारी भएको बालबालिकाको जन्म दर्तामा उल्लिखित जन्म मितिलाई पहिलो प्राथमिकतामा राखेको पाइन्छ। ऐ. ऐनको दफा ८३ को देहाय खण्ड (ख) ले खण्ड (क) बमोजिमको जन्म मिति नभएमा स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट जारी भएको जन्मदर्ता प्रमाणपत्रमा उल्लेख भएको जन्म मितिलाई, यसैगरी सोही ऐनको ऐ. दफाको देहाय खण्ड (ख) बमोजिमको प्रमाणपत्र नभएमा विद्यालयको चारित्रिक प्रमाणपत्रमा उल्लिखित जन्म मिति वा विद्यालयमा भर्ना हुँदाका बखत उल्लेख गरेको जन्म मितिलाई र सो पनि नभए मात्र ऐ. दफाको खण्ड (घ) बमोजिम अस्पतालबाट प्रमाणित उमेर सम्बन्धी प्रमाणपत्रमा उल्लिखित मितिलाई आधार मान्न सकिने कानूनी व्यवस्था रहेको देखिदा ऐनको दफा ८३(ग) को प्रावधान बमोजिम प्रतिवादी परिवर्तित नाम प्रचण्डको जन्म मिति निज अध्ययन गर्ने विद्यालयको भर्ना अभिलेखको सक्कल रेकर्डमा जनिएको मिति २०६०।१०।३० लाई नै निज प्रतिवादीको आधिकारिक जन्म मिति कायम गर्नुपर्ने देखिन आयो। तसर्थ अदालतको आदेश बमोजिम कोशी अंचल अस्पताल, विराटनगरबाट प्रतिवादीको उमेर जाँच परीक्षण प्रतिवेदन बमोजिम प्रतिवादी साबालक भएको देखिंदा सोही प्रतिवेदनको आधारमा उमेर कायम गरी वादीको अभियोग दावी बमोजिम सजाय गरी पाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर तथा विद्वान उपन्यायाधिवक्ताको बहससँग सहमत हुन सकिएन।

३१. अतः माथि विवेचित आधार कारणबाट प्रस्तुत मुद्दाका प्रतिवादी परिवर्तित नाम प्रचण्डलाई वादीको अभियोग दावीको कसूरदार ठहर गरी भएको शुरू संखुवासभा जिल्ला अदालतको फैसला मिलेकै देखिए तापनि सजाय निर्धारण गर्दा जन्मकैदको सजाय हुने ठहर गरी कैद २५ (पच्चीस) वर्षको आधा सजाय (१२ वर्ष ६ महिना) हुने ठहर्याई गरेको सजाय निर्धारणको फैसला सो हदसम्म मिलेको नदेखिदा सो हदसम्म केही उल्टि भई बदर गरिदिएको छ। प्रतिवादी प्रचण्डको विद्यालय भर्नाको रेकर्डबाट निजको जन्म मिति २०६०।१०।३० गते देखिई वारदात हुँदाको अवस्थामा निजको उमेर १६ वर्ष ७ महिना २२ दिन भएको देखिंदा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३६(४) बमोजिम निज प्रतिवादीलाई उमेर पुगेका व्यक्तिलाई हुने जन्मकैदको सजायको दुई तिहाई

(१६ वर्ष ६ महिना) कैद सजाय हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरूमा तपसील बमोजिम गर्नू।

**तपसील**

- माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादी परिवर्तित नाम प्रचण्डलाई मुलुकी अपराध संहिता, २०७४ को १७७(१) को कसूरमा उपदफा (२) बमोजिम जन्मकैदको सजाय हुनेमा सोही संहिताको दफा ४५(३) बमोजिम कैद बर्ष १२/६/० हुने ठहऱ्याएको सुरू जिल्लला अदालतको फैसला कैदको हकमा केही उल्टी भई निज प्रतिवादीलाई १६/६/० कैद बर्ष हुने ठहर गरी फैसला भएकाले निज प्रतिवादीको हकमा कैदको लगत संशोधन गरी संशोधित लगत कसी लगत असूल गर्नू भनी शुरू संखुवासभा जिल्ला अदालतमा लेखी पठाउनू...........................................................................................१
- प्रस्तुत फैसलामा चित्त नबुझे मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १३४(१) बमोजिम ७०(सत्तरी) दिन भित्र श्री सर्वोच्च अदालतमा पुनरावेदन गर्न जानू भनी प्रस्तुत फैसलाको प्रमाणित प्रतिलिपि सहित प्रतिवादी परिवर्तित नाम प्रचण्डलाई बाल सुधार गृह विराटनगर मार्फत पुनरावेदनको म्याद दिनू..............................................................................२
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४(१) को प्रयोजनार्थ ऐ.संहिताको दफा १३२(४) बमोजिम उच्च सरकारी वकील कार्यालय, धनकुटालाई फैसलाको प्रमाणित प्रतिलिपि सहितको जानकारी दिनू..............................................................................३
- सरोकारवालाले फैसला सहितका कागजातहरूको नक्कल सारी सराई पाउँ भनी दरखास्त दिए नियमानुसारको दस्तुर लिई नक्कल दिनू....................................................................४
- प्रस्तुत फैसलाको विद्युतीय प्रति अपलोड गरी प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू................................................................५

(फूर्पा तमाङ)
न्यायाधीश

उक्त रायमा सहमत छु।

(अन्जु उप्रेती ढकाल)
न्यायाधीश

फैसला/आदेश तयार गर्न सहयोग गर्ने:

शाखा अधिकृतः अस्मिता डाँगी

**इति सम्बत् २०७९ साल मंसिर १९ गते रोज २ शुभम्......।**

प्रमाणीकरण मितिः- २०७९/०९/२८/५

न्यायाधीश

अदालतको छाप

श्री

उच्च अदालत विराटनगर

<u>संयुक्त इजलास</u>

इजलास नम्बरः- ४

माननीय न्यायाधीश श्री राम बहादुर थापा

माननीय न्यायाधीश श्री मुरारीबाबु श्रेष्ठ

<u>आदेश</u>

मुद्दाः- उत्प्रेषणयुक्त परमादेश, प्रतिषेध, अधिकारपृच्छा।

रजिष्ट्रेशन नम्बरः- ०४-०७८-२२०७

दर्ता मिति.ः- २०७८/११/१८

मुद्दा नम्बरः- **078-WO-0295**

निर्णय नम्बरः- ५५१

जिल्ला सुनसरी धरान उप-महानगरपालिका वडा नं. ११ बस्ने अम्बर बहादुर श्रेष्ठ-----------------------------------------------------------------------------१

ऐ.ऐ. बस्ने प्रवेश श्रेष्ठ--------------------------------------------------------१ निवेदक

ऐ.ऐ. वडा नं. १७ बस्ने इश्वरी मगर-----------------------------------------१

ऐ.ऐ. बस्ने दुर्गा भन्ने मैना कुमारी----------------------------------------------१

विरूद्ध

जिल्ला प्रशासन कार्यालय, सुनसरी----------------------------------------------१

ऐ.का प्रमुख जिल्ला अधिकारी-------------------------------------------------१

जिल्ला प्रहरी कार्यालय, सुनसरी-----------------------------------------------१

ऐ.का प्रहरी उपरीक्षक--------------------------------------------------------१

इलाका प्रहरी कार्यालय, धरान-----------------------------------------------१

ऐ.का नायब प्रहरी उपरीक्षक--------------------------------------------------१

धरान उप-महानगरपालिका, धरान सुनसरी------------------------------------१

ऐ.का नगर प्रमुख-------------------------------------------------------------१

ऐ.को उप-प्रमुख--------------------------------------------------------------१ विपक्षी

धरान उप-महानगरपालिका प्रमुख प्रशासकीय अधिकृत---------------------------१

धरान उप-महानगरपालिका वडा नं. १५ को कार्यालय---------------------------१

ऐ.१५ नं. वडाका वडा अध्यक्ष--------------------------------------------------१

नेपाली कांग्रेस धरान नगर समितिको कार्यालय----------------------------------१

ने.क.पा. एमाले धरान नगर कमिटीको कार्यालय----------------------------------१

ने.क.पा. एमाले नगर अध्यक्ष हर्कजंग ऐमेङ्ग--------------------------------------१

ने.क.पा. माओवादी केन्द्र धरान नगर कमिटी वडा नं. १४ हाल छाता चौक------१

प्रदेश नं. १ मुख्य मन्त्रीको सचिवालय------------------------------------------१
प्रदेश नं. १ का माननीय मुख्यमन्त्री--------------------------------------------१
धरान उप-महानगरपालिका वडा नं. ४ का वडा अध्यक्ष-------------------------१
ऐ. वडा नं. ६ का वडा अध्यक्ष----------------------------------------------------१
ऐ.नगरपालिका कार्यालय-----------------------------------------------------------१
सन्जुहाङ्ग साँवा संघीय लिम्बूवान मन्च धरान-------------------------------------१
रेवतीरमण राई ने.क.पा. एकीकृत समाजवादी धरान-------------------------------१
धरान ८ नं. वडा कार्यालयको वडा सदस्य प्रेम बहादुर तामाङ-------------------१
बिना पुमा राई नगर अध्यक्ष ज.स.पा. धरान--------------------------------------१
चित्र मगर राष्ट्रिय जनमुक्ति पार्टी नगर अध्यक्ष धरान-----------------------------१
राज कुमार खम्बु संघीय खम्बुवान पार्टी धरान------------------------------------१
नगेन्द्र प्रसाद राई नेपाल भूमिहिन सुकुम्बासी पार्टी १ नं. प्रदेश धरान-------------१
सागर राई नेपाल सुकुम्बासी संघ धरान-----------------------------------------१
वडा अध्यक्ष ऐ. वडा नं. ९--------------------------------------------------------१

**नेपालको संविधानको धारा १४४ को उपधारा (१) तथा न्याय प्रशासन ऐन, २०७३ को दफा ८ को उपदफा (१)** बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार रहेको छः-

<u>तथ्य खण्ड</u>

१. हामी निवेदक भएको वस्ती आम निमुखा घरवार विहिन मानिसहरूको सुकुम्बासी बस्ती हो। उक्त बस्तीका मानिसहरू नेपाल सरकारको चिरकाल संरक्षणबाट विमुख रही नेपालको पूर्वी तथा मध्यपूर्वी पहाडी क्षेत्रबाट रोजगार र जीवन खोज्ने क्रममा भौतारिदै श्रमबेच्ने बजारको सम्मुख रोजगारीका तमाम संभावनाहरूको साथमा भूमिहिन, निमुखा र आर्थिक सिमान्तकृतको मानव बस्ती रहेको स्थान हो। उक्त वस्ती धरान उ.म.न.पा. को पश्चिम तर्फ रहेको शर्दु खोला पूर्वी किनारमा रहेको खोला उकास तट क्षेत्रमा दुखदः प्रकोपयुक्त स्थल भएपनि अन्य कुनै बसोबासको विकल्प नभएकोले १०-१५ वर्ष अगाडी देखी नै एकिकृत रूपमा निर्धनहरू बस्दै आएको बस्ती हो। उक्त क्षेत्र नेपालको संविधानको अनुसूची ५ को अधिकारको ११, २९, ३२ सँग सम्बन्धीत अधिकार युक्त स्थल हो नेपाल सरकारका सार्वजनिक जग्गा खोला तटमा प्राकृतिक प्रकोपबाट जीवन सर्मपण हुन्छ भने पनि सो बाहेक अन्य वैकल्पिक बसोबासको व्यवस्था संघिय सरकारले सुकुम्बासी समस्या समाधान आयोग मार्फत र प्रदेश सरकारले भुमि व्यवस्थापन तथा राष्ट्रिय वन, जल यातना उपयोग तथा वातावरण व्यवस्थापन अनुरूप मानव बस्ती व्यवस्थापन गर्ने कुरा र स्थानीय सरकारले स्थानीय सरकार संचालन ऐन २०७४ को कानूनी व्यवस्था अनुरूप संविधानको अनुसूची बमोजिम संघ, प्रदेश र स्थानीय तहको को साझा अधिकारको सूची अनुरूप क्रमसंख्या १३ बमोजिम सुकुम्बासी व्यवस्थापन गर्ने कुरा अपर्याप्त रहेकोले सो ठाउँमा रहेका ३५५ घर घुरी भन्दा बढी घर हरूमा स्थानीय सरकारले

बसोबासको स्वीकृत मान्यता (Recognition) प्रदान गरी ८० प्रतिशत घर धुरीहरूलाई पानी र बिजुली बत्तीको व्यवस्था गरी दिई अन्य बाँकीलाई बिजुली बत्ति र पूर्वाधारको प्रयुक्तता तर्फ नीति समेत बनाई एकिकृत रूपमा भूमिहिन सुकुम्बासीहरूको मान्यता प्रदान गरेको छ। हामी सोही ठाउँका गैह्र कार्यविधीगत रूपमा गैह्र अमानविय तथा बेइज्जती पूर्ण व्यवहार साथ अधिकार विहिन माथि विपक्षी खण्डमा उल्लेखित निकाय र पदाधिकारीहरूले मितिः २०७८/११/१५ गते धरान उप-महानगरपालिकाको विभिन्न क्षेत्रमा रहेका अव्यवस्थीत बस्तीहरू हटाउने योजना बनाई कार्यान्वयन गर्न वडा नं ११/१७ मा रहेका भुमिहीन सुकुम्बासीहरूलाई हटाउने निर्णय भएको छ। यसरी विपक्षीहरूले सुकुम्वासीहरूको दैनिक जीवन गुजारका हकमा प्रतिकुल प्रभाव पार्ने गरी गैह्र कानूनी निर्णय गरेको हुदाँ भूमिहिन सुकुम्बासीहरूको सम्मानजनक बाच्न पाउने हक (Right to life), मानव अधिकारको विश्वब्यापी घोषणा पत्र (Universal Declaration of Human Right,1948) को जीवन, स्वतन्त्रता र सुरक्षाको अधिकार लगायतका राष्ट्रिय तथा अन्तराष्ट्रिय कानूनहरूको मर्म र आधार तथा मुलुकी देवानी कार्यविधी संहिता, २०७४ को दफा ९१ बमोजिमको कानूनी प्रक्रियमा सामेल भएका हौं। धरान महा-नगरपालिकाको भौगोलिक स्वरूप दक्षिणमा चारकोशे झाडी नेपाल सरकारको अधिनमा रहेको राष्ट्रिय बन, उत्तरमा सर्दु जलाधार क्षेत्र लगायतका जंगल पूर्वमा तमाम खोला किनारका सार्वजनिक जग्गाहरू र खोला किनारका सार्वजनिक जग्गाहरूका साथमा धेरै सरकारी जग्गाहरू भएतापनि नेपाल राज्यभरको मानव बस्ती व्यवस्थापन न्यायपूर्ण, जनसंख्या व्यवस्थापनको परियोजना पूर्ण, सार्वजनिक नीति विहीन, राज्यको सारभूत उत्तरदायित्व र तथ्यांकविहीन रहेतापनि राष्ट्रिय जीवनमा बढ्दै गएको जनसंख्या र भूमीहीनका बीचको व्यवस्थापनको अभावले ठूला-ठूला सहरहरूमा रहेका सार्वजनिक पर्ती, ऐलानी, बोला किनार, बन जंगलको किनार परिवेशमा भुमिहिनहरूको बसोबास रही आएको हुदा ***"जीवनको प्रमुख अधिकार बाच्न पाउने अधिकार"*** भएको हुँदा बाच्नको लागि मुलुक भरी रहेका सुकुम्बासी जस्तै यस खोला किनारमा रहेका सुकुम्बासीहरू पनि दिनहिनता, गरिवी, बेरोजगारी, भोकमरी, अशिक्षाबाट प्रताडित रहेका छौं। त्यसमाथि दिनहीनहरूले गाँस काटेर बनाएको घर छाप्राहरू बिना सूचना बिना नीति, बिना बैकल्पिक बसोबासको व्यवस्थापन, राज्यद्वारा कानूनले अधिकार प्रदान गरेका वा नगरेका विपक्षीहरूको भेला जम्माबाट मानव जीवनकै बाँच्न पाउने अधिकारलाई प्रताडना दिने गरी बस्ती व्यवस्थापन सम्बन्धमा भनी २०७८/११/१५ गते दिनको १४:५० बजे उल्लेख गरी उपस्थीतिको १ देखी ३१ सम्मका मानिसहरूको गैह कानूनी कृयाकलाप र कार्यबाट हाल नगर क्षेत्रमा बढ्दै गरेका अव्यवस्थित बस्तीहरूको सम्बन्धमा उप-महानगरपालिकाबाट हुने गरी भनी २०७२ साल पछि अतिक्रमण गरी बसेका वस्तीहरू क्रमबद्ध रूपमा हटाउने भनि सर्वदलिय बैठक वसी आर्थिक, राजनैतिक, सामाजिक, शैक्षिक रूपमा विभेदमा रहेका हामी सुकुम्बासीहरूलाई आवासबाट हटाउने भनी गरेको निर्णय कानून प्रद्दत्त अधिकार (Authority), उत्तर दायीत्व (Accountability), कानूनको परिपालना, (Performing requirement of law) सार्वजनिक वा सामाजिक हित, (Public and social Interest) हरूको औचित्य पुरा नगर्ने गरी भएको हुदाँ हामी सामूहिकरूपमा सम्मानित अदालतमा निवेदन मार्फत उपस्थित भएका

छौं। अतःसन्मानित अदालतबाट विपक्षी खण्डमा रहेका सम्पूर्ण पदाधिकारी वा प्रतिनिधी वा व्यक्तिबाट आदेशद्वारा लिखित जवाफ लिई एकल सुनुवाईकै क्रममा मुलुकी देवानी कार्यविधी संहिता २०७४ को दफा १५६१) (२) तथा उच्च अदालत नियमावलीको नियम ४१, ४२ बमोजिम तत्काल विपक्षी नं. १ देखी १६ सम्मका निकाय वा पदाधिकारीहरूलाई उक्त बस्तीमा गैह्र कानूनी रूपमा तत्काल कुनै काम कारवाही नगर्नु नगराउनु भनि हामी निवेदक व्यक्तिहरूले उल्लेख गरेको निवेदन माग बमोजिमको क्षेत्रमा घरटहराहरू भत्काउने गरी प्रवेश नगर्नु नगराउनु भनि अन्तरिम आदेश जारी गरी विपक्षी नं. १ देखी १६ का निकाय वा पादाधिकारीहरूलाई कानूनको यथोचित परिपालना गर्नु, कानूनले तोकेको अधिकारको उपयोग गर्दा अधिकार क्षेत्र र अनधिकृत कुराको ख्याल राख्नु, गैह्र क्षेत्राधिकारका कुराहरूमा व्यक्तिको अधिकार हनन हुने गरी कुनै काम कारबाही नगर्नु सुकुम्बासी भूमिहिन हरूको स्थानीय सरकार संचालन ऐनले तोकेको मापदण्ड, व्यवस्थापन, तथ्यांक, कार्यविधी, कानून, नीति, परियोजना, योजना, कार्यक्रम बमोजिम बसोवासको वैकल्पिक व्यवस्था नगरी हाल भै रहेका घर टहराहरू मानवता र मानविय दृष्टिकोणले सम्मान जनक रूपमा बाच्न पाउने अधिकारका विरूद्धमा रहेको हुँदा मिति २०७८/११/१५ को निर्णय कानूनको आधारभुत मान्यताको आधारमा गैह्र कानूनी भएको हुँदा त्यस्तो निर्णय उत्प्रेषणको आदेश द्वारा बदर गरी निवेदकहरूको निवेदनको विपरित कुनै काम कारवाही नगर्नु भनि परमादेशको आदेश जारी गरी सरकारी वा सार्वजनिक पदाधिकारी विपक्षीहरूले त्यस्तो निर्णयमा भएको प्रस्ताव अनुसारको के कुन कुराहरू मात्र निर्णयको विषयबस्तुहरू तर्फ प्रवेश गर्न सकिने हो भन्ने कुराको कानून बमोजिम तोकीएको क्षेत्राधिकारलाई हेक्का राखी काम गर्नु पर्नेमा उक्त प्रस्तावहरूमा निर्णयान्मुख भएको देखिएको हुँदा अधिकारपृच्छाको आदेशद्वारा कानूनद्वारा तोकीएको आ-आफ्नो क्षेत्राधिकार अनुरूप वा अधिकार अनुरूप काम गर्नु भनी प्रतिषेध मिश्रित अधिकारपृच्छाको आदेश समेत निर्देशनात्मक आदेश वा जो चाहिने आवश्यक आदेश जारी गरी पाउँ भन्ने निवेदन।

२. यसमा के कसो भएको हो? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुनु नपर्ने कुनै आधार कारण र प्रमाण भए सो समेत उल्लेख गरी यो सूचना प्राप्त भएका मितिले १५ दिनभित्र विपक्षी नं. १,२,३,४,५ र ६ को हकमा उच्च सरकारी वकिल कार्यालय, विराटनगर मार्फत विपक्षी नं. १७ १८ को हकमा मुख्य न्यायाधिवक्ताको कार्यालय प्रदेश नं. १ मार्फत र अरू विपक्षीहरूको हकमा आफै वा आफ्नो कानून बमोजिमको प्रतिनिधि मार्फत लिखित जवाफ लिई आउनु भनी प्रस्तुत आदेश र निवेदनको प्रतिलिपि साथै राखी विपक्षीहरूका नाउँमा सूचना जारी गरी लिखित जवाफ परे वा अवधि व्यतित भए पछि नियम बमोजिम पेस गर्नु। अन्तरिम आदेशको सम्बन्धमा दुवै पक्षको उपस्थितिमा छलफल हुनु उपयुक्त देखिएकोले मिति २०७८/११/२६ मा अन्तरिम आदेशको छलफलको लागि पेसी तोकी सो दिन उपस्थित हुन विपक्षीहरूलाई सूचना दिई नियमानुसार पेस गर्नु। उक्त छलफल भई निस्कर्षमा नपुगिएसम्मको लागि निवेदनमा उल्लेख गरिएको क्षेत्रमा भएका घर टहराहरू नभत्काउनु भनी उच्च अदालत नियमावली, २०७३ को नियम ४२(१) बमोजिम विपक्षीहरूको नाममा अल्पकालिन अन्तरिम आदेश

जारी गरिदिएको छ। आदेशको जानकारी विपक्षीहरूलाई दिई नियम बमोजिम पेस गर्नु भन्ने ब्यहोराको यस अदालतबाट मिति २०७८/११/२० मा भएको आदेश।

३. यसमा विपक्षी मध्येका बिना पुमा गई नगर अध्यक्ष ज.स.पा. धरान-१ सागर राई नेपाल सुकुम्बासी संघ धरान-१ का नाउँको म्याद तामेल गर्न नसकिएको भनी तामेलदारको मिति २०७८/११/२६ मा प्रतिवेदन परेको देखिदा निजहरूको वतन ठेगाना फरक परेको भए निवेदकसँग अर्को वतन खुलाउन कागज गराई खुली आएको वतनमा वा वतन फरक नपरेको भए म्याद तामेल गर्न निवेदक पक्षको सहयोगमा निजहरूको वतन ठेगानामा पुनः म्याद तामेल गर्ने गरी अन्तरिम आदेशबारे छलफलका लागि मिति २०७८/१२/३ गतेको पेसी तोकी आज मिति २०७८/११/२० मा जारी अन्तरकालीन अन्तरिम आदेशलाई निरन्तरता प्रदान गरिएको समेत उपस्थित पक्षहरूलाई सो छलफल पेसीको जनाउ दिई नियमानुसार गरी पेस गर्नु भन्ने ब्यहोराको यस अदालतबाट मिति २०७८/११/२६ मा भएको आदेश।

४. प्राकृतिक सम्पदाको संरक्षण र अव्यवस्थित बसोबासका कारण प्राकृतिक विपत्तीका रूपमा रहेको बाढी, पहिरोबाट धनजनको क्षति नहोस भन्ने उद्देश्यका साथ सरोकारवाला निकायहरूले पवित्र भावनाबाट छलफलमा विषय उठी निरूपण गर्नु पर्ने समस्याका रूपमा उल्लेख भएका कारण विपक्षीहरूको कुनै संवैधानिक एवं कानूनी हक मेरो कारणले उल्लघन हुन सक्ने गरी म कुनै पदीय दायित्वमा नरहेको हुँदा मलाई के कारणले विपक्षी बनाइएको हो, निवेदकले खुलाउन नसक्नु भएकोले विपक्षीको रिट निवेदन खारिज भागी छ। *"रिट क्षेत्रमा प्रवेश गर्न निवेदकको विवादित विषयवस्तु माथि निर्विवाद हक स्थापित भएको हुनुपर्ने"* भनी ने.का.प. २०५० अंक ११, नि.नं. ४८२३ मा सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादन भएको छ। विपक्षीहरूले आफ्नो हक स्थापीत भउको अवस्था निवेदनमा उल्लेख गर्नु भएको छैन। हक अधिकार बिना हकदैया नरहने हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने ब्यहोराको विपक्षी ने.क.पा. एकीकृत समाजवादी धरानका रेवतीरमण राईको लिखित जवाफ।

५. स्थानीय प्रशासन ऐन, २०२८, मुलुकी देवानी संहिता, २०७४, वन ऐन, २०७६ तथा वातावरण ऐन, २०७६ मा सरकारी सार्वजनिक जग्गाहरू संरक्षण सम्बन्धमा प्रमुख जिल्ला अधिकारीलाई अधिकार प्रदान गरेको, गृह मन्त्रालयलबाट पटक पटक सार्वजनिक ऐलानी जग्गाको अतिक्रमण हटाउन परिपत्रहरू जारी गरेको, स्थानीय सरकार संचालन ऐन, २०७४, जिल्लामा सुकुम्वासी समस्या समाधान गर्न जिल्ला समिति क्रियाशिल रहेको र वास्तविक सुकुम्वासी, अव्यवस्थित बसोबासी, दलित सुकुम्बासीको समस्या राज्यस्तरबाट निकट भविष्यमा समाधान हुने चरणमा नै रहेको, भूमि आयोग गठन भइ कृयाशिल रहेको, साविकको उदाहरण दिएर अतिक्रमण गर्न पाइने मनशायले वास्तविक भन्दापनि अवास्तविक सुकुम्बासी बनाई स्थानीय बलशान्तिले अन्यबाट रकम असुल गरी अतिक्रमण गर्ने गराउने गरिएको साथै प्रदेश सरकारवाट १० करोडको लागतमा सोही क्षेत्रमा सर्दु करिडोर सिँचाई तथा नदि नियन्त्रण योजना संचालनमा रहेको समेतलाई मध्यनजर राखी सार्वजनिक जग्गा संरक्षण र सम्बर्द्धन गरी सरकारी योजनाहरू संचालनमा सहयोग, सहजीकरण र समन्वयका लागि यस कार्यालय र यस कार्यालयका प्रमुख जिल्ला अधिकारीले

पहल गर्नु कानुनी क्षेत्राधिकार भित्रै पर्ने हुँदा धरान उपमहानगरपालिकामा मिति २०७८/११/१५ गते धरान उपमहानगरपालिकाका नगर प्रमुख उपप्रमुख तथा प्रमुख जिल्ला अधिकारी सहितको उपस्थितिमा सर्वदलीय बैठक बसी धरान नगरक्षेत्रमा बढ्दै गएको अव्यवस्थित बस्तिहरूका सम्बन्धमा २०७२ सालपछी अतिक्रमण गरी बसेका बस्तिहरू क्रमश धरान उप-म.न.पा.बाट कार्ययोजना बनाई कार्यान्वयन गर्ने र सवै राजनैतिक दलहरूले सहयोग गर्ने भनी गरिएको निर्णय कानून बमोजिम नै रहेको सो सार्वजनिक विषयमा परेको उक्त रिट निवेदन यस कार्यालय र यस कार्यालयका प्रमुख जिल्ला अधिकारीका हकमा कपोकल्पित र निराधार भएको देखिदा उक्त रिट निवेदन खारेज गरी पाउँ भन्ने ब्यहोराको जिल्ला प्रशासन कार्यालय, सुनसरी तथा ऐ. का प्रमुख जिल्ला अधिकारीको संयुक्त लिखित जवाफ।

६. विपक्षीहरूको निवेदन जिकीर बमोजिमका अन्तर्राष्ट्रिय कानून, राष्ट्रिय कानून तथा संविधान प्रदत्त हक अधिकारमा आघात पुऱ्याउने कुनै कार्य गरेको छैन। विपक्षीहरूले निवेदनमा उल्लेख गरेको जिकिर मुलुकी देवानी सहिता, २०७४ को परिच्छेद २, ७, ९, १३ १८, २०, २६, २७, दफा ९१ कुन भागको हो उल्लेख छैन भने अर्कोतर्फ विपक्षीको सुरक्षित बसोबासको अधिकारको व्यवस्था मेरो राजनीतिक दलले गर्ने नभई राज्यले गर्ने विषय भएकोले सो प्रयोजनका लागि विधिसम्मत रूपमा साधिकार निकायमा दाबी गर्नुपर्ने कर्तव्यबाट विमुख भै दायर गरेको प्रस्तुत निवेदन खारेजभागी छ। धरान उप म.न.पा.ले अव्यवस्थित बसोबास खोला नियन्त्रण, खोलामा आउने बाढीबाट अव्यवस्थित बसोबासमा पर्ने प्रभाव लगायतका विषयमा बोलाइएको सर्वदलीय बैठकमा छलफलमा उपस्थित भएको हो। के कुन कारणबाट तथा मेरो कुन भूमिकाबाट निवेदकको हकमा आघात पुग्न गयो, सो समेत निवेदनमा उल्लेख गर्न नसकेबाट निवेदन दाबी खारेज गरी पाउँ भन्ने समेत ब्यहोराको विपक्षी ने.क.पा. एमाले धरान नगर कमिटीको कार्यालय, ऐ. का नगर अध्यक्ष हर्कजंग ऐमेङ्गको लिखित जवाफ।

७. यसमा धरान उप-महानगरपालिका प्रमुख श्री तिलक राईको अध्यक्षतामा मिति २०७८/११/२५ गते उद्योग बाणिज्य संघको सभाहल सुनसरीमा बसेको सर्वदलीय बैठकले २०७२ साल पछी भु-अतिक्रमण गरी बसेका बस्तीहरू क्रमबद्ध रूपमा हटाउने उक्त कार्यको सुरूवात वडा नं. १७ को नयाँ अतिक्रमित क्षेत्रबाट गर्ने समेत गरिएको निर्णय गरिएको देखिन्छ। कोही कसैको घर टहरा भत्काउने आदेश दिने, गर्ने प्रहरीको क्षेत्राधिकार भित्र नपर्ने भएकोले उक्त सुकुम्बासी बस्ती भत्काउनको लागि यस कार्यालयबाट कार्यालय प्रमुखको कमाण्डमा उक्त स्थानमा टोली खटि बल प्रयोग गर्ने, भकाउने कार्य नगरेको हुँदा बिपक्षी रिट निवेदकहरूले यस कार्यालयलाई बिपक्षी बनाई सम्मानित अदालतमा दायर गरेको उप्रेषण, परमादेश, प्रतिषेध अधकारपृच्छा रिट निवेदन कपोकल्पित झुठ्ठा, निराधार रही खारेज भागी भएकोले खारेज गरी पाउँ भन्ने ब्यहोराको विपक्षी जिल्ला प्रहरी कार्यालय, सुनसरी, ऐ.का प्रहरी उपरीक्षकको लिखित जवाफ।

८. कुनै पनि गाउँ बस्ती वा कसैको घर उठाउने भत्काउने भनी मुख्यमन्त्रीको सचिवालय र मुख्यमन्त्रीबाट कुनै निर्णय वा आदेश भएको छैन। कुन मितिमा के निर्णय वा आदेश कुन अधिकारीले दिएको हो? सो तथ्य उल्लेख भएको छैन। संविधान, कानूनले तीनै तहका सरकारलाई अधिकार

एवम् कर्तव्य दिएको छ। स्थानीय तह सरकारले कानून सम्बद्ध तबरबाट भए गरेका निर्णयहरूले मुख्यमन्त्री तथा मुख्यमन्त्रीको सचिवालयलाई विपक्षी बनाउनु पर्ने र मुख्यमन्त्रीका उपरमा सम्मानित अदालतबाट कुनै आदेश जारी गर्नु पर्ने अवस्थाको विद्यमानता हुदैन, छैन। सुकुम्बासीको समस्या मुलुकको परम्परागत रूपमा रहेकोले नेपाल सरकार, वर्तमान प्रदेश सरकार र स्थानीय तहको सरकारका तर्फबाट यथाशक्य सुकुम्बासीलाई उचित सम्बोधन गर्न विभिन्न आयोगहरू मार्फत काम भईरहेका र हुने क्रममा छन्। सुकुम्बासी समस्या मुलुकमा रहेको भन्ने कारणबाट राज्य सार्वजनिक सम्पत्ति र सम्पदाको सुरक्षा गर्नबाट अलग हुन पनि नसक्ने भएकोले सार्वजनिक सम्पत्तिको सुरक्षा गर्दा कुनै पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूको उल्लघन भएको भन्ने अर्थ लाग्ने होइन। प्राकृतिक सम्पदाको संरक्षण र अव्यवस्थित बसोवासका कारण प्राकृतिक विपत्तिका रूपमा रहेको बाढी पहिरोबाट धनजनको क्षति नहोस भन्ने उद्देश्यका साथ सरोकारवाला निकायले छलफलमा उठाएको विषयका आधारमा मौलिक हकको हनन् भएको मान्न मिल्ने अवस्था रहँदैन। *रिट क्षेत्रमा प्रवेश गर्न निवेदकको विवादित विषयवस्तु माथि निर्विवाद हक स्थापित भएको हुनुपर्ने* भनी सम्मानित सर्वोच्च अदालतबाट नेकाप २०५० अंक ११ नि.नं. ४८२३ मा सिद्धान्त प्रतिपादन भएको छ। विपक्षीहरूले आफ्नो हक स्थापित भएको अवस्था निवेदनमा उल्लेख गर्नु भएको छैन। उपरोक्त बमोजिमको आधार र कारण समेतबाट विपक्षीको रिट निवेदन खारेज भागी छ, खारेज गरी झुठ्ठा मुद्दाबाट अलग फुर्सद गरी पाउ भन्ने ब्यहोराको प्रदेश नं. १ मुख्यमन्त्रीको सचिवालय, ऐ.का माननीय मुख्यमन्त्रीको लिखित जवाफ।

९. यसमा अल्पकालिन अन्तरीम आदेश निरन्तरता दिने नदिने सम्बन्धमा विचार गर्दा नेपालको संविधानले नागरीकलाई आवासको अधिकार प्रदान गरेको र प्रस्तुत निवेदन आवासको विषय भएकोले सुविधाको सन्तुलनको आधारमा यो रिट निवेदनको ढुंगो नलागेसम्म उच्च अदालत नियमावली, २०७३ को नियम ४२ (१) बमोजिम यस अदालतवाट मिति २०७८/११/२० मा निवेदनमा उल्लेख गरीएको क्षेत्रमा भएका घर टहराहरू नभत्काउनु भनी जारी भएको अल्पकालिन अन्तरिम आदेशलाई निरन्तरता प्रदान गरी दिएको छ। यो आदेशको जानकारी विपक्षीहरूलाई दिनु साथै रिट निवेदकको विषयवस्तु हेर्दा प्रस्तुत रिट निवेदन शिघ्र टुंगो लगाउनु पर्ने प्रकृतिको देखिँदा अग्राधिकार प्रदान गरीदिएको छ। नियमानुसार पेस गर्नु भन्ने ब्यहोराको यस अदालतबाट मिति २०७८/१२/१० मा भएको आदेश।

१०. जिल्ला सुनसरी धरान उपमहानगरपालिका वडा नं. १७ मा सर्दु खोला अतिक्रमण गरी बसेका बस्ती भूमिहिन, निमुखा र आर्थिक सिमान्तकृत मानव बस्ती हो भन्ने निवेदनमा उल्लेखित व्यहोरा झुठ्ठा हुन। उक्त स्थानमा सुकुम्बासीको नाममा भूमाफियाहरूले सार्वजनिक जग्गा अनाधिकृत रूपमा कब्जा खिचोला गरी अवान्छित लाभ लिई सोझा सिधा व्यक्तिहरूलाई विक्री गरी रातारात निर्माण भएका घरहरू हुन। निवेदकले दावी गरे बमोजिम १०/१५ वर्ष देखि बस्दै आएको बस्ती होइन। उक्त स्थानमा स्थलगत निरिक्षणको अवस्थामा हाल सालै बनेका संरचना हुन भन्ने तथ्य स्पष्ट हुन्छ। नगर प्रमुखलाई ध्यानाकर्षण गरेको बारेको पत्रमा कहिले देखि बसोबास गरेको भन्ने उल्लेख छैन। मिति २०७८/११/१५ मा भएको सर्वदलिय, सर्वपक्षिय, सरोकारवाला

संघ संस्था, स्थानीय प्रशासन समेतको निर्णयबाट धरान उपमहानगरपालिका वडान १७ नमुना सुन्दर वस्ती छेउमा रहेका देवीथान, कालापानी क्षेत्रको खोला भित्र सार्वजनिक प्रति ऐलानी जग्गामा अवैधानिकरूपमा बसोवास गर्ने उद्देश्यले घर टहरा बनाई खोला बहाव क्षेत्र रोकिने गरी भएको अतिक्रमणले भविष्यमा प्राकृतिक विपत्तिको जोखिम हुने देखिएको क्षेत्रमा हाल निर्माण गरिएका घर टहराहरूलाई धरान उपमहानगरपालिकाले स्वीकृती प्रदान गरेको, पानी, बिजुली बत्तीको व्यवस्था गरि दिएको छैन। धरान उपमहानगरपालिकाले अव्यवस्थित र भूमिहिन सुकुम्बासीको व्यवस्थापनकालागि २०७२ साल भन्दा अघि बनेका संरचना र स्थानहरूमा मात्र पानी, तथा विजुली बत्ती एवं घर नम्वर दिएको हो। सुकुम्वासी व्यवस्थापन सम्वन्धमा २०७६ सालमा **अव्यवस्थित वसोवास तथा भूमीहिन सुकुम्वासी व्यवस्थापन कार्यविधि, २०७६** समेत बनि कार्यान्वयनको अवस्थामा छ। मिति २०७८/११/१५ मा भएको सर्वपक्षिय निर्णयको ७ दिने सुचना गरी निवेदकहरूलाई सुचित गरिएको अवस्था हो। **स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ नं.** वमोजिम सार्वजनिक, ऐलानी प्रति जग्गा संरक्षण सुरक्षा गर्ने दायित्व एवं अधिकार नगरपालिकालाई प्रदान गरेको छ। त्यसैगरी मुलुकी देवानी संहिता, २०७४ को दफा २९९ नं. ले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको हक स्वामित्व नियन्त्रण वा अधिनमा रहेको, नदी खोलानाला, ताल, पोखरी, ऐलानी पर्ती जग्गा समेत सरकारी सम्पत्ती मानिने भन्ने कानुनी ब्यवस्था गरेको छ। निवेदकहरूले हामी उपर मिति २०७८/११/१५ मा उपस्थित हुदै नभएको म धरान १५ को वडा अध्यक्ष नरेश कुमार इवारम र उपस्थित भै निर्णयमा सहीछाप नै नगरेकी म उप प्रमुख मन्जु भण्डारी सुवेदी माथि विपक्षी बनाई दिएको निवेदनबाटै स्पष्ट हुन्छ। त्यसैगरी विपक्षी निवेदकले कानूनमा हुदै नभएको व्यवस्था, खारेज भएका दफा (मुलुकी देवानी संहिता, २०७४ को परिच्छेद २६.२७, माग गरेको, स्थानीय सरकार संचालन ऐन, २०७४ को खारेजी दफा १०५) उल्लेख गरी प्रस्तुत निवेदन दिइएको छ। नेपालको संविधानको धारा ४८ मा उल्लेख गरिएको नागरिकको कर्तब्य अनुसार सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने कर्तव्य निवेदकहरूको पनि हुन आउछ। आफू कर्तव्यबाट च्युत भै हुदै नभएको अधिकारको माग गरी हामीसमेत उपर दुःख हैरानी दिने नियतले अदालत समेतलाई गुम्राहमा राखि हामी समेत उपर दिएको प्रस्तुत रिट निवेदन झुठ्ठा हुँदा खारेज गरी पाउँ भन्ने समेत ब्यहोराको विपक्षी धरान उप-महानगरपालिका धरान सुनसरी, ऐ.का नगर प्रमुख, ऐ.का उप-प्रमुख, ए.का प्रमुख प्रशासकीय अधिकृत, ऐ. वडा नं. १५ को कार्यालय, ऐ.१५ नं. वडाका वडा अध्यक्ष, ऐ. ४ नं. वडा अध्यक्ष, ऐ. ६ नं. का वडा अध्यक्ष, ऐ. ९ नं. ९ का वडा अध्यक्ष, ऐ. ८ नं. वडा कार्यालयको वडा सदस्य प्रेम बहादुर तामाङ समेतको संयुक्त लिखित जवाफ।

**११.** सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण गर्न प्राकृतिक सम्पदाको संरक्षण धरान नगर क्षेत्रभित्र बढ्दै गएको गैर कानूनी तथा अव्यवस्थित बसोबासको कारण भविष्यमा प्राकृतिक विपत्तिका रूपमा रहेको बाढी पहिरो समेतले धनजनको क्षति नहोस भन्ने उद्देश्यका साथ सार्वजनिक सम्पतिको संरक्षणका खातिर ऐन तथा संविधानको मर्म भावना अनुरूप नै भए गरिएको कार्यले विपक्षीहरूको हक हनन् हुने कार्य गरेको छैन। स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०५ समेतका आधारमा रिट दायर गर्नु भएको सो ऐनको उक्त दफा खारेज भै सकेको हुँदा राजनैतिक दल सम्बन्धी

ऐन, २०७३ रहेको तर २०७५ भनी झुठा व्यहोरा लेखेको हुँदा रिट खारेज भागी छ। मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ९१ नं. को कानूनी प्रावधान विपरित अनुमति समेत नलिई दायर भएको रिट खारेज भागी छ। २०७२ साल भन्दा पछि गैर कानूनी ढंगले सार्वजनिक जग्गा अतिक्रमण गरि बढ्दै गएको अव्यवस्थित बसोवासलाई रोकथाम गर्ने कार्य स्थानीय सरकार राजनितीक दल समेतलाई रहे भएको साथै मुलुकी देवानी संहिता, २०७४ ले समेत सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने अधिकार दिएको हुँदा निवेदन जिकिर बमोजिमको कार्य गरि निवेदकहरूलाई हानी नोक्सानी गर्ने र नागरिक तथा संवैधानिक हक अधिकारमा आघात पार्ने कार्य हामीबाट नभएको हुँदा रिट निवेदन खारेज भागी छ, खारेज गरि पाउँ भन्ने समेत ब्यहोराको नेपाली कांग्रेस धरान नगर कार्यसमितिको कार्यालय, राष्ट्रिय जनमुक्ति पार्टी धरान, ज.स.पा. धरान समेतको संयुक्त लिखित जवाफ।

१२. सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण गर्न प्राकृतिक सम्पदाको संरक्षण तथा धरान नगर क्षेत्र भित्र बढ्दै गएको गैर कानूनी तथा अव्यवस्थित बसोवासको कारण भविष्यमा प्राकृतिक विपत्तिका रूपमा रहेको वाढी पहिरो समेतले धनजनको क्षति नहोस भन्ने उद्देश्यका साथ सार्वजनिक सम्पतिको संरक्षणका खातिर ऐन तथा संविधानको मर्म भावना अनुरूप नै भए गरिएको कार्यले विपक्षीहरूको हक हनन हुने कार्य गरेको छैन। स्थानीय सरकार संचालन ऐन, २०७४, राजनैतिक दल सम्बन्धी ऐन, २०७३ र मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ९१ नं. को कानूनी प्रावधान विपरित अनुमति समेत नलिई दायर भएको रिट खारेज भागी छ। २०७२ साल भन्दा पछि गैर कानूनी ढंगले सार्वजनिक जग्गा अतिक्रमण गरि वढ्दै गएको अव्यवस्थित बसोवासलाई रोकथाम गर्ने र सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने, कार्य स्थानीय सरकार राजनितीक दल प्रहरी प्रशासन समेतलाई रहे भएकोलेसमेत सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने अधिकार दिएको हुँदा निवेदन जिकिर बमोजिमको कार्य गरि निवेदकहरूलाई हानी नोक्सानी गर्ने र नागरिक तथा संवैधानिक हक अधिकारमा आघात पार्ने कार्य यस कार्यालयवाट नभएको हुँदा रिट निवेदन खारेज भागी छ, खारेज गरि पाउँ भन्नेसमेत ब्यहोराको विपक्षी ने.क.पा. माओवादी केन्द्र धरान नगर कमिटी वडा नं. १४ को लिखित जवाफ।

## आदेश खण्ड

१३. नियमबमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदन तथा लिखित जवाफसहितको मिसिलसंलग्न कागजातहरू अध्ययन गरियो।

१४. निवेदकहरूको तर्फबाट उपस्थित विद्वान अधिवक्ता त्रय श्री सुमनचन्द्र कार्की, श्री कविता बस्नेत र श्री सोमनाथ ढुंगानाले सुकुम्वासीको रूपमा बसेका निवेदकहरूलाई हटाउने गरी गरेको सर्वदलिय बैठकको निर्ण तथा विपक्षी धरान उप-महानगरपालिकाले जारी गरेको सूचना गैर कानूनी, गैर संवैधानिक जीवन बाँच्न पाउने अधिकार तथा आवासको हकको प्रतिकूल भएकोले

उक्त निर्णय तथा सूचना उत्प्रेषणको आदेशले बदर गरी निवेदकहरूलाई सोही स्थानमा ब्यवस्थित रूपमा राख्न परमादेश लगायत जो जे चाहिने आज्ञा आदेश समेत जारी गरी पाउँ भनी गर्नु भएको तर्कपूर्ण बहस समेत सुनियो।

१५. विपक्षी प्रदेश नं. १ का मुख्यमन्त्रीको सचिवालयसमेतको तर्फबाट मुख्य न्यायाधिवक्ताको कार्यालय, प्रदेश नं. १, विराटनगरबाट उपस्थित विद्वान उप-न्यायाधिवक्ता श्री केशव प्रसाद पन्तले स्थानीय सरकार संचालन ऐन, २०७५ को दफा ११ ले सार्वजनिक, ऐलानी प्रति जग्गा संरक्षण सुरक्षा गर्ने दायित्व एवं अधिकार विपक्षी स्थानीय नगरपालिकालाई प्रदान गरेको हुँदा सोही अधिकार बमोजिम जोखिमयुक्त सार्वजनिक स्थानमा अतिक्रमण गरी घरटहरा बनाई जथाभावी बस्ती बिस्तार हुन लागेकोले सर्वदलिय बैठक बसी निर्णय गरी धरान उप-महानगरपालिकाले घरटहरा हटाउने सूचना जारी गरेको हुन सक्छ र सो कार्यमा प्रदेश सरकारको कुनै पनि भूमिका नरहेको हुँदा प्रदेश सरकार मुख्य मन्त्री सचिवालय र यस अन्तरगतका कार्यालयको हकमा प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भनी गर्नु भएको तर्कपूर्ण बहस समेत सुनियो।

१६. विपक्षी जिल्ला प्रशासन कार्यालय, सुनसरी समेतको तर्फबाट उपस्थित उच्च सरकारी वकील कार्यालय, विराटनगरका विद्वान उप-न्यायाधिवक्ता श्री पदम प्रसाद वस्तीले खोला किनारका सार्वजनिक जग्गा अतिक्रमण गरी जथाभावी बस्ती बसेको र स्थानीय प्रशासन ऐन, २०२८, मुलुकी ऐन, २०७४ वन ऐन, २०७६ एवम् वातावरण ऐन, २०७६ ले सरकारी सार्वजनिक जग्गा संरक्षण गर्ने दायित्व प्रमुख जिल्ला अधिकारीको हुने हुँदा सर्वदलिय बैठक बसी निर्णय गरी धरान नगरपालिकाले सूचना प्रकाशित गरेको कार्य कानून सम्मत रहेकोले उत्प्रेषण, परमादेश, प्रतिषेध तथा अधिकारपृच्छाको आदेश जारी हुनुपर्ने होइन प्रस्तुत निवदेन खारेज गरी पाउँ भनी गर्नु भएको तर्कपूर्ण बहस समेत सुनियो।

१७. विपक्षी धरान उप-महानगरपालिकाको तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरू श्री अवइन्द्र निरौला, श्री विरेन्द्र बस्नेत, श्री नारायण वस्ती, श्री प्रमोदराज आचार्य र श्री रेमश बास्तोलाले बाढीको जोखिम युक्त खोलाको बगरमा सार्वजनिक जग्गा अतिक्रमण गरी जथाभावी घरटहरा निर्माण गरी अब्यवस्थित बस्ती बसेकोले सोलाई हटाउने सर्वदलिय बैठकको निर्णय अनुसार उप-महानगरपालिकाले सूचना जारी गरेको हो। सो गर्ने अधिकार स्थानीय सरकार संचालन ऐन, २०७५ को दफा ११ बमोजिम विपक्षी धरान उप-महानगरपालिकालाई रहेको छ। तसर्थ मिति २०७८/११/१५ को सर्वदलिय बैठकको निर्णय तथा सूचना उत्प्रेषणको आदेशले बदर हुनु पर्ने होईन। निवेदकको रिट निवेदन खारेज गरी पाउँ भनी गर्नु भएको तर्कपूर्ण बहस समेत सुनियो।

१८. हामी निवेदक भएको वस्ती आम निमुखा घरवार विहिन मानिसहरूको सुकुम्बासी बस्ती हो। उक्त वस्ती धरान उ.म.न.पा. को पश्चिम तर्फ रहेको शर्दु खोला पूर्वी किनारमा रहेको खोला उकास तट क्षेत्रमा दुखदः प्रकोपयुक्त स्थल भएपनि अन्य कुनै बसोबासको विकल्प नभएकोले १०-१५ वर्ष अगाडी देखी नै एकिकृत रूपमा निर्धनहरू बस्दै आएको बस्ती हो। उक्त क्षेत्र नेपालको संविधानको अनुसूची ५ को अधिकारको ११, २९, ३२ सँग सम्बन्धित अधिकार युक्त स्थल हो नेपाल सरकारका सार्वजनिक जग्गा खोला तटमा प्राकृतिक प्रकोपबाट जीवन समर्पण हुन्छ भने पनि सो बाहेक अन्य वैकल्पिक बसोबासको व्यवस्था संघिय सरकारले सुकुम्बासी समस्या समाधान आयोग मार्फत र प्रदेश

सरकारले भूमि व्यवस्थापन तथा राष्ट्रिय वन, जल यातना उपयोग तथा वातावरण व्यवस्थापन अनुरूप मानव बस्ती व्यवस्थापन गर्ने कुरा र स्थानीय सरकारले स्थानीय सरकार संचालन ऐन, २०७४ को कानूनी व्यवस्था अनुरूप संविधानको अनुसूची बमोजिम संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूची अनुरूप क्रमसंख्या १३ बमोजिम सुकुम्बासी व्यवस्थापन गर्ने कुरा अपर्याप्त रहेकोले सो ठाउँमा रहेका ३५५ घर घुरी भन्दा बढी घरहरूमा स्थानीय सरकारले बसोबासको स्वीकृत मान्यता (Recognition) प्रदान गरी ८० प्रतिशत घर धुरीहरूलाई पानी र बिजुली बत्तीको व्यवस्था गरी दिई अन्य बाँकीलाई बिजुली बत्ति र पूर्वाधारको प्रयुक्तता तर्फ नीति समेत बनाई एकिकृत रूपमा भूमिहिन सुकुम्बासीहरूको मान्यता प्रदान गरेको छ। विपक्षी खण्डमा उल्लेखित निकाय र पदाधिकारीहरूले मिति २०७८/११/१५ गते धरान उप-महानगरपालिकाको विभिन्न क्षेत्रमा रहेका अव्यवस्थीत बस्तीहरू हटाउने योजना बनाई कार्यान्वयन गर्न वडा नं. ११/१७ मा रहेका भूमिहीन सुकुम्बासीहरूलाई हटाउने निर्णय भएको छ। यसरी विपक्षीहरूले सुकुम्बासीहरूको दैनिक जीवन गुजारका हकमा प्रतिकुल प्रभाव पार्ने गरी गैह्र कानूनी निर्णय गरेको हुँदा भूमिहिन सुकुम्बासीहरूको सम्मानजनक बाच्न पाउने हक (Right to life), मानव अधिकारको विश्वब्यापी घोषणा पत्र (Universal Declaration of Human Right,1948) को जीवन, स्वतन्त्रता र सुरक्षाको अधिकार लगायतका राष्ट्रिय तथा अन्तराष्ट्रिय कानूनहरूको मर्म र आधार तथा मुलुकी देवानी कार्यविधी सहिता, २०७४ को दफा ९१ बमोजिमको कानूनी प्रक्रियामा सामेल भएका हौं। यसरी जीवन बाच्न पाउने अधिकारलाई प्रताडना दिने गरी बस्ती व्यवस्थापन सम्बन्धमा भनी मिति २०७८/११/१५ गते दिनको १४:५० बजे उल्लेख गरी उपस्थितिको १ देखी ३१ सम्मका मानिसहरूको गैह कानूनी कृयाकलाप र कार्यबाट हाल नगर क्षेत्रमा बढ्दै गरेका अव्यवस्थित बस्तीहरूको सम्बन्धमा उप-महानगरपालिकाबाट हुने गरी भनी २०७२ साल पछि अतिक्रमण गरी बसेका वस्तीहरू क्रमबद्ध रूपमा हटाउने भनी सर्वदलिय बैठक बसी आर्थिक, राजनैतिक, सामाजिक, शैक्षिक रूपमा विभेदमा रहेका हामी सुकुम्बासीहरूलाई आवासबाट हटाउने भनी विपक्षीहरूले मिति २०७८/११/१५ मा गरेको निर्णय गैह्र कानूनी भएको हुँदा त्यस्तो निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी निवेदकहरूको निवेदनको विपरित कुनै काम कारवाही नगर्नु भनी परमादेशको आदेश जारी गरी सरकारी वा सार्वजनिक पदाधिकारी विपक्षीहरूले त्यस्तो निर्णयमा भएको प्रस्ताव अनुसारको के कुन कुराहरू मात्र निर्णयको विषयबस्तुहरू तर्फ प्रवेश गर्न सकिने हो भन्ने कुराको कानून बमोजिम तोकिएको क्षेत्राधिकारलाई हेक्का राखी काम गर्नु पर्नेमा उक्त प्रस्तावहरूमा निर्णयान्मुख भएको देखिएको हुँदा अधिकारपृच्छाको आदेशद्वारा कानूनद्वारा तोकीएको आ-आफ्नो क्षेत्राधिकार अनुरूप वा अधिकार अनुरूप काम गर्नु भनी प्रतिषेध मिश्रीत अधिकारपृच्छाको आदेश समेत निर्देशनात्मक आदेश वा जो चाहिने आवश्यक आदेश जारी गरी पाउँ भन्ने निवेदन दावी रहेको देखियो।

१९. मिति २०७८/११/१५ मा भएको सर्वदलिय, सर्वपक्षिय, सरोकारवाला संघ संस्था, स्थानीय प्रशासन समेतको निर्णयबाट धरान उपमहानगरपालिका वडान १७ नमुना सुन्दर बस्ती छेउमा

रहेका देवीथान, कालापानी क्षेत्रको खोला भित्र सार्वजनिक प्रति ऐलानी जग्गामा अवैधानिकरूपमा बसोवास गर्ने उद्देश्यले घर टहरा बनाई खोला बहाव क्षेत्र रोकिने गरी भएको अतिक्रमणले भविष्यमा प्राकृतिक विपत्तिको जोखिम हुने देखिएको हुँदा मिति २०७८/११/१५ मा भएको सर्वपक्षिय निर्णयको ७ दिने सूचना जारी गरी निवेदकहरूलाई सुचित गरिएको अवस्था हो। **स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ नं.** वमोजिम सार्वजनिक, ऐलानी प्रती जग्गा संरक्षण सुरक्षा गर्ने दायित्व एवं अधिकार नगरपालिकालाई प्रदान गरेको छ। त्यसैगरी मुलुकी देवानी संहिता, २०७४ को दफा २९९ नं. ले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको हक स्वामित्व नियन्त्रण वा अधिनमा रहेको, नदी खोलानाला, ताल, पोखरी, ऐलानी पर्ती जग्गा समेत सरकारी सम्पत्ती मानिने भन्ने कानूनी ब्यवस्था गरेको छ। नेपालको संविधानको धारा ४८ मा उल्लेख गरिएको नागरिकको कर्तब्य अनुसार सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने कर्तव्य निवेदकहरूको पनि हुन आउछ। आफू कर्तव्यबाट च्युत भै हुँदै नभएको अधिकारको माग गरी पर्न आएको प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत ब्यहोराको विपक्षी धरान उप-महानगरपालिका धरान सुनसरी, ऐ.का नगर प्रमुख, ऐ.का उप-प्रमुख, ए.का प्रमुख प्रशासकीय अधिकृत, ऐ. वडा नं. १५ को कार्यालय, ऐ.१५ नं. वडाका वडा अध्यक्ष, ऐ. ४ नं. वडा अध्यक्ष, ऐ. ६ नं. का वडा अध्यक्ष, ऐ. ९ नं. ९ का वडा अध्यक्ष, ऐ. ८ नं. वडा कार्यालयको वडा सदस्य प्रेम बहादुर तामाङ समेतको संयुक्त लिखित जवाफ, सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण गर्न प्राकृतिक सम्पदाको संरक्षण धरान नगर क्षेत्रभित्र बढ्दै गएको गैर कानूनी तथा अव्यवस्थित बसोबासको कारण भविष्यमा प्राकृतिक विपत्तिका रूपमा रहेको बाढी पहिरो समेतले धनजनको क्षति नहोस भन्ने उद्देश्यका साथ सार्वजनिक सम्पतिको संरक्षणका खातिर ऐन तथा संविधानको मर्म भावना अनुरूप नै भए गरिएको कार्यले विपक्षीहरूको हक हनन् हुने कार्य गरेको छैन। २०७२ साल भन्दा पछि गैर कानूनी ढंगले सार्वजनिक जग्गा अतिक्रमण गरि बढ्दै गएको अव्यवस्थित बसोवासलाई रोकथाम गर्ने कार्य स्थानीय सरकार राजनितीक दल समेतलाई रहे भएको हुँदा सर्वदलिय बैठक बसी अतिक्रमित जोखिम बस्ती हटाउने निर्णय भएको हो। निवेदकहरूले नागरिक तथा संवैधानिक हक अधिकारमा आघात पार्ने कार्य हामीबाट नभएको हुँदा रिट निवेदन खारेज गरि पाउँ  भन्ने समेत ब्यहोराको नेपाली कांग्रेस धरान नगर कार्यसमितिको कार्यालय,  राष्ट्रिय जनमुक्ति पार्टी धरान, ज.स.पा. धरान समेतको संयुक्त लिखित जवाफ, सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण गर्न प्राकृतिक सम्पदाको संरक्षण तथा धरान नगर क्षेत्र भित्र बढ्दै गएको गैर कानूनी तथा अव्यवस्थित बसोवासको कारण भविष्यमा प्राकृतिक विपत्तिका रूपमा रहेको वाढी पहिरो समेतले धनजनको क्षति नहोस भन्ने उद्देश्यका साथ सार्वजनिक सम्पतिको संरक्षणका खातिर ऐन तथा संविधानको मर्म भावना अनुरूप नै भए गरिएको कार्यले विपक्षीहरूको हक हनन हुने कार्य गरेको छैन। निवेदकहरूको नागरिक तथा संवैधानिक हक अधिकारमा आघात पार्ने कार्य यस कार्यालयवाट नभएको हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्नेसमेत ब्यहोराको विपक्षी ने.क.पा. माओवादी केन्द्र धरान नगर कमिटी वडा नं. १४ को लिखित जवाफ पेस हुन आएको देखियो।

२०. उपरोक्त तथ्य एवम् निवेदन माग दाबी रहेको प्रस्तुत रिट निवेदनमा निवेदन माग दाबी बमोजिम उत्प्रेषण, परमादेश, प्रतिषेध, अधिकारपृच्छाको आदेश जारी गर्नुपर्ने हो वा होइन? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

२१. अब निर्णयतर्फ विचार गर्दा, निवेदकहरूले आफूहरू दिनहिनता, गरिवी, बेरोजगारी, भुखमरी, अशिक्षाबाट प्रताडित रहेभएकोले खोला किनारमा घर छाप्राहरू बनाई सुकुम्बासीको रूपमा बसी आएको, आफूहरूले गाँस काटेर बनाएको घर छाप्राहरू बिना सूचना, बिना नीति, बिना बैकल्पिक बसोबासको व्यवस्थापन, राज्यद्वारा कानूनले अधिकार प्रदान गरेका वा नगरेका विपक्षी नं. १ देखि ३१ सम्मका विपक्षीहरूको भेलाजम्माबाट मिति २०७८/११/१५ गते दिनको १४:५० बजे उल्लेख गरी मिति २०७२ साल पछि अतिक्रमण गरी बसेका बस्तीहरू क्रमबद्ध रूपमा हटाउने भनी सर्वदलीय बैठक बसी आर्थिक, राजनैतिक, सामाजिक, शैक्षिक रूपमा विभेदमा रहेका हामी सुकुम्बासीहरूलाई आवासबाट हटाउने भनी गरेको निर्णय कानून सम्मत नरहेको र निवेदकहरूको जीवन बाच्न पाउने हकबाट नै कुण्ठीत भएको हुँदा उक्त निर्णय उत्प्रेषणको आदेशले बदर गरी बिपक्षीहरूको नाममा परमादेश प्रतिषेध र अधिकारपृच्छा लगायत जो चाहिने आज्ञा आदेश जारी गरी पाउँ भन्ने मुख्य मागदावी लिई प्रस्तुत रिट निवेदन दायर हुन आएको देखियो। निवेदकहरूको निवेदन लेखबाट नै निजहरू सार्वजनिक पर्ति खोला किनारको जग्गामा बस्ती बनाई बसेको भन्ने देखिन आयो। मानव सभ्यताको विकाश नदी किनारबाट नै प्रारम्भ भएको भएतापनि आफ्नो जनता वा नागरिकको जीवनको सुरक्षाको लागि राज्यको उदय र उदभव भएको बिगतको इतिहास देखिन्छ। बर्तमान समयको लोककल्याणकारी राज्यको मुख्य उदेश्य नै नागरिकको जिवन (Life) तथा स्वतन्त्रता (Liberty) को रक्षा गर्नु रहेको हुँदा मुलभुतरूपमा मिति २०७८/११/१५ को बैठकको सर्वदलीय निर्णय कानून प्रद्दत्त अधिकार (Authority), उत्तर दायीत्व (Accountability), कानूनको परिपालना, (Performing requirement of law) सार्वजनिक वा सामाजिक हित, (Public and social Interest) अनुकुल वा प्रतिकुल के छ? भन्ने सम्वन्धमा विवेचना गर्नु पर्ने देखियो। नेपाल जस्तो भूबनावट तथा भौगोलिक संरचना भएको मुलुकमा मानव बस्ती विस्तारको लागि भूवनावटको बैज्ञानिक परिक्षण नगरी जोखियुक्त स्थानमा अनियन्त्रीतरूपमा जथाभावी मानव बस्ती बसेको कारण बाढी, पहिरो जस्ता प्रकृतिक विपत्तीले वर्षेनी ठूलो संख्यामा मानवीय धनजनको क्षती भई रहेको आंकडा देखिन्छ। एकातर्फ खोला किनारमा मानव बस्ती बिस्तार गर्दै जाने हो भने भविष्यमा बाढी पसी ठूलो जनधनको क्षति हुने जोखिमलाई नजरअन्दाज गर्न सकिदैन भने अर्को तर्फ सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण गर्ने तथा प्राकृतिक सम्पदाको संरक्षण वा सम्बर्धन गर्ने अधिकार प्रचलित कानूनले स्थानीय निकायलाई दिएको तथ्यमा पनि विवाद देखिदैन। मुलुकी देवानी संहिता, २०७४ को दफा २९९ नं. ले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको हक स्वामित्व नियन्त्रण वा अधिनमा रहेको, नदी खोलानाला, ताल, पोखरी, ऐलानी पर्ती जग्गा समेत सरकारी सम्पत्ती मानिने भन्ने कानूनी ब्यवस्था रहेभएको अवस्थामा त्यस्ता सार्वजनिक सम्पतिको संरक्षणका लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा **११ नं.** बमोजिम सार्वजनिक, ऐलानी प्रति जग्गा संरक्षण

सुरक्षा गर्ने दायित्व एवं अधिकार विपक्षी स्थानीय नगरपालिकालाई नै प्रदान गरेको देखिन्छ। नेपाल सरकार भूमि ब्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयको निर्णय एवम् निर्देशन बमोजिम भूमिहिन सुकुम्वासी र अब्यवस्थित बसोवासीको पहिचान, लगत संकलन र प्रमाणिकरण गर्ने कार्य धरान उपमहानगर पालिकाले गर्दै आएको देखियो। धरान उप-महानगरपालिका अन्तरगतका सुकुम्बासी बस्तीहरू रहेभएको तथ्यलाई स्वीकार गरी २०७२ साल पूर्वदेखि बसेका सुकुम्वासीहरूको लगत उतार गरी घर नं., खानेपानी र विद्युतको समेत बन्दोबस्त गरी आवश्यक पूर्वाधार विकास समेत गर्दै आएको समेत देखियो। बि. स. २०७२ पश्चात गैर कानूनी ढंगले सार्वजनिक जग्गा नदिनाला समेत अतिक्रमण गरी सुकुम्बासीको नाममा अव्यवस्थित बसोवास बढदै गएकोले सो कार्यलाई रोकथाम गर्नको लागि मिति २०७८/११/१५ मा स्थानीय निकाय एवम् स्थानीय प्रशासन तथा स्थानीय राजनितीक दलको प्रतिनिधी समेत सलग्न रहेको सर्वदलिय बैठक बसी सर्वदलिय, सर्वपक्षिय, सरोकारवाला संघसंस्था, स्थानीय प्रशासन समेतको निर्णयबाट धरान उपमहानगरपालिका वडा नं. १७ नमूना सुन्दर वस्ती छेउमा रहेका देविथान, कालापानी क्षेत्रको खोला भित्र सार्वजनिक प्रति ऐलानी जग्गामा अवैधानिकरूपमा बसोवास गर्ने उद्देश्यले घर टहरा बनाई खोला बहाव क्षेत्र रोकिने गरी भएको अतिक्रमणले भविष्यमा प्राकृतिक विपत्तिको जोखिम हुने देखिएकोले सो क्षेत्रमा पछिल्ला समय निर्माण गरिएका घर टहराहरूलाई हटाउने निर्णय गरी विपक्षी धरान उप महानगरपालिकाबाट सात दिने सूचना प्रकाशित गरेको देखिन आयो।

२२. मुलुकी देवानी संहिता, २०७४ को दफा २९९ नं. ले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको हक स्वामित्व नियन्त्रण वा अधिनमा रहेको, नदी खोलानाला, ताल, पोखरी, ऐलानी पर्ती जग्गा समेत सरकारी सम्पत्ती मानिने भन्ने कानूनी ब्यवस्था गरेको र **स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ नं.** बमोजिम सार्वजनिक, ऐलानी प्रति जग्गा संरक्षण सुरक्षा गर्ने दायित्व एवं अधिकार नगरपालिकालाई प्रदान गरेको तथा नेपालको संविधानको धारा ४८ मा उल्लेख गरिएको नागरिकको कर्तब्य अनुसार सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने कर्तव्य निवेदकहरूको समेत हुन आउने देखिएको परिप्रेच्छमा मिति २०७८/११/१५ मा भएको सर्वपक्षिय निर्णय र सो निर्णय बमोजिम धरान उप-महानगरपालिकाले जारी गरेको सात दिने सूचना गैर कानूनी रहेको वा न्यायीक तथा अर्धन्यायिक निकायले आफ्नो अधिकारक्षेत्रको अतिक्रमण गरी अधिकार प्रयोग गरेको वा कानूनी प्रावधानको विपरित सार्वजनिक पद वा अधिकार वा स्वतन्त्रता खोसेको समेत नदेखिएको हुँदा निवेदकहरूको निवेदन माग बमोजिम उत्प्रेषण एवम् प्रतिषेध तथा अधिकारपृच्छाको आदेश जारी गरिरहन पर्ने अवस्थाको विद्यमानता देखिएन।

२३. राज्यले निजी सम्पत्तिको समन्यायीक वितरण, नियन्त्रण र ब्यवस्थापनको ठोस निति तथा कार्यक्रम अपनाउन नसकेको, गाउँ तथा सहर अर्थात दुर्गम तथा सुगमका कारण समन्यायीक विकाश, अवसर र पहुँच पुऱ्याउन नसकेको तथा प्रकृतिक, आर्थिक, सामाजिक र राजनैतिक विपत्तिका कारण सृजित भूमिहिन तथा घरबारहिन मानव समस्या दिनानुदिन बढदै गएको देखिन आएको छ। यस्तो समस्या केवल कुनै एक सहर वा एक महानगरपालिकाको मात्र होइन हरेक विकासोन्मुख सहर वा महानगरपालिका भित्रको प्रमुख तथा जटिल समस्या हो। सो किसिमको समस्या धरान उप-

महानगरपालिकाले पनि समय मै महसुस गरी सो महानगरपालिका अन्तरगतका सुकुम्वासी व्यवस्थापनको लागि २०७६ सालमा **अव्यवस्थित वसोवास तथा भूमीहिन सुकुम्वासी व्यवस्थापन कार्यविधि**, २०७६ समेत बनाई हाल कार्यान्वयनको क्रममा भूमीहिन सुकुम्वासीहरूको अभिलेख तयार गरी निजहरूको ब्यवस्थित बसोवासको बन्दोबस्त गरी आएको समेत देखिन आयो।

२४. विश्वका सबै राष्ट्र एवम् सबै मानवजातीको निमित्त मानव अधिकारको मौलिक एवम् साझा मापदण्ड निर्माण गरी सर्वस्वीकार्य दस्तावेजको रूपमा रहेको संयुक्त राष्ट्रसंघद्धारा पारित तथा नेपाल पक्ष राष्ट्र भएको मानव अधिकारको विश्वब्यापी घोषणा पत्र, १९४८ (Universal Declaration of Human Rights 1948) को धारा २५ मा "Everyone has the right to a standard of living adequate for the health and well-being of himself and of his family, including food, clothing, housing and medical care and necessary social services, and the right to security in the event of unemployment, sickness, disability, widowhood, old age or other lack of livelihood in circumstances beyond his control" *अर्थात* खद्यान्न, कपडा, आवास तथा चिकस्सागत सेवा एवम् आवश्यक समाजिम सेवाहरू तथा बेरोजगारी, बिरामी, असमर्थता विधवाअवस्था, बृद्धाअवस्था अथवा आफ्नो नियन्त्रण भन्दा बाहिरको परिस्थितीमा जीवन धान्ने उपयको अभावमा सुरक्षाको अधिकार समेत प्रत्येक ब्यक्तिको आफू र आफ्नो परिवारको स्वास्थ्य एवम् कल्याणको लागि आवास सहितको पर्याप्त जीवनस्तरको अधिकार हुने छ भनी उल्लेख गरेको दखिन्छ भने संयुक्त राष्ट्रसंघद्धारा पारित एवम् नेपाल पक्ष राष्ट्र रहेको आर्थिक, समाजिक तथा साँस्कृतिक अधिकारको अन्तराष्ट्रिय अनुबन्ध, १९६६ (International Convention on Economic Social and Cultural Rights 1966) को धारा ११ मा "The States Parties to the present Covenant recognize the right of everyone to an adequate standard of living for himself and his family, including adequate food, clothing and housing, and to the continuous improvement of living conditions. The States Parties will take appropriate steps to ensure the realization of this right, recognizing to this effect the essential importance of international co-operation based on free consent." अर्थात पर्याप्त भोजन लुगा तथा आवास समेत प्रत्येक ब्यक्तिले आफू स्वयम तथा आफ्नो परिवारको पर्याप्त जिवनस्तर एवम् जीवनका अवस्थामा निरन्तर सुधारको अधिकारलाई यस अनुवन्धका राज्य पक्ष स्वीकार गर्दछ। राज्य पक्षले स्वतन्त्र मन्जुरीमा आधारित अन्तराष्ट्रिय सहयोगको अत्यावस्यक महत्व स्वीकार गर्दै यस अधिकारको सुनिश्चिताको प्रत्याभुती गर्न उचित पाईला सार्नेछ भन्ने ब्यवस्था गरेको देखिन्छ। नेपाल स्वयं पक्ष राष्ट्र भएका माथि उल्लेखित दुवै मानव अधिकार सम्वन्धी अन्तराष्ट्रिय दस्तावेजहरूले आवासको हकलाई समेत आधारभूत मानव अधिकारको रूपमा स्थापित गरेको देखिन्छ।

२५. त्यस्तै गरी भारतीय संविधानको धारा २१ मा *"No person shall be deprived of his life or personal liberty except according to procedure established by law."* अर्थात कानूनद्वारा स्थापित प्रकृया बाहेक कुनै पनि ब्यक्तिको जीवन वा ब्यक्तिगत स्वतन्त्रताको हरण गरिने छैन भनी जीवन र ब्यक्तिगत स्वतन्त्रताको अधिकारलाई संवैधानिक प्रत्याभुती गरेको देखिन्छ भने सो सम्बन्धमा भारतीय सर्वोच्च अदालतबाट विभिन्न मुद्दाहरूका सन्दर्भमा विषद ब्याख्या तथा विश्लेषण गरी मानव जीवन र ब्यक्तिगत स्वतन्त्रताको दायरा फराकिलो बनाएको देखिन्छ। यसै

सन्दर्भमा Franch Coralic Mullin *Vs* Union Territory of Delhi 1981, 1 sec. 608 Justice Bhagwati stated that "Right to life includes the right to live to live with human dignity and all that goes along with it namely, the bare necessaries of life such as adequate nutrition , clothing and shelter and facilities for reading and writing and expressing one-self in diverse forums freely moving about and missing and commonly with fellow human beings of course, the magnitude and content of the components of this rights would depend upon the extent of the economic development of the country, but it must in any view of the matter include the right to the basic necessities of life and also the right to carry on such functions and activities as constitute the bare minimum expression of the human self (at para 8)" त्यस्तै गरी Chameli Singh *Vs* State of V.P.1996 SCC 549 Supreme court interpreted "Article 21 in following words Right to live guaranteed in any civilized society implies the right to food, water, decent environment, education medical care and shelter, this are basic human right known to the any civilized society. All civil, political, social and cultural rights enshrined in the universal declaration of human rights and connection or under the constitution of India cannot be exercised without those basic human rights, shelter of the human beings, there for is not a mare protection of his life and limb." यसप्रकार भारतीय सर्वोच्च अदालतले समेत अवासको अधिकारलाई मानवअधिकारको विषय भएको र सो अधिकार मानवको जीवन बाच्न पाउने अधिकारसंग सन्निहित रहेको भनी ब्याख्या विश्लेषण गरेको देखिन्छ।

२६. त्यसै गरी नेपाल सरकारले पनि पटक पटक भूमिहिन सुकम्वासी तथा अब्यवस्थित बसोवासीहरूको ब्यवस्थापन गर्नका लागि कहिले सुकुम्वासी समाधान आयोग त कहिले भूमि सम्वन्धि समस्या समाधान आयोग त कहिले राष्ट्रिय भूमी आयोग गठन गरी काम गर्दै आएको देखिन्छ। पछिल्लो पटक भूमिहिन दलित, भूमिहिन सकुम्वासी र अब्यवस्थित बसोवासीको लगत संकलन सम्वन्धी कार्यविधि, २०७८ जारी गरी राष्ट्रिय रूपमा स्थानीय निकायहरूद्धारा भूमीहिनहरूको लगत संकलन गर्दै आएको समेत देखियो। स्थानीय निकायबाट संकलित तथ्याङक बमोजिम २०७८ असार सम्म ३१९ स्थानीय तहमा भूमिहिन दलित र सुकुम्बासी २,४७,९६० (दुई लाख सतचालिस हजार नै सय साठी) तथा अब्यवस्थित बसोबासी ९,३२,८०१ (नौ लाख बत्तिस हजार आठ सय एक) समेत कुल ११,८०,७६१ (एघार लाख असी हजार सात सय एकसठ्ठी) घर परिवारको लगत संकलन भएको आयोगको तथ्याङकबाट देखिन्छ। संकलित राष्ट्रिय तथ्याङक हेर्दा मुलुकमा भूमिहिन, सुकुम्वासी तथा अब्यवस्थित बसोबासीको संख्या बढदो र अत्याधिक रहेको निश्कर्षमा पुग्न सकिन्छ। यो समस्या केवल विपक्षी धरान उप महानगर पालिकाको मात्र नभई राष्ट्रिय शहरी समस्याको रूपमा देखिएको छ।

२७. नेपालको संविधानको धारा ३७ को उपधारा (१) मा *"प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुनेछ"* भनी आवासकोहकलाई संवैधानिक तथा मौलिक हकको रूपमा स्थापित गरेको देखिन्छ। सोही बमोजिम भूमिहिन तथा आवास विहीन नागरिकको पहिचान गरी उपयुक्त र सुरक्षित आवासको बन्दोबस्त गर्ने गरी विधायिकाद्धारा आवासको अधिकार सम्वन्धी ऐन, २०७५ जारी भएको अवस्था विद्यमान छ। सो ऐनको विधायिकी मनसाय भूमीहिन वा आवास विहीनहरूले जहाँ पायो त्यही घर टहरा बनाई बसोवास गर्ने भन्ने कदापी होईन। ऐ. ऐनको दफा ९ बमोजिम भूमीहिन वा आवास विहीनहरूको लगत संकलन गर्ने, दफा १० बमोजिम निजहरूलाई परिचय पत्र प्रदान गर्ने र दफा

७ बमोजिम नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले पारस्परिक समन्वयमा उलब्ध श्रोत साधनको आधारमा नेपाल राज्य भित्र आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा घर जग्गा नभएको र आफ्नो वा आफ्नो परिवारको आय आर्जन श्रोत वा प्रयासबाट आवासको प्रवन्ध गर्न असमर्थ रहेको तथा प्रकृतिक विपत्तिको  कारण माथि उल्लेख अवस्थाको विद्यमानता रहेको नागरिकको लागि आवासको सुविधा उपलब्ध गराउनु पर्ने छ भन्ने कानूनी ब्यवस्था रहेको सन्दर्भमा यी निवेदकहरूको हकमा सो ऐनले निर्दिष्ट गरे बमोजिम भूमिहिन वा आवास विहीन रहेको वा निजहरूको आफ्नो र निजको परिवारको आयश्रोत वा प्रयासबाट आवासको प्रबन्ध गर्न नसक्ने वा नसक्ने के हो सो को पहिचान गरी श्रोत र साधनले भ्याएसम्म तोकिएको स्थानमा आवासको बन्दोबस्त गरी दिनू भनी विपक्षीहरू मध्ये प्रदेश नं. १ का मुख्य मन्त्री, धरान उप-महानगरपालिका र जिल्ला प्रशासन कार्यालय सुनसरीको नाउँमा परमादेशको आदेश जारी गर्नु उपयुक्त र न्यायोचित देखिन आयो।

२८. अतः उल्लेखित आधार र कारणहरूबाट निवेदन माग बमोजिम उत्प्रेषण तथा प्रतिषेधको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिएकोले सो हदसम्म निवेदकको रिट निवेदन खारेज हुने तथा आफ्नो प्रदेश तथा क्षेत्र भित्र देखा परेका यस्ता सुकुम्बासी एवं भूमीहिन नागरिकको हकमा कानून बमोजिम उचित व्यवस्थापन गर्नु भनी विपक्षी प्रदेश नं. १ का मुख्य मन्त्री, धरान उप-महानगरपालिका र जिल्ला प्रशासन कार्यालय सुनसरीको नाउँमा परमादेश जारी हुने ठहर्छ। अरूमा तपसिलबमोजिम गर्नू।

<u>तपसिल</u>

- माथि आदेश खण्डमा उल्लेख भएबमोजिम उत्प्रेषण तथा प्रतिषेधको रिट निवेदन खारेज हुने तथा आफ्नो प्रदेश तथा क्षेत्र भित्र देखा परेका निवेदन बमोजिमका सुकुम्बासी एवं भूमीहिन नागरिकको पहिचान गरी निजहरूको हकमा कानून बमोजिम श्रोत र साधनले भ्याए सम्म उचित व्यवस्थापन गर्नु भनी विपक्षी प्रदेश नं. १ का मुख्य मन्त्री, धरान उप-महानगरपालिका र जिल्ला प्रशासन कार्यालय सुनसरीको नाउँमा परमादेश जारी हुने ठहर भएकोले सोको कार्यान्वयनका लागि आदेशको प्रतिलिपि साथै राखी विपक्षी **प्रदेश नं. १ का मुख्य मन्त्री, धरान उप-महानगरपालिका र जिल्ला प्रशासन कार्यालय सुनसरी**लाई प्रस्तुत आदेशको प्रतिलिपी साथै राखी जानकारी दिनू.......................................................................................................१
- सरोकारवालाले आदेशको प्रतिलिपी माग गरे कानूनको रित पुऱ्याई प्रमाणित प्रतिलिपी दिनू.......................................................................................................२
- प्रस्तुत आदेश विद्युतीय प्रणालीमा अपलोड गरी मुद्दाको दायरी लगत कट्टा गर्नू.......................................................................................................३
- प्रस्तुत मुद्दामा प्रमाणमा साथै रहेको यसै अदालतको प्रमाण मिसिल यसै अदालतको अभिलेख शाखमा बुझाइदिनू.......................................................................................४
- निवेदन सहितको रेकर्ड मिसिल यस अदालतको अभिलेख शाखामा नियमानुसार गरी बुझाइदिनू..................................................................................................५

**(राम बहादुर थापा)**
न्यायाधीश

उक्त आदेशमा सहमत छु।

**(मुरारीबाबु श्रेष्ठ)**
न्यायाधीश

<u>फैसला लेखनमा सहयोग गर्नेः-</u>
इजलास अधिकृतः- राजेन्द्रप्रसाद धमला
कम्प्यूटर अपरेटरः- गोविन्द प्रसाद दाहाल
**इति संवत् २०७९ साल आषाढ २० गते रोज २ शुभम् ------------------------------।**
प्रमाणिकरण मितिः- २०७९/०६/२७

श्री

उच्च अदालत पोखरा

संयुक्त इजलास

माननीय न्यायाधीश श्री रमेशप्रसाद राजभण्डारी

माननीय न्यायाधीश श्री ऋषि राजभण्डारी

**फैसला**

मुद्दा नं.०७८-CS-०६१८

इजलास नं.-२, निर्णय नं. १९७

मुद्दाः- आत्महत्या दुरूत्साहन।

| | |
|---|---|
| स्याङ्जा जिल्ला, साविक दार्सिङ दहथुम गा.वि.स. वडा नं. ७ को हाल स्याङ्जा जिल्ला, भिरकोट नगरपालिका वडा नं. २ डाँडाकोटमा बस्ने खड्क बहादुर खड्कको नाती, ख्याम बहादुर खड्का र खुमादेवी खड्काको छोरा रोशन खड्का........................................१<br>स्याङ्जा जिल्ला, साविक दार्सिङ दहथुम गा.वि.स. वडा नं. ७ को हाल स्याङ्जा जिल्ला, भिरकोट नगरपालिका वडा नं. २ डाँडाकोटमा बस्ने याम बहादुर खड्काको श्रीमती खुमादेवी खड्का........................................१ | पुनरावेदक प्रतिवादी |

**विरूद्ध**

| | |
|---|---|
| सिन्धुपाल्चोक जिल्ला, मेलम्ची नगरपालिका वडा नं. ६ बस्ने नानीराम गिरीको जाहेरीले नेपाल सरकार........................................१ | प्रत्यर्थी वादी |

सुरू फैसला गर्ने अदालतः श्री स्याङ्जा जिल्ला अदालत
सुरू फैसला गर्ने न्यायाधीशः- मा.जि.न्या. श्री सुर्य बहादुर थापा
सुरू फैसला मितिः २०७७।११।१६
सुरू मुद्दा नं.: 077-C1-0121

न्याय प्रशासन ऐन, २०७३ को दफा ८(३) बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः-

## तथ्य खण्ड

१. **शुरू जाहेरीः**

बुहारी गमला गिरीले दुई वर्ष यता दहुँठाटी स्थित माध्यमिक विद्यालयमा अध्यापन गराउँदै आएकी थिइन। छोरा बुहारीबाट एक सन्तान हाल एघार महिनाको नाती समेतको जायजन्म भएको छ। मेरो श्रीमतीले नाती हेरी बस्ने गरेकी थिइन। यस्तैमा निज बुहारी विद्यालयबाट घरमा आई छोरा समेत लिई आफु सुत्ने कोठामा गई बसेकी रहेछिन। अन्दाजी १८.३५ बजेको समयमा कोठाभित्र नाती रोईरहेको सुनी मेरो श्रीमती खुमा देवी खड्काले बाहिरबाट ढोका धकेली हेर्दा खाटमा नाती रोहिरहेको, बुहारी कोठाकै काठको बलोमा चुन्नी कपडाले बाधी घाँटीमा पासो लगाई झुन्डिई मृत्यु भएको अवस्थामा गुहार समेत गरे पश्चात म समेत घाँस काट्न छाडी आई हेर्दा बुहारी कोठाभित्र रहेको काठको बलोमा चुन्नी कपडाले घाँटीमा पासो लगाई मृत्यु भएको अवस्थामा देखी प्रहरीमा खवर भई प्रहरी घटनास्थलमा आई सुरक्षित राखी निज बुहारीको माईती समेत उपस्थित भएपश्चात मितिः२०७७।१२।३० गते लाश जाँच समेतको कार्य भएको हो। निज बुहारीलाई कोही कसैले कर्तव्य गरी मारे मराएकोमा शंका लाग्दैन भन्ने समेत व्यहोराको याम वहादुर खड्काको मिति २०७७।१२।३१ को जाहेरी दरखास्त।

२. **जाहेरी दरखास्तः**

मेरो दिदी गमला गिरीलाई निजको श्रीमान रोशन खड्का र सासु आमा खुमादेवी खड्काले तँ गिरीको छोरी दाईजो ल्याएकी पनि छैनस भनि दिनकै गालि गलौज गर्ने, माईती घरमा समेत जान नदिने, हातपात कुटपिट गरी मानसिक रूपमा कमजोर पारी मर्न बाहेक केही छैन भन्नेसम्मको परिस्थितिमा पुर्‍याएका कारण दिदी गमला गिरीले मिति २०७७।१२।२९ गते अं. १८.३५ बजेको समयमा आफ्नै घर कोठामा रहेको काठको बलोमा चुन्नी कपडाले घाँटीमा पासो लगाई झुण्डी आत्महत्या गरेकी हुँदा प्रतिवादीहरू रोशन खड्का र खुमादेवी खड्कालाई कानून बमोजिम कारबाही गरी पाउँ भन्ने समेत ब्यहोराको मिति २०७७।१२।३१ गतेको नानीराम गिरीले दिएको जाहेरी दरखास्त।

३. **घटनास्थल तथा लाश जाँच मुचुल्काः**

जिल्ला स्याङजा, भिरकोट नगरपालिका वडा नं. २ डाँडाकोट स्थित पुर्वमा लाल बहादुर खड्काको बारी जग्गा, पश्चिममा लाल बहादुर खड्काको घर, उत्तरमा गोमा खड्काको बारी र दक्षिणमा सुरेश खड्काको बारी जग्गा, यती चारकिल्ला भित्र रहेको याम बहादुर खड्काको दुई तले उत्तर मोहोडा भएको दोस्रो तलामा तिन वटा कोठा भएको घर रहेको, सो घरको पुर्व तर्फको पहिलो कोठाभित्र काठको बलोमा सेतोमा रातो रङ मिसिएको चुन्नी कपडाले घाँटीमा पासो लगाई दुबै खुट्टाको घुँडा र पञ्जाको भागले जमिनमा टेकी टाउको अगाडी झुकेको अवस्थामा गमला गिरीको मृत लास रहेको, घटनास्थलमा रहेको Samsung र HUAWEI लेखेको मोबाईल प्रहरीले उठाई लगेको, मृतकको घाँटीमा V आकारको दबेको डाम, जिब्रो टोकेको, घाँटीमा दायाँ बायाँ ३ cm चौडाईको दबेको डाम रहेको अवस्थाको मृतक गमला गिरीको शव रहेको भन्ने समेत व्यहोराको मिति २०७७।१२।३० गतेको घटनास्थल तथा लास जाँच मुचुल्का।

४. **शव परिक्षण प्रतिवेदन (Autopsy Report):**

Opinion on cause of death (मृत्युको कारण): Asphyxia due to ligature hanging (झुण्डिएर श्वास प्रश्वासमा समस्या भई मृत्यु भएको) भन्ने समेत ब्यहोराको मिति २०७७।१२।३१ गतेको मृतक गमला गिरीको शव परिक्षण प्रतिवेदन।

५. <u>प्रतिवादीहरूले गरेको बयानः</u>

- जाहेरवाला नानीराम गिरी मेरो साला नाता पर्दछन। जाहेरवालाको दिदी गमला गिरी संग मेरो सामाजिक संजाल फेसबुकबाट चिनजान भई बोलचाल हुँदै गर्दा मायाँ प्रेम बसी दुबै जनाले विवाह गर्ने निधो गरी २०७४ सालको भाद्र महिनामा बिवाह गरी मैले आफ्नो घरमा ल्याएको हुँ। बिवाह पश्चात घरमा केही समय बसि म बैदेशिक रोजगारीको लागि कतार गई २२ महिना पछि घरमा आएको हुँ। विदेशमा हुँदा फोन सम्पर्क राम्रै हुन्थ्यो घरमा आए पश्चात मैले कहिले काँही मादक पदार्थ सेवन गरी घरमा आउँदा श्रीमती गमला गिरीले मलाई किन रक्सी खाएर आएको भनी कराउने गर्दा निज र म बीच गाली गलौज झै-झगडा हुने गर्दथ्यो। त्यस्तैमा मिति २०७७।१२।२४ गते हाम्रो तर्फबाट जायजन्म भएको ११ महिनाको छोरा रिवाज खड्का घरको पिँढीबाट आँगनमा खसेको कुरा थाहा पाएपश्चात मैले आमा र श्रीमतीलाई २/२ जना घरमा हुँदा पनि छोरा हेर्न सक्दैनौ भनी कराएको थिएँ। आमा खुमादेवी खड्का र श्रीमती गमला गिरी बिच घरायसी कामकाजको क्रममा कराउने भईरहन्थ्यो। मिति २०७७।१२।२९ गते बिहान खाना खाई श्रीमती गमला गिरी निजले अध्यापन गराउने बिद्यालय गएकी हुन। म गोरू बाख्रा हेर्न गई खाजा खाई घाँस काट्न बुवा र म बारीतर्फ गएका थियौ। यस्तैमा घरमा हो-हल्ला भई बोलाएकोले घरमा आउँदा श्रीमती गमला गिरी आफ्नै कोठा भित्र रहेको काठको बलोमा चुन्नी कपडाले बाँधी घाँटीमा पासो लगाई झुण्डी आत्महत्या गरेको अवस्थामा देखेको हुँ। दाईजोको विषयमा मैले केही भनेको थिईन मैले रक्सी खाएको अवस्थामा झै झगडा हुँदा गिरीको छोरी भन्ने गरेको हुँ अन्य कुनै कारण छैन भन्ने समेत ब्यहोराको मिति २०७८।०१।०६ गते प्रतिवादी रोशन खड्काले अनुसन्धान अधिकारी समक्ष गरेको बयान।
- बुहारी गमला गिरीलाई कहिले काँही निजले गरेको काममा चित्त नबुझ्दा घरमा केहि नसिकाएका हुन की कस्तो हो यो गिरीकी छोरी भन्ने गर्दथें। म र वुहारी बीच बेला बेलामा झगडा हुने गर्दथ्यो। मिति २०७७।१२।२९ गते बुहारी गमला विहान खाना खाई आफुले पढाउने माध्यामिक स्कूलमा गईन, म घरमा नै नाति नातिना हेरी बसेको थिएँ। छोरा रोशन गोरू बाख्रा हेर्न गै घरमा आई पुनः घाँस लिनको लागि मेरो श्रीमान र छोरा रोशन बारी तर्फ गएका थिए। बुहारी विद्यालयबाट घरमा आई कपडा फेरी छोरालाई लिएर कोठा भित्र गएकी हुन, म कपडा धुन धारामा गई घरमा आउँदा बुहारी सुत्ने कोठा भित्र नाती रोईरहेको सुने, धेरै बेर रोएको सुनेपछि मैले वाहिरबाट कोठाको ढोका धकेल्दा भित्र काठको बलोमा पासो लगाई झुण्डि मृत्यू भएको अवस्थामा थिइन, खाटमा नाती रोईरहेको थियो, मैले हार गुहार गरे पछि छिमेकका मानिसहरू समेतको उपस्थिति भई बुहारीका माईति तर्फका परिवारलाई बोलाई मिति २०७७।१२।३० गते लास पोष्टमार्टम पश्चात दाह संस्कार भएको हो। मृतक बुहारीसंग घरायसी कामकाजको क्रममा कहिले काँही झगडा हुँदा बुहारी गमलालाई गिरीकी छोरी भन्ने

गरेकी हुँ, बुहारीलाई दाईजोको विषयमा केही भनेको होईन, अन्य कुनै कारण छैन भन्ने समेत ब्यहोराको मिति २०७८।०१।१९ गते प्रतिवादी खुमादेवी खड्काले अनुसन्धान अधिकारी समक्ष गरेको बयान।

६. <u>घटना विवरण कागजः</u>

- मिति २०७७।१२।२९ गते बिहान १०.०० बजे निज गमला गिरी बिद्यालयमा आई अध्यापन गराई सदा झैं घरमा फर्कने समय १५.१५ बजेको समयमै बिद्यालयबाट घरमा फर्केकी हुन। सोही दिन निज गमला गिरीले मलाई आफ्नो छोराको ईन्स्युरेन्स गर्ने भनि सल्लाह समेत लिएकी थिईन। सोही दिन साँझ गमला गिरी आफ्नै घरकोठामा रहेको दलिन काठमा चुन्नी कपडाले बाँधि घाँटीमा पासो लगाई झुण्डी मृत्यु भएको थाहा पाएकी हुँ। कोरोना संक्रमण पश्चात बिद्यालय खुल्दा निज गमला गिरीले मेरो सानो बच्चा छ कोरोना लाग्यो भने के गर्ने, म मरे भने बच्चाको के हाल होला भनि बच्चाको साह्रै माया गर्ने, आफु मर्न भनेपछि डराउने प्रवृती स्वभाव भएकी थिइन। गमला गिरीको माईती भाई ननीराम गिरीले गमला गिरीको मृत्यु निजको श्रीमान र सासु आमाले दिएको दुरूत्साहनको कारण भएको भनि जाहेरी दरखास्त समेत पेश गरेको कुरा थाहा पाएकी छु। दोषी उपर कानून बमोजिम कारबाही गरी पाउँ भन्ने समेत ब्यहोराको मिति २०७८।०१।०२ गते हिमा कुमारी अर्यालले मौकामा गरिदिएको घटना विवरण कागज।
- छोरीको विवाहपश्चात ज्वाँई बैदेसिक रोजगारीको शिलसिलामा गएपश्चात सासु खुमादेवी खड्काले तँ तल्लो जातको गिरीको छोरी। न दाईजो लिई आएकी छस। यहाँ बस्न पाउँदिनस भनि मानसिक यातना दिँदै आएकी थिईन। ज्वाँई आएपछि केही गरौंला घर गरी खानुपर्छ भनि सम्झाई बुझाई गर्दथैं। ज्वाँई बिदेशबाट आएपछी रक्सी खाई तँ गिरीको छोरी भनि कुटपिट गर्ने, घरबाट निस्केर जा भनि कराउने गरेको कुरा छोरीले फोन सम्पर्क गरी बताउँदथिन। मैले ज्वाँईलाई फोन गरी छोरी ज्वाँईलाई घरमा बोलाई सम्झाई-बुझाई गर्दा मैले अब हातपात कुटपिट गर्दिन आमाको बानी तेस्तै छ भनि बताई गएका हुन। २०७७ सालको मंसिरबाट ज्वाँईले छोरीलाई तेरो माइतबाट पैसा लिएर आईजा। होईन भने घरबाट निस्की भनि बारम्वार किचकिच गर्ने गरेको कुरा छोरीले मलाई सुनाएकी थिईन। गिरी हो भन्ने थाहा हुँदा हुँदै बिवाह गरी लगि शारीरिक तथा मानसिक यातना दिई आत्महत्या गर्न बाध्य बनाउने प्रतिवादीहरूलाई कानून बमोजिम कारबाही होस् भन्ने समेत ब्यहोराको मिति २०७८।०१।११ गते पार्वती गिरीले मौकामा गरिदिएको घटना विवरण कागज।
- मिति २०७७।१२।२९ गते अं. १८.३५ बजेको समयमा म आफ्नै घरमा थिएँ। यस्तैमा खुमादेवी खड्का हार-गुहार गरी छिट्टो आउ न भन्दै रोई कराई गरेको सुनि के भएछ भनि गई हेर्दा गमला गिरी आफ्नै कोठामा रहेको काठको बलोमा चुन्नी कपडाले बाँधि झूण्डीएकी अवस्थामा देखेको हुँ। जाहेरी तथा पार्वती गिरीको कागज समेत पढी बाची सुनाउँदा सुनि पाएँ। निज गमला गिरीले आफ्नो आमालाई आफुलाई बस्न गाह्रो भयो। श्रीमान र सासु आमाले दाईजोको बिषय लिई सँधै किचकिच गर्ने गालि गलौज गर्ने गरेको भनि बताएकी रहिछन। कहिले काँहि गमला गिरीको घरमा झै-झगडा भएको कुरा मैले थाहा पाउँदथे। आत्महत्या गर्नेसम्मको परिस्थिति खडा गर्ने प्रतिवादीहरूलाई कानून

बमोजिम कारबाही होस भन्ने समेत ब्यहोराको मिति २०७८।०१।१६ गते लाल बहादुर खड्काले मौकामा गरिदिएको घटना विवरण कागज।

- मिति २०७७।१२।२९ गते अं. १८.३५ बजेको समयमा म आफ्नै घरमा थिएँ। यस्तैमा खुमादेवी खड्का हार-गुहार गरी छिट्टो आउँ न भन्दै रोई कराई गरेको सुनि के भएछ भनि गई हेर्दा गमला गिरी आफ्नै कोठामा रहेको काठको बलोमा चुन्नी कपडाले बाँधि झूण्डीएकी अवस्थामा देखी कोठा भित्र बच्चा रोई रहेको हुँदा मैले बाहिर निकालेकी हुँ। जाहेरी तथा पार्वती गिरीको कागज समेत पढी बाची सुनाउँदा सुनि पाएँ। निज गमला गिरीले आफ्नो आमालाई आफुलाई बस्न गाह्रो भयो। श्रीमान र सासु आमाले दाईजोको बिषय लिई सँधै किचकिच गर्ने, गालि गलौज गर्ने गरेको भनि बताएकी रहिछन। कहिले काँहि गमला गिरीको घरमा झै-झगडा भएको कुरा मैले थाहा पाउँदथे। आत्महत्या गर्नेसम्मको परिस्थिति खडा गर्ने प्रतिवादीहरूलाई कानून बमोजिम कारबाही होस् भन्ने समेत ब्यहोराको मिति २०७८।०१।१६ गते अस्मिता खड्काले मौकामा गरिदिएको घटना विवरण कागज।

७. <u>अभियोग पत्रः-</u>

प्रतिवादीहरू रोशन खड्का र खुमादेवी खड्काले मृतक गमला गिरीलाई बिभिन्न लाञ्छना लगाई गालीगलौज समेत गरी आत्महत्या गरी मर्नेसम्मको परिस्थिति खडा गरेका कारण मृतक गमला गिरीले झुण्डिई आत्महत्या गरेको उल्लेखित कार्य मुलुकी अपराध संहिता, २०७४ को दफा १८५ को उपदफा (१) बिपरीतको कसूर अपराध भएको देखिँदा निज प्रतिवादीहरू रोशन खड्का र खुमादेवी खड्कालाई सोही संहिताको दफा १८५ को उपदफा (२) बमोजिम सजाय हुन मागदाबी लिई साथै प्रतिवादीहरूले बुझाउनुपर्ने क्षतिपुर्ति शुल्क वापतको रकम अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१(४) बमोजिम निर्धारण गरी पाउन र मुलुकी अपराध संहिता को दफा २०७४ ,१८६ बमोजिम प्रतिवादीहरूबाट पीडितको नजिकको हकदारलाई मनासिब क्षतिपुर्ति दिलाई भराई पाउँ भन्ने समेत व्यहोराको वादी नेपाल सरकारका तर्फबाट यस अदालतमा दायर भएको अभियोग पत्र।

८. <u>प्रतिवादीहरूले अदालतमा गरेको बयानः</u>

- मेरी श्रीमती गमला गिरी मिति २०७७।१२।२९ गते घर कोठामा पासो लगाई आत्महत्या गरेको ठिक साँचो हो। हाम्रो विवाह भएको ४ वर्ष भइसकेको थियो। जात र दाइजोको विषयमा श्रीमतीलाई म र मेरो परिवारबाट कुनै किसिमको गाली गलौज र कुटपिट गर्ने कार्य भएको थिएन। माईतीमा कोरोनाको कारणले छोरा सानो भएको हुनाले जान नसकेकी हुन्। उक्त घटना भएको दिन म बारीमा घाँस झार्न गएको थिए। मलाई लालबहादुर खड्काले रूदै छिटो घरमा आउनु भनी भनेका थिए र हतार हतार गरी घरमा के भएछ भनी जाँदा श्रीमती झुण्डिएर आत्महत्या गरेकी रहिछन्। श्रीमती झुण्डिएको देखेपछि म बेहोस भएछु। श्रीमती किन आत्महत्या गरिन मलाई थाहा भएन। मैले अनुसन्धान अधिकारी समक्ष गरेको बयान व्यहोरा मैले भने बमोजिम छैन। ल्याप्चे सहिछाप मेरो हो पढ्न नदिई सहिछाप गर भनेकाले गरेको

हुँ। मैले अभियोग दाबी बमोजिमको कसुर नगरेको हुँदा मलाई सजाय हुनुपर्ने होइन सफाई पाउनुपर्छ भन्ने समेत व्यहोराको प्रतिवादी रोशन खड्काले सुरू अदालतमा गरेको बयान।

- मेरो बुहारी गमला गिरी मिति २०७७।१२।२९ गते घर कोठामा पासो लगाई आत्महत्या गरेको ठिक साँचो हो। जाहेरीमा दिएको अरू व्यहोरा झुट्ठा हो। जात र दाइजोको विषयमा बुहारीलाई मैले कुनै किसिमको गाली गलौज र कुटपिट गर्ने कार्य भएको थिएन। माईतमा बुहारीको फोन भईरहन्थ्यो तर उनले माईतमा जान्छु भनेर कहिलै पनि भन्ने गरेकी थिइनन्। घटना भएको दिनमा बिहान हामी सँगै खाना खाएका हौ र बुहारी स्कुल पढाउन गएकी हुन्। बेलुका फर्केपछि बुहारी कोठामा थिइनन् म धारामा गएकी थिए आउँदा नाती रोएको रहेछ किन रोएको रहेछ भनी हेर्न जाँदा बुहारी झुन्डिएको अवस्थामा देखेकी हुँ। मैले अनुसन्धान अधिकारी समक्ष गरेको बयान व्यहोरा मैले भने बमजिम छैन। बयान व्यहोरा झुट्ठा हो। बयानमा भएको सहिछाप मेरो हो।मलाई अभियोग दाबी बमोजिम सजाय हुनुपर्ने होइनभन्ने समेत व्यहोराको प्रतिवादी खुमादेवी खड्काले सुरू अदालतमा गरेको बयान।

९. <u>थुनछेक आदेश:</u>

प्रतिवादीहरू रोशन खड्का र खुमादेवी खड्काबाट मुलुकी फौजदारी कार्यविधी संहिता २०७४ को दफा ६८ बमोजिम जनही रू.२,००,०००।— (दुई लाख) नगद धरौट वा बैंक ग्यारेन्टी दिए लिई निजहरूलाई मुद्दा पुर्पक्षको लागी तारेखमा राखु दिन नसके मुद्दा पुर्पक्षका लागि थुनामा राख्न कारागार कार्यालय स्याङ्जामा लेखि पठाइदिनू भन्ने समेतका यस अदालतका मिति २०७८।१।२१ का आदेशानुसार प्रतिवादीहरूरोशन खड्का र खुमादेवी खड्काले मुद्दा पुर्पक्षको क्रममा माग भएको धरौट रकम सोही मितिमा दाखिला गरी धरौटी तारेखमा रहेका।

१०. <u>साक्षीको बकपत्र:</u>

- मेरी दिदी गमला गिरी प्रतिवादी रोशन खड्का सँग प्रेम गरेर विवाह गरेका हुन्। दिदी मृतक गमला गिरीको अन्य घर परिवारसँग पारिवारिक सम्बन्धको विषयमा दिदीको श्रीमान, सासु र नन्दहरूले दिदीलाई जातिय भेदभाव गर्ने, बन्धक बनाएर राख्ने, दाइजो नलिइ आएको भनी यातना दिने, श्रीमानले सधै रक्सी खाएर कुटपिट गर्ने, गरेको कामको जस नदिने जस्ता शारिरीक र मानसिक यातना दिएको पिडा दिदीले मलाई फोन मार्फत भन्नु भएको थियो। दैनिक गाली गर्ने हातपात गर्ने मानसिक यातना दिने जस्ता कार्य गरी मेरी दिदीले यातना सहन नसकी आत्महत्या गर्न बाध्य भई मरेकी हुन्। जाहेरी दरखास्तमा भएको व्यहोरा सबै ठीक साँचो हो। सहिछाप पनि मैले गरेको हुँ।भन्ने समेत व्यहोराको जाहेरवाला नानीराम गिरीले सुरू अदालतमा गरेको बकपत्र।
- मेरो छोरी मृतक गमला गिरीलाई निजको श्रीमान प्रतिवादी रोशन खड्का र सासु आमा खुमादेवी खड्काले तँ गिरीको छोरी दाईजो ल्याएकी छैनस् भनी दैनिक गाली गर्ने, हातपात गर्ने, मानसिक यातना दिने जस्ता कार्य गरी आत्महत्या गर्न बाध्य भई मरेकी हुन्। घटना विवरण कागजमा भएको सबै व्यहोरा साँचो हो। सहिछाप पनि मेरो हो भन्ने समेत व्यहोराको घटना विवरण कागज गर्ने पार्वती गिरीले सुरू अदालतमा गरेको बकपत्र।
- प्रतिवादी रोशन खड्का, खुमादेवी खड्का र मृतक गमला गिरीका बिचमा घरायसी सम्बन्ध राम्रो थियो प्रतिवादीको परिवारबाट मृतक गमला गिरीलाई स्कुलमा जागिर खानको लागि सहयोग गरेर

मृतकले सरकारी स्कुलमा पढाउने गर्दथिन जाहेरीमा उल्लेख गरे अनुसारको नराम्रो व्यवहार नगरेका कारणले अभियोग माग दाबीबाट सफाई पाउनु पर्छ मृतकको आफ्नै कारणबाट आत्महत्या गरेकी होलिन् पारिवारिक यातनाबाट होइन भन्ने समेत व्यहोराको प्रतिवादीहरूका साक्षी तिलबहादुर खाँणले सुरू अदालतमा गरेको बकपत्र।

- प्रतिवादी रोशन खड्का, खुमादेवी खड्का र मृतक गमला गिरीका बिचमा घरायसी सम्बन्ध राम्रो थियो। प्रतिवादीको परिवारबाट मृतक गमला गिरीलाई स्कुलमा जागिर खानको लागि सहयोग गरेर मृतकले सरकारी स्कुलमा पढाउने गर्दथिन। जाहेरीमा उल्लेख गरे अनुसारको नराम्रो व्यवहार नगरेका कारणले अभियोग माग दाबीबाट सफाई पाउनुपर्छ। मृतकको आफ्नै कारणबाट आत्महत्या गरेकी होलीन् पारिवारिक यातनाबाट होइन। प्रतिवादीहरूले मृतकसँग राम्रो व्यवहार गरेका थिएभन्ने समेत व्यहोराको प्रतिवादीहरूका साक्षी गुप्त बहादुर के.सी.ले सुरू अदालतमा गरेको बकपत्र।
- यी प्रतिवादीहरूले बुहारीलाई धेरै माया गर्नुहुन्थ्यो, मलाई कुनै दिन पनि कल झगडा भएको थाहा भएन घटना घट्नुअघि आजसम्म परिवारबाट नराम्रो व्यवहार थिएन र भएको पनि थाहा भएन जाहेरी व्यहोरा र मौकाको कागज अभियोग दाबी सरासर झुठ्ठा हो, यी प्रतिवादीहरू निर्दोष छन् प्रतिवादीहरूलाई सफाई हुनुपर्छ समेत व्यहोराको प्रतिवादीहरूका साक्षी खड्क बहादुर महत क्षेत्रीले सुरू अदालतमा गरेको बकपत्र।

११. सुरू अदालतको आदेशानुसार वादी तथा प्रतिवादीका कानून व्यवसायीबाट सजायपूर्वको प्रतिवेदन पेश भई मिसिल सामेल रहेको।

१२. <u>सुरू अदालतको फैसलाः</u>

प्रतिवादीहरू रोशन खड्का र खुमादेवी खड्काले अभियोग दाबी बमोजिम मुलुकी अपराध संहिता २०७४ को दफा १८५ (१) विपरित आत्महत्या दुरूत्साहनको कसुर अपराध गरेकोले निजहरूलाई मुलुकी अपराध संहिता २०७४ को दफा १८५ (२) बमोजिम जनही १० (दश) महिना कैद र रू. १०,०००।- (दश हजार) जरिबाना हुने ठहर्छ। मृतक गमला गिरीको नजिकको हकवालाले प्रतिवादीहरूबाट जनही रू. ५०,०००।- (पचास हजार) का दरले जम्मा रू. १,००,०००।- (एक लाख) क्षतिपूर्ति मुलुकी अपराध संहिता २०७४ को दफा १८६ बमोजिम भराईलिन पाउने ठहर्छ। अपराध पिडित संरक्षण ऐन २०७५ को दफा ४१ बमोजिम प्रतिबादीहरूले रू.४००।- (चार सय) जनही क्षतिपूर्ति शुल्क तिर्नुपर्ने ठहर्छ भन्ने सुरू जिल्ला अदालतको फैसला।

१३. <u>पुनरावेदक वादी नेपाल सरकारको मुख्य पुनरावेदन जिकिरः-</u>

पुनरावेदक म रोशन खड्काले मृतक गमला गिरी प्रेम विवाह गरी छोराको जन्म समेत भएको, उनी पढेलेखेकी स्थायी बिद्यालयमा शिक्षिका भई सेवा गर्दै आएको, दाईजोको बिषयमा कहिल्लै पनि वादविवाद नभएको, मृतक र हामी प्रतिवादीहरू समेतको बिचमा वादविवाद भएको भए तत्सम्बन्धमा स्थानीय निकाय, आमा समुह, युवा क्लव, प्रशासन कार्यालय, प्रहरी कार्यालय समेतमा उजुर परेको हुन्थ्यो, त्यसो भए गरेको छैन। मृतकको शरीरमा कुनै घाउँचोट नदेखिएकोले

शारीरिक यातना दिएको भन्न मिल्ने हुदैन। उनी आत्महत्या गर्नुपर्ने सम्मको स्थिती हाम्रो कारणले भएको भए सो को जानकारी गाउँ छिमेक ईष्टमित्रलाई जानकारी हुनुपर्ने थियो। यसो भए गरेको भन्ने देखिएको छैन आफ्नी छोरी एवं बहिनीले आत्महत्या गरी झुण्डिइ मरेको थाहा पाएपछि आवेशमा आई जाहेरी दिने, कागज गर्ने र बकपत्र गर्ने गरेको हुनाले त्यसलाई आधार मानी हामी पुनरावेदकहरूलाई कसुर कायम गरि सजाय गरेको फैसला मिलेन बदर गरी पाउँ भन्ने समेत व्यहोराको प्रतिवादीहरू रोशन खडका र खुमादेवी खडकाको पुनरावेदन पत्र।

१४. <u>यस अदालतको आदेशः-</u>

मृतक गमला गिरी शिक्षिका पेशामा रहेकी व्यक्ति भन्ने देखिएको र वारदातको प्रकृति एवं सम्बद्ध प्रमाणहरूको मूल्याङ्कनको रोहमा सुरू फैसला फरक पर्न सक्ने देखिंदा फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४० को प्रयोजनार्थ उच्च सरकारी वकिल कार्यालय, पोखरालाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने समेतको व्यहोराको मिति २०७९।५।८ गतेको यस अदालतको आदेश।

<u>ठहर-खण्ड</u>

१५. नियमबमोजिम पेशी सूचीमा चढी निर्णयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत पुनरावेदन सहितको मिसिल अध्ययन गरी पुनरावेदक, प्रतिवादीहरूका तर्फबाट उपस्थित विद्वान बरिष्ठ अधिबक्ता श्री तिलक पराजुली र विद्वान अधिबक्ता श्री हरिप्रसाद रेग्मीले मृतक आफै पढेलेखेकी स्थानीय बिद्यालयमा शिक्षिका भई सेवा गर्दै आएको, दाईजोको बिषयमा कहिल्लै पनि वादविवाद नभएको, मृतक र प्रतिवादीहरू बिचमा वादविवाद भएको भनी तत्सम्बन्धमा स्थानीय निकाय, आमा समुह, युवा क्लव, प्रहरी कार्यालय लगायत कुनै पनि निकायमा उजुर नपरेको तथा मृतकको शरीरमा शारीरिक यातना दिएको भन्ने कुनै घाउचोट नरहेकोले मृतकलाई आत्महत्या गर्नुपर्ने सम्मको स्थिती प्रतिवादीहरूको कारणले आएको नदेखिंदा प्रतिवादीहरूलाई सजाय गर्ने गरी भएको शुरू स्याङ्जा जिल्ला अदालतको फैसला मिलेको नदेखिंदा बदर गरी प्रतिवादीहरूलाई आरोपित कसूरबाट सफाई दिनुपर्छ भनी र प्रत्यर्थी वादी नेपाल सरकारका तर्फबाट उच्च सरकारी वकिल कार्यालय, पोखराका विद्वान सहायक न्यायाधिवक्ता श्री अमृत सुवेदीले, प्रतिवादीहरू रोशन खड्का र खुमादेवी खड्काको मिलेमतोमा आफ्नी श्रीमती/बुहारी मृतक गमला गिरीलाई स-सानो कुराहरूमा विवाद गर्ने, दाइजोको विषयलाई लिएर मृतकलाई हैरानी पार्ने, गिरीकी छोरी भनी जातीय भेदभाव गर्ने गरेको र मानसिक यातना दिएको कारणबाट मृतक गमला गिरी विक्षिप्त भई आत्महत्या गर्न वाध्य भएर आफ्नै घरकोठामा झुण्डिई आत्महत्या गरेको पुष्टि भई अभियोग दावी बमोजिमको कसूर ठहउई प्रतिवादीहरूलाई सजाय गर्ने गरी शुरू जिल्ला अदालतबाट भएको शुरू फैसला मिलेकोले सुरू सदर हुनु पर्छ भनी गर्नु भएको बहस जिकिर समेत सुनियो।

१६. प्रतिवादीहरू रोशन खड्का र खुमादेवी खड्काले मृतक गमला गिरीलाई आत्महत्या गरी मर्नेसम्मको परिस्थिति खडा गरेकाले मृतक गमला गिरीले झुण्डिई आत्महत्या गरी मृत्यु भएकोले प्रतिवादीहरूलाई मुलुकी अपराध संहिता २०७४ को दफा १८५(१) को कसुर गरे ऐ दफा १८५ को उपदफा (२) बमोजिम सजाय गरि पाउँ भन्ने वादी नेपाल सरकारको मुख्य अभियोग मागदावी रहेकोमा अभियोग दाबी बमोजिमको कसूरदार ठहराई प्रतिवादीहरूलाई जनही १० (दश) महिना कैद र

रू.१०,०००।—(दश हजार) जरिवाना हुने र मृतक गमला गिरीको नजिकको हकवालाले प्रतिवादीहरूबाट जनही रू.५०,०००।- (पचास हजार) का दरले जम्मा रू.१,००,०००।- (एक लाख) क्षतिपूर्ति भराईलिन पाउने ठहऱ्याई भएको शुरू फैसला उपर प्रतिवादीहरू रोशन खड्का र खुमादेवी खड्काले चित्त नबुझाई सुरू फैसला बदर गरी पाउँ भनी जिकिर लिई प्रस्तुत पुनरावेदन गरेको देखियो।

१७. उपर्युक्त तथ्य, एबं पुनरावेदन जिकिर रहेको प्रस्तुत मुद्दामा प्रतिवादीहरूलाई आरोपित कसूरमा कसूरदार ठहऱ्याई भएको शुरू अदालतको फैसला मिलेको छ वा छैन? अभियोग दाबीबाट सफाई पाउँ भन्ने पुनरावेदक प्रतिवादीहरू रोशन खड्का र खुमादेवी खड्काको पुनरावेदन जिकिर पुग्ने सक्ने हो वा होईन? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

१८. निर्णयतर्फ बिचार गर्दा, पुनरावेदक प्रतिवादी रोशन खड्काले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा, मिति २०७७।१२।२९ गते बिहान खाना खाई श्रीमती गमला गिरी निजले पढाउने बिद्यालय गएको र आफु गोरू बाख्रा हेर्न गएको र घरमा आई खाजा खाई पुनः घाँस काट्न बुवा र आफु बारीतर्फ गएकोमा घरमा हो-हल्ला भई बोलाएकोले घरमा आउँदा श्रीमती गमला गिरी आफ्नै कोठा भित्र रहेको काठको बलोमा चुन्नी कपडाले बाँधी घाँटीमा पासो लगाई झुण्डी आत्महत्या गरेको अवस्थामा देखेको व्यहोरा लेखाएको तथा दाईजोको विषयमा मृतक श्रीमती संग आफुले केही नभनेको कुनै माग नराखेको र आफुले कहिले काँही रक्सी खाएको अवस्थामा झै झगडा हुँदा श्रीमती संग कराउने र गिरीको छोरी भन्ने गरेको सम्म हो, अन्य कुनै कारण छैन भनी मौकामा बयान गरेको देखिन्छ भने निजले अदालत समक्ष बयान गर्दा मेरी श्रीमती गमला गिरी मिति २०७७।१२।२९ गते घर कोठामा पासो लगाई आत्महत्या गरेको साँचो हो, हाम्रो विवाह भएको ४ वर्ष भइसकेको थियो, जात र दाइजोको विषयमा श्रीमतीलाई म र मेरो परिवारबाट कुनै किसिमको गाली गलौज र कुटपिट गर्ने कार्य भएको थिएन, माईतीमा कोरोनाको कारणले छोरा सानो भएको हुनाले जान नसकेकी हुन् उक्त घटना भएको दिन म बारीमा घाँस झार्न गएको थिए, मलाई लालबहादुर खड्काले रुँदै छिटो घरमा आउनु भनी भनेका थिए र हतार हतार गरी घरमा के भएछ भनी जाँदा श्रीमती झुण्डिएर आत्महत्या गरेकी रहिछन् श्रीमती झुण्डिएको देखेपछि म बेहोस भएछु, श्रीमतीले किन आत्महत्या गरिन मलाई थाहा भएन, मैले श्रीमतीलाई त्यस्तो नराम्रो केही पनि भनेको छैन, मैले अभियोग दावी बमोजिमको कसूर नगरेकोले मलाई अभियोग दाबी बमोजिम सजाय हुनुपर्ने होइन, मैले सफाई पाउनुपर्छ भन्ने समेत व्यहोराको बयान गरेको देखिएबाट यि पुनरावेदक प्रतिवादी आरोपित कसूरमा पूर्णत ईन्कार रहेको देखिन आउँछ।

१९. त्यसैगरी अर्का पुनरावेदक प्रतिवादी खुमादेवी खड्काले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा मृतक गमला गिरी मेरो छोरा बुहारी हुन। छोरा रोशनले प्रेम विवाह गरी घरमा ल्याए पश्चात केही समय अवधि पछि छोरा रोशन वैदेशिक रोजगारीमा कतार गै २२ महिनापछि घरमा आएका हुन। बुहारी गमला गिरीलाई कहिले काँही निजले गरेको काममा चित्त नबुझ्दा घरमा केहि नसिकाएका हुन की कस्तो हो यो गिरीकी छोरी भन्ने गर्दथें। म र वुहारी बीच बेला

बेलामा झगडा हुने गर्दथ्यो। मिति २०७७।१२।२९ गते बुहारी गमला विहान खाना खाई आफुले पढाउने माध्यामिक स्कूलमा गईन म घरमा नै नाति नातिना हेरी बसेको थिएँ। छोरा रोशन गोरू बाख्रा हेर्न गै घरमा आई पुनः घाँस लिनको लागि मेरो श्रीमान र छोरा रोशन बारी तर्फ गएका थिए। बुहारी विद्यालयबाट घरमा आई कपडा फेरी छोरालाई लिएर कोठा भित्र गएकी हुन, म कपडा लुगा धुन धारामा गएको र घरमा आउँदा बुहारी सुत्ने कोठा भित्र नाती रोईरहेको सुने, धेरै बेर रोएको सुनेपछि मैले वाहिरबाट कोठाको ढोका धकेल्दा भित्र काठको बलोमा पासो लगाई झुण्डिएको अवस्थामा थिइन, नाती रोईरहेको थियो, मैले गुहार गरेपछि छिमेकका मानिसहरू समेत आएका हुन, बुहारीका माईतीतर्फका परिवारलाई बोलाई पोष्टमार्टम गरी लास दाहसंस्कार गरिएको हो। मृतक बुहारीसंग घरायसी कामकाजको क्रममा कहिलेकाँही झगडा हुँदा बुहारी गमलालाई गिरीकी छोरी भन्ने गरेकी हुँ, बुहारीलाई दाईजोको विषयमा केही भनेको होईन, अन्य कुनै कारण छैन भन्ने समेत व्यहोराको बयान गरेको देखिन्छ भने निजले अदालत समक्ष बयान गर्दा, मेरी बुहारी गमला गिरी मिति २०७७।१२।२९ गते घर कोठामा पासो लगाई आत्महत्या गरेको साँचो हो, जात र दाइजोको विषयमा बुहारीलाई मैले कुनै किसिमको गाली गलौज र कुटपिट गर्ने कार्य भएको थिएन, माईतमा बुहारीको फोन भईरहन्थ्यो, उक्त घटना भएको दिनमा बिहान हामी सँगै खाना खाएका हौ र बुहारी स्कुल पढाउन गएकी हुन् र बेलुका फर्केपछि बुहारी कोठामा थिइन, म धारामा गएकी थिए, आउँदा नाती रोईरहेकोले किन रोईरहेको रहेछ भनी हेर्न जाँदा बुहारी झुन्डिएको अवस्थामा देखेकी हुँ, किन आत्महत्या गरेकी हुन, मलाई थाहा भएन, मैले अभियोग दाबी बमोजिमको कसूर नगरेको हुँदा मलाई अभियोग दाबी बमोजिम सजाय हुनुपर्ने होइन मैले सफाई पाउनु पर्छ भन्ने समेत व्यहोराको बयान गरेको देखिएबाट यी प्रतिवादी खुमादेवी पनि आरोपित कसूरमा पूर्णत ईन्कार रहेको देखिन आउँछ।

२०. प्रतिवादीहरूका साक्षी गाउँका छिमेकी समेत रहेका ७४ बर्ष उमेरका वृद्ध मानिस तिलबहादुर खाँणले अदालत समक्ष उपस्थित भई गरेको बकपत्र हेर्दा जाहेरवालाको जाहेरी व्यहोरा बनावटी हो। यी प्रतिवादीहरू खुमादेवी खडका, रोशन खडका र मृतक गमलाका बीचमा घरायसी सम्बन्ध राम्रो थियो। घर परिवारबाट नै मृतक गमला गिरी लाई स्कूलमा जागीर लगाईदिएका हुन। घरमा कुनै किसिमको झै झगडा भएको थाहा पाएको थिईन। विवाह भए देखिनै मृतक गमला गिरीलाई निजको परिवारले छोरी समानको व्यवहार गरी मृतकबाट छोरा जन्मेपछि घर परिवारमा झनै राम्रो सम्बन्ध थियो। यी प्रतिवादीहरूले मृतकलाई मर्नेसम्मको परिस्थिति सृजना गरेर मर्न बाध्य बनाएको होईन। आफ्नै कारणले आत्महत्या गरेकी होलिन। हामीलाई पनि मृतकले गाउँमा राम्रै सम्मान व्यवहार गर्दथिन। प्रतिवादीहरूले मृतकलाई जाहेरीमा उल्लेख गरे अनुसारको नराम्रो व्यवहार नगरेको कारणले अभियोग मागदावीबाट सफाई पाउनु पर्छ भनी बकपत्र गरिदिएको देखिन्छ। त्यसैगरी अर्का साक्षी गुप्त बहादुर केसी र खडग बहादुर महत क्षेत्री समेतले अदालत समक्ष उपस्थित भई बकपत्र गर्दा प्रतिवादीहरूले मृतकसंग राम्रो व्यवहार गर्ने गरेका थिए, प्रतिवादीको परिवारबाट मृतकलाई स्कूलमा जागिर खानको लागि सहयोग गरेर मृतकले स्कूलमा पढाउने कार्य गर्दथिन, यी प्रतिवादी र मृतक बीचमा घरायसी सम्बन्ध राम्रो थियो। झगडा गरेको, यातना दिएको विषयमा कतै पनि उजुर परेको थाहा नपाएको कारणले गर्दा यी प्रतिवादीहरूको कारण मृतकले आत्महत्या गर्न वाध्य भएको होईन,

मृतकले आफ्नै कारणले आत्महत्या गरेकी होलीन, पारिवारीक यातनाबाट होईन, प्रतिवादीहरूले अभियोग मागदावीबाट सफाई पाउनु पर्छ भनी बकपत्र व्यहोरा लेखाएको पाईएबाट प्रतिवादीहरूबाट भएको इन्कारी बयान समर्थित हुन आएको देखिन्छ।

२१. वादी पक्ष तर्फबाट मृतकका आमा पार्वती गिरी र मृतकका भाई जाहेरवाला नानीराम गिरीले अदालत समक्ष बकपत्र गर्दा प्रतिवादीहरू रोशन खडका र खुमादेवी खडकाले मृतकलाई जातीय भेदभाव गर्ने र दाईजो नल्याएको भनी बन्धक बनाएर राखे, गिरीको छोरी दाईजो ल्याएकी छैनस भनी दैनिक गाली गर्ने, हातपात कुटपिट गर्ने, मानसिक यातना दिने जस्ता कार्य गरी यातना सहन नसकी मृतकले आत्महत्या गर्न वाध्य भएकी हुन भनी एकै मिलानको बकपत्र गरेको देखिएतापनि मृतकलाई त्यस प्रकारको कुटपिट गरी बन्धक बनाई शारिरीक मानसिक यातना दिईएको भए मृतकले आत्महत्या गर्नु अघि यी प्रतिवादीहरू उपर मृतकको तर्फबाट र माईतीतर्फका यिनै जाहेरवाला समेतबाट सो विषयमा छरछिमेक गाउँ समाज लगायत महिला समुह एवं स्थानीय निकाय र प्रहरी प्रशासन समक्ष निवेदन उजुरी दिएको हुनुपर्ने थियो। त्यस प्रकारको उजुरी निवेदन वा लिखित रिपोर्ट कँही कतै पेश गरिएको दिईएको मिसिलबाट खुल्न आएको पाईदैन। साथै त्यस्तो हिंसायुक्त कार्य गरी आत्महत्या गर्नुपर्ने सम्मको अवस्थामा पुऱ्याई दुरूत्साहन गरेको अवस्था रहे भएको भए स्वयं मृतक गमला एक पढेलेखेको र माध्यामिक विद्यालयमा पढाउने शिक्षिका समेत भएको देखिएकोले निजले आफ्ना आफन्त नातेदारहरूलाई घटना घट्नु अगाडि कुनै प्रतिकृया स्वरूप चिठि पत्र SMS वा फोन मेसेन्जर मार्फत आफुलाई दुरूत्साहन गरिएका तथ्य खुल्ने गरी कुनै लिखत नोट मिसिल सामेल रहेको रहनु देखिनु पर्नेमा त्यस्तो कुनै लिखत प्रस्तुत हुन सकेको पाईदैन।

२२. मृतक गमला र प्रतिवादी रोशन खड्काबीच मागी विवाहको रूपमा नभई एक आपसमा गहिरो मायाँ प्रेम बसि प्रेम-विवाहबाट निजहरू बीचमा वैवाहिक सम्बन्ध स्थापित हुन आएको भन्ने तथ्य मिसिल संलग्न कागजातहरूबाट देखिन्छ। त्यसरी स्थापित भएको ४ वर्ष अवधिको वैवाहिक सम्बन्धबाट १ छोराको जायजन्म समेत भएको देखिन्छ। दाइजो नल्याएको र जातीय भेदभावको असहिष्णु व्यवहार एवं कुटपिट समेत गरिएको भन्ने आरोपित अभियोग सम्बन्धमा आरोपित अभियोग पुष्टि हुने तथ्यगत आधार कारण र ग्रहणयोग्य ठोस प्रमाण वादी पक्षका तर्फबाट पेश हुन सकेको पाईदैन।

२३. यी पुनरावेदक प्रतिवादीहरू उपर किटानी जाहेरी परेको वा वारदातको घटना प्रकृतिलाई हेर्दा कुनै पनि वारदातको बारेमा जाहेरी पर्नु वा अभियोग पत्र पेश हुनु मात्र आफैमा प्रमाण होईन। सो जाहेरी वा अभियोग दावी लाई स्वतन्त्र र वस्तुनिष्ठ प्रमाणद्वारा शंकारहित तवरबाट प्रमाणीत समेत गर्नु पर्दछ। प्रमाण ऐन २०३१ को दफा २५ मा "फौजदारी मुद्दामा आफ्नो अभियुक्तको कसूर प्रमाणीत गर्नु पर्ने भार वादीको हुनेछ" भन्ने कानूनी प्रावधान रहेको छ। तसर्थ प्रतिवादीहरू उपर केवल आत्महत्या गर्न दुरूत्साहनको कसूर गरेको भनी जाहेरवालाको जाहेरीको आधारमा वादी नेपाल सरकारको तर्फबाट अभियोग पत्र पेश गर्नु नै मात्र पर्याप्त हुदैन, आफ्नो सो अभियोग दावी पुष्टिहुने ठोस आधार र प्रमाण पेश गरी प्रमाणीत गर्नु पनि पर्दछ, अभियोग दावी प्रमाणीत

गर्नु पर्ने दायित्व प्रथमतः स्वयं वादी पक्षमै निहित रहने कानूनी व्यवस्था हो। प्रस्तुत मुद्दामा यी पुनरावेदक प्रतिवादीहरूको के-कुन व्यवहार आचरण र क्रियाकलापबाट मृतकलाई आत्महत्या गर्नूपर्नेसम्मको परिस्थिति सृजना भयो? भन्ने सम्बन्धमा वादी पक्षबाट वस्तुनिष्ठ एवं स्वतन्त्र र भरपर्दो प्रमाणबाट पुष्टि गर्न सकेको देखिंदैन। मृतकको शरीरमा घाँटीमा लागेको पासो बाहेक अन्य कुनै ताजा घाउ चोटहरू नरहेको र मृतकको झुण्डिएर श्वासप्रश्वासमा समस्या भई मृत्यु भएको भन्ने बेहोराको मृतकको शव परिक्षण प्रतिवेदनबाट समेत खुलेको देखिंदा प्रतिवादीहरू उपर रहेको आरोपित कसूर शंकारहित तवरबाट स्थापित हुनसक्ने देखिदैन।

२४. प्रस्तुत मुद्दामा यी पुनरावेदक प्रतिवादीहरू उपर अभियोग दावी लिईएको मुलुकी अपराध संहिता, २०७४ को दफा १८५(१) मा रहेको कानूनी व्यवस्था हेर्दा “कसैले कसैलाई आत्महत्या गर्न दुरूत्साहन दिन वा त्यस्तो काम गर्नेसम्मको परिस्थिति खडा गर्न गराउन हुदैन” भन्ने उल्लेख भएको पाईन्छ।

२५. आत्महत्या गर्न दुरूत्साहन दिनु भनेको कसूरदारको कारणले मर्ने ब्यक्तिका निम्ति मर्नु बाहेकका अन्य विकल्प नरहेको स्थितिको विद्यमानत हुनुपर्ने हुन्छ। आत्महत्या दुरूत्साहनको मुद्दामा मर्ने व्यक्ति आफ्नै कारणले आत्महत्या गरेको हो वा अरूको कारणले बाध्य भएको हो भन्ने कुरालाई प्रष्ट ढंगले निरूपण गर्नुपर्दछ। आत्महत्या गर्नको लागि वाध्य पार्ने कार्य निश्चय नै गम्भिर प्रकृतिको फौजदारी अपराध हो। कुनै पनि अपराध हुनको लागि आपराधिक मनसाय र आपराधिक कार्य दुई तत्वको संयोजनको आवश्यकता पर्ने भएकोले आत्महत्या दुरूत्साहनको प्रस्तुत मुद्दामा कसूरदारको कार्य, आचरण वा व्यवहारले अर्को व्यक्ति बाँच्नुको कुनै अर्थ वा विकल्प नदेखि आत्महत्या गर्न पुगेको अवस्था देखिनुपर्दछ साथै दुरूत्साहन दिने व्यक्तिले अर्कालाई आत्महत्या गराउन चाहने कारण वा मनसाय रहेको र निजले सो अनुकूल कार्य गरेको तथ्य पुष्टी हुनु पर्दछ। यसको अतिरिक्त कसैले आत्महत्या गर्न लागिरहेको अवस्थामा त्यस्तो क्रियाकलाप हुन नदिई हेरिरहनु वा त्यस्तो कार्यलाई समर्थन गर्नु वा उक्साहट गर्ने कार्यलाई दुरूत्साहन गरेको मान्नु पर्ने हुन्छ। कुनै पनि ब्यक्ति आत्महत्या दुरूत्साहनको कसूरमा जिम्मेवार हुन आत्महत्या गर्न उक्साएको, निजले आत्महत्या गर्न बाध्य बनाउन बिभिन्न षयन्त्र गरेको तथा आत्महत्या गर्न मद्दत पुऱ्याएको अवस्था प्रमाणित हुन पर्दछ। तर प्रस्तुत मुद्दामा यी प्रतिवादीहरूबाट मृतकलाई आत्महत्या गर्न बाध्य बनाएको प्रष्ट हुने आधार प्रमाण देखिदैन।

२६. मृतक र प्रतिवादीहरू श्रीमान/श्रीमती सासु/वुहारी नाता सम्बन्धका भई निजहरू बीचमा घर गृहस्थी संचालनको क्रममा कहिले काँही सामान्य विवाद हुनुलाई कुनै वस्तुनिष्ठ एवं ठोस प्रमाणको अभावमा आत्महत्या गर्न वाध्य पारेको अर्थ गरी आत्महत्या दुरूत्साहनको कसूर गरेको भनी प्रतिवादीहरूलाई सजाय गर्नु न्यायको रोहमा उचित मान्न सकिने नदेखिएकोले यी पुनरावेदक प्रतिवादीहरूद्वारा मृतकलाई मर्न बाध्य तुल्याउने अभिप्रायले चरम मानसिक पीडा र कष्ट दिई अभियोग मागदावी बमोजिम आत्महत्या दुरूत्साहनको कसूर गरेको भनी यी प्रतिवादीहरूलाई कसूरदार ठहराई अभियोग मागदावी बमोजिम सजाय हुने गरी भएको शुरू स्याङ्जा जिल्ला अदालतको फैसला मिलेको देखिन आएन।

२७. तसर्थ उल्लिखित आधार कारणबाट प्रतिवादीहरू खुमादेवी खड्का र रोशन खड्काले आरोपित कसूरमा इन्कारी रही अदालत समक्ष गरेको बयान, मृतकको शव परीक्षण प्रतिवेदन एवं मृतकलाई आत्महत्या गर्नुपर्ने सम्मको दुरूत्साहन गरी मृतकलाई आत्महत्या गर्न बाध्य बनाएको भन्ने अभियोग दावी पुष्टि हुने ठोस प्रमाणको अभाव रहेको देखिएको अवस्थामा सुरू अदालतबाट प्रतिवादीहरूलाई जनही १० (दश) महिना कैद र रू १०,०००।— (दश हजार) जरिवाना समेत हुने ठहर्‍याई भएको सुरू स्याङ्जा जिल्ला अदालतको मिति २०७८।८।१६ को फैसला मिलेको नदेखिंदा उल्टी भई निज प्रतिवादीहरूले आरोपित अभियोग दावीबाट सफाई पाउने ठहर्छ। अरूमा तपसिल बमोजिम गर्नू।

## तपसिल खण्ड

- प्रस्तुत फैसलाको ठहरखण्डमा उल्लेख भए बमोजिम शुरू अदालतको फैसला उल्टि भई प्रतिवादीले आरोपित कसूरबाट सफाई पाउने ठहरी फैसला भएकोले प्रस्तुत मुद्दाको हकमा शुरू फैसलाले प्रतिवादी खुमादेवी खड्कालाई लागेको कैद तथा जरिवाना र मृतकका हकवालालाई भराईदिने क्षतिपुर्तीको लगत कट्टा गरी खुमादेवी खड्काले स्याङ्जा जिल्ला अदालतमा मिति २०७८।०१।२१ मा र.नं.१४८ बाट दाखिल गरेको धरौटी रू.२,००,०००।— (दुई लाख रूपयाँ) कानून बमोजिम फिर्ता माग्न आएमा केही दस्तुर नलिई फिर्ता दिनु भनी सुरू स्याङ्जा जिल्ला अदालतमा लेखि पठाउनू ...............................................................१
- प्रस्तुत फैसलाको ठहरखण्डमा उल्लेख भए बमोजिम शुरू अदालतको फैसला उल्टि भई प्रतिवादीहरूले आरोपित कसूरबाट सफाई पाउने ठहरी फैसला भएकोले प्रस्तुत मुद्दाको हकमा शुरू फैसलाले प्रतिवादी रोशन खड्कालाई लागेको कैद तथा जरिवाना र मृतकका हकवालालाई भराईदिने क्षतिपुर्तीको लगत कट्टा गरी रोशन खड्काले स्याङ्जा जिल्ला अदालतमा मितिः २०७८।०१।२१ मा र.नं.१४७ बाट दाखिल गरेको धरौटी रू.२,००,०००।— (दुई लाख रूपयाँ) कानून बमोजिम फिर्ता माग्न आएमा केही दस्तुर नलिई फिर्ता दिनु भनी सुरू स्याङ्जा जिल्ला अदालतमा लेखि पठाउनू ...............................................................२
- प्रस्तुत फैसलाको प्रतिलिपि साथै राखी फैसलाको जानकारी उच्च सरकारी वकील कार्यालय, पोखरालाई दिनुहोला ...............................................................................३
- नक्कल माग्ने सरोकारवालालाई नियमानुसार गरी नक्कल दिनुहोला ..................................४
- प्रस्तुत फैसलाको विद्युतीय प्रति विद्युतीय प्रणालीमा अपलोड गर्नुहोला ..............................५
- प्रस्तुत फैसला प्रमाणिकरण भएको विवरण सूचना पाटीमा र यस अदालतको वेबसाइटमा प्रकाशन गर्नुहोला .........................................................................................................६
- प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी शुरू मिसिल शुरू अदालतमा पठाई रेकर्ड मिसिल अभिलेख शाखामा बुझाइ दिनुहोला ..........................................................................७

................................
**(रमेशप्रसाद राजभण्डारी)**
**न्यायाधीश**

उक्त रायमा म सहमत छु।

............................
**(ऋषि राजभण्डारी)**
**न्यायाधीश**

**फैसला तयार पार्न सहयोग गर्ने:**

इजालास अधिकृतःकलावती थापा
कम्प्यूटर अपरेटरः सुष्मा शर्मा

**इति सम्वत २०७९ साल पुष महिना ४ गते रोज २ शुभम्......................................**

प्रमाणिकरण मिति २०७९।१०।२७

श्री

उच्च अदालत पाटन

संयुक्त इजलास

इजलास नं. ४

माननीय न्यायाधीश श्री गोकर्ण डाँगी

माननीय न्यायाधीश श्री किरण कुमार पोखरेल

**फैसला**

मुद्दा नं.:- ०७८-DP-०१८०

निर्णय नं. ३१२

| | |
|---|---|
| ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. १३ कुसुन्ती बस्ने सगुनसुन्दर लावतीको श्रीमतीकी बविना मोक्तान लावती..........................१ | **पुनरावेदक निवेदक** |

**विरूद्ध**

| | |
|---|---|
| काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ११ थापाथली स्थित शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड...................................................१ | **प्रत्यर्थी विपक्षी** |

**मुद्दाः मोटर बीमा (चोरी) दाबी।**

शुरू निर्णय गर्ने निकाय :-श्री बीमा समिति कुपण्डोल, ललितपुर

शुरू निर्णय गर्ने अध्यक्ष :- श्री चिरञ्जिवि चापागाई

शुरू निर्णय गर्ने सदस्य :- श्री फणिन्द्र गौतम

शुरू निर्णय गर्ने सदस्य :- श्री झक्क प्रसाद आचार्य

शुरू निर्णय गर्ने सदस्य :- श्री किरण कुमार श्रेष्ठ

शुरू निर्णय गर्ने सदस्य :- श्री कपिलदेव ओली

**निर्णय मितिः- २०७७/०८/१९**

बीमा ऐन, २०४९ को दफा ३७ तथा न्याय प्रशासन ऐन, २०७३ को दफा ८(३) (घ) बमोजिम अदालतको क्षेत्राधिकार भित्रको भै दायर हुन आएको प्रस्तुत मुद्दाको तथ्य र ठहर यस प्रकार छः-

**तथ्य खण्ड**

१. विपक्षी बीमक श्री शिखर इन्स्योरेन्स कम्पनी लि. मा बीमा भएको बविना मोक्तान लावतीको बा.११ च ९९४६ को निजी सवारी साधनको बीमा भएकोमा बीमा अवधि भित्र विष्णु शोभा लावती (निवेदकको सासु) को घर कम्पाउण्डमा बीमित सवारी साधन पार्किङ गरी राखेको अवस्थामा मिति २०७२/११/२९ मा लिन जाँदा पार्किङ गरी राखेको स्थानबाट हराएकोले खोजतलास गरी पाउँ भनी मिति २०७२/११/०३ मा बालकुमारी ललितपुर स्थित महानगरीय प्रहरी प्रभागमा निवेदन दिएको, लगतै मिति २०७२/१२/०४ मा विपक्षी बीमा कम्पनीमा पनि

दावी गरी निवेदन दिएको, मिति २०७३/०१/१० च.नं. ३३३१ को महानगरीय प्रहरी परिसर, ललितपुरको पत्रबाट हालसम्म हराएको सवारी साधन फेला नपरेको भन्ने व्यहोराको पत्र र विपक्षीबाट खटाईएको सर्भेयरले ट्राफिक प्रहरीको पत्र आवश्यक पर्ने भए पछि सर्भेयरको निर्देशन अनुसार मिति २०७३/०३/२० मा महानगरीय ट्राफिक प्रहरी महाशाखा काठमाडौंमा निवेदन पेश गरी सवारी साधन चोरी भएको जानकारी गराएको र उक्त महाशाखाको मिति २०७३/०४/२८ च.नं. ४७ को पत्रबाट निवेदकको निवेदन अनुसार उक्त महाशाखाको इलाका समेतमा खोजतलास गर्दा हालसम्म पनि फेला नपरेको भन्ने व्यहोराको पत्र समेत विपक्षी बीमक कम्पनीमा पेश गरी बीमा दावीको लागि निवेदन दिएकोमा सवारी साधन हराएको भनी विश्वास गर्न नमल्ने भनी अवगत गराएकोले बीमा बापतको क्षतिपूर्ति रकम दिलाई पाउँ भन्ने व्यहोराको निवेदक बविना मोक्तान लावतीको मिति २०७४/०२/१२ को उजुरी निवेदन।

२. समितिको मिति २०७४/०२/२२ को पत्रबाट बीमक श्री शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडलाई निवेदनको व्यहोरा उल्लेख गरी तत्सम्बन्धमा के कसो भए गरेको हो, सोको विवरणहरू १५(पन्ध्र) दिन भित्र पेश गर्नु भनी बीमा नियमावली, २०४९ को नियम ३३ (१क) बमोजिम मिति २०७४/०२/१६ मा बीमा समितिबाट भएको आदेश।

३. बीमितद्वारा यस कम्पनीमा पेश भएको मिति २०७२/१२/०४ गतेको घटना जानकारी पत्रमा ग्वार्को वडा नं. ७ स्थित घरमा पार्किङ गरी राखेको स्थानमा गाडी लिन जाँदा पार्किङ गरी राखेको ठाउँमा नभएको भनी उल्लेख गरेकोमा सर्भेयरलाई नियुक्त गरिएको र निजले मिति २०७३/०५/३१ मा पेश गरेको प्रतिवेदनमा कुनै पनि सवारी साधन हराउँदा ट्राफिक प्रहरी कार्यालयमा सोही दिनमै निवेदन दिनुपर्नेमा हराएको ३ महिना २१ दिन पश्चात मात्र निवेदन दिएको, सवारी साधन राखिएको घरधनी विष्णुशोभा लावतीले प्रहरी समक्ष गर्नु भएको कागजमा बविना मोक्तान लावतीलाई सवारी साधन चलाउन नआउने, साथै निजको घर कम्पाउण्डमा एउटा मात्र गाडी पार्किङ गर्न मिल्ने स्थान भएकोले अन्य गाडी पार्किङको लागि ठाउँ नभएको, उक्त घरधनीको छिमेकीहरूले समेत उक्त गाडी पार्किङ गर्ने गरेको नदेखिएको र गाडी जस्तो वस्तु हराउँदा जानकारी नभएको भनी प्रहरीमा दिएको कागज, सवारी साधन राखिएको ठाउँ सुरक्षित कम्पाउण्ड भएको र एउटा सवारी साधन बाहेक अन्य सवारी साधन अटाउने ठाउँ नभएको भन्ने अनुसन्धानकर्ता श्री दिने के.सी. को प्रतिवेदन, सवारी साधन झापा जिल्ला तिर फेला पारी समातेकोमा प्रहरीलाई बुझाउन काठमाडौं ल्याउँदैछ र सवारीधनीले काठमाडौं प्रहरीबाट नै सवारी साधन बुझ्ने छौं भनी प्रहरीबाट सवारी साधन छुटाउने समेत बुझिन आएको, दावीसँग सम्बन्धित प्राप्त कागजातहरू तथा अवगत परिस्थिति समेतबाट बीमित सवारी साधन हराएको नदेखिएको हुँदा बीमालेखको परिच्छेद ६ को शर्त २ बमोजिम दावी गर्न सकिने चोरी... सम्बन्धी बीमितले बीमक तथा प्रहरीलाई तुरून्त सूचना गर्नु पर्ने र अपराधी पत्ता लगाउन सहयोग गर्नुपर्नेछ भन्ने व्यवस्था बमोजिम बीमितले सो कार्य ढिला गरेको र दावी यकिन गर्न आवश्यक प्रमाण

समेत पेश गर्न नसकेकोले दावी बापतको क्षतिपूर्ति दिन नमिल्ने भनी No Claim व्यहोराको पत्र बीमितलाई दिइएको भन्ने व्यहोराको शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडको लिखित जवाफ।

४. समितिबाट मिति २०७४/११/२२ को पत्रबाट श्री महानगरीय प्रहरी प्रभाग, बालकुमारी, ललितपुरलाई निवेदक बविना मोक्तान लावतीले मोटर बीमा (चोरी) दावी सम्बन्ध उजुरी निवेदनसँग सम्बन्धित व्यक्तिले तहाँका प्रहरी अधिकृत समक्ष गरेको कागजको व्यहोरा प्रमाणित नभएकोले सोको आधिकारिता तथा प्रमाण यकिन गर्न भनी गरिएको पत्राचार।

५. बीमित (बविना मोक्तान) र बीमा दावी सम्बन्धी कागज गर्ने व्यक्ति मध्ये विष्णु शोभा लावतीसँग बीमित सवारी साधनको चोरी सम्बन्धमा आवश्यक छलफल गरी निर्णय गर्नु पर्ने नदेखिएकोले निर्णय प्रयोजनार्थ दुवै जनालाई आवश्यक कागजात र प्रमाण सहित अर्को बैठकमा सुनवाईको लागि समिति समक्ष उपस्थित गराउने र साथै बीमित सवारी साधन नं. बा. ११ च. ९९४६ को चोरी सम्बन्धी अनुसन्धानको प्रकृया तथा प्रगतिको सन्दर्भमा यकिन गर्न महानगरीय ट्राफिक प्रहरी महाशाखा, काठमाडौं र महानगरीय प्रहरी परिसर, ललितपुरमा लेखि पठाउने र तत् सम्बन्धमा आधिकारिक जानकारी प्राप्त गर्नु भनी बीमा समितिबाट मिति २०७६/०३/१२ मा भएको आदेश।

६. समितिको मिति २०७६/०९/०१ को पत्रबाट श्री महानगरीय ट्राफिक प्रहरी महाशाखा, रामशाहपथ, काठमाडौंलाई बा ११ च ९९४६ को महेन्द्रा स्कोर्पियो गाडी मिति २०७२/११/२९ मा चोरी भएको सम्बन्धमा निवेदक बविना मोक्तान लावतीले मिति २०७४/०२/१२ मा दायर गर्नु भएको मोटर बीमा (चोरी) दावी उजुरी सम्बन्धी उजुरीमा निर्णय प्रयोजनार्थ बीमित सवारी साधनको चोरी सम्बन्धी अनुसन्धानको प्रकृया तथा प्रगति (हाल सम्म फेला परे/नपरे) को जानकारी उपलब्ध गराई दिनु हुन भनी पत्राचार गरिएको।

७. बा ११ च ९९४६ नं. को सिल्भर रङको स्कर्पियो यस महाशाखाको इलाकमा खोज तलास गर्दा हालसम्म फेला नपरेको हुँदा सोही व्यहोरा अनुरोध गरिएको छ भन्ने मिति २०७६/०९/०२ को महानगरीय ट्राफिक महाशाखा रामशाहपथ, काठमाडौंको पत्र।

८. बीमा समितिको मिति २०७६/०३/१२ को आदेशानुसार बीमित/निवेदक बविना मोक्तान लावती र विष्णु शोभा लावतीलाई मिति २०७६/१०/१७ गते दिनको ३:०० बजे समितिको कार्यालयमा सुनुवाईको लागि उपस्थित हुन गरिएको मिति २०७६/१०/१५ को पत्राचार।

९. बीमित जिप चोरी सम्बन्धमा महानगरीय प्रहरी प्रभाग बालकुमारी, ललितपुरका प्रहरी अधिकृत समक्ष चोरी भएको भनिएको जिप पार्किङ गरिएको शेयरधनी विष्णुशोभा लावती र निजका छिमेकी शैलेन्द्र लाल श्रेष्ठ, नवराज महत, गोपाल महर्जन तथा जैयन शाक्यले ठाडो कागज गरेको देखिंदा उक्त कागज प्रमाणको रोहबरमा आधिकारिक रूपमा पुष्टि गर्न पर्ने देखिंदा सो कागजहरूको आधिकारिकता तथा सत्यता बुझ्न महानगरीय प्रहरी प्रभाग बालकुमारी ललितपुरलाई पत्राचार

गरी बुझ्ने र बीमित जिपको नामसारी पत्र गरिएको/नगरिएको तथा कर चुक्ता सम्बन्धमा यकिन गर्न सम्बन्धित यातायात कार्यालयलाई पत्राचार गर्ने भनी बीमा समितिबाट मिति २०७६/१०/१७ मा भएको आदेश।

१०. समितिको मिति २०७६/११/१९ को पत्रबाट साना ठुला यातायात व्यवस्था कार्यालय, एकान्तकुना, ललितपुर बागमतीलाई बा ११ च ९९४६ नं. को गाडीको नामसारी भए/नभएको पत्र गरिएको/नगरिएको तथा कर चुक्ता गरे/नगरेको सम्बन्धमा यकिन गरिदिन हुन भनी गरिएको पत्राचार।

११. समितिको मिति २०७६/११/१९ को पत्रबाट महानगरीय प्रहरी प्रभाग, बालकुमारी ललितपुरलाई तहाँको प्रहरी अधिकृत समक्ष गरेको ठाडो कागजातहरूमा त्यस कार्यालयको छाप नभई रिट नपुगेको देखिंदा उक्त कागजातहरू त्यस कार्यालयमा तयार भए/नभएको सम्बन्धमा यकिन गरिदिन हुन भनी गरिएको पत्राचार।

१२. समितिबाट मिति २०७६/११/१९ को पत्रबाट महानगरीय प्रहरी परिसर जावलाखेल, ललितपुरलाई बीमित सवारी साधन नं. बा ११ च ९९४६ चोरी सम्बन्धी अनुसन्धानको प्रकृया तथा प्रगति (हाल सम्म फेला परे/नपरे) को जानकारी उपलब्ध गराई दिनु हुन भनी गरिएको पत्राचार।

१३. प्रस्तुत दावीमा बीमित गाडीको चोरी भएको कुरा शंकारहित रूपमा पुष्टि हुन नसकेको देखिएकोले बीमालेखको परिच्छेद-६ को शर्त २ बमोजिम बीमकको दायित्व उत्पन्न हुने अवस्था नदेखिएको भन्ने बीमकको भनाईमा अन्यथा नदेखिंदा बीमा ऐन, २०४९ को दफा १७ को उपदफा (४) बमोजिम निवेदकको मागदावी नपुग्ने भई उजुरी निवेदन खारेज हुने ठहर्छ भनी बीमा समितिबाट मिति २०७७/०८/१९ मा भएको निर्णय।

१४. बीमा समितिको मिति २०७७।८।१९ को निर्णयमा गाडी हराएको/चोरी भएको भन्ने तथ्य म पुनरावेदकले समयमा नै प्रहरी, बैंक तथा विपक्षी कम्पनी समेतलाई गराएको जानकारी, बैंक तथा प्रहरी निकायबाट लेखिएको पत्राचारबाट स्थापित भएको अवस्थामा विपक्षी कम्पनीले दिएको गलत लिखित जवाफ, सर्भेयरको त्रुटीपूर्ण र अदालती परिक्षण समेत नगरिएको प्रतिवेदन, प्रमाणमा लिन नमिल्ने व्यक्तिहरूको वयान समेतलाई समेत मुख्य प्रमाण ग्रहण गरी निवेदक दावी खारेज गर्ने गरी गरिएको निर्णय प्रमाण ऐन, २०३१ को दफा ३, २३(७), ५२, ५४ तथा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरू समेत प्रतिकूल हुँदा बदर गरी मेरो दावी बमोजिम बीमा रकम तथा क्षतिपूर्ति समेत भराइ पाउने ठहर इन्साफ गरी पाउँ भन्ने व्यहोराको निवेदक बविना मोक्तान लावतीको पुनरावेदन पत्र।

१५. यसमा बविना मोक्तान लावतीले बा. ११ च. ९९४६ नं. को महिन्द्रा स्कारपियो पिकअप गाडी खोजतलास गरी पाउँ भनी मिति २०७२/१२/०३ मा महानगरीय प्रहरी प्रभाग बालकुमारीमा निवेदन दिई द.नं. १२९ मा दर्ता भएको निवेदनमा के कारवाही भएको छ? जाहेरी दर्ता भएको छ वा छैन?

भएको कारवाहीको विवरण खुलाई सो सम्बन्धमा भएका अनुसन्धानसँग सम्बन्धित फाइल पठाउनु भनी उक्त प्रहरी कार्यालयमा लेखि पठाउनु। बविना मोक्ता लावतीले बा. ११ च. ९९४६ को गाडी खरिद गर्दा नेपाल इन्भेष्टमेन्ट बैंकसँग लिएको ऋणसँग सम्बन्धित सक्कल फाइल उक्त बैंकबाट झिकाउनू भनी यस अदालतबाट मिति २०७८/०७/१४ मा भएको आदेश।

१६. यसमा पुनरावेदकले बा. ११ च. ९९४६ को निजी सवारीसाधन मिति २०७२/११/२९ गते हराएको भनी मिति २०७२/१२/०३ मा प्रहरी प्रभाग बालकुमारीमा निवेदन दर्ता गराएको र हराएको सवारी साधन फेला परेको समेत नदेखिएको अवस्थामा विमा समितिबाट निवेदकको मागदावी नपुग्ने ठहर गरी मिति २०७७/०८/१९ मा भएको निर्णय विचारणीय देखिंदा मुलुकी देवानी संहिता, २०७४ को दफा २१३(३) बमोजिम प्रत्यर्थी झिकाई उपस्थित भए वा अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नुहोला भनी यस अदालतबाट मिति २०७९/०२/०९ मा भएको आदेश।

<u>ठहर खण्ड</u>

१७. नियम बमोजिम साप्ताहिक तथा आजको दैनिक मुद्दा पेशी सूचिमा समावेश भै निर्णायार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत पुनरावेदन पत्र सहितको मिसिल कागजातहरू अध्ययन गरी पुनरावेदक निवेदकको तर्फबाट उपस्थित विद्वान अधिवक्ताद्वय श्री चन्द्र बहादुर श्रेष्ठ र श्री प्रभुजी पन्तले गाडी हराएको तथ्य उल्लेख गरी निवेदकले समयमा नै प्रहरी, बैंक तथा विपक्षी समेतलाई जानकारी गराएकोमा विपक्षी कम्पनीले दिएको गलत लिखित जवाफ, सर्भेयरको त्रुटीपूर्ण र अदालती परिक्षण समेत नगरिएको प्रतिवेदन समेतका मिसिल संलग्न कागजातहरूबाट निवेदक दावी नपुग्ने ठहऱ्याई बिमा समितिबाट भएको निर्णय त्रुटीपूर्ण हुँदा उक्त फैसला बदर गरी बीमा वापत क्षतिपूर्ति रकम भराई पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

१८. त्यस्तै विपक्षीको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री राम कृष्ण निराला, विद्वान अधिवक्ताद्वय श्री सुजनराज मरासिनी र श्री नरेन्द्र प्रसाद गौतमले निवेदकले घटनाको सम्बन्धमा ढिलो उजुरी दिएको र सवारी साधन राखिएको भनिएको घरधनी विष्णुशोभा लावतीले गरेको कागजमा घर कम्पाउण्मा अन्य गाडी पार्किङ्ग गर्ने ठाउँ नरहेको भन्ने व्यहोरा उल्लेख गरेको देखिएको र अन्य छिमेकीहरूले समेत सवारी साधन राखिएको ठाउँ सुरक्षित कम्पाउण्ड भएको भन्ने समेतका कागजातहरूबाट निवेदकको सवारी साधन हराएको तथ्य पुष्टि हुन आएको नदेखिँदा निवेदक दावी नपुग्ने ठहऱ्याई शुरू बिमा समितिबाट भएको निर्णय मिलेको देखिँदा सदर हुनुपर्दछ भनी गर्नुभएको बहस समेत सुनियो।

१९. प्रस्तुत मुद्दामा निवेदकको विमा गरिएको बा.११ च. ९९४६ को महेन्द्रा स्कोर्पियो गाडी हराएकोले बीमा वापतको रकम बीमक शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडबाट भराई पाउँ भन्ने निवेदकको निवेदन दावी रहेकोमा बीमितले सवारी साधन हराएको सम्बन्धमा बीमकलाई तुरून्त जानकारी नगराएको र दावी यकिन गर्न आवश्यक प्रमाण समेत पेश गर्न नसकेकोले दावी बापतको क्षतिपूर्ति दिन नमिल्ने भन्ने व्यहोराको विपक्षी शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडको लिखित जवाफ रहेकोमा निवेदकको मागदावी नपुग्ने भई उजुरी निवेदन खारेज हुने ठहऱ्याई शुरू बीमा समितिबाट भएको निर्णय उपर चित्त नबुझाई दावी बमोजिमको बीमा रकम तथा क्षतिपूर्ति भराईपाउँ भन्ने व्यहोराको निवेदकको पुनरावेदन पर्न आएको देखियो।

२०. उपरोक्त तथ्य, पुनरावेदन जिकिरका साथै दुवै पक्षबाट प्रस्तुत भएको बहस जिकिर समेतलाई दृष्टिगत गर्दा प्रस्तुत मुद्दामा **शुरू बिमा समितिबाट भएको निर्णय मिलेको छ, छैन? निवेदकको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन?** भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

२१. निर्णयतर्फ विचार गर्दा, पुनरावेदक बीमितको बा.११ च. ९९४६ को महेन्द्रा स्कोर्पियो गाडीको बीमा भएकोमा बीमितको सासु विष्णु शोभा लावतीको घर कम्पाउण्डमा बीमित सवारी साधन पार्किङ्ग गरी राखेको अवस्थामा मिति २०७२।११।२९ मा उक्त महेन्द्रा स्कोर्पियो गाडी लिन जाँदा पार्किङ्ग गरी राखेको स्थानबाट हराएकोले बीमक शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडबाट बीमा वापतको रकम भराई पाउँ भन्ने पुनरावेदकको मुख्य निवेदन मागदावी रहेको देखिन्छ।

२२. बा.११ च. ९९४६ को महेन्द्र स्कोर्पियो जीपको बीमा पुनरावेदक निवेदकले विपक्षी शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडमा गरेको भन्ने तथ्यमा विवाद देखिँदैन।पुनरावेदक निवेदकले मिति २०७२।११।२९ मा पार्किङ्ग गरी राखेको स्थानबाट सवारी साधन हराएको भनी मिति २०७२।१२।०३ मा बालकुमारी ललितपुर स्थित महानगरीय प्रहरी प्रभागमा र मिति २०७२।१२।०४ मा विपक्षी कम्पनीमा निवेदन दिएको देखिन्छ भने सवारी साधन हराएको लगभग १ महिना पश्चात मात्र निवेदकले उल्लिखित निवेदन उल्लिखित कार्यालयहरूमा दिएको स्पष्ट आधार कारण खुलाउन सकेको देखिँदैन।

२३. पार्किङ्ग गरी राखेको भनिएको घरधनी पुनरावेदक निवेदकको सासु विष्णु शोभा लावतीले कागज गर्दा बा.११ च. ९९४६ नं. को स्कोर्पियो गाडी मेरो घर कम्पाउण्डमा राख्ने स्थान पनि नभएको र मेरो आफ्नो बा.४ च. १५६ नं. को गाडी पार्किङ्ग गर्ने ठाउँमा अर्काको गाडी ल्याएर पार्किङ्ग गर्ने कुरै हुँदैन।मेरो घरमा मेरो गाडी मात्रै राख्ने ठाउँ छ, अन्य गाडी राख्ने ठाउँ समेत छैन। उक्त सवारी साधन हराएको नभई बबिना मोक्तान लावतीको समेत मिलेमतोमा बेचबिखन भएको हुन सक्ने भन्ने व्यहोरा उल्लेख गरेको देखिन्छ भने विष्णु शोभा लावतीका छिमेकी शैलेन्द्र लाल श्रेष्ठ, गोपाल महर्जन र जैयन शाक्यले समेत उक्त गाडी विष्णु शोभा लावतीको घरमा पार्किङ्ग गर्ने गरेको नदेखिएको, उक्त घर कम्पाउण्डमा सुरक्षित गेट रहेकोले गाडी चोरी हुने सम्भावना नरहेको र गाडी जस्तो वस्तु

हराउँदा जानकारी समेत नभएको भनी प्रहरी समक्ष कागज गरेको देखिन्छ भने उक्त कागज व्यहोरालाई समर्थन गर्ने गरी प्रत्यर्थी बीमकबाट नियुक्त भएका सर्भेयर दिनेश केसीले पेश गरेको प्रतिवेदनमा " I went to field for the survey and found out that there is only vehicle parking place where the owner had their vehicle parked. There is a very narrow space in their compound and there is no easy access to the entrance too… Based on the client's version and police report and after my inquiry with available I found this incident doubtful." भनी उल्लेख गरेको देखिन्छ।

२४. बीमा सम्बन्धी विवाद देवानी मुद्दा भएको र देवानी मुद्दामा निवेदक दावी प्रमाणित गर्ने भार निवेदकमा हुनेछ भन्ने कानूनी व्यवस्था रहेको र बिमा गरिएको सामान हराएमा वा नासेमा वा नोक्सानी भएमा मात्र बिमा रकम विमीतलाई भराईने भन्ने सामान्य सिद्धान्त रहेको देखिन्छ। प्रस्तुत मुद्दामा पुनरावेदक निवेदकले आफ्नो गाडी हराएकोले विपक्षी कम्पनीबाट विमा रकम दावी गरेको देखिन्छ। यद्यपी, पुनरावेदक निवेदकले आफ्नो बिमा गरिएको उक्त गाडी हराएको भनी निवेदनमा दावी लिएको देखिएतापनि उक्त तथ्य पुनरावेदक निवेदकले नै पुष्टि गर्न सकेको नदेखिएको र पुनरावेदकको निवेदन दावी समेत मिसिल संलग्न अन्य कागजातहरूबाट समर्थन भएको नदेखिएको अवस्थामा कुनै आधार र कारण विना बिमा रकम पुनरावेदक निवेदकलाई भराईदिनु न्यायोचित देखिँदैन।

२५. यसरी, पुनरावेदक निवेदकले बीमा गरिएको गाडी हराएको तथ्य शंकारहित, तथ्यपरक र वस्तुनिष्ठ तवरले पुष्टि गर्न नसकेको स्थितिमा उक्त गाडीको बिमा विपक्षी कम्पनीबाट पुनरावेदक निवेदकलाई भराईदिनु न्यायोचित हुने नदेखिँदा गरिएको निवेदक दावी नपुग्ने भई उजुरी निवेदन समेत खारेज हुने ठहऱ्याई बिमा समितिबाट भएको निर्णय मिलेको देखिँदा अन्यथा गरिरहनपर्ने देखिएन। यस अवस्थामा बीमा रकम भराई पाउँ भन्ने निवेदकको पुनरावेदन जिकिर र सोको पुष्टिको प्रयोजनार्थ बहस गर्नुहुने कानून व्यवसायीहरूको बहसमा समेत सहमत हुन सकिएन।

२६. तसर्थ, माथि विवेचित आधार, कारण र प्रमाणहरूसमेतबाट बीमा समितिबाट उजुरी निवेदन खारेज हुने ठहऱ्याई मिति २०७७।८।१९ मा भएको निर्णय मिलेको देखिँदा सदर हुने ठहर्छ। निवेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरूमा तपसिल बमोजिम गर्नू।

<u>तपसिल</u>

- सरोकारवालाले फैसलाको नक्कल मागेमा नियमानुसार नक्कल दिनू ..................................१
- प्रस्तुत फैसलाको प्रतिलिपि साथै राखी बीमा समितिको शुरू सक्कल मिसिल बीमा समितिमा पठाईदिनू.................................................................................................२
- प्रस्तुत फैसला प्रमाणिकरणको विवरण यस अदालतको वेभसाइट र सूचना पाटीमा प्रकाशन गर्नू.................................................................................................३

- प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी फैसला विद्युतीय प्रणालीमा प्रविष्ट गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू ......................................................................................४

**गोकर्ण डाँगी**
**न्यायाधीश**

उक्त रायमा सहमत छु।

**किरणकुमार पोखरेल**
**न्यायाधीश**

फैसला तयार गर्न सहयोग गर्नेः
इजलास अधिकृतः प्रेक्षा चौधरी
कम्प्यूटर अपरेटरः अनिल कुमार पन्त
**इति सम्बत् २०७९ साल मंसिर महिना २७ गते रोज ३ शुभम्....................................।**
प्रमाणीकरण मितिः २०७९।१०।२४
अदालतको छाप

श्री

उच्च अदालत तुलसीपुर

संयुक्त इजलास

इजलास नं. २

माननीय न्यायाधीश श्री बबिता उप्रेती

माननीय न्यायाधीश श्री राजुराम सिलवाल

फैसला

निर्णय नं. ९८

मुद्दा नं. 077-CS-0011

पुनरावेदन दर्ता मितिः २०७७/०४/०४

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय दाङका प्र.ना.नि. विनोदकुमार सिंह समेतको प्रतिवेदन जाहेरीले नेपाल सरकार......................................................................१ | पुनरावेदक वादी |

विरूद्ध

| | |
|---|---|
| जिल्ला दाङ, साविक घोराही उपमहानगरपालिका वडा नं. २ बुका हाल घोराही उपमहानगरपालिका वडा नं.१८ गिठेपानी बस्ने सत्यबहादुर रावतको नाती केशव रावतको छोरा वर्ष १८ को सुमन रावत..................................................................................१ | प्रत्यर्थी प्रतिवादी |

निर्णय नं. ९९

मुद्दा नं. 077-CS-0079

पुनरावेदन दर्ता मितिः २०७७/०४/२२

| | |
|---|---|
| जिल्ला दाङ, घोराही उपमहानगरपालिका वडा नं.१८ गिठेपानी घर भई हाल जिल्ला कारागार कार्यालय घोराही दाङमा थुनामा रहेका केदार थापाको छोरा वर्ष २६ का अम्मर थापा.....................................................१ | पुनरावेदक प्रतिवादी |

विरूद्ध

| | |
|---|---|
| प्र.ना.नि. विनोदकुमार सिंह समेतको प्रतिवेदन जाहेरीले नेपाल सरकार..............................................................................१ | प्रत्यर्थी वादी |

मुद्दाः लागू औषध (ब्राउन सुगर)।

| | | |
|---|---|---|
| शुरू फैसला गर्ने अदालत | :- | श्री दाङ जिल्ला अदालत। |
| शुरू फैसला गर्ने न्यायाधीश | :- | श्री रितेन्द्र थापा। |
| कसूर ठहर मिति | : | २०७६/१०/२९ |
| फैसला मिति | :- | २०७६/११/१४ |
| यस अदालतको फैसला | :- | शुरू सदर |

**न्याय प्रशासन ऐन, २०७३ को दफा ८ (३) बमोजिम दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छ :-**

## तथ्यखण्ड

**१. बरामदी खानतलासी मुचुल्काः**

घोराही उपमहानगरपालिका वडा नं.१८ गिठेपानीस्थित चमेली सुनारको घरको माथिल्लो तलाको पूर्वतर्फ को कोठामा संकेत नं. ५६ (त्र), अम्मर थापा र सुमन रावतले ब्राउन सुगर जस्तो देखिने धुलो कारोवार गरिरहेको भन्ने सूचनाको आधारमा रितपूर्वक खानतलासी गर्दा परिवर्तित नाम थर संकेत नं. ५६(त्र) ले आफ्नो घरमा लागू औषध (ब्राउनसुगर) विक्री वितरण गर्न लागेको अवस्थामा रातो प्लाष्टिकमा ससाना पुरिया वनाई प्याकिङ गरी राखेको ३५ पुरिया प्लाष्टिक सहित तौल गर्दा ३ ग्राम ८०० मिलिग्राम र पुरिया खोली धुलो पदार्थ मात्र तौल गर्दा २ ग्राम ५०० मिलिग्राम, NITRAZEPAM ट्यावलेट ५६ पिस, BANANA चुइगम ५ पिस, लाइटर थान-३, प्रतिवादी सुमन रावतको साथवाट सामसुङ कम्पनीको J1 मोबाइल थान १ र प्रतिवादी अम्मर थापाको साथबाट सामसुङ कम्पनीको सादा मोबाइल थान-१, LENOVO स्क्रिन टच मोबाइल थान १, हवाई मोबाइल थान १ र विभिन्न दरका नगद रू.७,५७५।- (सात हजार पाँचसय पचहत्तर) रीतपूर्वक वरामद भएको भन्ने वरामदी खानतलासी मुचुल्का।

**२. प्रहरी प्रतिवेदनः**

मिति २०७६।३।२६ गतेको अं.२०:३० वजे प्रतिवादी नाम थर परिवर्तित संकेत ५६ (त्र) ले आफ्नो घरमा लागू औषध (ब्राउन सुगर) को कारोवार गरिरहेको भन्ने गोप्य सूचनाको आधारमा मेरो कमाण्डमा खटिई गएको प्रहरी टोलीले खानतलासी गर्दा संकेत ५६ (त्र) ले आफ्नो घरमा रातो प्लाष्टिकमा स-साना पुरिया वनाई प्याकिङ गरी विक्री वितरण गर्न लागेको अवस्थामा फेला परेको लागू औषध (ब्राउनसुगर) ३५ पुरिया प्लाष्टिक सहित तौल गर्दा ३ ग्राम ८०० मिलिग्राम र पुरिया खोली धुलो पदार्थ मात्र तौल गर्दा २ ग्राम ५०० मिलि ग्राम, NITRAZEPAM ट्यावलेट ५६ पिस, BANANA चुईगम ५ पिस, लाईटर थान-३, प्रतिवादी सुमन रावतको साथवाट सामसुङ कम्पनीको J1 मोबाइल थान १ र प्रतिवादी अम्मर थापाको साथवाट सामसुङ कम्पनीको सादा मोबाइल थान-१, LENOVO स्क्रिन टच मोबाइल थान १, हवाई मोबाइल थान १ र विभिन्न दरका नगद रू.७,५७५।- (सात हजार पाँच सय पचत्तर) रीतपुर्वक वरामद गरी वरामदी खानतलासी मुचुल्का सहित प्रतिवादीहरूलाई आवश्यक कारवाहीको लागि यसै प्रतिवेदन साथ दाखिला गरेका छौं भन्ने प्र.ना.नि.विनोद कुमार सिंह समेतको प्रतिवेदन।

**३. प्रतिवादी सुमन रावतले मौकामा गरेको बयानः**

मिति २०७६।०३।२६ गतेको वेलुका प्रतिवादी संकेत नं. ५६(त्र) ले मेरो बहिनीको न्वारन छ जाउँ भनेकाले म र संकेत नं. ५६(त्र) न्वारनमा गई बसिरहेको अवस्थामा अम्मर थापाले ९८२९५०२१५९ नं. मोबाईलवाट प्रतिवादी संकेत नं. ५६ (त्र) को ९८१३४२९०३४ नं. को मोबाईलमा फोन गरी आज मेरो घरमा झगडा भएकोले मलाई टेन्सन भएको छ म तेरो कोठामा गई रेष्ट गर्छु भनेपछि निज प्रतिवादी संकेत नं. ५६ (त्र) ले हुन्छ कोठामा गई सुत्नु होस, म न्वारनमा छु केहिबेर पछि आउछु भनेका थिए। केहि बेरपछि म र प्रतिवादी संकेत नं.५६ (त्र) सँगै अम्मर

थापा सुतेको कोठामा गई हामी ३ जना भेट भई कुराकानी भई रहेको अवस्थामा प्रहरी टोली गई हामी ३ जनालाई नियन्त्रणमा लिई खान तलासी लिंदा हामी मध्य अम्मर थापाले लुकाई लिई विस्तरामा राखेको अवस्थामा रातो प्लाष्टिकमा स-साना पुरिया ३५ पुरिया वनाई प्याकिङ गरी राखेको अवस्थामा २ ग्राम ५०० मिलिग्राम, NITRAZEPAM ट्यावलेट ५६ पिस, BANANA चुईगम ५ पिस, लाईटर थान-३, नगद रू.३,०००।-, सामसुङ कम्पनीको सादा मोबाइल थान-१, LENOVO स्क्रिन टच मोबाइल थान १, हवाई मोबाइल थान १ र मेरो साथबाट सामसुङ कम्पनीको J1 मोबाइल थान १ र बाँकी रकम वरामद भएको हो। संकेत नं. ५६(त्र) को साथबाट केही वरामद भएको होइन। मैले लागू औषध सेवन विक्री वितरण केहि गर्दिनँ भन्ने प्रतिवादी सुमन रावतले अनुसन्धानमा गरेको बयान कागज।

४. **परिवर्तित नाम संकेत नं. ५६ (त्र) ले मौकामा गरेको बयानः**

मिति २०७६।०३।२६ गतेको बेलुका मेरो छिमेकमा बहिनीको न्वारनमा गएको अवस्थामा मलाई अम्मर थापाले मोबाइल नं. ९८२९५०२१५९ बाट मेरो मोबाइल नं. ९८१३४२९०३४ मा फोन गरी आफ्नो घरमा झगडा भएको कारण टेन्सन भएकोले मेरो कोठामा आएर आराम गर्छु भनेको र निज चिनाजानको दाइ भएको र कहिले काहीं सँगै वसी व्राउनसुगर समेत सेवन गर्ने भएकोले मैले पनि हुन्छ भनें। केही बेरपछि म र सुमन रावत मेरो कोठामा फर्की आउँदा अम्मर थापा मेरै कोठामा थिए। हामीहरूले कुराकानी गरिरहेको अवस्थामा प्रहरी टोली आई हामी तीनै जनालाई नियन्त्रणमा लिई खान तलासी गर्दा हामी मध्येका अम्मर थापाको साथवाट रातो प्लाष्टिकमा स-साना पुरिया वनाई राखेको ३५ पुरिया (तौल गर्दा २ ग्राम ५०० मिलिग्राम) व्राउनसुगर जस्तो देखिने खैरो धुलो, NITRAZEPAM ट्यावलेट थान ५६, BANANA चुईगम १ प्याकेट, लाईटर थान ३, वरामद रकम रू.७,५७५।- मध्यको केही रकम, सामसुङको सादा मोबाइल थान १, LENOVO मोबाइल थान १, हवाई मोबाइल थान १ र प्रतिवादी सुमन रावतको साथवाट सामसुङ J१ मोबाइल थान १ र केही रकम वरामद भएको हो। उक्त फेला परेको सवै सामान खाट विस्तारामा एकमुष्ट राख्न पठाएको हो तर मेरो साथबाट केही पनि वरामद भएको होइन। मैले लागू औषध सेवन गर्छु र मलाई सेवन गर्न मन लागेमा अम्मर थापासँग प्रति पुरिया रू.१,०००।- मा किनी सेवन गर्दछु भन्ने संकेत नं. ५६ (त्र) ले अनुसन्धानमा गरेको बयान।

५. **प्रतिवादी अम्मर थापाले मौकामा गरेको बयानः**

मिति २०७६।०३।२६ गतेको बेलुका सुमन रावत, संकेत नं. ५६(त्र) र म सहित ३ जनाले कुराकानी गरिरहेको अवस्थामा प्रहरी टोली आई हामीलाई नियन्त्रणमा लिएर खानतलासी लिंदा मैले लुकाई ल्याएको प्लाष्टिकमा स-साना पुरिया बनाई राखेको ३५ पुरिया (तौल गर्दा २ ग्राम ५०० मिलिग्राम) व्राउन सुगर जस्तो देखिने खैरो धुलो, NITRAZEPAM ट्यावलेट थान ५६, BANANA चुईगम १ प्याकेट, लाईटर थान ३, नगद रू.३,०००।-, सामसुङको सादा मोबाइल थान १, LENOVE मोबाइल थान १, हवाई मोबाइल थान १ मेरो साथबाट र सामसुङ J1 मोबाइल

थान १ र बाँकी रकम वरामद सुमन रावतको साथबाट वरामद भएको हो भन्ने प्रतिवादी अम्मर थापाले अनुसन्धानको क्रममा गरेको बयान।

६. **घटना विवरण कागजः**

मिति २०७६।३।२६ मा अम्मर थापा, सुमन रावत र संकेत नं. ५६ (त्र) ले लागू औषध (ब्राउन सुगर) को कारोबार गरिरहेको अवस्थामा प्रहरीले खानतलासी गर्दा २ ग्राम ५०० मिलिग्राम लागू औषध (ब्राउन सुगर) सहित पक्राउ गरेको सुनी थाहा पाएका हौं भन्ने समेत व्यहोराको बुझिएका रामप्रसाद वि.क. र अमृतबहादुर वलीले गरेको एकै मिलानको घटना बिवरण कागज।

७. **अभियोगपत्रः**

प्रतिवादीहरू अम्मर थापा, सुमन रावत र संकेत नं ५६ (त्र) ले लागू औषध ब्राउन सुगरको कारोबार गरेको तथ्य स-प्रमाण पुष्टि हुन आएकोले निज प्रतिवादीहरू अम्मर थापा, सुमन रावत र संकेत नं ५६ (त्र) लाई लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (घ) र (च) को कसूरमा सोही ऐनको दफा १४ (१) को देहाय (छ) (१) अन्तर्गतको सजाय हुने माग दाबी लिएकोमा नाबालक संकेत नं ५६ (त्र) को उमेर १६ वर्षको देखिएकाले निज संकेत नं ५६ (त्र) लाई मुलुकी अपराध संहिता, २०७४ को दफा ४५(४) तथा बालबालिका सम्वन्धी ऐन, २०७५ को दफा ३६(४) बमोजिम लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१) को देहाय (छ) (१) बमोजिम हुने सजायको दुई तिहाई सजाय हुन मागदावी लिई नाबालकको हकमा छुट्टै अभियोगपत्र दायर हुनेछ भन्ने समेत व्यहोराको मिति २०७६/०४/१४ गतेको अभियोग पत्र।

८. **प्रतिवादी अम्मर थापाले अदालतमा गरेको बयानः**

म परिवर्तित नाम थर संकेत नं ५६ (त्र) को घरमा गएको थिएँ। निज गाउँको बहिनीको न्वारनमा गएका रहेछन्। म निजको कोठामा लागू औषध साथमा लिई गएको हुँदा ५ पुरिया जति सेवन गरी त्यही सुतेको अवस्थामा प्रतिवादी सुमन रावत र निज संकेत नं ५६ (त्र) न्वारनबाट फर्की कोठामा गएको समयमा प्रहरी आई म समेतलाई पक्राउ गरी ल्याएका हुन्। उक्त लागू औषध मैले विक्री वितरण गर्नको लागि नभई सेवन गर्नको लागि राखेको हुँ भन्ने व्यहोराको प्रतिवादी अम्मर थापाले सुरू अदालतमा गरेको बयान।

९. **प्रतिवादी सुमन रावतले अदालतमा गरेको बयानः**

लागू औषध ब्राउन सुगर मबाट वरामद भएको होइन। मबाट मोवाइल र रूपैयाँ वरामद भएको हो। उक्त रूपैंयाँ किताब किन्नको लागि राखेको थिएँ। म परिवर्तित नाम संकेत नं. ५६ (त्र) सँग म पनि न्वारनमा गएको थिएँ। न्वारानबाट फर्की घरमा जाँदा म बाहिर बसी मोवाइल चलाई रहेको थिएँ। प्रहरी आई म समेतलाई पक्राउ गरेका हुन्। लागू औषध ब्राउन सुगरको बारेमा मलाई केही थाहा छैन। मैले कसूर अपराध नगरेकोले मलाई सजाय हुनुपर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी सुमन रावतले अदालतमा गरेको बयान।

१०. **नाबालक परिवर्तित नाम थर संकेत नं. ५६ (त्र) ले अदालतमा गरेको बयानः**

वरामद गरिएको लागू औषध मैले ल्याई राखेको होइन। कसले कहाँबाट कसरी ल्याएको हो ? मलाई थाहा भएन भन्ने समेत व्यहोराको प्रतिवादी परिवर्तित नाम थर संकेत नं.५६ (त्र) ले शुरू अदालतमा गरेको बयान।

**११. थुनछेक आदेशः-**

यी प्रतिवादीहरू सुमन रावत र अम्मर थापालाई विशेष अदालत ऐन, २०५९ को दफा ७ को (ङ) बमोजिम थुनामा राख्नु पर्ने देखिन आयो। तसर्थ यो आदेशको प्रतिलिपि सहितको थुनुवा पूर्जी निशुल्क दिई थुनामा राख्न पत्रसाथ जिल्ला कारागार कार्यालयमा पठाई दिनू भन्ने शुरू अदालतको आदेशानुसार निज प्रतिवादीहरूलाई मुद्दा पुर्पक्षको क्रममा कारागार कार्यालयमा थुनामा पठाउने व्यहोराको थुनछेक आदेश।

**१२. प्रतिवेदक प्र. ना. नि. विनोदकुमार सिंहले अदालतमा गरेको बकपत्रः**

मिति २०७६/०३/२६ को घटना हो। सबै व्यहोरा मैले दिएको जाहेरी प्रतिवेदनमा उल्लेख गरेको छु। मेरो प्रतिवेदनमा उल्लेख भए अनुसारको परिमाणको लागू औषध ब्राउन सुगर वरामद भएको हो। मैले दिएको प्रतिवेदन व्यहोरा सुनाउँदा सुनें। उक्त प्रतिवेदनमा भएको व्यहोरा र सहि समेत मेरै हो भन्ने समेत व्यहोराको प्रतिवेदक प्र.ना.नि. विनोद कुमार सिंहले अदालतमा गरेको बकपत्र।

**१३. प्रतिवेदक टिकाराम कुवरले अदालतमा गरेको बकपत्रः**

म समेतको गस्ती टोलीले मिति २०७६/०३/२६ मा गिठेपानी भन्ने स्थानबाट लागू औषध ब्राउन सुगर वरामद गरेका हौं। कुन ब्यक्तिबाट के कुन स्थान र के कति परिमाण भन्ने समेतका बारेमा केही महिना अगाडिको कुरा भएकाले खुलाउन सकेन। सबै व्यहोरा मेरो समेत प्रतिवेदनमा उल्लेख छ। मेरो समेत जाहेरी व्यहोरा पढी सुनें। उक्त प्रतिवेदनमा भएको व्यहोरा र सही समेत मेरो हो भन्ने समेत व्यहोराको प्रतिवेदक टिकाराम कुँवरले अदालतमा गरेको वकपत्र।

**१४. शुरू दाङ जिल्ला अदालतको फैसलाः-**

प्रतिवादीहरू वारदात स्थलबाटै पक्राउ परेका, प्रतिवादी मध्येका अम्मर थापाले अधिकार प्राप्त अधिकारी र अदालतमा बयान गर्दा समेत वरामद भएको लागू औषध निजले नै कानूनको विवादमा परेका बालक परिवर्तित नाम संकेत नं ५६ (त्र) को घरमा साथमा बोकी लिएर गएको हो भनी स्वीकार गरेको, पक्राउ परेका सबै प्रतिवादीहरू लागू औषध सेवन गर्ने कुरामा मौकामा सावित रहेका, वारदात स्थलमा तिनै जना रहेको बरामदी मुचुल्काबाट देखिएको भए तापनि वरामद भएको लागू औषधको बारेमा अन्य दुई जना सह-प्रतिवादीहरू सुमन रावत र संकेत नं. नाबालक ५६(त्र) ले सो वरामद भएको लागू औषधबारे अनविज्ञता प्रकट गरी मौकामा र अदालतमा गरेको सो बयानलाई प्रतिवादी अम्मर थापाको बयानले थप समर्थन गरेको भन्ने समेतका आधारहरू लिई प्रतिवादी सुमन रावतलाई लागू औषध नियन्त्रण ऐन,२०३३ को दफा ४ को खण्ड (छ) बमोजिम सेवन तर्फको कसूर र प्रतिवादी अम्मर थापालाई अभियोग दावी बमोजिम लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ खण्ड (घ) र (च) को कसूरमा मिति २०७६/१०/२९ मा कायम

गरी १४ (१) को देहाय (छ )(१) बमोजिम ५ (पाँच) वर्ष कैद र रू.५,०००।— (पाँच हजार) जरिवाना हुने गरी निज प्रतिवादी अम्मर थापाको हकमा मिति २०७६/११/१४ मा भएको सजाय निर्धारण फैसला तथा अर्का प्रतिवादी सुमन रावतलाई ऐ. ऐनको दफा ४ को खण्ड (छ) को कसूरमा ऐ. ऐनको दफा १४ (१) को देहाय (ङ) बमोजिम ३ महिना कैद र रू.५,०००।— (पाँच हजार) रूपैयाँ जरिवाना हुने गरी कसूर ठहर भएको दिन नै सजायको घोषणा गरी भएको शुरू दाङ जिल्ला अदालतको फैसला।

कानूनको विवादमा परेका बालक ५६(त्र) को हकमा छुट्टै मुद्दा दर्ता भएकोले निजको हकमा सोही मुद्दाबाट बोलिने हुँदा यहाँ केही उल्लेख गरिएको छैन।

**१५. वादी नेपाल सरकारको मुख्य पुनरावेदन जिकिर।**

प्रस्तुत मुद्दाका प्रतिवादी अम्मर थापाको हकमा अभियोग दावी बमोजिम कसूर ठहर भई सजाय भएकोले निजको हकमा कुनै जिकिर नलिएको र यस वारदातमा नाबालक संकेत नं. ५६(त्र) को हकमा छुट्टै गरेको पुनरावेदनमा कारवाही हुने नै हुँदा यसमा निज प्रतिवादी सुमन रावतको हकमा मात्रै पुनरावेदन जिकिर लिई प्रतिवादी सुमन रावत पनि प्रतिवादी अम्मर थापा सरहको समान कसूरदार रहेको तथ्य वरामदी मुचुल्का समेतका मिसिल कागजहरूबाट पुष्टि भइरहेको अवस्थामा निज प्रतिवादी सुमन रावतलाई सेवनकर्ताको कसूरमा मात्रै सजाय ठहर गरेको शुरू फैसलालाई उल्टी गरी अभियोग दावी बमोजिमको कसूरमा सजाय गरी पाउँ भन्ने पुनरावेदक वादी नेपाल सरकारको मुख्य पुनरावेदन जिकिर।

**१६. प्रतिवादी अम्मर थापाको मुख्य पुनरावेदन जिकिरः**

आफु लागू औषधको सेवनकर्ता मात्र भएको, वरामदित लागू औषध (ब्राउन सुगर) को सबै पुरिया खोली धुलो पदार्थ मात्र तौल गर्दा २ ग्राम ५०० मिलिग्राम र नाइट्राजेपाम ट्यावलेट ५६ पिस वरामद भएको परिणाम समेतलाई बिचार गरी बिक्री वितरणको तथ्य पुष्टी नभएको अवस्थामा सेवन प्रयोजनको लागि खरिद गरी ल्याएको परिमाणलाई मध्यनजर गरी सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरुः ने.का.प. २०७५ नि.नं.१००३३ र ने.का.प. २०७६ नि.नं.१०२०२ का नजिरहरूको आधारमा शुरू फैसला उल्टी गरी मैले गरेको कसूर सेवनसम्मको मात्र भएकोले सेवनतर्फको कसूरमा मात्रै सजाय गरीपाउँ भन्ने पुनरावेदक प्रतिवादी अम्मर थापाको मुख्य पुनरावेदन जिकिर।

**१७. यस अदालतबाट भएको आदेशः**

यसमा यसै मुद्दाको लगाउको प्रत्यर्थी परिवर्तित नाम थर संकेत नं.५६(त्र) भएको ०७७-CS-००५१ नं. को मुद्दामा निज प्रतिवादीको पुनरावेदन गर्ने म्याद बाँकी नै रहेको देखिंदा सो अवधि भुक्तान भएपछि उक्त मुद्दासँग लगाउमा राखी नियमानुसार पेश गर्नू भन्ने मिति २०७८।०८।२२ गतेको यस अदालतको आदेश।

**१८. प्रत्यर्थी झिकाउने आदेशः-**

यसमा वादी नेपाल सरकारको तर्फबाट प्रतिवादी सुमन रावतलाई अभियोग दावी बमोजिम सजाय गरी पाउँ भनी तथा प्रतिवादी अम्मर थापाले शुरू फैसला उल्टी गरी सेवन तर्फको कसूर ठहर गरी पाउँ

भनी पुनरावेदन गरेको देखिएकोले मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १४० (३) को प्रयोजनार्थ प्रत्यर्थी सुमन राउतलाई झिकाई हाजिर भए वा अवधि नाघेपछि तथा प्रतिवादी अम्मर थापाको तर्फबाट पुनरावेदन परेको जानकारी वादी नेपाल सरकारलाई दिई नियमानुसार पेश गर्नू भन्ने व्यहोराको यस अदालतको प्रत्यर्थी झिकाउने आदेश।

## ठहरखण्ड

१९. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदन पत्र सहितको मिसिल अध्ययन गरी पुनरावेदक प्रतिवादी अम्मर थापाको तर्फबाट विद्वान अधिवक्ताहरू प्रवीण लम्साल र बिजय पौडेल तथा वादी नेपाल सरकारको तर्फबाट उच्च सरकारी वकील कार्यालय, तुलसीपुरको विद्वान सहायक न्यायाधिवक्ता श्री टिकाकुमारी रोका के.सी.ले गर्नु भएको बहस समेत सुनियो।

२०. **बहस जिकिरः**

क) पुनरावेदक प्रतिवादीको तर्फबाट बहस गर्नु हुने विद्वान अधिवक्ताहरूले प्रस्तुत मुद्दाका तिनैजना प्रतिवादीहरूले आफूहरू सेवनकर्ता हौं, कारोवारी होइनौं भनी अधिकारप्राप्त अधिकारी र अदालतमा बयान गरेका छन्। वरामद भएको परिमाण समेत ठूलो रहेको छैन। प्रतिवादी अम्मर थापा समेतका प्रतिवादीहरूले कारोबार प्रयोजनका लागि सो वरामद भएको लागू औषध ओसार पसार गरी साथमा राखेको हो भन्ने अभियोगदावी रहे तापनि सोलाई वादीले बस्तुनिष्ट प्रमाणले पुष्टी नगरी केवल मेरो पक्षको साथमा नभएको सह-प्रतिवादी संकेत नं.५६(त्र) को घरको कोठामा तिनै जना प्रतिवादीहरू कोठामा कुराकानी गरी रहेको अवस्थामा निज सह प्रतिवादी संकेत नं.५६(त्र) को कोठाबाट वरामद भएको उक्त लागू औषधको कसूरको दायित्व प्रतिवादी अम्मर थापाले लिनुपर्ने होइन। तसर्थ सेवन सम्मको कसूरलाई स्वीकार गरी अनुसन्धान प्रकृयामा सहयोग नै पुऱ्याएको हुँदा निजको कसूरको मात्रा अनुसार निज प्रतिवादी अम्मर थापालाई पनि सेवनसम्मको कसूरमा मात्रै सजाय गरी न्याय प्रदान गरीपाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

ख) वादी नेपाल सरकारको तर्फबाट बहस गर्नुहुने विद्वान सहायक न्यायाधिवक्ताले प्रतिवादीहरू मध्येका मुख्य अभियुक्त अम्मर थापाको हकमा अभियोग दावीको कसूर कायम भई सजाय भएको हुँदा निजको हकमा शुरू अदालतले गरेको फैसला नै सदर हुनुपर्दछ र अन्य प्रतिवादीहरू समेत अभियोग दाबीको कसूर कायम भएका प्रतिवादी अम्मर थापा सरहको समान स्तरका कसूरदार हुँदा हुँदै पनि निज सह-प्रतिवादीहरूलाई सेवनतर्फको कसूरमा मात्रै सजाय गरेको शुरू फैसला त्रुटीपूर्ण रहेकोले शुरू फैसला उल्टी गरी निज प्रतिवादीहरूको हकमा पनि अभियोगदावीको कसूर कायम गरी सजाय हुनुपर्दछ भनी गर्नुभएको बहस समेत सुनियो।

**प्रस्तुत मुद्दाको संक्षिप्त व्यहोराः**

२१. प्र.ना.नि. बिनोद कुमार सिंह समेतको प्रतिवेदनबाट उठान भएको यस मुद्दामा यि सबै प्रतिवादीहरू बिरूद्ध लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (घ) र (च) को कसूरमा ऐ. ऐनको दफा १४(१) देहाय (छ)(१) बमोजिमको सजाय मागदावी लिई दायर भएको अभियोगपत्र उपर शुरू जिल्ला अदालतले मिसिल संलग्न रहेका प्रमाण कागजहरूको विवेचना गरी मिति २०७६।१०।२९ मा कसूर कायम गरी मिति २०७६।११।१४ मा सजाय निर्धारण गर्दा प्रतिवादी अम्मर थापाको हकमा अभियोगदावी पुग्ने गरी र अर्का प्रतिवादी सुमन रावतको हकमा अभियोगदावीलाई परिवर्तन गरी सेवन तर्फको कसूरमा सजाय ठहर भएको सो फैसलामा अभियोग दावीको कसूर ठहर भएका प्रतिवादी अम्मर थापाले र अभियोग दावी परिवर्तन गरी प्रतिवादी सुमन रावतलाई सेवन तर्फको कसूरमा मात्रै सजाय हुने गरी भएको फैसलामा वादी नेपाल सरकारले चित्त नबुझाई र अभियोगदावीको कसूर ठहर भएका प्रतिवादी थुनुवा अम्मर थापाको पुनरावेदन परी निर्णयार्थ इजलास समक्ष पेश भएको देखिन आयो।

२२. प्रस्तुत मुद्दाका संकेत नं.५६ (त्र) नाबालक रही निजको हकमा छुट्टै मिसिल खडा भएको र यसै मुद्दाका प्रतिवादी सुमन रावतले निजलाई सेवन तर्फको कसूरमा सजाय भए उपर निजको पुनरावेदन नपरेको हुँदा निज प्रतिवादीको तर्फबाट पुनरावेदनको रोहमा विवेचना गरिरहनु परेन।

**२३. प्रस्तुत मुद्दामा निर्णय गर्नुपर्ने प्रश्नहरुः**

क) प्रतिवादी सुमन रावतलाई पनि अभियोग दावीको कसूर कायम हुनुपर्दछ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्ने हो की होइन?

ख) म सेवनकर्ता मात्रै हुँ, लागू औषधको कारोवारी होइन, तसर्थ अभियोग दावीलाई परिवर्तन गरी सेवन सम्मको कसूरमा मात्र सजाय होस भन्ने अभियोग दावीको कसूर ठहर भएका प्रतिवादी अम्मर थापाको पुनरावेदन जिकिर पुग्न सक्ने हो की होइन?

ग) प्रतिवादी अम्मर थापालाई अभियोगदावीको कसूरमा र अर्का प्रतिवादी सुमन रावतलाई सेवनतर्फको कसूरमा सजाय गरेको शुरू दाङ जिल्ला अदालतको फैसला मिलेको छ की छैन?

**२४. आधार र कारण सहितको यस अदालतको ठहर/निर्णयः**

क) आफू लागू औषध सेवन गर्ने अम्वली मात्र भएको, वरामद भएको लागू औषध आफैले सेवन गर्नका लागि केही दिन अघि नेपालगञ्जबाट रू.४,०००।—(चार हजार) मा किनी ल्याएको हो। लागू औषध कारोवार गर्ने कारोवारी आफू नभएकोले वरामत भएको लागू औषधको परिमाण समेतलाई विचार गरी सेवनतर्फको कसूरमा मात्र सजाय होस् भन्ने पुनरावेदक प्रतिवादी अम्मर थापाको पुनरावेदन जिकिरलाई मिसिल संलग्न रहेको प्रमाण कागजहरूसँग विवेचना र बिश्लेषण गरी न्यायिक निश्कर्षमा पुग्नुपर्ने देखिन आयो।

ख) प्रस्तुत मुद्दाको समग्र मिसिल अध्ययन गरी हेर्दा, वरामद भएको लागू औषध प्रतिवादी अम्मर थापाले नै आफ्नो साथमा लिई नाबालक परिवर्तित संकेत नं. ५६ (त्र) को कोठामा लिएर गएको, सो

समयमा अन्य दुई जना प्रतिवादीहरू सुमन रावत र संकेत नं. ५६ (त्र) गाउँमा गाउँले बहिनीको न्वारनमा गएको हुनाले वरामद भएको लागू औषध प्रतिवादी अम्मर थापाले साथमा लिई आएको कुरा अन्य २ जना प्रतिवादीहरूलाई थाहा जानकारी नभएको, सो लागू औषध खरिद गर्नमा प्रतिवादी अम्मर थापाको मात्रै लगानी रहेको र न्वारनबाट राती घर फर्की कोठामा पुगी तिनै जना रहेको सोही कोठाबाट वरामद भएको लागू औषध सहित तिनै जना पक्राउ परेका हौं भन्नेमा तिनै जना प्रतिवादीहरूको मुख मिलेको कुरा प्रस्तुत मुद्दाको मिसिल कागजबाट खुली आएको देखिन्छ।

ग) वरामद भएको लागू औषध (ब्राउन सुगर) र नाइट्राजेपामको खरिदमा प्रतिवादी अम्मर थापाको मात्रै लगानी रहेको, ब्राउन सुगरको ३५ वटा स-साना पुरिया बनाई निजले संग साथमा बोकी हिँड्ने गरेको, नाबालक परिवर्तित संकेत नं. ५६ (त्र) ले मौकामा बयान गर्दा आफूलाई खान मन लागेका बेला प्रतिवादी अम्मर थापासँग रू.१,०००।— (एक हजार) मा एक पुरिया किनी खाने गरेको भनी पोल गरी बयान गरेको, प्रतिवादी अम्मर थापाले पनि मौकामा र अदालतमा बयान गर्दा समेत वरामद भएको सबै लागू औषध आफैले मात्र रकम तिरी ल्याएको भनी स्वीकार गरेको अवस्थमा निरपेक्ष दायित्व अन्तर्गतको कसूरमा अपराधिक मनसायको परीक्षण नहुने भनी मुलुकी अपराध संहिता, २०७४ को दफा २९ मा रहेको फौजदारी न्यायको सामान्य सिद्धान्त तथा लागू औषध (नियन्त्रण) ऐन २०३३ को दफा ४ (घ) मा "लागू औषधको बिक्री वितरण गर्ने र (च) मा लागू औषध खरिद गर्ने, सञ्चय गर्ने, राख्ने वा ओसारपसार गर्नेलाई" ऐ. ऐनको दफा १४ (१) को देहाय (छ) (१) मा "पच्चीस ग्रामसम्मको कारोवार गर्नेलाई पाँच वर्षदेखि दश वर्षसम्म कैद र पाँच हजार रूपैयाँदेखि पच्चीस हजार रूपैयाँसम्म जरिवाना हुने" भन्ने कानूनी प्रावधान देखिन्छ।

घ) प्रतिवादी अम्मर थापाको पुनरावेदन जिकिर तर्फ विचार गर्दा प्रस्तुत मुद्दामा वरामद भएको लागू औषधको सम्पूर्ण लगानी यी प्रतिवादी अम्मर थापाको मात्रै रहेको मिसिल कागजबाट देखिन आएको र खान मन लागेको बेला निजसँग रकम तिरी किनेर खाने गरेको भनी कानूनको विवादमा परेका परिवर्तित संकेत नं ५६(त्र) ले समेत मौकाको बयानमा पोल गरेको देखिंदा यी प्रतिवादी अम्मर थापाले आफूले सेवन गर्नको लागि नेपालगञ्जबाट किनेर ल्याएको हो भन्ने दावी जिकिरलाई अन्यथा हो भनी भन्न नसकिएको भए तापनि आफ्नो सम्पर्कमा रहेका सेवनको लत लागेका अन्य मानिसहरूलाई समेत बिक्री वितरण गर्ने गरेको तथ्य मिसिल कागजहरूबाट खुल्न आएकोले सेवन तर्फको मात्रै सजाय गरिपाउँ भन्ने निज प्रतिवादीको पुनरावेदन जिकिर र सो समर्थित विद्वानहरूको बहससँग माथि प्रकरणमा विवेचना गरिएको प्रस्तुत मुद्दाको तथ्य र कानून समेतका आधारमा सहमत हुन सकिएन।

ङ) पुनरावेदक प्रतिवादीले निजको पुनरावेदन जिकिरमा उल्लेख गरेको नि. नं. १०,२०२ र १०,०३३ का नजिरहरूमा वरामद भएको लागू औषधको परिमाण गाँजा बाहेक अन्य लागू औषध

सेवन गर्नेलाई हुने सजाय तथा सेवन र ओसारपसार तथा कारोवार एउटै प्रकृतिको कसूर नभई भिन्न प्रकृतिका कसूर हुन् भनी व्याख्या गरेको देखिन्छ। प्रस्तुत मुद्दामा युवा अवस्थाका वर्ष २६ का यी प्रतिवादी अम्मर थापाको को मात्रै लगानी रहेको २ ग्राम ५०० मिलिग्राम ब्राउन सुगर र ५६ पिस नाइट्राजेपाम वरामद भएको देखिन्छ। यी प्रतिवादीको संगतमा रहेका किशोर अवस्थाका १६ र १८ बर्षका निजका चिनाजानका भाइहरूलाई समेत रकम लिई सेवन गर्न दिने गरेको तथ्य सहप्रतिवादीहरूको मौकाको बयानबाट खुल्न आएकोले निरपेक्ष दायित्व अन्तर्गतको कसूरमा कसूरको मात्रा अनुसार सो कसूरमा रहेको निजको भूमिका र कार्यलाई सेवन सम्मको मात्रै कसूर कायम गर्न सकिएन। तसर्थ निज पुनरावेदक प्रतिवादीले उल्लेख गरेको नजिरहरू प्रस्तुत मुद्दाको तथ्यको रोहमा आकर्षित हुने अवस्था नभएकोले उक्त नजिरहरू समेतका आधारमा सेवनसम्मको कसूर कायम होस् भन्ने सो पुनरावेदन जिकिरसँग पनि सहमत हुन सकिएन।

झ) वादी नेपाल सरकारको पुनरावेदन जिकिर तर्फ विचार गर्दा वरामद भएको लागू औषध आफूले साथमा बोकी नाबालक परिवर्तित संकेत नं ५६(त्र) को कोठामा गई आराम गरी रहेका थिए। सोही समयमा प्रतिवादीहरू सुमन रावत र नाबालक संकेत नं ५६ (त्र) पनि गाउँको बहिनीको न्वारनबाट फर्की आएपछि हामी तिनै जना कुराकानी गर्दै गर्दाको अवस्थामा हामी तीनै जनालाई सादा पोशाकका प्रहरीहरूले नियन्त्रणमा लिएका हुन् भन्ने प्रतिवादीहरूको एकै मिलानको मौकाको र अदालतको बयानको व्यहोरा देखिन्छ। वरामद लागू औषध बारे अन्य दुईजना सहप्रतिवादीहरू सुमन रावत र परिवर्तित संकेत नं ५६(त्र) ले अनबिज्ञता प्रकट गरेका, निजहरूको अनविज्ञतालाई समर्थन गर्दै सो वरामद लागू औषध म प्रतिवादी अम्मर थापाले मात्रै लगानी गरी किनेर ल्याएको हो र सो बारे सहप्रतिवादीहरूलाई थाहा जानकारी नभएको भन्ने प्रतिवादी अम्मर थापाको बयान र मिसिल संलग्न अन्य प्रमाण कागजहरूबाट समर्थन भई रहेको देखिन्छ। तसर्थ अभियोग दाबीको कसूर कायम भएका प्रतिवादी अम्मर थापासँग अन्य सहप्रतिवादीहरू पनि सँगै गिरफ्तार भएका छन्। यद्यपि निजहरूलाई पनि थिए तसर्थ निजहरूलाई पनि अभियोग दाबीको कसूर ठहर भएका प्रतिवादको साथमा एकै ठाउँमा रहँदैमा वस्दैमा निजहरूलाई पनि कसूर ठहर भएका प्रतिवादी अम्मर थापा सरहको समान स्तरको कसूरदार मानी सजाय गर्न फौजदारी न्यायको मान्य सिद्धान्त र सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरू समेतको आधारमा मिल्ने देखिन आएन। तसर्थ प्रतिवादी सुमन रावत पनि प्रतिवादी अम्मर थापा सरहको समान कसूरदार हुन् भन्ने वादी नेपाल सरकारको सो पुनरावेदन जिकिर र सो समर्थित सहायक न्यायाधिवक्ताको बहस जिकिरसँग समेत सहमत हुन सकिएन।

ञ) सुरू अदालतले गरेको फैसलातर्फ विचार गर्दा प्रतिवादी मध्येका अम्मर थापालाई अभियोग दावी बमोजिम लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (घ) र (च) को कसूरमा ऐ. ऐनको दफा १४(१) को देहाय (छ)(१) बमोजिम ऐनमा भएको प्रावधानको न्यूनतम ५(पाँच) बर्ष कैद र रू.५,०००।- (पाँच हजार) जरिवाना र अर्का प्रतिवादी सुमन रावतलाई ऐ. ऐनको दफा ४(१) को खण्ड (छ) को कसूरमा ऐ. ऐनको दफा १४ (१) को खण्ड (ङ) बमोजिम

सेवनतर्फको कसूरमा ३ (तीन) महिना कैद र रू.५,०००।— (पाँच हजार) रूपैयाँ जरिवाना गर्दा शुरू दाङ जिल्ला अदालतले लिएका आधार र कारणहरू प्रस्तुत मुद्दाको तथ्य, कानून र न्यायको रोहमा मिलेको नै देखिन आयो।

झ) अतः उपरोक्त तथ्यगत अवस्था रहेको प्रस्तुत मुद्दामा मिसिल संलग्न कागज प्रमाणहरूको संमग्रतामा माथिका विभिन्न प्रकरणहरूमा उल्लेखित आधार र कारण समेतलाई विश्लेषण गरी हेर्दा यसमा प्रतिवादी अम्मर थापाको हकमा अभियोग दावी पुग्ने गरी र अर्का प्रतिवादी सुमन रावतको हकमा सेवन तर्फको कसूरमा सजाय हुने गरी शुरू दाङ जिल्ला अदालतबाट मिति २०७६।१०।२९ मा कसूर कायम गरी मिति २०७६।११।१४ मा भएको सजाय निर्धारण फैसला मिलेको देखिंदा सदर हुने ठहर्छ। सेवनतर्फको कसूरमा मात्र सजाय गरीपाउँ भन्ने प्रतिवादी अम्मर थापा र प्रतिवादी सुमन रावतको हकमा अभियोग दावीको कसूरमा सजाय गरीपाउँ भन्ने वादी नेपाल सरकार र प्रतिवादी दुवैको पुनरावेदन जिकिर पुग्न सक्दैन।

**तपसिल खण्ड**

- प्रमाणीत प्रतिलिपि सहितको जानकारी कैदमा रहेका प्रतिवादी अम्मर थापालाई निज रहे/बसेको कारागार मार्फत दिनू.....................................................................................१
- प्रस्तुत फैसलाको जानकारी उच्च सरकारी वकिल कार्यालय तुलसीपुरलाई दिनू...................२
- सरोकारवालाले यो फैसलाको प्रतिलिपि माग गरे नियमानुसार लाग्ने दस्तुर लिई प्रमाणीत प्रतिलिपि दिनू.........................................................................................................३
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३१(१०) बमोजिम प्रस्तुत फैसला वेभसाइटमा अपलोड गरी सूचना पाटीमा प्रस्तुत फैसला टाँस गर्नू....................................४
- प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनू...................५

**(बबिता उप्रेती)**
**न्यायाधीश**

उक्त रायमा सहमत छु।

**(राजुराम सिलवाल)**
**न्यायाधीश**

**फैसला तयार गर्नमा सहयोग गर्नेः**
इजलास अधिकृतः शा.अ. श्री संगीता सुवेदी
कम्प्यूटर अपरेटरः क.अ. श्री अर्जुन पोखेल
फैसला मितिः २०७९/०२/१७/२
प्रमाणीकरण मितिः २०७८/०३/०७/३ (अदालतको छाप)

श्री

उच्च अदालत विराटनगर

धनकुटा इजलास

संयुक्त इजलास

माननीय न्यायाधीश श्री रमेश कुमार खत्री

माननीय न्यायाधीश श्री फूर्पा तमाङ

फैसला

मुद्दा नं.:०७८-CS-०२०२

कोड नं.:२३-०७८-०००१४

इजलास नं.१/निर्णय नं.:७५

| | |
|---|---|
| फुर्बुलामु शेर्पा राईको जाहेरीले नेपाल सरकार.........................................१ | **पुनरावेदक** वादी |
| **बिरूद्ध** | |
| रामप्रसाद राई र दिलमाया राईकी छोरी, जिल्ला संखुवासभा खाँदबारी न.पा.१ ब वर्ष १९ की रेश्मा भन्ने सुकमाया राई(तामाङ्ग)...................................१ | **प्रत्यर्थी** प्रतिवादी |

मुद्दा नं.:०७९-CS-००११

कोड नं.:२३-०७८-०००१४

इजलास नं.१/निर्णय नं.: ७६

| | |
|---|---|
| कृष्णबहादुर तामाङ्ग र विमला तामाङ्गको छोरा, जिल्ला संखुवासभा खाँदबारी नगरपालिका वडा नं.१ घर भई हाल संखुवासभा जिल्ला कारागार कार्यालय खाँदबारीमा थुनामा रहेको वर्ष २५ को विनोद भन्ने मुकेश तामाङ्ग..................................................................................१ | **पुनरावेदक** प्रतिवादी |
| **विरूद्ध** | |
| खाँदबारी नगरपालिका वडा नं.१ नयाँ बस्ती बस्ने फुर्बुलामु शेर्पाका जाहेरीले वादी नेपाल सरकार.......................................................................१ | **प्रत्यर्थी** वादी |

सुरू फैसला गर्ने अदालत :- श्री संखुवासभा जिल्ला अदालत

सुरू फैसला गर्ने :-मा. जिल्ला न्यायाधीश श्री शान्तिप्रसाद आचार्य

सुरूफैसलामिति :- २०७८/१२/२१

पुनरावेदन दर्ता मितिः-२०७९/०३/१३, २०७९/०४/०५

**मुद्दा :- कर्तव्य ज्यान।**

न्याय प्रशासन ऐन, २०७३ को दफा ८(३)अनुसार यसै अदालतको अधिकार क्षेत्र अन्तर्गतको भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं यस अदालतको ठहर यस प्रकार रहेको छः-

## तथ्य खण्ड

१. **घटनास्थल मुचुल्काः-** जिल्ला संखुवासभा खाँदबारी न.पा. वडा नं. १ डडारे स्थित पूर्वमा मकर सामुदायिक वन, पश्चिममा नेत्र घिमिरेको जग्गा, उत्तर-दक्षिणमा मकर सामुदायिक वन यति चार किल्ला भित्र रहेको वरिपरि बाँसको भाटाले बारेको, माथि टिनको छानो लगाएको, मुकेश तामाङ्गको दक्षिण तर्फ मूल ढोका भएको भुई तल्ले घर रहेको, उक्त घरको आँगनमा मिति २०७८/०३/२५ गते अं बिहानको राति ०२:०० बजेको समयमा जिल्ला संखुवासभा चिचिला गा.पा. वडा नं. २ बस्ने पेमा शेर्पालाई ऐ. खाँदबारी न.पा. वडा नं. १ बस्ने मुकेश तामाङ्ग समेतले धारिलो हतियार खुकुरीले शरीरका विभिन्न भागमा प्रहार गरी कर्तव्य गरि मारेको भनी उल्लेखित विपक्षीले देखाएको घरको मूल ढोका देखी छेउमा बाँसको टाटीमा १ फिट ६.५ ईन्च लम्बाई, ५ ईन्च लम्बाईको बिड र ४ ईन्च गोलाई भएको खुकुरी फेला परेको, सो घटनास्थल देखि ३० फिट पूर्व तर्फ काठको घोचाको बार लगाएको छेउमा गोरेटो बाटोमा रगत जस्तो रातो पदार्थ सुकेको अवस्थामा रहेको, सो स्थानबाट पूर्व तर्फ विभिन्न स्थानमा स्याउला, घाँस मडारिएको र रगत जस्तो रातो पदार्थ लतपतिएको रहेको, सो स्थान देखी १५ फिट पूर्व तर्फ स्याउला, वुट्यान, मडारिएको रहेको, सोही स्थान नजिक गोरेटो बाटो रहेको, सोही स्थान देखि छेउमा धारा रहेको, सोही छेउमा रहेको ढुङ्गामा रगत जस्तो रातो पदार्थ रहेको, उक्त स्थान देखि पूर्व दक्षिण तर्फ १० फिटमा पात्लेको पातमा रगत जस्तो पदार्थ रहेको, सो स्थान देखि पूर्व दक्षिण १०० फिटको दुरीमा Latitude 27.37711 र Longitude 87.21511 मा रहेको तिलार खोल्सीमा माथि उल्लेखित पेमा शेर्पाको मृत शव स्याउलाले छोपी राखेको अवस्थामा रहेको, सो माथि उल्लेखित खुकुरी प्रहरीले हाम्रो सामुन्नेमा घटनास्थल मुचुल्का सहीत बरामद गरि घटनास्थलको फोटो समेत लिई गएको चार किल्ला सहितको घटनास्थल मुचुल्का।

२. **घटनास्थल/लाशजाँच मुचुल्काः-**जिल्ला संखुवासभा खाँदबारी नगरपालिका वडा नं. १ ठूलोपाखो तिलार खोल्सी स्थित पूर्वमा लेखनाथ बुढाथोकीको खेत, पश्चिममा खडानन्द घिमिरेको खेत, उत्तर दक्षिणमा तिलार खोल्सी यती चार किल्ला भित्र रहेको तिलार खोल्सीको Latitude 27.37711 र Longitude 87.21511मा उत्तर टाउको दक्षिण खुट्टा भई टाउको ३डिग्री उत्तर भई पूर्व तर्फ ढल्की दुवै खुट्टाको धर्नासो खुम्चिई V आकारमा दुई वटा ढुङगाको वीच पानी बग्ने तिलार खोल्सीको पानीमा सुकेको पात्लेको **स्याउलाले** छोपी राखेको अवस्थामा जिल्ला संखुवासभा चिचिला गा.पा. वडा नं. २ बस्ने ओङगेल शेर्पाको छोरा बर्ष २३ को पेमा शेर्पाको मृत शव रहेको, सो लाश रहेको स्थानबाट उत्तर पश्चिम तर्फ रहेको ४ फिट गोलाई, अं.१०० फिट उचाई भएको सखुवाको रूखलाई आधार विन्दु "क" मानिएको, Latitude 27.3770680 र Longitude 87.21512 मा रहेको ३ फिट गोलाई अन्दाजी ७० फिट उचाई भएको चिलाउनेको रूखलाई आधार विन्दु "ख" मानिएको, मृतकको टाउकोको भुमरी, वायाँ खुट्टाको ईडी, दाहिने खुट्को ईडी र नेपालको झण्डा अंकित रातो, निलो, सेतो, जर्सी (भेष्ट)लाई क्रमश संकेत नं.१,२, (२क) र ३ मानिएको, आधार बिन्दु क देखी ख सम्मको दुरी ४१ फिट रहेको आधार विन्दु क देखि संकेत नं. १,२,२(क) र ३ क्रमश १७ फिट १० ईन्च, २२ फिट ७ ईन्च, २२ फिट ३ ईन्च र ४३ फिटको दुरीमा रहेको तथा

आधारविन्दु "ख" बाट संकेत नं. १,२ र ३ क्रमश २३ फिट ६ ईन्च, १९ फिट ८ ईन्च, १९ फिट ४ ईन्च र १३ फिटको दुरीमा क्रमश रहेको, सो मृत शव देखि अन्दाजी १०० फिट उत्तर पश्चिममा स्याउला, घाँस मडारिई निउँरोको पातहरूमा रगत जस्तो रातो पदार्थ लतपतियर रहेको, सो रगत जस्तो रातो पदार्थ लतपतिएको स्थान देखि अं. १० फिट उत्तर पश्चिममा पात्लेको पातहरूमा रगत जस्तो रातो पदार्थ लतपतिएको र स्याउला माडिएको, सो देखी १५ फिट पश्चिम तर्फ घाँस स्याउला वुट्यान मडारिएर रहेको, गोरेटो बाटो समेत भेट्टिई सो सँगै कालो प्लाष्टिक पाईपको धारा रहेको, सो धारासँगै रहेको ढुङ्गामा रगत जस्तो देखिने सुकेको रातो पदार्थ रहेको, सो स्थान देखि पश्चिम तर्फ विभिन्न स्थानहरूमा स्याउला, घाँस मडारिई रगत जस्तो रातो पदार्थ लतपतिएको टाटाहरू रहेको, जिल्ला संखुवासभा खाँदबारी न.पा. वडा नं. १ बस्ने मुकेश तामाङ्गको घरबाट अं. ३० फिट पूर्व तर्फ काठको घोचा दाउराले बार लगाएको छेउमा रहेको गोरेटो बाटोमा रगत जस्तोरातो पदार्थ भुईमा सुकेको अवस्थामा टाटाहरू रहेको, उल्लेखित मृतक पेमा शेर्पाको मृत शवलाई सुरक्षित साथ खोल्सीबाट झिकी खडानन्द घिमिरेको खेतमा ल्याई राखी सुरक्षित साथ हेर्दा दाहिने हातको कुहिना देखि माथि २०X१०mm लम्बाईको काटेको गहिरो चोट रही बोसो मासु देखिएको, दाहिने हातको नाडी पछाडि ११०X५०mm को काटिएको, भित्रि मासु देखिएको, सोही देखी माथि ४०X२०mm छाला तछारिएको र ४०X१०mm काटेको घाउ (चोट) रहेको, पछाडि दाहिने पट्टी छेउमा १९०X३५mm काटिएको गहिरो चोट रहेको, दाहिने हातको कुईनामा ७५X३०mm काटिएर मासु छिलिएर हड्डि मासु झुण्डिएर रहेको, दाहिने कानको फेदबाट ७०mm र नाकको डाडीवाट १३०mm दुरीमा दाहिने पट्टीको भागमा ४५X४०mm को काटिएको चोट (घाउ) रहेको साथै विभिन्न स्थानमा फेला परेको रगत जस्तो रातो पदार्थ प्रहरीले हाम्रो सामुन्ने उठाई लिई गएको चार किल्ला विवरण सहितको घटनास्थल लाँशजाच मुचुल्का।

३. **जाहेरी दरखास्तः**-मिति २०७८/०३/२५ गते रातिको बिहानको अं. ०२:०० बजेको समयमा जिल्ला संखुवासभा **खाँदबारी** न.पा. वडा नं. १ डडारे तिलार स्थित प्रतिवादी मुकेश तामाङ्ग समेतले मेरो भाई जिल्ला संखुवासभा चिचिला गा.पा. वडा नं. २ बस्ने वर्ष २३ को पेमा शेर्पाको घाँटी, पिठ्युँ, हात समेतमा धारिलो हतियार खुकुरीले पटक-पटक प्रहार गरिकर्तव्य गरि मारी निजको लाशलाई तिलार खोल्सीमा लगी फ्याकी पत्कर झ्यासहरूले छोपी भागी फरार भएको हुँदा निज प्रतिवादीहरूलाई खोजतलास पक्राउ गरी कानून बमोजिम गरि पाउँ भन्ने समेत व्यहोराको फुर्बुलामु शेर्पा राईको जाहेरी दरखास्त।

४. **प्रतिवादी विनोद भन्ने मुकेश तामाङ्गले अनुसन्धानमा गरेको बयानः**-मिति २०७८।०३।२४ गते बिहान अं. ०६:०० बजेको समयमा म राम्चे स्थित बडाबुबाको साईला छोराको खेतमा आली तास्नको लागि खेताला गई अं. १८:०० बजेको समयमा उक्त स्थानबाट आफ्नो घरमा आई श्रीमतीले खाना पकाएपछि हामी तिनै जनालाई खाना खाएका थियौं। बुबा खाना खाएपछि सुत्नु भयो भने मेरी श्रीमतीले दिउँसो पेमा शेर्पालाई मोबाईल चार्जको गर्नको पठाएकी रहेछिन, उक्त मोबाईल मोबाईल फोन लिएर आउँछु भन्दै मेरी श्रीमती गाउँ तर्फ गएकी थिईन। निज श्रीमती

मोबाईल लिन गएपछि म ओछ्यानमा गई सुतेकोमा राती अन्दाजी ११/१२ बजेको समय हुनुपर्छ निज श्रीमती सुनडाँडा तर्फबाट घरमा मातेर आईपुगेकी थिईन्। मैंले निजलाई मोबाईल चार्ज गरेको हो भन्दा निजले चार्ज नै भएनछ भन्दै सुतिन्, निज श्रीमती सुतेको केही समयमा नै पेमा शेर्पा मेरो घरमा आई ढोका ठेलेपछि म ओछ्यानबाट उठी निजलाई मैंले यती राती त किन मेरो घरमा आएको भन्दा निजले तेरो घरमा आउन नहुने भन्यो, मेरो घर आउने काम छैन तिमीलाई मैंले मेरो घरमा नआउनु भनी पटक पटक सम्झाई सकेको तर पनि तिमी मेरो श्रीमती म भएको ठाउँमा किन पटक पटक आउँछौ ? तिमी आफ्नो बाटो जाउ भन्दा निज पेमाले मलाई अश्लिल शव्द बोली गाली गर्दै अब तेरो घरमा म आउन नहुने भन्न थालेपछि मैंले निजलाई म पनि यसरी तेरो घरमा राती राती गएको भए के गर्थिस भन्दा निजले म त काटी दिन्थे भनेपछि मैंले त्यसो भए तलाई पनि म काटी दिउँ भन्दा निजले सक्छस् भने काट भनेको हुँदा मैंले मेरो घर भित्र खाटमाथि भएको खुकुरी निकाली निजको छेउमा जाँदा मलाई काट्छस काट्छस भन्दै निजले मलाई ठेल्न थालेको र ठेला ठेल गर्दै हामी आँगनको भित्ता पट्टी पुग्यौं त्यसपछि मैंले मेरो हातमा भएको खुकुरीले निजको घाँटीमा कसेर हान्दा निजको घाँटीमा गहिरो चोट लाग्न पुग्यो। त्यसपछि निजले हल्ला गर्न थालेपछि श्रीमतीले थाहा पाई उठी हामी भएको ठाउँमा आई झगडा नगर्नु भन्दै मलाई तान्दा मैंले निज श्रीमतीलाई हातले ठेली निज पेमा शेर्पालाई खुकुरीले दुई तिन पटक हात र कुहिना समेतको भागमा प्रहार गरेपछि निज त्यहाँबाट भाग्दै जंगल तर्फ गएपछि मैंले निजलाई खेदाउँदै तलतिर जंगल तर्फ जाँदा निज हामीले पानी खाने धारा छेउमा झ्यासमा घोप्टो परेर लडिरहेको भेटी निजलाई त्यहाँ पनि मैंले पुनः उक्त खुकुरीले निजको पछाडि ढाड समेतको भागमा पटक पटक हान्दा निज त्यहाँबाट पनि उठेर धर्ल्ररिंदै भागी तलतिर पुगी लड्यो र त्यहाँ समेत गई मैंले निजलाई खुकुरीले हान्दा निजको पछाडि ढाडको भागमा ठुलो चोट लाग्यो। त्यहाँबाट पनि निज धर्ल्ररिंदै उधो तर्फ भागेपछि मैंले उक्त खुकुरीमा लागेको रगत धारामा लगि धोई पखाली गरी घरमा आउँदा श्रीमती घर बाहिर आँगनमा बसी रहेकी थिईन। त्यसपछि मैंले पेमा शेर्पालाई तल जंगलमा समेत पुऱ्याई पटक-पटक खुकुरीले हानेको र निजलाई धेरै चोट लागेको छ कता पुगेर मर्छ भन्दै मैंले उक्त खुकुरी घर भित्र राखी मैंले बुबालाई उठाई सो कुरा भनेपछि बुबा डराउनु भई त्यसो भए तिमीहरू घरमा नै बस म गाउँ तर्फ जान्छु भन्दै गाउँ तर्फ जानुभयो। बुबा गाउँ तर्फ हिडेपछि म र मेरी श्रीमती सो रात घरमा सुत्यौं। उक्त रात ठुलो पानी परिरहेको थियो। बिहान अन्दाजी ०६:३० बजेको समयमा उठी म र मेरी श्रीमती निज पेमा शेर्पा कतै मरिरहेको त छैन भनी निजलाई खोज्दै जाँदा उक्त जंगलमा निजलाई मरी सकेको अवस्थामा फेला पारी म र मेरी श्रीमती भई निजको लाशलाई तिलार खोल्सीमा लगी फाली निजको लाशलाई स्याउलाले छोपी घर फर्कका हौं भन्ने समेत व्यहोराको प्रतिवादी विनोद भन्ने मुकेश तामाङ्गको वयान।

५. **रेश्मा भन्ने सुकमाया राईले अनुसन्धानमा गरेको बयानः**-मिति २०७८/०३/२४ गते अन्दाजी १५:३० बजेको समयमा म घरमा एक्लै भएको अवस्थामा पेमा शेर्पा हाम्रो घरमा आईपुगेका र निजसँग गफ गर्ने क्रममा मैंले मेरो मोबाईलको चार्ज सकिएको छ भनेपछि निज पेमाले म लाप्साङको घरमा लगि तपाईको मोबाईल चार्ज गरी छाडिदिन्छु भनेको हुँदा मैंले निजलाई मेरो

मोबाईल फोन दिई पठाएको थिएँ। उक्त दिन अन्दाजी १८:३० बजेको समयमा मेरो श्रीमान कामबाट घरमा आईपुग्नु भएपछि मैंले मेरो श्रीमान र ससुरालाई खाना पकाई खुवाई मैंले पनि खाना खाई मैंले मेरो मोबाईल फोन पेमालाई चार्ज गर्न पठाएको छु, लिएर आउँछु भनी घरबाट निस्की जाँदै गर्दा बाटोमा निज पेमा शेर्पासँग मेरो भेट भयो। मैंले निजलाई मेरो मोवाईल फोन खै कता छ भन्दा निजले चार्जर नमिलेकोले चार्ज गरेको छैन भन्यो, मैंले किन चार्जर मिलेन भनी निजलाई सोध्दा तपाईको मोबाईल फोन हरायो भन्दै मलाई जिस्क्याउँदै निजले मेरो मोबाईल फोन दियो। निजले मेरो मोबाईल चार्ज गरिदिन्छु भनी लिई मास्तिर गएका थिए। त्यहाँ पनि चार्ज गर्ने ठाउँ रहेनछ भन्दै निजले उक्त मेरो मोबाईल फोन ल्याई मलाई दिएपछि म घर जान लाग्दा निजले म बियर किन्छु खाएर जानु भन्दै अनिशा श्रेष्ठको होटलमा मलाई लगेकोमा त्यहाँ निजको साथीहरू समेत थिए। त्यहाँ हामीले बियर खाई राती अन्दाजी ११/१२ बजेको समयमा घरमा पुग्दा मेरो ससुरा बुबा तथा श्रीमान निदाई रहनु भएको हुँदा म श्रीमानलाई नाघी भित्ता पट्टी गई सुत्ने क्रममा मेरो श्रीमान ब्युँझिनु भई किन यती ढिला आएको भन्दै छेउपटी फर्किएर सुत्नु भएको भएपछि म पनि सुतेको थिएँ। म निदाई रहेको अवस्थामा घर बाहिर आँगनमा मानिसहरू लाप्पा खेलेजस्तो गडयाङ गुडुङ आवाज आएपछि म निन्द्राबाट व्युँझी श्रीमान मुकेश तामाङ्गलाई ओछ्यानमा हेर्दा नदेखेपछि बाहिर आँगनमा निस्किदा मेरो श्रीमान मुकेश तामाङ्ग र पेमा शेर्पा आँगनमा लाप्पा खेल्दै थिए, मेरो श्रीमानले देब्रे हातमा आफ्नै घरको खुकुरी बोक्नु भएको थियो। दाहिने हातले निज पेमा शेर्पाको घाँटीमा समातेको देखी छुटयाउनु पर्यो भनी मैंले मेरो श्रीमानलाई समाई तान्दा मेरो श्रीमानले मलाई धकेल्नु भएपछि म घरको बारमा ठोकिएर लडेको थिएँ भने निज श्रीमानले पेमा शेर्पालाई दुई पटक खुकुरीले प्रहार गरी घाईते बनाई सक्नु भएको रहेछ। निज पेमा शेर्पा घाईते भएपछि लरबरिदै धर्खरिदै हाम्रो घरबाट तलतिर रहेको जंगल गर्फ गएको र निजको पछिपछि मेरो श्रीमान हातमा उक्त खुकुरी बोकी निजलाई खेदाउँदै जानु भएको अन्दाजी १० मिनेट पछि मैंले पेमा शेर्पालाई निकै ठाउँमा काटेको छु, अब मर्छ होला भन्दै निजले बोकेको उक्त रगत लागेको खुकुरी धोईपखाली गरी घरमा फर्की आई सो कुरा ससुरा बुबा कृष्ण बहादुर तामाङ्गलाई सुनाएपछि निज ससुरा बुबा डराउनु भई राति नै गाउँ तर्फ जानु भयो भने म र मेरो श्रीमान घरमा नै सुत्यौं। उक्त रात रातभरी ठुलो पानी परिरहेको थियो। म र मेरो श्रीमान बिहान अन्दाजी ०५:३० बजेको समयमा उठी निज पेमा शेर्पा कतै मरिरहेका त छैनन् भनी निजलाई खोज्दै जाँदा घर मुनीको जंगलमा निजलाई मरी सकेको अवस्थामा फेला पारेपछि निज श्रीमान र म भई तिलार खोल्सीमा निज पेमा शेर्पाको शव लगी स्याउलाले छोपेका थियौं भन्ने व्यहोरा समेतको प्रतिवादी रेश्मा भन्ने सुकमाया राई तामाङ्गको वयान कागज।

६. **तेम्बा शेर्पाले गरिदिएको घटना विवरण कागजः**-मिति २०७८/०३/ २४ गते बेलुकाको समयमा म पासाङको होटलमा तातोपानी खाएर बसिरहेको अवस्थामा पेमा शेर्पा म भएको स्थानमा आई मलाई एक कप रक्सी किन्दे भनी जिद्दी गरेकोमा मैंले साहुनीलाई एक कप रक्सी निज पेमालाई दिनु भनी केही समयपछि म आफ्नो घर तर्फ गएको थिएँ। भोलिपल्ट बिहान मिति

२०७८/०३/२५ गते पेमा शेर्पाको लाश फेला परेको तिलार खोल्सीमा गई निजको हत्या भएको भन्ने कुरा थाहा पाएको हुँ भन्ने समेत व्यहोराको तेम्बा शेर्पाको कागज।

७. **सान्डुक भोटेले गरिदिएको घटना विवरण कागजः**-मिति २०७८/०३/ २४ गते बेलुका अं. ०६:३० बजेको समयमा म र पासाङ फुटिक भोटेको घरको पश्चिम साईडमा रहेको सिडीबाट तल झर्ने बाटोमा बसेर कुरा गरिरहेकोमा त्यही सिढीको बाटोमा माथि लाप्साङ र ओमन पनि कुरा गरेर बसिरहेका रहेछन्। हालका मृतक पेमा शेर्पा पनि लाप्साङ शेर्पाहरूसँग कुरा गर्दै थिए। एक छिनपछि हामी दुवै जना फुटिक शेर्पाकोमा पुग्दा त्यहाँ पेमा शेर्पा, धन बहादुर कार्की, सोनी राईको आमा र गौरीमान राईको श्रीमती थिए। त्यसपछि कार्की दाईले तिमीहरू पनि खाने भनेर सोध्यो।पेमा शेर्पाले रक्सी खाईरहेका थिए। धन बहादुरले हामीलाई पनि एक-एक गिलास रक्सी किनिदिए। केही समयपछि रेश्मा पनि फुटिक शेर्पाको घरको छेउमा आँगनको बाहिर बाटोमा बसेर पेमासँग मोबाईल माग्न थालिन अनि पेमाले मोबाईल चार्ज भएको छैन भनी जिस्कदै मोबायल हरायो भन्यो। रेश्माले हे नजिस्कन मलाई मोबाईल देउ म घर जान्छु भनीन। त्यसपछि हामी तिनीहरूलाई त्यही छाडी त्यसको माथिपट्टी रहेको मनिषा श्रेष्ठको पसलमा गई बियर खाएर बसिरहेका ओमन र लाप्साङसँग एउटा ड्रागन बियर मागेर खाएको हौं। हामी आएको दश पन्ध्र मिनेटपछि पेमा शेर्पा हामी भएको ठाउँमा आए र साहुनीसँग एउटा वियर मागी रेश्मा राईलाई पनि एउटा गिलासमा बियर हाली बाहिर लगेर दियो। तसपछि हामीले पेमालाई त्यस केटीसँग नहिंड त्यो केटी विवाहित हो, साथीको बुडी हो त्यसको संगत छोडीदे त्योसँग हिंडिस भने हाम्रो सम्बन्ध सक्कियो भनेर सम्झायौं तर पेमाले हामीलाई यस्तै हो भने भोलिदेखि तिमीहरूको बाटो अलग मेरो बाटो अलग भन्यो र बियर खान थाल्यो। पेमा घरि घरि बाहिर भित्र गर्ने थाल्यो। त्यसपछि लाप्साङ र ओमन बाहिर घरतर्फ लागे र त्यसको दश पन्ध्र मिनेटपछि हामी सबै जना घर फर्केर जाउँ भन्दा पेमा ढोकामा निस्किदै थियो र हामिले खाएको बियर उधारो भयो दिदी भन्दै बाहिर निस्किदा पेमा शेर्पा बाहिर निस्किसकेको रहेछ। हामीले दुवै जनालाई देखेनौं र हामी आफ्नै घर तिर लागेका थियौं। भोलि पल्ट बिहान मिति २०७८/०३/२५ गते बिहान प्रहरीहरू समेतलाई तिलार खोल्सीमा देखी उक्त स्थानमा गई हेर्दा पेमा शेर्पाको मृत लाश देखेका हौं भन्ने समेत व्यहोराको सान्डुक भोटेको कागज।

८. **पासाङ भोटेले गरिदिएको घटना विवरण कागजः**-मिति २०७८/०३/ २४ गते बेलुका अं. ०६:३० बजेको समयमा म र सान्डुक, फुटिक भोटेको घरको पश्चिम साईडमा रहेको सिडीबाट तल झर्ने बाटोमा बसेर कुरा गरिरहेको थियौं। त्यही सिढीको बाटोमा माथि लाप्साङ र ओमन पनि कुरा गरेर बसिरहेका रहेछन्। हालका मृतक पेमा शेर्पा पनि लाप्साङ शेर्पाहरूसँग कुरा गर्दै थिए। एक छिनपछि हामी दुवै जना फुटिक शेर्पाकोमा गयौं। त्यहाँ पेमा शेर्पा, धन बहादुर कार्की, सोनी राईको आमा र गौरीमान राईको श्रीमती थिए। त्यसपछि कार्की दाईले तिमीहरू पनि खाने भनेर सोध्यो। पेमा शेर्पाले रक्सी खाईरहेका थिए। धन बहादुरले हामीलाई पनि एक-एक गिलास रक्सी किनिदिए। सान्डुकलाई धन बहादुर कार्की दाईले फेरी एक गिलास रक्सी थपिदिए। सान्डुकले आधा रक्सी खायो भने आधा खान सकेन। तसपछि पेमा कोठाबाट बाहिर निस्किए अनी ईसाराले सान्डुकसँग चुरोट माग्यो।सान्डुक पनि बाहिर निस्केर पेमालाई चुरोट दियो र दुवै जनाले चुरोट खाए, सान्डुकले

आफ्नो आधा गिलास रक्सी पेमा शेर्पालाई दिए। पेमाले बाँकी रक्सी पनि खायो। त्यसपछि म पनि बाहिर निस्के र हामी गफ गर्दै थियौं। त्यसको केही छिनपछि रेश्मा पनि फुटिक शेर्पाको घरको छेउमा आँगनको बाहिर बाटोमा बसेर पेमासँग मोबाईल माग्न थालिन अनि पेमाले मोबाईल चार्ज भएको छैन भन्यो, अनि फेरी जिस्किदै हरायो मोबाईल भन्यो। रेश्माले हे नजिस्कन मलाई मोबाईल देउ म घर जान्छु भनीन। त्यतिकैमा हामी पनि तिनीहरूलाई त्यही छोडेर त्यसको माथिपट्टी रहेको मनिषा श्रेष्ठको पसलमा गई पहिलेदेखिनै बियर खाएर बसिरहेका ओमन र लाप्साङ एउटा ड्रागन बियर मागेर खाएको हौं। हामी आएको दश पन्ध्र मिनेटपछि पुनः पेमा शेर्पा हामी बसेको ठाउँमा आए र साउनीसँग एउटा वियर मागी रेश्मा राईलाई भित्र बोलाउँदा रेश्मा राई भित्र आउन मानिनन् र पेमाले निजलाई एउटा गिलासमा बियर हाली बाहिर नै लगेर दियो। त्सपछि हामिले पेमालाई त्यस केटीसँग नहिंड त्यो केटी विवाहित हो, साथीको बुडी हो त्यसको संगत छोडीदे त्योसँग हिडिस भने हाम्रो सम्बन्ध सक्कियो भनेर सम्झायौ तर पेमाले हामीलाई यस्तै हो भने भोलिदेखि तिमीहरूको बाटो अलग मेरो बाटो अलग भन्यो र बियर खान थाल्यो। पेमा घरि घरि बाहिर भित्र गर्ने थाल्यो। त्यसपछि लाप्साङ र ओमन बाहिर घरतर्फ लागे र त्यसको दश पन्ध्र मिनेटपछि हामी सबै जना घर फर्केर जाउ भन्दा पेमा ढोकामा निस्किदै थियो र हामिले खाएको बियर उधारो भयो दिदी भन्दै बाहिर निस्किदा पेमा शेर्पा बाहिर निस्किसकेको रहेछ। वरपर हेर्दा हामीले दुवै जनालाई देखेनौं र सान्डुकले पेमा पेमा बनि बोलाउँदा पनी उनीहरूले नबोलेपछि हामी आफ्नै घर तिर लागेका थियौं र भोलि पल्ट बिहान मिति २०७८/०३/२५ गते बिहान प्रहरीहरू समेत तिलार खोल्सीमा आएको देखी उक्त स्थानमा गई हेर्दा पेमालाई मृत अवस्थामा देखेको हौं भन्ने समेत व्यहोराको पासाङ भोटेको कागज।

९. **ओमन राईले गरिदिएको घटना विवरण कागजः-** मिति २०७८/०३/ २४ गते बेलुका अं. ०६:३० बजेको समयमा म र लाप्साङ, फुटिक भोटे घरको पश्चिम साईडमा रहेको सिडीमा बसेर कुरा गरिरहेकोमा पेमा शेर्पा पनि सोही स्थानमा आईपुगेका थिए। केही समयपछि धन बहादुर कार्की पनि त्यही ठाउँमा आएर पेमालाई जाउ निगार खान भनेर फुटिक भोटेको घरमा लिएर गएको हो। केही समयपछि धन बहादुर कार्की पनि त्यही ठाउँमा आएर पेमालाई जाउ निगार खान भनेर फुटिक भोटेको घरमा लिएर गएको र हामी पनि अनिषा श्रेष्ठको पसलमा गएर एउटा ड्रागन वियर खाँदै थियौ। दश पन्ध्र मिनेटपछि मेरो दाजु सान्डुक भोटे र पासाङ भोटे पनि आई एउटा बियर मागेर खाए। सान्डुकहरू आएको दश पन्ध्र मिनेटपछि पुनः पेमा हामी बसेको ठाउँमा आए र साहुनीसँग एउटा वियर मागेको हो, उक्त समय पेमा शेर्पा अलि मातेको थियो। उनले रेश्मा राईलाई भित्र बोलाए पनि रेश्मा राई आउन मानिनन् र पेमाले निजलाई एउटा गिलासमा बियर हाली बाहिर नै लगेर दियो। त्यसपछि हामीले पेमालाई त्यस केटीसँग नहिड त्योसँग हिडिस भने हाम्रो सम्बन्ध सक्कियो भनेर सम्झायौं तर निज पेमाले हामीलाई यस्तै हो भने भोलिदेखि तिमीहरूको बाटो अलग हाम्रो बाटो अलग भन्यो र बियर खाँदै बाहिर भित्र गर्ने थाल्यो। त्यसपछि म र लाप्साङ बाहिर निस्कियौं र घरतर्फ लाग्यौं। भोलिपल्ट बिहान मिति २०७८/०३/२५ गते प्रहरीहरू समेत आएर घटनास्थलमा मृतक फेला परेको खोल्सीमा पुगेर

हेर्दा पेमालाई मृत अवस्थामा देखेको हौं भन्ने समेत व्यहोराको ओमन राईको घटना विवरण कागज।

१०. **लाप्साङ भोटेले गरिदिएको घटना विवरण कागजः-** मिति २०७८/०३/ २४ गते बेलुका अन्दाजी ०६:३० बजेको समयमा म र ओमन, फुटिक भोटे घरको पश्चिम साईडमा रहेको सिडीमा बसेर कुरा गरिरहेकोमा पेमा शेर्पा पनि सोही स्थानमा आयो। केही समयपछि धन बहादुर कार्की पनि त्यही ठाउँमा आएर पेमालाई जाउ निगार खान भनेर फुटिक भोटेको घरमा लिएर गएको र हामी पनि अनिषा श्रेष्ठको पसलमा गएर एउटा ड्रागन वियर खाँदै थियौ। दश पन्ध्र मिनेटपछि मेरो दाजु सान्डुक भोटे र पासाङ भोटे पनि आई एउटा बियर मागेर खाए। सान्डुकहरू आएको दश पन्ध्र मिनेटपछि पुनः पेमा हामी बसेको ठाउँमा आए र साहुनीसँग एउटा वियर मागेको हो, उक्त समय पेमा शेर्पा अलि मातेको थियो। उनले रेश्मा राईलाई भित्र बोलाए पनि रेश्मा राई आउन मानिनन् र पेमाले निजलाई एउटा गिलासमा बियर हाली बाहिर नै लगेर दियो। त्सपछि हामीले पेमालाई त्यस केटीसँग नहिंड त्योसँग हिडिस् भने हाम्रो सम्बन्ध सक्कियो भनेर सम्झायौं तर निज पेमाले हामीलाई यस्तै हो भने भोलिदेखि तिमीहरूको बाटो अलग हाम्रो बाटो अलग भन्यो र बियर खाँदै बाहिर भित्र गर्ने थाल्यो। त्यसपछि म र ओमन बाहिर निस्कियौं र घरतर्फ लाग्यौं। भोलि पल्ट बिहान मिति २०७८/०३/२५ गते अं. ०५:३० बजेको समयमा मुकेश तामाङ्ग मेरो घरमा आएर मलाई बोलाउँदा म निद्रामा नै भएकोले उठीन र करिब आधा घण्टा पछाडि निज मुकेश पुनः मेरो घर आई मलाई बोलाएछि म उठेपछि चामल किन्न भनेर मसँग उसले रू. १,०००/- लिएर गएको हो। बिहानपख प्रहरीहरू आएर घटनास्थल वरिपरि घेरेको बेलामा मृतक फेला परेको खोल्सीमा पुगेर पेमालाई मृत अवस्थामा देखेको हुँ भन्ने समेत व्यहोराको लाप्साङ भोटेको घटना विवरण कागज।

११. **फुटिक शेर्पाको घटनाबिवरण कागजः-** मिति२०७८/०३/२४ गते दिनको अं. ०७.०० बजेको समयमा धनबहादुर कार्कीले मलाई रू. एक सयको दुई माना लोकल रक्सी मागे। त्यसलाई तिनीहरू सबैजना मिलेर मेरो घरमा बिचको कोठामा बसेर रक्सी खाएको हुन्। धनबहादुर कार्कीले छुट्टै रू. विसको निगार किनेर खाएका हुन् र गौरीमान राईको श्रीमतीलाई मैंले एक गिलास निगार दिएको हुँ। त्यस दिन मेरो श्रीमान पासाङ भोटे पनी त्यही कोठामा सँगै थिए तर रक्सी खाएनन्। त्यहाँ बसेर रक्सी सेवन गरेपछि करिव विस मिनेट पछि समयमा मृतक पेमा चुरोट खान भनेर बाहिर आँगनमा निस्कियो र त्यसपछि सान्डुक र पासाङ निस्केर गएको हो, त्यसपछि धन बहादुर कार्की निस्केर गएको हुन्। त्यस दिन मैंले रेश्मालाई देखिन। त्यसपछि पेमा के-कता गयो के के गर्यो भन्ने मलाई थाहा भएन। मैंले भोलिपल्ट बिहान ११.०० बजेतिर मात्र घटना घटेको भन्ने सुनेको हुँ। यस घटना सम्बन्धमा मलाई अरू केही थाहा छैन भनी पछिसम्म फरक नपर्ने गरी पढी बाँची सुनी भनी गरेको घटना विवरण कागज।

१२. **धन बहादुर कार्कीले गरिदिएको घटना विवरण कागजः-** मिति २०७८/०३/२४ गते दिन खाँदबारी नगरपालिका नयाँबजार स्थित आयुर्वेदिक कार्यालयको ढलानको काम सकेर अं. बेलुका ०७:०० बजेको समयमा फुटिक शेर्पाको होटलमा पुग्दा त्यस पसल अगाडि सन्दुक भोटे, पासाङ भोटे र पेमा शेर्पालाई भेटी खाजा खाऔं भनेको हुँ। केही समयपछि सोनीको आमा र गौरीमान राईको

श्रीमती पनि हामी भएकै ठाउँमा आईपुगेका हुन्। मैंले रू. २० को निगार आफ्नो लागि र रू. १०० को दुई माना रक्सी निजहरूको लागि मागेको थिएँ। सोही दिनको अं. ०७:३० बजेको समयमा म आफ्नो घर तिर लागेको हुँ, उक्त दिन मैंले रेश्मालई देखिन। पेमा शेर्पाको हत्या भएको घटनाको सम्बन्धमा भोलिपल्ट दिउँसो ०३:०० बजेको समयमा थाहा पाएको हुँ भन्ने व्यहोरा समेतको धन बहादुर कार्कीको घटना विवरण कागज।

१३. **सुमना विश्वकर्माले गरिदिएको घटना विवरण कागजः-** मिति २०७८/०३/२५ गते बिहान अं. ०६:०० बजेको समयमा मुकेश तामाङ्ग म सुतिरहेको ठाउँमा आई अण्टी चामल किन्ने पैसा छैन भनेपछि मैंले निजलाई एक हजार रूपैयाँ दिदा काठमाण्डौं जान ३ हजार जति लाग्छ, ईटहरी जान के कति लाग्छ सो पनि थाहा छैन र मेरो बुडीले जाँड रक्सी चुरोट खाने भएकोले पाल्न नसक्ने भएकोले निजलाई माईती पठाई दिनुपर्यो भनी निज मुकेशले मलाई भनेपछि तेत्तिकै कहाँ छोड्छस् माईती बोलाएर जिम्मा लगाईदे भन्दा निज मुकेशको अनुहार अलि डराए जस्तो देखिन्थ्यो। त्यसपछि निज मेरो घरबाट हिड्यो। घटना घटेको ५/६ दिन अघि टुँडिखेलको साईडमा काम गर्ने क्रममा ११ बजेतिर निज मुकेश खाना खान घर गई अं. १ बजेतिर फर्कीदा मैंले निजलाई खाना खायो भनी सोध्दा मेरो बुढी त पेमासँग सुतिरहेको रहेछ खाना पनि पकाएको रैनछ भनी मुकेशले मलाई भनेको थियो भन्ने व्यहोरा समेतको सुमना विश्वकर्माको कागज।

१४. **कृष्ण बहादुर तामाङले गरिदिएको घटना विवरण कागजः-** मिति २०७८/०३/२४ गते बेलुकाको खाना खाएपछि मोबाईल पेमालाई चार्ज गर्न दिएको छु, मोबाईल लिएर आउँछु भनी निज बुहारी गाउँ तर्फ गएकिमा म र मेरो छोरा घरमा नै सुतेका थियौं। रातको अं. १२:०० बजेको समय हुनुपर्छ म सुतिरहेको बेला छोरा मुकेशले मलाई बुबा-बुबा भनी बोलाएकोले म उठी के भयो भन्दा मैंले पेमालाई खुकुरीले निकै पल्ट हान्दा निजको घाँटी, पाता समेतमा चोट लागेको छ मर्छ होला भनी निज छोराले मलाई बताएपछि म सोही समय घर छाडी गाउँकै छिमेकी दरबंगे राईको घरमा गई सुतेको थिएँ भन्ने समेत व्यहोराको कृष्ण बहादुर तामाङ्गको कागज।

१५. **दरबंगे राई भन्ने योगेश्वर राईले गरेको कागजः-** मिति २०७८/०३/२४ गते बेलुकाको खाना खाई म आफ्नै घरमा सुति रहेको थिए। भोली पल्ट विहान ऐ.२५ गते म उठ्दा निज कृष्णबहादुर तामाङ्ग मेरो घरमा आई सुति राखेका थिए। निजलाई मेरो घरमा सुति राखेको देखी दाजु कति खेर आई सुत्नु भयो मैंले त केही थाहै पाइन् त भनी सोध्दा निजले म राती नै आई सुतेको तपाईहरू सुती राखेको होला भनी नबोलाएको भनी भन्नु भयो। त्यसपछि निज कृष्णबहादुर तामाङ्ग उठी विहान ०८.०० बजे तिर आफ्नो घर तर्फ जानु भएको हो। सो घटनाको सम्बन्धमा मलाई केही थाहा छैन, म त्यति राम्रो कान समेत सुन्दिन र गाउँ घरमा समेत डुल्दिन र निज कृष्णबहादुर तामाङ्गले मलाई केही बताएन भनी कागज गर्ने दरबंगे राई भन्ने योगेश्वर राईको घटना विवरण कागज।

१६. **शव परीक्षण प्रतिवेदनः-** Opinion on cause of death: Excessive Bleeding(धारिलो हतियारले थुप्रै गहिरो घाउ बनाएको) भन्ने समेत व्यहोराको शव परिक्षण प्रतिवेदन।

१७. **अभियोग दावीः**-मिति २०७८/०३/२५ गते राती अं. २४.०० बजेको समयमा विनोद भन्ने मुकेश तामाङले मृतक पेमा शेर्पालाई ढोका मै रोकी राति राति घर नआउन र निजकी श्रीमतीसँग भेटघाट नगर्न र तत्काल आफ्नो घर फर्केर जानका लागि सम्झाउँदा बुझाउँदा दुबै वीच भनाभन र धकेलाधकेली भएकोमा निज प्रतिवादी विनोद भन्ने मुकेश तामाङले घर भित्रबाट खुकुरी ल्याई मृतक पेमा शेर्पालाई प्रहार गरी निज पेमा शेर्पालाई जंगल तर्फ लखेट्दै उक्त खुकुरीले पटक-पटक शरीरको विभिन्न भागहरूमा प्रहार गरी घरबाट केही परसम्म लखेटेको र राति घरमा आई दुबै जना प्रतिवादीहरू विनोद भन्ने मुकेश तामाङ र रेश्मा भन्ने सुकमाया राई (तामाङ) सुति भोलिपल्ट विहान मृतक पेमा शेर्पाको लाशलाई घरमुनी केही तल रहेको झाडीमा फेला पारी प्रतिवादीहरू विनोद भन्ने मुकेश तामाङ र रेश्मा भन्ने सुकमाया राई (तामाङ)ले मृतक पेमा शेर्पाको लाशलाई लुकाउन छिपाउने उद्देश्यले सो स्थानबाट लाशलाई बोकी नजिकै रहेको जिल्ला संखुवासभा खाँदबारी नगरपालिका वडा नं. १ स्थित एकान्त स्थान तिलार खोल्सीमा स्याउला पत्करले छोपी राखेको फेला परेको हुँदा प्रतिवादी विनोद भन्ने मुकेश तामाङले पेमा शेर्पालाई खुकुरी प्रहार गरी कर्तव्य गरी ज्यान मारेको पुष्टी हुन आएको हुँदा निज प्रतिवादी विनोद भन्ने मुकेश तामाङको उक्त कार्य मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(१) बमोजिमको कसूर भएको देखिन आएको हुँदा निज प्रतिवादीलाई ऐ. संहिताको दफा १७७(२) बमोजिम सजाय हुन र अर्का प्रतिवादी रेश्मा भन्ने सुकमाया राई तामाङले निजको श्रीमान प्रतिवादी विनोद भन्ने मुकेश तामाङ र पेमा शेर्पा आँगनमा झगडा गरिरहेको देखी उक्त झगडा भए पश्चात, हालका मृतक पेमा शेर्पालाई निजको श्रीमानले खुकुरी प्रहार गरी घाइते बनाउँदा समेत गाउँ घरमा गुहार नमागेको र प्रहरीहरूलाई समेत खबर नगरी मानवीय तथा कानूनी कर्तव्य समेत पालाना नगरेको तथा मृतक पेमा शेर्पाको शवलाई खोल्सीमा लगी लुकाउन सहयोग गरेको हुँदा निज प्रतिवादी रेश्मा भन्ने सुकमाया राई तामाङको उक्त कार्य मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(१)बमोजिमको वारदातको ३६(१)र(२) बमोजिमको कसूर हुँदा निजलाई ऐ. संहिताको दफा ३६(३)(ख) बमोजिम सजाय हुन र ऐ.ऐ को दफा १८६ बमोजिम मृतकको परिवारलाई पुग्न गएको पारिवारिक क्षति समेतको मूल्याङ्कन गरी मनासिव क्षतिपूर्ति समेत भराई पाउन तथा निज प्रतिबादीहरूबाटै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम क्षतिपूर्ति शुल्क निर्धारण गरी क्षतिपूर्ति शुल्क कोषमा जम्मा गरी पाउँ भन्नेसमेत व्यहोराको जिल्ला सरकारी वकिल कार्यालय चैनपुर संखुवासभाले मिति २०७८/०४/१७ गते सुरू अदातलमा पेश गरेको अभियोग मागदावी।

१८. **प्रतिवादी विनोद भन्ने मुकेश तामाङ्गले सुरू अदालतमा गरेको वयानः**- म उपरको जाहेरी सुनाउँदा सुनी पाएँ। निज मृतक पेमा शेर्पा मेरो श्रीमतीसँग करणी गर्दा रहेछन। गाउँ घरमा मानिसहरूले सो कुरा मलाई सुनाएको थिएँ।मैंले समेत सो कुरा विचार गरेर बसी रहेको थिएँ निज मृतक राती राती मेरो घर आउने गरेकोले मैंले निजलाई किन राती मेरो घर आउँछस भनी सोध्दा निजले मलाई दाउराको चिरपटले हानेपछि मलाई पनि मेरो श्रीमती सँग करणी गरेर मसँग निहुँ खोज्छ भन्ने रिसले मैंले मेरो घरमा भएको खुकुरी निकालेर निजलाई काटेको हुँ। निज मैंले काटे पछि निज हिडेका थिए पछि जंगलमा गएर मरेका रहेछन। मैंले निजलाई मार्ने कुनै योजना थिएन। मेरो श्रीमतीसँग

लागेको हुनाले मैंले आवेशमा आएर निजको हत्या गरेको हुँ। लाश लुकाउने कार्यमा म वाहेक अरू कोही कसैको संलग्नता थिएन। हत्या म एक्लैले गरेको हो र लाश समेत मैंले नै लुकाएको हो। अनुसन्धानको वयान र सोमा भएको सहिछाप मेरो नै हो। शव परीक्षणका सम्वन्धमा मलाई केहि थाहा छैन। मेरो श्रीमतीलाई करणी गरेको थाहा पाएर मैंले आवेशमा आइ निज पेमा शेर्पाको हत्या गरेको हुँ। निजको हत्या गर्ने मेरो कुनै पूर्व योजना थिएन। मलाई कानून बमोजिम कम सजाय होस भन्नेसमेत व्यहोराको प्रतिवादी विनोद भन्ने मुकेश तामाङ्गले मिति २०७८/०४/१७ गते सुरू अदालतमा गरेको वयान।

१९. **प्रतिवादी सुकमाया राई तामाङ्गले सुरू अदालतमा गरेको वयानः-** म उपरको जाहेरी सुनाउँदा सुनी पाएँ। निज मृतकसँग मेरो कुनै सम्वन्ध थिएन। मेरो श्रीमानले मृतक र मेरो वारेमा शंका गर्नुभएको थियो। निज मृतक पेमा शेर्पा रातीको १२ बजे आएका रहेछन। म निधाएको थिएँ। वाहिर हल्ला खल्ला आवाज आएपछि म उठेर हेर्दा मेरो श्रीमान र र पेमा शेर्पा झगडा गरेका रहेछन। तपाईहरू किन झगडा गर्नुहुन्छ भन्दा मेरो श्रीमानले मेरो पहिला देखिको रिस थियो भन्दै निजलाई खुकुरीले प्रहार गर्नु भयो र पेमा शेर्पा रगताम्य हुँदै हिडे पछि मेरो श्रीमान मुकेश तामाङ्ग निजलाई लखेट्दै जानुभयो त्यसको भोलिपल्ट विहान मलाई हिजो मैंले काटेको मान्छे मऱ्यो कि जिउँदै छ हेरौं भन्नुभयो र हामी दुवै हेर्न जाँदा निज पेमा शेर्पा मृतक अवस्थगामा रहेछन। मलाई मेरो श्रीमानले सेउला लिएर आउनु भन्नुभयो डराउँदै सेउला लिएर आए अनि मेरो श्रीमानले सेउलाले निज पेमा शेर्पाको मृतक लाशलाई छोप्नु भएको हो। सो लाश लुकाउने कार्यमा म र मेरो श्रीमान वाहेक अरू कोही कसैको संलग्नता थिएन। हत्या मेरो श्रीमानले गर्नुभएको हो। मेरो अनुसन्धानको क्रममा भएको वयान र व्यहोरा सहिछाप मेरो नै हो। शव परीक्षण प्रतिवेदनको सम्वन्धमा मलाई केहि थाहा छैन। हत्या गर्ने कार्यमा मेरो कुनै संलग्नता छैन कानून बमोजिम होस भन्नेसमेत व्यहोराको प्रतिवादी रेश्मा भन्ने सुकमाया राई तामाङ्गले मिति २०७८/०४/१७ गते सुरू अदालतमा गरेको वयान।

२०. **आदेशः-** पछि थप प्रमाण वुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाल  यी प्रतिवादी विनोद भन्ने मुकेश तामाङ्गलाई मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ६७ बमोजिम सिधा खान पाउने गरी ऐ संहिताको दफा ८० बमोजिम थुनुवा पुर्जि दिई कारागार कार्यालय खाँदवारीमा थुनामा राख्न पठाउनू साथै पछि थप प्रमाण वुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाललाई यी प्रतिवादी रेश्मा भन्ने सुकमाया राई तामाङ्गबाट मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ६८/७२ बमोजिम रू ७५,०००।—(पचहत्तर हजार) नगद धरौटी माग गर्ने गरी यस अदालतबाट मिति २०७८/०४/१८ मा भएका आदेश।

२१. **थुनुवा पुर्जीः-** सुरू अदालतको च.नं. ५८ र ५९ मिति २०७८/०४/१८ गतेको थुनुवा पुर्जी दिई प्रतिवादीहरू विनोद भन्ने मुकेश तामाङ्ग र रेश्मा भन्ने सुकमाया राई तामाङ्गलाई मुद्दा पुर्पक्षको लागि थुनामा राख्न कारागार कार्यालय खाँदवारीमा पठाइएको।

२२. **वादीको साक्षीको वकपत्रः**

क. मिति २०७८/०३/२५ गतेको जाहेरी दरखास्तको व्यहोरा सुनाउँदा सुनी पाएँ। उक्त व्यहोरा र सहिछाप समेत मेरो नै हो। मृतक, प्रतिवादीहरू र म एकै ठाउँमा काम गर्ने भएकोले मुकेशको श्रीमती रेश्मा राईले मेरो भाईलाई जाँड रक्सी खान भनी रूपैयाँ माग्ने गरेको र मेरो भाईको रूपैयाँ पैसा समेत निजले खाएको रहेछ। मेरो भाई प्रतिवादीहरूको कोठामा जाने गर्थे र मेरो भाईलाई दुवै जनाले घरमा वोलाएर राती दुवै मिलेर मेरो भाईलाई लखेटी लखेटी खुकुरीले काटेर मारेका हुन भन्नेसमेत व्यहोराको जाहेरवाला फुर्वुलामु शेर्पाले सुरू अदालतमा गरेको साक्षी वकपत्र।

ख. मिति २०७८/०४/०१ को घटनाविवरण कागजको व्यहोरा देखे सुने। उक्त व्यहोरा मेरो नै हो सोमा भएको सहिछाप मेरो नै हो। मुकेशको श्रीमतीसँग मृतकको हिमचिम भएको कारणले मारेको हो जस्तो लाग्छ। प्रतिवादीहरूलाई कानून बमोजिम सजाय हुनुपर्छ भन्नेसमेत व्यहोराको घटनाविवरण कागज गर्ने पासाङ्ग भोटेले सुरू अदालतमा गरेको साक्षी वकपत्र।

ग. मिति २०७८/०४/०१ को घटनाविवरण कागजको व्यहोरा सुनाउँदा सुनी पाएँ। उक्त व्यहोरा मेरो नै हो सोमा भएको सहिछाप मेरो नै हो। मुकेशको श्रीमतीसँग मृतकको हिमचिम भएको कारणले मारेको हो जस्तो लाग्छ। प्रतिवादीहरूलाई कानून बमोजिम सजाय हुनुपर्छ भन्ने समेत व्यहोराको घटना विवरण कागजका मानिस ओमन राईले सुरू अदालतमा गरेको साक्षी वकपत्र।

२३. **सुरू फैसलाः**-मृतक पेमा शेर्पाको लाश जाँच मुचुल्का, घटनास्थल मुचुल्का, बरामदीत खुकुरी, मृतकको शव परीक्षण (Autopsy report) प्रतिवेदन किटानी जाहेरी, प्रतिवादीको साविती र जाहेरवाला समेतको वकपत्रको अतिरिक्त सह-प्रतिवादीको पोल समेतका प्रमाण परिवन्धबाट प्रतिवादी विनोद भन्ने मुकेश तामाङ्गले मुलुकी अपराध संहिता,२०७४ को दफा १७७(१) बमोजिम कर्तव्य गरी पेमा शेर्पाको ज्यान मारेको कसूर ठहरेकाले सोही संहिताको दफा १७७(२) बमोजिम निज विनोद भन्ने मुकेश तामाङ्गलाई जन्मकैदको सजाय हुने ठहर्छ।मुलुकी अपराध संहिता,२०७४ को दफा १८६ नं बमोजिम मृतकको आफन्त /हकवालालाई प्रतिवादीबाट मनासिव क्षतिपूर्ति भराउनु पर्ने देखिई प्रतिवादीको आर्थिक अवस्थासमेतलाई दृष्टिगत गरी निजबाट मृतकको हकवालाले रू १,००,०००।—(एक लाख) क्षतिपूर्ति भराई पाउने र अपराध पीडित संरक्षण ऐन,२०७५ को दफा ४१(१)(झ) बमोजिम रू २,८००।—(दुई हजार आठ सय) क्षतिपूर्ति शुल्क कोषमा जम्मा गर्नुपर्ने समेत ठहर्छ।अर्का प्रतिवादी रेश्मा भन्ने सुकमाया राई (तामाङ्ग) ले ज्यान मार्ने कार्यमा मतियारको कसूर गरेको भन्ने अभियोग दावी स्पष्ट र ठोस सवुदबाट प्रमाणित हुन नआएकाले निजले अभियोग दावीको आरोपित कसूरबाट सफाई पाउने ठहर्छ। निज धरौट तिर्न नसकी पूर्पक्ष निमित्त थुनामा रहेको देखिँदा तुरून्त थुनामुक्त गरिदिनू भन्ने संखुवासभा जिल्ला अदालतको मिति २०७८/१२/२१ को फैसला।

२४. **वादी नेपाल सरकारको पुनरावेदनपत्रः**-प्रतिवादी रेश्मा भन्ने सुकमाया राईले आफ्नो पति प्रतिवादीले मृतक पेमा शेर्पालाई खुकुरीले काटेको मिति २०७८/३/२४ गते बेलुका नै प्रतिवादीबाटै थाहा पाएको र भोलिपल्ट विहान निज प्रतिवादी पतिसंगै लास हेर्न गएको मानिसले थाहा पाउलान् भनी कसूरलाई दबाउन लुकाउन तथा लाश व्यवस्थापनमा जुटेको तथ्यलाई सुरू फैसलाले आत्मसाथ गरेकै छ। उक्त घटना बारे थाहा पाएपछि उक्त कसूर अपराधलाई लुकाउने र ढाकछोप गर्ने

मनसायले पतिलाई मतियार भई सहयोग पुऱ्याएको तथ्यलाई सुरू अदालतले समेत इन्कार गरेको देखिंदैन। मुलुकी अपराध संहिता,२०७४ को दफा ३३(२) मा कसूर गरिसकेपछि कसूरदारलाई भगाउन वा लुकाउन वा अन्य कुने किसिमले सहयोग पुऱ्याउने व्यक्तिलाई मतियार मानिनेछ भनी गरिएको परिभाषा अनुरूप निज प्रतिवादी रेश्माको कसूर स्वतःस्थापित भैरहेको अवस्थामा निज प्रतिवादीले आफ्नो पतिलाई जोगाउन कर्त्यव्य गरी मारेको थाहा पाई पाई लास छुपाउन दबाउन खोजेको देखिंदा देखिंदै आरोपित कसूरबाट सफाई दिएको सुरू फैसला सो हदसम्म त्रुटीपूर्ण छ। प्रतिवादी विनोद भन्ने मुकेश तामाङ्गले पेमा शेर्पालाई खुकुरी प्रहार गर्दै गरेको प्रतिवादी रेश्मा भन्ने सुकमाया राई तामाङ्गले देखेर पनि छुट्याउने बचाउने कुनै प्रयत्न नगरेको, मृतकको लास दबाउने कार्यमा मद्दत गरी घटनाको सूचना समेत नदिई ज्यान मार्ने कार्यको मतियार भएको स-प्रमाण पुष्टि भईरहेको अवस्थामा निज प्रतिवादीलाई सफाई दिएको सो हदसम्मको सुरू फैसला बदर भागी हुँदा बदर गरी प्रतिवादीलाई अभियोग दावी बमोजिम सजाय गरी पाउँ भन्ने समेत बेहोराको वादी नेपाल सरकारको तर्फबाट पर्न आएको पुनरावेदनपत्र।

२५. **प्रतिवादी विनोद भन्ने मुकेश तामाङ्गको पुनरावेदनपत्रः**-म पुनरावेदकको श्रीमतीसंग मलाई नै पेमा शेर्पाले भेटघाट गर्न नदिएको, मन दुख्ने गरी अश्लिल शब्द प्रयोग गरी गाली गलौज गरेका कारण आवेशमा आई धकेलाधकेल हुँदा तत्काल उठेको रिसका कारण ठेली दिएको थिएँ। ज्यानै मार्ने नियतले मृतक पेमा शेर्पा माथि आक्रमण गरेको होइन। घटनाको जरिया, घटनाको परिवेश, परिस्थितिजन्य प्रमाण, मृतकले म पुनरावेदकलाई दिएको दुःख हैरानी, अपमान समेतको यथार्थ चित्रण र पर्याप्त विवेचना नै नगरी बनिबनाउ जाहेरी दरखास्त अनुसारको मुलुकी अपराध संहिताको प्रस्तावना र प्रावधान विपरीत तयार पारी दायर गरिएको अभियोग पत्रकै आधारमा मलाई जन्मकैद समेतको सजाय गर्नु घोर अन्याय भएको हुँदा सुरूको फैसला बदर गरी यथोचित प्रमाण मूल्यांकनका आधारमा उचित न्याय ईन्साफ गरी पाउँ भन्ने समेत बेहोराको प्रतिवादीको तर्फबाट पेश हुन आएको पुनरावेदन पत्र।

२६. **प्रत्यर्थी झिकाउने आदेशः**-यसमा, नेपाल सरकार र प्रतिवादी मुकेश तामाङ्गको दोहोरो पुनरावेदन परेको देखिंदा मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १४०(३) को प्रयोजनार्थ नेपाल सरकारको पुनरावेदनपत्रको प्रतिलिपि सहित प्रतिवादी रेश्मा भन्ने सुकमाया राई(तामाङ्ग)लाई म्याद दिई झिकाई र प्रतिवादी मुकेश तामाङ्गको पुनरावेदन पत्रको प्रमाणित प्रतिलिपि सहितको पेशीको सूचना उच्च सरकारी वकील कार्यालय, धनकुटालाई दिई नियमानुसार पेश गर्नू भन्ने यस अदालतको मिति २०७९/५/१ को प्रत्यर्थी झिकाउने आदेश।

२७. **परीक्षण प्रतिवेदन पठाउने आदेशः** यसमा, जिल्ला प्रहरी कार्यालयको मिति २०७८/३/२८, च.नं.२३४३ को पत्र बमोजिम परीक्षण प्रतिवेदन सुरू अदालतमा प्राप्त भए नभएको के हो? प्राप्त भएको भए सुरू मिसिलमा किन नरहेको हो? कहाँ राखिएको छ पत्रचार गरी एकिन गरी परीक्षण प्रतिवेदनको सम्बन्धमा जवाफ प्राप्त गर्नू। सुरू अदालतमा नै प्राप्त नभएको भए उच्च सरकारी वकील कार्यालय, धनकुटामा पत्रचार गरी प्राप्त भए पछि नियमानुसार गरी पेश गर्नू भन्ने यस

अदालतको मिति २०७९/०८/२५ मा भएको आदेश बमोजिम परीक्षण प्रतिवेदन प्राप्त भई मिसिल सामेल रहेको।

## ठहर खण्ड

२८. नियम बमोजिम निर्णयार्थ इजलास समक्ष पेश भएको प्रस्तुत मुद्दामा पुनरावेदक/वादी नेपाल सरकारकोतर्फबाट उच्च सरकारी वकील कार्यालय, धनकुटाका विद्वान सह-न्यायाधिवक्ता श्री गोविन्द खनाल र विद्वान उप-न्यायाधिवक्ता श्री गोकुल बहादुर निरौलाले प्रतिवादी विनोद भन्ने मुकेश तामाङ्गलाई अभियोग दावी बमोजिम सजाय भएको सुरू फैसला मिलेको हुँदा सदर होस्। प्रतिवादी रेश्मा भन्ने सुकमाया राई(तामाङ्ग)ले आफ्नो पतिले पेमा शेर्पालाई खुकुरी प्रहार गर्दै गरेको देखेर पनि छुट्याउने, बचाउने कुनै प्रयत्न नगरेको, कसूरबाट आफ्नो पतिलाई जोगाउने उद्देश्यले मृतकको लास दबाउने कार्यमा मद्दत गरी घटनाको सूचना समेत नदिई मतियार भई कसूर गरेको पुष्टि भईरहेको अवस्थामा निज प्रतिवादीलाई सफाई दिएको हदसम्मको सुरू फैसलाबदर गरी निज प्रतिवादीलाई अभियोग दावी बमोजिमसजाय गरीपाउँ भनी बहस प्रस्तुत गर्नु भयो।

२९. त्यस्तै, पुनरावेदक, प्रतिवादी विनोद भन्ने मुकेश तामाङ्गको तर्फबाट विद्वान वैतनिक अधिवक्ता श्री ठगिन कुमार राईलेमृतकले नै प्रतिवादीको श्रीमती रेश्मा भन्ने सुकमाया राईसंग अनुचित ढंगले शारीरिक सम्बन्ध राख्ने गरेको प्रतिवादीले थाहा पाई मृतकलाई त्यसो नगर्न भनी पटक पटक सम्झाउँदै आएकोमा वारदातको राती आफ्नी श्रीमतीसंग शारीरिक सम्बन्ध राख्ने उद्देश्यले मृतक आएको कारण सोही बिषयमा झगडा हुँदा आवेशमा आई अप्रत्यासित रूपमा मृत्यूसम्मको घटना हुन पुगेको तथ्यलाई उचित ढंगले विवेचना नगरी केवल जाहेरी दरखास्त र अभियोग दावीकै आधारमा प्रतिवादीलाई जन्मकैदको सजाय हुने ठहऱ्याई भएको सुरू फैसला न्यायोचित नहुँदा उल्टी गरी पाउँ भनी गर्नु भएको बहस समेत सुनियो।

३०. यसमा, प्रतिवादी विनोद भन्ने मुकेश तामाङले पेमा शेर्पालाई खुकुरीले पटक पटक प्रहार गरी हत्या गरेकोले निज प्रतिवादीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(१) को कसूरमा ऐ. संहिताको दफा १७७(२) बमोजिम सजाय हुन र प्रतिवादी रेश्मा भन्ने सुकमाया राई तामाङले आफ्नो श्रीमानले मृतक पेमा शेर्पालाई खुकुरी प्रहार गरी घाइते बनाउँदा समेत गाँउ घरमा हार-गुहार नमागी प्रहरीमा खबर नगरी मानवीय तथा कानूनी कर्तव्य समेत पालाना नगरेको तथा मृतक पेमा शेर्पाको लास खोल्सीमा लगी लुकाउन सहयोग गरेको हुँदा निज प्रतिवादी रेश्मा भन्ने सुकमाया राई तामाङले मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(१)को वारदातको ३६(१)र(२) बमोजिम मतियारको कसूर गरेकाले निजलाई ऐ. संहिताको दफा ३६(३)(ख) बमोजिम सजाय गरी दुबै प्रतिवादीबाट दफा १८६ बमोजिम जाहेरवालालाई मनासिव क्षतिपूर्ति दिलाई अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम क्षतिपूर्ति शुल्क समेत भराई पाउन वादीलेदावी लिएकोमा प्रतिवादीहरू अदालतमा उपस्थित भई बयान प्रतिवाद गरेको प्रस्तुत मुद्धामा सुरू अदालतले प्रतिवादी रेश्मा भन्ने सुकमाया राई(तामाङ्ग)ले अभियोग दावीबाट सफाई पाउने र प्रतिवादी विनोद भन्ने मुकेश तामाङ्गको हकमा निजले मुलुकी अपराध संहिता,२०७४ को दफा १७७(१) बमोजिमको कसूर गरेको ठहरी ऐ. अपराध संहिताको दफा १७७(२) अनुसार जन्मकैदको सजाय हुने, हकवालाले प्रतिवादीबाट क्षतिपूर्ति वापत रू.१,००,०००।—(एक लाख)

भराई पाउने र प्रतिवादीले अपराध पीडित संरक्षण ऐन,२०७५ को दफा ४१(१)(झ) बमोजिम रू २,८००।—(दुई हजार आठ सय) क्षतिपूर्ति शुल्क कोषमा जम्मा गर्नुपर्ने ठहऱ्याई गरेको फैसलामा चित्त नबुझाई प्रतिवादी रेश्मा भन्ने सुकमाया राई(तामाङ्ग)लाई सफाई दिए उपर वादी नेपाल सरकारको तर्फबाट र अभियोग दावी बमोजिम सजाय गरे उपर प्रतिवादी विनोद भन्ने मुकेश तामाङ्गको तर्फबाट पुनरावेदन परेको पाइयो।

३१. प्रस्तुत मुद्धामा वादीको अभियोग दावी, सुरू फैसला, सो उपर परेको दुबै पक्षको पुनराबेदन जिकिर एवं बहस जिकिर सुनी सुरू संखुवासभा जिल्ला अदालतबाट मिति २०७८/१२/२१ मा भएको फैसला मिलेको छ, छैन? वादी नेपाल सरकार तथा प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन? सोही विषयमा निर्णय दिनु पर्ने देखियो।

३२. सम्बद्ध मिसिल अध्ययन गरी पुनरावेदक\प्रतिवादी विनोद भन्ने मुकेश तामाङ्गको हकमा निर्णय तर्फ विचार गर्दा, निजप्रतिवादीको पुनरावेदनमा मृतक पेमा शेर्पाले आफ्नी श्रीमती रेश्मा भन्ने सुकमाया राईसंग अनैतिक ढंगले शारीरिक सम्बन्ध राख्ने गरेको हुँदा त्यसो नगर्न भनी पटक पटक सम्झाउँदै आएकोमा वारदातको दिन पनि रातको समयमा श्रीमतीसंग शारीरिक सम्बन्ध राख्ने उद्देश्यले मृतक आएका कारण सोही बिषयमा आवेशमा झगडा हुँदा अप्रत्यासित रूपमा मृत्यूसम्मको घटना हुन पुगेको हो। मृतकलाई मार्ने आफ्नो मनसाय नभएको तथ्यलाई उचित ढंगले विवेचना नगरी केवल जाहेरी दरखास्त र अभियोग पत्र बेहाराकै आधारमा आफूलाई जन्मकैदको सजाय हुने ठहऱ्याई भएको सुरू फैसला फौजदारी न्यायको मर्म अनुसार पनि न्यायोचित नहुँदा उल्टी गरी यथोचित न्याय हुने गरी फैसला गरियोस् भन्ने समेत जिकिर लिएको देखिन्छ।

३३. वादीको गबाह\जाहेरवाला फूर्बुलामु शेर्पाको जाहेरी दरखास्त, निजले सुरू अदालतमा गरेको बकपत्र, वादीका साक्षी ओमन राई, पासाङ्ग भोटेले मौकामा लेखाएको बेहोरा र निजहरूले अदालतमा गरेको बकपत्र समेतबाट प्रतिवादी विनोद भन्ने मुकेश तामाङ्गले मृतक पेमा शेर्पालाई कर्तब्य गरी मारेको भन्ने पुष्टि भएको देखिन्छ। सह- प्रतिवादी रेश्मा भन्ने सुकमाया राईले समेत बयानको क्रममा पति प्रतिवादी विनोद भन्ने मुकेश तामाङ्गले कर्तब्य गरी मृतक पेमा शेर्पालाई मारेको भनी पोल गरेको देखिन्छ। प्रतिवादी विनोद भन्ने मुकेश तामाङ्गले समेत बयानको क्रममा पेमा शेर्पाको मृत्यु आफूले खुकुरीले काटेको कारण हुन गएको हो भनी स्वीकार गरेकै देखिन्छ। निज प्रतिवादीको बयानमा श्रीमती र पेमा शेर्पाबीच बीच अनैतिक सम्बन्ध रही घरमा बराबर आईरहने गरेकोमा आफ्नो चित्त नबुझेको, संझाउँदा समेत पेमा शेर्पाले अटेर गरेको,वारदातको समयमा पनि तँ मेरो घरमा राति राति किन आउँछस्? तेरो घरमा कोही यसरी राति राति आएको थियो भने के गर्थिस् भन्दा काटिदिन्थें भन्यो। त्यसो भए तँलाई पनि काटौं भन्दा सक्छस् भने काट भनेको हुँदा खुकुरी झिकी काटेको हो। पेमा शेर्पाले मलाई चिर्पटले हानेकाले मेरो श्रीमतीसंग करणी गरेर उल्टै मसंग निहुँ खोजी मलाई नै चिर्पटले हान्ने सोंचेर रिस उठी आवेशमा आएर खुकुरीले प्रहार गरी निजको हत्या गरेको हुँ। निजलाई मार्ने कुनै मनसाय र योजना थिएन भन्ने समेत उल्लेख गरेको र पुनरावेदनमा समेत यही आधारमा अपराध गर्दाको परिस्थितिलाई विचार गरी यथोचित न्याय गरी पाउँ भन्ने उल्लेख भएको देखिन्छ।

३४. प्रतिवादीले उपरोक्तानुसार बयानमा वारदात समयमा पेमा शेर्पाले आफूलाई चिर्पटले हानेको भनेकोमा शारीरिक जाँच प्रतिवेदनमा प्रतिवादीको शरीरमा कुनै घा-चोट लागेको भन्ने खुलेको नदेखिँदा मृतक पेमा शेर्पाले नै पहिले प्रहार गरी प्रतिवादीलाई उत्तेजित बनाएको वा उक्साएको वा आवेशमा ल्याएको भन्ने देखिन आउदैन। मृतक पेमा शेर्पाको शरीरमा दाहिने हातको कुहिना देखि माथि २०X१०mm लम्बाईको काटेको गहिरो चोट रही बोसो मासु देखिएको, दाहिने हातको नाडी पछाडि ११०X५०mm को काटिएको, भित्रि मासु देखिएको, सोही देखि माथि ४०X२०mm छाला तछारिएको र ४०X१०mm काटेको घाउ (चोट) रहेको, पछाडि दाहिने पट्टी छेउमा १९०X३५mm काटिएको गहिरो चोट रहेको, दाहिने हातको कुईनामा ७५*३०mm काटिएर मासु छिलिएर हड्डि मासु झुण्डिएर रहेको, दाहिने कानको फेदबाट ७०mm र नाकको डाडीवाट १३०mm दुरीमा दाहिने पट्टीको भागमा ४५X४०mm को काटिएको चोट (घाउ) रहेको भन्ने लास जाँच मुचुल्काबाट देखिन्छ। लास जाँच प्रतिवेदनमा Incised wound over (Rt) Arm 20cm x10 cm Incised Wound over (Rt) forearm 110 cm X 50 cm . Incised Wound over neck 40cm X 20 cm. Multiple Incised wounds over Several part of body भन्ने उल्लेख भई मृतकको मृत्युको कारणमा Cause Death Excessive Bleeding (धारिलो हतियारमा थुप्रै गहिरो घाउ बनाएको) भन्ने उल्लेख भएको देखिन्छ।

३५. मिसिल संलग्न लास जाँच मुचुल्का हेर्दा मृतकको लास समेतउत्तर टाउको दक्षिण खुट्टा भई टाउको ३ डिग्री उत्तर भई पूर्व तर्फ ढल्की दुवै खुट्टाको धर्नासो खुम्चिई V आकारमा दुई वटा ढुङगाको वीच पानी बग्ने तिलार खोल्सीको कुनामा सुकेको पात्लेको स्याउलाले छोपी राखेको अवस्थामा बरामद भएको देखिन्छ। प्रतिवादीको बयानमा श्रीमती र पेमा शेर्पाबीचको सम्बन्धबाट आफ्नो चित्त नबुझेको सम्झाउने गरेको भन्ने उल्लेख भएको देखिंदा वारदात समय रातीपेमा शेर्पा अकस्मात प्रतिवादीको घरमा आएको जरियाबाट मात्र बादबिबाद हुन गई वारदात घटाएको रहेछ भन्ने सकिने अबस्था रहेन। प्रतिवादीलाई पहिले देखिनै चित्त नबुझेको र रातीको समय पेमा शेर्पा घरमा आएकाले निहु खोजी लखेटी —लखेटी खुकुरी जस्तो जोखिमि हतियारले पटक\पटक प्रहार गरी कर्तब्य गरी मारी लास समेत बोकी लगी एकान्तस्थलमा लुकाएको देखिन आएको, यस्तो वारदातको प्रकृतिबाटै प्रतिवादीले पुनरावेदनमा जिकिर लिए बमोजिम आबेशमा आई घटना घटाउन पुगेको वा मृतककै कारण घटना घट्न गएको भनी कसूर वा सजाय कम हुन सक्ने अबस्था नदेखिँदा प्र. मुकेश तामाङको हकमा मुलुकी अपराध संहिता,२०७४ को दफा १७७(२) बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याएको फैसला मनासिब नै देखिन आएकाले निजको पुनरावेदन जिकिर र निजको तर्फबाट बहस गर्नु हुने विद्वान वैतनिक अधिवक्ताको बहस जिकिरमा समेत सहमत हुन सकिएन।

## कसूर ठहर

३६. प्रतिवादी विनोद भन्ने मुकेश तामाङ्गले कर्तब्य गरी मारेको पेमा शेर्पाको लाश दबाउने कार्यमाप्रतिवादी रेश्मा भन्ने सुकमाया राईले सहयोग गरी मतियारको कसूर गरेको पुष्टि हुँदा हुँदै अभियोग दावी बमोजिम सजाय नगरीसफाई दिएको सुरू फैसला त्रुटीपूर्ण भएकाले बदर गरी अभियोग दावी बमोजिम सजाय हुनु पर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर तर्फ हेर्दा सुरू अदालतले प्रतिवादी रेश्मा भन्ने सुकमाया राईको हकमा निजले बयानमा श्रीमानले स्याउला ल्याउ भनेकाले ल्याई दिएको

देखिन आएकाले सो आधारमा लास दबाउन सहयोग गरी मतियारको कसूर गरेको मान्न नसकिने भनी निज उपरको वादीको अभियोग दावी पुग्न नसक्ने ठहऱ्याई फैसला गरेको देखिन्छ।

३७. वादीको अभियोग पत्रमा यी प्रतिवादीले पति प्र. मुकेश तामाङले पेमा शेर्पालाई खुकुरीले हानी घाईते बनाउँदा समेत गाँउ घरमा हार गुहार नमागेको र प्रहरीलाई समेत खबर नगरी मानवीय र कानूनी कर्तब्य पालना नगरी मतियारको कसूर गरेको भन्ने समेत उल्लेख भएकोमा फौज्दारी कानूनमा लोग्ने, स्वास्नी बाबु आमा वा सन्तान वा यस्तै नजिकका नातेदारले कसूर गरेको थाहा पाए तापनि आफ्नै आफन्त वा परिवारजनका विरूद्ध रगत वा सम्बन्धको नाताले प्रहरीमा उजूर गर्न नसक्ने हुन्छ यस्तो स्थिति स्वाभाविक हुने भएकाले नजिकको नातेदारको हकमा कसूरदार भगाएको वा लुकाएको मात्र नहुने भन्ने सैद्धान्तिक रूपमा मानी आएको देखिन्छ। फौज्दारी कानूनको यो सैद्धान्तिक अबधारणा हाम्रो न्याय प्रणालीमा समेत उत्तिकै महत्व राख्दछ। तर प्रस्तुत मुद्धामा प्रतिवादी रेश्मा भन्ने सुकुमाया राईले गरेको अपराधिक कसूरको छुट्टै बिबेचना हुनु बान्छनीय देखिन्छ।

३८. सह-प्रतिवादी विनोद भन्ने मुकेश तामाङ्गले मृतकलाई मार्नमा र मृतकको लास दबाउनमा आफ्नो बाहेक अरू कसैको संलग्नता छैन भनी अदालतमा भएको बयानमा उल्लेख गरेको देखिए तापनि मौकाको बयानमा आफूले कर्तब्य गरी मारेको पेमा शेर्पाको लास  आफू र श्रीमती भई बोकी लगी तिहार खोल्सीमा स्याउलाले छोपेको हो भनी पोल गरेको देखिन्छ। प्रतिवादी रेश्मा भन्ने सुकमाया राई तामाङ्गको सुरू अदालतको बयानमा पति मुकेश तामाङ्गले लास दबाउन/छोप्नका लागि स्याउला ल्याउ भनी अह्राएकाले स्याउला ल्याई दिएँ। त्यसपछि पति मुकेश तामाङ्गले मृतक पेमा शेर्पाको लासलाई छोप्नु भएको हो भने तापनि मौकाको बयानमा श्रीमान र म भई तिलार खोल्सीमा निज पेमा शेर्पाको शव लगी स्याउलाले छोपेका हो भन्ने व्यहोरा समेत बेहोरा लेखाएको देखिन्छ। वादीको अभियोग पत्र साथ पेश भएको घटनास्थलको भिडियो हेर्दा मृत लासलाई जंगलको भित्ता कुनामा स्याउला पतिङ्गरले छोपी लास दवाउने कार्य गरेको स्पष्ट देखिन्छ। मृत पेमा शेर्पाको लास वारदातस्थल भन्दा धेरै तल फेला परेको हुँदा त्यति तल लास लैजाने कृयामा एक भन्दा बढि ब्यक्तिको संलग्नता स्वत पुष्टि हुन जान्छ। प्रतिवादी रेश्मा भन्ने सुकमाया राईले लगाएको रातो, कालो सेतो, निलो बुट्टे  सुरूवाल समेतमा मानब रगत पाईएको भन्ने परिक्षण प्रतिबेदनबाट देखिएकाले मृत लास बोकी लगी दबाउने कार्यमा निज प्रतिवादीको संलग्नता अझ खम्बीर भएको देखिन्छ।

३९. मुलुकी अपराध संहिता,२०७४ को दफा ३६(१) मा "कुनै व्यक्ति कुनै कसूरको मतियार हुनु हुँदैन" भन्ने र ऐ.उपदफा (२) मा "कुनै कसूर गर्ने नियतले त्यस्तो कसूर वा अन्य कसूर गर्न सहयोग पुऱ्याउने वा कसूर गरिसकेपछि कसूरदारलाई भगाउने, लुकाउने वा कसूर गर्न वा गराउन साधन उपलब्ध गराउने वा अन्य कुनै कसिमले सहयोग पुऱ्याउने व्यक्ति मतियार मानिनेछ" भनी कसूरको परिभाषा गरेको पाइन्छ।यस अनुसार प्रस्तुत मुद्दामा प्रतिवादी रेश्मा भन्ने सुकमाया राई तामाङ्गले कर्तब्य गरी मारेको  पेमा शेर्पाको लासमुख्य प्रतिवादी मुकेश तामाङ्गसँगै बोकी लिई गई लास दबाउन/लुकाउनका लागि स्याउलाले लास छोपी वादीको अभियोग दावी बमोजिम मतियारको कसूर गरेको पुष्टि हुन आयो।

४०. अतः विवेचित उपरोक्त आधार र कारणबाट प्रतिवादी विनोद भन्ने मुकेश तामाङ्गले मुलुकी अपराध संहिता,२०७४ को दफा १७७(१) को कसूर गरेको ठहऱ्याई जन्मकैदको सजाय हुने, प्रतिवादीबाट मृतकको हकवालालाई रू.१,००,०००/-(एक लाख) क्षतिपूर्ति भराई दिने र रू.२,८००/-(दुई हजार आठ सय) क्षतिपूर्ति शुल्क भराउने गरी सुरू संखुवासभा जिल्ला अदालतबाट मिति २०७८/१२/२४ मा भएको फैसला मिलेकै देखिंदा सदर हुने ठहर्छ। प्रतिवादी रेश्मा भन्ने सुकमाया राईले वादीको अभियोग दावीबाट सफाई पाउने ठहऱ्याएको सुरू फैसला उल्टी भई निज प्रतिवादीले वादीको अभियोग दावी बमोजिम मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १७७(१) को कसूरको मतियार भई ऐ.दफा ३६(१) बमोजिमको कसूर गरेको ठहर्छ।

**सजाय निर्धारणः**

४१. प्रतिवादी उपर अभियोग दावी अनुसारको कसूर ठहर भएकोले प्रतिवादीलाई निजको कसूरको मात्रा अनुसार सजाय हुनुपर्छ भन्ने समेत ब्यहोराको अभियोजन पक्षका विद्वान् सहायक न्यायाधिवक्ता श्री सन्दिप टेलरले गर्नुभएको बहस समेत सुनी प्रतिवादीलाई के कति सजाय हुन उपयुक्त हुन्छ?सजाय निर्धारण गर्नु पर्ने देखियो।

४२. मुलुकी अपराध संहिता,२०७४ को दफा ३६(३)(ख) मा "खण्ड (क) मा लेखिएको बाहेक अन्य मतियार भए कसूर भए गरेको काममा निजको संलग्नताको मात्रा अनुसार त्यस्तो कसूर गरे वापत हुने सजायको बढीमा आधासम्म सजाय हुने" भन्ने कानूनी व्यवस्था रहेकाले प्रस्तुत मुद्दामा वादीले पेश गरेको सजाय पूर्वको प्रतिवेदन, निजको कसूरमा संलग्नताको मात्रा समेतका उपर्युक्त कुराहरू मध्यनजर गर्दै प्रतिवादीलाई हुने सजाय निर्धारण हुनु पर्ने देखियो।

४३. मुख्य प्रतिवादी पति र आफू समेत भई मृत लास दबाउन लासलाई बोकी एकान्त कुनामा लगी स्याउलाले छोपेको कार्य, कसूरको गाम्भीर्यता र प्रतिवादीको उमेर समेतको आधारमा प्रतिवादी रेश्मा भन्ने सुकमाया राई(तामाङ्ग) ले मुलुकी अपराध संहिता,२०७४ को दफा १७७(१) बमोजिम भएको वारदातमा ऐ.संहिताको दफा ३६(१)(२) बमोजिम मतियारको कसूर गरेको देखिएको मानी निजलाई ऐ.संहिताको दफा ३६(३)(ख) बमोजिम ३ बर्ष कैद सजाय हुँदा र ऐ.संहिताको दफा १८६ बमोजिम प्रतिवादीबाट मृतकको हकवालालाई उपयुक्त क्षतिपूर्ति भराई दिंदा न्यायोचित हुने देखियो।

४४. अतः माथि विवेचित आधार कारणबाट समेत मृतक पेमा शेर्पालाई पति सह प्रतिवादीले कर्तव्य गरी मारिसकेपछि लास लुकाउन र दवाउने कृयामा संलग्न भई प्रतिवादीले मतियारको कसूर गरेको अवस्था र प्रतिवादीको उमेर समेतको आधारमा प्रतिवादी रेश्मा भन्ने सुकमाया राईलाई मुलुकी अपराध संहिता,२०७४ को दफा ३६(३) को (ख) बमोजिम ३ वर्ष कैद सजाय हुने ठहर्छ। प्रतिवादीबाट मृतकको हकवालालाई रू.२५,०००/-(पच्चिस हजार) क्षतिपूर्ति भराईदिने र रू.६००/-(छ सय) क्षतिपूर्ति कोषमा दाखिला गराउने समेत ठहर्छ। अरूमा तपसिल बमोजिम गर्नू।

## तपसिल

- माथि ईन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादी विनोद भन्ने मुकुश तामाङ्गको हकमा सुरू फैसला सदर हुने ठहरेकाले निज प्रतिवादीलाई कैदमा रहेको कारागार कार्यालय खाँदबारी संखुवासभा मार्फत प्रस्तुत फैसलाको प्रमाणित प्रतिलिपि सहित कानून बमोजिम पुनरावेदनको म्याद दिनु।.......................................................................................................१
- प्रतिवादी विनोद भन्ने मुकेश तामाङ्गको हकमा मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १४५(२) बमोजिम साधक जाँचका लागि मिसिल श्री सर्वोच्च अदालतमा पठाई दिनू।.......................................................................................................२
- प्रत्यर्थी प्रतिवादी रेश्मा भन्ने सुकमाया राई तामाङ्गको हकमा निजले सफाई पाउने ठहऱ्याएको सुरू फैसला केही उल्टी भई निजलाई मुलुकी अपराध संहिता,२०७४ को दफा ३६(३) को (ख) बमोजिम ३(तीन) वर्ष कैद सजाय हुने ठहरेकाले निज प्रतिवादी मुद्दा पूर्पक्षका क्रमा मिति २०७८/०३/२५ गते देखि २०७८/१२/२१ गते सम्म जम्मा ८(आठ) महिना २६(छब्बीस) दिन हिरासतमा बसेको देखिंदा सो अवधि कट्टा गरी बाँकी २(दुई) वर्ष ३(तीन) महिना ४(चार) दिन कैदको लगत कसी असूल गर्नू भनी सुरू अदातलमा लेखी पठाउनू।..................................................................................................३
- प्रत्यर्थी प्रतिवादी रेश्मा भन्ने सुकमाया राई तामाङ्गबाट मृतकको हकवालालाई रू.२५,०००/- (पच्चिस हजार) क्षतिपूर्ति समेत भराई दिने ठहरेकाले सोको लगत राखी नियमानुसार क्षतिपूर्ति भराई दिनू, सो प्रयोजनका लागि फैसलाको जानकारी मृतकको हकवालालाई दिनु र रू.६,००/- (छ सय) निज प्रतिवादीबाट क्षतिपूर्ति कोषमा दाखिला गराउनू भनी सुरू अदालतमा लेखी पठाउनू.....................................................................................................४
- प्रस्तुत फैसलामा चित्त नबुझे मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १३४(१) बमोजिम ७०(सत्तरी) दिन भित्र श्री सर्वोच्च अदालतमा पुनरावेदन गर्न जानू भनी प्रत्यर्थी प्रतिवादी रेश्मा भन्ने सुकमाया राई तामाङ्गलाई पुनरावेदनको म्याद दिनू।.......................................................................................................५
- मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १३२(४) बमोजिम फैसलाको प्रतिलिपि सहित फैसलाको जानकारी उच्च सरकारी वकील कार्यालय, धनकुटालाई दिई निस्सा मिसिल सामेल राख्नू।..............................................................................................६

- सरोकारवालाले प्रस्तुत फैसलाको नक्कल माग गरे नियमानुसार लाग्ने दस्तूर लिई नक्कलदिनु..........................................................................................७
- प्रस्तुत फैसलाको विद्युतीयप्रति अपलोड गरी दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू.................................................................................८

**रमेश कुमार खत्री**
**न्यायाधीश**

उक्त रायमा सहमत छु।

**फूर्पा तमाङ**
**न्यायाधीश**

फैसला/आदेश तयार गर्न सहयोग गर्नेः
शाखा अधिकृतः-ललित कुमार वि.के.
कसूर ठहर मितिः-२०७९/०९/२१/०५
सजाय निर्धारण मितिः-२०७९/१०/११/०४
प्रमाणीकरण मितिः-२०७९/११/०३/०४

न्यायाधीश अदालतको छाप

श्री

उच्च अदालत विराटनगर

संयुक्त इजलाश

इजलाश नम्बर ४

माननीय न्यायाधीश श्री राम बहादुर थापा

माननीय न्यायाधीश श्री जगतनारायण प्रधान

फैसला

मुद्दाः- कर्तव्य ज्यान।

रजिष्ट्रेशन नं.ः- २७-०७५-०३०१०

मुद्दा नं.ः- 078-CS-0472

निर्णय नं.ः- ५५२

प्रेम बहादुर गुरूङ्गको छोरा, मोरङ जिल्ला, बेलबारी नगरपालिका वडा नं. ४ घर भई कारागार कार्यालय मोरङ विराटनगरमा थुनामा रहेका योगेन्द्रबहादुर गुरूङ्ग.............................................................................१ — पुनरावेदक प्रतिवादी

विरूद्ध

मोरङ जिल्ला, बेलबारी नगरपालिका वडा नं. ४ बस्ने गंगामाया सुनुवारको जाहेरीले नेपाल सरकार...................................................................१ — प्रत्यर्थी वादी

मुद्दा नं.ः- 078-CS-0521

निर्णय नं.ः- ५५३

मोरङ जिल्ला, बेलबारी नगरपालिका वडा नं. ४ बस्ने गंगामाया सुनुवारको जाहेरीले नेपाल सरकार...................................................................१ — पुनरावेदक वादी

विरूद्ध

प्रेम बहादुर गुरूङ्गको छोरा, मोरङ जिल्ला, साविक बेलबारी नगरपालिका वडा नं. ४ धरहरा टोल बस्ने योगेन्द्रबहादुर गुरूङ्ग.............................................................................१ — प्रत्यर्थी प्रतिवादी

| | |
|---|---|
| सुरू फैसला गर्ने अदालतः- | मोरङ जिल्ला अदालत |
| सुरू फैसला गर्ने माननीय न्यायाधीशः- | श्री मनोज के.सी. |
| सुरू कसूर ठहर मितिः- | २०७८/१/१६ (नि.नं. ३२४) |
| सुरू सजाय निर्धारण मितिः- | २०७८/१/२३ (नि.नं. १८) |

| | |
|---|---|
| सुरू मुद्दा नं.- | 075-C1-0508 |
| पुनरावेदन दर्ता मितिः- | २०७८/५/१३,<br>२०७८/५/२३ |

**न्याय प्रशासन ऐन, २०७३ को दफा ८ को उपदफा (३)** बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्र पर्ने प्रस्तुत मुद्दाको पुनरावेदनसहितको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

तथ्य खण्ड

१. मेरो काकाको छोरी बर्ष २८ की रमिला राईलाई विपक्षी योगेन्द्रबहादुर गुरूङ्गले विगत ५/६ बर्ष अगाडिदेखि विवाह गर्छु भनी प्रलोभन देखाई आफ्नो साथमा राख्ने, बारम्बार साथमा लिई हिँड्ने घुमाउने र पत्नी जस्तै व्यवहार गर्दै आएकोमा बहिनी रमिला राईले आफ्नो इज्जत प्रतिष्ठाको लागि निज विपक्षीलाई पत्नी स्वीकार गर्न आग्रह गर्दा विपक्षीले पत्नी स्वीकार गर्न अस्वीकार गर्दै आएकोमा मिति २०७५/११/१७ गते अं.१९.३० बजेको समयमा निज विपक्षीले आफ्नै बा१५च ७९१६ नं. को कारमा रमिला राई तथा गाउँकै जलिना राई, बिक्रम राईलाई लिएर गई राती अं.२३.०० बजेतिर जलिना राई र बिक्रम राईलाई घरमा छाडी रमिला राईलाई योगेन्द्र गुरूङ्गले आफ्नो घरमा लिएर गएको, सोही दिनदेखि बेपत्ता पारेकोमा निजसँग सोधखोज गर्दा मैले राती २३.०० बजेको समयमा निजलाई घरैमा छाडी दिएको थिएँ, घरमा छैन र? त्यसो भए खोजी गर्नुपर्छ भनी खोजी गरी रहँदा निज विपक्षीसमेत सम्पर्कविहीन भई भागेको हुँदा निजले आफ्नो घरमा जेठी श्रीमती हुँदा हुँदै मेरो बहिनीलाई विवाह गर्ने बहाना बनाई सम्बन्ध राखेकोमा विवाह गर्दा इज्जत प्रतिष्ठामा असर पर्ने सोचले मेरो बहिनीलाई के कुन अवस्थामा बेपत्ता पारेको हुँदा निजलाई कानूनबमोजिम कारबाही गरी पाँउ भन्नेसमेत ब्यहोराको गंगामाया सुनुवारको जाहेरी दरखास्त।

२. जिल्ला मोरङ बेलबारी नगरपालिका वडा नं.४ स्थित पूर्वमा कसेनी स्कुलतर्फ जाने बाटो, पश्चिममा लामपाने खोला, उत्तरमा दलबहादुर राईको घर, दक्षिणमा धनबहादुर राईको घर यति चार किल्लाभित्र रहेको रमिला राईको घरबाट मिति २०७५/११/१७ गते राती १९.३० बजेको समयमा योगेन्द्रबहादुर गुरूङ्गले रमिला राईलाई लिएर गएको स्थानको चार किल्ला भन्नेसमेत ब्यहोराको घटनास्थल मुचुल्का।

३. जिल्ला मोरङ बेलबारी नगरपालिका वडा नं. ४ धरहरा स्थित पूर्वमा प्रेमकुमार गुरूङ्गको जग्गा, पश्चिममा लाक्पा शेर्पाको घर, उत्तरमा हरिप्रसाद रिमालको घर, दक्षिणमा राजकुमार राईको घर यति चार किल्लाभित्र रहेको योगेन्द्रबहादुर गुरूङ्गको घर कम्पाउण्डको पूर्वतर्फ साईडमा टिनको छाना लगाई गाडी राख्न प्रयोग गरेको ग्यारेजमा राखेको मृतक रमिला राईको लाश घरबाट सप्तकोशी नदीसम्म फाल्न लान प्रयोग गरेको योगेन्द्रबहादुर गुरूङ्गको बा१५च ७९१६ नं. को कार बरामद गरेको भन्नेसमेत ब्यहोराको बरामदी खानतलासी मुचुल्का।

४. जिल्ला मोरङ, बेलबारी नगरपालिका वडा नं. ४ धरहरा स्थित पूर्वमा प्रेमकुमार गुरूङ्गको जग्गा, पश्चिममा लाक्पा शेर्पाको घर, उत्तरमा हरिप्रसाद रिमालको घर, दक्षिणमा राजकुमार राईको घर, यति चार किल्लाभित्र रहेको योगेन्द्रबहादुर गुरूङ्गको पूर्व मोहोडा भएको ३ तलाको पक्की घर सो घरको भुई तलामा रहेको बरण्डाको कोठामा मिति २०७५/११/१७ गते राती अं.१२.०० बजेको समयमा योगेन्द्रबहादुर गुरूङ्गले रमिला राईलाई कर्तव्य गरी मारेको घटनास्थल मुचुल्का।

५. जिल्ला सप्तरी, हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. १ स्थित सप्तकोशी नदीमा मृतक रमिला राईको लाश पोका पार्न प्रयोग भएको प्लाष्टिकको बोरा थान २, साधा सेतो प्लाष्टिक तथा मृतक रमिला राईको टाउकोमा बेरीएको अवस्थामा रहेको हरियो रंगको पर्दाको कपडा, गुलाबी रंगको तौलिया, सेतोमा कालो धर्सा भएको सुतिको गम्छा, योगेन्द्रबहादुर गुरूङ्गले लगाउने कटराईजको खैरो रंगको ज्याकेट र मृतकको हात खुट्टा बाँधेको कपडाको जुईनासमेत मिति २०७५/१२/१३ गते बिहान फेला पारी बरामद गरेको बरामदी मुचुल्का।

६. मिति २०७५/११/१७ गते साँझ १९.३० बजेको समयमा बेलबारी नगरपालिका वडा नं.४ स्थित रमिला राईको घरबाट योगेन्द्रबहादुर गुरूङ्गले लिई गएको, मिति २०७५/११/१७ गते राती अं. १२.०० बजेको समयमा जिल्ला मोरङ, बेलबारी नगरपालिका वडा नं.४ स्थित विपक्षी योगेन्द्रबहादुर गुरूङ्गको घरमा निजलाई कर्तव्य गरी मारेको, मिति २०७५/१२/१३ गते बिहान अं. ०९.०० बजेको समयमा जिल्ला सप्तरी, हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. १ स्थित सप्तकोशी नदीमा मृतक रमिला राईको लाश फेला परेको। मेरो काकाको छोरी बर्ष २८ की रमिला राईलाई विपक्षी योगेन्द्रबहादुर गुरूङ्गले विगत ५/६ बर्ष अगाडिदेखि विवाह गर्छु भनी प्रलोभन देखाई आफ्नो साथमा राख्ने बारम्बार साथमा लिई हिंडने घुमाउने, पत्नी जस्तै व्यवहार गर्दै आएकोमा बहिनी रमिला राईले आफ्नो इज्जत प्रतिष्ठाको लागि निज विपक्षीलाई पत्नी स्वीकार गर्न आग्रह गर्दा विपक्षीले पत्नी स्वीकार गर्न अस्वीकार गर्दै आएकोमा मिति २०७५/११/१७ गते अं. १९.३० बजेको समयमा निज विपक्षीले आफ्नै बा१५च ७९१६ नं. को कारमा रमिला राई तथा गाउँकै जलिना राई, बिक्रम राईलाई लिएर गएकोमा राती अं.२३.०० बजेतिर जलिना राई र बिक्रम राईलाई घरमा छाडी रमिला राईलाई योगेन्द्र गुरूङ्गले आफ्नो घरमा लिएर गएकोमा सोही दिनदेखि बेपत्ता पारेकोमा निजसँग सोधखोज गर्दा मैले राती २३.०० बजेको समयमा निजलाई घरैमा छाडी दिएको थिएँ, घरमा छैन र? त्यो भए खोजी गर्नुपर्छ भनेकोमा निजसमेत सम्पर्क विहीन भई भागेको हुँदा निजले आफ्नो घरमा जेठी श्रीमती हुँदा हुँदै मेरो बहिनीलाई विवाह गर्ने बहाना बनाई सम्बन्ध राखेकोमा विवाह गर्दा इज्जत प्रतिष्ठामा असर पर्ने सोच्ने मेरो बहिनीलाई निजले नै के कुन अवस्थामा बेपत्ता पारेकोमा मिति २०७५/११/१७ गते राती अं.१२.०० बजेको समयमा मोरङ, बेलबारी नगरपालिका वडा नं.४ स्थित आफ्नै घरमा कर्तव्य गरी मारी मृतक लाश आफ्नै बा१५च ७९१६ नं.को कारको डिकीमा राखी सप्तकोशी नदीमा लगि फालेको भन्ने खुल्न आएको हँदा निज विपक्षीलाई कर्तव्य ज्यान अन्तर्गतसमेत कानूनबमोजिम कारबाही गरी पाउँ भन्नेसमेत ब्यहोराको गंगामाया सुनुवारको जाहेरी।

७. जिल्ला सप्तरी, हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. १ स्थित कोशी व्यारेज देखि अं.१ कि.मि.पश्चिम दक्षिण सप्तकोशी नदी किनारको पूर्वमा सप्तकोशी, पश्चिममा कोशीको नोज, उत्तर र दक्षिणमा कोशीको बाँध, यति चार किल्लाभित्र रहेको सप्तकोशी नदीको पश्चिम किनारमा पूर्व टाउको पश्चिम खुट्टा पारी बोरामा बाँधिएको लाशको बोरा काट्दा बोरा भित्र प्लाष्टिक, सो प्लाष्टिकसमेत काटी हेर्दा कफी कलरको कटराईजको ज्याकेट, तौलियासमेतले मृतकको टाउको तथा अनुहारको भाग छोपेको, हात र खुट्टा बाँधेको रमिला राईको लाशको दाँया आँखामाथि र दाँया कान माथि टाउकोमा धारीलो हतियारले काटेको जस्तो चोट रहेको सडी गली दुर्गन्धित हुन थालेको रमिला राईको लाश रहेको भन्नेसमेत ब्यहोराको घटनास्थल लाश जाँच मुचुल्का।

८. मिति २०७५/१२/१३ गते बिहान ०९.०० बजेको समयमा जिल्ला सप्तरी, हनुमाननगर कंकालिनी नगरपालिका वडा नं.१ स्थित सप्तकोशी नदीमा फेला परेको बोरामा पोका पारेको रमिला राईको लाश बोराबाट निकाली हेर्दा रमिला राईको अनुहार कपाल, निजले लगाएको रातो रंगको जामासमेतबाट हेरी चिने। उक्त लाश मेरो बहिनी रमिला राईको लाश हो भन्नेसमेत ब्यहोराको गंगामाया सुनुवारले लाश सनाखत गरेको कागज।

९. जाहेरवालाको बहिनी रमिला राईसँग मेरो ३/४ बर्ष पहिलादेखि चिनजान भए पछि मैले निजलाई विवाह गर्ने आश्वासन दिई शारीरिक सम्पर्कसमेत गर्दै आएकोमा निज रमिला राई मेरै घरमासमेत गई राती बसी बिहान माईत घर आउने गरेकी थिइन। यस्तैमा मिति २०७५/११/१७ गते साझ अं. १९.३० बजेको समयमा घुम्न जान भनी म मेरो बा१५च ७९१६ नं. को कार लिई निज रमिला राईको घरमा गई रमिला राई निजको छिमेकी साथी जलिना राई र बिक्रम राईसमेतलाई सोही कारमा राखी विराटचोक स्थित हवाना होटलमा लगि खाजा नास्ता खाई केही समय नाचगान गरी रमाइलो गरी राती ११.०० बजेतिर मेरै कारमा राखी जलिना राई र बिक्रम राईलाई निजहरूको घरमा छाडी रमिला राईलाई मैले आफ्नै घरमा लिई गएकोमा घरमा पुगेपछि म र निज रमिला राई गाडीबाट उत्रिएपछि राती अं. १२.०० बजेको समयमा निजले मलाई विभिन्न अश्लिल अपशव्द प्रयोग गरी गाली गलौज गरी हल्ला गर्न थालेपछि छर छिमेकीले थाहा पाउँछन भनी मैले निजलाई समाति भुँई तला बरण्डाको कोठामा भएको खाटमा दुबै हातले मुख थुनी खाटमा बसाई मेरो काखमा सुताउँदा करिब १० मिनेटसम्म राखेपछि निज बोल्न छाडेकीले मातेको मान्छे चुपलाग्यो होला भनी निजलाई सोही बरण्डा कोठामा भएको खाटमा सुताई म माथिल्लो तलामा भएको कोठामा गई लुगा फेरी बाथरूम गई निज रमिला राईलाई लिन आउँदा निजको मृत्यु भइसकेको रहेछ। निजको मृत्यु भएको थाहा पाएपछि मलाई डर लागेको हुँदा रमिला राईको लाशलाई फेला नपर्ने गरी बेपत्ता बनाई राती नै घर लगि दिएको भनी बेपत्ता पार्ने सोचले मृतक लाश बोरामा हाली मैले मेरै बा१५च ७९१६ नं. को कारको डिकीमा राखी सप्तकोसी नदीको पुलको २९ नं. ढोकाबाट पानीको बहाबमा फाली दिएको हो। उक्त वारदात म एक्लैले घटाएको हो। बाटोमा सिसी क्यामेराको फुटेजमा देखिएको सेतो कार गाडी मेरो नै हो। पहिले अपराधबाट बच्नको लागि रमिला राई के कहाँ गईन, खोजतलाश गरौ भनेको हो। मृतक मातेर मलाई गाली गलौज गरी होहल्ला गरेको हुँदा आफ्नो इज्जत जोगाउनको लागी निजको मुखमा दुवै हातले थुनी दिँदा श्वासप्रश्वास रोकिएको कारण मृत्यु

भएको हो भनी उल्लेख गरेका छन भने ततिम्वा बयान गर्दा मृतक मातेर मसँग विवाह गर्ने प्रस्ताव राख्दा आवेशमा आई हामी दुवैबीच हात हालाहाल हुँदा निजलाई घचेडेको कारण हुर्रिएर खाटको चोसो र ढोकासमेतमा ठोक्किएको हुँदा रगत निस्किएकोले लाशबाट बरामद भएको तौलीया, मैले लगाउने ज्याकेट र ढोकाको पर्दासमेत निजको टाउकोमा बेरिदिएको हो। आफू अपराधबाट बच्नको लागि लाश वेपत्ता बनाउने कार्य गरी निजलाई मैले नै कर्तव्य गरी मारेको हो भन्नेसमेत ब्यहोराको प्रतिवादी योगेन्द्रबहादुर गुरूङ्गले मौकामा अनुसन्धानको क्रममा गरेको बयान तथा ततिम्वा बयान।

१०. म प्रतिवादी योगेन्द्रबहादुर गुरूङ्गले सञ्चालन गरेको बेलबारी सामुदायिक नोबेल अस्पतालमा लेखापालको काम गर्दै आएको छु। रमिला राई कहिलेकाही बिरामी भई उपचार गर्नको लागि बेलबारी सामुदायिक नोबेल अस्पतालमा योगेन्द्रबहादुर गुरूङ्गसँग आउने गरेको थियो। मिति २०७५/११/१८ गते बेलुकातिर अस्पताल आउँदा सधै भन्दा अलि निन्याउरो देखेपछि मैले के भयो भनी सोधखोज गर्दा मिति २०७५/११/१७ गते राती रमिला राई र निजको गाउँको २ जना साथीहरू भई हामी विराटचोक स्थित हावना होटलमा गई खाजा नास्ता खाएर आउँदा रमिलाका साथीहरूलाई घर नजिकै छोडेँ, रमिलाले मलाई घर लैजा भनेपछि निजलाई मेरो घर लाँदै गर्दा म जाँदिन मेरो घर पुऱ्याई दे भनेपछि मैले फेरी निजको घर नजिकै लगि छोडेको थिएँ। त्यही समयदेखि रमिला हराएछ भनी बताउनुभयो। मिति २०७५/११/१९ गते बिहान ८ बजेतिर योगेन्द्रबहादुर गुरूङ्ग अस्पतालमा आई मलाई रमिलाले पहिलादेखि नै झुण्डेर मर्छु। बिष खाएर मर्छु। तँलाई फसाउछु भनी घुर्काउने गरेको थियो। कतै कोशीतिर गएर हामफाली मऱ्यो की जाउँन हेर्नलाई भन्नु भएपछि म र योगेन्द्रबहादुर गुरूङ्ग निजकै कारमा चढी कोशी व्यारेज गएर बीचतिर गाडी रोकी दक्षिणतर्फ रमिलाको लाश हेर्दै गर्दा पुलमा ढलान हुँदै रहेछ। ढलान गर्नेले गाडी हटाउनु भनेपछि गाडी पुल पारी सप्तरी जिल्लातिर लगि दक्षिणतर्फ जाने बाटोबाट केही तलसम्म गई जाल बुनिरहेका तराईबासी मानिसहरूलाई योगेन्द्रबहादुर गुरूङ्गले मेरो २७/२८ वर्ष की नानी हराएको छ। त्यस्तो कुनै लाश फेला परेको छ छैन? त्यस्तो लाश भेटिन्छ भेटिदैन? भनी सोध्दा जाल बुन्नेले लाश फेला परेको छैन। आफै हाम फालेको लाश तैरिन्छ। मारी फालेको धेरै तलसम्म जान्छ। गोही माछाले खान्छ भनेपछि हामी फर्की आएका हौं। आउने क्रममा ईटहरीपूर्व आएपछि योगेन्द्रबहादुर गुरूङ्गले मेरो मोबायलबाट को कसलाई फोन गरी एउटा नानी हरायो लाश खोज्न कोशी व्यारेजमा गएँ, भटिएन। हराउनेको आफन्तले मलाई आरोप लगाउँदै छन, के गर्नु? भनी सल्लाह लिँदै थिए। रमिला राईलाई बेपत्ता पारेको बिषयमा मलाई केही भन्नु भएको छैन भन्नेसमेत ब्यहोराको बिष्णु चुहानले लेखाई दिएको कागज।

११. बेपत्ता भएकी रमिला राई र जलिना राई मेरो गाउँको मानिस हुन। रमिला राईले पहिला नै विवाह गरेकी थिइन्। एक जना छोरी जन्मिएपछि श्रीमानलाई छाडी छोरी माइती घरैमा राखी बस्दै आएकी थिइन्। रमिला राईलाई योगेन्द्रबहादुर गुरूङ्गले ४/५ वर्ष अगाडिदेखि नै विवाह गर्छु भनी सँगै लिएर हिँडने, सँगै बस्ने, घर लिएर जाने, योगेन्द्रबहादुर गुरूङ्गसमेत रमिलाको घरमा आउने बस्ने श्रीमान श्रीमती जस्तै सम्बन्ध थियो। मिति २०७५/११/१७ गते म र जलिना

राईलाई रमिला राईले आज एकछिन विराटचौक जाउँ भनेको हुँदा हामीले हुन्छ भनेकोमा साँझ ७.३० बजेतिर रमिला राई र योगेन्द्रबहादुर गुरूङ्ग योगेन्द्रकै बा१५च ७९१६ नं. को कारमा मेरो घर नजिकै आएर म समेतलाई बोलाएपछि म र जलिना राईसमेत गाडीमा चढी हामी चारै जना विराटचोकस्थित हवाना होटलमा गई योगेन्द्र गुरूङ्ग बाहेक हामीले २ हाफ रूस्लान खायौं। योगेन्द्रले खाजा नास्ता मात्र खायो। सोपछि राती ११ बजेतिर हामी घर आयौं। हाम्रो घर नजिकै आएर म र जलिना राई गाडीबाट झर्यौ। रमिला राई र योगेन्द्रबहादुर गुरूङ्ग योगेन्द्रको घर जाने भनी गाडीमै गएका थिए। त्यो समयदेखि रमिला बेपत्ता भएकी छिन। रमिला कहाँ छन् भनी योगेन्द्रबहादुर गुरूङ्गलाई सोधखोज गर्दा मैले राती निजकै घर नजिकै ल्याएर छोडेको थिएँ भनी बताएको र केही दिनखोजे जस्तो गरी योगेन्द्रबहादुर गुरूङ्ग सम्पर्कविहीन भई भागेका छन्। रमिला राईलाई योगेन्द्रबहादुर गुरूङ्गले नै के कहाँ बेपत्ता पारेका हुन्। निजको घरमा श्रीमती छोराहरूसमेत भएकोमा रमिला राईलाई विवाह गरी श्रीमती जस्तै गरी लिई हिँड्ने हुँदा विवाह गर्दा घर परिवार समाजमा नराम्रो हुन्छ,समस्या पर्छ भन्ने सोचले विवाह नगर्नका लागि रमिला राईलाई के कसरी बेपत्ता पारेको हुँदा निजउपर कानूनबमोजिम कारबाही गरी पाउँ भन्नेसमेत ब्यहोराको बिक्रम राईले लेखाई दिएको कागज।

१२. बेपत्ता भएकी रमिला राई मेरो छेमा नाता पर्ने मानिस हुन्। हामी पहिलादेखि नै मिल्ने साथी हुँदा प्रायः संगै हिँड्ने बस्ने गरेका थियौं। रमिला राईले अरूसँग विवाह गरी १ जना छोरी भएतापनि योगेन्द्रबहादुर गुरूङ्गले विवाह गर्छु भनी फकाई फुलाई सँगै हिड्ने बस्ने खाने जहाँ गयो उतै लाने श्रीमान श्रीमती जस्तो सम्बन्ध थियो। रमिला राईलाई योगेन्द्रबहादुरले आफू जहाँ गयो उतै लाने, जान नमाने विभिन्न कारण देखाई जान बाध्य बनाई लिएर जाने गरेको थियो। मिति २०७५/११/१७ गते रमिला राई र योगेन्द्रबहादुर गुरूङ्ग विराटचौक जाने सल्लाह गरेका रहेछन्। रमिला राईले म र छिमेकी बिक्रम राईलाई आज विराटचौक जाउँ भनेपछि हामीले हुन्छ भनेका थियौं। साँझ ७.३० बजेतिर रमिला राई र योगेन्द्रबहादुर गुरूङ्ग निजकै बा१५च ७९१६ नं. को कारमा मेरो घर नजिकै आएर म समेतलाई बोलाएपछि म र बिक्रम राईसमेत कारमा चढी हामी चारै जना विराटचौकस्थित हावना होटलमा गई हामीले २ हाफ रूस्लान खायौं। योगेन्द्रबहादुर गुरूङ्गले खाजा नास्ता मात्र खाए। सोपछि ११ बजेतिर घर आएकोमा म र बिक्रम राई घर नजिकै झर्यो। रमिला राई राती योगेन्द्रबहादुर गुरूङ्गकै घरमा गई बस्ने र रमिला राई घरमा बस्दा योगेन्द्रबहादुर गुरूङ्ग रमिला राईको घरमा बस्ने हुँदा हामी योगेन्द्रबहादुर गुरूङ्गको घरमा जान्छौं भनी सोही कारमा योगेन्द्रबहादुर गुरूङ्गको घरमा गएका थिए। भोलिपल्ट रमिला राई हराएको थाहा पाई निजका साथी आफन्तहरूलाई सोधखोज गर्दा हालसम्म फेला परेको छैन। योगेन्द्रबहादुर गुरूङ्गलाई सोधखोज गर्दा मैले राती नै रमिला राईलाई निजकै घर नजिकै छोडेको भनी बताई केही समय खोजी गरे जस्तो गरी निजसमेत सम्पर्कविहीन भएका छन्। योगेन्द्रबहादुर गुरूङ्गको श्रीमती छोराहरू भएको र रमिला राईसमेत श्रीमानलाई त्यागी योगेन्द्रबहादुर गुरूङ्गसंगै हिँड्ने बस्ने गरेको र विवाह गरी लानु भन्दा झै झगडासमेत हुने गरेको मलाईसमेत थाहा भएको हुँदा रमिला राईलाई विवाह गर्दा गाउँ समाज परिवारमा समस्या हुने,प्रतिष्ठामा धक्का पुग्ने भन्ने सोच बनाई विवाह नगर्नका

लागि योगेन्द्रबहादुर गुरूङ्गले नै रमिला राईलाई के कसरी बेपत्ता पारेको हुँदा निजउपर कानूनबमोजिम कारबाही गरी पाउँ भन्नेसमेत ब्यहोराको जलिना राईले लेखाई दिएको कागज।

१३. रमिला राई र म बीचमा बिगत ७/८ बर्ष पहिलादेखि चिनजान भएको हो। निज रमिला राई र योगेन्द्रबहादुर गुरूङ्ग बीचमा बिगत ५/६ बर्ष पहिलादेखि सम्बन्ध रही आएकोमा निज योगेन्द्रबहादुर गुरूङ्गले रमिला राईलाई घुमाउन लैजाने, कहिलेकाहिँ राती आफ्नो घरमा लगि राख्ने गरेकोमा निजहरूको श्रीमान श्रीमती जस्तै सम्बन्ध रहेपनि सामाजिक तथा कानूनी रूपमा श्रीमान श्रीमती थिएनन्। मिति २०७५/११/१७ गते म हरी गुरूङ्गसँग दमक गएको थिएँ। राती ९/१० बजे म दमकमा भएको बेला जलिना राईको मोवायलबाट मसँग गफ गरेको हो। सो बेला योगेन्द्र गुरूङ्गसँग भएको भनेकी थिइन। मिति २०७५/११/१८ गते बिहान ०४.४८ बजेको समयमा र ०४.५० बजेको समयमा फोन गरी रमिला राई घर गयो कि गएन भनी फोन गरेको हो। बिहान फोन गर्दा योगेन्द्रबहादुर गुरूङ्गले रमिला राइलाई मैले राती तिमीहरूसँग कुरा गरेपछि स्कुटीमा राखी घर लगि दिएको भनेकोमा बिहान ०५.०० बजेतिर रमिला राईको घर जाँदा घरमा रमिला राई थिइनन्। मैले रमिला राईको बहिनीहरूलाई योगेन्द्र दाईले राती नै रमिलालाई घर ल्याई दिएको भनेका थिए, आएकी छैन? भनेपछि मलाई योगेन्द्र दाईले ढाँटेको रहेछ जस्तो लाग्यो। बिहान १०.०० बजेसम्म पनि निज रमिला राई घर नआएपछि म आफ्नो घर गएको हो। सोही दिनदेखि रमिला राई घरमा नआई बेपत्ता भएकीमा निजको खोज तलाशमा योगेन्द्रबहादुर गुरूङ्गसँग, हामीसँग चिनजान भएका साथीहरूको घर घर गई खोजी गर्दासमेत फेला नपरेकी हुन्। खोज तलाशकै क्रममा योगेन्द्रबहादुर गुरूङ्गसमेत सम्पर्कविहीन भएपछि निजलाई खोज तलाश गरी पक्राउ गर्दा निजले रमिला राईलाई मिति २०७५/११/१७ गते राती अं. १२.०० बजेको समयमा आफ्नै घरमा कर्तव्य गरी मारी मृतक लाश बोरामा हाली आफूले प्रयोग गर्ने बा१५च ७९१६ नं. को कारको डिकीमा राखी सप्तकोशी नदीको पानीमा फाली दिएको खुलासा भएको हो। निज रमिला राईलाई योगेन्द्रबहादुर गुरूङ्गले विवाह गर्छु भनी प्रलोभन देखाई श्रीमती जस्तै व्यवहार गरेपनि श्रीमती स्वीकार गरेका थिएनन। रमिला राईले विवाह गर्न पटक पटक आग्रह गर्दा मैले तिमीलाई विवाह गर्दा मेरो इमेज बिग्रन्छ। छोराहरूलाई असर पर्छ भन्ने गरेको कारण सोही कुरालाई लिएर रमिला राई र योगेन्द्रबहादुर गुरूङ्गको बेलाबेलामा झगडा हुने गरेको मलाई थाहा थियो। निजले विवाह गर्न इन्कार गर्दा रमिला राईले योगेन्द्रबहादुर गुरूङ्गसँगको सम्बन्धबाट छुटकारा पाउन विदेश जानको लागि कति पटक मेन पावरमा जाँदासमेत योगेन्द्रबहादुर गुरूङ्गले मेन पावरको मान्छेलाई गाली गर्ने, हप्काउने गरी पासपोर्ट फिर्ता ल्याई निजको पासपोर्टसमेत योगेन्द्रबहादुर गुरूङ्गले नै राखी दिएको कुरा निज रमिला राईले मलाई सुनाउँथी। वारदात भन्दा केही दिन पहिला मैले निज रमिला राईलाई यसरी तिमी र योगेन्द्रबहादुर गुरूङ्ग बीचमा लुकेर सम्बन्ध राखेको प्रायः सबैले थाहा पाएका छन्। यो कुराले समाजमासमेत असर पर्छ। तिमीलाई राम्रो भन्दैनन, तिम्रो छोरी पनि ठुली हुँदै छ, उसले के सोच्छ? त्यसैले चाँडो योगेन्द्र दाईसँग विवाह गर, नत्र सम्बन्ध नराख भन्दा योगेन्द्र दाईले मलाई विवाह नगर्ने, विदेश जान पनि नदिने, कुनै काम गर्न पनि नदिने, घरैमा बस सबै कुरा पुऱ्याइदिन्छु भन्छ, मलाई पनि

गाह्रो भएको छ, एक दुई दिनपछि योगेन्द्र दाईसँग फाइनल कुरा गर्छु भन्दै थियो। सोही कुरालाई लिएर रमिला राईले निज योगेन्द्रबहादुर गुरूङ्गलाई मलाई विवाह गर्नु, विवाह नगर्ने भए आजबाट सम्बन्ध नराख्ने भन्ने कुरा राख्दा निजहरू बीचमा विवाद उत्पन्न भई रमिला राईले आफूसँगको सम्बन्धको बारेमा अन्य मानिसहरूलाई भनेमा आफ्नो इमेज बिग्रने डरले रमिला राईलाई कर्तव्य गरी मारी निजको मृतक लाशलाई व्यवस्थापन गरी राती नै रमिला राईलाई घरमा छाडी दिएको भनी रमिला राईको परिवारलाई झुट्टा जानकारी गराई लामो समयसम्म चलेको अवैधानिक सम्बन्धलाई लुकाउने उद्देश्य मनासयले निज योगेन्द्र गुरूङ्गले रमिला राईलाई कर्तव्य गरी मारेका हुन्। निजउपर कानूनबमोजिम कारबाही होस भन्नेसमेत ब्यहोराको पबिना भन्ने प्रबिना भुजेलले गरी दिएको घटना बिवरण कागज।

१४. रमिला राई र योगेन्द्रबहादुर गुरूङ्ग बीचमा बिगत ५/६ बर्ष पहिलादेखि चिनजान सम्पर्क भई घुम्न जाने, संगै बस्ने, योगेन्द्र गुरूङ्गले रमिला राईलाई कहिलेकाहिँ घर परिवारको सदस्य नभएको समयमा आफ्नो घरमा लाने, राती घरैमा राखी बिहान ०४.०० बजेतिर माइती घरमा ल्याई श्रीमती जस्तै गरी राखेको भए पनि कानूनी रूपमा आफ्नो श्रीमती स्वीकार गरेको थिएन। निज रमिला राईले कहिलेकाहिँ मलाई भेट्दा देवरबाबु भनेर बोलाउने हुँदा मैले पनि भावीजी भनेर बोलाउने गरेको थिएँ। यस्तैमा वारदातको ३/४ दिन पहिला घुम्दै म रमिला राईको घरमा जाँदा रमिला राईको साथी मोरङ, बेलबारी नगरपालिका वडा नं. २ बस्ने पबिना भन्ने प्रबिना भुजेलसँग रमिला राईकै घरमा चिनजान भई फोन नं. आदान प्रदान गरेका थियौं। मिति २०७५/११/१७ गते मैले दिनको १४.०० बजेतिर पबिना भन्ने प्रबिना भुजेललाई फोन गरी कता हो? भन्दा म बेलबारीमा रमिलासंगै छु भनेपछि मैले कन्ट्रिरोड होटलमा नास्ता खान बोलाएँ। उक्त होटलमा रमिला राई, जलिना राई र पबिना भन्ने प्रबिना भुजेल आएपछि नास्ता खाँदै गर्दा मैले निज प्रबिना भुजेललाई घुम्न जाउँ भने रमिला राईले आज योगेन्द्र दाईसँग घुम्न जाने, तिमी मेरो देवरबाबु हरि भाईसँग जाउँ भन्दा निज प्रबिना भुजेलले मसँग घुम्न जान सहमत भएपछि निज प्रबिना भुजेल र म बेलबारीबाट लेटाङ्ग गयौं। रमिला राई र जलिना राई घर गए। लेटाङ्ग गई केही समय लेटाङ्ग बसी साँझ ०६.०० बजेतिर हामी झापा दमकमा भएको पलेंटी होटलमा गुड फ्राईडे म्युजिक कन्सर्ट हाम्रै गाउँका भाईहरूले गर्न लागेको हुँदा हेर्न र उतै बसी केही समय रमाइलो गर्नको लागि गएका थियौं। राती ९/१० बजेतिर रमिला राईको साथी जलिना राईको मोबायलबाट रमिला राईले प्रबिना भुजेलको मोबायलमा फोन गरी कुरा गर्दा योगेन्द्र गुरूङ्ग, रमिला राई, जलिना राई र बिक्रम राई विराटचौकस्थित हवाना होटलमा गएको थाहा पाएको हो। म र प्रबिना भुजेल राती अं. १०.४० बजेतिर दमकबाट बेलबारीतिर हिंडेकोमा बेलबारी आईपुग्दा रातीको अं. ११.२० बजेको थियो। बेलबारी आई प्रबिना भुजेललाई रमिला राईको घरमा छाडी म घर जानको लागी रमिला राई घर आएकी छन छैनन? भनी बुझ्नको लागी मेरो ९८४२०९२४३१ नं. को मोबायल फोनबाट योगेन्द्र गुरूङ्गको ९८५२०४६२२३ नं. को मोबायलमा फोन गरी रमिला राईसँग प्रबिना भुजेल बोल्दा रमिला राई योगेन्द्र गुरूङ्गको घर गएको भनेपछि मैले प्रबिना भुजेललाई बेलबारी १ मा सनम गुरूङ्गले सञ्चालन गरेको बेलबारी गेष्ट हाउसमा सुताउन निज सनम गुरूङ्गलाई फोन गरेकोमा सनम गुरूङ्गले फोन

नउठाएपछि प्रबिना भुजेललाई घर जाने? भन्दा नाई म त यति राती घर जान्न भनेकोले मैले चिनेको दाई सिरक धिमालको घरमा गई सुत्नु पर्‍यो भनी निजलाई फोन गर्दा भाउजुले फोन उठाई दाजु मराउमा जानुभएको छ भनेपछि गाडीमानै सुत्ने सोचले मैले सिरक धिमालको घर अगाडि गाडी राखी म गाडीको पछाडी सिटमा सुते प्रबिना भुजेल अगाडिको सिटमा सुतिन्। सिरक धिमाल मराउबाट आउँदा म गाडीमा सुतेको देखेको छ। योगेन्द्र गुरूङ्गले रमिला राईलाई आफ्नो घर लगेको बेला जहिले पनि उज्यालो नभई घर ल्याइदिने गरेको हुँदा मिति २०७५/११/१८ गते बिहानको राती ०४.४८ बजे योगेन्द्र गुरूङ्गले रमिला राईलाई घर ल्याइदिएको छ छैन? ल्याइदिएको भए प्रबिना भुजेललाई रमिलाको घर लगि दिई म घरमा आई सुत्नको लागि मैले योगेन्द्र गुरूङ्गलाई फोन गर्दा मैले राती अं. ११.३० बजे नै रमिला राईलाई घर लगिदिएको भनेपछि मैले प्रबिना भुजेललाई रमिला राईको घर छेउमा छाडी म घरमा आई सुतेको हो। बिहान अं. १० बजेतिर बेलबारी बजारमा आउँदा प्रबिना भुजेलले मलाई फोन गरी रमिला घर आएकै छैन, म घर जान्छु, मलाई लिन आउनु भनेपछि मैले रमिला राईको घरमा गई प्रबिना भुजेललाई घर लगिदिएको, योगेन्द्र गुरूङ्गले रमिला राईलाई घर लगिदिएको भनेपनि रमिला घरमा नभएपछि मैले योगेन्द्र गुरूङ्गसँग बुझ्दा घर गएको छैन अरे, टेन्सन भएको छ भन्नुभयो। मैले प्रहरीमा हुलिया दिउँ भन्दा साँझसम्म पर्खनु पर्यो, आएन भने हुलिया निवेदन दिने भनेका थिए। भोलिपल्ट पनि रमिला राई घर नआएपछि १९ गते प्रहरीमा हुलिया निवेदन दिई योगेन्द्र गुरूङ्ग रमिला राईको घर परिवार स्थानीय मानिस प्रहरीसमेतको सकृयतामा रमिला राईको खोज तलाशकै क्रममा योगेन्द्र गुरूङ्गसमेत सम्पर्कमा नआई भागेपछि प्रहरीले खोजी गरी निज योगेन्द्र गुरूङ्गलाई पक्राउ गरेपछि निज रमिला राईलाई योगेन्द्र गुरूङ्गले आफ्नै घरमा कर्तव्य गरी मारी मृतक लाश बोरामा हाली बा१५च ७९१६ नं. को कारको डिकीमा राखी सप्तकोशी नदीमा लगि फालेको भन्ने पत्रपत्रिमामा समाचार आउँदा पत्रिका हेर्दा थाहा पाएको हो। मैले सुने अनुसार योगेन्द्र गुरूङ्ग र रमिला राई बीचमा कहिलेकाहिँ झगडा हुन्छ भन्ने सुनेको थिएँ। निजले के कारण रमिला राईको कर्तव्य गरी मारेका हुन्, निज प्रतिवादीलाई कानून बमोजिम कारबाही होस भन्नेसमेत ब्यहोराको हरी भन्ने प्रकास गुरूङ्गले लेखाइदिएको कागज।

१५. मैले बिगत १ बर्ष पहिलादेखि मोरङ सुन्दरहरैंचा नगरपालिका वडा नं. ९ स्थितमा हवाना होटल सञ्चालन गरी आएको छु। म दैनिक सोही होटलमा हुन्छु। होटलमा काम गर्ने कामदार पनि हुन्छन्। होटलमा दैनिक १००/२०० जना ग्राहक आउने, खाने बस्ने गर्छन्। सबै आउने ग्राहकलाई ध्यान दिन सकिने अवस्था पनि हुँदैन। यस्तैमा मिति २०७५/११/१७ गते राती ०८.०० बजेतिर मैले सञ्चालन गरेको हवाना होटलमा मैले पछि नाम थाहा भएको मोरङ, बेलबारी नगरपालिका वडा नं. ४ बस्ने योगेन्द्रबहादुर गुरूङ्गले पछि नाम सुने अनुसार रमिला राईसमेत अन्य दुई जनासमेत ४ जना मेरो होटलमा आई टेबलमा बसी रूस्लान भोड्कासमेत खाँदै थिए। मैले अन्य केही वास्ता गरिन। सामान्य तरिकाले होटलमा आउने ग्राहकलाई स्वागत गर्दा मैले देखेको मेरो होटलमा आउँदा योगेन्द्र गुरूङ्गले खैरो खैरो कोट कालो पेन्ट, निलो कलरको क्याप टोपी लगाएको थियो। रमिला राईले रातो कलरको वान पिस लुगा लगाएकी थिइन।

निजहरूले होटलमा खाँदै रमाइलो गरी नाचगान गरे। योगेन्द्र गुरूङ्ग केही समय नाचे पनि अधिकांश समय टेबलमानै बसे। निजहरूसँग आएकी रमिला भने अलि मातेको जस्तो थिइन्। मैले होटल बन्द गर्न राती अं. ०९.४० बजेतिर गीत बन्द गर्दा निजले मलाई रिसाए जस्तो गरी बजाई दिनु भन्दै थिइन। सो बेला योगेन्द्र गुरूङ्गले पनि एउटा गीत बजाइदिनु न त भन्दा मैले एउटा गीत बजाइदिएँ। निज रमिला राईको अन्य बेलाको स्वभाव कस्तो थियो मलाई थाहा नभए पनि सो दिनको व्यवहार अलि फरक जस्तो लागेको थियो। निजहरू पहिला पनि एक पटक मेरो होटलमा आई खाजा नास्ता खाएका थिए। मेरो होटलमा बसी राती एकिन समय मलाई थाहा नभए पनि अं. १०.४० बजेतिर मेरो होटलबाट निस्केर गएकोमा त्यस्को २/३ दिनपछि योगेन्द्र गुरूङ्गसँग मेरो होटलमा आएकी रमिला राई हराएको कुरा थाहा पाएँ। निजको खोजी हुँदै गर्दा निज रमिला राईलाई योगेन्द्र गुरूङ्गले आफ्नै घरमा कर्तव्य गरी मारी मृतक लाश सप्तकोशी नदीमा लगि फालेको भन्ने विभिन्न पत्रपत्रिकामा समाचार प्रकाशन हुँदा घटनाको बारेमा थाहा पाएको हो। निजले के कारण, के कुन रिसईवीले रमिला राईलाई कर्तव्य गरी मारेको हो? सोसमेत अनुसन्धान गरी दोषीउपर कानून बमोजिम कारबाही गरिपाउँ भन्नेसमेत ब्यहोराको अनिल खड्काले लेखाइदिएको कागज।

१६. रमिला राई मेरो सहोदर माइली दिदी हुन्। निजले विगत १०/११ बर्ष पहिला तेह्रथुम घर भएका भिम लिम्बूसँग विवाह गर्नु भएको थियो। निजबाट एक छोरीको जन्म भएपछि मजदुरीको लागी भेना भारततर्फ जानुभयो। भेना भारत गएपछि दिदीसँग सम्पर्क नगरी बेवास्ता गरेपछि दिदी रमिला राई माईत घरमानै छोरी साथमा लिई बस्ने गर्नु भएकोमा बिगत ५/६ बर्ष पहिलादेखी मोरङ, बेलबारी नगरपालिका वडा नं. ४ बस्ने योगेन्द्रबहादुर गुरूङ्गसँग दिदीको चिनजान भएपछि दैनिक रूपमा भेट गर्ने, घुम्न जाने गर्न थाल्नुभयो। बाबुले यसरी किन हिँडेको भन्दा निजले मलाई विवाह गर्ने भनेको छ, म उसैसँग विवाह गर्छु भनेर बुबाहरूलाई भन्ने गरेकी थिइन्। दिदी रमिला राई योगेन्द्रबहादुर गुरूङ्गको घरमा जाँदा राती उतै बसी बिहान उज्यालो नभई घर आउने गरेकी थिइन्। हामी निज योगेन्द्र गुरूङ्गलाई भेना भनेर बोलाउने गरेका थियौं। दिदीको छोरीलाई पनि बाबा भन्न लगाउने गर्थे। निजले दिदीसँग सम्बन्ध राख्न थालेको १/२ बर्ष पछि निज दिदी रमिला राई र योगेन्द्र गुरूङ्ग बीचमा विवाहको कुरालाई लिएर वादविवाद हुने गरेको थियो। दिदी योगेन्द्रबहादुर गुरूङ्गसँग भएको बेला दिदीको मोबायलमा कसैले फोन गर्यो भने योगेन्द्रबहादुर गुरूङ्गले दिदीलाई गाली गर्ने, कुट्नेसमेत गर्ने गरेकोले योगेन्द्रबहादुर गुरूङ्गसँग घुम्न गएको बेला दिदी रमिला राईले मोबायल बोक्ने गर्नु भएको थिएन। योगेन्द्रबहादुर गुरूङ्गले दिदी रमिला राईलाई विवाह गर्छु भनेपनि विवाह नगरेपछि घर परिवार तथा समाजलेसमेत नराम्रो तरिकाले हेर्न थालेकाले दिदीले योगेन्द्रबहादुर गुरूङ्गसँगको सम्बन्धबाट छुट्नको लागि वैदेशिक रोजगारमा जान धेरै पटक विभिन्न मेनपावरमा गई पासपोर्ट छाड्दा निज योगेन्द्रबहादुर गुरूङ्गले मेन पावरको मान्छेलाई गाली गरी दिदीको पासपोर्ट योगेन्द्रबहादुर गुरूङ्गले नै राखी दिने गरेकोले दिदीले की मलाई विवाह गरी वैधानिक श्रीमती बनाउ, नत्र मेरो पिछा छाडी दिनु भन्दा मैले तलाई विवाह गर्न सक्दिन, किनकि तँलाई विवाह गर्यो भने मेरो इमेजमा धक्का लाग्छ, मेरो छोराहरू ठुलो हुँदै छ, नराम्रो हुन्छ। म तँलाई कहिल्यै पनि विवाह गर्दिन, जीवनभरी छाड्दिन पनि, तँलाई जे जे चाहिन्छ म पुर्याईदिन्छु भन्ने गरेका थिए। मिति

२०७५/११/२ गते प्रेम दिवसको दिन निज योगेन्द्र गुरूङ्गको बा१५च ७९१६ नं. को कारमा म, दिदी रमिला राई पथरी गएकोमा पथरीबाट फर्कने क्रममा दिदी र निज योगेन्द्रबहादुर गुरूङ्ग बीचमा विवाह गर्ने नगर्ने भन्ने बिषयमा वादविवाद हुँदा पथरी बजार भन्दा तल कता जंगलमा योगेन्द्र गुरूङ्गले दिदीलाई कपालमा समाई कुट्दै गाडीबाट बाहिर निकाली दिएपछि म पनि रुँदै गाडीबाट बाहिर निस्कें। हामीलाई गाडीबाट निकाली निजले गाडी लिएर गएपछि साथीहरूलाई फोन गरी टेम्पोमा घर आएकोमा घर आएपछि दिदी रमिला राईले मलाई योगेन्द्र गुरूङ्गले किन जंगलमा छाडयो? मलाई तुरून्त योगेन्द्र गुरूङ्गको घरमा लगिदिनु भनी दिदीको साथीहरूलाई भन्दा साथीहरूले योगेन्द्र गुरूङ्गको घरमा लगि दिएका थिए। पछि म र गाउँकै दाई योगेन्द्रबहादुर गुरूङ्गको घरमा जाँदा दिदीले योगेन्द्रबहादुर गुरूङ्गलाई मलाई किन छाडिस् भन्दै हल्ला गरी रहनु भएको थियो। त्यतिबेला योगेन्द्र गुरूङ्गले दिदीलाई सास फेर्न नहुने गरी मुख थुनी दिँदा दिदी छटपटाउन थालेपछि मैले योगेन्द्रबहादुर गुरूङ्गको हात खुस्काई दिदीलाई सम्झाई बुझाई घर लिएर आएको हो। त्यति बेलादेखि निज योगेन्द्र गुरूङ्ग प्रति मलाई शंका लाग्न थालेको थियो। निजले दिदीलाई मार्न सक्छ भन्ने लागेको थियो। मिति २०७५/११/१७ गते साझ अं. १९.३० बजेतिर दिदी घरैमा भएको बेला योगेन्द्रबहादुर गुरूङ्ग आई दिदी रमिला लगायत गाउँकै बिक्रम राई र जलिना राईलाई लिएर गएका थिए। त्यसपछि दिदी घर फर्की नआएपछि भोलिपल्ट बिहान सोधी खोजी गर्दा जलिना राई र बिक्रम राईलाई राती ११.०० बजेतिर घर छाडी दिदी रमिला राईलाई योगेन्द्रबहादुर गुरूङ्गले लिएर गएको भनी जलिना राईसमेतले भनेपछि योगेन्द्रबहादुर गुरूङ्गलाई सोधी खोजी गर्दा मैले राती ११.३० बजे तिर स्कुटरमा राखी घर छेउमा छाडी दिएको थिएँ, कता गएछ भनेपछि उसको साथीहरू तथा जान सक्ने स्थानहरू सबैतिर खोज तलाश गर्दा पनि रमिला राईको कतै पत्तो नभएपछि २०७५/११/१९ गते प्रहरी कार्यालयमा हुलिया निवेदन दिई खोजतलाश गर्दा योगेन्द्र गुरूङ्गले विवाह गर्न भन्दा दिदीलाई गाली गर्ने, कुटपिट गर्ने, सास फेर्न नसक्ने गरी मुख थुनी दिने जस्तो गरेको मैले नै देखेको हुँदा निज प्रति शंका लागि रहेको अवस्थामा निजसमेत सम्पर्क विहीन भएपछि प्रहरीद्वारा पक्राउ गर्दा दिदी रमिला राईलाई कर्तव्य गरी मारी मृतक लाश बोरामा हाली निजले प्रयोग गर्ने बा१५च ७९१६ नं. को कारको डिकीमा राखी सप्तकोशी नदीको पुलबाट फालिदिएको भन्ने खुलेको हो। ५/६ बर्षदेखि चली आएको अवैधानिक सम्बन्धलाई वैधानिक बनाई श्रीमती बनाउन दिदी रमिला राईले योगेन्द्रबहादुर गुरूङ्गलाई आग्रह गर्दा तिमीलाई विवाह गर्दा इमेजमा असर पर्छ, विवाह गर्दिन, जीवनभरी छाड्दिन पनि। यतिकै लुकीछिपी सम्बन्ध राख्नुपर्छ भनी बारम्बार भन्ने गरेकोमा दिदीले विवाह नगर्ने भए सम्पर्क नगर्नु भनी विवाह गर्न दवाव दिइरहेको अवस्थामा लामो समयसम्म अवैधानिक रूपमा राखेको सम्बन्धको बारेमा रमिला राईले अन्य कसैलाई सुनाई दियो भने आफू बर्वाद हुन्छु भन्ने सोची निज योगेन्द्रबहादुर गुरूङ्गले मेरो दिदी रमिला राईलाई योजना बनाई लामो समयसम्म चलेको अवैधानिक सम्बन्धलाई लुकाउने उद्देश्य मनासायले आफ्नो घरमा कर्तव्य गरी मारी रमिला राईलाई बेपत्ता बनाई घटनालाई रहस्यमय बनाउने गरी मृतक लाश सप्तकोशी नदीमा फाली बेपत्ता पारेको हुँदा योजना बनाई रमिला राईको कर्तव्य गरी मारी सप्तकोशी नदीमा फाली

बेपत्ता बनाउने विपक्षी योगेन्द्रबहादुर गुरूङ्गलाई कानूनबमोजिम कारबाही गरी पाउँ भन्नेसमेत ब्यहोराको समिक्षा राईले गरी दिएको कागज।

१७. रमिला राई मेरो माइली छोरी हुन्। निजको विगत १०/११ बर्ष पहिला तेह्रथुम घर भएका भिम लिम्बुसँग विवाह भएको थियो। निजबाट एक छोरीको जन्म भएपछि मजदुरीको लागी ज्वाई भारततर्फ जानुभयो। ज्वाई भारत गएपछि छोरीसँग सम्पर्क नगरी छोरीलाई बेवास्ता गरेको हुँदा छोरी रमिला राई र निजको नाबालिका छोरी मेरो नातिनीलाई मैले माईतमानै राखी पालनपोषण गरी रहेको थिएँ। यस्तैमा छोरी रमिला राई र बेलबारी ४ धरहरा बस्ने योगेन्द्रबहादुर गुरूङ्गसँग सम्पर्क भएको रहेछ। सो कुरा मैले थाहा पाएपछि छोरीलाई सम्झाउदा निजले मलाई योगेन्द्र गुरूङ्गले विवाह गर्ने भनेको छ, म निजसंगै विवाह गर्छु भनिन्। योगेन्द्रबहादुर गुरूङ्गले पनि बुबा रमिलालाई म विवाह गर्छु तपाईंको ज्वाईं म नै हो भन्यो। म मजदुरी गरी खाने सोझो मान्छे होला तिमीहरूनै जान्ने बुझ्ने छौ, जे गर्छौ गर भनें। यसरीनै निज योगेन्द्र गुरूङ्गले मेरो छोरी सँग ५/६ बर्षसम्म विवाह गर्छु भन्दै अवैधानिक रूपमा श्रीमतीजस्तै सम्बन्ध राखी राती आफ्नै घरमा लाने बिहान उज्यालो नभई घरमा ल्याइदिने गर्न थालेपछि छर छिमेकका मान्छेलेसमेत कुरा काट्न थालेपछि मैले छोरी रमिला राईलाई यसरी योगेन्द्रबहादुर गुरूङ्गसँग हिंडेको बसेको बिषयमा छिमेकीहरूलेसमेत कुरा काट्न थालेका छन्। योगेन्द्रबहादुर गुरूङ्गसँग विवाह गरी उसैको घरमा गई बस् नत्र यसरी कुरा काट्ने मौका नदे, योगेन्द्रबहादुर गुरूङ्गलाई छाडी दे भनी सम्झाउदा छोरी रमिला राईले मैले योगेन्द्रबहादुर गुरूङ्गलाई विवाह गर भनेको हो। निजले तिमीलाई विवाह गर्न सक्दिन। तिमीलाई विवाह गर्दा मेरो मान प्रतिष्ठामा असर पुग्छ। म इज्जतदार मान्छे हो, मेरो छोराहरू पनि ठुला हुँदै छन्, नराम्रो हुन्छ, म तिमीलाई विवाह गर्न सक्दिन तिमीलाई अन्त कतै जान पनि दिन्न, जीवनभरी छाड्दिन, तिमीलाई के चाहिन्छ सबै पुऱ्याइदिन्छु भन्छ। मैले निजसँग छुटकारा पाउनको लागि विदेश जानको लागी मेनपावरमा पासपोर्ट दिँदासमेत मेनपावरको मान्छेलाई हप्काई थर्काई मेरो पासपोर्टसमेत निजले नै राखी दिएको छ भनेपछि मैले वारदात भन्दा १ महिना पहिला योगेन्द्रबहादुर गुरूङ्गलाई हेर्नुहोस्, हामी गरीब मान्छे जनमजदुरी गरी खान्छौं, गरीब भए पनि घर गाउँमा इज्जत छ, तपाई र रमिलासँगको सम्बन्धले घर गाउँमा नराम्रो भएको छ, कि रमिला राईसँग सिन्दुर पोते गरी आफ्नै घरमा लगि राख्नुहोस् नत्र रमिलासँगको सम्बन्ध छाडी दिनुहोस भन्दा निजले हुन्छ म चाँडै सबै व्यवस्था मिलाउछु भनेको थियो। म घर बनाउने मिस्त्री काम गर्ने हुँदा कामबाट घर आई गलेको कारण साँझमानै सुतिहाल्छु। मिति २०७५/११/१७ गते पनि कामबाट घर आई म साझैंमा सुतें। म घरमा आई सुत्दा रमिला राई घरैमा थिइन। बिहान उज्यालो भइसकेपछि उठ्दा रमिला राईलाई नदेखेपछि मैले साईली छोरी समिक्षा राईलाई रमिला खोई भन्दा निजले हिजो राती साडे सात बजेतिर योगेन्द्र गुरूङ्गले रमिला राई, जलिना राई र बिक्रम राईलाई लिएर गएका थिए, आएकै छैन भनिन्। मैले आउँछिन् होला भन्ने सोची खाना खाइवरी काम गर्न बेलबारी ११ लक्ष्मी मार्ग गए साँझमा कामबाट घर आउँदासम्म रमिला राई घरमा नआएको कुरा घरमा भएकी छोरी समिक्षा राईले सुनाउँदा रमिला राईसँग गएका जलिना राई र बिक्रम राईसँगसमेत बुझ्दा मिति २०७५/११/१७ गते साझ अं. १९.३० बजेको समयमा योगेन्द्र गुरूङ्गसँग विराटचौकस्थित हवाना

होटलमा गई खाजा नास्ता खाई राती ११.०० बजेतिर हामीलाई घरमा छाडी रमिला राईलाई घर लिएर गएको थियो भनेपछि छोरी हराई बेपत्ता भएको थाहा भयो। योगेन्द्र गुरूङ्गको व्यवहारले गर्दा निजले नै बेपत्ता पारेको शंका लागिरहेको थियो। छोरी समिक्षा राई, रमिला राईको साथीहरू भई प्रहरीमा हुलिया निवेदन दिई खोजी गरिरहेको अवस्थामा खोजी गर्दा गर्दै योगेन्द्रबहादुर गुरूङ्ग भागेपछि प्रहरीले खोज तलाश गरी योगेन्द्रबहादुर गुरूङ्गलाई पक्राउ गरेपछि मेरो छोरी रमिला राईलाई निज योगेन्द्रबहादुर गुरूङ्गले मिति २०७५/११/१७ गते राती अं. १२.०० बजेतिर आफ्नै घरमा कर्तव्य गरी मारी मृतक लाश बोरामा हाली निजले प्रयोग गर्ने बा१५च ७९१६ नं. को कारको डिकीमा राखी सप्तकोशी नदीको पुलबाट कोशीमा फाली दिएको भन्ने खुलेको हो। निज विपक्षीलाई कानूनबमोजिम कारबाही गरी पाउँ भन्नेसमेत ब्यहोराको अगम सेर राईले लेखाइदिएको कागज।

१८. प्रतिवादी योगेन्द्रबहादुर गुरूङ्गले रमिला राईलाई विवाह गर्ने बहानामा बिगत ५/६ बर्षदेखि श्रीमती जस्तै व्यवहार गरी आएकोमा हाल रमिला राईले विवाह गर्न आग्रह गर्दा निजले विवाह गर्न नसक्ने, विवाह गर्दा इज्जत प्रतिष्ठामा दाग लाग्ने, छोराहरूसँग नराम्रो हुन्छ भनी रमिला राईलाई कुटपिट गर्ने यातना दिने गरेकोमा रमिला राईले आफ्नो सम्बन्धको बारेमा अरूलाई भनिदिने, आफ्नो इज्जत प्रतिष्ठामा दाग लाग्ने डरले लामो समयसम्म अवैधानिक रूपमा राखी आएको सम्बन्धलाई लुकाउने मनासयले निज विपक्षी योगेन्द्रबहादुर गुरूङ्गले मिति २०७५/११/१७ गते राती अं. १२.०० बजेको समयमा रमिला राईलाई आफ्नै घरमा कर्तव्य गरी मारी मृतक लाश आफ्नै बा १५च ७९१६ नं. को कारमा राखी सप्तकोशी नदीमा लगि फाली बेपत्ता बनाएको हुँदा निज प्रतिवादीलाई कानूनबमोजिम हदैसम्मको कारबाही गरी पाउँ भन्नेसमेत ब्यहोराको सुजित कुमार राई, लक्ष्मी लिम्बु र संगिता राईले लेखाई दिएको वस्तुस्थिति मुचुल्का।

१९. रमिला राई मेरो छेमाको छोरी बहिनी हुन्। निजले पहिला तेह्रथुम विवाह गरेकी थिइन, पछि श्रीमानसँग छुटी १ छोरीसमेत साथमा लिई माइती घरैमा बस्दै आएकी थिइन। केही वर्ष अगाडिदेखि रमिला राईलाई प्रतिवादी योगेन्द्रबहादुर गुरूङ्गले साथैमा लिई हिंड्ने, सँगै बस्ने श्रीमती जस्तो बनाई आफ्नो घरतिरसमेत लगि राख्ने गरेको कुरा मलाईसमेत थाहा थियो। यस्तैमा मिति २०७५/११/१७ गते रातीसमेत योगेन्द्रबहादुर गुरूङ्गले रमिला राई लगायत गाउँका रमिलाको साथीहरूलाईसमेत लिई आफ्नो बा१५च ७९१६ नं. को कारमा के कता लिई हिंडेकोमा राती रमिलाको साथीहरूलाई घरैमा ल्याई छाडी रमिला राईलाई भने साथैमा लिई गएका रहेछन। सोही मिति समयदेखि रमिला राई बेपत्ता भएपछि खोजतलाश गर्दै जाने क्रममा राती योगेन्द्रबहादुर गुरूङ्गले नै लिई हिंडेको खुल्न आएपछि योगेन्द्रबहादुर गुरूङ्गसमेत केही समय खोजतलाश गर्ने जस्तो गरी सम्पर्कविहीन भएपछि प्रहरीले पक्राउ गरेको थियो। पक्राउ परेपछि मैले नै रमिला राईलाई मेरो घरैमा कर्तव्य गरी मारी बोरामा पोका पारी आफ्नै कारमा हाली सप्तकोशी कोशी व्यारजेको पानीको बहावमा फाली दिएको भनी बयान दिएको भन्ने कुरा मैले विभिन्न पत्रपत्रिकामा सुनी थाहा पाएपछि बहिनी रमिला राईको मृतक लाश खोजी गर्नको लागि इलाका प्रहरी कार्यालय बेलबारी लगायतका प्रहरी र गाउँ घरका मानिसहरूको सहयोगमा कोशी व्यारेजमा पटक पटक

गई खोजी गर्दासमेत लाश फेला पर्न सकेको थिएन। यस्तैमा मिति २०७५/१२/१३ गते बिहान करिब १० बजेतिर बहिनी रमिला राईको मृतक लाश कोशी व्यारेजमा फेला पर्‍यो भन्ने खबर पाएपछि मसमेत गाउँ घरका मानिसहरू तत्काल कोशी व्यारेज जाँदा जिल्ला सप्तरी, हनुमानगर कंकालिनी नगरपालिका वडा नं. १ स्थित कोशी व्यारेजदेखि करिब १ कि.मि. दक्षिणमा सप्तकोशीको बगरमा सेतो मलको प्लाष्टिकको बोरामा पोका पारेको मृतक लाश फेला परेको रहेछ। उक्त लाश प्रहरी, स्थानीय मानिससमेतको सहयोगमा मैले नै बाहिरी बोरा ब्लेटले काट्दा बाहिर भएको बोरा भन्दाभित्र दरो खालको सेतो रङ्गको प्लाष्टिकले लाश पोका पारी पर्दा काटी डोरी बनाई बाधेको निस्कियो। उक्त प्लाष्टिकसमेत काट्दा मृतक रमिला राईको भित्रबाट मुखमा गम्छा पोका पारी खाँदिदिएको, सो भन्दा बाहिर प्रतिवादी योगेन्द्रबहादुर गुरूङ्गले सधै लगाई हिँड्ने गरेको कफी रङ्गको कट्राईजको ज्याकेटले घाँटी देखि माथी बाँधेको र सो भन्दा बाहिर हल्का हरियो रङ्गको ढोकामा लगाउने पर्दाले टाउकोको भागमा बाँधेको, पर्दा च्याती हात खुट्टा बाँधेको अवस्थामा देखियो। सो ज्याकेट कपडाहरू सबै निकाली हेर्दा कम्बरदेखि तल कालो रङ्गको पेन्टी मात्र लगाएको, दिशासमेत गरेको, शरीरमा अन्य कुनै लुगाका कपडा नरहेको, धेरै दिनपछि फेला परेको कारण लाश सडी गलेतापनि शरीरको बनावट पहेलो रङ्गको कपालको रङ्ग र अनुहारसमेत स्पष्ट चिनीने नै भएको कारण मृतक लाश रमिला राईकै भएको चिनेको हो। मृतक लाशको दाहिने आँखामाथि कन्चटमा धारिलो हतियारले काटेको ठुलो चोट पटक र तिघ्राको भाग तिर निलडामहरू देखिएको थियो। सोपछि प्रहरीद्वारा कानून बमोजिम लाश जाँच मुचुल्का गरी पोष्टमाटर्मको लागि पठाएको हो। मृतकको लाश ओल्टाई पल्टाई गरी चेकजाँच गर्ने लगायतको काममा मैले नै प्रहरीलाई सहयोग गरेको हो। मृतक रमिला राईको लाश हेर्दा योगेन्द्रबहादुर गुरूङ्गले धारिलो हतियारसमेतले प्रहार गरी निर्ममतापूर्वक कर्तव्य गरी मारी आफैंले लगाउने गरेको ज्याकेट, ढोकाको पर्दासमेतले बेरी बोरा, प्लाष्टिकसमेतले बाँधी कोशी व्यारेजमा फालिदिएको हुँदा सो घटनामा अन्य मानिसहरूसमेतको संलग्नता भए अनुसन्धान गरी कानूनबमोजिम कारबाही गरिपाउँ भन्नेसमेत ब्यहोराको पूर्ण राईले लेखाइदिएको कागज।

२०. Cause of death could not be determined as the body in advanced state of decomposition. However viscera are preserved for toxicological analysis भन्ने र Spilt laceration incised wound is present on the right side of the frontal region of 2 cm×0.5 cm size with depth up to the underlying bone. Wound suggestive of laceration of present on the mid parietal region of 6cm×0.5 cm size with depth up to the underlying bone present on the right front- parietal region of 17cm×10cm size with depth up to the underlying present on left side occipital region of 1.5×0.5cm size with depth up to the underlying bone भन्ने उल्लेख भएको Wounds as described in autopsy report are suggestive of ante-mortem in origin. Time since death is more than three weeks. भन्ने ब्यहोराको मृतक रमिला राईको शव परिक्षण प्रतिवेदन।

२१. प्रतिवादी योगेन्द्रवहादुर गुरूङ्गले मृतक रमिला राईलाई मिति २०७५/११/१७ गते साँझ घरबाट लिएर गएकोमा निजले रमिलालाई कर्तव्य गरी मारी निजको लाश बोरामा हालेर आफ्नो गाडीमा राखी सप्तकोशी नदीमा पुर्‍याई पुलबाट कोशीको वहावमा पर्ने गरी फ्याकी कर्तव्य ज्यानको कसूर

पुष्टि हुन आएकोले निज प्रतिवादी योगेन्द्रबहादुर गुरूङ्गलाई मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद १२ को दफा १७७ को उपदफा (१) बमोजिमको कसूरमा ऐ.ऐनको दफा १७७ को उपदफा (२) बमोजिम जन्मकैदको सजाय हुन र ऐ.ऐनको दफा १८६ बमोजिम मृतकको हकवालालाई मनासिव क्षतिपूर्ति निजै प्रतिवादीबाट दिलाई भराई पाउन तथा अपराधमा प्रयोग भएको बा१५च ७९१६ नं. को आई ट्वान्टी कार कसूरजन्य सम्पति तथा साधन (रोक्का नियन्त्रण र जफत) ऐन, २०७० को दफा ११ बमोजिम जफत गरी पाउँ भन्नेसमेत ब्यहोराको अभियोग दाबी।

२२. हुलिया जाहेरी र जाहेरी दरखास्तको ब्यहोरा झुट्टा हो। म मोरङ जिल्ला बेलबारी नगरपालिका वडा नं. ३ स्थित बेलबारी बजारमा रहेको बेलबारी सामुदायिक नोबेल अस्पतालको अध्यक्ष पदमा रहि काम गर्छु। मृतक रमिला राईका ठुलोबुबालाई दमको समस्या भएकाले निज रमिला राईले बेलाबेलामा बेलबारी सामुदायिक नोबेल अस्पतालमा जचाँउन लिएर आउने गर्थिन। २०७५ सालको जाडो सिजनमा निज रमिलाले निजको ठुलोबुबालाई दमको उपचार गराउन अस्पताल लिई आएकी थिइन। उपचार पछि उपचारमा लागेको खर्च नपुग भई छुट पाउनको लागि म समक्ष आएकी थिइन। मैले पनि निजको अवस्था र हैसियत हेरी संस्थाको नियमभित्र रही छुट दिन मिल्ने रकम छुट सिफारिश गरिदिएको थिएँ। मृतकसँग मेरो चिनजान म अध्यक्ष भएको अस्पतालको सेवाग्राहीको रूपमा भएको हो। निजसँग मेरो अस्पतालको सेवाग्राहीको सम्बन्ध मात्र थियो। मिति २०७५/११/१७ गते मैले मृतकलाई घरबाट लिई आएको होइन। मैले निजलाई कर्तब्य गरी मारेकोसमेत होइन र निजलाई मार्नुपर्ने कुनै कारणसमेत छैन। मैले निजलाई विवाह गर्छु भनी साथमा लिई हिंड्ने गरेको, सँगै घुमाउन लाने गरेकोसमेत होइन। मिति २०७५/११/१७ गतेको साँझको समयमा म घरमा नै बसी बेलबारी-चिसाङ साझेदारी वनबाट काठ ल्याउने विषयमा छलफल गरी बसेको थिएँ। छलफलपछि म घरमा नै बसें। म विभिन्न संस्थासँग आवद्ध रही मोरङ जिल्लामा समाजसेवा गरी आएकोले मेरा विपक्षीले मलाई बदनाम गराउन र मलाई राजनीतिमा पछि पार्नको लागि सुनियोजित रूपमा झुट्टा जाहेरी दिएको हो। मैले रमिला राईलाई कर्तब्य गरी मारेको होइन। बा.१५च ७९१६ नं. को कार मैले प्रयोग गर्ने गरेको मेरो आफ्नै कार हो। मृतकको लाश कहाँबाट बरामद भयो मलाई थाहा भएन। अनुसन्धानको क्रममा भएको बयान मेरो होइन। मिति २०७५/११/१७ गते मैले मृतकसमेतलाई लिई गई हवाना होटलमा खाजा नास्ता खाएको छैन। मैले बयान पढ्न माग गर्दा पछि पढ्नु होला अहिले सहीछाप गरीदिनु भनेकाले विश्वासमा परी सहीछाप गरी दिएको हुँ। उक्त बयानमा लेखिएबमोजिम मैले जाहेरवालाको बहिनी रामिला राईलाई कर्तब्य गरी मारेको होइन। मिति २०७५/११/१८ गते म दिनभरी बेलबारी स्थित म अध्यक्ष रहको बेलबारी सामुदायिक नोबेल अस्पतालमा नै थिए। मैले विष्णु चुहानलाई लिएर कोशी ब्यारेज गएको पनि होइन। मैले विक्रम राई र जलिना राईलाई चिनेको छैन। रमिला राईसँग मेरो कुनै अनैतिक सम्बन्ध थिएन। निजलाई विवाह गर्छु भनी घुमाउने गरेको पनि होइन। निजलाई मैले ४ महिना अघिमात्र चिनेको हो। मैले मृतकको लाश देखिन। त्यसैले लाशमा के के थियो भन्ने सम्बन्धमा

मलाई केही जानकारी छैन। बेलबारी बजार र कोशी ब्यारेज पुलको सि.सि. क्यामराको फुटेजमा कारको नं. देखिदैन। मेरो आई ट्वान्टी मोडलको कारमा धेरैजसो सेतो रङको कार बजारमा आएको छ। फुटेजमा देखिएको कार मैले चलाउने गरेको मेरो कार होइन। कसको हो मलाई थाहा छैन। मउपर राजनितिक पूर्वाग्रह साधनको लागि झुट्टा उजुरी परेको हो। मैले रमिला राईलाई कर्तव्य गरी मारेको होइन, अभियोग दाबी झुट्टा भएको हुँदा झुट्टा दाबीबाट सफाइ पाउँ भन्नेसमेत ब्यहोराको प्रतिवादी योगेन्द्रबहादुर गुरूङ्गले सुरू अदालतमा गरेको बयान।

२३. प्रतिवादीलाई पुर्पक्षका लागि थुनामा राख्नेगरी भएको श्रेस्तेदारको मिति २०७५/१२/२२ को आदेश सदर गर्ने गरी मिति २०७५/१२/२८ मा आदेश भएको र प्रतिवादी योगेन्द्र बहादुर गुरूङ्ग पुर्पक्षको निमित्त कारागार कार्यालय मोरङमा थुनामा रहेका।

२४. मिति २०७५/११/१७ गते बेलुका योगेन्द्र गुरूङ्ग, जलिना राई, बिक्रम राई र रमिला राई घरबाट क्लब जाने भनी निस्कीएका, फर्किदा खेरी ११ बजे राती बिक्रम र जलिनालाई उनिहरूको दिदीको घरमा छोडी बहिनीलाई गाडीमा घर लाने भनी लगेकोमा घरमा नगएकामा निज योगेन्द्रको घरमा पनि बस्ने गरेकोले खोजी नगरिएको, भोलिपल्ट योगेन्द्रलाइ फोन गर्दा घर अगाडी छाडी दिएको भनेका, साईली बहिनी समिक्षाले मलाई फोन गरी रमिलालाई योगेन्द्रले लगेको अहिलेसम्म घर आएकी छैन भनेकी र सुरूमा २ दिनसम्म योगेन्द्र गुरूङ्गले समेत खोजतलाश गरेकोमा त्यसपछि निज सम्पर्कमा नआएकोले जाहेरी दिएकी हुँ। निज माथि जाहेरी दिएपछी पक्राउ गरी ल्याउदा घरमा श्रीमती भएकोले प्रतिष्ठा बिग्रन्छ भनी मैले मारे कोशीमा लगि फ्याले भनेको रहेछ। खोजी गर्ने क्रममा १७ दिनपछि कोशीमा भेल आएपछि पानीको भेलले बोरा निकालेको र प्रशासनले मलाई फोन गरी हुलिया अनुसारको लाश भेटिएको भनी फोन गरेकोले गई हेर्दा बोरामा हातखुट्टा बाधिएको, मुखमा तौलिया खादिएको, कन्चटमा चोट लागेको, योगेन्द्र गुरूङ्गको ज्याकेटले चोटलाई बाधिएको थियो। यति भएपछि मैले योगेन्द्र गुरूङ्गको बिरूद्धमा किटानी जाहेरी दिएको हो। जाहेरी दरखास्तको ब्यहोरा र सहिछाप मेरो नै हो मृतकलाई प्रतिवादी योगेन्द्र गुरूङ्गले मारेकोमा विश्वास लाग्छ। उसैको बयान अनुसार लाश भेटिएको हो। खोजी गर्दा मलाई गाउँका मानिसले भनेकाले शंकाको आधारमा विश्वास लाग्छ भनेको हो। सबैले भनेको हुँदा शंकाको आधारमा कर्तव्य गरी मारेको सम्बन्धमा विश्वास लाग्छ भनेकी हुँ भन्नेसमेत ब्यहोराको जाहेरवाला गंगामाया सुनुवारले सुरू अदालतमा गरेको बकपत्र।

२५. रमिला राईलाई प्रतिवादी योगेन्द्र गुरूङ्गले मारेको हो। निजहरूको विचमा ४/५ बर्ष अगाडी देखि चिनजान भएको र रमिलाले योगेन्द्रलाई बिहे गर भन्ने गरेकोमा आफ्नो क्यारियर बिग्रन्छ भनी विवाह गर्न नमानेकोमा निजहरूको विचमा बेला बेलामा विवाद हुन्थ्यो। यी नै प्रतिवादीले मायाको नाटक गरी मार्नु भएको हो। मिति २०७५/१०/१२ को घटना विवरण कागजमा भएको ब्यहोरा र सहिछाप मेरो नै हो। प्रतिवादीले रमिलालाई मारेको विषयमा एकिन साथ भन्न सक्दिन आखाले घटना घटेको नदेखेको हुँदा गाउँले भनेको सुनेको हो भन्नेसमेत ब्यहोराको घटना विवरण कागज गर्ने समिक्षा राईले सुरू अदालतमा गरेको बकपत्र।

२६. रमिला राइलाई कसले किन मारे मलाई थाहा छैन। गाउँ घरको कुरा सुन्दा योगेन्द्र गुरूङ्गले मारेको भन्ने सुनेको हो। गाउँ घरका मानिसको कुरा सुनी योगेन्द्रले मारेको होला भनी शंका गरेको हुँ। मृतक र प्रतिवादी विचको सम्बन्धको बारेमा मलाई थाहा छैन भन्नेसमेत ब्यहोराको घटना विवरण कागज गर्ने अगमसेर राईले सुरू अदालतमा गरेको बकपत्र।

२७. रमिला राईलाई को कसले किन मारे मलाई थाहा छैन। योगेन्द्र गुरूङ्गले मारेको भन्ने हल्ला सुनेको हो। मृतक र प्रतिवादी विचको सम्बन्धको बारेमा मलाई थाहा छैन। घटना विवरण कागजको सहिछाप मेरो हो ब्यहोरा के लेखिएको थियो मलाई थाहा भएन। तयार पारेको कागजमा प्रहरीलाई विश्वास गरी इलाका प्रहरी कार्यालय बेलबारीमा बसी सहीछाप गरेको हो भन्नेसमेत ब्यहोराको घटना विवरण कागज गर्ने प्रविना भुजेलले सुरू अदालतमा गरेको बकपत्र।

२८. रमिला राइलाई को कसले किन कर्तव्य गरी मारे मलाई थाहा छैन। म निजलाई चिन्दीन। घटना विवरण कागजको सहिछाप मेरो हो ब्यहोरा मेरो होइन। प्रहरीले मलाई हस्पिटलबाट बोलाएर सहिछाप गराएको हो भन्नेसमेत ब्यहोराको घटना विवरण कागज गर्ने विष्णु चुहान(चौहान)ले गरेको बकपत्र।

२९. रमिला राइलाई को कसले किन के कारणले कर्तव्य गरी मारे मलाई थाहा भएन। घटना विवरण कागजको सहिछाप मेरो हो ब्यहोरा मेरो होइन। तयार पारी राखेको कागजमा प्रहरीले सहिछाप गराएको हो। मृतक रमिला राईलाई प्रतिवादीले मारेको भन्ने कुरामा मलाई विश्वास लाग्दैन भन्ने समेत ब्यहोराको घटना विवरण कागज गर्ने बिक्रम राईले सुरू अदालतमा गरेको बकपत्र।

३०. रमिला राइलाई को कसले किन के कारणले कर्तव्य गरी मारे मलाई केही पनि थाहा छैन। मृतक र प्रतिवादीको बीचको सम्बन्धको बारेमासमेत मलाई केही थाहा छैन भन्नेसमेत ब्यहोराको बस्तुस्थिति मुचुल्काका लक्ष्मी लिम्बूले सुरू अदालतमा गरेको बकपत्र।

३१. रमिला राइलाई कसले कर्तव्य गरी मारे मलाई थाहा छैन। मृतक र प्रतिवादीको बीचको सम्बन्धको बारेमासमेत मलाई केही जानकारी छैन। मृतक रमिला राईलाई प्रतिवादीले मारेको भन्ने कुरामा मलाई विश्वास लाग्दैन भन्नेसमेत ब्यहोराको घटनास्थल मुचुल्काका सुजित कुमार राईले सुरू अदालतमा गरेको बकपत्र।

३२. रमिला राईलाई कसले किन के कारणले कर्तव्य गरी मारे भन्ने बारेमा मलाई जानकारी छैन। मृतक र प्रतिवादीको बीचको सम्बन्धको बारेमा मलाई केही थाहा छैन। घटना विवरण कागजको सहिछाप मेरो हो ब्यहोरा मेरो होइन। इलाका प्रहरी कार्यालयमा तयार पारी राखेको कागजमा सहिछाप गराएको हो। यी प्रतिवादीले मृतक रमिला राईलाई मारेको भन्ने कुरामा मलाई विश्वास लाग्दैन भन्नेसमेत ब्यहोराको घटना विवरण कागज गर्ने प्रकाश गुरूङ्गले सुरू अदालतमा गरेको बकपत्र।

३३. मृतक र प्रतिवादीको बीचमा कुनै प्रकारको सम्बन्धको बारेमा मलाई थाहा छैन। प्रतिवादी राम्रो बानी ब्यहोरा भएको,सामाजिक मान प्रतिष्ठा भएका मानिस भएकोले निजलाई राजनितिक पूर्वाग्रह राखी झुट्टा मुद्दा दिएको हुँदा प्रतिवादीलाई अभियोग दाबी बमोजिम सजाय हुनुपर्ने होइन भन्नेसमेत ब्यहोराको प्रतिवादीका साक्षी सन्त बहादुर लिम्बुले सुरू अदालतमा गरेको बकपत्र।

३४. मिति २०७५/११/१७ गतेका दिन सांझ ७.३० बजे बेलवारी चिसाङ साझेदारी वनको प्रतिवादी योगेन्द्र गुरूङ्ग संयोजक अध्यक्ष भएकोले निजसमेत भई बैठक बसी राती १०.३० बजे आ-आफ्नो घर गएका हौं। यी प्रतिवादीले रमिला राईलाई कर्तव्य गरी ज्यान मारेको होइन। प्रतिवादी निर्दोष भएकाले अभियोग दाबी बमोजिम सजाय हुने होइन भन्नेसमेत ब्यहोराको प्रतिवादीका साक्षी उत्तम पौड्याल, पुर्णबहादुर कोईरालाले सुरू अदालतमा गरेको एकैमिलान ब्यहोराको अलग अलग बकपत्र।

३५. मिति २०७५/११/२६, मिति २०७५/११/१८, मिति २०७५/१२/२० र मिति २०७५/१२/३ को प्रतिवेदन ब्यहोरा र सहिछाप मेरो हो। अनुसन्धानको क्रममा व्यक्ति वेपत्ता तथा कर्तव्यको कसूरमा प्रतिवादी योगेन्द्र गुरूङ्गले बयान कागज गर्दाको अवस्थामा मृतक लाश कोशीनेर पुगेपछि त्यहाँ भएका मानिसहरूलाई कुन ढोका खुल्ला छ भनी सोधेको हुँदा सोधिएका मानिस को को हुन भनि पहिचान गर्न गएको र उक्त मानिसहरू पहिचान हुन नसक्दा सोहि अनुसारको प्रतिवेदन पेस गरेको, ज्यान बेपत्ता सम्बन्धी कसूरमा मैले अनुसन्धान गरेको र ज्यान सम्बन्धी कसूरमा कार्यालय प्रमुख रामकुमार राईले अनुसन्धान गरेको हो। प्रतिवेदनमा मृतक र प्रतिवादीबीच भएको कुराकानी मात्र खुलाएको हो। अन्य व्यक्तिसँगको सम्पर्क खुलाएको छैन। सम्मानित अदालतबाट सि.डि.आर. हेर्ने अनुमति मागी कल डिटेल प्राप्त गरेको हो। म लगायत प्रहरी जवान भई प्रतिवादीलाई मिति २०७५/११/२६ गतेका दिन उर्लाबारी नगरपालिकाको एरियाबाट पक्राउ गरेको हो भन्नेसमेत ब्यहोराको प्रतिवेदक प्र.ना.नि. राजकुमार ठकुरीले सुरू अदालतमा गरेको बकपत्र।

३६. वादी नेपाल सरकारको अभियोग दाबी बमोजिम मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(१) बमोजिम नियतपूर्वक ज्यान मारेको भन्ने पुष्टि नभई सोहि संहिताको दफा १७९ बमोजिम गम्भिर उत्तेजना वा रिस आवेशमा आत्मसंयमको शक्ति गुमाई गरेका कार्यबाट ज्यान मर्न गएको पुष्टि भएकोले प्रतिवादी योगेन्द्र बहादुर गुरूङ्गले मुलुकी अपराध संहिता, २०७४ को दफा १७९(१) र दफा १७९(१)(क) बमोजिमको कसूर गरेको ठहर गरी सजाय निर्धारणको लागि पेस भएको प्रस्तुत मुद्दामा प्रतिवादी योगेन्द्र बहादुर गुरूङ्गले रिष, आवेश, उत्तेजनामा आई आत्मसंयम गुमाई अपराध हुन पुगेको भन्ने ठहर भई सकेकोले मुलुकी अपराध संहिता, २०७४ को दफा १७९(१) बमोजिम दश वर्ष कैद सजाय र एक लाख रूपैयाँ जरिवाना हुने, प्रतिवादीबाट पीडितका हकवालाले रू.५०,०००/- (पचास हजार रूपैयाँ) क्षतिपूर्ति भराइपाउने साथै बा.१५च. ७९१६ को कार जफतको दाबी पुग्न नसक्ने ठहर गरी सुरू मोरङ जिल्ला अदालतबाट मिति २०७८/१/१६ मा कसूर ठहर र मिति २०७८/१/२३ मा सजाय निर्धारण गरी भएको फैसला।

३७. मैले मृतकलाई मारी कोशी पुलबाट फालिदिएको भन्ने जाहेरी ब्यहोरा कुनैपनि वस्तुनिष्ठ र स्वतन्त्र प्रमाणबाट पुष्टि हुन सकेको छैन। वारदातमा निर्विवादरूपमा मेरो संलग्नता रहेको तथ्युक्त ठोस प्रमाणसमेत छैन। जाहेरवाला प्रत्यक्षदर्शी होइनन्। मृतककी आमा डम्बर कुमारी राईले मिति २०७५/११/१९ मा दिएको हुलिया जाहेरीबाट समेत जाहेरवालाले सुनेको एवम् शंकाको भरमा जाहेरी दिएको स्पष्ट छ। शंकाको भरमा जाहरी दिएको र सो आधारमा गरिएको अभियोग दाबी निराधार रहेको तथ्य उल्लेख गरी मैले अदालतमा बयान गरेको छु। मेरो बयानमा उल्लिखित "म वारदात घटेको भनिएको मिति समयमा आफ्नै घरमा वेलवारी चिसाङ साझेदारी वनवाट काठ ल्याउने

विषयमा वैठकमा छलफल गरी बसेको" भन्ने ब्यहोरा मेरा साक्षी दिलकुमार बस्नेतले अदालतमा गरेको बकपत्रको स.ज. ५, उत्तम पौड्यालले अदालतमा गरेको बकपत्रको स.ज. ६, सन्तबहादुर लिम्बूले अदालतमा गरेको बकपत्रको स.ज.७, र पूर्णबहादुर कोइरालाले सुरू अदालतमा गरेको बकपत्रको स.ज. ७ मा उल्लिखित "मिति २०७५/११/१७ गते साँझ ७.३० बजेदेखि १०.०० बजेसम्म बेलबारी चिसाङ साझेदारी वनको वैठकमा हामीसँगै रहेको" भनी खुलाइदिएको ब्यहोराबाट पुष्टि भएको छ। वादीका साक्षी प्रकाश गुरूङ्ग लगायतले कसले किन कहिले कर्तव्य गरी मृतक रमिला राईलाई मारेको भन्ने बारेमा थाहा छैन भनी बकपत्र गरेको अवस्था छ। वादीका साक्षिको बकपत्रलाई प्रमाणमा ग्रहण नगरी प्रमाण ऐन, २०३१ को दफा १८ र दफा ५४ को विपरीत सुरू अदालतबाट फैसला भएको छ। यसरी, मैले अदालतमा गरेको बयान तथा मेरा साक्षी एवम् घटना विवरण कागजमा रहेको वादीका साक्षीहरूले अदालतमा गरेको वकपत्र लगायतका प्रमाणहरूबाट वारदातमा मेरो संलग्नता नरहेको तथ्य पुष्टि भएको छ। वारदात कसको कारणले भएको भन्ने तथ्य शंकारहित तवरले पुष्टि नभएको अवस्थामा मलाई कसूरदार ठहर गरी भएको सुरू अदालतको फैसला "वारदात भएको तथ्य स्थापित हुनु र कसूर प्रमाणित हुनु भनेका अलग अलग विषय भएकाले वारदात भएको र वादातमा परी एकजनाको मृत्युसमेत भएको भन्ने तथ्यमा विवाद नभएतापनि को कसको कर्तव्यले घटना भएको हो भन्ने कुराको वस्तुनिष्ठ प्रमाण वादी पक्षले पेस गर्न सक्नुपर्दछ" (ने.का.प. २०६५, अङ्क ४, नि.नं. ७९५३) भनी सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको प्रतिकूल छ। म विवाहित र दुई छोराको बुवा भएकोले मैले रमिला राईलाई विवाह गर्न आश्वासन दिई निजसँग प्रेम सम्बन्धमा रहेको भन्ने मौकामा घटना विवरण कागज गर्ने समिक्षा राई र अगम शमसेरको भनाइ तर्कहीन छ। निजहरूले सो आरोपलाई शंकारहित तवरले प्रमाणित गर्न सकेका पनि छैनन्। प्रस्तुत मुद्दा निरपेक्ष दायित्वको अपराध (Crime of strict liability) नभई सापेक्षित दायित्व अन्तर्गतको अपराध (Crime of relative liability) अन्तर्गतको अपराध भएकोले अभियोग दाबी शंकारहित तवरले पुष्टि गर्ने प्रमाणको भार वादीमा रहन्छ। जसलाई प्रमाण ऐन, २०३१ को दफा २५ ले स्पष्ट पारेको छ। यस अवस्थामा शंकाको सुविधा प्रतिवादीले पाउने हुँदा शंका र अनुमानकै भरमा यस्तो गम्भीर प्रकृतिको मुद्दामा दोषि करार गर्न मिल्दैन। सुरू फैसला यस सम्बन्धमा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको प्रतिकूल छ। प्रहरीले कुटपीट गरी मेरो इच्छा विपरीत बयान गराएको तथ्य मैले अदालतमा गरेको बयानबाट पुष्टि भएको छ। उल्लिखित आधारमा सुरू अदालतको फैसला त्रुटिपूर्ण भएकाले उक्त फैसला बदर गरी अभियोग दाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादी योगेन्द्र बहादुर गुरूङ्गको पुनरावेदन जिकिर।

३८. वारदातस्थल प्रतिवादीको घर हो। लाश कोशी नदी छेउबाट बरामद भएको छ। वारदातपछि प्रतिवादीले गरेको कार्यले निजबाट केवल उत्तेजनामा मात्र सो वारदात भएको भन्ने देखिदैन। वारदातस्थल र लाश बरामद भएको स्थान करिव ६० किलोमिटरको दुरिमा छ। मिति २०७५/११/१७ मा प्रतिवादी, रमिला राई, जलिना राई, र विक्रम राई समेत प्रतिवादीकै गाडीमा गएकोमा जलना राई र विक्रम राईलाई छोडेपछि प्रतिवादीले रमिला राईलाई मात्र लिई

आफ्नो घरमा गएका र सो पछि रमिला राई वेपत्ता भएकोले निज प्रतिवादीलाई सोधखोज गर्दा रमिलालाई रमिलाकै घरमा छोडिदिएको र खोजि गर्नुपर्ने भनेकामा पछि आफैं वेपत्ता र सम्पर्कविहीन भई बसेको अवस्था मिसिलबाट देखिएको छ। त्यसैगरी, आफूले रमिला राईलाई कर्तव्य गरी मारेको भनी प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गरेका छन्। प्रतिवादीले योजनावद्ध ढङ्गले रमिला राईलाई मारेपछि लाश गायब बनाउने मनासायले कोशी नदीमा लाश दबाएको मिसिलसंलग्न प्रमाणबाट पुष्टि भएको अवस्था छ। अर्कोतर्फ, रमिला राई र प्रतिवादीबीच गहिरो प्रेम सम्बन्ध रहेको, रमिला राईले प्रतिवादीलाई पटक पटक विवाह गर्न अनुनय गरेको, प्रतिवादीको श्रीमती सन्तानसहितको आफ्नै घर परिवार रहेको कारण रमिला राईलाई विवाह गर्न सक्ने अवस्था नभएको तर रमिला राईसँगको सम्बन्ध तोड्न पनि नसकेको परिस्थिति रहेको देखिन्छ। निजहरूका बीच प्रेम सम्बन्ध रहेको र मृतकले विवाह गर्नुपर्छ भन्ने गर्दा प्रतिवादीले करियर बिग्रने भन्दै टार्ने गरेको भनी समिक्षा राईले घटना विवरण कागजमा उल्लेख गरको देखिन्छ। प्रतिवादीले विवाह गर्नबाट रोक्नका लागि रमिला राईलाई मारेको ब्यहोरा उल्लेख गरी विक्रम राई र जलिना राईले घटना विवरण कागज गरेका छन। पविना भन्ने पवित्रा भुजेलको कागजको ब्यहोराबाट समेत उक्त ब्यहोरा समर्थित छ। जाहेरवालाको बकपत्र, घटना विवरण कागजको ब्यहोरा लगायतका कागजबाट उक्त परिस्थिति थप पुष्टि भएको देखिन्छ। यसरी, प्रतिवादी योगेन्द्र बहादुर गुरूङ्गले नै रमिला राईलाई निजले विवाह गर्न पनि नसक्ने र सम्बन्ध तोड्न पनि नसक्ने अवस्थामा पुगि विवाहका लागि रमिला राईले पटक पटक अनुरोध गरेपछि अन्तिम निर्णय स्वरूप मारेको तथ्य प्रहरी प्रतिवेदन लगायतका मिसिलसंलग्न अन्य प्रमाण कागजहरू तथा परिस्थितिजन्य प्रमाणहरूबाट समेत एकपछि अर्को रूपले स्थापित भएको छ। यसरी, प्रतिवादी योगेन्द्र बहादुरको कसूर कसैले तत्काल गम्भीर उत्तेजना दिलाउने काम गरेबाट कसूरदारले आत्मसंयम गुमाई त्यस्तो उत्तेजना दिलाउने व्यक्तिको ज्यान मर्न गएको अवस्था होइन। तसर्थ, सुरू अदालतले प्रतिवादीलाई अभियोग दाबीभन्दा घटि सजाय हुनेगरी गरेको फैसला बदरभागी छ। सुरू अदालतको फैसला बदर गरी अभियोग दाबी बमोजिम प्रतिवादी योगेन्द्रबहादुर गुरूङ्गलाई मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद १२ को दफा १७७ को उपदफा (१) बमोजिमको कसूरमा ऐ.ऐनको दफा १७७ को उपदफा (२) बमोजिम जन्मकैदको सजाय गरी ऐ.ऐनको दफा १८६ बमोजिम निज प्रतिवादीबाट मृतकको हकवालालाई मनासिव क्षतिपूर्ति दिलाई अपराधमा प्रयोग भएको बा१५च ७९१६ नं. को आई ट्वान्टी कार कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का नियन्त्रण र जफत) ऐन, २०७० को दफा ११ बमोजिम जफत गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर।

३९. यसमा, सुरू मोरङ जिल्ला अदालतबाट मिति २०७८/१/२३ मा भएको फैसला उपर प्रतिवादी योगेन्द्र बहादुर गुरूङ्ग र वादी नेपाल सरकारको पुनरावेदन परेको देखिंदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३)(४) र उच्च अदलत नियमावली, २०७३ को नियम ११२ को प्रयोजनार्थ प्रतिवादीको पुनरावेदन परेको जानकारी पुनरावेदनपत्रको प्रतिलिपिसहित उच्च सरकारी वकील कार्यालय, विराटनगरलाई र वादी नेपाल सरकारको पुनरावेदन परेको जानकारी प्रतिवादीलाई

दिई नियम बमोजिम पेस गर्नु भन्ने ब्यहोराको मिति २०७८/९/२० मा यस अदालतबाट भएको आदेश।

४०. यसमा मुलुकी अपराध संहिता, २०७४ को दफा १७७ को उपदफा (१) बमोजिमको कसूरमा ऐ. दफाको उपदफा (२) बमोजिम सजाय गरी पाउँ भन्ने अभियोग दाबी रहेको प्रस्तुत मुद्दामा सुरू अदालतबाट दफा १७९ को उपदफा (१) बमोजिम कसूर कायम गरी सजाय हुने ठहऱ्याएउपर वादी नेपाल सरकारले अभियोग दाबी बमोजिमको कसूर कायम गरिपाउँ भनी पुनरावेदन गरेको र प्रतिवादीले अभियोग दाबीबाट पूर्णरूपमा सफाइ पाउँ भनी पुनरावेदन परेको परिप्रेक्षमा कर्तव्य ज्यान (Intentional Homicide), आदेश प्रेरित हत्या (Prevocational Homicide) र पूर्णरूपमा सफाइका सम्बन्धमा प्रचलित कानूनी व्यवस्था, श्री सर्वोच्च अदालतबाट प्रतिपादित मान्य सिद्धान्त, अन्तराष्ट्रिय अभ्यास एवम् यसका विधिशास्त्रीय मुल्यमान्यतासमेत संलग्न गरी उच्च सरकारी वकील कार्यालय विराटनगर र प्रतिवादी तर्फका विद्वान अधिवक्ताहरू समेतबाट आजको मितिले १५ दिन भित्र लिखित बहसनोट पेस गर्न लगाई नियमानुसार पेस गर्नुहोला भन्ने ब्यहोराको मिति २०७९/२/१० मा भएको आदेशानुसार वादी नेपाल सरकार र प्रतिवादीका कानून व्यवसायीले लिखित बहस नोट पेस गरी मिसिल सामेल रहेको।

**ठहर खण्ड**

४१. नियम बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेसी सूचीमा चढी निर्णयार्थ इजलाश समक्ष पेस हुन आएको प्रस्तुत मुद्दाको दोहोरो पुनरावेदन सहितको सुरू मिसिल समेत अध्ययन गरियो।

४२. पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट उपस्थित उच्च सरकारी वकील कार्यालय, विराटनगरको तर्फबाट पेस भएको बहसनोट अध्ययन गरी सो कार्यालयका विद्वान उपन्यायाधिवक्ता श्री भोलानाथ निरौलाले प्रतिवादी योगेन्द्र बहादुर गरूङ्गले आफ्नो श्रीमती छंदा छंदै लामो समय देखि मृतक रमिला राईसंग अबैध शारीरिक सम्बन्ध रहेको र निजले विवाह गर्न दबाब दिएको कारण कर्तब्य गरी मारेको मिसिल संलग्न प्रमाणबाट देखिएको, प्रतिवादीले देखाएको स्थानमा खोजतलाश गर्दा बोरामा हाली कोशीमा लगी फालेको अवस्थामा मृतकको शव फेला परेको, बारदातको मिति र समयमा यी प्रतिवादी बारदातस्थलबाट लाश बरामद भएको स्थानसम्म गएको सिसिटिभी फुटेज र कल डिटेल रेकर्डबाट देखिएको, बरामदित लाशको अवस्था र प्रकृति, प्रतिवादीले ज्यान मार्न र दवाउनको लागि खेलेको भूमिकासमेतका आधारमा अभियोग दाबी बमोजिम ज्यान सम्वन्धी कसूर कायम गरी सजाय गर्नु पर्नेमा आवेश प्रेरित हत्याको कसूर कायम गरी सजाय गर्ने गरेको सुरू अदालतको फैसला मिलेको नदेखिदा उक्त फैसला बदर गरी प्रतिवादीलाई अभियोग दाबी बमोजिमको कसूर कायम गरी सजाय गरी पाउँ भनी गर्नु भएको तर्कपूर्ण बहस सुनियो।

४३. प्रतिवादी योगेन्द्र बहादुर गुरूङ्गका तर्फबाट मुकरर विद्वान अधिवक्ताले पेस गर्नु भएको बहसनोट समेत अध्ययन गरी निज प्रतिवादीका तर्फबाट उपस्थित विद्वान अधिवक्ता त्रय श्री हेमराज पन्त, श्री बालकृष्ण आचार्य र श्री बिकास थापाले प्रतिवादीको अदालतसमक्ष गरेको इन्कारी बकपत्र, बारदात पूर्व होटलमा संगै बसेर खाना खाएको भनिएका बिक्रम राई र जलिना राईले अदालत

समक्ष गरेको बकपत्र तथा प्रतिवादीको साक्षीहरूको बकपत्र समेतबाट यी प्रतिवादीको कुनै पनि भूमिका नरहेको, प्रतिवादीले बारदात घटाएको भन्ने प्रत्यक्ष प्रमाण र चश्मदिद् साक्षीको अभावमा निर्दोष प्रतिवादीलाई पूर्णरूपमा सफाई दिनु पर्नेमा आवेश प्रेरित हत्याको कसूर कायम गरी दश वर्ष कैद सजाय गर्ने गरेको सुरू अदालतको फैसला मिलेको नदेखिदा उक्त फैसला बदर गरी प्रतिवादीलाई अभियोग दाबीबाट सफाई दिलाई पाउँ भनी गर्नु भएको तर्कपूर्ण बहस सुनियो।

४४. जाहेरवालाको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री डिल्ली प्रसाद दाहालले प्रतिवादी योगेन्द्र गुरूङ्ग विवाहित रहेको र निजको श्रीमती छँदा छँदै मृतक रमिला राईसंग लामो समयदेखि अबैध यौन सम्वन्ध रहेको, सो सम्बन्धको कारण मृतकले प्रतिवादीलाई विवाह गर्न दवाव दिएको कारण होटलमा लगी मादक पदार्थ ख्वाई रातको समयमा कोही नभएको आफ्नो घरमा लगी मृतकलाई कर्तब्य गरी मारी शव बेपत्ता पार्ने हेतुले बोरामा हाली कोशीको भंगालोमा लगी फालेकोमा उक्त शव प्रतिवादीले नै देखाएको स्थानमा खोजतलाश गर्दा फेला परेको, निजको कल डिटेल रेकर्ड तथा सिसिटिभीबाट देखिएको लोकेसनबाट समेत बारदातको रात निज प्रतिवादीले गाडी लिएर घरबाट कोशीको पुलसम्म गएको देखिएको अवस्था हुँदा निज प्रतिवादी कै कर्तब्यबाट यी मृतक रमिला राईको हत्या गरेको तथ्य मिसिल संलग्न प्रमाण कागजातबाट स्थापित भई रहेकोले सुरू जिल्ला अदालतले अभियोग दाबी भन्दा पृथक आवेश प्रेरित हत्याको कसूर कायम गरी प्रतिवादीलाई न्युनतम सजाय गर्ने गरेको फैसला मिलेको नदेखिंदा सो फैसला बदर गरी निज प्रतिवादीलाई अभियोग दाबी बमोजिमको कसूर कायम गरी सजाय गरी पाउँ भनी गर्नु भएको तर्कपूर्ण बहस समेत सुनियो।

४५. प्रस्तुत मुद्दामा, प्रतिवादी योगेन्द्रबहादुर गुरूङ्गलाई मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद १२ को दफा १७७ को उपदफा (१) बमोजिमको कसूरमा ऐ.ऐनको दफा १७७ को उपदफा (२) बमोजिम जन्मकैदको सजाय गरी ऐ. संहिताको दफा १८६ बमोजिम निज प्रतिवादीबाट मृतकको हकवालालाई मनासिव क्षतिपूर्ति दिलाई अपराधमा प्रयोग भएको बा१५च ७९१६ नं. को आई ट्वान्टी कार कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का नियन्त्रण र जफत) ऐन, २०७० को दफा ११ बमोजिम जफत गरिपाउँ भन्नेसमेत ब्यहोराको वादी नेपाल सरकारको अभियोग दाबी रहेको देखिन्छ। प्रतिवादीले मुलुकी अपराध संहिता, २०७४ को दफा १७९को उपदफा (१) र दफा १७९को उपदफा (१)को खण्ड (क) बमोजिमको कसूर गरेको ठहर गरी मुलुकी अपराध संहिता, २०७४ को दफा १७९को उपदफा (१) बमोजिम दश वर्ष कैद सजाय र एक लाख रूपैयाँ जरिबाना हुने, प्रतिवादीबाट पीडितका हकवालाले रू.५०,०००/- (पचास हजार रूपैयाँ) क्षतिपूर्ति भराइपाउने तथा बा१५च ७९१६ को कार जफतको दाबी पुग्न नसक्ने ठहर गरी सुरू जिल्ला अदालतबाट फैसला भएको देखिन्छ। सुरू अदालतको उक्त फैसलाले प्रतिवादीउपर कसूर ठहर भई सजाय गरिएतर्फ चित्त नबुझाई पूर्णरूपमा सफाई पाउँ भनी प्रतिवादी योगेन्द्र बहादुर गुरूङ्गको तर्फबाट तथा अभियोग दाबीभन्दा भिन्न कसूर कायम गरी घटी सजाय गरिएको र अभियोग दाबी बमोजिम कार जफत नभएतर्फ चित्त नबुझाई वादी नेपाल सरकारको तर्फबाट समेत दोहोरो पुनरावेदन पर्न आएको देखियो।

४६. उपरोक्त तथ्य एवम् पुनरावेदन जकिर भएको प्रस्तुत मुद्दामा प्रतिवादीलाई आवेश प्रेरित हत्याको कसूरमा सजाय गर्ने गरेको सुरू जिल्ला अदालतको फैसला मिलेको छ वा छैन? तथा पुनरावेदक प्रतिवादी योगेन्द्र बहादुर गुरूङ्ग तथा वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्छ वा सक्दैन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

४७. अब निर्णयतर्फ विचार गर्दा, मेरो काकाको छोरी बर्ष २८ की रमिला राईलाई विपक्षी योगेन्द्रबहादुर गुरूङ्गले विगत ५/६ बर्ष अगाडिदेखि विवाह गर्छु भनी प्रलोभन देखाई आफ्नो साथमा राख्ने, बारम्बार साथमा लिई हिँड्ने, घुमाउने र पत्नी जस्तै व्यवहार गर्दै आएकोमा बहिनी रमिला राईले आफ्नो इज्जत प्रतिष्ठाको लागि निज विपक्षीलाई पत्नी स्वीकार गर्न आग्रह गर्दा विपक्षीले पत्नी स्वीकार गर्न अस्वीकार गर्दै आएकोले मिति २०७५/११/१७ गते अं.१९:३० बजेको समयमा निज विपक्षीले आफ्नै बा१५च ७९१६ नं. को कारमा रमिला राई तथा गाउँकै जलिना राई, बिक्रम राईलाई लिएर गई राती अं.२३:०० बजेतिर जलिना राई र बिक्रम राईलाई घरमा छाडी रमिला राईलाई योगेन्द्र बहादुर गुरूङ्गले आफ्नो घरमा लिएर गएको, सोही दिनदेखि बेपत्ता पारेकोमा निजसँग सोधखोज गर्दा मैले राती २३:०० बजेको समयमा निजलाई घरैमा छाडी दिएको थिएँ, घरमा छैन र? त्यसो भए खोजी गर्नुपर्छ भनी खोजी गरी रहँदा निज विपक्षीसमेत सम्पर्कविहीन भई भागेको हुँदा निजले आफ्नो घरमा जेठी श्रीमती हुँदा हुँदै मेरो बहिनीलाई विवाह गर्ने बहाना बनाई सम्बन्ध राखेकोमा विवाह गर्दा इज्जत प्रतिष्ठामा असर पर्ने सोचले मेरो बहिनीलाई के कुन अवस्थामा बेपत्ता पारेको हुँदा निजलाई कानूनबमोजिम कारबाही गरी पाउँ भन्नेसमेत ब्यहोराको गंगामाया सुनुवारको जाहेरी परेको देखियो।

४८. प्रारम्भमा बेपत्ता मानिस नै खोजतलाश गर्ने क्रममा प्रतिवादीले देखाएको स्थान तर्फ खोज तलाश गर्दा सप्तकोशी नदीमा मृतक रमिला राईको लाश पोका पार्न प्रयोग भएको प्लाष्टिकको बोरा थान २, साधा सेतो प्लाष्टिक तथा मृतक रमिला राईको टाउकोमा बेरीएको अवस्थामा रहेको हरियो रंगको पर्दाको कपडा, गुलाबी रंगको तौलिया, सेतोमा कालो धर्सा भएको सुतिको गम्छा, योगेन्द्रबहादुर गुरूङ्गले लगाउने कटराईजको खैरो रंगको ज्याकेट र मृतकको हात खुट्टा बाँधेको कपडाको जुईनासमेत मिति २०७५/१२/१३ गते बिहान फेला पारेको भन्ने बरामदी मुचुल्का देखिन आयो। सप्तकोशी नदीको पश्चिम किनारमा पूर्व टाउको पश्चिम खुट्टा पारी बोरामा बाँधिएको लाशको बोरा काट्दा बोरा भित्र प्लाष्टिक, सो प्लाष्टिकसमेत काटी हेर्दा कफी कलरको कटराईजको ज्याकेट, तौलियासमेतले मृतकको टाउको तथा अनुहारको भाग छोपेको, हात र खुट्टा बाँधेको रमिला राईको लाशको दाँया आँखामाथि र दाँया कान माथि टाउकोमा धारीलो हतियारले काटेको जस्तो चोट रहेको सडी गली दुर्गन्धित हुन थालेको रमिला राईको लाश रहेको भन्नेसमेत ब्यहोराको घटनास्थल लाश जाँच मुचुल्काबाट देखिन आएको र सप्तकोशी नदीमा फेला परेको बोरामा पोका पारेको रमिला राईको लाश बोराबाट निकाली हेर्दा रमिला राईको अनुहार कपाल, निजले लगाएको रातो रंगको जामासमेतबाट हेरी चिने। उक्त लाश मेरो बहिनी रमिला राईको लाश हो भन्नेसमेत ब्यहोराको गंगामाया सुनुवारले लाश सनाखत गरी कागज गरेको देखिन आयो।

४९. मिति २०७५/११/१७ गते साँझ १९:३० बजेको समयमा बेलबारी नगरपालिका वडा नं.४ स्थित रमिला राईको घरबाट योगेन्द्रबहादुर गुरूङ्गले लिई गएको, मिति २०७५/११/१७ गते राती अं. १२:०० बजेको समयमा जिल्ला मोरङ, बेलबारी नगरपालिका वडा नं.४ स्थित विपक्षी योगेन्द्रबहादुर गुरूङ्गको घरमा निजलाई कर्तव्य गरी मारेको, मिति २०७५/१२/१३ गते बिहान अं. ०९:०० बजेको समयमा जिल्ला सप्तरी, हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. १ स्थित सप्तकोशी नदीमा मृतक रमिला राईको लाश फेला परेको। मेरो काकाको छोरी बर्ष २८ की रमिला राईलाई विपक्षी योगेन्द्रबहादुर गुरूङ्गले विगत ५/६ बर्ष अगाडिदेखि विवाह गर्छु भनी प्रलोभन देखाई आफ्नो साथमा राख्ने बारम्बार साथमा लिई हिँडने घुमाउने, पत्नी जस्तै व्यवहार गर्दै आएकोमा बहिनी रमिला राईले आफ्नो इज्जत प्रतिष्ठाको लागि निज विपक्षीलाई पत्नी स्वीकार गर्न आग्रह गर्दा विपक्षीले पत्नी स्वीकार गर्न अस्वीकार गर्दै आएकोमा मिति २०७५/११/१७ गते अं. १९:३० बजेको समयमा निज विपक्षीले आफ्नै बा१५च ७९१६ नं. को कारमा रमिला राई तथा गाउँकै जलिना राई, बिक्रम राईलाई लिएर गएकोमा राती अं.२३:०० बजेतिर जलिना राई र बिक्रम राईलाई घरमा छाडी रमिला राईलाई योगेन्द्र बहादुर गुरूङ्गले आफ्नो घरमा लिएर गएकोमा सोही दिनदेखि बेपत्ता पारेकोमा निजसँग सोधखोज गर्दा मैले राती २३:०० बजेको समयमा निजलाई घरैमा छाडी दिएको थिएँ, घरमा छैन र? त्यो भए खोजी गर्नुपर्छ भनेकोमा निजसमेत सम्पर्क विहीन भई भागेको हुँदा निजले आफ्नो घरमा जेठी श्रीमती हुँदा हुँदै मेरो बहिनीलाई विवाह गर्ने बहाना बनाई सम्बन्ध राखेकोमा विवाह गर्दा इज्जत प्रतिष्ठामा असर पर्ने सोच्ने मेरो बहिनीलाई निजले नै के कुन अवस्थामा बेपत्ता पारेकोमा मिति २०७५/११/१७ गते राती अं.१२:०० बजेको समयमा मोरङ, बेलबारी नगरपालिका वडा नं.४ स्थित आफ्नै घरमा कर्तव्य गरी मारी मृतक लाश आफ्नै बा१५च ७९१६ नं.को कारको डिकीमा राखी सप्तकोशी नदीमा लगी फालेको भन्ने खुल्न आएको हँदा निज विपक्षीलाई कर्तव्य ज्यान अन्तर्गतसमेत कानूनबमोजिम कारबाही गरी पाउँ भन्नेसमेत ब्यहोराको गंगामाया सुनुवारले पुनः किटानी जाहेरी दिएकोले अनुसन्धान तहकिकात भई प्रस्तुत मुद्दा उठान भएको देखिन आयो।

५०. प्रस्तुत मुद्दामा प्रतिवादी योगेन्द्र बहादुर गुरूङ्गले अदालतसमक्ष बयान गर्दा, आफूले मृतकलाई कर्तब्य गरी मारेको होइन र निजलाई मार्नुपर्ने कुनै कारणसमेत छैन। मैले निजलाई विवाह गर्छु भनी साथमा लिई हिंड्ने गरेको, सँगै घुमाउन लाने गरेकोसमेत होइन। मिति २०७५/११/१७ गतेको साँझको समयमा म घरमा नै बसी बेलबारी-चिसाङ साझेदारी वनबाट काठ ल्याउने विषयमा छलफल गरी बसेको थिए भनी आरोपित कसूरमा इन्कार रही बयान गरेको भएतापनि निज प्रतिवादी योगेन्द्र बहादुर गुरूङ्गले मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा मिति २०७५/११/१७ का दिन रमिला राई, जलिना राई, विक्रम राई र म भई बिराटचोक स्थित हवाना होटलमा गई खाजा नास्ता खाई नाचगान गरी रातको ११:०० बजे मेरै कारमा राखी जलिना राई र विक्रम राईलाई निजको घरमा छाडी रमिला राईलाई लिई मेरो घरमा पुगेकोमा निजले मलाई विभिन्न अश्लिल शब्द प्रयोग गरी गाली गलौज गरी हल्ला गर्न थालेपछी हात हालाहाल भएको, मैले धकेल्दा हुर्रिएर ढोकामा तथा खाटको चोसोमा ठोक्किएकी, हल्ला खल्ला छरछिमेकले थाहा पाउछन् भनी भुई तलाको बरण्डाको

खाटमा राखी बसाई दुवै हातले मुख थुनी मेरो काखमा सुताई राखेकोमा दश मिनेट पछि निज बोल्न छाडेकोले मातेको मानिस चुपलाग्यो होला भनी सुताई माथि गएँ, लुगा फेरें, बाथरूम गई फ्रेस भई लिन आउँदा मृत्यु भई सकेको रहेछ। लाश लगेर सप्तकोशीको २९ नं. ढोकाको पानीको वहाबमा फालिदिएको हो भनी कसूरमा सावित भई बयान गरेको देखियो।

५१. प्रतिवादी बिक्रम राईले अदालतसमक्ष बकपत्र गर्दा म रमिला राईलाई चिन्दिन। म उल्लेखित मितिमा योगेन्द्र बहादुर गुरूङ्ग र रमिला राईसँग गएको होईन। म घरैमा थिए। मलाई थाहा छैन। योगेन्द्र बहादुर गुरूङ्गले रमिला राईलाई मारे होला जस्तो लाग्दैन भनेको देखिएतापनि अनुसन्धान अधिकारीसमक्ष कागज गर्दा मिति २०७५/११/१७ का दिन योगेन्द्र बहादुर गुरूङ्ग, रमिला राई, जलिना राई र म बिराटचोक स्थित हवाना होटलमा गएको, खाजा नास्ता खाएको र राती ११:०० बजे निज योगेन्द्र बहादुर गुरूङ्गले मलाई र जलिना राईलाई घर नजिकै ल्याई छाडी रमिला र योगेन्द्र बहादुर गुरूङ्गसंगै गएका हुन्। भोलिपल्ट सोद्धा निज रमिलालाई रातीनै घर नजिकै ल्याएर छाडेको भनेका थिए भन्ने समेत उल्लेख गरेको देखियो।

५२. घटना विवरण कागज गर्ने विष्णु चौहानले अदालतमा बकपत्र गर्दा को कस्ले मारेको हो थाहा छैन। निजले मारेको होईन। सो समयमा प्रतिवादी मिटिङमा थिए भन्ने समेत ब्यहोरा उल्लेख गरेको देखिएतापनि मौकामा कागज गर्दा मिति २०७५/११/१८ गते रमिला हराईछ। झुन्डेर बिष खाएर मर्छु तलाई फसाउँछु भन्थी कोशी तिर गएर मरिकी भनेकोले योगेन्द्र बहादुर गुरूङ्ग र म समेत भई कोशी ब्यारेजमा गई सोध खोज गरेको हो भन्ने समेत ब्यहोरा लेखाई दिएको देखियो।

५३. जाहेरवाला गंगामाया सुनुवारले अदालतसमक्ष गरेको बकपत्र हेर्दा, योगेन्द्र बहादुर गुरूङ्ग र मेरो बहिनी रमिला राई बीच प्रेम सम्बन्ध रहेको थियो। विवाह गर्ने कुरामा निजहरू बीच झगडा समेत हुने गरेको थियो। मिति २०७५/११/१७ का दिन योगेन्द्र बहादुर गुरूङ्गले मेरो बहिनी रमिला समेतलाई लिई हवाना होटलमा गई राती निजकै घरमा लिई गएकोमा बहिनी बेपत्ता भएकोले बहिनी खोई भनी सोद्धा घर अगाडी बाटोमा ल्याई छाडेको हो भनेका हुन्। लाश हेर्दा योगेन्द्र बहादुर गुरूङ्गको ज्याकेटले चोटलाई बाँधेको थियो। योगेन्द्रकै बयानको आधारमा लाश भेटिएको हो भन्ने समेत ब्यहोरा लेखाएको देखिन्छ भने घटना विवरण कागज गर्ने समिक्षा राईले योगेन्द्र बहादुर गुरूङ्ग र रमिला राई बीच प्रेम सम्बन्ध थियो। बिवाह गर भन्दा मानेको थिएन। क्यारियर बिग्रन्छ भन्थ्यो। विवाह गर्ने नगर्ने कुरामा झगडा हुन्थ्यो भन्ने समेत ब्यहोरा लेखाएको देखियो।

५४. हात खुट्टा मुख बाँधेर शरीरलाई प्लाष्टिकले बेरेर बोरामा बाँधी कोशी नदिमा फालेको मृतकको शव धेरै दिन पछि फेला परेकोले अत्यन्त सडे गलेको अवस्थामा रहेको हुँदा मृत्युको कारण यकिन हुन नसकेको तथापी विषादी परिक्षणको निमित्त भिसेरा सुरक्षित राखिएको छ (Cause of death could not be determined as the body in advance stage of decomposition . However viscera are preserved for toxicological analysis) भन्ने विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको परिक्षण प्रतिवेदनबाट देखिएको र क्षेत्रिय प्रहरी विधि विज्ञान प्रयोगशाला धरानमा उक्त भिसेरा

परिक्षण हुँदा विषादी नभेटिएको (Have been shown negative test for above mentioned insecticide phosphide gas) भन्ने देखिन आयो। भिसेरा परिक्षणमा विषादी नभेटिएको र शव परिक्षण प्रतिवेदनमा मृत्युको कारण यकिन हुन नसक्ने ब्यहोरा उल्लेख भएको भएतापनि हात खुट्टा मुख बाँधेर शरीरलाई प्लाष्टिकले बेरेर बोरामा बाँधी कोशी नदिमा फालेको मृतकको लाशजाँच मुचुल्कामा देखिएको लाशको अवस्था र प्रकृति हेर्दा नै मृतक रमिला राईलाई कर्तब्य गरी मारेको भन्ने देखिन आयो।

५५. यस प्रकार प्रतिवादीले अदालतसमक्ष बयान गर्दा मिति २०७५/११/१७ गते आफू घरमै रहेको र मृतक तथा बिक्रम राई र जलिना राईलाई भेटेको छैन भनेतापनि सो मितिको राती १०:४० बजे विराटचोक स्थित हवाना होटलमा जडित CCTV फुटेजमा यी प्रतिवादी योगेन्द्र बहादुर गुरूङ्ग मृतक रमिला राईसंगै बिक्रम राई र जलिना राई समेत सो होटलबाट निष्किएर गएको देखिएको अवस्थामा प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्षको मौकाको बयान समर्थित भई निजको अदालतको बयान खण्डित भएको देखिन आयो। मिसिल संलग्न CCTV फुटेजमा पनि वारदातको राती बिहान २:१३ बजेको समयमा निज प्रतिवादी योगेन्द्र बहादुर गुरूङ्गको बा१५च ७९१६ नं को आइट्वान्टी सेतो कार निज योगेन्द्र बहादुर गुरूङ्गको घरतिर जानेबाटो मालपोतलाईनबाट राजमार्ग निस्की पश्चिम तिर आई प्रतिवादीले संचालन गरेको बेलवारी सामुदायिक नोवेल अस्पताल अगाडी कार केही समय रोकी एकजना मानिस गाडीबाट निस्की सो अस्पताल तिर गएको देखिनुको अतिरिक्त राजमार्गको विभिन्न ठाउँमा रहेको CCTV फुटेजमा समेत सो गाडी विराटचोक सलकपुर कोशी ब्यारेज पुलको पूर्विगेट हुँदै पुलको पश्चिम तिर गइरहेको देखिएको एवम् प्रतिवादी योगेन्द्र बहादुर गुरूङ्गले प्रयोग गर्ने मोवाइल नं. ९८५२०४६२२९ कलवाइज लोकेसन हेर्दा पनि सो मितिको रातको बिहान ४:५० बजे मोरङसुन्दरपुर गोठगाउँमा रहेको देखिन आएको अवस्था छ।

५६. प्रतिवादीका साक्षी सन्त बहादुर लिम्बु, दिल बहादुर, बस्नेत, पुर्ण कोईरालाले अभियोग दाबी झुट्टा हो, राजनितिक पुर्वाग्रहले मुद्दा दिएको हो, मिति २०७५/११/१७ बेलुका ७:३० बजे प्रतिवादीको घरमा गई १०:०० बजेसम्म सँगै बसेको हो, बेलबारी चिसाङ खोला सामुदायिक बनको मिटिङमा सँगै छौं, प्रतिवादी योगेन्द्र बहादुर गुरूङ्ग निर्दोष छन भन्ने समेत ब्यहोरा लेखाई दिएको देखिएको भएतापनि प्रहरी नायब निरिक्षक राजकुमार ठकुरीले मिति २०७५/११/२६ र २०७५/१२/२० को प्रतिवेदन मेरो हो भनी बकपत्र गरेको, प्रतिवादी योगेन्द्र बहादुर गुरूङ्गले अनुसन्धान अधिकारीसमक्ष गरेको बयानकै आधारमा लाश बरामद भएको, मिति २०७५/१२/१३ मा कंकालिनी न.पा. १ हनुमाननगर मा लाश बरामद भएको, लाश पोका पार्न प्रयोग भएको प्लास्टिकको बोरा थान दुई, सादा सेतो प्लास्टिकले मृतक रमिलाको टाउको बेरिएको, हरियो रङको पर्दाको कपडा, गुलाबी रङको तौलिया, सेतो कालो धर्सो भएको गम्छा, योगेन्द्र बहादुर गुरूङ्गले लगाउने गरेको कटराईजको खैरो रंगको ज्याकेट मृतकको लाश संगै बरामद भएको, उक्त ज्याकेट योगेन्द्र बहादुर गुरूङ्गले समेत मेरो हो, हरियो रंगको पर्दा ढोकाको पर्दा हो भन्ने समेत उल्लेख गरेको र छिमेकी बिष्णु राई, लोकनाथ राई र सनम लिम्बुले समेत सनाखत गरि दिएको देखिँदा प्रतिवादी योगेन्द्र बहादुर गुरूङ्गले नै कर्तब्य गरी मृतक रमिला राईको मृत्यु भएको भन्ने पुष्टी हुन आयो।

५७. अब प्रतिवादी योगेन्द्र बहादुर गुरूङ्गको उक्त वारदातमा संलग्नता रहे वा नरहेको? रहेको भए के कस्तो भूमिका निर्वाह गरेको? उक्त वारदात आवेश प्रेरित रहेको वा मनसायपूर्वक घटे घटाएको? के रहेछ भन्ने सम्बन्धमा विवेचना गर्नु पर्ने देखियो। अभियोग दाबी बमोजिमको कर्तब्यको वारदात प्रतिवादीको घरमा भएको, मृतकको शव बारदातस्थलबाट बरामद नभई बारदातस्थलभन्दा ६० किलोमिटरको दुरीमा रहेको कोशी नदीको पुल नजिकबाट बरामद भएको देखिनुको साथै बरामद शवको अवस्था र प्रकृति हेर्दा नै प्रतिवादीले योजनाबद्ध ढंगले मनसायपूर्वक मृतकलाई मारी शव बेपत्ता पार्ने मनसायले मृतकको शवलाई बोरामा प्याक गरी कोशी नदीको भंगालोमा फालेको देखिदा निजले शव ब्यवस्थापन गर्न अपनाएको कार्य र क्रियाकलापबाट नै उक्त वारदात मुलुकी अपराध संहिता, २०७४ को दफा १७९ अन्तरगतको आवेश प्रेरित हत्या (Prevocational Homicide) अन्तरगतको थियो भन्न मिल्ने देखिएन।

५८. यस प्रकार प्रतिवादी योगेन्द्र बहादुर गुरूङ्गको श्रीमती छोराछोरी हुँदा हुदै पनि मृतक रमिला राईसंग ४/५ वर्ष अघिदेखि बिवाह गर्ने प्रलोभन देखाई शारीरिक सम्पर्क गर्दै आएको, सँग-सँगै घुम्न जाने, एक अर्काको घरमा आउने जाने, बस्ने र आपसमा शारीरिक सम्बन्ध समेत राख्ने गरेको भन्ने देखियो। यसै क्रममा मिति २०७५/११/१७ गतेको बेलुका निज योगेन्द्र बहादुर गुरूङ्गले रमिला राई, जलिना राई र बिक्रम राईलाई आफ्नै गाडीमा आफैले गाडी चलाई बिराटचोक स्थित हवाना होटलमा लगी खाजा नास्ताको साथमा योगेन्द्र बहादुर गुरूङ्ग बाहेक तिन जनाले दुई हाप रूसलान भोड्का खाएको, योगेन्द्र बहादुर गुरूङ्गले जुस सहित खाजा नास्ता खाएको र नाचगान समेत गरी रमाईलो गरेको, बिक्रम राई र जलिना राईलाई निजहरूको आ-आफ्नो घर नजिक छाडी मादक पदार्थ सेवन नगरेका योगेन्द्र बहादुर गुरूङ्गले मार्ने उद्देश्यले नै मादक पदार्थ सेवन गरेकी मृतक रमिला राईलाई मध्ये रातमा कोही नभएको आफ्नो घरमा लगी मृतक रमिला राईलाई टाउको लगायत शरीरको विभिन्न भागमा प्रहार गरी होहल्ला हुन्छ भनी मृतकको मुख र नाक थुनी सास समेत अवरूद्ध गरी कर्तब्य गरी मारी हात खुट्टा र मुखमा कपडाले बाँधी शवलाई प्लाष्टिकले बेरी बोरामा हाली शव दवाउने छिपाउने उदेश्यले कोशी नदीमा लगेर फालेको मिसिलसंलग्न स्वतन्त्र एवम् परिस्थितीजन्य प्रमाण कागजातबाट मालाकाररूपमा प्रमाणित हुन आएको हुँदा निज प्रतिवादीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १७९ को उपदफा (१) बमोजिमको कसूर कायम गरी ऐ. दफाको ऐ. उपदफा बमोजिम दश वर्ष कैद तथा एक लाख रूपैयाँ जरिबाना गर्ने गरेको सुरू अदालतको फैसला मिलेको देखिन नआएकोले उक्त फैसला बदर हुने देखियो। उक्त वारदातमा प्रयोग भएको भनिएको बा१५च ७९१६ को I20 कार प्रतिवादी ऋणी र सवारी धनी राष्ट्रिय बाणिज्य बैंक लि. देखिएकोले सवारीधनी कसूरदार भन्दा पृथक ब्यक्ति एवम् वित्तियसंस्था देखिएको सो संस्थालाई प्रस्तुत मुद्दामा प्रतिवादी बनाएको देखिन नआएको अवस्थामा अभियोग दाबी बमोजिम उक्त कार जफत गर्न मिल्ने देखिएन।

५९. अतः माथि विवेचित आधार एवं कारणहरूबाट मिसिलसंलग्न प्रमाण कागजबाट देखिएको प्रतिवादी र मृतकको सम्बन्ध, वारदातस्थल, शव बरामद भएको स्थान, लाश जाँच प्रकृति मुचुल्का, शवको व्यवस्थापन गर्न अपनाएको प्रक्रिया समेतलाई दृष्टिगत गर्दा प्रस्तुत वारदात गम्भीर उत्तेजनाको

परिणाम नभई सोची सम्झी बुझी कर्तव्य गरी मारेको देखिन आएकोले प्रतिवादी योगेन्द्र बहादुर गुरूङ्गलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १७९ को उपदफा (१) बमोजिमको कसूर ठहर गरी सोही दफाको उपदफा (२) बमोजिम निज प्रतिवादीलाई सजाय गर्ने र रू.५०,०००/- (पचास हजार रूपैयाँ) क्षतिपूर्ति भराउने गरी सुरू मोरङ जिल्ला अदालतबाट मिति २०७८/१/१६ मा कसूर ठहर गरी मिति २०७८/१/२३ मा सजाय निर्धारण गर्नेगरी भएको फैसला मिलेको नदेखिंदा बदर भई निज प्रतिवादी योगेन्द्र बहादुर गुरूङ्गले अभियोग दाबी बमोजिम ऐ. संहिताको दफा १७७ को उपदफा (१) बमोजिमको कसूर गरेको देखिंदा सोही दफाको उपदफा (२) बमोजिम जन्मकैद हुने र ऐ.संहिताको दफा १८६ बमोजिम प्रतिवादीबाट रू.५,००,०००/- (पाँच लाख रूपैयाँ) क्षतिपूर्ति मृतकको हकवालालाई भराइदिनेसमेत ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन। साधक जाँचको लागि प्रस्तुत मिसिल श्री सर्वोच्च अदालतमा पठाइदिनू। अरू तपसिल बमोजिम गर्नू।

<u>तपसिल</u>

- माथि इन्साफ खण्डमा उल्लेख भएबमोजिम सुरू अदालतको फैसला बदर भई प्रतिवादी योगेन्द्र बहादुर गुरूङ्गलाई जन्मकैद हुने ठहर भएकोले सुरू अदालतको ल.नं.११८२, मिति २०७८/०२/०५ मा प्रतिवादी योगेन्द्र बहादुर गुरूङ्गका नाममा कसिएको निजको कैदको लगत यस अदालतको फैसला बमोजिम हुनेगरी संशोधन गरी सो लगत बमोजिम निजको कैद असुल गर्न निज प्रतिवादी कैदमा रहेको सम्बन्धित कारागार कार्यालयमा लेखि पठाउनु भनी सुरू अदालतको तहसिल शाखामा लेखि पठाउनू.......................................................................१
- माथि इन्साफ खण्डमा उल्लेख भएबमोजिम सुरू अदालतको फैसला बदर हुने ठहर भएकोले यस अदालतको फैसला बमोजिम सुरू अदालतको फैसलाबाट प्रतिवादी योगेन्द्र बहादुर गुरूङ्गलाई लागेको जरिबाना वापतको रकम निजले बुझाउनुपर्ने नहुँदा निज प्रतिवादीका नामको उक्त जरिबानातर्फको लगत कट्टा गर्नु भनी सुरू अदालतको तहसिल शाखामा लेखि पठाउनू.............................................................................................२
- माथि इन्साफ खण्डमा उल्लेख भएबमोजिम सुरू अदालतको फैसला बदर भई प्रतिवादीबाट रू.५,००,०००/- (पाँच लाख रूपैयाँ) क्षतिपूर्ति मृतकको हकवालालाई भराइदिने ठहर भएकोले उच्च सरकारी वकिल कार्यालय मार्फत मृतकका हकवालालाई सोको जानकारी दिनू...................................................................................................३
- यस अदालतको फैसला बमोजिम प्रतिवादीबाट मृतकको हकवालालाई क्षतिपूर्ति वापत भराइदिने ठहर भएको रू.५,००,०००/- (पाँच लाख रूपैयाँ) प्रतिवादी योगेन्द्र बहादुर गुरूङ्गबाट निममानूसार असुल गरी मृतक रमिला राईका हकवालालाई भराइदिनु भनी सुरू अदालतको तहसिल शाखामा लेखि पठाउनू..........................................................................................४

- माथि इन्साफ खण्डमा उल्लेख भए बमोजिम प्रतिवादीलाई जन्मकैद भई साधक जाँचका लागि सर्वोच्च अदालतमा मिसिल पठाइदिने ठहर भएकोले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४५ बमोजिम साधक पेस गर्ने प्रयोजनार्थ सक्कल मिसिलसहित प्रस्तुत फैसला अविलम्ब श्री सर्वोच्च अदालतमा पेस गर्नू..........................................................................................................५
- न्याय प्रशासन ऐन, २०७३ को दफा ९ (१) (ख) को कानूनी व्यवस्था बमोजिम प्रस्तुत फैसलामा चित्त नबुझे मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १३४ बमोजिम ७० (सत्तरी) दिनभित्र श्री सर्वोच्च अदालतमा पुनरावेदन गर्न जानु भनी प्रतिवादीलाई पुनरावेदन म्याद दिनू..........................................................................................................६
- प्रस्तुत फैसलाको प्रतिलिपि साथै राखी उच्च सरकारी वकील कार्यालय, विराटनगरलाई नियमानुसार जानकारी दिनू..........................................................................................७
- प्रस्तुत मुद्दामा मोरङ जिल्ला अदालतको च.नं.१५२२३, मिति २०७६/१/३ को पत्रबाट प्रतिवादी योगेन्द्र बहादुर गुरूङ्गका नाममा रहेका जग्गा रोक्का रहेको देखिँदा मुद्दा अन्तिम भएपछि फैसला बमोजिम निज प्रतिवादीलाई लागेको कैद तथा जरिबाना एवम् क्षतिपूर्ति वापत निजले बुझाउने रकमसमेत असुल भइसकेपछि उक्त रोक्का फुकुवा गरिपाउँ भनी रितपूर्वक दरखास्त दिन आए प्रस्तुत मुद्दाको रोहबाट फुकुवा गरिदिन सम्बन्धित कार्यालयमा लेखि पठाउनु भनी सुरू अदालतको तहसिल शाखालाई जानकारी दिनू..........................................................................................................८
- प्रस्तुत मुद्दा अन्तिम भएपछि यस मुद्दामा अभियोगसाथ दशीको रूपमा सुरू अदालतमा पेस भएको बा.१५ च. ७९१६ को कार सम्बन्धित सवारी धनीले फिर्ता पाउँ भनी रितपूर्क दरखास्त दिन आए नियमानूसार गरी फिर्ता दिनु भनी सुरू अदालतको तहसिल शाखामा लेखि पठाउनू..........................................................................................................९
- सरोकारवालाले प्रस्तुत फैसलाको प्रतिलिपि माग गरे नियमानुसार लाग्ने दस्तुर लिई प्रमाणित प्रतिलिपि दिनू..........................................................................................१०
- प्रस्तुत फैसला प्रमाणीकरण भएपछि यस अदालतको वेबसाइट र सूचना पाटीमा सूची प्रकाशित गर्नू..........................................................................................................११
- प्रस्तुत फैसला विद्युतीय प्रणालीमा अपलोड गरी मुद्दाको दायरीको लगत कट्टा गर्नू..........................................................................................................१२
- पुनरावेदनसहितको रेकर्ड मिसिल यस अदालतको अभिलेख शाखामा नियमानुसार गरी बुझाइदिनू..........................................................................................................१३

**(राम बहादुर थापा)**
**न्यायाधीश**

उक्त रायमा सहमत छु।

**(जगतनारायण प्रधान)**
**न्यायाधीश**

फैसला लेखनमा सहयोग गर्नेः-

इजलाश अधिकृतः- नूतनबाबु काफ्ले

कम्प्यूटर अपरेटरः- गोविन्द प्रसाद दाहाल

**इति संवत् २०७९ साल आषाढ २१ गते रोज ३ शुभम्............................................।**

फैसला प्रमाणीकरण मितिः- २०७९/६/७

श्री
उच्च अदालत पाटन
संयुक्त इजलास
इजलास नंः- ३
माननीय न्यायाधीश श्री महेश शर्मा पौडेल
माननीय न्यायाधीश श्री राज्यलक्ष्मी बज्राचार्य
आदेश
मुद्दानं.-०७९-WO-०३२२
निर्णय नंः- ५३४
मुद्दाः निषेधाज्ञा।

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १ दरवारमार्ग स्थित प्रेसिडेण्ड ट्राभल्स एण्ड टुर्स प्रा.लि. को तर्फबाट अख्तियार प्राप्त प्रबन्ध निर्देशक काठमाडौं महानगरपालिका वडा नं. ३ बस्ने वर्ष ७३ को **भोला बिक्रम थापा** ...............................................................................................१

काठमाडौं जिल्ला, बुढानिलकण्ठ नगरपालिका वडा नं. ३ बस्ने जुद्ध विर लामाको नाति, देउसिंह लामाको छोरा वर्ष ७० को **उत्तरमान लामा** ...............................................................................................१ **निवेदक**

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १ स्थित जे-नक्स इन्भेष्टमेन्ट प्रा.लि. को संचालक समितिका अध्यक्ष **उत्तरमान लामा** ...............................................................................................१

विरूद्ध

काठमाडौं महानगरपालिका नगर कार्यापालिकाको कार्यालय, बागदरवार, काठमाडौं ...............................................................................................१

काठमाडौं महानगरपालिका नगर प्रमुख बालेन्द्र शाह ...............................................................................................१ **विपक्षी**

काठमाडौं महानगरपालिका शहरी व्यवस्थापन विभाग, बबरमहल, काठमाडौं ...............................................................................................१

**मुलुकी देवानी संहिता, २०७४ को दफा २६(३) यस अदालतको क्षेत्राधिकार भित्र दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त** तथ्य एवं यस अदालतको ठहर आदेश र तपसिल यस प्रकार छः

तथ्य खण्ड

१. हामी निवेदकहरू मध्ये काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १ कि.नं. ७ को क्षे.फ. ०-९-१-१.६ जग्गा जे नेक्स इनभेष्टमन्ट प्रा.लि. को नाममा ऐ.ऐ. कि.नं. ३०३८ को क्षे.फ. ०-५-२-० मा उत्तरमान लामाको नाममा र ऐ.ऐ. कि.नं. ३०३९ को क्षे.फ. ०-५-२-०

जग्गा निवेदक मध्येका प्रेसिडेण्ड ट्राभल्स एण्ड टुर्स प्रा.लि. को नाममा दर्ता रही घर खरिद/निर्माण गरिप्रयोग गरी आएका छौं। उल्लेखित जग्गा मध्ये कि.नं. ७ को घर जग्गा ०६८/०२/२० मा घर जग्गा नै खरिद गरी लिई भोगचलन गरी लिएको घर जग्गा हो भने कि.नं. ३०३८ र ३०३९ को जग्गा हामी निवेदकहरूले मिति २०५३ सालमा खरिद गरी लिई काठमाडौं महानगरपालिकाबाट मिति २०५४/०१/११ मा भवन निर्माण इजाजत पत्र प्राप्त गरी घर निर्माण गरी कि.नं. ३०३८ को घर जग्गामा बनेको घरको निर्माण सम्पन्न प्रमाण पत्र समेत लिई भोग चलन गरी आएका छौं। विपक्षीहरू मध्ये काठमाडौं महानगरपालिका, शहरी व्यवस्थापन विभागले मिति २०७९/०४/१२ गते राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सूचना जारी गरी काठमाडौं महानगरपालिका वडा नं. १ स्थित सिटि एक्सप्रेस मनी ट्रान्सफर रहेको भवन (८२७७०९८१२ N ८५,३२१६२३E काठमाडौं प्लाजाको उत्तर तर्फ देखि जयनेपाल हल (२७.७१२५५५ N, ८५,३२१८३४E) सम्म टुकुचा खोलाको किनार क्षेत्रमा काठमाडौं महानगरपालिका शहरी व्यवस्थापन विभाग (साबिक भवन निर्माण इजाजत विभाग) बाट जारी गरिएको स्वीकृत नक्सा विपरित, भवन निर्माण मापदण्ड विपरित र नक्सा स्वीकृत नै नलिई घर टहरा निर्माण गरेको देखिएको हुँदा त्यस्ता प्रकृतिका भवनहरू यी सूचना प्रकाशित भएको मिति ३५ दिन भित्र हटाउनु हुन सम्बन्धित सबै घरधनिहरूलाई जानकारी गराइन्छ। अन्यथा स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ७ र का.म.पा. को नियमानुसार कारवाही गरिने व्यहोरा समेत सम्बन्धित सबै घरधनिहरूलाई सुचित गरिन्छ भन्ने सुचना सार्वजनिक पत्र पत्रिकामा प्रकाशित गरेको छ। यसरी २०५४ सालमा घर निर्माण गरी बसोबास गरेका हामीहरूलाई कुनै पनि व्यक्तिगत सूचना नदिई सार्वजनिक सूचनाको आधारमा हामीहरूको घर भत्काउने कार्य नेपालको सर्वोच्च अदालत प्रतिपादित सिद्धान्त तथा अन्तराष्ट्रिय सन्धि सम्झौता विपरित सूचनाको हक समेत उल्लंघन गरी हामी निवेदकहरूको कानून बमोजिम निर्मित भवन तथा संविधान प्रदत्त सम्पत्तिको अधिकार के कति कारणले भत्काउनु परेको सो कुनै व्यक्तिगय जानकारी दिइएको छैन। हामी निवेदकहरूले मिति २०५४/०१/११ मा भवन निर्माण इजाजत पत्र प्राप्त गरी घर निर्माण गर्नुको साथै कि.नं. ७ को साबिकमा निर्माण भएको घर ज.ध. प्रमाण पुर्जामानै घर जनिएकोले सोही बमोजिम रू.८,८५,००,०००/-(आठ करोड पचासी लाख रूपैयाँ) मा खरिद गरी लिई आ.बं. मा घर जग्गा कर मात्र ५२ लाख सम्पत्ति कर तथा मालपोत कर तिरी बुझाई भोगचलन गरेको घर जग्गा, स्वीकृत नक्सा विपरित, भवन निर्माण मापदण्ड विपरित र नक्सा स्वीकृत नै नलिई घर/टहरा निर्माण गरेको भन्ने अवस्था छैन। यसै क्रममा यसरी हाम्रो जग्गासँगै जोडिएको काठमाडौं महानगरपालिका वडा नं. १ को कि. नं. ३०४० को जग्गा (हाल जयनेपाल सिनेमाघर) मा मिति २०७९/०५/३० गते डोजर लिई खन्न आएको भनि जयनेपाल सिनेमाघरको कम्पाउण्डमा डोजरले खनिरहेको र नगर प्रहरी पोशाक लगाएका व्यक्तिहरू हामी निवेदकको घरमा आई तिमीहरूको घरमा पनि अब डोजर लाग्दैछ, घर खाली गर भनी गएको हुँदा हामीहरूले हाम्रो घर भत्काउनु पर्ने कारण के हो भन्दा यो नगरपालिकाले भत्काउने आदेश छ, मेयरसाबको आदेश हो भनी धम्कीपुर्ण भाषामा भनी गएका र छेउमा रहेको जयनेपाल सिनेमाघरको

कम्पाउण्डमा डोजरले खनिरहेको हुँदा विपक्षीहरूले कानून प्रतिकूल हुने गरी हामीले कानून बमोजिम भवन निर्माण स्वीकृति लिई स्वीकृत नक्सा बमोजिम निर्माण गरेको, निर्माण सम्पन्न प्रमाण पत्र प्राप्त गरेको घर जग्गा विना सूचना, कानून विपरित जुनसुकै समयमा घर भत्काउन सक्ने प्रवल आशंका रहे भएको र त्यसरी कानून विपरित घर भत्काएमा हामीलाई गैरकानूनी रूपमा अपुरणिय क्षति हुन सक्ने विद्यमान रहेकोले तत्कालिन प्रचलित कानून र मापदण्ड अनुरूप नागरिकले घर निर्माण गरी बसी आएको अवस्थामा पछिबाट तयार पारिएका मापदण्ड वा नीति कार्यान्वयन गर्नुपर्दा प्रभावित व्यक्तिलाई सुसूचित गराउनुपर्ने, निजको मन्जुरी लिने र उचित र पर्याप्त क्षतिपूर्ति दिनु पर्ने व्यवस्था रहेको हुँदा विपक्षीहरूले कुनै पनि बेला डोजर ल्याई घर भत्काउन सक्ने भएको हुँदा उक्त कार्य नगर्नु नगराउनु भनी मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को परिच्छेद ३ र मुलुकी देवानी संहिता, २०७४ को दफा २६(५) बमोजिम निषेधाज्ञाजनित आदेश जारी गरी पाउँ भन्ने व्यहोराको प्रेसिडेण्ड ट्राभल्स एण्ड टुर्स प्रा.लि. का तर्फबाट भोला बिक्रम थापासमेतको निवेदन पत्र।

२. यसमा के कसो भएको हो? निवेदकको माग बमोजिम आदेश किन जारी हुनु नपर्ने हो? माग बमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार, कारण एवं प्रमाण भए सो समेत खुलाई साथै राखी आफैं वा आफ्नो कानून बमोजिमको प्रतिनिधि मार्फत यो आदेश सहितको म्याद सूचना पाएको मितिले १५(पन्ध्र) दिन भित्र लिखित जवाफ लिई उपस्थित हुनु भनी उच्च अदालत नियमावली, २०७३ को नियम ४१(२) बमोजिम विपक्षीका नाममा यो आदेश जारी गरी दिएको छ।यो आदेश सहितको म्याद सूचना विपक्षीलाई दिई सो बमोजिम लिखित जवाफ परेमा वा अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नुहोला।

३. साथै निवेदकले अन्तरिम आदेश समेत माग गरेको तर्फ विचार गर्दा, निवेदनपत्रमा उठाइएका विषयबस्तुका बारेमा विपक्षीहरूलाई समेत छलफल गराई अन्तरिम आदेश हुने वा नहुने सम्बन्धमा निर्णय गर्न उपयुक्त हुने देखिएकोले सो प्रयोजनको लागि मिति २०७९/०६/०५ को पेशी तोकी सोको सूचना विपक्षीहरूलाई दिनु।साथै, सो अवधि सम्मको लागि निवेदक मध्ये काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १ कित्ता नं. ७ को क्षेत्रफल ०-९-१-१.६ को जग्गा जे-नेक्स इन्भेष्टमेन्ट प्रा.लि. को नाममा, ऐ. कि.नं. ३०३८ क्षेत्रफल ०-५-२-० को जग्गा उत्तरमान लामाको नाममा र ऐ. कि.नं. ३०३९ को ०-५-२-० जग्गा निवेदक मध्येका प्रेसिडेण्ड ट्राभल्स टुर्स प्रा.लि. को नाममा दर्ता रही उल्लेखित जग्गाहरू मध्ये कि.नं. ७ मा मिति २०६८/०२/२० मा घर जग्गा नै खरिद गरी भोगचलन गरी आएको भन्ने देखिएको र कि.नं. ३०३८ र ३०३९ को जग्गा निवेदकहरूले मिति २०५३ सालमा खरिद गरी काठमाडौं महानगरपालिकाबाट मिति २०५४/०१/११ मा भवन निर्माण इजाजतपत्र प्राप्त गरी घर निर्माण गरेको र कि.नं. ३०३८ को जग्गामा बनेको घर निर्माण सम्पन्न भई प्रमाणपत्र समेत लिई सकेको भन्ने निवेदन व्यहोराबाट देखिएको हुँदा निज निवेदकहरूको माथि उल्लेखित जग्गामा बनेको घर कानून बमोजिम रित नपुऱ्याई वा उचित क्षतिपूर्ति नदिई भत्काउने कार्य नगराउनु भनी विपक्षीहरूका नाममा अल्पकालिन

अन्तरिम आदेश जारी गरिदिएको छ। सोको जानकारी विपक्षीहरूलाई दिई नियमानुसार गर्नू भनी यस अदालतबाट मिति २०७९/०३/०२ मा भएको आदेश।

४. यसमा निवेदकहरूको नाममा दर्ता श्रेस्ता रहेका काठमाडौं जिल्ला, काठमाडौ महानगरपालिका वडा नं. १ मा पर्ने कित्ता नं. ७ को १-२-१-३ कि.नं. ३०३८ को ०-५-२-० र कि.नं. ३०३९ को ०-५-२-० जग्गामा भवन निर्माण इजाजत पत्र, भवन निर्माणसम्बन्धी मापदण्ड, नापी नक्सा र मिति २०७९/०४/१२, २०७९/०५/२३ को ३५ दिने सार्वजनिक सूचना समेतका प्रस्तुत निवेदनसँग सम्बन्धित सक्कल फाइल कागजातहरू पेशीका दिन देखाई फिर्ता लैजाने गरी विपक्षी काठमाडौं महानगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट झिकाउनु भनी यस अदालतबाट मिति २०७९/०६/०४ मा भएको आदेश।

५. यसमा यस अदालतको मिति २०७९/०६/०७ को आदेश अनुसार झिकाउने भनिएको भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयका सहसचिव जनकराज जोशीको नेतृत्वमा बनेको कार्यदलले बुझाएको प्रतिवेदनको प्रमाणित प्रतिलिपि भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयबाट र विपक्षी काठमाडौं महानगरपालिकाबाट लगाउका मुद्दामा पेश भएको लिखित जवाफको प्रकरण नं. २.१ मा उल्लेख भएको काठमाडौं उपत्यका भित्रका नगरपालिका र नगरोन्मुख गा.वि.स. हरूमा गरिने निर्माण सम्बन्धी मापदण्ड, २०६४ मा नेपाल सरकार (मन्त्रिपरिषद) बाट मिति २०६५/०८/०१ मा भएको संशोधन समेतको प्रमाणित प्रतिलिपि बागमती सभ्यता एकिकृत विकास समितिबाट ३ दिन भित्र झिकाई प्रस्तुत मुद्दा र लगाउमा पेश भएका सवै मुद्दाका आज उपस्थित पक्षहरूलाई अन्तरिम आदेश छलफल प्रयोजनको लागि मिति २०७९/०७/०१ गतेको पेशी तारेख तोकी नियमानुसार पेश गर्नु भनी यस अदालतबाट मिति २०७९/०६/२६ मा भएको आदेश।

६. खोला संरक्षण गर्ने सम्बन्धमा महानगरपालिकावाट प्राथमिकताका आधारमा क्रमबद्ध रूपमा कार्यान्वयन गर्ने गराउने सम्बन्धमा पछिल्लो पटक मिति २०७९/०५/०५ मा निर्णय भएको हो। उक्त निर्णयमा स्थलगत रूपमा जाँचबुझ गरी अनाधिकृत देखिन आएमा प्रचलित कानून तथा मापदण्ड बमोजिम हटाउने/भत्काउने कुरा उल्लेख छ। सोही निर्णयको आधारमा महानगरको शहरी व्यवस्थापन विभाग, सार्वजनिक निर्माण विभाग तथा महानगर प्रहरी बल समेतका अंगहरू परिचालन भएका हुन्। काठमाडौं महानगरपालिका वडा नं. १ स्थित सिटी एक्सप्रेस मनी ट्रान्सफर रहेको भवन देखि जय नेपाल हल सम्म टुकुचा खोलाको किनार क्षेत्रमा निर्मित मापदण्ड विपरितका संरचना हटाउन मिति २०७९/०४/१२ मा ३५ दिने सूचना प्रकाशित भएको थियो। उक्त क्षेत्रमा पूर्ण रूपमा टुकुचा खोला छोपिएको हुँदा केही स्थानमा उत्खनन गरी खोला प्रकट गराउने कार्यमा पहिलो चरणको कार्यक्रमबाटै सफलता मिलेको छ। साधिकार निकायबाट दुषित दर्ता बदर र लगत कट्टा गराई उक्त सरकारी जग्गा सार्वजनिक हितमा उपयोग गर्ने महानगरको नीति रहेको छ। खोला छोप्ने, खोला मिच्ने, खोलाको वहाव परिवर्तन गराउने इत्यादि कार्यहरू गैरकानूनी हुन्। टुकुचा खोलाको वहाव क्षेत्र ४ मिटर तथा त्यसको दायाँबायाँको ४/४ मिटर गरी १२ मिटर चौडाईको क्षेत्र सरकारी जग्गा हो। खोला छोपेर वा खोलाको क्षेत्र मिचेर बनाइएको संरचनामा कुनै पनि

स्थितिमा व्यक्ति विशेषको निर्विवाद हक स्थापित भएको मान्न मिल्दैन भनी ने.का.प. २०३५, अंक १ पृ.३६, नि.नं. ७९१३ मा सिद्धान्त प्रतिपादित भएको छ। यस दृष्टिले हेर्दा निवेदकले बनाएको संरचनाले टुकुचा नदी छोपिएको वा नदीको क्षेत्राधिकार मिचिएको हुँदा केवल जग्गाधनी प्रमाणपूर्जा भएको भन्ने आधारबाट निजको निर्विवाद हक कायम रहेको मान्न सकिने अवस्था छैन। टुकुचा खोलाको क्षेत्राधिकार भित्रको जग्गा सरकारी सम्पत्ति भएको हुँदा व्यक्ति विशेषले दर्ता गराउँदैंमा मान्यता नपाउने हुँदा प्रस्तुत निवेदन खारेज गरी पाउँ भन्ने व्यहोराको काठमाडौं महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बागदरबार, काठमाडौंसमेतको लिखित जवाफ।

७. यसमा अदालतबाट भएका उक्त पूर्वदिशानुसार विवादको विषयसँग सम्बन्धित भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयका सह सचिव जनकराज जोशीको नेतृत्वमा बनेको कार्यदलले बुझाएको प्रतिवेदनको प्रमाणित प्रतिलिपि पठाउन भनी उक्त मन्त्रालयको सचिवलाई सम्बोधन गरी पत्राचार गर्नु। त्यस्तै पूर्वदिशानुसार नै माग भएको काठमाडौं उपत्यका भित्रका नगरपालिका र नगरोन्मुख गा.वि.स. हरूमा गरिने निर्माण सम्बन्धी मापदण्ड, २०६४ को मिति २०६५/०८/०१ मा भएको संशोधन समेतको प्रमाणित प्रतिलिपि पठाउन भनी बागमती सभ्यता एकिकृत बिकास समितिका कार्यकारी समिति अध्यक्षलाई सम्बोधन गरी पत्राचार गर्नू भनी यस अदालतबाट मिति २०७९/०७/०४ मा भएको आदेश।

८. काठमाडौं महानगरपालिका हातिसार स्थित टुकुचा भुमिगत गर्न बनाइएको सुरूङबारे पुरातत्व विभागवाट समिति गठन भई निर्णय समेत भएको भनी निवेदकको तर्पबाट सो निर्णय समेत बुझ्नु पर्ने आवश्यक रहेको भनी छलफलमा उठाइएकोले सो समेतलाई मध्यनजर गर्दा पुरातत्व विभागवाट त्यस सम्बन्धमा निर्णय भए नभएको के छ? भएको भए सो को प्रतिलिपि पठाउन सकिने अवस्था रहे प्रमाणित प्रतिलिपि पठाई दिनु नभए सोही अनुसारको जवाफ पठाई दिनु भनी पुरातत्व विभागमा लेखि पठाउनु, काठमाडौं महानगरपालिका को लिखित जवाफको प्रकरण २(५) मा उल्लेखित खोला संरक्षण सम्बन्धमा बनाएको मापदण्ड कार्यान्वयन गर्ने सम्बन्धमा मिति २०७९/०५/०५ मा भएको निर्णयको प्रतिलिपि मिति २०७९/०८/२१ अगावै तथा यस अदालतको मिति २०७९/०६/०४ को आदेशमा उल्लेखित मिति २०७९/०४/१२ तथा २०७९/०५/२३ को ३५ दिने सूचना सहितको सक्कल फाईल पेशीको दिन इजलास समक्ष देखाई फिर्ता लैजाने गरी विपक्षी महानगरपालिकाबाट झिकाउनु र सो मिति सम्मका लागि प्रस्तुत निवेदन तथा साथै अन्य लगाउका निवेदनमा यस अघि जारी भएको अल्पकालिन आदेशलाई निरन्तरता प्रदान गरिदिएको छ भनी यस अदालतबाट मिति २०७९/०८/११ मा भएको आदेश।

९. अन्तरिम आदेशको छलफलको लागि पेश हुन आएको प्रस्तुत रिटमा विपक्षीहरूबाट लिखित जवाफ प्राप्त भैसकेकोले पुर्ण सुनुवाई नै होस् भनी दुवै पक्षका विद्वान कानून व्यवसायीहरूले छलफल समक्ष अनुरोध गर्नु भएकोले देहाय बमोजिम गर्ने गरी यो आदेश जारी गरिदिएको छः-

क) प्रस्तुत निवेदन सहितका अन्य लगाउका निवेदनहरूलाई पुर्ण सुनुवाईका लागि अग्राधिकार दिई मिति २०७९/०९/१३ गते बुधवारका दिन पेशीमा चढाउनु।

ख) यस अधालतको मिति २०७९/०८/११ को आदेशानुसार विपक्षी काठमाडौं महानगरपालिकबाट इजलास समक्ष उपलब्ध गराइएको मिति २०७९/५/५ को निर्णय सहितको सक्कल फाइल निवेदकले नक्कल सार्ने प्रयोजनका लागि रिट शाखाका सुपरीवेक्षकको जिम्मामा राखी ३ दिन पश्चात पेशीको दिन इजलास समक्ष पेश गर्ने गरी काठमाडौं महानगरपालिकमा फिर्ता पठाईदिनु।

ग) यस अदालतका पुर्वादिशानुसार प्राप्त अन्य फाइल र प्रतिवेदनको नक्कल निवेदकले माग गरेमा नियमानुसार दिनु।

घ) निवेदनमा उल्लेखित दावीको विषयमा पुरातत्व विभागबाट विशेषज्ञ सहितको टोलीले स्थलगत निरिक्षण गरी मिति २०७९/०६/२६ मा दिएको प्रतिवेदन र सो विभागको दृष्टिकोण समेत सुनुवाईका अवस्थामा आवश्यक र उपयुक्त हुन सक्ने देखिंदा उक्त प्रतिवेदनको सक्कल प्रतिसहित पेशीको दिन एक जना विज्ञ व्यक्ति खटाई पठाईदिनु भनी पुरातत्व विभागलाई पेशीको दिन तोकी पत्राचार गर्नू। यसै लगाउका सबै निवेदनहरू साथै पेश गर्नु।

ङ) यस अदालतबाट प्रस्तुत निवेदन र लगाउका निवेदनमा भएका अल्पकालिन अन्तरिम आदेशलाई निरन्तरता दिइएको छ भनी यस अदालतबाट मिति २०७९/०८/२५ मा भएको आदेश।

**आदेश खण्ड**

१०. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेसी सुचीमा चढी निर्णयार्थ यस इजलास समक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदन सहितको मिसिल संलग्न कागजातहरूको अध्ययन गरियो।

११. निवेदकको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरू श्री श्याम खरेल, श्री पूर्णमान शाक्य, श्री हरिहर दाहाल, श्री रमेश बडाल, श्री उपेन्द्र केशरी न्यौपाने तथा विद्वान अधिवक्ताहरू श्री ललित बस्नेत, श्री रमण कर्ण, श्री रामचन्द्र न्यौपाने, श्री शम्भु शाक्य, श्री प्रदिप थापा र श्री राजु शाक्यले निवेदनमा उल्लिखित जग्गाहरू निवेदकको निर्विवादित हकका जग्गा हुन्। यस्तो जग्गा र जग्गामा बनेका संरचना कानूनबमोजिम प्राप्त नगरी हस्तक्षेप गर्ने अधिकार कसैलाई पनि हुँदैन। विपक्षी महानगरपालिकाले मिति २०७९।४।१२ मा सार्वजनिक सूचना प्रकाशन गरी स्वीकृत नापनक्सा र मापदण्ड बिपरित तथा नक्सा स्वीकृत नलिई बनाएका घर टहरा भत्काउन सूचना प्रकाशन गरेको तर मेरो पक्षलाई कुनै व्यक्तिगत सूचना नदिई मेरा पक्षले इजाजत प्राप्त गरी निर्माण गरेको घर भत्काउँछौ भनी डोजर लिई भत्काउन खोजेको छ। टुकुचा खोला नभई खोल्सा भएकाले यसका सम्बन्धमा महानगरपालिकाले अधिकार ग्रहण गर्न पनि सक्दैन। त्यसैले निवेदन माग बमोजिम निषेधाज्ञाको आदेश जारी गरी पाउँ भनी गर्नुभएको बहस सुनियो।

१२. यसरी नै विपक्षी महानगरपालिकाका तर्फबाट उपस्थित विद्वान बरिष्ठ अधिवक्ता श्री महेश कुमार नेपाल र विद्वान अधिवक्ता द्वय श्री ओम प्रसाद अर्याल तथा डिना श्रेष्ठले मापदण्ड बिपरित बनाएको भवनहरू सार्वजनिक सूचना प्रकाशन गरी हटाउन लागिएको हो। खोला छोप्ने कार्य आफैमा गैर कानूनी हो। खोला छोपेर वा खोला मिचेर बनाइएका संरचनामा कुनै पनि व्यक्तिको निर्विवादित हक स्थापित हुन सक्दैन। सरकारी जग्गा व्यक्तिका नाउँमा दर्ता गराइएको भएमा स्वतः बदर हुन्छ। टुकुचा खोला पहिचान नै गर्न नपाउने भन्न पनि मिल्दैन। निवेदन माग बमोजिम निषेधाज्ञाको आदेश जारी हुनु पर्ने होइन भनी गर्नु भएको बहससमेत सुनियो।

१३. यसमा हामी निवेदकहरू मध्ये काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १ कि.नं. ७ को क्षे.फ. ०-९-१-१.६ घर जग्गा ०६८/०२/२० मा जे नेक्स इनभेष्टमन्ट प्रा.लि. को नाममा खरिद गरेको र ऐ.ऐ. कि.नं. ३०३८ को क्षे.फ. ०-५-२-० मा उत्तरमान लामाको नाममा र ऐ.ऐ. कि.नं. ३०३९ को क्षे.फ. ०-५-२-० जग्गा निवेदक मध्येका प्रेसिडेण्ड ट्राभल्स एण्ड टुर्स प्रा.लि. को नाममा दर्ता रही भवन निर्माण इजाजत पत्र प्राप्त गरी घर निर्माण गरी आएका छौं। हाम्रो निर्विवाद हकको यी घर जग्गामा स्वीकृत नक्सा विपरित, भवन निर्माण मापदण्ड विपरित र नक्सा स्वीकृत नै नलिई घर/टहरा निर्माण गरेको भनी डोजर ल्याई भत्काउछौ भनी भनेको र छेउमा रहेको जयनेपाल सिनेमाघरको कम्पाउण्डमा डोजरले खनिरहेको हुँदा हामीहरूले कानून बमोजिम भवन निर्माण स्वीकृति लिई स्वीकृत नक्सा बमोजिम निर्माण गरेको, निर्माण सम्पन्न प्रमाण पत्र प्राप्त गरेको घर जग्गा विना सूचना, कानून विपरित जुनसुकै समयमा घर भत्काउन सक्ने आशंका रहेकाले मुलुकी देवानी संहिता, २०७४ को दफा २६(५) बमोजिम निषेधाज्ञाजनित आदेश जारी गरी पाउँ भन्ने निवेदन पत्र र काठमाडौं महानगरपालिका वडा नं. १ स्थित सिटी एक्सप्रेस मनी ट्रान्सफर रहेको भवन देखि जय नेपाल हल सम्म टुकुचा खोलाको किनार क्षेत्रमा निर्मित मापदण्ड विपरितका संरचना हटाउन मिति २०७९/०४/१२ मा ३५ दिने सूचना प्रकाशित भएको थियो। उक्त क्षेत्रमा पूर्ण रूपमा टुकुचा खोला छोपिएको हुँदा केही स्थानमा उल्खनन गरी खोला प्रकट गराउने कार्यमा पहिलो चरणको कार्यक्रमबाटै सफलता मिलेको छ। साधिकार निकायबाट दुषित दर्ता बदर र लगत कट्टा गराई उक्त सरकारी जग्गा सार्वजनिक हितमा उपयोग गर्ने महानगरको नीति रहेको छ। खोला छोप्ने, खोला मिच्ने, खोलाको वहाव परिवर्तन गराउने इत्यादि कार्यहरू गैरकानूनी हुन्। खोला छोपेर वा खोलाको क्षेत्र मिचेर बनाइएको संरचनामा कुनै पनि स्थितिमा व्यक्ति विशेषको निर्विवाद हक स्थापित भएको मान्न मिल्दैन टुकुचा खोलाको क्षेत्राधिकार भित्रको जग्गा सरकारी सम्पत्ति भएको हुँदा व्यक्ति विशेषले दर्ता गराउँदैँमा मान्यता नपाउने हुँदा प्रस्तुत निवेदन खारेज गरी पाउँ भन्ने लिखित जवाफ देखियो।

१४. अब, निवेदन, लिखित जवाफ र दुवै पक्षका कानून व्यवसायीको बहश समेत सुनी देहायका प्रश्नमा केन्द्रित भई निर्णय दिनुपर्ने देखिन आयो।

क) प्रस्तुत निवेदनमा के कस्ता विषय र विवादहरू अन्तरनिहित रहेको देखिन्छ ?

ख) खोलाको संरक्षण गर्ने अधिकार महानगरपालिकाको अधिकारक्षेत्रभित्र पर्छ वा पर्दैन?

ग) निवेदकले निवेदनमा जिकिर लिएको जग्गामा निवेदकको हक स्थापित छ वा छैन?

घ) राज्यले सार्वजनिक प्रयोजनका लागि व्यक्तिको निजी सम्पत्तिमा दखल पुग्ने गरी त्यस्तो कार्य गर्न सक्छ वा सक्दैन र सक्छ भने यसको प्रक्रिया के कस्तो हुन्छ?

ङ) प्रस्तुत निवेदनमा सन्निहित रहेका प्रश्नहरूको संबोधनका उपाय के हुन सक्छन् ?

च) निवेदकको माग बमोजिम निषेधाज्ञाको आदेश जारी गर्नु पर्ने हो वा होइन?

१५. पहिलो प्रश्न अर्थात प्रस्तुत निवेदनमा के कस्ता विषय र विवादहरू अन्तरनिहित रहेको देखिन्छ? भन्ने तर्फ बिचार गर्दा, निवेदकले निवेदनमा उल्लिखित जग्गा आफ्नो निर्विवादित रहेको र सो जग्गामा बनेका घर विपक्षी महानगरपालिकाबाट नक्सापास गरी बनाएको एवं मालपोत कार्यालयबाट घरसहित खरिद गरी लिएको भनी निवेदनमा जिकिर लिएको देखिन्छ। निवेदनसाथ पेश भएको जग्गाधनी दर्ता प्रमाणपूर्जाबाट निवेदनमा उल्लिखित काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १ कि.नं. ७ को घरजग्गा जे-नेक्स इनभेष्टमन्ट प्रा.लि. को नाममा रहेको, सो घरजग्गा मिति २०६८।२।२० मा राजिनामाबाट लिएको र त्यस घरजग्गाको विपक्षी महानगरपालिकामा कर बुझाएको देखिन्छ। यसरी नै कि.नं. ३०३८ को क्षे.फ. ०-५-२-० मा उत्तरमान लामाको नाममा रहेको जग्गाधनि दर्ता प्रमाणपूर्जाबाट देखिएको, मिति २०५४/०१/११ मा भवन निर्माण इजाजत पत्र प्राप्त गरेको काठमाण्डौ नगरपालिकाको भवन निर्माण इजाजत पत्रबाट देखिएको एवं मिति २०७६।९।२५ मा भवन निर्माण सम्पन्नता प्रमाण पत्र प्राप्त गरेको र विपक्षी महानगरपालिकामा सो घरजग्गाको कर तिरेको देखियो। साथै कि.नं. ३०३९ को क्षे.फ. ०-५-२-० जग्गा निवेदक मध्येका प्रेसिडेण्ड ट्राभल्स एण्ड दुर्स प्रा.लि. को नाममा दर्ता रहेको जग्गाधनी दर्ता प्रमाणपूर्जाबाट देखिएको र भवन निर्माणका लागि मिति २०५२।१२।१ मा एवं मिति २०६५।४।६ मा प्लिन्थ लेभलभन्दा माथिको भवन निर्माण गर्न इजाजत लिएको पाइयो। यसरी निवेदनमा उल्लिखित जग्गामा निवेदकहरूको नाममा रहेको तथा कि.नं. ७ का घरजग्गा साधिकार निकायबाट रजिष्ट्रेशन पारित गरी खरिद गरेको र कि.नं. ३०३८ एवं कि.नं. का ३०३९ जग्गामा विपक्षी महानगरपालिकाबाट इजाजत प्राप्त गरी अनुमति लिई घर निर्माण गरेको अवस्था छ। त्यसैले यी घर जग्गामा हाल कानूनतः निवेदकहरूको हक स्थापित रहेको देखिएकोले यस निवेदनमा अन्तरनिहित एउटा विषय निवेदकको साम्पत्तिक हकसंग सम्बन्धित रहेको अवस्था छ।

१६. यस निवेदनमा विपक्षीको लिखित जवाफमा काठमाडौं महानगरपालिका वडा नं. १ स्थित सिटी एक्सप्रेस मनी ट्रान्सफर रहेको भवन देखि जय नेपाल हलसम्म टुकुचा खोलाको किनार क्षेत्रमा निर्मित मापदण्ड विपरितका संरचना हटाउन मिति २०७९/०४/१२ मा ३५ दिने सूचना प्रकाशित भएको, उक्त क्षेत्रमा पूर्ण रूपमा टुकुचा खोला छोपिएको हुँदा केही स्थानमा उत्खनन गरी खोला प्रकट गराउने कार्य सुरू गरिएको, खोला छोप्ने, खोला मिच्ने, खोलाको वहाव परिवर्तन गराउने इत्यादि कार्यहरू गैरकानूनी र टुकुचा खोलाको वहाव क्षेत्र ४ मिटर तथा त्यसको दायाँबायाँको ४/४ मिटर गरी १२ मिटर चौडाईको क्षेत्र सरकारी जग्गा हो भन्ने जिकिर रहेको देखिन्छ।

१७. टुकुचा खोला बागमतीको सहायक नदी हो, काठमाण्डौको रूद्रमती र बिष्णुमतीकाबीच भागमा घनाबस्तीका बिच भएर बग्ने यस खोलाको पुरानो सांस्कृतिक नाम इच्छुमती हो।यो नदी चुनदेवी टुँडालदेवी मन्दिर हुँदै चिनियाँ दुताबास, निलसरस्वती, नारायणहिटी दरबार, जयनेपाल सिनेमा घर, तीनधारा मार्ग, बागबजार हुँदै कालमोचन घाटमा पुगेर बागमती नदिमा मिसिन्छ।जय नेपाल हल देखि काठमाण्डौ प्लाजासम्म १३० वर्ष अगाडी नै Drainage बनाइएको भन्ने पुरातत्व

विभागको प्रतिवेदनबाट देखिन्छ।[iv] २०३२ सालको नापिमा टुकुचा खोला बगेको अनुमान गरिएको सो क्षेत्रमा जमीनको सतहमा घरहरू कायम रहेको देखिएकोले २०३२ सालमा नापनक्सा हुनुभन्दा धेरै अगाडि देखि नै जमिनको सतहमा नबगी जमिन मूनिबाट बगेको देखिन्छ। २०३२ सालमा कित्ता नापी हुने समयमा जमिनको सतहमा टुकुचा खोला नदेखिएका कारणले नक्सामा नक्साकंन नभएको देखिन्छ भन्ने अर्को एक सरकारी प्रतिवेदनमा उल्लेख छ।[v] निवेदकहरूले पनि सो क्षेत्रमा टुकुचा भूमिगत रहेको कुरामा अन्यथा भनेको देखिदैन। यसरी काठमाडौं महानगरपालिका वडा नं. १ स्थित सिटी एक्सप्रेस मनी ट्रान्सफर रहेको भवन देखि जय नेपाल हलसम्म टुकुचा खोला भूमिगत रहेको तथ्य स्थापित रूपमा रहेको देखिन आएको छ। निवेदक तर्फका कानून व्यवसायीले टुकुचा खोला नभई ढल वा खोल्सा हो भन्ने पनि बहसका क्रममा जिकिर लिनु भएको छ। पुरातत्व विभागको माथि स्थलगत निरीक्षण प्रतिवेदनमा टुकुचा बागमतीको सहायक नदी रहेको र कुल लम्बाई छ किलोमिटर रहेको तथा कालमोचन घाटमा बागमतीमा मिसिन्छ भन्ने देखिन्छ। टुकुचा (इच्छुमती) खोला र बागमतीको सहायक नदी रहेको र यति लामो बवाह रहेको अवस्थामा यस खोलालाई खोल्सा वा ढल हो भनी विद्वान कानून व्यवसायीहरूले लिएको जिकिर मनासिब देखिदैन। यसैले प्रस्तुत विवादमा खोलाको अधिकारहरूको विषय वा प्रश्न पनि सन्निहित रहेको पाइन्छ।

१८. खोला वा नदीको अधिकारलाई संरक्षणका लागि अहिले अन्तराष्ट्रियस्तरमा विभिन्न प्रयासहरू र आन्दोलन (movement) भएका छन्।यस movement ले सबै खोलालाई जिवित ब्यक्तित्व (living entities) का रूपमा मान्यता दिनुपर्ने र अदालतमा कानूनी कारबाहीका लागि सक्षमता प्रदान गर्नुपर्ने कुराको वकालत गर्दछ। यसको अर्थ खोला स्वतन्त्र रूपमा बहन पाउनुपर्ने, प्रदुषणबाट संरक्षित हुन पाउने र जैविक विविधता, बासस्थान र पर्यावरणीय कार्यको पूर्णरूपमा कानूनी संरक्षण हुनुपर्ने कुरालाई खोलाको मौलिक अधिकारको रूपमा लिनुपर्ने भन्ने मानिन्छ।[vi] खोलाको अधिकार सम्बन्धी विश्वब्यापी घोषणापत्र नै जारी भएको छ। यस घोषणापत्रमा नदीका बहावका अधिकार लगायतका मौलिक अधिकारको निर्धारण गर्नुका साथै ब्यक्तित्वको रूपमा लिदै नदीले अदालतमा कानूनी रूपमा प्रस्तुत हुन सक्षमता राख्ने कुराको घोषणा गरिएको छ।[vii] यसका साथै विश्वका विभिन्न मुलुकमा खोलाको अधिकारलाई मान्यता दिने अभ्यास भइरहेको पाइन्छ। इक्वेडरले सन् २००८ मा संविधानमा नै प्राकृतिक कुराको कानूनी रूपमा कार्यान्वयनयोग्य अधिकार हुने व्यवस्था गरेको छ।[viii] न्यूजिलैण्डमा whanganui नदीका बारेमा नदीसंग सम्बन्धित आदिबासीलाई अदालतमा कुरा उठाउने अधिकार दिएको छ र यसलाई कानूनी व्यक्तिको रूपमा

---

[iv] पुरातत्व विभागबाट मिति २०७९।९।१९ को पत्रसाथ यस अदालतमा प्राप्त पुरातत्व अधिकृत भाश्कर ज्ञवालीसमेतले स्थलगत अध्ययन गरी मिति २०७९।६।२६ मा सो विभागमा पेश गरेको प्रतिवेदन।

[v] भूमि सुधार, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट मिति २०७९।७।१८को पत्रसाथ यस अदालतमा प्राप्त सो मन्त्रालयका सहसचिब जनक राज जोशीको अध्यक्षतामा गठित सतहमा नदेखिएको टुकुचा खोला( जयनेपाल हल देखि कमलादी मोडसम्म सम्बन्धी अध्ययन प्रतिवेदन।

[vi] https://freshwaterblog.net/2021/09/10/rights-of-rivers-at-the-iucn-world-conservation-congress-2021/ हेरिएको मिति २०७९।१०।१८

[vii] https://biofreshblog.files.wordpress.com/2021/09/fb1e9-udrr_nov2020update_logos.pdf हेरिएको मिति २०७९।१०।१८

[viii] The Constitution of the Republic of Ecuador Articles 10 and 71–74

मानेको छ।[ix] कोलम्बियाको संवैधानिक अदालतले Atrato नदीको संरक्षण, व्यवस्थापन, संभार र पुनर्स्थापनाको अधिकार हुने निर्णय गरेको छ।[x] भारतमा उत्तरान्चल उच्च अदालतले गंगा र यमुना नदी लगायतका अन्य प्राकृतिक कुराको कानूनी व्यक्तिको हैसियत रहने र जीवित व्यक्ति सरह अधिकार, दायित्व र कर्तब्य हुने निर्णय गरेको छ।[xi] भारतकै पंजाब हरियाणा उच्च अदालतले पनि Sukhna Lake लाई कानूनी व्यक्तित्वको हैसियत प्रदान गर्दै यसको जलाधार क्षेत्रमा नक्सापास गरी बनाएको घरधनीहरूलाई पनि घर हटाउन र उनीहरूलाई घर निर्माणका लागि अन्यत्र जग्गा उपलब्ध गराई घर निर्माणका लागि पच्चीस लाख रूपैयाँका दरले उपलब्ध गराउन पनि आदेश दिएको देखिन्छ।[xii] बंगलादेशको सर्वोच्च अदालतबाट पनि बंगलादेशका सबै नदीलाई जीवित व्यक्ति सरहको कानूनी हैसियत हुने घोषणा गरेको छ।[xiii] क्यानडामा पनि नदीको कानूनी व्यक्तित्व हुने घोषणा गर्ने कार्य प्रारम्भ भएको पाइन्छ।[xiv] दक्षिण कोरीयामा Cheonggyecheon खोला सन् १९७० को दशकमा छोपी राजमार्ग बनाइएकोमा पछि सन् २००३ मा ६ किलोमिटर लामो छोपिएको भाग खुला गरिएको पाइन्छ।[xv]

१९. नेपालमा यस किसिमको नदीको कानूनी व्यक्तित्व हुने घोषणा गरिएको पाइदैन। साथै सर्वोच्च अदालतबाट नदीको अधिकार भनी घोषणा नगरिएको भए पनि काठमाडौं उपत्यकाभित्र बहने बाग्मती, विष्णुमती, हनुमन्ते, मनहरा जस्ता नदी, खोला लगायत तिनका सहायक खोलाहरूको बहाव र तटीय क्षेत्र कति रहनुपर्ने भन्ने नितान्त प्राविधिक विषय हो। साधारणतया नदीको लम्बाई, जलाधार क्षेत्र, नदीमा हिउँद र वर्षातमा हुने जलप्रवाह ५/१० र ५० वर्षमा हुने बाढीको चाप, धार परिवर्तन र कटान गर्ने नदीको व्यवहार र नदी क्षेत्रको जनसंख्या, बस्ती र वातावरणीय पक्ष एवं संविधानले परिलक्षित गरेको "दिगो वातावरणीय विकास" को अवधारणालाई समेत मध्यनजर गर्दै नदीको सीमा कायम गरिनुपर्ने हुन्छ। अतः निवेदकसमेतलाई राखी कुरा सुनी नख्खु खोलाको बहाव, वर्षातमा बग्ने पानी, प्राकृतिक रूपमा बग्न चाहिने र वातावरण संरक्षणको दृष्टिबाट आवश्यक जग्गासमेत छुट्टाई नदी क्षेत्र, किनारा क्षेत्र, सार्वजनिक जग्गासमेत सार्वजनिक कायम गर्नु, सो गर्दा निवेदकबाट सार्वजनिक जग्गा अतिक्रमण भएको देखिए कानूनबमोजिम दर्ता बदर गर्नू। सो नभई नदीले बहाव परिवर्तन गरेको कारण वा स्थिर एवं निर्बाध रूपमा बहाव कायम गर्ने व्यक्तिगत जग्गा प्राप्त गर्नुपर्ने भए कानूनबमोजिम प्राप्तसमेत गरी प्रस्तुत विवादको टुङ्गो लगाउनु भनी आदेश जारी भएको

---

[ix] Te Awa Tupua (Whanganui River Claims Settlement) Act 2017 हेरिएको मिति २०७९।१०।१८

[x] Constitutional Court of Colombia. Judgment T-341 of 2016. http://files.harmonywithnatureun.org/uploads/upload838.pdf हेरिएको मिति २०७९।१०।१८

[xi] Lalit Miglani vs State Of Uttarakhand And Others on 30 March, 2017 https://indiankanoon.org/doc/९२२०१७७०/ हेरिएको मिति २०७९।१०।१८ यस निर्णयमा भनिएको छ We, by invoking our parens patriae jurisdiction, declare the Glaciers including Gangotri & Yamunotri, rivers, streams, rivulets, lakes, air, meadows, dales, jungles, forests wetlands, grasslands, springs and waterfalls, legal entity/ legal person/juristic person/juridicial person/ moral person/artificial person having the status of a legal person, with all corresponding rights, duties and liabilities of a living person, in order to preserve and conserve them. They are also accorded the rights akin to fundamental rights/ legal rights.

[xii] Court On Its Own Motion vs Chandigarh Admn on 2 March, 2020 https://indiankanoon.org/doc/87436538/

[xiii] https://www.centerforenvironmentalrights.org/news/bangladesh-supreme-court-upholds-rights-of-rivers

[xiv] https://environmentjournal.ca/quebec-river-declared-personhood-with-rights-a-first-for-canada/

[xv] https://www.ser-rrc.org/project/south-korea-restoration-of-the-cheonggyecheon-river-in-downtown-seoul/ हेरिएको मिति २०७९।१०।१८

देखिन्छ।[xvi] यस आदेशमा सार्वजनिक जग्गा अतिक्रमण भएको देखिएमा दर्ता बदर हुन सक्ने र व्यक्तिको जग्गा देखिए कानून बमोजिम प्राप्त गरी नदीको अधिकार संरक्षित गर्ने मर्म अन्तरनिहित रहेको देखिन्छ।

२०. यस निवेदनका सन्दर्भमा यस अदालतबाट माग भएको पुरातत्व विभागबाट तयार भएको टुकुचा खोलाको स्थलगत प्रतिवेदनमा काठमाण्डौ महानगरपालिकाद्वारा जयनेपाल हलदेखि काठमाण्डौ प्लाजासम्म टुकुचा खोलाको खोजीको क्रममा जयनेपाल हल, हात्तिसार अगाडिको खुल्ला ठाउँ र लक्ष्मी बैंक नजिकै खन्दा प्राप्त भएको संरचना राणाकालमा कम्तीमा १३० वर्ष अगाडी नै बनाइएको संरचना हो जुन त्यतिबेला सो खोलाको दुवै तर्फ पर्ने हात्तिसार दरबार, सेतो दरबार र रातो दरबारसंग सम्बन्धित कला तथा बास्तुकलामा टुकुचाको बाढी नपसोस् र दुर्गन्ध नहोस् भन्नका लागि निर्माण गरिएको थियो। प्राचिन स्मारक ऐन,२०१३ अनुसार उक्त सम्पदा पुरातात्विक महत्वको सम्पदा भएको र इन्जिनियरिङका दृष्टिले पनि यस्तो संरचना हालसम्म नभेटिएकाले महत्वपूर्ण मानिएको छ। यसको मौलिक स्वरूपमा संरक्षण हुनुपर्छ भन्ने उल्लेख छ। यस प्रतिवदेनबाट टुकुचा खोलामा रहेको ड्रेनेज पुरातात्विक सम्पदाको भएकाले त्यसको संरक्षणको विषय वा प्रश्न पनि प्रस्तुत विवादमा सन्निहित रहेको देखिन्छ।

२१. दोस्रो प्रश्न अर्थात खोलाको संरक्षण गर्ने अधिकार महानगरपालिकाको अधिकारक्षेत्रभित्र पर्छ वा पर्दैन? भन्ने सम्बन्धमा खोलाको विषय महानगरपालिकाको क्षेत्राधिकारभित्र नपर्ने भन्ने निवेदक तर्फका कानून व्यवसायीले प्रश्न उठाउनु भएकाले त्यसतर्फ हेर्दा खोलालाई मुलुकी देवानी संहिताको दफा २९९ को खण्ड (घ) ले सरकारी सम्पत्ति मानेको, मालपोत ऐन, २०३४ को दफा २ को खण्ड (ख२) र जग्गा नापजाँच ऐन,२०१९ को दफा २ को खण्ड(ङ) मा नदी तथा खोलानालालाई सरकारी जग्गाको रूपमा परिभाषित गरिएको देखिन्छ। त्यसैले नदी सरकारी सम्पत्ति र सरकारी जग्गा हो भन्ने कुरामा विवाद हुन सक्दैन।यस्तो सरकारी सम्पत्तिको रेखदेख,मर्मत संभार र अन्य प्रवन्ध गर्नु स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९७ बमोजिम नगरपालिकाको दायित्वभित्रको विषय भएकाले खोलाको संरक्षणको अधिकारक्षेत्र महानगरपालिकामा रहेको देखिन आयो। महानगरपालिकाले यस किसिमको संरक्षणको कार्य गर्दा नागरिक अधिकार कुन्ठित नहुने गरी बिधिसम्मत रूपमा गर्नुपर्ने हुन्छ।

२२. तेस्रो प्रश्न अर्थात निवेदकले निवेदनमा जिकिर लिएको जग्गामा निवेदकको हक स्थापित छ वा छैन ? भन्ने सम्बन्धमा हेर्दा माथि प्रकरण १५ मा उल्लेख गरिए अनुसार निवेदनसाथ पेश भएको जग्गाधनी दर्ता प्रमाणपूर्जाबाट निवेदनमा उल्लिखित काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १ कि.नं. ७ को घर जग्गा जे नेक्स इनभेष्टमन्ट प्रा.लि. को नाममा रहेको, सो घरजग्गा मिति २०६८।२।२० मा राजिनामाबाट लिएको र त्यस घरजग्गाको विपक्षी महानगरपालिकामा कर बुझाएको देखिन्छ। यसरी नै कि.नं. ३०३८ को क्षे.फ. ०-५-२-० मा उत्तरमान लामाको नाममा रहेको जग्गाधनि दर्ता प्रमाणपूर्जाबाट देखिएको, मिति २०५४/०१/११ मा भवन निर्माण

[xvi] ने.का.प.२०७८, अंक १, निर्णय नं.१०६२५

इजाजत पत्र प्राप्त गरेको काठमाण्डौ नगरपालिकाको भवन निर्माण इजाजत पत्रबाट देखिएको एवं मिति २०७६।९।२५ मा भवन निर्माण सम्पन्नता प्रमाण पत्र प्राप्त गरेको र विपक्षी महानगरपालिकामा सो घरजग्गाको कर तिरेको देखियो। साथै कि.नं. ३०३९ को क्षे.फ. ०-५-२-० जग्गा निवेदक मध्येका प्रेसिडेण्ड ट्राभल्स एण्ड टुर्स प्रा.लि. को नाममा दर्ता रहेको जग्गाधनी दर्ता प्रमाणपूर्जाबाट देखिएको र भवन निर्माणका लागि मिति २०५२।१२।१ मा एवं मिति २०६५।४।६ मा प्लिन्थ लेभलभन्दा माथिको भवन निर्माण गर्न इजाजत लिएको समेतबाट निवेदनमा उल्लिखित घर जग्गामा हाल कानूनतः निवेदकहरूको हक स्थापित रहेको देखियो।

२३. विपक्षीको लिखित जवाफ र विपक्षी तर्फका कानून व्यवसायीले बहसका क्रममा निवेदनमा टुकुचा खोला माथिका उल्लिखित जग्गाहरू दुषित रूपमा दर्ता भएका हुन् त्यसलाई बदर गराउने महानगरपालिकाको नीति रहेको र सार्वजनिक जग्गा निजी व्यक्तिको नाममा दर्ता भएपनि स्वतः बदर हुन्छन् भनी जिकिर लिएको देखिन्छ। कुनै जग्गा सरकारी वा सार्वजनिक जग्गा हो भने त्यस्तो जग्गा सरकारी वा सार्वजनिक नै कायम गरिनु पर्ने हुन्छ र त्यस्तो जग्गा निजी कायम हुनु हुँदैन भन्ने कुरामा यस इजलासको बिमती रहन सक्दैन। तर, भूमिगत टुकुचा खोलामाथिको जग्गा व्यक्ति विशेषका नाउँमा दर्ता गर्ने, खोला नाप नक्सामा नदेखाउने, व्यक्तिका नाउँमा कित्ता नाप नक्सा गर्ने कार्य राज्यको साधिकार निकायहरूबाट र घर बनाउन इजाजत प्रदान गर्ने कार्य विपक्षी महानगरपालिकाबाट नै भएको देखिन्छ। कुनै सरकारी जग्गा निजी व्यक्तिका नाउँमा दुषित रूपमा दर्ता भएको रहेछ भने प्रचलित कानूनको प्रक्रिया अनुरूप मात्र त्यस्तो दुषित दर्तालाई सच्याउन वा बदर गर्नुपर्ने हुन्छ। मालपोत ऐन, २०३४ ले सरकारी, सार्वजनिक वा सामुदायिक जग्गा व्यक्ति विशेषका नाउँमा दर्ता गरी आवाद गरेकोमा त्यस्तो दर्ता स्वतः बदर हुनेछ। त्यस्तो जग्गा व्यक्ति

विशेषका नाउँमा रहेको दर्ता लगतसमेत मालपोत कार्यालय वा नेपाल सरकारले तोकेको अधिकारीले लगत कट्टा गर्नेछ भन्ने व्यवस्था छ। प्रस्तुत निवेदनमा उल्लिखित जग्गा सरकारी भए वा दुषित किसिमले दर्ता भएको भए साधिकार निकायबाट जाँचबुझ गरी दुषित दर्ता देखिएमा त्यसलाई बदर गरी स्रेस्तामा निवेदकको स्वामित्वको अन्त्य गर्न सकिनेमा तदनुरूप दुषित दर्ता हो भनी कहिँ कतैबाट उजुर परी साधिकार निकायबाट कुनै कानूनी प्रक्रिया अबलम्बन वा निर्णय गरेको भन्ने देखिदैन। विपक्षी महानगरपालिकाले लिखित जवाफमा पनि त्यस्तो कानूनी प्रक्रिया अबलम्बन भएको भन्ने खुलाउन सकेको पाइदैन। निवेदनमा उल्लिखित जग्गाको हक वा स्वामित्वका विषयमा कानूनी रूपमा कहीँकतैबाट चुनौति नभएको र निवेदकहरूको दर्ता स्रेस्ता बदर नभई यथावत कायम रहेको देखियो। यस अवस्थामा निवेदनमा उल्लिखित घरजग्गामा निवेदकको हक स्थापित रहेको देखियो। त्यसैले, निवेदकको हकको दर्ता स्रेस्ता विधिवत बदर नभई यथावत कायम रहेको अवस्थामा निवेदकको सम्पत्तिको हकको संरक्षण गर्नु यस अदालतको दायित्व हुने देखियो।

२४. चौथो प्रश्न अर्थात राज्यले सार्वजनिक प्रयोजनका लागि व्यक्तिको निजी सम्पत्तिमा दखल पुग्ने गरी गर्न सक्छ वा सक्दैन र सक्छ भन्ने यसको प्रक्रिया के कस्तो हुन्छ? भन्नेतर्फ हेर्दा, जीवन, स्वतन्त्रता र सम्पत्तिको अधिकार (Right to life, liberty and property) लाई व्यक्तिका अनतिक्रम्य

आधारभूत अधिकारका रूपमा लिइन्छ। विधिको शासन (Rule of law) प्रतिको सम्मान भाव प्रकट गर्दै नागरिकका यस्ता अधिकारहरूको संरक्षण र सम्वर्द्धन गर्नु राज्यको आधारभूत दायित्व मानिन्छ। यसै कारण लोकतान्त्रिक शासन व्यवस्था भएका मुलुकहरूमा संविधान र कानूनमा नै नागरिकका आधारभूत अधिकारहरूको संरक्षण सम्बन्धी विषेश व्यवस्था गरेको पाइन्छ। यस सन्बन्धमा नेपालको संविधानको धारा २५को उपधारा (१) (२) र (३) मा भएको देहायका व्यवस्था यससन्दर्भमा प्रासङ्गिक देखियो।

क) प्रत्येक नागरिकलाई कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ।

ख) सार्वजनिक हितका लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण गर्ने, प्राप्त गर्ने वा त्यस्तो सम्पत्ति उपर अरू कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्ने छैन।

ग) उपधारा (२) बमोजिम सार्वजनिक हितका लागि राज्यले कुनै पनि व्यक्तिको सम्पत्ति अधिग्रहण गर्दा क्षतिपूर्तिको आधार र कार्यप्रणाली ऐन बमोजिम हुनेछ।

२५. उल्लिखित संवैधानिक व्यवस्था हेर्दा संविधानले नागरिकको सम्पत्तिको हकलाई आधारभूत मौलिक हकका रूपमा स्वीकार गरेको तर त्यस्तो सम्पत्ति सार्वजनिक हितका लागि आवश्यक भएमा राज्यले ऐनद्वारा निर्धारित कार्य प्रणाली अबलम्वन गरी क्षतिपूर्ति प्रदान गरी अधिग्रहण गर्ने, प्राप्त गर्ने वा अन्य कुनै प्रकारले हक सिर्जना गर्न सक्ने भन्ने देखिन्छ। संविधानले सम्पत्तिको हकलाई निरपेक्ष रूपमा अनतिक्रम्य हकको कोटीमा राखेको पाइँदैन। अपितु, व्यक्तिको सम्पत्तिमाथि राज्यले कुनै प्रकारको हक अधिकार सिर्जना गर्दा ऐनद्वारा निर्धारित कार्यविधि अवलम्बन गरी क्षतिपूर्ति प्रदान गरेर मात्र गर्नुपर्ने संवैधानिक सुनिश्चितता गरेको देखिन्छ।

२६. व्यक्तिका सम्पत्ति (घर जग्गा) राज्यले प्राप्त गर्ने सम्बन्धमा प्रचलित कानून हेर्दा, जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३ मा नेपाल सरकारले कुनै सार्वजनिक कामको निमित्त कुनै जग्गा प्राप्त गर्न आवश्यक ठहराएमा यस ऐन बमोजिमको मुआब्जा दिने गरी नेपाल सरकारले जुनसुकै ठाउँको जतिसुकै जग्गा प्राप्त गर्न सक्ने भन्ने व्यवस्था गर्नुका साथै उक्त ऐनले त्यसरी जग्गा प्राप्त गर्दा अपनाउनु पर्ने कार्यविधि, प्रक्रिया र मुआब्जा निर्धारण समेतका विषयमा आवश्यक व्यवस्था गरेको देखिन्छ। यस प्रकार संविधान तथा कानूनको उल्लिखित व्यवस्था हेर्दा राज्यको एकातर्फ संविधान बमोजिम नागरिकको सम्पत्ति सम्बन्धी हकको सुनिश्चितता गराउनु पर्ने दायित्व रहेको देखिन्छ भने अर्कोतर्फ आम नागरिकको हित वा सुविधाका सार्वजनिक सरोकारलाई संवोधन गर्नुपर्ने दायित्वलाई पनि सन्तुलित ढङ्गले व्यवस्थापन गर्न खोजेको देखिन्छ। संविधानले परिलक्षित गरेका यी व्यवस्थामा राज्यले सार्वजनिक हित, उपयोग वा सुविधाका लागि गरिने निर्माणका कार्यहरू सञ्चालन गर्नका लागि व्यक्तिका निजी सम्पत्तिहरू प्राप्त गर्न आवश्यक हुन्छ तर त्यसरी सम्पत्ति प्राप्त गर्ने लगायतका सम्पूर्ण निर्माणका कार्यहरू कानून सम्मत र न्यायोचित ढङ्गले सम्पादन गरिनुपर्ने हुन्छ भन्ने मर्म र भावना अन्तरनिहित रहेको देखिन्छ।

२७. सार्वजनिक हित, विकास र न्याय एकापसमा अन्योन्याश्रित हुन्छन्। यथार्थमा विकास वा सार्वजनिक हितको अवधारणाले नागरिक अधिकार, कानूनको उचित प्रक्रिया (Due process of law) को अबलम्वन एवम् न्याय र समानतालाई समेटेको हुन्छ। विकास वा सार्वजनिक हित वा प्रयोजनका नाउँमा विधि र प्रक्रियाको पालना नगर्ने वा कानूनको पालनामा उदासिनता देखाइनु हुँदैन। नागरिक अधिकारमा अनपेक्षित बन्देज सिर्जना गरेर सार्वजनिक हितको लक्ष्य प्राप्ति हुन पनि सक्दैन। व्यक्तिको निजी सम्पत्ति सार्वजनिक प्रयोजन वा हितका लागि प्रयोग गर्न आवश्यक ठानिएमा उचित मुआब्जा वा क्षतिपूर्ति दिनुपर्ने लगायत कानूनमा व्यवस्थित विधि र प्रक्रियाको पालना अनिवार्य हुन्छ। यसो नगर्दा संवैधानिक व्यवस्थाको पालनामा उदासिनता प्रकट हुने एवं संविधान प्रदत्त नागरिक हक कुण्ठित समेत हुने हुन्छ।

२८. विपक्षीहरूका तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरूले भूमिगत रूपमा रहेको टुकुचा खोलाको अबस्थिति पहिचान गर्न निर्वाध रूपमा पाउनु पर्ने र यसमा कसैले पनि बाधा अवरोध गर्न नहुने भनी बहसमा जिकिर लिनु भएको छ। निश्चय नै भूमिगत रूपमा रहेको टुकुचाको पहिचान गर्न विपक्षीलाई कसैको बाधा बिरोध हुनु हुँदैन। तर, त्यसरी पहिचान गर्दा नागरिकहरूको साम्पत्तिक हकमा कुनै असर नपर्ने गरी विधिसम्मत रूपमा गर्नु पर्ने हुन्छ। भूमिगत अबस्थिति पहिचान गर्न उत्खनन नै गर्नुपर्ने एकमात्र बिकल्प होइन। जमिन मुनीको संरचना, पानीको बहाव आदि पत्ता लगाउन सकिने प्रविधि ( Ground penetrating Radar, GPR लगायतको) उपयोग गरी टुकुचा खोलाको बास्तबिक अवस्थिति पत्ता लगाउन सकिन्छ।[xvii] यसैले, भूमिगत टुकुचाको पहिचान गर्नका लागि निवेदकको घरजग्गामा कुनै असर नपर्ने गरी माथि उल्लेख गरिए जस्ता नवीनतम प्रविधिहरूको प्रयोग गर्न विपक्षी महानगरपालिकाले पाउने नै हुन्छ। यस आलोकबाट हेर्दा, निवेदकले निवेदनमा उठाएको साम्पत्तिक हकको हनन् भएको विषयलाई नदी पहिचान गर्ने कार्यमा वाधा अवरोध गरेको भन्ने अर्थमा बुझ्नु उपयुक्त हुँदैन। नागरिक हकको संरक्षणका खातिर गरिएका विकास निर्माणसँग सम्बन्धित कतिपय अदालतका आदेशहरू विकास प्रक्रिया वा सार्वजनिक प्रयोजनका लागि बन्ने संरचनाका अवरोधक हुन् कि भन्ने भ्रम पनि यदाकदा जनमानसमा पर्न सक्ने सम्भावना देखिन्छ। तर, अदालतबाट न्याय, समानता र नागरिक अधिकारको प्रत्याभूतिका लागि गरिने यस्ता आदेशले न्यायोचित र विधिसम्मत रूपमा सार्वजनिक प्रयोजनका विकास प्रक्रियालाई सहजिकरण गर्ने एवम् यस्ता विकास प्रक्रियामा संलग्न निकायको उत्तरदायित्व (accountability in development Process) सुनिश्चितता गर्ने भएकोले यसलाई न्यायिक निकायलाई संविधान र कानूनले प्रदान गरेको नागरिक हकको संरक्षण समेतको जिम्मेवारीको परिपालनाका रूपमा लिइनु पर्दछ।

२९. नागरिकको अधिकारको संरक्षण जति महत्वपूर्ण हुन्छ सरकारी वा सार्वजनिक सम्पत्तिको संरक्षण पनि उत्तिकै जरूरी र महत्वपूर्ण हुन्छ। व्यक्तिको साम्पतिक अधिकारको रक्षामा यो इजलास जति संवेदनशील छ सार्वजनिक प्रयोजन वा हितका कार्यहरू सुचारू,व्यवस्थित र विधिसम्मत रूपमा सम्पन्न हुनु पर्दछ भन्ने कुरामा पनि उत्तिकै सजग छ। सरकारी वा सार्वजनिक सम्पत्तिलाई कसैले

---

[xvii] पूर्व पाद टिप्पणी २

पनि निजी बनाउन पाइदैन भन्ने कुरामा कुनै विवाद हुन सक्दैन। वस्तुतः सम्पत्तिको हक व्यक्तिको एकल अधिकार हो भने सार्वजनिक हितका कार्य वा विकास कार्यमा व्यक्तिको सामूहिक अधिकार निहित रहन्छ। सामान्यतः व्यक्तिका निजी अधिकारभन्दा सार्वजनिक हित सन्निहित सामुहिक अधिकारले

प्राथमिकता पाउनु पर्ने भन्ने विधिशास्त्रीय दृष्टिकोण रहेको हुन्छ। अपितु, राज्यका आधिकारिक निकायबाट जारी श्रेस्ता कागजातबाट निजी सम्पत्ति स्थापित रहेको तर सो सम्पत्ति सरकारी वा सार्वजनिक हो भन्ने कुरा आधिकारिक श्रेस्तामा नदेखिएको अवस्थामा राज्यले यस्ता सामूहिक वा सार्वजनिक हितका कुराको प्रयोग र प्रचलन गर्दा माथिका प्रकरणहरूमा विवेचना गरिए अनुरूप निजी सम्पत्तिमा अनाधिकृत हस्तक्षेप नहुने गरी कानून बमोजिमको प्रक्रिया अवलम्वन गरी सन्तुलित, समन्वयात्मक र व्यवस्थित रूपमा गर्नु अनिवार्य र आवश्यक हुन्छ। सामूहिक वा सार्वजनिक हित भन्दैमा पनि हुँदैन। यसरी गर्न लागिएको कार्यको आवश्यकता र औचित्यता पनि निर्विवादित रूपमा स्थापित र देखिनु पर्छ। यसैले सार्वजनिक प्रयोगका कार्यका लागि व्यक्तिको निजी हकभोगको जग्गामा निजको सहमति बिना राज्यले स्वतः अधिकार कायम गर्न नसक्ने तर आवश्यक पर्ने भए प्रचलित कानून बमोजिमका विधि र प्रक्रियाको अबलम्बन गरी सो जग्गा प्राप्त गर्नु पर्ने हुन्छ।

३०. सार्वजनिक हितका लागि व्यक्तिको सम्पत्ति अधिग्रहण गर्दा उचित क्षतिपूर्ति दिनु पर्ने सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट विभिन्न मुद्दामा कानूनको व्याख्या गरी सिद्धान्त प्रतिपादन गरेको देखिन्छ। सर्वोच्च अदालत पूर्ण वैठकबाट नागरिक अधिकार ऐन, २०१२ ले प्रत्याभूत गरेको अधिकारको प्रचलनका लागि उजुरवालाको देखादेखी (Prima facie) हक पुग्ने देखिएमा निषेधाज्ञा जारी गर्नु पर्छ भनी भएको मार्गदर्शनबाट[xviii] निषेधाज्ञा सम्बन्धी विधिशास्त्रको प्रारम्भिक सुरूवात भएको र त्यसपछिका कैयौं मुद्दाहरूमा गरिएको व्याख्याबाट यसको विकास भएको पाइन्छ।

३१. यस सन्दर्भमा कुनै योजना वा कार्यको निमित्त व्यक्तिले आफ्नो जग्गा स्वेच्छाले प्रदान गर्नु स्वेच्छिक कार्य हो। यस्तो अवस्थामा क्षतिपूर्ति वा मुआव्जाको प्रश्न आउदैन। तर कसैको जग्गा निजको इच्छा विरूद्ध प्रयोग गर्न सकिने व्यवस्था संविधानले परिकल्पना गरेको देखिन आउदैन। निवेदकहरू आफ्नो जग्गाबाट बाटो बनाउन दिन मंजुर नरहेको भन्ने निजहरूकै निवेदनबाट देखिएको हुँदा निजहरूको जग्गाबाट निजहरूको मंजुरी वेगर कानून बमोजिम क्षतिपूर्ति नदिई सडक लग्न सकिने अवस्था नआएबाट आयोजना बमोजिम सडकमा परेको जग्गाको मुआव्जा दिनु पर्ने।[xix] सडक विस्तार गर्नुपर्ने भए प्रक्रिया पुरा गरी प्रचलित कानूनबमोजिम जग्गा प्राप्त गरी त्यस्तो कार्य गर्नु पर्ने।[xx] राज्यले सार्वजनिक उपभोगका लागि व्यक्तिगत सम्पत्ति प्राप्त गर्नुपर्ने आफ्नै किसिमको बाध्यात्मक अवस्था एकातिर अवश्य नै होला। अर्कोतर्फ व्यक्तिले पनि आफ्नो सम्पत्ति सार्वजनिक उपभोगका लागि त्याग गर्नुपर्दा सहनुपर्ने बाध्यताको अतिरिक्त उसले सो बापतमा क्षतिपूर्ति पाउनुपर्ने न्यायोचित

[xviii] ने.का.प.२०१६ भाग २ अंक ११ पृ.१८-१९

[xix] ने.का.प.२०५८, अंक ९, १०, निर्णय नं.७०४०

[xx] ने.का.प.२०६२, अंक ५, निर्णय नं.७५४४

कुराको पनि आफ्नै महत्व हुने हुँदा त्यसतर्फ राज्य सदैव चनाखो रहनुपर्ने हुन्छ। यसै तथ्यलाई मध्यनजर राखी राज्यद्वारा व्यक्तिगत सम्पत्ति प्राप्त गर्नुपर्दा कानूनद्वारा क्षतिपूर्ति निर्धारण गरेर मात्रै प्राप्त गर्नुपर्ने गरी संवैधानिक संरक्षण प्रदान गरिएको हो।यसरी राज्यले नागरिकको घर जग्गा लगायतको कुनै पनि सम्पत्ति प्राप्त गर्दा क्षतिपूर्ति नदिई प्राप्त गर्न संविधानद्वारा नै बन्देज लगाई नागरिकको सम्पत्ति सम्बन्धी हकको संरक्षण गरेको अवस्था स्पष्ट हुने।[xxi] भनी सर्वोच्च अदालतबाट सिद्धान्त कायम भएको छ।

३२. यसरी नै बृहत् सार्वजनिक हितका लागि राज्यले व्यक्तिको संम्पतिमाथि नियन्त्रण गर्न सक्ने मान्यतालाई अपवादको रूपमा स्वीकार गरिएको पाइन्छ। राज्यले निजी सम्पत्ति माथि नियन्त्रण, नियमन र अंकुस लगाउन सक्ने भए पनि यसको प्रयोग समेत राज्यले असिमित रूपमा गर्न सक्दैन। यसका निश्चित सीमा, प्रक्रिया र कार्यविधि रहेका हुन्छन्। यसका आधार र सीमाहरू राज्यको कानूनबाट निर्दिष्ट गरिएको हुन्छ। राज्यले निजी सम्पत्तिमाथि हस्तक्षेप गर्दा कानूनले निर्दिष्ट गरेका यस्ता आधार र सीमाहरूमा वाधिनु पर्दछ।[xxii] राज्यले सार्वजनिक हितको लागि जग्गा प्राप्त वा अधिग्रहण गर्न सक्छ। करको प्रयोजनको लागि र जग्गा जमिनको हकमा उत्पादन र उत्पादकत्त्व वृद्धि गर्न, कृषिको आधुनिकीकरण र व्यावसायिकरण, वातावरण संरक्षण, व्यवस्थित आवास तथा सहरी विकासको लागि भूमि सुधार आदिको लागि जग्गाको हक व्यवस्थापन र नियमन गर्न सकिने कुरा धारा २५ मा उल्लेख गरिएको छ। यी सार्वजनिक हितमा गरिने केही उदाहरणहरू हुन् तर सार्वजनिक हितभित्र अन्य कुराहरू पनि पर्न सक्छन्। वस्तुतः क्षतिपूर्ति शब्दको तात्पर्य जग्गा अधिग्रहण वा प्राप्ति वा सोमा कुनै अधिकार सिर्जना गरिएको कारण हुन गएको क्षतिको पूर्तिमार्फत सरोकारवाला पक्षलाई अधिग्रहणपूर्वको अवस्था (Status quo ante) मा फर्काइनु भन्ने हो। यसको पछि राज्यले सार्वजनिक हितको नाममा कसैलाई गरिब बनाउन हुँदैन भन्ने मान्यता लुकेको छ।[xxiii] भन्ने पनि सर्वोच्च अदालतबाट ब्याख्या भएको छ।

३३. साथै, जग्गा प्राप्ति नै नगरी बल प्रयोग गर्नु व्यक्तिगत सम्पत्ति माथिको हस्तक्षेप हुन्छ जो कानूनी राज्यको मान्यता र सिद्धान्त बिपरित हुन्छ।[xxiv] संविधानको धारा २५(३) मा सार्वजनिक हितको लागि सम्पत्ति अधिग्रहण गर्दा क्षतिपूर्ति प्रदान नगरी अधिग्रहण गरिने छैन नभनी "क्षतिपूर्तिको आधार र कार्यप्रणाली ऐनबमोजिम हुनेछ" भन्ने उल्लेख भएको देखिन्छ। यसको अर्थ क्षतिपूर्ति नदिई सम्पत्ति अधिग्रहण गर्न मिल्दैन भन्ने नै हुन्छ।संविधानमा व्यक्ति तथा नागरिकको सम्पत्ति र आवासका हकहरू प्रत्याभूत गरिएको छ भने ती हकहरूको हरदम संरक्षण गरिनुपर्छ। यो "धर्मो रक्षति रक्षितः" भने जस्तै कुरा हो। विधिको रक्षा गऱ्यो भने मात्र हाम्रो रक्षा हुन्छ। तसर्थ, संविधानवादलाई अनुशरण गर्ने लोकतान्त्रिक मुलुकहरूमा संस्थापित हकहरू विरूद्ध जाने अधिकार कसैलाई हुँदैन भन्ने कुरालाई कडाईका साथ पालन गरिन्छ। सरकार वा सो सम्बद्ध निकायहरूलाई आर्थिक वा

[xxi] सर्वोच्च अदालत बुलेटिन २०७०, भदौ, १, पृष्ठ ३
[xxii] ने.का.प.२०७२, अंक १२, नि.नं.९५०८
[xxiii] ने.का.प.२०७३, अंक १२, नि.नं.९७३५
[xxiv] ने.का.प.२०७५, अंक ४, नि.नं.९९८६

अन्य कारण देखाई हकहरूको संरक्षण गर्नुपर्ने आधारभूत दायित्वबाट पन्छिने अवसर दिइँदैन। हकहरू सुविधाअनुसार पालन गर्न वा नगर्न सकिने विषय हुँदै होइनन्। प्रत्याभूत हकहरूको उपेक्षा गरी सम्पत्तिउपर सहजै आक्रमण गर्न सकिन्छ भन्ने कदापि सोचिनु हुँदैन। यस्तो सोच, समझ र विश्वास लोकतन्त्र वा विधिको शासनको विरूद्ध हुन्छ।[xxv] भन्नेसमेत सिद्धान्त कायम छ।

३४. सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित उल्लिखित सिद्धान्तबाट व्यक्तिको संम्पत्ति प्रचलित कानूनको अधिनमा रहेर मात्र राज्यले सार्वजनिक हितका लागि प्राप्त गर्न सक्ने भन्ने विधिशास्त्र विकास भएको देखिन्छ। प्रस्तुत निवेदनमा निवेदकले राज्यले मुआब्जा नदिई जग्गा प्राप्ति गरेको भन्ने वा मुआब्जाको मागदावी गरेको अवस्था नदेखिंदा त्यसतर्फ थप चर्चा गरिरहनु परेन।

३५. पाँचौ प्रश्न अर्थात प्रस्तुत निवेदनमा सन्निहित रहेका प्रश्नहरूको संबोधनका उपाय के हुन सक्छन्? भन्ने सम्बन्धमा हेर्दा माथिल्ला प्रकरणमा विश्लेषण गरिए अनुसार प्रस्तुत निवेदनमा व्यक्तिको साम्पत्तिक अधिकार, खोलाका अधिकार र पुरातात्विक सम्पदाको संरक्षणका तीन वटा प्रश्नहरू सन्निहित रहेको देखियो। राज्यका आधिकारिक निकायबाट जारी स्रेस्ताबाट नीजि व्यक्तिको हक रहेका घरजग्गाहरूमा त्यस्ता स्रेस्ता कायम रहेसम्म त्यस्तो सम्पत्ति कानून बमोजिम बाहेक अनतिक्रम्य हुने र निजको मन्जुरी नभई वा कानून बमोजिम प्राप्त नगरी त्यस्ता सम्पत्तिमा कसैले पनि हस्तक्षेप गर्न नसक्ने कुराको माथिल्ला प्रकरणहरूमा बिहंगम रूपमा विश्लेषण भइसकेको छ। माथि विभिन्न प्रकरणमा खोलाको अधिकार र पुरातात्विक सम्पदाको संरक्षणको प्रश्नमा पनि विश्लेषण गरिएको छ। प्रस्तुत निवेदनमा खोलाको अधिकार संरक्षणको माग गरी वा पुरातात्विक सम्पदाको विषयमा संरक्षणको माग गरी निवेदन पर्न नआई निजी घरजग्गामा हस्तक्षेपलाई निषेध माग भएको देखिएकाले सोही विषयमा हेर्नुपर्ने देखिन्छ। तथापी विपक्षीको लिखित जवाफ र अदालतको आदेशानुसार पुरातत्व विभागबाट प्राप्त प्रतिवेदनको अध्ययनसमेतबाट प्रस्तुत निवेदनका विषयमा सन्निहित रहेका टुकुचा खोला भूमिगत रहेको विषय र सो भूमिगत संरचना पुरातात्विक सम्पदाको रहेको विषयमा पनि यस इजलासको ध्यानाकृष्ट भएको छ।

३६. यस सन्दर्भमा १३० वर्ष अघि भूमिगत निर्माण गरिएको टुकुचा खोला के कुन प्रयोजनका लागि के कुन कानूनी प्रक्रिया वा निर्णयका आधारमा भूमिगत गरिएका हुन्, खोलालाई खुला प्राकृतिक स्वरूपमा ल्याउन आवश्यक छ वा छैंन, खोलाको अधिकारलाई के कसरी संरक्षित गर्न सकिन्छ, खोलालाई खुला रूपमा ल्याउदा हुने सकारात्मक र नकारात्मक प्रभाव के हुन सक्छन, खोलामा बनाइएको पुरातात्विक संरचना भत्काएर खुला गर्न उपयुक्त हुन्छ वा हुँदैन, पुरातात्विक सम्पदाको संरक्षण आवश्यक छ वा छैन र भए कसरी गर्न सकिन्छ र राज्यका आधिकारिक निकायबाट जारी जग्गाधनी दर्ता प्रमाण पूर्जा प्राप्त गरी विपक्षी महानगरपालिकाबाटै भवन निर्माण इजाजत लिई घर निर्माण गरी लामो समयदेखि हकभोग गरिरहेका यस मुद्दा र लगाउका मुद्दाका निवेदकहरूको संविधान प्रदक्त साम्पत्तिक अधिकार कसरी संरक्षण गर्न सकिन्छ भन्ने जस्ता यक्ष सबालहरू भएकोले खोला, पुरातात्वि महत्वको संरचना र व्यक्तिको साम्पत्तिक हक गरी तीनै पक्षका हक र हितका

[xxv] ने.का.प.२०७५, अंक ९, नि.नं.१०१०२

सम्बन्धमा सन्तुलन मिलाउन र तीनै पक्षका हकलाई सन्तुलित, न्यायोचित, समन्यायिक, विवेकसम्मत र कानूनसम्मत रूपमा संरक्षण गर्न आवश्यक देखिएको छ।

३७. मिसिल संलग्न भूमि सुधार, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट प्राप्त प्रतिवेदनमा खोलाको अवस्थिति पत्ता लगाउन विभिन्न निकायका प्रतिनिधि रहेको कार्यदल गठन गर्न सुझाब दिएको देखिन्छ।[xxvi] यसरी नै पुरातत्व विभागबाट प्राप्त प्रतिवेदनमा विभिन्न विधाका विशेषज्ञ सहितको टोली गठन गरी सो टोलीले दिएको राय सुझाबका आधारमा अगाडी बढ्न उपयुक्त देखिन्छ भन्ने सुझाव दिएको अवस्था छ।[xxvii] यी सुझाब तथा प्रस्तुत विवादमा सन्निहित प्रश्नहरूको प्रकृतिका परिदृश्यलाई दृष्टिगोचर गर्दा विपक्षी महानगरपालिकाले नेपाल सरकार र नेपाल सरकारका सम्बद्ध निकायहरूसमेतको सहकार्यमा कार्य गर्दा सहज र उपयुक्तसमेत हुने देखिन्छ। यसैले टुकुचा खोला खुला रूपमा प्राकृतिक स्वरूपमा ल्याउन आवश्यक छ वा छैन, ल्याउन आवश्यक भएमा एक शताब्दी भन्दा अगावै निर्माण भएको पुरातात्विक महत्वको संरचनालाई के कसरी संरक्षण गर्न सकिन्छ, खोलामा भूमिगत संरचना निर्माण गरिएपछि खोलामाथिको जमिन व्यक्तिका नाउँमा कसरी दर्ता भएका हुन्, टुकुचा खोलालाई प्राकृतिक स्वरूपमा खुला रूपमा ल्याउने भएमा स्वामित्ववालाहरूको सांम्पत्तिक हक कसरी संरक्षण गर्न सकिन्छ तथा यस्तो कार्यमा हुने लगानी र प्रतिफलको अवस्था के हुन्छ भन्ने लगायतका माथि उल्लिखित र आवश्यक अन्य समग्र विषयमा महानगरपालिका ,नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, भूमिसुधार मन्त्रालय पुरातत्व विभाग र वातावरणविद् लगायतका विज्ञको सहभागिता र संलग्नतामा अध्ययन गरी सो अध्यनको निष्कर्ष र सुझावका आधारमा उपयुक्त योजना तर्जुमा गर्नु आवश्यक हुन्छ भन्ने यस इजलासको ठम्माई रहेकोले त्यस तर्फ विपक्षीको ध्यानाकर्षण गराइएको छ।

३८. अब ,अन्तिम प्रश्न अर्थात निवेदकको निवेदन माग बमोजिम निषेधाज्ञाको आदेश जारी गर्नु पर्ने हो वा होइन भन्ने सम्बन्धमा हेर्दा, माथिल्ला प्रकरणहरूमा उल्लेख र विवेचना गरिएका संवैधानिक र अन्य कानूनको व्यवस्था तथा सम्मानित सर्वोच्च अदालतबाट भएका ब्याख्याका आलोकमा व्यक्तिका सम्पत्तिमा राज्यले जथाभावी हस्तक्षेप वा अतिक्रमण गर्न नसक्ने देखिन्छ। राज्यलाई सार्वजनिक हितका लागि आवश्यक पर्ने अवस्थामा पनि कानूनको प्रक्रिया पूरागरी विधिसम्मत रूपमा मात्र व्यक्तिको सम्पत्ति प्राप्त गर्न सकिने हुन्छ। प्रस्तुत निवेदनमा उल्लिखित घरजग्गा साधिकार निकायबाट निवेदकका नाउँमा नापनक्सा भएका, जग्गा धनी दर्ता प्रमाणपूर्जा प्राप्त गरेका र विपक्षी नगरपालिकाबाट नै नक्सा पास भई घर निर्माणसमेत भएको अवस्था भई निवेदकको हक भोगको घरजग्गा देखिएको छ।सो जग्गाको दर्ता र निवेदकको हक कानून बमोजिम बदर भएको अवस्था पनि छैन। यस अवस्थामा निवेदकको सहमति नभई वा सो जग्गा कानून बमोजिम प्राप्त नगरी सार्वजनिक प्रयोजनकै लागि भएपनि विपक्षीलाई सो घरजग्गा भत्काउने वा अन्य कुनै किसिमले त्यसमा असर पर्ने कार्य गर्न मिल्ने हुँदैन। त्यसैले निवेदकको सहमति बेगर वा कानून

---

[xxvi] पूर्व पाद टिप्पणी २

[xxvii] पूर्व पाद टिप्पणी १

बमोजिम बाहेक निवेदनमा उल्लिखित निवेदकको घरजग्गामा असर पर्ने कार्य नगर्नु नगराउनु भनी निषेधाज्ञाको आदेश जारी गर्नुपर्ने देखियो।

३९. तसर्थ माथि विवेचित, आधार एवं कारणहरूबाट जग्गाधनी दर्ता-प्रमाण पुर्जाबाट निवेदनमा उल्लेखित कि.नं. ७, कि.नं. ३०३८ र कि.नं. ३०३९ को जग्गा निवेदकको हकको भन्ने देखिएको र सो श्रेस्ता बदर नभई यथावत रूपमा रहेको अवस्थामा निवेदकको सहमति वा क्षतिपूर्ति नदिई सो जग्गा र जग्गामा रहेको संरचनामा असर पर्ने गरी कुनै कार्य नगर्नु, नगराउनु भनी विपक्षीका नाममा निषेधाज्ञाको आदेश जारी गरिदिएको छ। अरू तपसिल बमोजिम गर्नू।

**तपसिल खण्ड**

- माथि आदेश खण्डमा निषेधाज्ञाको आदेश जारी हुने ठहरेकाले यस आदेशमा चित्त नबुझे न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१)(क) बमोजिम मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २०५ अनुसार दिन तीसभित्र सर्वोच्च अदालतमा पुनरावेदन गर्न जानु भनी विपक्षीलाई सूचना दिनू.............................................................................................................१
- सरोकारवालाले प्रस्तुत फैसलाको नक्कल माग गरे उच्च अदालत नियमावली, २०७३ को नियम १२० बमोजिम लाग्ने दस्तुर लिई नक्कल दिनू.........................................................२
- प्रस्तुत फैसला प्रमाणीकरण भएको विवरण यस अदालतको सूचना पाटीमा टाँस गरी वेभसाइटमासमेत प्रकाशन गर्नू..................................................................................................३
- प्रस्तुत फैसलाको विद्युतीय प्रति अपलोड गरी दायरीको लगतकट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू...........................................................................................४

**(महेश शर्मा पौडेल)**
**न्यायाधीश**

उक्त रायमा सहमत छु।

**(राज्यलक्ष्मी बज्राचार्य)**
**न्यायाधीश**

**फैसला तयार गर्न सहयोग गर्ने**

इजलास अधिकृतः- गम्भिर बहादुर राउत

कम्प्यूटर अपरेटरः-अनिल कुमार पन्त

**इति सम्वत् २०७९ साल माघ महिना १८ गते रोज ४ शुभम्................।**

प्रमाणीकरण मितिः अदालतको छाप

**श्री**

**उच्च अदालत विराटनगर**

**धनकुटा इजलास**

**संयुक्त इजलास**

**माननीय न्यायाधीश श्री रमेश कुमार खत्री**

**माननीय न्यायाधीश श्री फूर्पा तमाङ**

**<u>आदेश</u>**

**रिट निवेदन नं.:-०७८-WO-००२८**

**कोड नं. :-०३-०७८-०००९५**

**इजलास नं.१ /निर्णय नं.:-१५५**

जिल्ला धनकुटा, धनकुटा नगरपालिका वडा नं. ७ बस्ने बाबुको नाम थाहा नभएको आमा तारा तामाङको जेठो छोरा बर्ष २१ को नरेश तामाङ...........................................................................................१

जिल्ला धनकुटा, धनकुटा नगरपालिका वडा नं. ७ बस्ने बाबुको नाम थाहा नभएको आमा तारा तामाङको जेठो छोरा बर्ष १९ को गणेश तामाङ...........................................................................................१

जिल्ला धनकुटा, धनकुटा नगरपालिका वडा नं. ७ बस्ने बाबुको नाम थाहा नभएको आमा तारा तामाङको जेठो छोरा बर्ष १७ को ओम तामाङ...........................................................................................१

} <u>निवेदक</u>

**बिरूद्ध**

जिल्ला प्रशासन कार्यालय, धनकुटा.......................................................१ } <u>विपक्षी</u>

रिट निवेदन दर्ता मिति :- २०७८/१२/१४

**<u>विषय :- परमादेश।</u>**

न्याय प्रशासन ऐन, २०७३ को दफा ८(१) बमोजिम दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र यस अदालतको निर्णय यस प्रकार छः-

१. **रिट निवेदन व्यहोराः-** हामी निवेदकहरूको आमा तारा तामाङको जन्म धनकुटा जिल्ला धनकुटा नगरपालिका वडा नं. ७ मा भएको हो। आमाले विपक्षी जिल्ला प्रशासन कार्यालय,धनकुटाबाट नै मिति २०६३।११।१५ मा जारी भएको ०७३०२१/६१९ ना.प्र.नं.को वंशजको आधारमा नागरिकता लिनु भएको छ। हामी निवेदकहरू क्रमशः नरेश तामाङको मिति २०५८।१२।२, गणेश तामाङको मिति २०६०।०४।०७ र ओम तामाङको मिति २०६२।०८।२० मा धनकुटा जिल्ला धनकुटा नगरपालिका वडा नं. ७ मा जन्मभई सोही ७ नं. वडा कार्यालयमा आमा स"चक भई मिति २०७८।१२।०६ मा जन्मदर्ता समेत भएको छ। हाम्री आमा र बाबु वीच विवाह दर्ता

हुनु अगि नै बाबु वेपत्ता भई हालसम्म उहाँको अवस्था अज्ञात नै रहेको छ। हामीहरूलाई रोजगारी, व्यवसाय एवं राज्यबाट पाउने अन्य सेवा सुबिधा प्राप्त गर्न समेत नागरिकताको अभावमा वाधा पुगेको छ। नागरिकता प्राप्त गर्नका लागि विपक्षी श्री जिल्ला प्रशासन कार्यालय,धनकुटामा वडा कार्यालयको सिफारिस पत्र समेत पेश गरेकोमा विपक्षी श्री जिल्ला प्रशासन कार्यालय, धनकुटाले बाबुको नेपाली नागरिक भएको व्यहोरा खुल्ने कुनै पनि कागजपत्र पेश नभएको हुँदा नेपाल नागरिकता ऐन र नियमावली, २०६३ र नागरिकताको प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६३ अनुसार बाबु नेपाली नागरिक हुन् होइनन् सो नखुलेको कारण नागरिकता प्रमाणपत्र जारी गर्न नसकिने भनी हामी निवेदकहरूलाई पत्रमार्फत जानकारी दिएकोले विपक्षी श्री जिल्ला प्रशासन कार्यालय, धनकुटाले आफूलाई आमाको नामबाट नागरिकता दिन वा आमाको सनाखतबाट नागरिकता दिन ईन्कार गरेको हुँदा नागरिकता नपाएको कारण साह्रै अन्यायमा परेका छौं। बिपक्षीको काम कारबाहीबाट हामीलाई संविधानको धारा ११(५),१२ र १८(२) ले दिएको मौलिक हकमा आघात पुगेको छ।नेपाल नागरिकता ऐन २०६३ को दफा ३ र नागरिक तथा राजनितिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय प्रतिज्ञा पत्र १९६६ को धारा २४(२) को कानूनी ब्यबस्था र सर्बोच्च अदालतबाट प्रतिपादित नजिर समेतका आधारमा विपक्षी श्री जिल्ला प्रशासन कार्यालय, धनकुटाका नाउँमा निवेदकहरूको नाउँमा नागरिकता दिनु भनी परमादेश आदेश जारी गरि पाउँ भन्ने व्यहोराको रिट निवेदन।

२. **कारण देखाउ आदेशः-** यसमा के कसो भएको हो? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुनु नपर्ने कुनै आधार, कारण र प्रमाण भए बाटाको म्याद बाहेक १५ दिन भित्र उच्च सरकारी वकिल कार्यालय, धनकुटा मार्फत लिखित जवाफ पेश गर्नु भन्ने यस अदालतको मिति २०७८।१२।१५ को आदेश।

३. **बिपक्षी जिल्ला प्रशासन कार्यालय, धनकुटाको लिखित जवाफः-** विपक्षी निवेदकहरूले नागरिकता प्राप्तीको लागि धनकुटा नगरपालिका ७ नं. वडा कार्यालयबाट अनुसुची १ बमोजिमको ढाँचाको सिफारिस पत्र पेश भएको तर निजहरूको जन्मदर्ता प्रमाणपत्रमा बाबुको नाम थरको महल खाली रहेको छ। निवेदकहरूले यस कार्यालयमा बाबुको पहिचान खुल्ने कुनैपनि कागजात पेश नगरेको साथै वडा कार्यालयबाट भएको सिफारिस पत्रमा समेत बाबुको पहिचान खुल्न नआएको हुँदा निवेदकहरूको बाबु नेपाली नागरिक हुन् वा होइनन् सो कुरा स्पष्ट खुल्न नआएकोले निवेदकहरूलाई वंशजको नाताले नेपाली नागरिकता दिने वा अङ्गिकृत नेपाली नागरिकता दिने भन्ने विषय स्पष्ट खुल्न नसकेकोले निवेदकहरूको पिता नेपाली नागरिक भएको कुनै आधार कारण र प्रमाण पेश गरेमा निजलाई माग बमोजिम वंशजको आधारमा नागरिकता प्रमाणपत्र दिन सकिने नै हुँदा यस कार्यालयको हकमा रिट जारी हुनु नपर्ने भएकाले रिट निवेदन खारेजभागी छ भन्ने समेत व्यहोराको मिति २०७९।०१।०८ गतेको श्री जिल्ला प्रशासन कार्यालय धनकुटाको लिखित जवाफ।

४. **अदालतको आदेशः-** निवेदकहरूको आमा सूचक भई धनकुटा नगरपालिका वडा नं.७ को वडा कार्यालयमा मिति २०७८।१२।६ को जन्मदर्ताको अभिलेख उतार तथा निवेदकहरूले

नागरिकता प्राप्तीका लागि पेश गरेको आवेदन सहितको कारबाही फायल झिकाउनु भन्ने व्यहोराको मिति २०७९।०२।१० गतेको आदेश।

५. उपरोक्त आदेश बमोजिम ७ नं. वडा कार्यालयबाट जन्मदर्ताको अभिलेख उतार तथा नागरिकता प्राप्तीका लागी पेश गरेको आवेदन सहितको फाइल पेशीको दिन इजलासमा देखाई फिर्ता लगेको।

**यस अदालतको आदेश**

६. नियम बमोजिम दैनिक पेशी सूचीमा चढी निर्णयार्थ इजलास समक्ष पेश हुन आएक प्रस्तुत रिट निवेदन सहित मिसिल अध्ययन गरी रिट निवेदकका तर्फबाट उपस्थित वैतनिक कानून व्यवसायी अधिवक्ता श्री ठाकुर प्रसाद बरालले नेपाली आमाबाट जन्मेका सन्तानले नेपालको नागरिकता प्राप्त गर्ने अधिकार नेपालको संविधानले गरेको छ। निवेदकका आमा तारा तामाङ वंशजको आधारमा नेपाली नागरिक भएको निजको नागरिकता प्रमाणपत्रबाट पुष्टि भइरहेको छ। कुनै पनि देशको संविधान भन्दा सर्वोच्च कानून अरू हुँदैन। बाबुको पहिचान नखुलेको अवस्थामा आमाको नामबाट आफ्ना सन्तानहरूलाई नागरिकता दिन मिल्नेमा विपक्षी जिल्ला प्रशासन कार्यालयले निवेदकहरूलाई नागरिकता दिन इन्कार गरेको संविधान प्रदत्त संवैधानिक अधिकार विरूद्धको कार्य भएको हुँदा मेरो पक्षलाई आमाको नामबाट अविलम्ब नागरिकता दिनू भनी विपक्षी जिल्ला प्रशासन कार्यालय, धनकुटाको नाउँमा परमादेश जारी गरी पाउँ भन्ने तथा विपक्षी लिखित जवाफ प्रस्तुतकर्ता जिल्ला प्रशासन कार्यालय धनकुटाको तर्फबाट उपस्थित विद्वान सहायक न्यायाधिवक्ता श्री सन्दिप टेलरले विपक्षी निवेदकले नागरिकता प्राप्तिको लागि आमाको नागरिकता प्रमाणपत्र, जन्म दर्ताको प्रमाणपत्र,स्थानीय तहबाट अनुसूची १ बमोजिम ढाँचामा सिफारिस सहित सनाखत गर्नेको नाम समेत खुलाई दिएको सिफारिस पत्र पेश गरेको, तर निजहरूले आफ्नो बाबुको पहिचान खुल्ने गरी कुनै पनि कागजात पेश नगरेकोले नागरिकता नदिएको हो। निवेदकहरूले आफ्नो बाबु नेपाली नागरिक भएको प्रमाण पेश गरेमा माग बमोजिमको वंशजको आधारमा नागरिकता दिन सकिने नै हुँदा रिट खारेज होस् भनी बहस प्रस्तुत गर्नुभयो।

७. निवेदकहरूले आफ्नो आमा तारा तामाङको जन्म धनकुटा जिल्ला धनकुटा नगरपालिका वडा नं. ७ मा भएको, आमाले आफूहरूलाई जन्म दिएको भए तापनि बाबु र आमाले विवाह दर्ता गर्नु अघि नै बाबु बेपत्ता भएकोले बाबुको घर ठेगाना समेत थाहा छैन। यसकारण बाबुको पहिचान खुलाउन नसकेको हो। आमा तारा तामाङले जिल्ला प्रशासन कार्यालय धनकुटाबाटै मिति २०६३।११।१५ मा ०७३०२१।६१९ नम्बरको वंशजको नागरिकता प्राप्त गर्नुभएको छ। आफूहरू आमा तारा तामाङसंगै धनकुटा नगरपालिका वडा नं. ७ मा बसोबास गर्दै आएका छौं। नागरिकता प्रमाणपत्र नहुँदा साबालक हुँदा पनि राज्यबाट प्राप्त हुने सुविधा, रोजगार, पेशा व्यवसाय गर्नबाट निकै कठिन भएकोले नागरिकता लिनको लागि सम्बन्धित वडा कार्यालयको सिफारिस सहित प्रमाण कागजातहरू लिई विपक्षी जिल्ला प्रशासन कार्यालयमा जाँदा तिमीहरूका बाबुको सनाखत आवश्यक पर्ने भएकाले बाबु नेपाली नागरिक हो होइनन् सो कुरा नखुलेको कारण नागरिकता दिन मिल्दैन भनी मिति २०७८।१२।१० मा पत्र थमाई नागरिकता दिन अस्वीकार गरेको हुँदा नेपालको संविधानको धारा ११(५), धारा १२, नेपाल नागरिकता ऐन, २०६३ को

दफा ३, नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ ले दिएको कानूनी अधिकार तथा सर्वोच्च अदालतबाट प्रतिपादित नजीर सिद्धान्त समेतका आधारमा आफूहरूलाई आमाको नामबाट नागरिकता दिन संवैधानिक र कानूनी अड्चन नभएको हुँदा निवेदकहरूको माग बमोजिम आमाको नामबाट निवेदकहरूलाई अविलम्ब नेपालको नागरिकता दिनू भनी विपक्षी जिल्ला प्रशासन कार्यालय धनकुटाको नाउँमा परमादेशको आदेश जारी गरी पाउ भन्ने रिट निवेदन देखियो।

८. निवेदकहरूले नागरिकता प्राप्तिको लागि आमाको नागरिकता प्रमाणपत्र, जन्म दर्ताको प्रमाणपत्र, धनकुटा नगरपालिका वडा नं.७ बाट अनुसूची १ बमोजिम ढाँचाको सिफारिस पत्र पेश गरेको तर बाबुको पहिचान खुल्नेगरी कुनै पनि कागजात पेश नगरेको, निजहरूको जन्मदर्ता प्रमाणपत्रमा बाबु, बाजेको नाम, थर, ठेगाना उल्लेख नभएको, सिफारिस पत्रमा निवेदकहरूको बाबुको नाम, थर ठेगानाको महल खाली रहेको हुँदा निवेदकहरूका बाबु नेपाली हुन् वा होइनन् सो कुरा स्पष्ट खुल्न नआई वंशजको आधारमा वा अंगीकृत नेपालको नागरिकता दिने भन्ने विषय स्पष्ट खुल्न नसकेको हुँदा निवेदकहरूको बाबु नेपाली नागरिक भएको कुनै आधार र प्रमाण पेश गरेमा निवेदकहरूको माग बमोजिम वंशजको आधारमा नेपालको नागरिकता प्रमाणपत्र दिन सकिने नै हुँदा प्रस्तुत रिट खारेज होस् भन्ने व्यहोराको विपक्षी जिल्ला प्रशासन कार्यालय धनकुटाको लिखित जवाफ परेको देखियो।

९. निवेदकको माग बमोजिम परमादेशको आदेश जारी हुनु पर्ने हो वा होइन? यही विषयमा निर्णय दिनु पर्ने देखिन आयो।

१०. यसमा,निर्णय तर्फ विचार गर्दा, निवेदकहरूको जन्म क्रमशः नरेश तामाङको जन्म २०५८।१२।२ मा, गणेश तामाङको मिति २०६०।४।७ मा र ओम तामाङको मिति २०६२।८।२० मा भएको र आमा तारा तामाङको जन्म मिति २०३७।१।१० मा भएको मिसिल संलग्न जन्म दर्ता प्रमाणपत्र र आमा तारा तामाङको नागरिकता प्रमाणपत्रको प्रतिलिपिबाट देखिन्छ। निवेदकहरूको आमा तारा तामाङको नाउँमा धनकुटा जिल्ला प्रशासन कार्यालयबाट मिति २०६३।११।१५ मा जारी भएको नागरिकता प्रमाणपत्र नम्बर ०७३०२१/६१९ को नागरिकता प्रमाणपत्रको प्रकार वंशजको देखिदा निवेदकहरूको आमा वंशजको आधारमा नेपालको नागरिक भएको देखियो।

११. नेपालको नागरिकता प्राप्तीका सम्बन्धमा नेपालको संविधानको धारा ११ मा निम्न व्यवस्था रहेको पाइन्छः

- उपधारा (१) यो संविधान प्रारम्भ हुँदाका बखत नेपालको नागरिकता प्राप्त गरेका र यस भाग बमोजिम नागरिकता प्राप्त गर्न योग्य व्यक्तिहरू नेपालको नागरिक हुनेछन्।
- उपधारा (२) यो संविधान प्रारम्भ हुँदाका बखत नेपालमा स्थायी बसोबास भएका देहायका व्यक्तिहरू वंशजको आधारमा नेपालको नागरिक ठहर्नेछः

(क) यो संविधान प्रारम्भ हुनुभन्दा अघि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गरेको व्यक्ति।

(ख) कुनै व्यक्ति जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति।

- उपधारा (३) यो संविधान प्रारम्भ हुनुभन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन् भने निज बालिग भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ।
- उपधारा (४) मा — नेपालभित्र फेला परेको पितृत्व र मातृत्वको ठेगान नभएको प्रत्येक नाबाल निजको बाबु वा आमा फेला नपरेसम्म वंशजको आधारमा नेपालको नागरिक ठहर्नेछ।
- उपधारा (५) नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिलाई वंशजको आधारमा नेपालको नागरिकता प्रदान गरिनेछ" भन्ने संवैधानिक व्यवस्था गरेको छ। यसैगरी संविधानको धारा १२ ले वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिले निजको आमा वा बाबुको नामबाट लैंगिक पहिचान सहितको आधारमा नेपालको नागरिकता प्राप्त गर्न सक्ने व्यवस्था गरेको पाइन्छ।

१२. यस्तै नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा (१) ले कुनै पनि व्यक्तिको जन्म हुँदा निजका बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ भन्ने व्यवस्था गरेको पाइन्छ।

१३. रिट निवेदकहरूको जन्म हुँदाका बखत आमा तारा तामाङ वंशजको आधारमा नेपालको नागरिक रहेको निजको नागरिकता प्रमाणपत्रबाट देखिन्छ। नेपालको संविधानको धारा ११ को उपधारा (२)(ख) र नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(१) ले कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमामध्ये एक नेपालको नागरिक रहेछ, भने पनि त्यस्तो व्यक्ति वंशजको आधारामा नेपालको नागरिकता प्राप्तिका लागि योग्यग हुने व्यवस्था गरेको देखिन्छ। नेपालको संविधानले नागरिकता प्राप्तिको लागि बाबु र आमा दुवैजना हुनै पर्ने भन्ने बाध्यात्मक व्यवस्था गरेको देखिदैन।

१४. निवेदकहरूको आमा तारा तामाङ वंशजको आधारमा नेपालको नागरिक भएको, निजको जन्म र स्थायी बसोबास समेत नेपालकै धनकुटा जिल्ला ऐ. नगरपालिका वडा नं. ७ मा भएको र निवेदकहरूको जन्म र स्थायी बसोबास समेत सोही ठाउँमा रहेको भन्ने कुरा मिसिल संलग्न निवेदकहरूको जन्म दर्ता प्रमाणपत्र, आमा तारा तामाङको नागरिकता प्रमाणपत्र समेतबाट देखिन्छ। नेपालको संविधानको धारा ११ को उपधारा (५) ले नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै स्थायी बसोबास गरेको र बाबुको पहिचान खुल्न नसकेको अवस्थामा त्यस्तो व्यक्तिलाई वंशजको आधारमा नेपालको नागरिकता दिन सकिने भनी संविधानले नै व्यवस्था गरेको देखिदा निवेदकहरूले वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्न योग्य रहे भएको देखियो।

१५. विपक्षी जिल्ला प्रशासन कार्यालय धनकुटाको लिखित जवाफमा निवेदकहरूले आफ्नो बाबुको पहिचान खुल्ने कागजात पेश नगरेको, जन्म दर्ता प्रमाणपत्रमा बाबु, बाजेको नाम, थर, ठेगाना उल्लेख नभएको, स्थानीय तहले गरेको सिफारिस पत्रमा निवेदकहरूका बाबुको नाम, थर,

ठेगानाको महल खाली रहेको, निवेदकहरू बाबु नेपाली हुन् वा होइनन् सो कुरा स्पष्ट खुल्न नआएकोले निवेदकहरूलाई वंशजको वा अंगीकृत नेपाली नागरिकता दिने भन्ने स्पष्ट खुल्न नसकेको भन्ने जिकिर लिए तर्फ हेर्दा, कुनै पुरूषले महिलालाई शारीरिक सम्बन्ध राखी गर्भधान बनाई गर्भधान पश्चात पुरूष बेपत्ता भएको अवस्थामा पति वा बाबुको पहिचान दिन नसक्ने अवस्था समेतको न्यायिक विवेचना हुनु बान्छानीय हुन देखिन्छ।

१६. नेपालको संविधानको धारा ११ को उपधारा (५) बमोजिम भएको संवैधानिक व्यवस्थालाई मध्यनजर गर्दै निवेदक सृजना खरेल विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय समेत भएको परमादेश मुद्दामा "आमाको नामबाट नागरिकता पाउँ भन्ने निवेदकको माग भएकोमा बाबु कहाँ गयो वा के भयो ? भन्ने कुरा प्रासंगिग नै देखिएन। आमाको नामबाट नागरिकता लिन सकिने व्यवस्था हुँदाहुँदै निवेदकलाई नागरिकता प्राप्त गर्नबाट बन्चित गर्नु भनेको कानूनको बर्खिलाप कार्य गरेको मानिन आउँछ" भनी प्रस्तुत मुद्दामा सम्मानीत सर्वोच्च अदालतबाट नजीर सिद्धान्त प्रतिपादन भएको देखिन्छ **(ने.का.प.२०७३, भाग ५८, अंक ९, नि.नं. ९६८७)**। यसैगरी "बाबु वा आमामध्ये कुनै एक मात्र नेपालको नागरिक भए पनि त्यस्तो व्यक्तिले नेपालको नागरिकता प्राप्त गर्न सक्ने" भनी निवेदिका सविना दमाई विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय समेत भएको मुद्दामा समेत नजीर सिद्धान्त प्रतिपादन भएको देखिन्छ **(ने.का.प. २०६८, भाग ५३, अंक २, नि.नं. ८५५७)**।

१७. यस अदालतको आदेशानुसार पेश भएको जन्म दर्ताको सक्कल रेकर्ड फाइल हेर्दा, धनकुटा जिल्ला, ऐ. नगरपालिका वडा नं. ७ मा निवेदकहरूको मिति २०७८।१२।०६ मा निवेदकहरूकी आमा तारा तामाङ सूचक रही जन्म दर्ता भएको र सो जन्म दर्ता प्रमाणपत्रमा बाबु, बाजेको नाम, थर, वतन खाली रहेको देखिन्छ। निवेदकहरूको आमा तारा तामाङले लिएको नागरिकता प्रमाणपत्रमा समेत पतिको नाम, थर, वतन जनिएको देखिदैन। प्रत्येक नेपाली नागरिकले नेपालको नागरिकता प्राप्त गर्ने संवैधानिक र कानूनी हकाधिकार भई राज्यले कुनै पनि नागरिकलाई राज्य बिहिनताको परिकल्पना गरेको अवस्थामा नेपालको संविधान, नेपाल नागरिकता ऐन, २०६३ र सर्वोच्च अदालतबाट प्रतिपादित नजीर सिद्धान्त समेतका आधारमा आमाको नामबाट नेपालको नागरिकता प्राप्त गर्न सक्ने नै देखिदा विपक्षी जिल्ला प्रशासन कार्यालयको तर्फबाट उपस्थित विद्वान सहायक न्यायाधिवक्ताले रिट निवेदन खारेज होस् भनी गर्नुभएको बहस जिकिरसंग सहमत हुन सकिएन।

१८. अतः माथि विवेचित आधार कारणबाट रिट निवेदकहरूको आमा तारा तामाङको नाउँमा जिल्ला प्रशासन कार्यालय, धनकुटाबाट जारी भएको ना.प्र.नं. ०६३०२१/६१९ को नागरिकता वंशजको देखिएको, आमा सूचक भई निवेदकहरूको जन्म दर्ता प्रमाणपत्र बनाएको, निवेदकहरूको बाबु बेपत्ता भई निजको घर ठेगाना समेत थाहा नभएको भनी निजहरू स्थायी रूपमा बसोबास गर्दै आएको धनकुटा नगरपालिका वडा नं. ७ को वडा सर्जमिन मुचुल्का र इजलासमा पूर्व आदेशानुसार पेश भएको जन्म दर्ताको सक्कल रेकर्ड फाइल झिकाई हेर्दा निवेदकहरूको आमा वंशजको आधारमा नेपालको नागरिक भएको देखिदा नेपालको संविधान र नेपाल नागरिकता ऐन, २०६३ ले कुनै पनि नागरिकलाई राज्य विहिनताको परिकल्पना गरेको नदेखिदा आमाको नाउँबाट समेत सन्तानले

नागरिकता प्राप्त गर्न सकिने हुँदा यी निवेदकहरूको माग बमोजिम आवश्यक प्रकृया पुऱ्याई आमाको नाउँबाट नागरिकता दिनू भनी विपक्षी जिल्ला प्रशासन कार्यालय, धनकुटाको नाउँमा न्याय प्रशासन ऐन, २०७३ को दफा ८(१) बमोजिम परमादेश जारी हुने ठहर्छ। अरूमा तपसील बमोजिम गर्नू।

<u>तपसील</u>

- माथि ठहर खण्डमा लेखिए बमोजिम परमादेशको आदेश जारी हुने ठहरेकाले आदेश बमोजिम गर्नू भनी प्रस्तुत आदेशको प्रमाणित उत्तार सहित विपक्षी जिल्ला प्रशासन कार्यालय धनकुटालाई लेखी पठाउनू..........................................................................................१
- सरोकारवालाले नक्कल माग्न आए नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनू..........................................................................................२
- प्रस्तुत फैसलाको विद्युतीय प्रति अपलोड गरी सोको व्यहोरा जनाई राख्नू..........................................................................................३
- दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनू..........................................................................................४

**फूर्पा तमाङ**
**(न्यायाधीश)**

उक्त रायमा म सहमत छु।

**रमेश कुमार खत्री**
**(न्यायाधीश)**

<u>फैसला तयार गर्न सहयोग गर्नेः</u>
इजलास अधिकृतः रविन्द्र थापा

**इति सम्वत २०७९ साल असार महिना १२ गते रोज १ शुभम्.....**

प्रमाणिकरण मितिः २०७९।०३।२१।३

न्यायाधीश कार्यालयको छाप

**श्री**

**उच्च अदालत पोखरा**

**संयुक्त इजलास**

**इजलास नं. १**

**माननीय का.मु. मुख्य न्यायाधीश श्री डिल्लीराज आचार्य**

**माननीय न्यायाधीश श्री श्रीधरा कुमारी पुडासैनी**

**फैसला**

**मुद्दाः जबरजस्ती करणी।**

**मुद्दा नं. 078-CS-0354**

**नि.नं. ४४२**

| | |
|---|---|
| परिवर्तित नाम BBN / LN-3 को छोरा कानूनको विवादमा परेको बालक परिवर्तित नाम थर २०७७।०७८ कास्की-२..............................................................,......१ | **पुनरावेदक प्रतिवादी** |

**विरूद्ध**

| | |
|---|---|
| परिवर्तित जिल्ला ४१ बस्ने परिवर्तित नाम २०७६ HHHH को जाहेरीले नेपाल सरकार..........................................................................................१ | **प्रत्यर्थी वादी** |

शुरू फैसला गर्ने अदालतः श्री कास्की जिल्ला अदालत

शुरू फैसला गर्ने माननीय जिल्ला न्यायाधीशः श्री श्रीकृष्ण भट्टराई

शुरू फैसला मितिः २०७७।११।२५

शुरू मुद्दा नं.: 077-C1-0016

पुनरावेदन दर्ता मितिः २०७८।0५।२८

**न्याय प्रशासन ऐन, २०७३ को दफा ८(३) बमोजिम यसै अदालतको अधिकारक्षेत्र भित्रको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छः-**

**तथ्य-खण्ड**

१. जाहेरी दरखास्तः-

मेरो नाबालिग छोरी वर्ष १७ की परिवर्तित नाम, थर पोखरा-१३१ लाई परिवर्तित नाम, थर २०७७/०७८ कास्की-२ ले विवाह गर्छु भनी अनुचित प्रभावमा पारी झुक्याई विभिन्न प्रलोभन देखाइ पटक-पटक करणी गर्दै आएकोमा मिति २०७६/०८/१३ गतेका दिन कास्की जिल्ला पोखरा म.न.पा. वडा नं.१५ प्रगतिमार्ग स्थित लक्ष्मी गुरूङको घरमा करणी गरी भगाई भारतको चेन्नई भन्ने ठाउँमा लगेर राखी हाल पोखरा लिएर आएको र हाल मेरो छोरीको पेटमा गर्भसमेत रहेको हुँदा जबरजस्ती करणी गरी गर्भ बोकाउने निज कानूनको विवादमा परेका बालकलाई पक्राउ गरी हदैसम्मको सजाय गरी पाऊँ भन्नेसमेत बेहोराको परिवर्तित नाम, थर २०७६ HHHH को जाहेरी दरखास्त।

२. <u>घटनास्थल मुचुल्काः-</u>

कास्की जिल्ला पोखरा म.न.पा. वडा नं.१५ घलेचोक स्थित लक्ष्मीकुमारी गुरूङको साढे २ तले घरको भर्याङको उत्तरतर्फ सँगै जोडिएको दोस्रो तलाको कोठामा काठको दराज लोबेड रहेको, उक्त लोबेडमा परिवर्तित नाम २०७७/०७८ कास्की-२ ले वर्ष १७ की परिवर्तित नाम पोखरा-१३१ लाई करणी गरेको भन्नेसमेत बेहोराको घटनास्थल मुचुल्का।

३. <u>प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानः-</u>

एउटै एरियामा बस्ने भएको हुँदा परिवर्तित नाम, थर २०७६ HHHH र निजको छोरी परिवर्तित नाम पोखरा-१३१ सँग मेरो चिनजान थियो। निज पोखरा-१३१ र म कलेजपनि सँगै पढेकोमा निजको मेरो विगत ४ वर्षदेखि गहिरोरूपमा माया/प्रेम बसी मोबाइलमा कुराकानी गर्ने मौका मिलाएर भेटघाट तथा निजकै घरमा पनि घर परिवार कोही नभएको अवस्थामा शारीरिक सम्पर्कसमेत हुँदै आएकोमा निज पोखरा-१३१ को घर परिवारले उक्त कुरा थाहापाई हामी दुवैजना भागेर इन्डिया जाने सल्लाह गरी मिति २०७६/०८/१३ गते बेलुका अ.७/८ बजेको समयमा म पीडित बस्दै आएको घरमा गई घरमा कोही नभएको अवस्थामा निजलाई करणी गरी कोही कसैलाई जानकारी नदिई हामीहरू पोखरा पृथ्वीचोकबाट बस चढेर नारायणघाट हुँदै भारतको सुनौली नाकाबाट प्रवेश गरी गोरखपुर भन्ने ठाउँमा गई त्यहाँबाट रेल चढेर भारको चेन्नई भन्ने ठाउँमा गएका हौं। त्यहाँ एकजना नेपालीसँग भेटघाट भएपछि हामीहरूलाई निजले त्यहींको घरमा खाना पकाउने, घरको सरसफाई गर्ने काम लगाई दिएका हुन्। केही दिनपछि पोखरा-१३१ लाई वाक्-वाक् लाग्ने, खान मन नलाग्ने भएपछि निजलाई चेन्नईमा भएको अस्पतालमा चेकजाँच गराउँदा निजको पेटमा अं.७/८ महिनाका गर्भ रहेको भन्ने थाहा भएपछि पक्राउ पर्नुभन्दा ७/८ दिन अगाडि नेपाल आएकोमा हामीहरूलाई कोरोना परीक्षणको लागि पोखरा मालेपाटन स्थित कृषि तालिम केन्द्रको क्वारेन्टाइनमा राखेको अवस्थामा जाहेरवालाले थाहापाई परिवर्तित नाम पोखरा-१३१ लाई भेटी सोधपूछ गर्दा घटनाको बारेमा सबैकुरा बताएका हुन् भन्नेसमेत बेहोराको बयान।

४. <u>प्रतिवादीको ततिम्बा बयानः-</u>

जाहेरवालाले मिति २०७७/०४/१८ गते प्रमाण लगाईपाऊँ भनी निवेदनसाथ पेस गरेको म्यासेजको प्रिन्ट देखाउँदा देखें। उक्त म्यासेज मैले पीडित परिवर्तित नाम पोखरा-१३१ लाई भगाउनुभन्दा १/२ दिन अगाडि मेरो मोबाइल नम्बर ९८०५८५२९५१ बाट पीडित परिवर्तित नाम पोखरा-१३१ ले चलाउने मोबाइल नम्बर ९८०६७४८३१५ मा पठाएका म्यासेजहरू हुन् भन्नेसमेत बेहोराको ततिम्बा बयान।

५. <u>घटना विवरण कागजः-</u>

- परिवर्तित नाम २०७७/०७८ कास्की-२ मसँगै स्कुल तथा कलेज पढेका साथी हुन्। हामीहरू बीच माया/प्रेम बस्न गई एक आपसमा मोबाइलमा कुराकानी हुने भेटघाट हुने गर्दथ्यो। २०७६ सालको कार्तिक महिनामा मेरो बुबाको काल गतिले मृत्यु भएको, भाइ सानो भएको आमाले केही गर्न नसक्ने भएपछि म आमा र भाइ घलेचोक प्रगतिमार्ग स्थित मेरो आमाको बहिनी सानी आमाको घरमा गई बसेका थियौं। उक्त ठाउँमा बस्ने क्रममा परिवर्तित नाम २०७७/०७८ कास्की-२ र मबीच भेटघाट भई पोखराको विभिन्न ठाउँमा शारीरिक सम्पर्कसमेत हुँदै आएको थियो। निजले मलाई विवाह गर्छु हामी दुवै भागेर इन्डिया जाउँ पछि नेपाल फर्केर आउँला भनी मिति २०७६/०८/१३ गते बेलुका म बसेको घरमा आइ मलाई करणी गरेका र सोही बेलुकीपख पोखराबाट चितवन नारायणघाट हुँदै दुवैजना इन्डियाको चेन्नई भन्ने ठाउँमा गएका हौं। इन्डियामा बस्दापनि निजले मलाई करणी गरेका हुन्। निजको करणीबाट मेरो पेटमा ८ महिनाको गर्भ छ। मेरो पेटमा गर्भ रहन गएपछि निजले मलाई आजभन्दा ७/८ दिनअघि नेपाल ल्याएका हुन्। नेपालमा आएपछि COVID-19 परीक्षणको लागि हामीलाई पोखरा मालेपाटनस्थित कृषि तालिम केन्द्रको क्वारेन्टाइनमा राखिएको अवस्थामा मेरो आमा जाहेरवाला परिवर्तित नाम २०७६ HHHH ले थाहा/जानकारी पाई मलाई यस कार्यालयमा ल्याइ सोधपूछ गर्दा मैले सबैकुरा मेरो आमालाई बताएपछि निज परिवर्तित नाम २०७७/०७८ कास्की-२ विरूद्धमा उजुरी दिनु भएको हो। मलाई विवाह गर्छु भनी ललाइ-फकाइ प्रलोभनमा पारी जबरजस्ती करणी गरी गर्भ बोकाउने निज परिवर्तित नाम २०७७/०७८ कास्की-२ लाई हदैसम्मको सजाय होस् भन्नेसमेत बेहोराको पीडित परिवर्तित नाम पोखरा-१३१ को घटनाविवरण कागज।
- यी जाहेरवाला परिवर्तित नाम, थर २०७६ HHHH को नाबालिग छोरी परिवर्तित नाम, थर पोखरा-१३१लाई कानूनको विवादमा परेका बालक परिवर्तित नाम २०७७/०७८ कास्की-२ ले विवाह गर्छु भन्दै ललाइ-फकाइ अनुचित प्रभावमा पारी विगत देखिनै पटक-पटक जबरजस्ती करणी गर्दै आएकोमा मिति २०७६/०८/१३ गते बेलुका कास्की जिल्ला पोखरा म.न.पा. वडा नं.१५ घलेचोकस्थित पीडित बस्दै आएको घरमा गई जबरजस्ती करणी गरी पीडितलाई ललाइ-फकाइ गरी भारतको चेन्नई पुर्याई नेपाल फर्काइ लिई आएको र निजको करणीबाट पीडितको गर्भमा ८ महिनाको गर्भसमेत रहेको हुँदा नाबालिगलाई ललाइ-फकाइ गरी करणी गरी पीडितको पेटमा गर्भसमेत बोकाउने निज परिवर्तित नाम २०७७/०७८ कास्की-२ लाई कानूनबमोजिम हदैसम्मको सजाय गरी पीडितलाई उचित क्षतिपूर्ति समेत दिलाई भराइदिनुपर्छ भन्नेसमेत बेहोराको घटनाविवरण कागजमा बुझिएका लक्ष्मीकुमारी गुरूङ, कमल गुरूङ, रमेश साहकानू र ईश्वर गुरूङको कागज।

६. <u>शारीरिक परीक्षण प्रतिवेदनः-</u>

- Hymen: Not intact, Old healed lacerations are present at 5, 7' O'clock position 31-32 weeks of pregnancy भन्नेसमेत बेहोराको पीडितको शारीरिक परीक्षण प्रतिवेदन।
- No external injuries, genital organ is free from injuries भन्नेसमेत बेहोराको कानूनको विवादमा परेका बालकको शारीरिक परीक्षण प्रतिवेदन।

७. पीडित परिवर्तित नाम पोखरा-१३१ को जन्म मिति २०५८-१०-२६ रहेको बेहोराको जन्मदर्ताको प्रमाणपत्र।

८. कानूनको विवादमा परेका बालक परिवर्तित नाम २०७७-०७८ कास्की-२ को जन्म मिति २०५९-०२-१६ रहेको बेहोराको जन्मदर्ताको प्रमाणपत्र।

९. <u>अभियोग मागदावीः-</u>

किटानी जाहेरी दरखास्त, घटनास्थल मुचुल्का, कानूनको विवादमा परेको बालकको बयान कागज, पीडितको शारीरिक परीक्षण प्रतिवेदन, घटनाविवरण कागजसमेतको आधार प्रमाणहरूबाट कानूनको विवादमा परेका बालक परिवर्तित नाम २०७७/०७८ कास्की-२ ले पीडित नाबालिग परिवर्तित नाम पोखरा-१३१ लाई ललाइ-फकाइ प्रलोभनमा पारी मिति २०७६/०८/१३ गतेदेखि जबरजस्ती करणी गर्दै आई पीडितलाई गर्भवती समेत बनाई अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (१) ले निषेधित ऐ. संहिताको ऐ. दफाको उपदफा (२) ले परिभाषित कसूर गरेको पुष्टि भएकोले निजलाई ऐ. को दफा २१९ को उपदफा (३) को देहाय (घ) बमोजिम सजाय गरिपाऊँ साथै वारदातको समयमा कानूनको विवादमा परेका बालकको उमेर १७ वर्षभन्दा बढी १८ वर्षभन्दा कमी रहेको देखिँदा निजको हकमा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३६(४) बमोजिम गरिपाऊँ र कानूनको विवादमा परेका बालकले पीडित राहत कोषमा बुझाउनुपर्ने क्षतिपूर्ति शुल्क अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ को उपदफा (४) बमोजिम प्रस्तुत मुद्दाको फैसला हुँदाका बखत निर्धारण गरिपाऊँ र पीडितलाई कानूनको विवादमा परेका बालकबाट अपराध संहिता, २०७४ को दफा २२८ बमोजिम क्षतिपूर्ति दिलाई भराइपाऊँ भन्नेसमेत बेहोराको मागदाबी रहेको अभियोगपत्र।

१०. <u>प्रतिवादीले सुरू अदालतमा गरेको बयानः-</u>

पीडित भनिएकी परिवर्तित नाम पोखरा-१३१ लाई मैले करिब ६ वर्ष पहिलेदेखि निजपनि मसँग एउटै कक्षामा पढ्ने भएकोले चिनेको हुँ। निजसँग मेरो प्रेमसम्बन्ध भएको ४ वर्ष जति भई करिब ७/८ महिना अघिबाट निज र मबीच आपसी सहमतिमा यौनसम्पर्क हुने गर्दथ्यो। यस्तैमा मिति २०७६/८/१२ गते बिहानपख निज पोखरा-१३१ ले मलाई फोन गरी हामी भागेर विवाह गरौं, मलाई लिन आउ भनेकाले निजलाई लिन निजको अजि लक्ष्मी गुरूङको घरजाने चोकनिर गई दुवैजना हिँड्दै पोखरा बागलुङ बसपार्क गई सुनौली जाने टिकट काटेर राती ७.०० बजे सुनौलीतिर गएका हौं। पहिलेपनि हामी विहे गर्ने भनी भाग्न खोज्दा हामीहरूले परिवारले छुटाइदिएकाले हामी भागेर भारततिर गई विवाह गर्ने भनी सुनौलीको बस चढेका हौं। त्यसपछि गोरखपुर हुँदै चेन्नइ गई त्यहाँ गाउँतिरको मामा पर्ने भीम बस्यालको कोठामा १ रात बसी निजले हामीलाई खाना बनाउने समेतको काम खोजिदिएपछि काम गरेर बसेकोमा १/२ महिना काम गरेपछि पोखरा-१३१ लाई वाकवाकी लागेकोले अस्पतालमा जाँच गराउँदा निज गर्भवती भएको थाहा पाएका हौं। २७/२८ दिनअघि नेपाल आउँदा कोरोना रोगको कारण मालेपाटनको कृषि तालिम केन्द्रमा सँगै क्वारेन्टिनमा बस्ने क्रममा मेरो उपर जाहेरवालाले जाहेरी दिएकोले त्यहीँबाट प्रहरीले पक्राउ गरेको हो। मिति २०७६/८/१३ गते हामीबीच करणी भएको होइन। मैले पोखरा-१३१ लाई

जबरजस्ती करणी गरेको होइन। भाग्ने दिनभन्दा पहिले प्रेमसम्बन्ध रहेकोले विवाह गर्ने भनी आपसी सहमतिमा करणी लिनुदिनु गर्दै आएका हौं भने भारतमा गएपछि पनि सहमतिमा यौनसम्पर्क राखेका हौं भन्ने समेत बेहोराको प्रतिवादीले सुरू अदालतमा गरेको बयान।

११. <u>बकपत्र बेहोराः-</u>

- जाहेरी दरखास्त म आफैंले दिएको हो र सोमा परेको दस्तखत र बेहोरासमेत मेरो नै हो। २०७६ को चुनावको समयमा बेलुकाको ६/७ बजेतिर मेरी छोरी घरमा नदेखेपछि कता हराइछन् भनेर जिल्ला प्रहरी कार्यालयमा खोज्न जाँदा निज परिवर्तित नाम २०७७/७८ कास्की-२ ले ललाइ-फकाइ गरी मेरी छोरीलाई बुटवल हुँदै भारत दिल्लीसम्म पुर्याइ जबरजस्ती करणी गरी गर्भवती बनाइ ८ महिनाको गर्भ हुँदा नेपाल ल्याउँदा मैले थाहा पाएकी हुँदा जाहेरी दरखास्त दिएकी हुँ। हाल यी परिवर्तित नाम २०७७/७८ कास्की-२ को सम्बन्धबाट ४ महिनाको छोराको जन्म भएको छ उक्त नाबालक शिशुको हेरचाह र पालनपोषण गर्ने हाम्रो आर्थिक क्षमता नभएको हुँदा उक्त नबालक शिशुलाई कानूनको विवादमा परेका बालकलाई नै जिम्मा लगाइ यी बालकलाई कानूनबमोजिम कडाभन्दा कडा सजाय गरी पीडितलाई क्षतिपूर्ति समेतको व्यवस्था गरिपाऊँ भन्नेसमेत बेहोराको जाहेरवाला परिवर्तित नाम २०७६ HHHH ले गरेको बकपत्र।
- पोखरा-१३१ र यी कानूनको विवादमा परेका बालक परिवर्तित नाम २०७७/०७८ कास्की-२ एउटै क्याम्पसमा सँगै पढ्ने साथी हुन्। मैले जागिर गर्ने होटलमा स्टाफको आवश्यकता परेको हुँदा यी कानूनको विवादमा परेका बालक पनि मसँगै एउटै होटलमा काम गर्न थालेकोमा यी कानूनको विवादमा परेका बालक र पीडितबीच लगभग ५/६ वर्ष अगाडिबाट माया/प्रेम बसेको कुरा मैले थाहा पाएकी तथा निजहरू इशान नेपालीको घरमा एकरात सँगै बसेका भन्ने सुनेकी हुँ। मैले निजहरूलाई तिमीहरू दुवैजना सानै छौ, अहिल्यै विवाह गर्ने उमेर भएको छैन भनी भन्दा पीडित भनिएकीले यी कानूनको विवादमा परेको बालकबाट अलग रहन नमानेकी हुन्। त्यसपछि निजहरूले आफ्नै राजीखुसीले भागी विवाह गरेका हुन्। विवाह भएको केही समयपछि पीडितको आमा मैले कामगर्ने होटेलमा आइ मलाई जानकारी भएसम्मको कुरा उहाँलाई बताएपछि पीडितको आमा जानु भएको हो। पीडित र कानूनको विवादमा परेको बालकका बीचमा जात नमिलेको र निजहरूको उमेर सानो भएको कारणले अलग-अलग गर्नका लागि उजुरी दिनु भएको हुनसक्छ। हाल यी परिवर्तित नाम २०७७/०७८ कास्की-२ र पीडितको सम्बन्धबाट एक छोराको जायजन्म भएको अवस्था पनि छ। परिवर्तित नाम पोखरा-१३१ कानूनको विवादमा परेको बालकसँग छुट्टिएर बस्न नसक्ने भएकोले दुवैजना विवाह गरेकाले यी कानूनको विवादमा परेको बालक परिवर्तित नाम २०७७/०७८ कास्की-२ ले अभियोगदाबीको कसूरबाट सफाइ पाउनुपर्ने हो भन्नेसमेत बेहोराको कानूनको विवादमा परेका बालकको साक्षी आशा राई (लिम्बु)ले गरेको बकपत्र।
- परिवर्तित नाम २०७७/७८ कास्की-२ सँग स्कुल पढ्दा सामान्य चिनाजानिमात्र भएको थियो, हामी दुईजनाबीच प्रेमसम्बन्ध थियो। २०७६ को चुनावको आसपासतिर मेरो घरमा कोही नभएको मौका पारी मेरो घरमा प्रवेश गरी मलाई जबरजस्ती करणी गरेका हुन्। अनि त्यसपछि नाबालकको आमाले नै खर्चपर्चको बन्दोबस्त गरी मलाई ललाइ-फकाइ गरी प्रलोभनमा पारी नाबालकको

ठूलोआमाको घर बुटवल लगी त्यहाँ ४ दिनजति बसाली जबरजस्ती करणी गरी भारतको दिल्लीस्थित फुपूको घरमा लगी त्यहाँसमेत जबरजस्ती करणी गरेका हुन्। दिल्लीबाट भारतको चेन्नई आफन्तको घरमा लगी करिब १ महिनाजति राखी जबरजस्ती करणी गरेका हुन्। यसरी जबरजस्ती करणी गर्दा मेरो कोखमा बच्चा रहन गएको हो त्यसपछि मेरो पेटमा ८ महिनाको गर्भ हुँदा नेपाल आएका हौं, नेपाल आएपछि म माथि भएको सम्पूर्ण बेहोरा मेरो आमालाई बताएपछि जिल्ला प्रहरी कार्यालयमा गई जाहेरी दिनु भएको हो। हाल यी परिवर्तित नाम २०७७/७८ कास्की-२ ले मलाई जबरजस्ती करणी गरेको कारण हाल ४ महिनाको छोराको जन्म भएको छ। उक्त नाबालक शिशुको हेरचाह र पालनपोषण गर्ने मेरो आर्थिक क्षमता नभएको हुँदा उक्त नबालक शिशुलाई कानूनको विवादमा परेका बालकलाई नै जिम्मा लगाइ यी बालकलाई कानून बमोजिम कडा भन्दा कडा सजाय गरी मलाई क्षतिपूर्ति समेतको व्यवस्था गरिपाऊँ भनि पीडित परिवर्तित नाम पोखरा-१३१ ले गरेको बकपत्र।

१२. <u>बालमनोविज्ञ को मनोबैज्ञानिक प्रतिवेदनः-</u>

कानूनको विवादमा परेका बालक कक्षा ११ पढ्दै गरेको, ४ जनाको परिवार रहेको, बुबा घर बनाउने मिस्त्री काम गर्ने, आर्थिक अवस्था सामान्य रहेको, बालकले उमेर नपुगी गरेको विवाहप्रति गल्ती महसुस गरेको, गलत मनसायले विवाह नगरेको, गर्भमा रहेको बच्चा तथा आमा प्रति चिन्ता लागिरहेको भनी बताएको, निजमा कुनैपनि प्रकारको मनोसामाजिक समस्या रहेको नपाइएको भन्ने समेत बेहोराको प्रतिवेदन।

१३. <u>कानूनको विवादमा परेका बालकको आमाबाबुको संयुक्त निवेदनः-</u>

पीडित जाहेरवालाले मुद्दाको रोहमा अदालतमा बकपत्र गर्दा नाबालक बच्चाको जिम्मा पीडितको परिवारलाई लगाई पाऊँ भनी बकपत्र गरेको अवस्थामा हामी दैनिक रूपमा ज्याला, मजदुरी गरी खानुपर्ने व्यक्ति भएकोले र निज बच्चाको बाबु हाम्रो छोरा सुधारगृहमा रहेको अवस्थामा नाबालक बच्चा मात्रै जिम्मा लिंदा नाबालक बच्चालाई मात्र हामीले जिम्मा लिन असमर्थ रहेकोले बच्चाको आमा सहित जिम्मा लिनुपर्ने अवस्था आएमा हामीले हाम्रो आयस्रोत र इज्जत आमद अनुसार दुवैलाई जिम्मा लिन तयार रहेको हुँदा मुद्दाको रोहबाट फैसला हुँदाका अवस्थामा सोही बमोजिम गरिपाऊँ भन्नेसमेत बेहोराको निवेदनपत्र।

१४. <u>सुरू अदालतको फैसलाः-</u>

**कसूर ठहरः** कानूनको विवादमा परेको बालकको बयान, पीडित, जाहेरवाला एवं साक्षीको बकपत्र समेतका मिसिल संलग्न तथ्यका आधारमा पीडितले गर्भ बोकी हाल ४ महिनाभन्दा बढी उमेर शिशु समेत जन्मिई सकेको अवस्थामा यी पीडित र बालकको बीचमा करणी भएको तथ्य स्थापित भएको र अपराध संहिता, २०७४ को दफा २१९ को (२) को परिभाषा हेर्दा त्यस्तो करणी पनि Statutory Rape को परिभाषा भित्र पर्न आउने भएकोले कानूनको विवादमा परेका बालक परिवर्तित नाम, थर २०७७/०७८ कास्की-२ ले अभियोग दाबी अनुसार बिज्याइँ गरेको ठहर्छ। साथै यसमा पीडित एवं जाहेरवालीले आफ्नो आर्थिक अवस्थाको कारण नाबालिग शिशुको पालनपोषण गर्ने क्षमता नभएकोले उक्त नाबालिगलाई कानूनको विवादमा परेका बालककै जिम्मा लगाइपाऊँ भनी

अदालत समक्ष बकपत्रमा उल्लेख गरेको एवं बिज्याइँकर्ताको अभिभावक बुबा/आमाले इजलास समक्ष उपस्थित भई बालक र बच्चा दुवै जिम्मा लिन पाए आफूले लिनसक्ने, अन्यथा ज्याला मजदुरी गरी खाने भएकोले बालक मात्र जिम्मा लिन नसक्ने भनी निवेदन समेत दिएको देखिएकोले सजाय निर्धारण सुनुवाइको दिन कानूनको विवादमा परेको बालकसँगै निजका आमा/बुबा, पीडित र जाहेरवाली, सम्भव भए सरकारी वकीलसँग समन्वय गरी महिला तथा बालबालिकाको क्षेत्रमा कार्यरत सङ्घसंस्थाका प्रतिनिधि सहित उपस्थित गराउनू भनी जिल्ला सरकारी वकील कार्यालय कास्की तथा बिज्याइँकर्ताको कानून व्यवसायीलाई समेत जानकारी दिनू भन्ने बेहोराको सुरू अदालतको कसूर ठहर फैसला।

**सजाय निर्धारणः-** बिज्याइँकर्ता परिवर्तित नाम, थर २०७७/०७८ कास्की-२ लाई अभियोग दाबी बमोजिम अपराध संहिता, २०७४ को दफा २१९ को ३(घ) अनुसार १० वर्ष कैद हुने ठहर्छ। साथै प्रस्तुत मुद्दामा बिजाँइकर्ताको उमेर १८ वर्षभन्दा कम भएकोले निजको हकमा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (४) आकर्षित हुने भएकोले ऐ. अनुसार बिज्याँईकर्ता परिवर्तित नाम, थर २०७७/०७८ कास्की-२ लाई माथि निर्धारण भएको सजायको दुईतिहाइले हिसाब गर्दा हुन आउने जम्मा ६(छ) वर्ष ८(आठ) महिना कैद हुने ठहर्छ। साथै बिज्याइँकर्ताको उमेर, परिवक्वता, बिज्याइँको प्रकृति र बिज्याइँ गर्दाको परिस्थिति समेतलाई विचार गर्दा अब आइन्दा यस्तो प्रकारको बिज्याइँ नगर्ने शर्तमा निजलाई भएको सजायको अवधिभर बिज्याइँकर्ता परिवर्तित नाम, थर २०७७/०७८ कास्की-२ लाई बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (५) को देहाय (च) अनुसार बाल सुधारगृहमा बस्न लगाउने ठहर्छ। साथै माग भएको क्षतिपूर्ति शुल्क तर्फ विचार गर्दा अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ को उपदफा (१) को देहाय (च) अनुसार रू.१,३००।– क्षतिपूर्ति शुल्क बिज्याँइकर्ता परिवर्तित नाम, थर २०७७/०७८ कास्की-२ बाट फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन,२०७४ को दफा ४८ को उपदफा (१) अनुसार खडा भएको पीडित राहत कोषमा जम्मा गराउन लगाउने ठहर्छ। साथै अभियोग दाबीमा माग भएको क्षतिपूर्ति तर्फ विचार गर्दा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ४१ समेतलाई मध्येनजर राखी अभियोग दाबी बमोजिम अपराध संहिता, २०७४ को दफा २२८ अनुसार बिजाँइकर्ता परिवर्तित नाम, थर २०७७/०७८ कास्की-२ बाट पीडितलाई रू.१,५०,०००।– क्षतिपूर्ति भराइदिने ठहर्छ। साथै बिज्याँइकर्ता परिवर्तित नाम, थर २०७७/०७८ कास्की-२ ले यस अदालतमा बयान गर्दा निजले पोखरा लेकसाइडको होटलमा १/२ महिना वेटर, कुक र हेल्परको काम गरेको, बुबा घर बनाउने लेबरको काम गर्ने, आमा खेतीकिसानी गर्ने, घरमा बुबा, आमा र भाइ सहितको परिवार भएको खुलाएको तथा बिज्याइँकर्ताका बाबु/आमाले यस अदालतमा मिति २०७७/१०/२७ मा पीडित आमा र बच्चाको संरक्षण सम्बन्धमा निवेदन दिँदा निजहरू दैनिक रूपमा ज्याला मज्दुरी गरी खानुपर्ने मानिसहरू भएको भनी उल्लेख गरेकोले बिज्याइँकर्ता नाबालिग रहेको तथा बिज्याइँकर्ताका अभिभावकहरूको आर्थिकावस्था अत्यन्त नाजुक रहेको देखिएकोले सो अवस्थामा माथि निर्धारण भएको क्षतिपूर्ति रकम बिज्याइँकर्ता वा निजको आमा/बुबाले तिर्न सक्ने अवस्था

नदेखिएकोले सो रकम अपराध संहिता, २०७४ को दफा २२८ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम फौजदारी कसूर (पीडित राहत कोष) नियमावली, २०७७ को नियम ३ अनुसार स्थापित फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ४८ को उपदफा (१) बमोजिमको पीडित राहत कोषबाट तत्काल भराइदिने ठहर्छ। साथै पीडितको उमेर र बिज्याईंकर्ताको उमेर, दुवैको आर्थिक अवस्था, पारिवारिक स्थिति समेतलाई विचार गरी पीडितको संरक्षक आमा/जाहेरवालाको तर्फबाट बच्चा बाबुको जिम्मा लगाई पाऊँ भनी र बिज्याईंकर्ताको अभिभावकले पनि तत्काल जिम्मा लिन नसक्ने भनी यस अदालतमा दिएको मिसिल संलग्न निवेदनसमेत विचार गरी यस अदालतको आदेशानुसार जिल्ला सरकारी वकील कार्यालयको च.नं.१७८८ मिति २०७७/११/२५ को पत्रमा उल्लिखित संस्थाहरूमध्ये छनौट गरी पीडित र बिज्याईंकर्ताको अभिभावकको रोहबरमा पीडित र बिज्याईंकर्ताबाट जन्म भएको बच्चा र पीडित वा बच्चामात्र पनि उपयुक्तताको आधारमा विचार गरी अर्को व्यवस्था नभएसम्मको लागि जिम्मा लगाइदिने गरी लेखी पठाउनू भन्ने समेत व्यहोराको सुरू कास्की जिल्ला अदालतको मिति २०७७।११।२५ को फैसला।

१५. <u>पुनरावेदन पत्रः</u>

Rape गर्ने व्यक्तिसंग rape बाट पीडित भनिएको व्यक्ति स्वईच्छाले संगै जाने र भाग्ने विषय हुँदैन र हुन पनि सक्दै-सक्दैन। अन्तरजातीय विवाहलाई घर परिवारले स्वीकार नगरेपछि आफ्नो प्रेमलाई निरन्तरता दिनका निमित्त सुरक्षित आफूले सोचेको ठाउँ चेन्नईमा जानु स्वभाविक विषय हो। प्रेममा जातिय कुरा उमेर र रूप, रङ्ग हेरिदैन वा हुँदैन। The sole of objective of marriage is to make life happy and prosperous. भन्ने वेद वाणीलाई केन्द्रविन्दुमा राखी प्रतिवादीले पीडितलाई विवाह गरी चेन्नई लगेको देखिन्छ। पीडितले पनि सो विषयलाई आत्मसात् गरी प्रतिवादी संग गएको पाईन्छ। प्रथमतः फैसलाले विवाहको वारेमा उद्बोधन गर्नुपर्छ। बिबाहको बारेमा नबोली Rape गरेको भनी फैसला गर्न मिल्ने होईन। जाहेरवाला यस मुद्दाको सम्वन्धमा सुनिजान्ने ब्यक्ति हो। विवाह नगरेको भए म समेत भारतबाट नेपाल आउने नै थिईन। नेपाल आएपछि Rape मुद्दामा मलाई उजुरी गरी फसाउने काम भएको छ। पीडितलाई दवाब दिई मेरो विरूद्धमा वयान गर्न लगाईएको छ। पापका क्षेत्रमा जानकार व्यक्तिले कम जानकार व्यक्तिलाई फसाउँछ भन्ने वेद वाणी मेरो हकमा चरितार्थ भई मलाई फसाईएको छ। जाहेरीको व्यहोरा नै अवास्तव छ। विवाह सहित शारीरिक सम्पर्क भएको अवस्था Statutory Rape भन्न मिल्दैन। वाल विवाहको व्यवस्था नभएको भए मात्र Statutory Rape आकर्षित हुन्छ अन्यथा हुन सक्दैन। विवाह रहित Rape मात्र Statutory Rape हुन्छ। विवाह सहितको Rape पनि Marital Rape हुन्छ। यस किसिमको विषय वस्तुको तात्विक फरकका वारेमा विश्लेषण नगर्ने हो भने Problem arises because of wrong interpretation प्रारम्भ हुन्छ। अतः माथि विवेचित, तथ्य कारण, प्रमाण र कानूनका आधारमा अभियोगदावी वमोजिमको कसूर मैले नगरेको पुष्टी भएको सन्दर्भमा बालबिबाह सम्म गरेको विषयसम्म स्थापित हुन खोजेको हुँदा अभियोगदावी बमोजिम मलाई सजाय नगरी सो अभियोगदावीवाट मलाई अलग फुर्सद गराई न्याय पाउँ भन्ने मेरो मागदावी छ। यसै परिवेशमा

मिति २०७७।१०।२७ मा कास्की जिल्ला अदालतले गरेको फैसला बदर गरी बालसुधार गृहबाट छुटीपाउँ भन्ने समेत व्यहोराको पुनरावेदक प्रतिवादीको मिति २०७८।५।२९ को पुनरावेदन पत्र।

१६. <u>यस अदालतको आदेशः-</u>

यसमा, पीडितको मौकाको कागज र प्रतिवादीको बयानको समुचित विवेचना नगरी सुरू जिल्ला अदालतबाट भएको फैसला प्रमाण मूल्याङ्कनको रोहमा विचारणीय देखिँदा छलफल निम्ति मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४० को प्रयोजनार्थ यो आदेश र पुनरावेदन पत्रको प्रतिलिपी समेत साथै राखी पेशीको सूचना उच्च सरकारी वकिल कार्यालय पोखरालाई दिई नियमानुसार पेश गर्नूहोला भन्ने यस अदालतको मिति २०७८।९।२६ को आदेश।

१७. पुनरावेदक र प्रत्यर्थी दुवै पक्षबाट १५ दिनभित्र लिखित बहसनोट पेश गर्न लगाई नियमानुसार पेश गर्नुहोला भनी मिति २०७८/११/१० मा भएको आदेशानुसार दुवै पक्षबाट पेश भएको लिखित बहसनोट पेश भई मिसिल सामेल रहेको।

१८. बाल अधिकार सम्बन्धी प्रचलित कानून बमोजिम बच्चाको लालन पालन गर्ने मुख्य जिम्मेवारी बच्चाको आमा बुबाको नै हुने सन्दर्भमा बच्चाको आमा परिवर्तित नाम पोखरा-१३१ हाल कहाँ के कुन अवस्थामा छन? उच्च सरकारी वकील कार्यालय मार्फत बुझी नियमानुसार पेश गर्नु भनी मिति २०७८/१२/२८ मा भएको आदेशानुसार उच्च सरकारी वकील कार्यालय पोखराको च.नं.२४४८ मिति २०७९/२/५ को पत्रसाथ जाहेरवाला परिवर्तित नाम २०७६ HHHH र पीडित परवर्तित नाम पोखरा १३१ लाई यस अदालत समक्ष उपस्थित गराईएकोमा परिवर्तित नाम पोखरा-१३१ ले मेरो बुवा पहिल्यै बितिसक्नु भएको हो। हाम्रो आर्थिक अवस्था अतिनै नाजुक छ। बृद्र अवस्थाको आमाका साथमा हाल म पोखरा-१५ रामबजारमा मेरो सानीआमाको घरमा बसोबास गर्दै आएकी छु। बच्चालाई हामीले लालन पालन गर्न सक्ने अवस्था छैन। हामीले मिति २०७७/११/२५ मा नै सहायक जिल्ला न्यायाधिवक्ताको रोहबरमा बच्चाले लालन पालन समेतका लागि THREE ANGELS NEPAL नामक संस्थामा कार्यरत ममिला गुरूङलाई जिम्मा लगाएको हो भनी मिति २०७९/२/५ मा कागज गरेको देखिन्छ भने सोही मितिमा २०७७/११/२५ मा सहायक जिल्ला न्यायाधिवक्ताको रोहबरमा जिम्मा लगाईएको कागजको प्रतिलिपि समेत पेश गरेको पाईन्छ। उक्त कागज हेर्दा समेत पीडितको उमेर र बिज्याईकर्ताको उमेर,दुवैको आर्थिक अवस्था, पारिवारिक स्थिति नाजुक रहेको व्यहोरा उल्लेख भई जिम्मा लिने र दिने दुवैको मञ्जुरी भई सही छाप समेत गरी पीडित परिवर्तित नाम पोखरा-१३१, पीडक परिवर्तित नाम २०७६HHHH रोहबरमा सहायक जिल्ला न्यायाधिवक्दाद्वय पीडितको आमा, पीडकका बुवा परिवर्तित नाम BBN-2, पीडकका आमा परिवर्तित नाम LN-3 समेत रोहबरमा बसी नावालक बच्चाको जिम्मा लिने दिने कार्य भएको देखिन्छ।

<u>ठहर-खण्ड</u>

१९. नियमबमोजिम साप्ताहिक एवं दैनिक मुद्दा पेसी सूचीमा समावेश भई निर्णयार्थ आज यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदनपत्र सहितको शुरू मिसिल अध्ययन गरीयो।

२०. पुनरावेदक प्रतिवादी ०७७/०७८ कास्की २ का तर्फबाट उपस्थित विद्वान अधिवक्ताद्वय श्री महेन्द्रमान व्यथित र श्री वेद बहादुर विष्टले नाबालक प्रतिवादी ०७७/०७८ कास्की-२ ले नाबालिका परिवर्तित नाम पोखरा १३१ उपर जवरजस्ती करणीको कसूर गरेको नभई बालविवाह सम्मको कसूर गरेकोले निजलाई जवरजस्ती करणी जस्तो जघन्य अपराधमा सजाय गरी भएको अन्यायपूर्ण फैसला बदर भई न्याय हुनुपर्दछ भन्ने समेत बहस गर्नुभयो।

२१. प्रत्यर्थी वादी नेपाल सरकारको तर्फबाट उपस्थित उच्च सरकारी वकील कार्यालय पोखराका विद्वान उपन्यायाधिवक्ता श्री केदारनाथ उपाध्यायले नाबालिग प्रतिवादी परिवर्तित नाम ०७७/०७८ कास्की २ ले नाबालिग परिवर्तित नाम पोखरा-१३१ लाई निजको सहमती मै करणी भएको भएपनि कानूनतः सो कार्य जवरजस्ती करणी नै ठहर हुने स्पष्ट कानूनी व्यवस्था अनुसार निज प्रतिवादीको पोखरा १३१ उपरको सो कार्यलाई जबरजस्ती करणी ठहर्याई सुरू कास्की जिल्ला अदालतबाट भएको सो फैसला सदर गरिनुपर्दछ भनि र जाहेरवालाको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री सन्तोष अधिकारीले नाबालक प्रतिवादीले नाबालिकालाई जबरजस्ती करणी गरी जायजन्म भएको सन्तान समेत निजै प्रतिवादीको जिम्मा लगाउनु पर्छ भनि गर्नुभएको बहस समेत सुनियो।

२२. यसमा अभियोग दावी बमोजिम जवरजस्ती करणीको कसूर भएको ठहर्याई निज प्रतिवादी परिवर्तित नाम ०७७/०७८ कास्की २ लाई १० वर्ष कैद सजाय हुने र परिवर्तित नाम पोखरा-१३१ले प्रतिवादीबाट रू.१,५०,०००|- क्षतिपूर्ति समेत भराई लिन पाउने ठहर्याएको सुरू कास्की जिल्ला अदालतको मिति २०७७/११/२५ को फैसला मिले-नमिलेको के रहेछ? भन्ने सम्बन्धमा हेर्दा निम्न आधार र कारणहरूबाट उक्त फैसला मिलेको नदेखिंदा केही उल्टी भई पुनरावेदक प्रतिवादी परिवर्तित नाम ०७७/०७८ कास्की-२ बाट बालविवाहको कसूरसम्म भएको देखिन आयो।

२३. प्रथमतः अभियोग दावीमा पुनरावेदक प्रतिवादी परिवर्तित नाम ०७७/०७८ कास्की-२ ले परिवर्तित नाम पोखरा १३१ लाई ललाई फकाई विवाह गर्छु भन्ने समेत विभिन्न प्रलोभनहरू दिई पटक पटक करणी गरी अन्तमा मिति २०७६।०८।१३ गते पोखरा महानगरपालिका वडा नं. १५ स्थित लक्ष्मी गुरूङको घरमा करणी गरी, भारतको चेन्नईमा लगि केही समय राखि, पछि पोखरा ल्याएका र बालिकाको पेटमा गर्भ रहेकोले जवरजस्ती करणीजन्य कसूर प्रतिवादीबाट हुन गएको भन्ने समेत अभियोग दावी वेहोरा रहेको देखिन्छ।

२४. प्रस्तुत मुद्दामा परिवर्तित नाम पोखरा-१३१ वारदातको मिति २०७६।०८।१३ गते १७ वर्ष ९ महिना १७ दिनकी र प्रतिवादी परिवर्तित नाम ०७७।०७८ कास्की -२ वारदातको मिति २०७६।०८।१३ गते १७ वर्ष ०५ महिना २७ दिनका देखिन्छन्। अर्थात निजहरू दुवै कानूनको दृष्टिमा नाबालक रहेको र पीडित भनिएकी नावालक बालिका नाबालक बालक भन्दा ३ महिना २० दिन बढी उमेरकी भन्ने तथ्यमा विवाद देखिँदैन।यसैगरी प्रतिवादीले परिवर्तित नाम पोखरा-१३१ लाई करणी गरेको र गर्भ रहेको, पोखराबाट नारायणगढ, बुटवल, गोरखपुर हुँदै भारतको चेन्नईमा लगेको र त्यहाँबाट फर्केर पोखरा (नेपाल) ल्याएको अभियोग दावी बमोजिमको तथ्यलाई प्रतिवादीले पनि स्वीकार गरेका छन् र निजहरू बीचको करणी सम्बन्धबाट मिति

२०७७/०५/२३ मा छोरा (सन्तान) को जन्म भएको भन्ने समेतको तथ्य स्थापित तथ्यका रूपमा रहेको छ।

२५. प्रतिवादीले पोखरा-१३१ सँगको यौन सम्बन्ध र गर्भ रहेको तथ्यलाई आपसमा प्रेम सम्बन्ध भई विवाह गरी दाम्पत्य जीवन बिताउने सल्लाह र प्रणका साथ भएको भन्ने जिकिर लिएका छन्। पोखरा-१३१ र आफू कलेजमा समेत सँगै पढ्ने गरेको र विगत ४ वर्ष देखि गहिरो माया प्रेम बसेको र आपसमा करणी लिनु दिनु गरेको तथ्य खुलाउदै, पोखरा-१३१ का परिवारले आफू दलित जातिको र पोखरा-१३१ जनजाति भई अन्तरजातिय सम्बन्ध भएको भन्ने आधारमा आफूहरूको माया प्रेम र यौन सम्बन्धको तथ्य थाहा पाएपछि आफूहरूको सल्लाहले नै भागेर नारायणघाट-सुनौली-गोरखपुर हुँदै चेन्नईमा पुगेको, चेन्नईमा मामा नाता पर्ने भीम बस्याल (नेपाली)को सहयोगमा खाना पकाउने घरको काम गर्ने रोजगारी पाएको र केही समय पछि पोखरा-१३१ वाकवाकी गर्ने गरेकीमा, स्वास्थ्य जाँच गर्दा ७/८ महिनाको गर्भ रहेको बताएकाले नेपाल फर्केको समेतका तथ्यहरू खुलाएका छन्।

२६. सुरू कास्की जिल्ला अदालतमा बयान गर्दा पहिले पनि विवाह गर्ने भन्ने थाहा पाएर भाग्न खोज्दा परिवारले छुट्याई दिएका हुन। जाहेरी दरखास्तमा उल्लेख भएजस्तो मिति २०७६।०८।१३ मा हामी बीच करणी नै भएको होइन, भाग्ने दिन भन्दा पहिला देखिनै हामीहरूका बीच प्रेम सम्बन्ध रहेकाले आपसमा करणी लिनु दिनु गर्दै आएका हौं। भारतमा गएपछि पनि आपसमा सहमतिमै करणी लिनु दिनु गरेका हौ भन्ने वेहोराका साथ चेन्नईमा मामा पर्ने भीम बस्यालले खाना पकाउने काम खोजी दिएका र करिव २ महिना बसी नेपाल फर्केको भन्ने थप तथ्य उल्लेख गरेका छन्।

२७. पोखरा-१३१ स्वयंले आफूहरू स्कूल तथा कलेजका सहपाठी रहेका, आफूहरूका बीचमा माया प्रेम बसेको, सानी आमाको घरमा र पोखराको विभिन्न ठाउँमा करणी लिनु दिनु भएको, अन्त्यमा विवाह गर्ने भनी चेन्नई सम्म पुर्याएको र फर्केर नेपाल आएपछि आमालाई सबै कुरा भनेकामा आमाले उजुरी दिनु भएको हो भन्ने वेहोराबाट प्रतिवादीको प्रतिवाद जिकिरलाई समर्थन हुने गरी मौकामा कागज गरेको देखिन्छ भने सुरू कास्की जिल्ला अदालतमा बकपत्र गर्दा झुक्यान र प्रलोभनमा पारी करणी गरेकोले जवरजस्ती करणीको सजाय गरीपाउँ भन्ने व्यहोरा उल्लेख गरेपनि आपसमा चिनजान र प्रेम सम्बन्ध रहेको र करणी लिनु दिनु गरेको तथ्य खुलाएकी छिन र झुक्यान वा प्रलोभनको विश्वसनीय आधार देखाउन सकेकी छैनिन। साथै खर्चको व्यवस्था नाबालक प्रतिवादीकी आमाले गरेको, बुटवलमा रहेका प्रतिवादीकी ठूली आमाको घरमा ४ दिन राखी चेन्नई लगेको भन्ने समेतका थप तथ्यहरू खुलाउँदै बकपत्रको अन्त्यमा ललाई फकाई जवरजस्ती करणी गर्ने नाबालक प्रतिवादी ०७७/०७८ कास्की-२ लाई कानून बमोजिम कडा भन्दा कडा सजाय गरी जन्मेको बच्चा (छोरा) प्रतिवादीलाई नै जिम्मा लगाई पाउँ भन्ने व्यहोरा उल्लेख गरेकी छिन्।

२८. प्रस्तुत मुद्दा देखिएको वारदातको उल्लिखित अवस्थालाई अभियोग दावी बमोजिम जवरजस्ती करणीको कसूर मान्न मिल्ने वा नमिल्ने भन्ने सवाल नै अहम सवालका रूपमा देखिन आएको छ। मुलुकी फौजदारी अपराध संहिता, २०७४ को दफा २१९(२) ले १८ वर्ष भन्दा कम उमेरकी

कुनै बालिकालाई करणी गरेमा निजको मन्जुरी भएपनि जवरजस्ती करणी मानिने कानूनी व्यवस्था छ। नाबालकले नाबालिका उपर मन्जुरीले करणी गरेको अवस्थामा वा दुवैको मन्जुरीले आपसमा करणी लिनु दिनु गरेको अवस्थामा जवरजस्ती करणी गरेको मान्न मिल्ने वा नमिल्ने भन्ने विषयमा विधायिकाको ध्यान गरएको वा तत् सम्बन्धमा कानूनी स्पष्टता रहेको देखिदैन। कानूनले विवादमा परेका बालक वा बालिका (बालक वा बालिका)ले कानून बमोजिम पाउने सुविधा वा हक बालकका लागि भिन्न र बालिकाका लागि भिन्न रहेको भनी मान्न मिल्दैन। बाल अधिकार सम्बन्धी अन्तराष्ट्रिय महासन्धि, नेपालको संविधान, बालबालिका ऐन समेतका समग्र बिधिशास्त्रीय एवं कानूनी मान्यता भनेको समानहरूका बीचको समानताको हक, समान संरक्षणको हक र समान कानूनी दायित्व नै हो। लैंगिक भिन्नताको समान अवस्थामा पनि अधिकारको संवैधानिक वा कानूनी हकलाई फरक फरक रूपमा परिभाषित गर्नु वा एउटालाई दण्डित र अर्कोलाई छुट दिनु समान अवस्थामा, समान न्याय एवं वास्तविक न्याय रूपी न्यायिक मान्यताको अभिष्ट हुन सक्दैन।

२९. करिव ४ वर्ष देखि आपसमा गहिरो प्रेम सम्बन्ध भएको र राजी खुसीले पटकपटक यौन सम्पर्क भएको तथ्यलाई पोखरा-१३१ ले अनुसन्धान तहमा बयान कागज गर्दा वा सुरू अदालतमा बकपत्र समेत गर्दा स्वीकार गरेकी छिन्। नेपाल फर्के पछि आमा समेतको दवावमा परेको कारणले करिव ४ वर्षमा बीचको प्रतिवादीसँगको यौन सम्पर्क पछिको ४ महिनाको सहजीवनयात्रा र गर्भधान समेतका कार्य र अवस्थालाई आफ्नो इच्छा विपरित अर्थात जवरजस्ती भए गरेका क्रियाहरूका रूपमा लिएकी छिन्। पोखरा-१३१ सँग करणी लिनु दिनु गर्दा वा पोखराबाट नारायणघाट-बुटवल-गोरखपुर हुँदै भारतको चेन्नई पुराउँदा वा चेन्नईबाट पुनः पोखरा ल्याउँदा भएका आपसी मानवीय एवं व्यवहारिक सम्बन्ध र यौन सम्पर्क सहितका समग्र व्यवहारहरू कहीं कतै पनि बलपूर्वक वा इच्छा विपरित भएको भन्ने संकलित अन्य कुनै पनि प्रमाणबाट देखिँदैन। न त पोखरा-१३१ ले नै जाहेरी दरखास्त वा बकपत्रमा तत् सम्बन्धी तथ्य खुलाउन सकेकी छिन्।

३०. जवरजस्ती करणी सम्बन्धी अभियोग दावीको सम्बन्धमा जहाँ कुनै पुरूष र कुनै महिला वा कुनै बालक र कुनै बालिका बीचको यौन सम्बन्धमा कुनै प्रकारको शारीरिक क्षति वा मानसिक त्रास भएको देखिँदैन। करणी लिनु दिनु अघि र पछि सम्मका सबै सम्बन्ध र अवस्थाहरूमा सहजता र स्वभाविकता रहेको देखिन्छ, त्यस्तो अवस्थालाई जवरजस्ती करणी मान्न मिल्दैन। आपसी सम्बन्धको निरन्तरताका बीच देखिएको स्वभाविक घटनाक्रम र अवस्थाहरू नै सहमतिजन्य करणीका निर्णायक आधारहरू बन्न पुग्दछन्। खास समय भित्र दुवैका बिचमा सम्बन्धको निरन्तरता र स्वभाविक जीवन यात्रा आफैमा सहमितजन्य यौनसम्बन्धमा वस्तुगत प्रमाणहरू हुन जान्छन्। लामो समयसम्म सँगै रहने बस्ने, त्यसरी रहँदा बस्दा कुनै प्रकारको त्रास, त्रासजन्य बाधाहरू भएको भन्ने नदेखाउने वा नदेखिने, यौनसम्बन्धबाट गर्भाधान भई सन्तान पैदा हुने अवस्थासम्म कुनै प्रकारको असहजता वा अस्वभाविकता समेत नदेखिएको तर समयको अन्तरालमा पारिवारिक दवाव वा मानसिक परिवर्तनबाट इच्छा विपरितको करणी भएको भन्ने दावी गर्ने र त्यस प्रकारको दावीलाई निरपेक्ष रूपमा न्यायिक मान्यता दिँदै जाने हो भने बालक बालिका अर्थात नारी र पुरूषको सम्बन्ध पारिवारिक, सामाजिक, सांस्कृतिक एवं मानवीय सम्बन्धको जीवन चक्रनै

खलबलिन जान्छ। यस्तोमा जबरजस्ती करणीको वारदात कायम गर्नु न्यायको रोहबाट समेत मनासिव हुँदैन पारिवारिक, सामाजिक, सांस्कृतिक एवं मानवीय सम्बन्धको मर्म र गहिराई स्पर्श गर्दै उल्लिखित सम्बन्धमा सन्तुलनता कायम गर्नु गराउनु र अधिक भन्दा अधिकलाई स्वीकार्य बनाउनु पनि न्यायको अभिष्टता हो।

३१. मानवीय सम्बन्ध र नारी, पुरूष बीचको प्रेम सम्बन्ध दुवै प्रकृति हुन्। प्रकृति भनेको आफ्नै रित र नियममा चल्ने एक शक्तिशाली सम्बन्ध र चक्र हो। प्रकृतिलाई एक छिन वा केही समय अवरूद्द गर्न सकिएला तर सधैं र सबैका लागि नियन्त्रण गर्न सकिदैन।यो प्रकृतिको एक महान विशेषता र शक्ति दुवै हो। यौन सम्बन्ध पनि प्रकृति हो।समस्त चराचर जगतको निरन्तरताको आधारलाई, उर्जाशिलशक्ति प्रदान गर्दै आपसी जीवन सम्बन्धलाई हृदयतः एकअर्कामा प्रस्तुत गरिने अन्तरआत्माको पवित्र जीवनरस हो सहमतिपूर्ण यौन सम्बन्ध क्रिया। यसले जवरजस्ती, असहजता र अस्वभाविक साथ अस्वीकार गर्दछ। अन्तरहृदयको स्पर्शका साथ हुने सहज र स्वभाविक सम्बन्धलाई सधैं सहर्ष स्वीकार गर्दछ।

३२. प्रस्तुत मुद्दाको रोहमा देखिएको माथि उल्लिखित घटनाक्रम र तथ्यहरूले परिवर्तित नाम पोखरा-१३१ र ०७७।०७८ कास्की-२ अर्थात बालक बालिकाका बीच प्रेम सम्बन्ध भएको, सोही सम्बन्धका कारणले यौन सम्बन्ध कायम रही गर्भ रहेको र छोरा जन्मेको तथ्य स्थापित तथ्यका रूपमा रहको छ। घटनाक्रम र वारदातको उल्लिखित अवस्था अतिरिक्त निम्न लिखित आधार र कारणबाट अभियोग दावी बमोजिमको वारदातलाई जवरजस्ती करणीको वारदात भन्न मिल्दैन, उमेर नपुगेको बालक र बालिका बीच माया प्रेम बसी सहमतिमा करणी लिनु दिनु भई गर्भाधान र सन्तान पैदा समेतको समग्रताले वालविवाह प्रमाणित भएको हुन गएको तथ्यगत अवस्था मात्र हो।

क. सम्बन्धित बालक र बालिकाहरू बीच प्रेम सम्बन्ध रहेको र प्रेम सम्बन्धबाट यौन सम्पर्क भई गर्भाधान पछि छोरा जन्मेको सम्मको घटनाक्रम र जीवन चक्रको सम्बन्धले दुवैको सहमती र समझदारी रहेको भन्ने देखिएको।

ख. पोखरा (नेपाल)बाट नारायणघाट-बुटवल-सुनौली-गोरखपुर पछि चेन्नई पुग्दा सम्मका हरेक बास, गास र सम्बन्धको सबै चरण र अवस्थामा सहजता र स्वभाविकता देखिएको र त्यसबिच कुनै पनि चरण वा समयमा पोखरा-१३१ को प्रतिरोध वा अस्वीकार्यता रहेको भन्ने नदेखिएको। सहजरूपमा सहयात्रा र सहसम्बन्धका रूपमा रहेको देखिएको।

ग. बुवा घर बनाउने मिस्त्री भई आर्थिक अवस्था सामान्य रहेको प्रतिवादीको पारिवारिक पूर्वावस्था र बुवाको मृत्यु भएको, आमा मजदूरी गरी खाने, सानो भाई समेत रहेको पोखरा-१३१ का पूर्व पारिवारिक अवस्था करिव समान आर्थिक, सामाजिक एवं सांस्कृति अवस्था रही प्रतिवादी बालक वा निजका परिवारका सदस्यहरू वा अन्य आफन्तहरूबाट पोखरा-१३१ लाई दवाव वा प्रभावमा पर्न सक्ने अवस्था नदेखिएको।

घ. पोखरा-१३१ भन्दा ०७७।०७८ कास्की-२ अर्थात बालक भन्दा बालिका ३ महिना २० दिनले कम उमेरका रहेका र आफू भन्दा कम उमेरका प्रतिवादीले आफू भन्दा बढी उमेरकी बालिकालाई

ललाई फकाई यौन सम्बन्ध कायम राख्ने, गर्भाधन गराउने, विदेश (भारत) लैजाने समेतका कार्यहरू जवरजस्ती भएको भन्न नमिल्ने र आफ्नो शारीरिक वा मानसिक वा आर्थिक अशक्तताका कारणले हुन गएको भन्ने तथ्य बालिकाको बकपत्रबाट खुल्न नसकेको।

ङ. पोखरा-१३१ र कास्की-२ का बीचमा विवाह भएको भन्ने तथ्य निजहरूकै मौकामा भएका दुवैका वेहोराबाट प्रमाणित भईरहेको।

च. मुलुकी देवानी संहिता, २०७४ को दफा ६७,६८ र ६९ मा उत्सव वा समारोह वा औपचारिक वा अन्य कुनै कार्यबाट एक अर्कालाई पति पत्निका रूपमा स्वीकार गरेमा विवाह भएको मानिने (दफा ६७), विवाह एक स्थायी, अनतिक्रम्य तथा स्वतन्त्र सहमतिमा आधारित एक पवित्र सामाजिक तथा कानूनी बन्धन हुने (दफा ६८), विवाह कानूनी व्यवस्था तथा वैवाहिक जीवन यापनको स्वतन्त्रता मानिने (दफा ६९), समेतका कानूनी व्यवस्थाहरूले विवाहलाई माथि मानिए जस्तै प्रकृतिगत विशेषता र मानवीय सम्बन्धको एक आवश्यक आभा र उर्जा दुवैका रूपमा लिन मिल्ने देखिएको।

छ. पोखरा-१३१ (बालिका) र ०७७।०७८ कास्की-२ (बालक)का बीच यौनसम्बन्ध कायम भई, छोराको जाय जन्म भएको तथ्यका अतिरिक्त पोखरा-१३१ ले सिन्दुर लगाई खिचेका संयुक्त तस्विरहरूबाट समेत आपसमा राजी खुसीले यौन सम्बन्ध कायम, विवाह र सन्तानको जायजन्म भएको तथ्य प्रमाणित भएको।

ज. विवाह गर्ने उमेर नपुग्दै आपसमा विवाह भएकोमा बालकले पश्चाताप गरेको भन्ने बाल मनोविज्ञको राय प्रतिवेदन रहेको।

झ. बालक अर्थात ०७७/०७८ कास्की २ थुनामा परेको अवधिमा ०७७/०७८ कास्की २ र बालिका पोखरा १३१ बाट जन्मेको छोरा (सन्तान)को लालन पालन गर्ने कार्य प्रतिवादी (बालक)की आमाले गरेकी र आर्थिक स्रोतको कमीले आफूले लालन पालन गर्न नसक्ने भन्ने समेत व्यहोराबाट पोखरा १३१ ले मिति २०७९/०२/०५ मा यस अदालतमा कागज गरेकी।

३३. सुरू कास्की जिल्ला अदालतले अभियोगदावी बमोजिम जवरजस्ती करणी कसूर ठहर गर्दा वैधानिक जवरजस्ती करणी (Statutory Rape) को परिभाषा भित्र राखेर ठहर गरेको देखिन्छ।
१८ वर्ष उमेर नपुग्दासम्म नाबालिग मानिने र नाबालिगसँगको करणी लिनुदिनु कार्य सहमतिमै भएतापनि जवरजस्ती करणी मानिने मुलुकी फौजदारी अपराध संहिताको दफा २१९(२) को कानूनी व्यवस्था प्रस्तुत मुद्दाको वारदातका सम्बन्धमा आकर्षित हुने वा नहुने भन्ने सम्बन्धमा हेर्दा करणी लिने प्रतिवादी कास्की २ र करणी गर्न दिने पोखरा-१३१ दुवै विवाह योग्य उमेर पुरा नभएका बालक र बालिका भन्ने देखिएको र उमेरले पोखरा-१३१, कास्की-२ भन्दा जेठी देखिएकोले दुवैको नाबालिग उमेर अवस्थाको रोहबाट विवेचना गर्नुपर्ने देखियो। संसारभरि नै बालवालिकालाई बुद्दि,विवेक, बिचार तथा निर्णय गर्ने क्षमतामा परिपक्कताको अभाव हुने भई आफूले गरेको कार्यको आउन सक्ने परिणामको विवेचना गर्न सक्ने परिपक्कता कम हुने भएकोले बालवालिकाले गरेको कसूरलाई अपराध मानिदैन। बाल दुराचार (बालविज्याँई) (Juvenile Delinquency)का रूपमा

लिइन्छ। बालविज्याँईमा जस्तोसुकै गैरकानूनी कार्य गरेपनि त्यसले निजको भविष्यको कानूनी गोप्यतामा असर पर्न नसक्ने मान्यता रहेको छ।

३४. माथि विवेचना गरिए जस्तै साबालकले नाबालिगको सहमतिमा करणी लिने कार्य गरेको वारदात (कसूर)को अवस्था प्रस्तुत मुद्दाको तथ्यबाट देखिँदैन। कानूनले करणी लिन दिन अयोग्य मानिएका नाबालकहरू भन्ने देखिन्छन्। यस अवस्थामा सहमतिले करणी दिने व्यक्ति (बालिका)ले कानूनी, सामाजिक तथा सांस्कृतिक सवै दायित्वबाट उन्मुक्ति पाउने तर बालिकाको सहमतिबाटै करणी गर्ने बालकको करणी गर्ने कार्यलाई गम्भीर प्रकृतिको जवरजस्ती करणीको कसूर मानी सजाय गर्नु समान अवस्थामा समान न्यायको न्यायिक मर्म तथा लैङ्गिक न्यायको विधिशास्त्रीय मान्यताका विपरित हुन जान्छ। यसर्थ, आपसमा विवाहका लागि उमेर नपुगेका दुवै नाबालिगहरूको बीचको प्रेम सम्बन्ध पछिको सहमतिको यौनसम्बन्धलाई वैधानिक जबरजस्ती करणी (Statutory Rape) को परिभाषा भित्र राखेर, कसूर कायम गरी, दण्डित गर्न मिल्दैन। राजीखुसीले करणी लिनुदिनु गर्ने, गर्भ रहने र बच्चा जन्मनेसम्मको यस्तो कार्यले मुलुकी देवानी संहिताको दफा ७४ बमोजिम विवाहको मान्यता प्राप्त गर्दछ। अर्थात पुरूष र महिलाबीचको आपसी यौन सम्बन्धबाट बच्चा जन्मनुले निजहरूको सम्बन्धलाई विवाहमा रूपान्तरण र स्थापित गरिदिन्छ। उमेर नपुगेका बालक र बालिकाकाबीचमा भएको विवाह बाल विवाह मानिने र मुलुकी फौजदारी अपराध संहिता, २०७४ को दफा १७३ बमोजिम बालविवाहको कार्य समेत फौजदारी कसूर मानिने हुँदा अभियोग दाबी बमोजिमको वारदात जबरजस्ती करणीको कसूर नभई बालविवाहको कसूर हो भन्ने देखिन आयो।

३५. माथि उल्लिखित आधार र कारणहरूबाट पोखरा १३१ र ०७७/०७८ कास्की-२ का बीचमा भएको यौनसम्बन्ध राजीखुसीले भएको, र बच्चाको जायजन्म सहितको समग्र अवस्थाले व्यवहारतः विवाहमा परिणत भएको देखिएकोले अभियोग दावी वमोजिम जवरजस्ती करणीको वारदात (कसूर) कायम गरी पुनरावेदक प्रतिवादी नाम परिवर्तित कास्की २ लाई १० बर्ष कैद सजाय ठहरका साथै परिवर्तित नाउँ पोखरा-१३१ ले प्रतिवादी (०७७/०७८ कास्की-२)बाट रू.१,५०,०००|- क्षतिपूर्ति भराई पाउने गरेको सुरू कास्की जिल्ला अदालतको मिति २०७७/१२/३१ को फैसला मिलेको देखिएन।

३६. उपरोक्तानुसारको अभियोग दाबी बमोजिमको कसूर बालविवाहको कसूर ठहरेकोले सो सम्बन्धमा कसूरदार ठहर हुने सन्दर्भमा हेर्दा पोखरा १३१ उपर अभियोगदाबी नभएको, ०७७/०७८ कास्की-२ उपर जबरजस्ती करणीको मात्र अभियोगदाबी रहि माथि उल्लिखित आधार अर्थात न्यायिक विवेचनाका आधारमा कसूर परिवर्तन भएको अवस्था हुँदा प्रतिवादी ०७७/०७८ कास्की २ ले मुलुकी अपराध संहिता, २०७४ को दफा १७३ बमोजिम बालविवाह गरेको ठहर्छ।

३७. ठहरेको बालविवाहको कसूरका सम्बन्धमा निजलाई हुने सजाय तर्फ हेर्दा लामो समय सम्मको आपसी प्रेम सम्बन्ध र सहमतिले भएको यौनसम्पर्क, गर्भाधान र छोरा (सन्तान)को जायजन्म समेतको वारदातको प्रकृति तथा प्रतिवादीले पोखरा १३१ प्रति गरेको असल प्रेमीको व्यवहार र जेलजीवन पछि पनि निजसँगको सम्बन्धको निरन्तरताको प्रतिवद्धता समेतलाई मध्यनजर राख्दा निजलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १७३ को उपदफा (३) बमोजिम हुन सक्ने

तीन वर्षसम्म कैद र तीस हजार रूपैयाँसम्म जरिवाना सजाय मध्ये साबालकलाई १ वर्ष ६ महिना कैद र रू.१५,०००।— जरिवाना हुनेमा बालबालिका सम्बन्धि ऐन, २०७५ को दफा ३६(४) बमोजिम सो कैद र जरिवानाको दुई तिहाईले हुन आउने कैद वर्ष १(एक) तथा रू.१०,०००|- (दश हजार रूपैयाँ) जरिवाना सजाय गर्दा कानूनको मक्सद पुरा हुने र संयोगबस स्थापित बालविवाहको सम्बन्ध र कसूरको सजायमा बालक (प्रतिवादी)लाई कम भन्दा कम सजाय गर्नु नाबालकको सर्वोत्तम हित सम्बन्धी (Best Interest of Child) विधिशास्त्रीय मान्यता, बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १६ को कानूनी व्यवस्था एवं बालन्याय सम्बन्धी न्यायको मान्य सिद्धान्तका आधारमा उपरोक्तानुसारको न्यूनतम सजाय गर्नु मनासिव र उपयुक्त हुने देखियो।

३८. कानूनतः बालविवाह स्वतः बदर हुने हुँदा पोखरा-१३१ र ०७७/०७८ कास्की-२ का बीच ठहर भएको बालविवाह बदर हुने समेत ठहर्छ। त्यसैगरी कानूनतः जन्मेको सन्तान (छोरा)को पिता तथा अभिभावक प्रतिवादी ०७७/०७८ कास्की-२ नै कायम रहने हुँदा त्यसतर्फ थप विवेचना गरिरहनु परेन।

३९. अतः माथि विवेचित आधार र कारणबाट पुनरावेदक नाबालिग परिवर्तित नाम २०७७/०७८ कास्की-२ र नाबालिग परिवर्तित नाम पोखरा-१३१ बीच प्रेमभई यौन सम्पर्क पछिको गर्भाधानबाट छोरा जायजन्म भएको समेतको बालविवाहको कसूरको अवस्थालाई जबरजस्ती करणीको कसूर ठहर गरी पुनरावेदक प्रतिवादी ०७७/०७८ कास्की-२ लाई १० वर्ष कैद समेतको सजाय गर्ने गरेको शुरू कास्की जिल्ला अदालतको मिति २०७७/१२/३१ को फैसला मिलेको नदेखिंदा केही उल्टी भई प्रतिवादी परिवर्तित नाम २०७७/०७८ कास्की-२ ले मुलुकी फौजदारी अपराध संहिता, २०७४ को दफा १७३(१) बमोजिम बालविवाहको कसूर गरेको देखिंदा निजलाई सोही ऐनको दफा १७३(३) बमोजिम हुनसक्ने कैद मध्ये बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३६(४) बमोजिम साबालकलाई हुने सजायको दुई तिहाईले हुन सक्ने १ (एक) वर्षको कैद सजाय र रू.१०,०००|- जरिवाना सजाय समेत हुने ठहर्छ। साथै सोही ऐनको दफा १७३ (२) बमोजिम निजहरूको बीचमा भएको बालविवाह स्वतः बदर समेत हुने ठहर्छ। अरूमा तपसील बमोजिम गर्नुहोला।

<u>तपसील</u>

- माथि ठहर खण्डमा लेखिए बमोजिम, सुरू कास्की जिल्ला अदालतको मिति २०७७/१२/३१ को फैसला केही उल्टी भई पुनरावेदक प्रतिवादी परिवर्तित नाम ०७७/०७८ कास्की-२ ले जबरजस्ती करणीको कसूरबाट सफाई पाई निजलाई बालविवाहको कसूरमा कैद १ वर्ष र रू.१०,०००|- जरिवाना हुने ठहरी फैसला भएकोमा निज प्रतिवादी २०७७/०४/०१ देखि बालसुधार गृहमा रहेको देखिई ठहरेको कैद तथा बढी समय सुधार गृहमा रही लागेको जरिवाना समेत भुक्तान भई सकेको देखिंदा शुरू कास्की जिल्ला अदालतको ल.नं.६७४२ मिति २०७८/०४/३२ मा प्रतिवादीका नाँउमा कसिएको लगत प्रस्तुत फैसला अनुसार संशोधन गरी संशोधित लगत असुल उपर भई सकेको वेहोरा जनाउनु भनी शुरू कास्की जिल्ला अदालतमा लेखी प्रस्तुत मुद्दाको रोहबाट कैदमा रहेका पुनरावेदक प्रतिवादी परिवर्तित नाम ०७७/०७८

कास्की-२ लाई अन्य मुद्दाको रोहबाट कारागार/बालसुधार गृहमा राख्न नपर्ने भए प्रस्तुत मुद्दाको रोहबाट थुनामुक्त गरीदिनु भनी बालसुधार गृह सराङकोट (कास्की)लाई अबिलम्ब लेखी पठाईदिनु..........................................................................................१

- माथि ठहर खण्डमा लेखिए बमोजिम परिवर्तित नाम ०७७/०७८ कास्की-२ तथा परिवर्तित नाम पोखरा-१३१ बीचको बालविवाह बदर हुने व्यहोराको जानकारी दुवै पक्षलाई दिनुहोला..........................................................................................२
- न्याय प्रशासन ऐन,२०७३ को दफा ९(१)(ग) बमोजिम फैसलाको प्रतिलिपि साथै राखी उच्च सरकारी वकील कार्यालय, पोखरालाई पुनरावेदनको म्याद सहित फैसलाको जानकारी दिनुहोला..........................................................................................३
- सरोकारवालाले नक्कल माग गरे नियमानुसार नक्कल दिनुहोला..........................................................................................४
- प्रस्तुत फैसला प्रमाणिकरण भएको विवरण सूचना पाटीमा र अदालतको वेवसाईटमा प्रकाशन गर्नुहोला..........................................................................................५
- प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी, फैसला विद्युतीय प्रणालीमा अपलोड गरी शुरू मिसिल शुरू जिल्ला अदालतमा पठाई रेकर्ड मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनुहोला..........................................................................................६

**(डिल्लीराज आचार्य)**
**का.मु.मुख्य न्यायाधीश**

उक्त रायमा म सहमत छु।

**(श्रीधरा कुमारी पुडासैनी)**
**न्यायाधीश**

**फैसला तयार गर्न सहयोग गर्नेः**
इजलास अधिकृतः दीपक गिरी, मनिता दहाल
कम्प्युटर अपरेटरः केशव पौडेल
**इति सम्वत २०७९ साल जेठ महिना २६ गते रोज ६ शुभम्..............................**
फैसला प्रमाणिकरण मितिः २०७९।५।

**श्री**

**उच्च अदालत तुलसीपुर**

**संयुक्त इजलास**

**इजलास नं. १**

**माननीय का.मु.मुख्य न्यायाधीश श्री गोपाल भट्टराई**

**माननीय न्यायाधीश श्री बबिता उप्रेती**

**फैसला**

**रजिष्ट्रेश नं.- ७२-०७७-००३२१**

**मुद्दा नं. ०७८-CS-०२८६**

**निर्णय नं. १०७**

| | |
|---|---|
| परिवर्तित संकेत नं.५२(३२८) को जाहेरीले नेपाल सरकार............................१ | **पुनरावेदक**<br>**वादी** |

**विरूद्ध**

| | |
|---|---|
| जिल्ला प्यूठान, प्यूठान नगरपालिका वडा नं.८ मानागाउँ घर भई हाल कारागार कार्यलय खलंगा, प्यूठानमा कैदमा रहेका हुमलाल सार्कीको छोरा वर्ष २७ को कुहिरे भन्ने दिपक सार्की..............................................................................१ | **प्रत्यर्थी**<br>**प्रतिवादी** |

**मुद्दा नं. ०७८-CS-०३०१**

**निर्णय नं. १०८**

| | |
|---|---|
| जिल्ला प्यूठान, प्यूठान नगरपालिका वडा नं.८ मानागाउँ घर भई हाल कारागार कार्यलय खलंगा, प्यूठानमा कैदमा रहेका हुमलाल सार्कीको छोरा वर्ष २७ को कुहिरे भन्ने दिपक सार्की..............................................................................१ | **पुनरावेदक**<br>**प्रतिवादी** |

**विरूद्ध**

| | |
|---|---|
| परिवर्तित संकेत नं.५२(३२८) को जाहेरीले नेपाल सरकार..............................१ | **प्रत्यर्थी**<br>**वादी** |

| | | |
|---|---|---|
| शुरू फैसला गर्ने अदालत | :- | श्री प्यूठान जिल्ला अदालत |
| शुरू फैसला गर्ने न्यायाधीश | :- | श्री श्यामलाल घिमिरे |
| कसुर कायम आदेश मिति | :- | २०७८/१०/२० |
| सजाय निर्धारण फैसला मिति | :- | २०७८/१०/२३ |
| शुरू मुद्दा नं. | :- | ०७७-C१-००६३ |
| पुनरावेदन दर्ता मिति | :- | २०७९/०१/१४,<br>२०७९/०२/१० |
| यस अदालतको फैसला | :- | उल्टी |

**मुद्दाः जवरजस्ती करणी।**

**न्याय प्रशासन ऐन, २०७३ को दफा ८ (३) बमोजिम दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य, पुनरावेदन जिकिर र ठहर यसप्रकार छ:-**

## तथ्यखण्ड

१. <u>जाहेरी दरखास्तको व्यहोराः</u>

म संकेत नं.५२(३२८) लाई अन्यायवाला कुहिरे भन्ने दिपक सार्कीले यही मिति २०७८।०१।२४ गते साँझ ०९:३० बजेको समयमा पति घरमा नभई नोकरी गर्न बिदेश कतार गएकोले म र नाबालिग छोरी बर्ष ५ कि संकेत नं.५२(३३०) घरमा सुति निदाएको र म एक्लै बसेको मौका छोपी अन्यायवालाले मादक पदार्थ सेवन गरी नमालुम कहाँबाट आई मलाई घरमा एक्लै बसेको देखि घर भित्र आई मलाई करणी गर्न देउ नदिएमा मारकाट गरी फालिदिन्छु भनि डर देखाई घरको बत्ती निभाई मलाई कराउन चिच्याउन नदिई बाध्य बनाई म माथि जाई लागी समाई भुईमा पल्टाउन खोज्दा निजबाट फुक्किई माथिल्लो तलामा जाँदा पछिपछि गई माथिल्लो तलामा पल्टाई मैले लगाएको टिसर्ट शुरूवाल र भित्री बश्त्र खोली मलाई जबरजस्ती करणी गरी रहेको समयमा म कराई चिच्याई करणी गर्न छाडे पछि रिसले म उठी नजिकै रहेको खुर्पा समाई निज अन्यायवालालाई हान्न खोज्दा मेरो हातबाट उक्त खुर्पा खोसी लगि त्यहाँ बाट भागी गएकोले सारै अन्यायमा परी यो जाहेरी दरखास्त दिन आएको छुँ। निज अन्यायवाला कुहिरे भन्ने दिपक सार्कीलाई जबरजस्ती करणी अपराधमा हदै सम्मको सजाय गरी क्षतिपूर्ति समेत दिलाई भराई पाउँ भन्ने समेत व्यहोराको सकेत नं. ५२(३२८) को जाहेरी दरखास्त।

२. <u>घटनास्थल मुचुल्काको व्यहोराः</u>

मिति २०७८।०१।२४ गते साँझको अन्दाजी ०९:३० बजेको समयमा जिल्ला प्यूठान प्यूठान नगरपालिका वडा नं.८ भेडाबारी टोल स्थित पीडित जाहेरवालाको संकेत नं.५२(३२८) को दक्षिण मोहडाको दुई तले दुई कोठे जस्ताले छाएको कच्ची घर रहेको, उक्त घरको माथिल्लो तलाको कोठामा पीडित जाहेरवाला संकेत नं.५२(३२८) लाई ऐ.ऐ.बस्ने बर्ष अन्दाजी २५ को कुहिरे भन्ने दिपक सार्की प्रवेश गरी जबरजस्ती करणी गरेको भनिएको घटनास्थल, सो घटनास्थलमा गई हेर्दा दक्षिण मोहडा भएको जस्ता पाताले छाएको कच्ची घर, सो घर भित्र प्रवेश गरी हेर्दा उपल्लो तलामा एक कोठा रहेको, सो कोठाको दक्षिण तर्फ बिस्तारा लगाएको खाट, सो खाट देखी पूर्वतर्फ अन्दाजी आधा मिटर भुईमा रातो रङको चुरा फूटी यत्रतत्र अवस्थामा रहेको, भुई भाग केही ओदिएको अवस्थामा रहेको, भनिएको घटनास्थल प्रकृती मुचुल्का ठिक साचो हो, भन्ने समेत व्यहोराको घटनास्थल प्रकृती मुचुल्का।

३. <u>पीडित संकेत नं.५२(३२८) को शारीरिक परीक्षण प्रतिवेदनको व्यहोराः</u>

There are no fresh injuries in the body and the genitals भन्ने समेत ब्यहोराको पीडित संकेत नं.५२(३२८) को शारीरिक परीक्षण प्रतिवेदन।

४. <u>प्रतिवादी कुहिरे भन्ने दिपक सार्कीको मौकाको बयान व्यहोराः</u>

विगत ३ महिना अगाडी देखी नेपाल सरकार मार्फत संचालन भएको बेरोजगारीलाई स्वरोजगार कार्यक्रम अन्तर्गत प्यूठान नगरपालिका वडा नं.-८ कार्यालयको मातहतमा जिल्ला प्यूठान, प्यूठान

नगरपालिका वडा नं.८ स्थितको बाटोको सडकको नाला सफा लगायत गोरेटो बाटोहरू खन्ने काम गर्दै आईरहेको थिए। निज जाहेरवाला संकेत नं.५२(३२८) समेत म संगै काम गर्ने गर्दथिईन्। हामीहरू विच काम गर्ने क्रममा एक आपसमा कुराकानी गरी चिनजान भएको हुँदा निजको मोबाईल नं. समेत मैले मागेको हुँ। मोबाईलमा कहिले काँही कुराकानी समेत गर्ने गरेका थियौं। वारदात मिति र समय भन्दा केही दिन अगाडी मलाई एकिन मिति थाहा भएन निजसंग कुराकानी गर्ने क्रममा निजले मलाई घरमा बोलाएको र निजको पति बिदेशमा भएको हुनाले म राती निजको घरमा गई घरको माथिल्लो तलामा निज जाहेरवाला सुत्ने कोठाको बिस्तारामा सहमतीमा निज जाहेरवालालाई ३ पटक मैले करणी गरी सो रात त्यही सुती भोलि पल्ट बिहान घर तर्फ आएको हुँ। यसै क्रममा मिति २०७८।०१।२४ गते साँझको अन्दाजी ०७:०० बजेको समयमा निज जाहेरवालाले मेरो मोबाईलमा फोन गरी तपाईसंग एकछिन भेट गर्नुछ। मेरो घरमा आउनुहोस भनी बोलाएको हुँदा ऐ.साँझको ०९:३० बजेको समयमा म निज जाहेरवालाको घरमा गएको थिए। निजले मलाई एक्काशी तपाईको मोबाईल दिनुहोस भनी मेरो मोबाईल मागी लगी आफ्नो घरको माथिल्लो तलामा गई मेरो मोबाईल हसियाले फुटाई रहेको आवाज सुनी म माथिल्लो तलामा गई निजसँग मोबाईल खोसी तल्लो तलामा झर्दै गर्दा निजले मलाई पछाडीबाट टाउकोमा हसियाको उल्टो भागले समेत हानेकी थिईन। मलाई हासियाले हान्दा मेरो टाउकोमा काट्टिने तथा घाउ चोट लागेको थिएन र निज मेरो पछि पछि तल्लो तलामा आई मलाई कठालोमा समाई लछार पछार गरी पुनः हसियाँले हान्न खोज्दा म उक्त स्थानबाट भागी आफ्नो घरतर्फ गएको हुँ। वारदात मिति समयमा मैले जाहेरवाला संकेत नं ५२(३२८) लाई जबरजस्ती करणी गरेको होईन।

५. <u>संकेत नं.५२(३२९) ले गरेको घटनाबिबरण कागजको व्यहोराः</u>

मिति २०७८।०१।२४ गते बेलुकीको अन्दाजी ०८:०० बजेको समयमा म छोरीको घरमा खाना खान गएको थिएँ, र खान खाईसकेपछि म आफ्नो घर तर्फ सुत्न गएको थिएँ। त्यसपछि सोही दिन बेलुकी अन्दाजी १०:०० बजेको समयमा होला म सुति निदाएको अवस्थमा मेरो घरको मुल ढोका घचछ्च्याउँदै गर्दा निद्राबाट ब्यूझी थाहा पाई ढोका खोली हेर्दा छोरी घर बहिर रोई कराई गरी रहेकी थिईन। त्यसपछि मैले छोरीलाई किन रोएकी के भयो ? भनि सोध्दा ऐ.दिनको बेलुकी अन्दाजी ०९:३० बजेको समयमा म घरमा भएको र मेरो नाबालक छोरी संकेत नं.५२(३३०) सुती निदाएको मौका छोपी अन्यायवाला कुहिरे भन्ने दिपक सार्कीले मादक पदार्थ सेवन गरी नमालुम कहाँबाट आई मलाई घरमा एक्लै बसेको देखी घर भित्र पसी मलाई करणी गर्न देउ नदिएमा मारकाट गरी फालिदिन्छु, भनेकोमा म घरको माथिल्लो तलामा जाँदा मेरो पछि पछि गई माथिल्लो तलामा पल्टाई मैले लगाएको टिसर्ट, शुरूवाल भित्रीबस्त्र खोली मलाई जबरजस्ती करणी गरी रहेको समयमा म कराई चिच्याई म उठी नजिकै रहेको खुर्पा समाई निज अन्यायवालालाई हान्न खोज्दा मेरो हातबाट उक्त खुर्पा खोसी लगी त्यहाँबाट करणी गर्न छाडी निज अन्यायवाला कुहिरे भन्ने दिपक सार्की भागी गयो भनी निज पीडित जाहेरवाला छोरीले जानकारी गराउँदा सुनी थाहा पाएको हुँ। यसरी मेरो पीडित छोरी जाहेरवालालाई जबरजस्ती करणी गर्ने

निज प्रतिवादी कुहिरे भन्ने दिपक सार्कीलाई कानून बमोजिम सजाय गरी पीडित जाहेरवाला छोरीलाई उचित क्षतिपूर्ति समेत दिलाई भराई दिनु पर्दछ।

|. **ईन्द्र सार्कीले गरेको घटनाबिबरण कागजको व्यहोराः**

जाहेरवाला परिवर्तित नाम संकेत नं.५२(३२८) मेरो गाउँघरको साली नाता पर्ने हुन। जाहेरी दरखास्तमा उल्लिखित व्यहोरा स्थानिय मानिसहरूले जानकारी गराएपछि सुनी थाह पाएको हुँ। यसरी रातको समयमा अर्काको घरमा प्रवेश गरी पीडित जाहेरवालालाई जबरजस्ती करणी गर्ने निज प्रतिवादी कुहिरे भन्ने दिपक सार्कीलाई कानून बमोजिम सजाय गरी पीडितलाई उचित क्षतिपूर्ती समेत दिलाई भराई दिनु पर्दछ।

७. **लछुमन सार्कीले गरेको घटनाविवराण कागजको व्यहोराः**

जाहेरवाला परिवर्तित नाम संकेत नं.५२(३२८) मेरो गाउँघरको वहिनी नाता पर्ने हुन। जाहेरी दरखास्तमा उल्लिखित व्यहोरा स्थानिय मानिसहरूले जानकारी गराएपछि सुनी थाह पाएको हुँ। यसरी रातको समयमा अर्काको घरमा प्रवेश गरी पीडित जाहेरवालालाई जबरजस्ती करणी गर्ने निज प्रतिवादीलाई कानून बमोजिम सजाय गरी पीडितलालाई उचित क्षतिपूर्ति समेत दिलाई भराई दिनु पर्दछ।

८. **अभियोग मागदावीको व्यहोराः**

जाहेरवाला तथा पीडित परिवर्ति संकेत नं.५२(३२८) लाई एक्लै भएको मौकापारी मिति २०७८।०१।२४ गते वेलुका अन्दाजी ०९:३० बजेको समयमा प्रतिवादी कुहिरे भन्ने दिपक सार्कीले जवरजस्ती करणी गरेको वारदात स्थापित भएकाले निज प्रतिवादी कुहिरे भन्ने दिपक सार्कीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २१९(१))(२) तथा सोही संहिताको दफा २१९(३) को देहाय (ङ) बमोजिमको कसूरमा सोही संहिताको दफा २१९(३) को देहाय (ङ) तथा मिति २०७८/०१/२१ मा जारी भएको यौन हिंसा विरुद्धका केही ऐनलाई शंसोधन गर्न बनेको अध्यादेश २०७८ बमोजिम मुलुकी अपराध संहिता, २०७४ को दफा २१९(३क) देहाय (ग) बमोजिम सजाय गरी पाउँ भन्ने समेतको अभियोग मागदावी।

९. **प्रतिवादी कुहिरे भन्ने दिपक सार्कीले अदालतमा गरेको बयानको व्यहोराः**

म र जाहेरवाला तथा पीडित परिवर्तित नाम संकेत नं.५२(३२८) विगत ३ महिना अगाडी देखी नेपाल सरकार मार्फत संचालन भएको स्वरोजगार कार्यक्रम अन्तर्गत प्यूठान नगरपालिका-८ नं.वडा कार्यालयको मातहतमा जिल्ला प्यूठान, प्यूठान नगरपालिका वडा नं.८ स्थितको बाटोको सडकको नाला सफा गर्ने लगायत गोरेटो बाटोहरू खन्ने काम संगै गर्दै आईरहेको थियौं। सोही संगै काम गर्ने क्रममा निज जाहेरवालासंग चिनजान भै कुराकानी गर्दै गर्दा निजको मोबाईल नम्बर समेत मैले मागेको हुँ। त्यसपछि मोबाईलमा निज जाहेरवालासँग प्रायः कुरा भैरहन्थ्यो। वारदात मिति २०७८/०१/२४ गतेका दिन साँझको अन्दाजी ०७:०० बजेको समयमा जाहेरवालाले मलाई मोबाईलमा फोन गरी तपाईसंग एकछिन भेट गर्नुछ तपाई मेरो घरमा आउनुहोस् भनी बोलाएको हुँदा सोही दिनको साँझको अन्दाजी ८:०० बजेको समयमा म र मेरो भान्जा आशिस सार्की दुवै जना निज जाहेरवालाको घरमा गएका हौं। त्यसपछि हामी निज जाहेरवालाको घर

माथि पुगी निज जाहेरवालालाई मैले फोन गरी के काम हो, भन भनि भन्दा निजले घरभित्र आउनुहोस भनेकाले म र मेरो भान्जा निज जाहेरवालाको घर भित्र गएका हौं। घरमा जाहेरवाला र निजको छोरी मात्र थिए। म र मेरो भान्जा जाहेरवालाको घर भित्र पस्नासाथ निज जाहेरवालाले घरको ढोका बन्द गरी भान्जालाई लिएर किन आएको हो भनि सोधेकोमा म सँग धेरै समय छैन, घरमा पत्नीको अप्रेसन गरी बच्चा निकालेकाले उसलाई पकाई खुवाउनु पर्छ, छीटो भन भन्दा, निज जाहेरवालाले म संग एकछीन मोबाईल मागी घरको माथिल्लो तलामा गई हसियाले मेरो मोबाईल फुटाई रहेको आवाज सुनी म माथिल्लो तलामा गई निजसँग मोबाईल खोसी तल्लो तलामा झर्दै गर्दा निजले मलाई पछाडीबाट टाउकोमा हसियाको उल्टो भागले समेत हानेकी थिईन। मलाई हासियाले हान्दा मेरो टाउकोमा काट्टिने तथा घाउ चोट लागेको थिएन र निज मेरो पछि पछि तल्लो तलामा आई मलाई कठालोमा समाई लछार पछार गरी पुनः हसियाँले हान्न खोज्दा मैले निजको हातमा रहेको हसिया खोसी घर बाहिर निस्कदा निजले मनिका, मनिका भनि चिच्याईरहेकी थिईन, त्यहाँ कोही मानिस आएका थिएनन्। त्यसपछि म घरतर्फ गएको हुँ। पछि मेरो टिसर्ट भान्जाको हातमा निज जाहेरवालाले नै पठाईदिएकी थिईन। अतः मैले निज जाहेरवाला परिवर्तित नाम संकेत नं.५२(३२८) लाई जबरजस्ती करणी गरेको होईन।मलाई प्रस्तुत अभियोग माग दावी बमोजिमको सजाय हुनुपर्ने होईन।

१०. <u>शुरू अदालतबाट भएको थुनछेक आदेशः-</u>

यी प्रतिवादी कुहिरे भन्ने दिपक सार्कीले अनुसन्धानको क्रममा तथा यस अदालतसमक्ष बयान गर्दा, आरोपित कसूरमा ईन्कारी बयान दिए पनि वारदात मिति र समयमा जाहेरवालीको घरमा उपस्थिती रहेको कुरामा स्वीकारोक्ती रहेको, यी प्रतिवादी उपर मौकामा पीडित स्वयंको किटानी जाहेरी परेको, घटना विवरण तथा बस्तुस्थिति मुचुल्काका मानिसहरूले गरेको कागजको ब्यहोरा समेतका मिसिल संलग्न तत्काल प्राप्त प्रमाणहरूबाट निज प्रतिवादी निर्दोष छन भन्न मिल्ने नदेखिंदा पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाल मुद्दा पुर्पक्षका निमित्त निज प्रतिवादीलाई मुलुकी फौजदारी कार्यबिधि संहिता, २०७४ को दफा ६७(१)(ख) बमोजिम मुद्दा पुर्पक्षको निमित्त कारागार कार्यालय प्यूठानमा थुनामा राख्न पठाई दिनू।

प्रस्तुत मुद्दामा प्रतिवादी चुक्ता भैसकेको र निरन्तर सुनुवाई अन्तर्गतको देखिंदा यस अदालतको सेवा प्रवाह सुचारू भएका बखत अविलम्ब जाहेरवाला, घटना विवरण तथा वस्तुस्थिति मुचुल्काका मानिसहरू र पीडितको मौकामा स्वास्थ्य परीक्षण गर्ने चिकित्सकलाई वकपत्रको लागि जिल्ला सरकारी वकील कार्यालय प्यूठानमार्फत र प्रतिवादीका साक्षीहरूलाई निजैमार्फत उपस्थित गराई वकपत्रको कार्य सम्पन्न भएपछि नियम बमोजिम पेश गर्नू।साथै प्रतिवादीको हक लाग्ने सम्पति कसको नाममा छ प्रतिवादीलाई खुलाउन लगाई सम्पति विवरण झिकाई रोक्का राख्नु भन्ने समेतको मिति २०७८/०२/१४ मा अदालतबाट भएको आदेश।

११. <u>जाहेरवाला तथा पीडित संकेत नं.५२(३२८) ले अदालतमा गरेको वकपत्रको व्यहोराः</u>

मिति २०७८।०१।२४ गते बेलुकाको ०८:०० बजे तिर मेरो बुवा मकै छर्नलाई आउनु भएको थियो। बुबाले खाना खाएर जानु भयो।मेरो श्रीमान बैदेशिक रोजगारको लागी बिदेश कतार

गएकोले म र नाबालिका छोरी बर्ष ५ कि संकेत नं.५२(३३०) घरमा सुति निदाएको र म एक्लै बसेको मौका छोपी प्रतिवादिले कहाँबाट आई मलाई घरमा एक्लै बसेको देखि घर भित्र आई मलाई करणी गर्न देउ नदिएमा मारकाट गरी फालिदिन्छु भनि डर देखाई घरको बत्ती निभाई मलाई कराउन चिच्याउन नदिई बाध्य बनाई म माथि जाई लागी समाई भुईमा पल्टाउन खोज्दा निजबाट फुत्की माथिल्लो तलामा जाँदा पछिपछि गई माथिल्लो तलामा पल्टाई मैले लगाएको टिसर्ट शुरूवाल र भित्रीबश्त्र खोली मलाई जबरजस्ती करणी गरी रहेको समयमा म मनिका मनिका भनि कराई चिच्याई बोलाएपछि करणी गर्न छाडेको हो। त्यस पछि रिसले म उठी नजिकै रहेको खुर्पा समाई निज प्रतिवादीलाई हान्न खोज्दा मेरो हातबाट उक्त खुर्पा खोसी लगि त्यहाँ बाट भागी गएको हो।

१२. <u>पीडितको स्वास्थ्य परीक्षण गर्ने डा.प्रज्वला महर्जनले अदालतमा गरेको वकपत्रको व्यहोराः</u>

उक्त मितिमा पीडित संकेत नं.५२(३२८) को स्वास्थ्य परीक्षण प्रतिवेदन मैले गरेको हुँ। पीडित संकेत नं.५२(३२८) को स्वास्थ्य परीक्षण गर्दा देखिएका विषयबस्तुहरू, निजको मानसिक अवस्था ठिकै छ। शरिरमा कुनै पनि प्रकारका ताजा चोटपटक छैन। यौनांगमा पनि ताजा चोटपटक देखिएको छैन। पीडितको स्वास्थ्य परीक्षण गर्दा पुराना घाँउहरू पनि देखिएन तथा शक्ती प्रयोग भएको पनि देखिएन।

१३. <u>घटनाविवरण कागज गर्ने संकेत नं.५२(३२९) ले अदालतमा गरेको वकपत्रको व्यहोराः</u>

मेरी छोरीलाई मिति २०७८।०१।२४ गते रातीको १०:०० बजे तिर घरमा आई प्रतिवादी कुहिरे भन्ने दिपक सार्कीले मलाई जवरजस्ती करणी गऱ्यो भनी भने पछि सुनि थाहा पाएको हुँ। छोरीको घरमा जाँदा कपडाहरू छरपस्ट भएका थिए। चुराहरू फुटेर छरपष्ट भएका थिए। मेर छोरीलाई जवरजस्ती गर्ने प्रतिवादीलाई हदैसम्मको सजाय होस्।

१४. <u>घटनाविवरण कागज गर्ने लक्ष्मन सार्कीले अदालतमा गरेको वकपत्रको व्यहोराः</u>

मलाई जाहेरवाला/पीडित संकेत नं.५२(३२८) ले फोन गरी घरमा बोलाएकोले म निजको घरमा जाँदा त्यहाँ प्रहरीहरू लगायतका स्थानीय मानिसहरू हुनुहुन्थ्यो। प्रहरीले मलाई यो जवरजस्ती करणीको मुद्दा हो, सर्जमिनमा बसिदिनुहोस केहि फरक पर्दैन भनि बसिदिएको हुँ। घटनास्थल जाहेरवालाको कोठामा गई हेर्दा, निज सुत्ने ओछ्यानको भुईमा कपडाहरू र चुराहरू छरिएर रहेको देखेको हुँ। ति चुरा र कपडाहरू जाहेरवालाका कै हुन्।प्रतिवादी कुहिरे भन्ने दिपक सार्कीले जाहेरवाला/पीडित संकेत नं.५२(३२८) लाई जवरजस्ती करणी गरेको हो, होईन सो सम्बन्धमा मलाई थाहा भएन।

१५. <u>प्रतिवादीका साक्षी पुतली सार्कीले अदालतमा गरेको वकपत्रको व्यहोराः</u>

मिति २०७८।०१।२४ गते बेलुका ०६:०० बजेको समयमा मेरो भाई प्रतिवादी कुहिरे भन्ने दिपक सार्की मेरो घरमा आइ एकछिन बसी म घरमा जान्छु रात पर्न लागी सकेको छ डर लाग्छ म भान्जा आशिष नेपालीलाई लगेर जान्छु भनेको थियो।प्रतिवादी भान्जा आशिष नेपालीलाई लगेर आफ्नो घरमा गएको हो।भोलि पल्ट मिति २०७८।०१।२५ गते ०८:०० बजेको समयमा मेरो छोरा आशिष नेपाली घरमा आई ममी म र मामा जादै गर्दा जाहेरवालीले मामालाई फोन गरी मेरो

घरमा आउनुहोस भनिन्। मामाले रात परिसकेको छ म आउदैन भन्नु भयो।र जाहेरीवालाले कर गरेपछि मामा र म जाहेरवालीको घरमा गएका हौ। जाहेरवालीको घरमा गएपछि बाहिरको बत्ती बलेको देखि मामाले जाहेरवालीलाई फोन गरी म आउँदैन, बाहिरको बत्ती बलेको छ, छिमेकी मान्छेले देख्लान् भोली कुरा काट्छन् भनेपछि जाहेरवालीले म बाहिरको बत्ती अफ गर्छु आउनुहोस भने पछि जाहेरीवालीले बत्ती अफ गर्नु भयो र म र मामा जाहेरीवालीको घरमा गएका हौं। जाहेरीवालीको घरमा जादाँ निजले नै ढोका खोलि कोहि पनि छैन आउनु भित्र भनी म अगाडी मामा पछाडी भएर भित्र गएका हौं। भित्र गएपछि जाहेरीवालीले मामालाई मैले तपाईलाई मात्र आउनु भनेको हुँ किन साथी लिएर आएको भनेकी हुन्। मामाले रातको समयमा एक्लै कसरी आउनु स्वास्नी मान्छे मात्र भएको घरमा भन्नु भएको हो। जाहेरवालीले तपाईको मोबाइल दिनुहोस भनेकीले मामाले मोबाइल दिनु भएको हो। उक्त मामाको मोबाइल लगी कहाँबाट हो खुर्पा ल्याएर काटिदिनु भएको हो। मामालाई सोहि खुर्पाले हिर्काउनु भयो। म चिच्याए कराएँ। मामाले मलाई केहि पनि भएको छैन भान्जा भन्नु भएको हो। जाहेरीवालीले मामाको कठालो र लगाएको टिसर्ट समातेकी हुन् र मामा जाहेरवालीसँग फुत्किनु भएको हो। फुत्किंदा मामाको टिसर्ट जाहेरीवालीले नै लिएकी हुन। पछि मामा त्यहाँबाट बाहिर निस्किनु भयो। जाहेरीवालीले ल तेरो मामाको टिसर्ट लैजा भनेर दिएकी हुन। हामी मामा भान्जा त्यहाँबाट माथि डाँडामा गइसके पछि जाहेरीवालीले मनिका मनिका भनी बोलाउँदै थिइन् भनेर भनेको थियो। प्रतिवादी मेरो भाई कुहिरे भन्ने दिपक सार्कीले जाहेरवालीलाई जवरजस्ती करणी गरेको होइन, आफै वोलाएर फसाउनलाई जाहेरी दिएकी हुन।

१६. <u>शुरू अदालतबाट भएको आदेशको व्यहोराः</u>

घटनाविवरण कागज गर्ने संकेत नं.५२(३२९) को वकपत्रको स.ज.५ मा घटना विवरण कागज सनाखत भै सकेकोमा भुलबस पुनः कपीपेष्ट भै स.ज.५ मा उल्लेख भई जाहेरी दर्खास्त सनाखत भएकोले उक्त कपीपेष्ट वकपत्रमा संलग्न नगरी दिनुहुन भन्ने जिल्ला सरकारी वकिल कार्यालय प्यूठानको च.नं.४६९ मिति २०७८/०८/१३ को पत्र व्यहोरा तथा यस अदालतका फाँटवाला कृष्ण बहादुर खड्काले पीडित संकेत नं.५२(३२८) को वकपत्रमा स.ज.५ देखि अदालतबाट सोधपुछ माथिसम्मको व्यहोरा, घटनाविवरण कागज गर्ने संकेत नं.५२(३२९) को वकपत्रमा कपीपेष्ट भएको हुँदा घटनाविवरण कागज गर्ने संकेत नं.५२(३२९) को स.ज.४ सम्मको वकपत्र कायम गरी बाँकी स.ज.५ देखिको वकपत्रका सबै स.ज.हरू **निष्कृय/अमान्य घोषित गरी पाउँ** भनि मिति २०७८/०८/१५ मा पेश प्रतिवेदन गरेको देखिंदा, सम्बन्धित् वकपत्र अध्ययन गरी हेर्दा प्रतिवेदन व्यहोरा बमोजिम भएको देखिंदा घटनाविवरण कागज गर्ने संकेत नं.५२(३२९) को स.ज.४ सम्मको वकपत्र कायम गरी बाँकी स.ज.५ देखिको वकपत्रका सबै स.ज.हरू निष्कृय/अमान्य घोषत गरीदिएको छ। सो को जानकारी सम्बन्धित् पक्षलाई गराउनु भन्ने समेतको मिति २०७८/०८/१६ मा भएको आदेश।

१७. <u>शुरू अदालतबाट भएको कसूर निर्धारण आदेशः</u>

जाहेरवालाले मौकामा जाहेरी दिंदा र अदालतमा समेत वकपत्र गर्दा प्रतिवादी रातको समयमा मेरो घरमा आई जवरजस्ती करणी गर्न खोज्दा फुत्किई माथिल्लो तलामा जाँदा त्यहाँ समेत पछि पछि गई भुईमा पल्टाई जवरजस्ती करणी गरेको भनि लेखाएको भए पनि जाहेरवालाको मौकाको शारीरिक परीक्षणबाट जवरजस्ती करणी भएको सम्बन्धी कुनै भौतिक लक्षण र संकेत नदेखिएको, शक्ति प्रयोग भएको पनि देखिएन भनी चिकित्सकले वकपत्र गरेको, प्रतिवादीले कसुरमा ईन्कार रही वयान गरेको समेतका प्रमाणहरूको विश्लेषण गर्दा जाहेरवालाको भनाईलाई समर्थन गर्ने र निज जाहेरवाला उपर जवरजस्ती करणी भएको पुष्टी हुने अन्य कुनै पनि वस्तुनिष्ट र स्वतन्त्र प्रमाण मिसिलमा रहे भएको पाइएन। प्रतिवादीले जवर्जस्ती करणी गरेकै हो, भनी जाहेरवालाले किटानी गरेता पनि अन्य कुनै स्वतन्त्र प्रमाणबाट निजको भनाइलाइ समर्थन नगरेको अवस्थामा केवल जाहेरवालाको भनाइको आधारमा मात्र प्रतिवादीलाइ आरोपित जवरजस्ती करणीको कसूरको कसूरदार ठहर गर्न मिल्ने देखिएन। पर्याप्त प्रमाणको अभाव रहेको हुँदा प्रतिवादीले जाहेरवाला उपर जवरजस्ती करणी गरेको भन्ने पुष्टी हुन आएन। अतः प्रतिवादी उपरको जवरजस्ती करणी तर्फको अभियोग दावी सो हदसम्म पुग्न नसक्ने ठहर्छ। यद्यपि रातको समयमा प्रतिवादी पीडितको घरमा गएको तथ्यमा विवाद नरहेको, पीडितको भनाइ अनुसार, प्रतिवादीले घरको तल्लो तलामा आक्रमण गरेकोमा निजबाट फुत्किएर माथिल्लो तलामा जाँदा समेत सोही ठाउँमा गइ आक्रमण गरेको, हार गुहारको लागि मनिका- मनिका भनि चिच्याई कराई गरेको, खुर्पाले हान्न खोज्दा प्रतिवादीले खोसेको उल्लेख गरेकोमा प्रतिवादीले समेत आफ्नो वयानमा पीडितले हसियाले पछाडीको भागबाट आफुलाई हानेको, पीडितको हातबाट हसिया खोसेर भागेको, पीडितले मनिका-मनिका भनि चिच्याएको तथ्यलाई स्वीकारै गरेको लगायतका मिसिल संलग्न प्रमाण कागजको विश्लेषण गर्दा प्रस्तुत वारदातमा प्रतिवादीले पीडित जाहेरवाला उपर **<u>जवरजस्ती करणीको उद्योग सम्म गरेको पुष्टी हुन आयो।</u>** अतः वारदात मितिमा २५ वर्ष उमेर पुगेकी महिला पीडितलाई जवरजस्ती करणीको उद्योग गरी मुलुकी अपराध संहिता, २०७४ को दफा २१९(१)(२)(३)(ङ) बमोजिमको कसूरको उद्योग गरी सोही मुलुकी अपराध संहिता, २०७४ को दफा ३४(१) बमोजिमको कसूर गरेको ठहर्छ भन्ने समेत व्यहोराको शुरू अदालतबाट मिति २०७८।१०।२० मा भएको कसूर निर्धारण आदेश।

१८. **<u>शुरू अदालतबाट भएको सजाय निर्धारण फैसलाः</u>**

यी प्रतिवादीले प्रस्तुत् वारदात पूर्व अन्य कुनै कसूर गरी कसूरदार पुष्टी भएको प्रस्तुत मिसिल र अभिलेखवाट नदेखिएको, निजको कलिलो अवस्थाको उमेर, निजको पारिवारिक दायीत्व र जिम्मेवारी, कमजोर आर्थिक अवस्था, कसूर गर्दाको परिस्थिति र कसुरको तरिका समेतलाई विचार गर्दा, कानूनमा तोकिएको न्युनतम सजायलाई आधार मानि सो को आधा सजाय गर्दा पनि सजाय पर्याप्त हुने भई सजायको उद्देश्य पुरा हुने नै देखिन आयो। अतः प्रतिवादीले वारदात मितिमा अठार वर्ष भन्दा बढी उमेरकी महिलालाई जवरजस्ती करणीको उद्योग गरे तर्फ मुलुकी अपराध संहिता, २०७४ को २१९(३)(ङ) वमोजिम हुने सजाय सात वर्ष कैदलाई आधार मानि सोही संहिताको दफा ३४(३) बमोजिम सात वर्षको आधा तिन बर्ष छ महिना कैदको सजाय प्रतिवादीलाई हुने

ठहर्छ। साथै यौन हिंसा विरूद्धका केही ऐनलाइ संशोधन गर्ने अध्यादेश २०७८ द्वारा थप भएको सोही संहिताको दफा २१९(३क) को देहाय (ग) बमोजिम हुने जरिवाना दुई लाखको आधा एक लाख रूपैया जरिवानाको सजाय समेत हुने ठहर्छ। उक्त जरिवानाबाट प्राप्त रकम पीडितलाइ दिलाइ दिने ठहर्छ। साथै प्रस्तुत वारदातबाट पीडितलाई पुग्न गएको शारिरीक मानसिक, सामाजिक कष्ट, पीडा, चोट, आघात र प्रभावलाई विचार गरी मुलुकी अपराध संहिता, २०७४ को दफा २२८ वमोजिम पीडितलाई पन्ध्र हजार रूपैया क्षतिपूर्ति भराई दिने ठहर्छ। अपराध पीडीत संरक्षण ऐन, २०७५ को दफा ४१(१)(घ) बमोजिम आठ सय रूपैयाँ क्षतिपूर्ति शुल्क प्रतिवादीवाट पीडित राहत कोषमा दाखिला गराउने ठहर्छ भनी शुरू प्यूठान जिल्ला अदालतबाट मिति २०७८।१०।२३ मा भएको फैसला।

१९. <u>पुनरावेदक वादी नेपाल सरकारको मुख्य पुनरावेदन जिकिरः-</u>

मिति २०७८/०१/२४ गते राती ९:३० बजेतिर प्रतिवादी मादक पदार्थ सेवन गरी मेरो घरमा आई डरत्रास देखाई घरको तल्लो कोठामा पल्टाउन खोज्दा म फुत्कीई माथिल्लो तलामा लुक्न जाँदा पछि पछि आई मलाई जबरजस्ती करणी गरीरहँदा म चिच्याएपछि निजले करणी गर्न छोडेपछि नजिकै रहेको खुर्पाले प्रहार गर्न खोज्दा खुर्पा खोसी भागी गएको भनी प्रतिवादी उपर किटानी जाहेरी परेको छ। उक्त जाहेरी व्यहोरालाई जाहेरवाला पीडितले अदालतमा उपस्थित भई बकपत्र गरी पुष्टी गरी दिएकी छिन्। मौकामा बुझिएका संकेत नं. ५२ (३२९) र लछुमन सार्कीले घट्नास्थलमा तत्काल गई हेर्दा पीडितको चुरा फुटी छरिएको देखेको भनी गरेको मौकाको घटना विवरण कागजलाई सनाखत गर्दै पुष्टी हुने गरी बकपत्र गरिदएका छन्। यसरी जाहेरवाला र मौकामा बुझिएकका मानिसहरूले मौकाको जाहेरी र घटना विवरण कागजलाई पुष्टी हुने गरी गरेको बकपत्रलाई प्रमाणको रूपमा लिनुपर्ने कानुनी व्यवस्था विपरीत र सर्वोच्च अदालतबाट ने.का.प. २०६८ अंक २ नि.नं. ८५६४ मा जवरजस्ती करणी मुद्दामा पीडितको भनाई नै सर्वाधिक महत्वको रहन जाने कुरामा विमति हुन नसक्ने प्रतिपादित नजिर कानूनका सिद्धान्त विपरीत प्रतिवादीलाई अभियोग मागदावी भन्दा फरक कसुरमा कम सजाय गर्ने गरी भएको सुरू फैसला त्रुटीपूर्ण हुँदा बदर गरी अभियोग दावीको कसूरमा सजाय गरी पाउँ भन्ने जिकिर।

२०. <u>पुनरावेदक प्रतिवादी कुहिरे भन्ने दिपक सार्कीको मुख्य पुनरावेदन जिकिरः-</u>

म पुनरावेदकले अभियोग दावी बमोजिमको कसूर अपराध नगरेको अवस्थामा समेत अपराध नगरेको भए किन जाहेरी पर्यो होला र भन्ने अनुमान र आशंकाका भरमा भएको शुरू फैसला माथि उल्लेखित निर्दोषिताको सिद्धान्त समेतको प्रतिकुल रहेको छ। सम्मानित सर्वोच्च अदालतबाट "प्रतिवादीद्वारा कुनै तथ्यमा गरिएको स्वीकारोक्तिले सम्पूर्ण वादीदावीलाई स्वीकार गरेको भनी अर्थ गर्न मिल्दैन" भन्ने नजिर प्रतिपादित भएको अवस्थामा मुद्दाको कुनै तथ्यलाई स्वीकार गरेको अवस्थामा आरोपित कसूर नै स्वीकार गरेको भनी मलाई सजाय गरी भएको फैसला कानूनी रूपमा त्रुटिपूर्ण भई बदरभागी छ। अतः शुरू प्यूठान जिल्ला अदालतले सबै प्रमाणहरूको सही तवरबाट विवेचना नै नगरेको र मलाई सफाई हुनुपर्नेमा जवरजस्ती करणीको उद्योग गरेको कसूरदार ठहर गरी मुलुकी अपराध संहिता २०७४ को दफा २१९(३)(ङ) बमोजिमको कसूरमा ऐ. संहिताको दफा ३४(३)

बमोजिम ३ बर्ष ६ महिना कैद र ऐ. दफा २१९(३)(ग) बमोजिम १ लाख रूपैयाँ जरिवाना र रू.१५ हजार क्षतिपूर्ति भराई दिने गरी भएको फैसला न्याय, कानून, तथ्य र न्यायिक सिद्धान्त समेतको प्रतिकूल भएकोले उक्त फैसला बदर गरी पूर्णतया सफाई पाउँ।

२१. <u>प्रत्यर्थी झिकाउने आदेशः-</u>

यसमा वादी नेपाल सरकार र प्रतिवादीको दोहोरो पुनरावेदन परेको देखिंदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) को प्रयोजनार्थ वादी नेपाल सरकारको पुनरावेदनको जानकारी पुनरावेदक प्रतिवादीलाई र प्रतिवादीको पुनरावेदनको जानकारी सहित पेशीको सूचना उच्च सरकारी वकील कार्यालय तुलसीपुरलाई दिई नियमानुसार गरी पेश गर्नुहोला। साथै पुनरावेदक प्रतिवादीले पुनरावेदनपत्रमा वैतनिक कानून ब्यवसायीबाट मुद्दाको बहस पैरवी गरीपाँउ भनी उल्लेख गरेको देखिंदा निजको तर्फबाट बहस पैरवी गरिदिनु हुन भनी यस अदालतका वैतनिक अधिवक्तालाई जानकारी दिई नियमानुसार गरी पेश गर्नू भनी यस अदालतबाट मिति २०७९/०३/२७ मा भएको आदेश।

<u>ठहरखण्ड</u>

२२. नियम बमोजिम निर्णयार्थ इजलास समक्ष पेश हुन आएको पुनरावेदनपत्र सहितको मिसिल अध्ययन गरी विद्वान् अधिवक्ताहरूले गर्नु भएको बहस समेत सुनियो।

२३. <u>बहस जिकिरः-</u>

पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री चन्द्र बहादुर संजालीले प्रतिवादी बिरूद्ध किटानी जाहेरी परेको छ। पीडितले मौकामा गरेको कागज ब्यहोरा र जाहेरी ब्यहोरालाई समर्थन् गरी अदालतमा आई बकपत्र गरिदिएको अवस्था छ। पीडित स्वयं प्रत्यक्ष प्रमाण भएकोले प्रतिवादीको इन्कारी बयान नै सफाईको आधार हुन सक्दैन भनी ने.का.प. २०६९ सालको नि.नं.८८७८ मा बोलिसकेको परिप्रेक्षमा समेत अभियोगदावीको कसूर कायम हुनुपर्नेमा शुरू अदालतले कम सजाय हुने गरी जवरजस्ती करणीको उद्योग तर्फको कसूर कायम गरेको सो फैसला मिलेको नहुँदा शुरू फैसला उल्टी गरी अभियोग दावीको कसूर कायम हुनुपर्दछ भनी बहस गर्नु भयो।

यसैगरी पुनरावेदक प्रतिवादीको तर्फबाट बहस गर्नुहुने यस अदालतका विद्वान वैतनिक अधिवक्ता श्री अरूण कुमार आचार्यले प्रतिवादीले आरोपित कसूरमा इन्कार रही अधिकार प्राप्त अधिकारी र अदालतमा बयान गरेको, निजको बयान ब्यहोरालाई पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन र सो प्रतिवेदन दिने डाक्टरको बकपत्र समेतले थप पुष्टि गरेको छ। पीडितको मौकाको कागज ब्यहोरा र बकपत्र पीडित स्वयंको स्वास्थ्य परीक्षण प्रतिवेदनसँग मेल नखाई खण्डित भएको हुँदा पीडितको मौखिक कथनलाई मात्र आधार मानी प्रतिवादीलाई कसूर ठहर गर्न मिल्दैन। तसर्थ आरोपित कसूरबाट मेरो पक्षले सफाई पाउनुपर्दछ भनी बहस गर्नुभयो।

२४. <u>प्रस्तुत मुद्दाको संक्षिप्त विवरणः-</u>

पीडित स्वयंमको जाहेरीबाट उठान भएको प्रस्तुत मुद्दामा यी प्रतिवादी विरूद्ध मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ (१) र (२) को कसूरमा सोही ऐनको दफा २१९ (३) (ङ) र

सोही ऐनको दफा २१९ (३) को देहाय (ग) बमोजिमको सजाय माग गरी अभियोगपत्र दायर भएकोमा शुरू प्यूठान जिल्ला अदालतबाट फैसला हुँदा पीडितको शारीरिक परीक्षण प्रतिवेदन दिने डाक्टरको बकपत्रबाट पीडित उपर जवरजस्ती करणी भएको भौतिक लक्षण संकेतहरू नदेखिएको, शक्ति प्रयोग भएको पनि नदेखिएको तथा वस्तुगत प्रमाणले आरोपित कसूर पुष्टि हुन सकेको नदेखिएको यद्यपी पीडितले प्रतिवादीलाई हँसियाले हानेको र सो हसिया खोसेको भनी प्रतिवादीले निजको बयानमा उल्लेख गरेको अवस्था समेतलाई विचार गर्दा प्रतिवादीले पीडित जाहेरवाला उपर जवरजस्ती करणीको उद्योगको कसूर गरेको पुष्टि हुन्छ भनी जवरजस्ती करणीको उद्योगको कसूर ठहर गरेको सो फैसलामा वादी नेपाल सरकारले चित्त नबुझाई पीडित नै प्रस्तुत् मुद्दाको मुख्य प्रमाण भएकोले अभियोग दावीको कसूर ठहर हुनुपर्दछ भनी र प्रतिवादीले आरोपित कसूरमा मेरो संलग्नता नरहेकोले आरोपित कसूबाट पूर्ण रूपमा सफाई पाउनुपर्दछ भनी दुवै पक्षको पुनरावेदन परी निर्णयार्थ पेश भएको देखिन्छ।

२५. <u>प्रस्तुत मुद्दामा निर्णय गर्नुपर्ने प्रश्नहरुः-</u>

क) शुरू अदालतले जवरजस्ती करणीको उद्योगको कसूर ठहर गरेको सो फैसला त्रुटीपूर्ण रहेकाले शुरू फैसला उल्टी गरी अभियोगदावीको कसूर कायम हुनुपर्दछ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्ने हो होईन?

ख) अभियोग दावीको कसूरबाट पूर्णरूपमा सफाई पाउनुपर्दछ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्ने हो होईन?

ग) शुरू अदालतको फैसला मिलेको छ छैन? वा प्रस्तुत मुद्दामा मुलुकी अपराध संहिता, २०७४ को दफा २२४ को अवस्था आकर्षित हुने हो होईन?

२६. <u>मुख मिलेका र नमिलेको कुराहरुः-</u>

पीडित जाहेरवाला २५ बर्षकी, निजको ५ बर्षको नाबालक छोरी, श्रीमान बैदेशिक रोजगारमा रहेको, पीडितको जेठानी दिदीको भाई प्रतिवादी रहेको, प्रतिवादीको उमेर २६ बर्ष, प्रतिवादी पनि बिवाहित रहेका, पीडित र प्रतिवादी दुवैजना एकअर्का बीच चिनजान वा चिरपरिचित र एकै गाउँ ठाउँका मानिस रहेका कुरामा दुवै पक्षको कुरा मिलेको नै देखिन्छ। वारदात भयो भनीएको दिनको साँझ पीडित भनिएकी जाहेरवालाले नै फोनमार्फत प्रतिवादीलाई जाहेरवालाको घरमा आउन बोलाएकोले राती ८.३० मा जाहेरवालाको घरमा गएको हुँ। जाहेरवालालाई करणी गरेको छैन भन्ने प्रतिवादीको प्रतिवाद जिकिर रहेकोमा म घरमा छोरीलाई लिएर सुतीसकेको अवस्थामा राती ९.३० मा प्रतिवादी एक्कासी मेरो घरकोठामा आई मलाई करणी गर्न देउ भनी डर त्रास देखाई जवरजस्ती करणी गरेका हुन् भन्ने पीडित जाहेरवालाको भनाई रही प्रतिवादीले जाहेरवालाको इच्छा विरूद्ध निजसंग जवरजस्ती करणी गरेको हुन् भन्ने वादी दावी र जाहेरवालालाई मैले करणी गरेकै छैन भन्ने प्रतिवाद रही सो हदसम्ममा दुवै पक्षको कुरा नमिली अभियोग दावीको कसूर स्थापित हुने हो वा होइन? र शुरू फैसला मिले नमिलेको के कसो हो? सोही बिषयमा केन्द्रित रही न्यायिक निरूपण गर्नुपर्ने देखिन आयो।

<u>आधार र कारण सहितको ठहर निष्कर्षः</u>

२७. <u>वादी नेपाल सरकारले लिएको पुनरावेदन जिकिरको विवेचनाः-</u>

*"पीडितको प्रतिवादी बिरूद्ध किटानी जाहेरी परेको छ। मौकामा घटना विवरण कागज गर्ने मानिसहरूको ब्यहोरा, पीडितले मौकामा गरेको कागज र जाहेरी ब्यहोरालाई सनाखत गरी निजले अदालतमा आई गरी दिएको बकपत्र, घटनास्थल मुचुल्कामा उल्लेखित फुटेका राता चुराहरू समेतका प्रमाण कागजहरूबाट पीडितको भनाई नै सर्वाधिक महत्वको रहन जाने, सो बारेमा ने.का.प.२०६८ को नि.नं.८५६४ मा ब्याख्या भैसकेको हुँदा सो नजिर समेत आकर्षित रहने देखिन्छ। डरत्रास लोभलालच देखाई करणी हुँदा शक्तिको प्रयोग नहुन सक्छ। मुलुकी अपराध संहिता, २०७४ को दफा २१९(२) को स्पष्टिकरण को खण्ड(क) माः करकाप, अनुचित प्रभाव, डर, त्रास, झुक्यानमा पारी वा अपराध गरी वा शरीर बन्धक लिई लिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन भन्ने सो कानूनी ब्यवस्था समेतका आधारमा अभियोग दावी भन्दा कम सजाय गर्ने गरी शुरू अदालतबाट भएको फैसला उल्टी गरी अभियोग मागदावी बमोजिम सजाय गरीपाउँ"* भन्ने पुनरावेदन जिकिरलाई मिसिल संलग्न प्रमाण कागजहरूसँग विवेचना र विश्लेषण गरी हेर्नुपर्ने देखिन आयो।

क) पीडितको भनाई र पीडितको शरीर नै वारदात सम्बन्धमा महत्वपूर्ण प्रमाण भएको कुरामा विवाद हुन सक्दैन।पीडित र समाजको सारभूत साख वा हित र अभियुक्तको वैयक्तित स्वतन्त्रताको सम्मान र संक्षरणको विषयमा राज्यले सन्तुलन कायम गर्नुपर्ने हुन्छ। पीडितको त्यस्तो भनाई र वारदातको दावी अन्य वस्तुनिष्ठ प्रमाणहरूले पुष्टी हुनु पर्दछ। यद्यपी अदालतको नजरमा समान हैसियतमा रहेका मुद्दाका दुवै पक्षको समर्थनमा रहेको प्रमाणहरूलाई वास्तविक तथ्यसँग सन्तुलित रूपमा पारदर्शी ढंगले पूर्वाग्रह बिना विवेचना गरी न्यायिक निष्कर्षमा पुग्नुपर्ने न्यायिक जिम्मेवारी न्यायकर्मीमा रहेको हुन्छ।विवादका पक्षहरूबाट आएका विवादास्पद् भनाईहरूबाट वास्तविक तथ्य पत्ता लगाउनु एक चिकित्सकलाई बिरामीको रोग पत्ता लगाउन कठीन हुने कार्य जस्तै कठीन कार्य हो।न्यायिक निर्णयमा पुग्नु भन्दा पहिला यथार्थ र सम्बद्व तथ्य पत्ता लगाउनु पर्ने हुन्छ। तसर्थ पीडितले दायर गरेको प्रथम उजुरी, सो उजुरीबाट उठान भएको अनुसन्धानको क्रममा संकलन भएका प्रमाण कागजहरू र अनुसन्धानको क्रममा संकलन गरिएका सो प्रमाणहरूलाई अदालत स्वयंमले न्यायिक परीक्षण गर्दा त्यस परीक्षणबाट आएको बढी भन्दा बढी सामान्जास्यतामा रहेका भनाईहरू, वैज्ञानिक परीक्षणको रूपमा रहेको पीडितको स्वास्थ्य प्रतिवेदन मुद्दाको तथ्यसँग कति मेल खाने हो?, यी सबै कुराहरूको विवेचना गरी निस्केको निचोडलाई हेरी फौजदारी न्यायको मान्य सिद्धान्त समेतलाई अवलम्वन गर्दै न्यायिक निर्णयमा पुग्नुपर्ने हुन्छ।

ख) पीडितले दिएको जाहेरी दरखास्त अनुसन्धानको प्रमुख आधार भएको तथ्यमा विवाद छैन। फौजदारी न्यायको मान्य सिद्धान्त बमोजिम प्रतिवादी विरूद्धको आरोपित कसूर शंकारहित तबरबाट वस्तुनिष्ठ प्रमाणहरूले पुष्टी गर्नुपर्ने प्रथम दायित्व प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम वादी पक्षमा रहेकोमा सो दायित्व पुरा नगरी पीडितले प्रतिवादी विरूद्ध किटानी जाहेरी दिएको र सो जाहेरी सनाखत गरी अदालतमा आई बकपत्र गरि दिएको हुँदा पीडितको भनाईलाई सर्वेसर्वा मानी सोही भनाईलाई नै अकाट्य प्रमाणको रूपमा ग्रहण गरिनुपर्दछ भन्ने वादी दावी फौजदारी न्यायको मान्य

सिद्धान्त भित्र नपर्ने भएकोले वादी नेपाल सरकारको पहिलो सो पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन।

ग) घटनास्थल मुचुल्कामा राता चुरा फुटेको, यत्रतत्र छरिएको उल्लेख छ, सो अवस्था समेतले वारदात पुष्टि भएको भन्ने दोस्रो जिकिरतर्फ विचार गर्दा पिडितको घरको माथिल्लो तलाको दक्षिण पुर्वी कुना(साइड)मा रातो चुरा छरिएको उल्लेखित घटनास्थल मुचुल्का नै प्रतिवादी उपरको आरोपित कसूर ठहर हुन बस्तुनिष्ठ आधार तथा वैज्ञानिक प्रमाण हुन नसक्ने भएकोले दोस्रो पुनरावेदन जिकिरसँग पनि सहमत हुन सकिएन।

घ) डरत्रास, लोभलालच देखाई करणी हुँदा शक्तिको प्रयोग नहुन सक्छ भन्ने तेस्रो जिकिरतर्फ विचार गर्दा, प्रतिवादीको प्रभावशाली र शक्तिशाली ब्यक्तित्व रही प्रतिवादीको सोही व्यक्तित्वको आधारमा निजले पीडितलाई प्रभावमा पारी पीडितले प्रतिकार गर्न नसक्ने अवस्थामा पीडितलाई परिबन्धमा पारी जवरजस्ती करणी भएको भन्ने अवस्था मिसिल कागजबाट नदेखिंदा नेपाल सरकारको तेस्रो पुनरावेदन जिकिर तथा समग्र पुनरावेदन जिकिरको समर्थनमा भएको बहससँग समेत माथि प्रकरण प्रकरणमा गरिएको बिवेचना समेतका आधारमा सहमत हुन सकिएन। प्रतिवादीले लिएको पुनरावेदन जिकिरको सम्बन्धमा यसपछि छुट्टै नम्बरमा विवेचना हुने भएकाले यहाँ विवेचना गरिएको छैन।

२८. <u>प्रतिवादीले लिएको पुनरावेदन जिकिरको विवेचनाः</u>

*"पीडितको घरमा जानु र कसूर गर्नु अलग अलग बिषय हो। म पीडितको घरमा पीडितलाई करणी गर्ने मनसायले गएको नभएर निजले नै फोन गरी बोलाएको हुँदा म निज पीडितको घरमा जाँदैमा कसूर हुँदैन। पिडितको हातबाट हसिया खोसेर भाग्नु नै जवरजस्ती करणीको उद्योगको कसूर स्थापित हुन सक्दैन। तथ्यलाई स्वीकार गर्नु र आरोपित कसूरलाई स्वीकार गर्नु फरक बिषय हो। तसर्थ आरोपित कसूरमा संलग्न नरहेको हुँदा शुरू फैसला उल्टी गरी आरोपित कसूरबाट सफाई पाउनुपर्दछ"* भन्ने प्रतिवादीको पुनरावेदन जिकिरलाई मिसिलमा रहेको प्रमाण काजगहरूसँग विवेचना र बिश्लेषण गरि हेर्नुपर्ने देखिन आयो।

क) मिति २०७८।०१।२४ मा भएको भनिएको जवरजस्ती करणीको वारदातको बिषयमा पीडितले तुरून्तै उजुरी गरी निजको मिति २०७८।०१।२५ मा स्वास्थ्य परीक्षण भएको देखिन्छ। पीडितले जाहेरीमा "प्रतिवादी रातको ९.३० बजे म एक्लै नाबालक छोरीलाई लिई बसेको मौका छोपी मादक पदार्थ सेवन गरी नामालुम कहाँबाट आई मलाई एक्लै बसेको देखि घर भित्र आई मलाई करणी गर्न देउ नदिएमा मारकाट गरी फालिदिन्छु भनी डर देखाई घरको बत्ति निभाई मलाई कराउन चिच्याउन नदिई बाध्य बनाई म माथि जाई लागि समाई भुईमा पल्टाउन खोज्दा निजबाट फुत्किन सफल भई माथिल्लो तलामा जाँदा पछि पछि गई माथिल्लो तलामा पल्टाई मैले लगाएको टिसर्ट शुरूवाल र भित्री बस्त्र खोलि करणी गरिरहेको समयमा म कराई चिच्याई गरेपछि निजले करणी गर्न छोडेपछि रिसले म उठी नजिकै रहेको खुर्पा समाई निज अन्यायवालालाई हान्न खोज्दा मेरो हातबाट उक्त खुर्पा खोसी त्यहाँबाट भागी गएको" भन्ने ब्यहोरा उल्लेख गरी सोही ब्यहोराको मौकामा कागज र अदालतमा बकपत्र गरेको देखिन्छ। पीडित उपर भएको भनिएको जवरजस्ती करणीको भोलीपल्ट नै पीडितको स्वास्थ्य परीक्षण भएको र निजको स्वास्थ्य परीक्षण

प्रतिवेदनमा there are no fresh injuries in the body and the genitals भन्ने ब्यहोरा उल्लेख भएको देखिन्छ। स्वास्थ्य परीक्षण गर्ने डाक्टरको बकपत्रमा "पीडितको स्वास्थ्य परीक्षण गर्दा पुराना घाउहरू पनि देखिएनन् तथा शक्तिको प्रयोग भएको पनि देखिएन र निजको मानसिक अवस्था पनि ठिकै रहेको" भन्ने देखिन्छ। पीडितले दिएको जाहेरी र सोही ब्यहोरा समर्थनको बकपत्र पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनसँग मेल खान सकेको देखिंदैन। लगभग १ बर्षको उमेर अन्तर रहेका पीडित र प्रतिवादीमा पीडितको इच्छा विपरित प्रतिवादीले पीडितलाई जवरजस्ती करणी गरेको हो भन्ने पीडितको भनाईलाई अन्य वस्तुगत प्रमाणहरूले समर्थन गर्न सकेको अवस्था मिसिल कागजबाट देखिंदैन। मिसिल संलग्न रहेका प्रमाण कागजहरूमध्ये तुलनात्मक रूपमा वैज्ञानिक तथा सत्यको नजिक रहेको पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन र सो परीक्षण गर्ने डाक्टरले अदालतमा आई गरिदिएको बकपत्रलाई प्रमाण ऐन, २०३१ को दफा २३(७) बमोजिम प्रमाणमा ग्रहण गर्न मिल्ने नै देखिन आयो।

ख) प्रस्तुत मुद्दामा पीडितले साँझको समयमा प्रतिवादीलाई फोन मार्फत् निज पीडितको घरमा आउन अनुरोध गरे बमोजिम प्रतिवादी पीडितको घरमा राती वारदात भएको भनिएको समयमा पुगेका हुन् की स्वतः पुगेका हुन? Call details मिसिल संलग्न भएको नदेखिएको र अनुसन्धान पनि त्यसतर्फ मौन रहेको तथ्यगत अवस्था मिसिलबाट देखिन्छ। मौकामा नै भएको घटनास्थल मुचुल्कामा जवरजस्ती करणी भएको भनिएको कोठामा बिस्तरा लगाएको एक खाट र सो खाट देखी पूर्वतर्फ अं.आधा मिटर भुईमा रातो रङ्गको चुरा फुटी यत्रतत्र अवस्थामा रहेको, भूँई भाग केही खोदारिएको भन्ने देखिन्छ भने जाहेरीमा माथिल्लो तलामा पल्टाई जवरजस्ती गरेको भन्ने ब्यहोरा देखिन्छ। माथिल्लो तलाको बिस्तरामा हो? वा अन्य कुन ठाउँ हो? खुलाएको पाँईदैन। प्रतिवादी पीडितको घरमा रातको समयमा पुगेको तथ्यलाई स्वीकार गरी प्रतिवादीसँग साथमा निजको भान्जा पनि रहेको भन्ने प्रतिवादीको मौकाको र अदालतको बयानमा उल्लेख भएकोमा प्रतिवादीको साथमा अर्को मानिस थिए थिएनन्? सो तर्फ पनि अनुसन्धान मौन रहेको देखिन्छ।

ग) प्रतिवादीले अधिकारप्राप्त अधिकारी समक्ष गरेको स.ज. ८ को ब्यहोरामा उल्लेखित "वारदात मिति र समय भन्दा केही दिन अधि पीडितको घरमा रात बसी निजको सहमतीमा ३ पटक सम्म करणी भएको हो भन्ने ब्यहोरा मेरो होइन" सो ब्यहोरा बाहेक अन्य ब्यहोरा ठिक साँचो हो भनी दावी गरिएको वारदातका दिन प्रतिवादीको मोबाईल पीडितले मागी घरको माथिल्लो तलामा लगी निज पीडितले हँसियाले सो मोबाईल फुटाई रहेको आवाज सुनी म माथिल्लो तलामा गई मोबाइल खोसी तल झर्दै गर्दा निजले मलाई पछाडीबाट टाउकोमा हानेकी हुन्। मेरो कठालो समाई लछार पछार गरी पुन हँसियाले हान्न खोज्दा म उक्त स्थानबाट भागी घर गई बसेको हुँ। घरमा बसीरहेको अवस्थामा मलाई २५ गते साँझ प्रहरीले नियन्त्रणमा लिएको हो भनी आरोपित कसूरमा इन्कार रही मौकामा र अदालतमा सोही ब्यहोरा लेखाएको देखिन्छ। प्र.नि. देवी प्र. गैरेको नेतृत्वमा मिति २०७८।०१।२५ गते साँझ प्रहरी टोली गस्ती गर्दै जाने क्रममा स्थानीय मानिसहरू भेला जम्मा भई आपसमा कुरा गरिरहेको देखि उक्त स्थानमा गई बुझ्दा प्रतिवादीले जाहेरवाललाई जवरजस्ती करणी गरेको भन्ने जानकारी प्राप्त भएकोले सोही समयमा प्रतिवादी निजको घरमा नै फेला परेको

हुँदा जरूरी पक्राउ पुर्जी जारी गरी नियन्त्रणमा लिएका हौं भन्ने मिति २०७८।०१।२५ को जरूरी पक्राउ पुर्जी प्रतिवेदनमा उल्लेख भएको देखिन्छ।

घ) यसरी प्रतिवादी विरूद्ध मौकामा उजुरी परी अनुसन्धानको कार्य शुरू भएको अवस्थालाई अन्यथा भन्न सकिंदैन। यद्यपी उजुरी तथा जाहेरी अनुसन्धानको आधार भएपनि सो उजुरीको ब्यहोरा अन्य बस्तुगत प्रमाण तथा स्वतन्त्र प्रमाणबाट पुष्टी नभएसम्म सोही उजुरीलाई मात्र निर्विवाद प्रमाणको रूपमा ग्रहण गरी आरोपित ब्यक्तिलाई कसूरदार ठहर गर्न नमिल्ने भनी ने.का.प. २०५६ नि.नं.६६५६ मा व्याख्या भैसकेको छ।

ङ) वारदातस्थल भनिएको ठाउँमा प्रतिवादीको उपस्थिती रहेको तथ्यलाई प्रतिवादीले स्वीकार गर्नु र जाहेरी ब्यहोरा तथा आरोपित कसूरलाई स्वीकार गर्नु फरक बिषय हो, तसर्थ पीडितको घरमा म उपस्थित रहेको अवस्था नै आरोपित कसूर ठहर हुने आधार रहन सक्दैन भन्ने प्रतिवादीको समग्र पुनरावेदन जिकिर र सो समर्थनमा गरीएको विद्वानको बहससँग असहमत रहनुपर्ने अन्य प्रमाणिक आधारहरू देखिन आएन।

२९. <u>प्रत्यर्थी झिकाउने आदेश तर्फ विचार गर्दा:</u>

दुवै पक्षको पुनरावेदन परेकोले एकको पुनरावेदन अर्कोलाई सुनाउने प्रयोजनार्थ प्रत्यर्थी झिकाउने आदेश भएको देखिंदा प्रत्यर्थी झिकाउने आधार बारे थप विवेचना गरी गरीरहनुपरेन।

३०. <u>शुरू अदालतले गरेको फैसलातर्फको विवेचनाः-</u>

अभियोगदावीलाई पुष्टि गर्ने अन्य कुनै पनि बस्तुनिष्ट र स्वतन्त्र प्रमाण मिसिल संलग्न रहेको नदेखिएको, प्रतिवादी आरोपित कसूरमा इन्कार रही मौकामा र अदालतमा बयान गरेको, निजको बयानलाई निजका साक्षीको बकपत्रबाट पुष्टि भएको, पीडितको शारीरिक परीक्षण प्रतिवेदनबाट पीडित उपर जवरजस्ती करणी भएको नदेखिएको भन्ने समेतका आधारहरू लिई प्रतिवादी बिरूद्धको आरोपित कसूर पुष्टि हुन नसक्ने ठहर गरेको सो हदसम्मको शुरू फैसला मिलेको नै देखिन्छ। यद्यपी निज प्रतिवादीले मौकामा र अदालतमा गरेको बयानमा समेत निज पीडितको घरमा रातको समयमा गएको, प्रतिवादीले जवरजस्ती करणी गर्न खोज्दा निजबाट फुत्की आफू माथिल्लो तलामा गएको भन्ने पीडितको भनाई समेतका आधारहरू लिई प्रस्तुत वारदात जवरजस्ती करणीको उद्योगको कसूर हुने ठहर गरेको शुरू फैसला प्रस्तुत मुद्दाको तथ्यगत अवस्था, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन र सो परीक्षण गर्ने डाक्टरको बकपत्र समेतका प्रमाणहरूबाट उद्योगको कसूर ठहर हुन आवश्यक पर्ने उद्योग अपराधका आवश्यक अपराधिक तत्वहरू यसमा स्थापित हुन सकेको नदेखिंदा जवरजस्ती करणीको उद्योगको कसूर हुने ठहर गरेको शुरू फैसला मिलेको नदेखिई बदर तथा उल्टी हुने देखियो। पीडित र प्रतिवादीबीच रहेको नाता सम्बन्ध, पूर्व चिनजान, एकै गाउँठाउँ, समान उमेर अवस्था, मिसिलमा रहेका अन्य प्रमाण कागजहरू तथा पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन दिने डाक्टरको बकपत्र समेतका आधारमा प्रस्तुत मुद्दामा मुलुकी अपराध संहिता २०७४ को दफा २२४ आकार्षित भई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४२ बमोजिम सोही ऐनको अनुसुची ४ अन्तर्गत पर्ने देखिन आयो।

३१. अतः पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन र सो परीक्षण गर्ने चिकित्सकले प्रमाण ऐन, २०३१ को दफा २३ (७) बमोजिम गरिदिएको बकपत्र समेतका मिसिल संलग्न प्रमाणहरूबाट प्रस्तुत वारदात अभियोग दावी बमोजिमको कसुर ठहर हुन सक्ने नदेखिँदा मुलुकी अपराध संहिता, २०७४ को दफा २२४ बमोजिमको वारदातको अवस्था देखिन आएकोले प्रतिवादी कुहिरे भन्ने दिपक सार्कीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ (१), (२) र (३) (ङ) बमोजिमको कसुरको उद्योग ठहर गरी शुरू प्यूठान जिल्ला अदालतबाट मिति २०७८/१०/२० मा भएको कसुर ठहर र मिति २०७८/१०/२३ मा भएको सजाय निर्धारण फैसला मिलेको नदेखिँदा उल्टि बदर भै प्रतिवादी कुहिरे भन्ने दिपक सार्कीले अभियोग दावीबाट सफाई पाउने ठहर्छ।

अबः मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४२ बमोजिम सरोकारवाला पक्षलाई पक्ष कायम गरी सो को जानकारी दिई निज सरोकारवाला पक्षले सकार गरेमा यसै मिसिलबाट मुद्दाको कारवाही हुने गरि नियमानुसार मिसिल शुरू अदालतमा पठाईदिनु। अरूमा तपसिल बमोजिम गर्नु।

## तपसिल

- शुरू अदालतबाट यी प्रतिवादी कुहिरे भन्ने दिपक सार्कीलाई ३ वर्ष ६ महिना कैद, रू.१,००,०००। (एक लाख) जरिवाना र पीडितलाई रू. १५,०००।— (पन्ध्र हजार) क्षतिपुर्ति भराउने तथा पीडित राहत कोषमा रू.८००।— (आठ सय) दाखिल गराउने गरि भएको फैसला उल्टी भै प्रतिवादी कुहिरे भन्ने दिपक सार्कीले अभियोग दाबीबाट सफाई पाउने ठहरी फैसला भएकोले निजलाई शुरू अदालतबाट ठहरेको कैद, जरिवाना, पीडितलाई भराउनु पर्ने क्षतिपुर्ति र क्षतिपुर्ति शुल्क समेतको लगत कट्टा गर्नु भनि शुरू अदालतको तहसिल शाखामा लेखि पठाउनु...............................................................................................१
- प्रस्तुत मुद्दाको वारदातको अवस्था मुलुकी अपराध संहिता, २०७४ को दफा २२४ बमोजिमको देखिन आएको भन्ने फैसला भएकोले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४२ बमोजिम सरोकारवाला पक्षलाई पक्ष कायम गरी सो को जानकारी दिई निज सरोकारवाला पक्षले सकार गरेमा यसै शुरू सक्कल मिसिलबाट मुद्दाको कारवाही गर्नु भनि शुरू अदालतमा लेखि पठाईदिनु.............................................................................................२
- प्रतिवादी कुहिरे भन्ने दिपक सार्की कैदबाट मुक्त भएको पत्र मिसिल सामेल रहेकोले त्यस तर्फ केहि गरि रहनु परेन..............................................................................३
- प्रस्तुत फैसलामा चित्त नबुझे ७० सत्तरी दिन भित्र श्री सर्वोच्च अदालतमा पुनरावेदन गर्नु भनि प्रस्तुत फैसलाको प्रतिलिपि सहित उच्च सरकारी वकील कार्यालय तुलसीपुर र प्रतिवादीलाई पुनरावेदन म्याद दिनू...............................................................................४
- सरोकारवालाले यो फैसलाको प्रतिलिपि माग गरे नियमानुसार लाग्ने दस्तुर लिई प्रमाणित प्रतिलिपि दिनू........................................................................................................५
- फैसलाको विद्युतीय प्रति अपलोड गर्नु र दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनू...................................................................................................६

**(महेश शर्मा पौडेल)**
**न्यायाधीश**

उक्त रायमा सहमत छु।

**(गोपाल भट्टराई)**
**का.मु. मुख्य न्यायाधीश**
**फैसला तयार गर्नमा सहयोग गर्नेः**
शा.अ. श्री प्रकाश वि.क.
क.अ. श्री अर्जुन पोखेल
**ईति सम्वत् २०७९ साल माघ महिना ११ गते रोज ४ शुभम्।**
प्रमाणीकरण मितिः २०७९/१०/ (अदालतको छाप)

श्री

उच्च अदालत विराटनगर

धनकुटा इजलास

संयुक्त इजलास

माननीय न्यायाधीश श्री रमेश कुमार खत्री

माननीय न्यायाधीश श्री फुर्पा तमाङ

फैसला

मुद्दा नं. : ०७७-CS-०१४९

कोड नं. : २३-०७७-०००८३

इजलास नं.१/निर्णय नं. १६५

| | |
|---|---|
| केशरबहादुर विश्वकर्माको नाति सुन्दर विश्वकर्माको छोरा जिल्ला संखुवासभा साविक खाँदवारी न.पा वडा नं. ११ हालको ऐ.नं. ८ मानेभन्ज्याङ्ग घर भई हाल कारागार कार्यालय संखुवासभा खाँदवारीमा थुनामा रहेकोवर्ष २९ को सागर भन्ने गोविन्द विश्वकर्मा ........................................................................................१ | पुनरावेदक प्रतिवादी |
| विरूद्ध | |
| परिवर्तित नाम कोशी नाम ०७७/०७८ (झ१) को जाहेरीले नेपाल सरकार........................................................................................१ | प्रत्यर्थी वादी |

सुरू फैसला गर्ने अदालत :- श्री संखुवासभा जिल्ला अदालत।

सुरू फैसला गर्ने :- माननीय न्यायाधीश श्रीशान्तिप्रसाद आचार्य।

सुरू फैसला मिति :- २०७७/०९/०९

पुनरावेदन दर्ता मिति :-२०७७/ १२/२९

**मुद्दा :- जवरजस्ती करणी।**

न्याय प्रशासन ऐन, २०७३ को दफा ८ (३) वमोजिम यसै अदालतको क्षेत्राधिकार भित्र दायर भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार रहेको छ :-

## तथ्य खण्ड

१. जाहेरी दरखास्तः-

मेरो छोरी बर्ष १३ कि परिवर्तित नाम ०७७/०७८ कोशी "झ"मामली घर आउने जाने गर्ने, आफन्तहरूको घरमा जाने र घर फर्किने गर्ने गरेकोमा मिति २०७७/०५/०५ गतेका दिन समेत यसै गरी कोही कसैलाई नभनी हिंडेकीमा छोरी आफन्तको घरमा गई होली रहर पुगे पछि फर्किन्छे भन्ने सोची बसेकोमा मिति २०७७/०७/१० गतेका दिन छोरीले रुँदै फोन गरी मलाइ घरबाट हिंडेकै दिन मानेभञ्ज्याङमा भेटी विभिन्न प्रलोभन देखाई, सुखले पाल्छु, जे भने पनि मान्छु, म सँग

मेरो घर हिंड भनी घरमा लगी सोही रात देखि सँगै सुताईमिति २०७७/०७/१० सम्म करणी गरी कसैलाई नभन्नु भनीस भने मार्छु भनी डरत्रास राखेको छ भनी सुनाएकी हुँदा उक्त स्थानमा गई छोरीलाई लिई आई यो जाहेरी दरखास्त पेश गर्न आएकी छु। यसरी मेरो नावालिका छोरीलाई विभिन्न प्रलोभनमा पारी डर त्राससमेत देखाई जवरजस्ती घरमा लगी पटक\ पटक जवरजस्ती करणी गरेको हुँदा कानून बमोजिम कारवाही गरी हदै सम्मको दण्ड सजाय गरी क्षतिपूर्ति समेत दिलाई पाउँ भन्ने समेत वेहोराको परिवर्तित नाम ०७७/०७८ कोशी "झ १" को जाहेरी दरखास्त।

२. **घटनास्थल प्रकृति मुचुल्का वेहोराः**-जिल्ला सङ्खुवासभा खाँदवारी नगरपालिका वडा न. ३ मानेभञ्याङको पूर्वमा प्रकाश रसाईलीको घर, पश्चिममा लहरेवर देखी सितलपाटी आवत जावत गर्ने भित्री पक्की बाटो, उत्तरमा कृष्णबहादुर विश्वकर्माको घडेरी (वारी), दक्षिणमा गोपाल विश्वकर्माको खाली घडेरी (वारी) यति चार किल्ला भित्र रहेको वरिपरि बाँसको सेन्टर वत्तीले बेरा लगाई, माटोले लिपेको,माथि टिनको छाना लगाएको एक तल्ले किरण विश्वकर्माको नाममा रहेको भुँई घरकोउत्तर पट्टिको कोठा प्रतिबादी सागर भन्ने गोविन्द विश्वकर्माले भाडामा लिई बस्दै आएको, उक्त कोठामा रहेका मध्ये पुर्व तर्फको खाटमा जाहेरवालाको नावालिका छोरी बर्ष १३ कि परिवर्तित नाम ०७७/०७८ कोशी "झ" लाई अभियुक्त सागर भन्ने गोविन्द विश्वकर्माले मिति २०७७/०५/०५ गतेको रात देखी मिति २०७७/०७/१० गते रातीसम्म पटक पटक जवरजस्ती करणी गरेको भनी पीडितले जाहेरवालीको रोहवरमा देखाए बमोजिमको चार किल्ला सहितको घटनास्थल मुचुल्का।

३. **पीडितकोशारीरिक परीक्षणः**-There are no fresh injuries present over genital and perianal region. Hymen has old healed laceration without surrounding contusions, redness or swelling, and is non tender. Hymen:-healed laceration at 5, 9 and 3 O'clock position. The general health condition of the examinee is stable. There are no fresh injuries on genitalia. Even though there are no fresh injuries on genitalia we cannot say sexual assault has not occurred. There are no spermatozoa in vaginal swab but the absence of spermatozoa doesn't rule out sexual intercourse. Report regarding the specimen collected and sent for analysis (vaginal swab and nail scrapings) is awaited भन्ने पीडित परिवर्तित नाम ०७७/०७८ कोशी "झ" को शारीरिकपरीक्षण प्रतिवेदन।

४. **प्रतिवादी सागर भन्ने गोविन्द वि.क ले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानः**-मेरो घर गरी खाने केटी भेटीयो भने विवाह गर्ने सोच बनाई केटी खोजी गर्ने क्रममा जाहेरवालाको घर गाउँमा पुग्दा निजको छोरी परिवर्तित नाम ०७७/०७८ कोशी "झ" लाई देखीभेटी फोन नं. पत्ता लगाई तिमी र म बिवाह गरौं भन्दा ठिकै छ पछि बिचार गरौला भन्दै आएकी थिईन्।मिति २०७७/०५/०५ गते मलाई फोन गरी लिन आउनु म तपाईसँग जान्छु भनेकी हुँदा निजलाई मेरो घरमा ल्याई परिवर्तित नाम ०७७/०७८ कोशी "झ"लाई श्रीमती बनाई उक्त राति देखि करणी गर्दै आएको थिएँ।मिति २०७७/०७/१० गते दशैको बेला मैंले गाउँघरमा मादक पदार्थ सेवन गरी मातेको थिएँ,परिवर्तित नाम ०७७/०७८ कोशी "झ"ले किन रक्सी खाई मातेको भनी भनेको हुँदा निजलाई गाली गरेको थिएँ,त्यसपछि आफ्नो आमा जाहेरवाली परिवर्तित नाम ०७७/०७८ कोशी "झ१" लाई फोन गरी सबै कुरा सुनाइछिन। भोलि पल्ट निज जाहेरवाली परिवर्तित नाम ०७७/०७८

कोशी "झ१" मेरो घरमा आई निज परिवर्तित नाम ०७७/०७८ कोशी "झ" लाई लिई जानु भएको थियो, मैंले नावालिका परिवर्तित नाम ०७७/०७८ कोशी "झ" लाई घरमा लगी पटक पटक करणी गरेको हुँदा मेरो बिरूद्धमा जवरजस्ती करणी मुद्दा शिर्षकमा जाहेरी दिनु भएको रहेछ उक्त मुद्दाको अनुसन्धानको सिलसिलामा मिति २०७७/०७/१५ गते प्रहरीले मलाई पक्राउ गरेको हो। मैले पीडितलाई विवाह गरी श्रीमती बनाई घरमा लगी हामी विच करणी लिनुदिनु गरेको हो जवरजस्ती करणी गरेको होईन भन्नेसमेत बेहोराको प्रतिबादी सागर भन्ने गोविन्द विश्वकर्माले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयान।

५. **पीडित परिवर्तित नाम ०७७/०७८ कोशी "झ"ले अनुसन्धान अधिकारी समक्ष गरेको घटना विवरण कागज।** :-प्रतिवादी गोविन्दबहादुर वि.क संग ४/५ महिना अगाडि मोवाईलमा सम्पर्क हुँदा चिनजान भई हामीहरूबिच गफगाफ भई रहन्थ्यो। फोन सम्पर्क हुँदा निजले मलाई विभिन्न प्रलोभन देखाई तिमी र म विवाह गर्नु पर्छ मेरो घरमा आउ हामी सँगै बस्नु पर्छ भन्ने गर्दथे, मैंले निजलाई म सानै छु, अहिले मेरो विवाह गर्ने उमेर भएको छैन, भन्दा निजले केही हुँदैन भन्ने गर्दथे। यस्तै क्रममा मिति २०७७/०५/०५ गते घरमा दाजु दिदीसँग सामान्य विवाद भएको हुँदा म मामली घर जानु पर्‍यो भनी घरबाट हिंडी निज सागर भन्ने गोविन्द विश्वकर्मालाई फोन गर्दा ठिकै छ, म तिमीलाई लिन चारबर भन्ने स्थानमा आउँछु भनेकाले हाम्रो त्यहीं भेट भयो। त्यसपछि मलाई ललाई फकाई बिभिन्न प्रलोभनसमेत देखाई घरमा लगी रातको समयमा पटक पटक करणी गर्दै आएका थिएँ। मादक पदार्थ सेवन गरी मलाई विभिन्न अश्लिल गाली गलौज गरी कुटपिट गर्ने गरेका थिएँ। मलाई ललाई फकाई बिभिन्न प्रलोभनसमेत देखाई घरमा लगी श्रीमती बनाई राखि मिति २०७७/०५/०५ गते रातिदेखि मिति २०७७/०७/१० गते राती सम्म पटक पटक करणी गर्ने, प्रतिवादी सागर भन्ने गोविन्द विश्वकर्मालाई पक्राउ गरी हदै सम्म कानूनी कारबाही गरी, उचित क्षतिपुर्ति समेत दिलाई भराई पाउँ भन्नेसमेत वेहोराको परिवर्तित नाम ०७७/०७८ कोशी "झ" ले अनुसन्धान अधिकारी समक्ष गरेको घटना विवरण कागज।

६. **बस्तुस्थिति मुचुल्का वेहोरा** :-मिति २०७७/०५/०५ गते प्रतिबादी सागर भन्ने गोविन्द विश्वकर्माले जाहेरवालाको नावालिका छोरी बर्ष १३ कि परिवर्तित नाम ०७७/०७८ कोशी "झ" लाई ललाई फकाई, प्रलोभनमा पारी घरमा लगी सँगै राखी सोही रात देखी मिति २०७७/०७/१० गते सम्म करणी गरेको भनी पीडित तथा जाहेरवालीले सुनाएकी हुँदा थाहा हुन आएको हो। जाहेरवालाको नावालिका छोरी पीडित परिवर्तित नाम ०७७/०७८ कोशी "झ" लाई करणी गर्ने प्रतिबादी सागर भन्ने गोविन्द विश्वकर्मालाई कानून बमोजिम कारवाही होस भन्नेसमेत बेहोराको ज्ञानबहादुर विश्वकर्मा, चन्द्रबहादुर विश्वकर्मा र करिश्मा कटुवालसमेतले एकै मिलानको वेहोरा लेखाई दिएको वस्तुस्थिति मुचुल्का।

७. **वादीको अभियोग दावी** :-प्रतिबादी सागर भन्ने गोविन्द बिश्वकर्माले पीडित नावालिका परिवर्तित नाम ०७७/०७८ कोशी "झ" लाई जवरजस्ती करणी गरेकोलेनिज प्रतिबादी सागर भन्ने गोविन्द बिश्वकर्मालाई मुलुकी अपराध संहिता को दफा २१९ को उपदफा (१) र (२) को कसूरमा

सोही अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (३) को देहाय (ख) वमोजिम सजाय हुन साथै प्रतिबादीको उक्त कार्य बालबालिका बिरूद्धको कसूर भएकोले बालबालिका सम्बन्धि ऐन, २०७५ को दफा ६७ (२) बमोजिम नैतिक पतन देखिने फौजदारी कसूर कायम गरी पाउन र मुलुकी अपराध संहिता, २०७४ को दफा २२८ बमोजिम प्रतिबादीबाट पीडित नावालिकालाई मनासिव क्षतिपूर्ति दिलाई भराई पाउनका साथै निज प्रतिबादीबाटै अपराध पीडित संरक्षण ऐन २०७५ को दफा ४१ बमोजिमको क्षतिपुर्ति शुल्क कोषमा जम्मा गरी पाउँ भन्ने दावीलिई वादी नेपाल सरकारको तर्फबाट सुरू अदालतमा दायर भएको अभियोग पत्र।

८. **प्रतिवादी गोविन्द वि.क ले शुरू अदालतमा गरेको वयानः**-जाहेरी दरखास्तमा लेखिए बमोजिम पीडित परिवर्तित नाम ०७७/०७८ कोशी "झ" लाई मैले जवरजस्ती करणी गरेको होइन। पीडितले १७ वर्षकी भएँ भनेकाले मिति २०७७/०५/०५ गते मैंले परिवारको सहमतिमा पीडितलाई राजीखुसीमा लगी श्रीमतीको रूपमा राखेको हुँ। मैंले पीडितलाई कुनै किसिमको ललाई फकाई गरेको होइन। जाहेरीमा भनेजस्तो गल्ती पनि गरेको छैन। मलाई फसाउने षडयन्त्र मात्र हो।हामीले राजीखुसीमा नै विवाह गरेको हौं। अभियोग दावी बमोजिम मैले जवरजस्ती करणी गरेको होइन। मैले सहमतिमा करणी गरेको हुँदा वादीको अभियोग दावी बमोजिम सजाय हुनुपर्ने होइन भन्ने समेत ब्यहोराको सागर भन्ने गोविन्दबहादुर वि.क लेशुरू अदालतमा गरेको वयान।

९. **पीडित परिवर्तित नाम ०७७/०७८ कोशी "झ"ले शुरू अदालतमा गरेको बकपत्रः**-मलाई प्रतिबादी सागर भन्ने गोविन्द विश्वकर्माले ललाई फकाई घरमालगी पटक पटक जवरजस्ती करणी गरी कुटपिटसमेत गरेको हो। प्रतिबादीलाई कानून बमोजिम सजाय हुनुपर्छ भन्नेसमेत बेहोराको पीडित परिवर्तित नाम ०७७/०७८ कोशी झ ले शुरू अदालतमा गरेको बकपत्र।

१०. **वादीको गवाहपरिवर्तित नाम ०७७/०७८ कोशी झ१शुरू अदालतमा गरेको बकपत्रः**-मेरो छोरीलाई यी प्रतिबादी सागर भन्ने गोविन्द वि.क.ले प्रलोभनमा पारी कुटपिट तथा जवरजस्ती करणी गरेको हो।उक्त कुरा मलाई मेरो पीडित छोरीले भनेपछि थाहा भएको हो।प्रतिबादीले अन्याय अत्याचार गरेको हुँदा निजलाई कानून बमोजिम सजाय हुनुपर्छ भन्नेसमेत बेहोराको जाहेरवाला परिवर्तित नाम ०७७/०७८ कोशी झ१ ले सुरू अदालतमा गरेको बकपत्र

११. **अदालतको थुनछेक आदेशः**-प्रतिबादी सागर भन्ने गोविन्द विश्वकर्मालाई मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ६७ को अवस्था विद्यमानता रहेकोले ऐ संहिताको दफा ८० बमोजिम थुनुवा पुर्जि दिई कारागार कार्यालय खाँदवारीमा पठाईदिनू भन्नेसमेत बेहोराको मिति २०७७/०७/२६ गतेको शुरू संखुवासभा जिल्ला अदालतको आदेश।

१२. **शुरूसंखुवासभा जिल्ला अदालतको फैसलाः**-प्रतिवादीलेमुलुकी अपराध संहिता, २०७४ को दफा २१९(१) र (२) बमोजिम पीडितलाई जवरजस्ती करणीको कसूर गरेको ठहरी मुलुकी अपराध संहिता,२०७४ को दफा २१९(३)(ख) बमोजिम कैद वर्ष १९(उन्नाइस) हुने, निज प्रतिबादीबाट पीडितलाई सोही संहिताको दफा २२८ रू ७५,०००।—(पचहत्तर हजार) क्षतिपूर्ति भराईदिने र अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१(ज) बमोजिम प्रतिबादीबाट पीडित राहत कोषमा

रू.२,२००।— जम्मा गराई दिने समेत ठहर्छ भन्ने संखुवासभा जिल्ला अदालतको मिति २०७७/०९/०९को फैसला।

१३. **प्रतिवादी गोविन्द वि.क को पुनरावेदन पत्र** :-पीडितलाई मैले विवाहगरी श्रीमती बनाईघरमा ल्याई निजको समहतीमा करणी लिनुदिनु गरेकोले म प्रतिवादीले मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (१),(२) को खण्ड बमोजिमको कसूर नगरेकोभए तापनि मलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (३) को खण्ड (ख) बमोजिम कैद वर्ष कैद वर्ष १९(उन्नाइस) हुने र म प्रतिवादीबाट रू.७५,०००। नावालिकालाई क्षतिपूर्ति दिलाई दिनेसाथै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१(ज) बमोजिम प्रतिबादीबाट पीडित राहत कोषमा रू.२,२००।— जम्मा गराई दिने ठहऱ्याई मिति २०७७/०९/०२ को शुरू अदालतबाट भएको फैसला मिलेको छैन।प्रचलित कानूनमा बालबिबाह ,बैबाहीक बलात्कार, र बाल यौन दुरूपयोग सम्बन्धी व्यवस्था रहेको छ। यस्तो कानूनी व्यवस्था हुँदा-हुँदै जबरजस्ती करणी सजाय गरेको फैसला नदेखिंदा उक्त फैसला उल्टी गरी वादीको झुट्टा अभियोग दावीबाट सफाई दिलाई पाउँ भन्ने समेत प्रतिवादी सागर भनिने गोविन्दबहादुर वि.क को यस अदालतमा परेको पुनरावेदन पत्र।

१४. **यस अदालतको आदेश** :-संखुवासभा जिल्ला अदालतबाट मिति २०७७/०९/०२ मा भएको फैसला विचारणीय भई फरक पर्न सक्ने देखिंदा मुलुकी फौजदारी कार्याविधि संहिता, २०७४ को दफा १४०(३) को प्रयोजनार्थ पुनरावेदकको प्रमाणित प्रतिलिपि सहितको पेशीको सूचना उच्च सरकारी वकील कार्यालय, धनकुटालाई दिई नियमानुसार गर्नू भनी मिति २०७८/०३/२१ गते यस अदालत बाट भएको अदेश

१५. **वादी\प्रतिवादी तर्फबाट पेश भएको लिखित बहस नोट** :- पीडित भनीएकी मानिस २ महिना भन्दा बढी समय प्रतिवादीसँग निजको घरमा घरव्यवहार गरी बसेकी, पीडिता स्वयमले मौकाको कागजमा मलाई विवाह गरौ भनी लगेको हो भनेको साथै प्रतिवादीले पीडितकै सहमतिमा विवाहगरी करणी लिनुदिनु भएकोले संखुवासभा जिल्ला अदालतको फैसला त्रुटीपूर्ण हुँदा बदरभागी छ भनी प्रतिवादीको तर्फबाट कानून व्यावसायीले पेश गरेको लिखित बहस नोट।विवाह गर्न कानूनले तोकेको उमेर २० वर्ष हो। पीडितको उमेर १३ वर्ष मात्र भएको हुँदा निजहरू विच विवाह भएको भन्ने कानूनी आधार नै रहेन।अत:प्रतिवादीले उमेर नपुगेकी वालिकालाई ललाई फकाई करणी गरेकोले निजलाई कसूरदार ठहऱ्याई शूरू जिल्ला अदालतबाट भएको फैसला सदर गरी पाउँ भनी उच्च सरकारी वकील कार्यालय धनकुटाबाट पेश गरेको लिखित बहस नोट।

## अदालतको ठहर

१६. नियम बमोजिम दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादी सागर भनिने गोविन्द वि.क को तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री गोपाल बहादुर भट्टराईले मेरो पक्ष र परिवर्तित नाम ०७७/०७८ कोशी "झ वीच ५।६ महिनादेखि फोन सम्पर्क भई राजिखुसिले विवाह गरी करणी लिनु दिनु गरेकोले मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदा (१) र (२) अनुसारको कसूर गरेको भन्न नमिल्ने हुँदा सुरू अदालतले मेरो पक्षलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (३) को खण्ड (ख)

बमोजिम कैद वर्ष १९ उन्नाईस हुने, पीडितलाई रू ७५,०००। क्षतिपूर्ति भराई दिने र अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१(ज) बमोजिम पीडित राहत कोषमा प्रतिवादीबाट रू.२,२००।— जम्मा गराउने ठहराएको फैसला त्रुटीपूर्ण हुँदा उक्त फैसला उल्टी गरी मेरो पक्षले अभियोग दावीबाट सफाई पाउने गरी फैसला गरी पाउँ भनी बहस प्रस्तुत गर्नु भयो।

१७. त्यस्तै प्रत्यर्थी एवादी नेपाल सरकारको तर्फबाट उच्च सरकारी वकील कार्यालय धनकुटाका विद्वान सहन्यायाधिवक्ता गोविन्द खनालले प्रतिवादीले १८ बर्ष उमेर नपुगेकी बालिकालाई ललाई फकाई घरमा लिई गई  करणी गरेको तथ्य स्वीकार गरेको, उमेर नपुगेको वालिकालाई सहमतीमा नै करणी गरेको भए तापनि कानूनत यस्तो करणी जबरजस्ती करणी हुने हुँदा प्रतिवादीले जबरजस्ती करणी गरेको ठहर गरी सजाय गर्ने गरेको सुरू संखुवासभा जिल्ला अदालतको फैसला मिलेकै हुँदा फैसला सदर होस् भनी गर्नु भएको बहस समेत सुनियो।।

१८. यसमा, प्रतिवादी सागर भन्ने गोविन्द वि.क ले पीडितलाई ललाई फकाई आफ्नो घरमा लगी राखी जवरजस्ती करणी गरेकाले मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (१) र (२)को कसूरमा सोही उपदफा ३ को (ख) बमोजिम सजाय गरी  प्रतिवादीबाट पीडितलाई क्षतिपूर्ति तथा पीडित राहत कोषमा क्षतिपूर्ति शुल्क समेत भराई पाउन वादीले अभियोग दावी लिएकोमा प्रतिवादीले वादीको अभियोग दावीको कसूर गरेको ठहऱ्याई मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (३) को खण्ड (ख) बमोजिम कैद वर्ष १९(उन्नाईस) हुने, प्रतिवादीबाट पीडितलाई रू ७५,०००।-क्षतिपूर्ति भराई दिने र अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१(ज) बमोजिम प्रतिबादीबाट पीडित राहत कोषमा रू.२,२००।— जम्मा गराउने समेत ठहऱ्याएको सुरू संखुवासभा जिल्ला अदालतको फैसला उपर चित्त नबुझाई प्रतिवादी सागर भन्ने गोविन्द वि.क.को यस अदालतमा पुनरावेदन पर्न आएको देखियो।

१९. प्रस्तुत मुद्धामा दुवै पक्षको तर्फका कानून व्यवसायीले प्रस्तुत भएको बहस बुँदा एबं लिखित बहस नोट, शुरू फैसला, सो उपरको पुनरावेदन जिकिर हेरी सुरू संखुवासभा जिल्ला अदालतको मिति २०७७।०९।०२ को फैसला मिलेको छ, छैन? प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्छ,सक्दैन?भन्ने विषयमा निर्णय दिनु पर्ने देखिन आयो।

२०. सम्बद्ध मिसिल अध्ययन गरी निर्णय तर्फ बिचार गर्दा, मेरी छोरी बर्ष १३ कि परिवर्तित नाम ०७७/०७८ कोशी "झ" आफू खुसी मामली घर आउने जाने गर्ने, आफन्तहरूको घरमा जाने र घर फर्किने गर्ने गरेकोमा मिति २०७७/०५/०५ गतेका दिन समेत यसै गरी कोही कसैलाई नभनी घरबाट हिंडेकीमा छोरी आफन्तको घरमा गई होली रहर पुगे पछि फर्किन्छे भन्ने सोची बसेकोमा मिति २०७७/०७/१० गतेका दिन छोरीले रुँदै फोन गरी मलाइ घरबाट हिंडेकै दिन विपक्षीले मानेभञ्ज्याङमा भेटी विभिन्न प्रलोभन देखाई, सुखले पाल्छु, जे भने पनि मान्छु, म सँग मेरो घर हिंड भनी घरमा लगी सोही रात देखि सँगै सुताईमिति २०७७/०७/१० सम्म करणी गरी कसैलाई नभन्नु भनीस् भने मार्छु भनी डरत्रास दिई राखेको छ भनी सुनाएकी हुँदा उक्त स्थानमा गई छोरीलाई लिई आई यो जाहेरी दरखास्त दिएकी छु। मेरो नावालिका छोरीलाई विभिन्न प्रलोभनमा

पारी डर त्राससमेत देखाई जवरजस्ती घरमा लगी पटक/पटक जवरजस्ती करणी गरेको हुँदा प्रतिवादी गोविन्द बि.क.लाई कानून बमोजिम कारवाही गरी पाउँ भन्ने पीडितको आमा परिवर्तित नाम ०७७/०७८ कोशी "झ१"को जाहेरी दरखास्त परी अनुसन्धान, तहकिकात हुँदा बुझिएकी पीडित परिवर्तित नाम ०७७/०७८ कोशी "झ" ले गरेको कागजमा प्रतिवादी गोविन्दबहादुर वि.क संग ४/५ महिना अगाडि मोवाईलमा सम्पर्क चिनजान भई गफगाफ हुँदा निजले मलाई विभिन्न प्रलोभन देखाई तिमी र म विवाह गर्नु पर्छ मेरो घरमा आउ हामीसँगै बस्नु पर्छ, म सुनका गहना बनाउने काम गर्छु, तिमीलाई पनि सुनका गहनाहरू बनाई दिन्छु भन्ने गर्दथे, मैंले निजलाई म सानै छु, अहिले मेरो विवाह गर्ने उमेर भएको छैन, भन्दा निजले केही हुँदैन भन्ने गर्दथे। यस्तैमा मिति २०७७/०५/०५ गते घरमा दाजु दिदीसँग सामान्य विवाद भएकोले मामली घर जानु पर्‍यो भनी घरबाट हिंडी निज गोविन्द विश्वकर्मालाई फोन गर्दा ठिकै छ, म तिमीलाई लिन चारबर भन्ने स्थानमा आउँछु भनेकाले हाम्रो त्यहीं भेट भई निजले मामली घर जान पर्दैन, मसंग हिंड भनी ललाई फकाई बिभिन्न प्रलोभन देखाई घरमा लगी श्रीमती बनाई रातको समयमा पटक पटक करणी गर्दै आएका थिए। मादक पदार्थ सेवन गरी मलाई विभिन्न अश्लिल गाली गलौज गरी कुटपिट गर्दथे। मलाई ललाई फकाई बिभिन्न प्रलोभनसमेत देखाई घरमा लगी श्रीमती बनाई राखी मिति २०७७/०५/०५ गते रातिदेखि मिति २०७७/०७/१० गते राती सम्म पटक पटक करणी गर्ने, प्रतिवादीलाई पक्राउ गरी कानूनी कारबाही गरी, उचित क्षतिपूर्ति समेत दिलाई पाउँ भन्ने समेत वेहोरा उल्लेख गरेको देखिन्छ।

२२. प्रतिवादी सागर भन्ने गोविन्द वि.क ले अनुसन्धान अधिकारी समक्ष वयान गर्दा आफ्नो विवाह गर्ने उमेर भएकाले राम्रो घर गरी खाने केटी भेटिए विवाह गर्ने सोच बनाई जाहेरवालाको घर गाउँमा पुग्दा परिवर्तित नाम ०७७\०७८ कोशी "झ"लाई देखी निजको नम्बर पत्ता लगाई फोन गरी तिमी र म विवाह गर्नु पर्छ मलाइ घरमा खाना बनाईदिने घरको रेखदेख गर्ने मान्छेको खाँचो छ भन्दा निजले ठिकै छ पछि बिचार गरौंला भन्दै आएकीमा मिति २०७७/०५/०५ गते निजले मलाई फोन गरी लिन आउनु तपाईसंग जान्छू भनेकाले श्रीमती बनाई घर लगेको हुँ,श्रीमती बनाई करणी गर्दै आएको थिएँ,। दसैको बेला मिति २०७७/०७/१० गते मादक पदार्थ सेवन गरी परिवर्तित नाम ०७७/०७८ कोशी "झ"लाई गाली गरेकोमा सो कुरा निजले आमालाई सुनाईछन्। भोलिपल्ट ०७७/०७८ कोशी "झ" को आमा आई निजलाई साथै लगेको हो भन्ने समेत बेहोरा खुलाएको देखिन्छ।

२३. त्यस्तै प्रतिवादीले सुरू अदालतमा बयान गर्दा परिवर्तित नाम ०७७/०७८ कोशी "झ" ले १७ बर्षकी भएँ, भनेकीले परिवारको सहमतिमा नै भगाएर लगेको हुँ। निजसंग जबरजस्ती गरेको छैन। म कोसेलीपात लिएर ससुराली जाने र ससुरालीबाट पनि कोसेलीपात दिएर पठाउने गरेको थियो। मैले मादक पदार्थ सेवन गरेको बेला के भनें थाहा छैन, कुटपीट गरेको होईन। जाहेरवालाले मैले मादक पदार्थ सेवन गरेर करेण्ट लगाईदिन्छु भनेर जाहेरी दिएकी हुन्। पीडितलाई जाहेरवाली लिन आएको नभई मैले नै लिएर गएको हो। के रिसईवीले जाहेरी दिएको हो, थाहा छैन। अधिकार प्राप्त अधिकारी समक्षको बयान सुनें। उक्त बयानमा जाहेरवाला मेरो घरमा लिन आउनु भनेको

बाहेक अरू ठिकै हो, बयानमा भएको सहीछाप मेरै हो। पीडितले लिन बोलाएकाले नै चारबर भन्ने ठाउँमा गई ल्याएको हो। कुनै किसिमको ललाई फकाई गरेको होइन। जाहेरीमा भने जस्तो गल्ती पनि गरेको छैन। मलाई फसाउने षडयन्त्र मात्र हो। हामीले राजीखुसीमा नै विवाह गरेकाले अभियोग दावी बमोजिम सजाय हुनु पर्ने होईन भन्ने समेत बेहोरा लेखाएको देखिन्छ।

२४. वादीको गबाह\जाहेरवाला परिवर्तित ०७७/०७८ कोशी "झ१" ले छोरीलाई प्रतिबादी सागर भन्ने गोविन्द वि.क.ले प्रलोभनमा पारी कुटपीट तथा जवरजस्ती करणी गरेको हो भनी मोकाको जाहेरी अनुकूल सुरू अदालतमा बकपत्र गरेको देखिन्छ। त्यस्तै वादीको साक्षी\पीडितले सुरू अदालतमा बकपत्र गर्दा मिति २०७७/०५/०५ गते प्रतिवादी गोविन्द वि.क. ले ललाई फकाई निजको घरमा लगी मिति २०७७/०७/१० सम्म पटक पटक करणी गरेको हो। कसैलाई नभन्नु भनिस् भने मार्छु भनी डरत्रास,धम्की दिने गरेको हो भनी मौकाको कागज अनुकूलको बेहोरा लेखाई प्रतिवादी उपर गडाउ गरेको देखिन्छ।

प्रस्तुत मुद्दामा वादीको गबाह\जाहेरवाला  र साक्षीको बकपत्र समेतको आधार लिई प्रतिवादी सागर भन्ने गोविन्द वि.क.ले परिवर्तित ०७७/०७८ कोशी "झ" जवरजस्ती करणी गरेको ठहऱ्याई सजाय गरी *सुरू संखुवासभा जिल्ला अदालतबाट  फैसला भएको देखिन्छ।*

२५. प्रतिवादीले सुरू अदालतमा गरेको बयान र पुनरावेदनमा आफू र पीडितवीच राजीखुसीले बिबाह गरी करणी लिनु दिनु गरेको हुँदा जबरजस्ती करणीको कसूर नगरेकोले सजायको भागी नहुने,जबरजस्ती करणी माने तापनि वैवाहिक जबरजस्ती करणी (marital Rape) सम्म हुन सक्ने वा विवाह गरी पति पत्नी साथै बसेको भए तापनि पीडितको उमेर पुगेको नमान्ने हो भने पनि बाल विवाहको कसूर हुन गई तत्सम्बन्धी कानूनी व्यवस्था आकर्षित हुन सक्नेमा सुरू अदालतले वैवाहिक सम्बन्ध भित्र स्वतः करणी लिनु दिनुको स्वीकृति हुने मान्यता विपरीत जबरजस्ती करणी गरेको कसूर गरेको ठहऱ्याई सजाय गरेको फैसला कानूनी त्रुटिपूर्ण हुँदा बदर भई वादीको अभियोग दावीबाट सफाई पाउनु पर्ने जिकिर लिएको र प्रतिवादी तर्फका कानून व्यवसायीले पेश गरेको लिखित बहस नोटमा समेत मूल रूपमा विवाह गरी पति,पत्नी भई बसेको हुँदा जबरजस्ती करणी मान्न नमिल्ने जिकिर लिएको हुँदा उठाईएका जिकिरहरूको निरूपण हुनु बान्छनीय देखियो।

२६. यस तर्फ विचार गर्दा प्रतिवादी गोविन्द वि.क.ले सुरू अदालतको वयानमा पीडितले १७ बर्ष कि भएँ भनेकाले परिवारको सहमतिमा निजलाई श्रीमती बनाई भगाएर लगेको हो। निजसंग  जबरजस्ती गरेको छैन। म कोसेली पात लिएर ससुराली जाने र ससुरालीबाट पनि कोसेली पात दिएर पठाउने गरेको थियो। जाहेरवालाले मैले मादक पदार्थ सेवन गरेर करेण्ट लगाईदिन्छु भनेर जाहेरी दिएकी हुन्। जाहेरवाली आएर पीडितलाई लगेको होईन,मैले नै पुऱ्याईदिएको हो। मौकाको बयान सुनाउँदा सुनें। उक्त बयानमा जाहेरवाला लिन आएको भन्ने बाहेक अरू ठीकै हो। यो फसाउने षडयन्त्र मात्र हो। राजीखुसीले नै विवाह गरेको हो भन्ने बेहोरा लेखाएको देखिन्छ।

प्रतिवादीको यो बयान बेहोरा बाहेक पीडित लगायत बुझिएका अरू कसैले पारिवारिक सहमतिमा विबाह गरी लगेका हुन् वा विवाह भई गएका हुन् भन्न सकेको देखिदैन। पारिवारिक सहमतिमा भगाएर लगेको भन्ने नै सत्य प्रतीत हुँदैन। पारिवारिक सहमति हुँदा रीति थिति बमोजिम कन्यालाई

जिम्मा लगाउन हैसियत अनुसार सानो तिनो समारोह हुने,गरिनेमा त्यस्तो केही भएको मिसिल प्रमाणबाट देखिन आउदैन। प्रतिवादीले बयानको क्रममा लिएको जिकिर प्रमाणित गर्न साक्षीसम्म गुजार्न सकेको देखिन आएन।

२७. प्रतिवादीको मौकाको बयानमा विवाह गर्ने उमेर भएकाले राम्रो घर गरी खाने केटी भेटिए विवाह गर्ने सोच बनाई जाहेरवालाको घर गाउँमा पुग्दा परिवर्तित नाम ०७७\०७८ कोशी "झ"लाई देखी निजको नम्बर पत्ता लगाई फोन गरी तिमी र म विवाह गर्नु पर्छ घरमा खाना बनाई दिने घरको रेखदेख गर्ने मान्छेको खाँचो छ भन्दा निजले ठिकै छ पछि बिचार गरौंला भन्दै आएकीमा मिति २०७७/०५/०५ गते निजले मलाई फोन गरी लिन आउनु जान्छु भनेकाले श्रीमती बनाई घर लगेको हुँ,श्रीमती बनाई करणी गर्दै आएको थिएँ, भन्ने समेत बेहोरा उल्लेख गरेको देखिन्छ। मौकाको यो बयान बारे प्रतिवादीले सुरू अदालतमा बयान गर्दा मौकाको बयान सुनाउँदा सुनें। उक्त बयानमा जाहेरवाला लिन आएको भन्ने बाहेक अरू ठीकै हो भन्ने व्यहोरा लेखाएको देखिन्छ। प्रतिवादीले मौकाको बयानमा पीडितले १७ बर्ष की भएँ भनेको, पारिवारिक सहमतिमा भगाई लगेको भन्ने, ससुराली कोसेलीपात लिई आउने, जाने गरेको भन्ने उल्लेख गरेको अबस्था छैन, मौकाको बयानमा उल्लेख गरेको जाहेरवाला लिन आएको भन्ने बाहेक अरू ठीकै हो भने पछि सुरू अदालतको बयानमा उल्लेख गरेको उपरोक्त व्यहोरा मौकाको बयानमा उल्लेख भएको नदेखिंदा प्रतिवादीले पीडितले १७ बर्ष भएँ भनेको, पारिवारिक सहमतिमा पीडितलाई विवाह गरी लगेको भनी भ्रमित पार्न नयाँ तथ्य उल्लेख गरेको देखिन आउँछ।

वस्तुत फौज्दारी मुद्धामा अभियुक्तले अदालतमा आफू उपरको अभियोग दावी बारे प्रतिरक्षार्थ जे भन्छ वा जिकिर लिन्छ, त्यो नै सदैव सत्य हुन्छ भन्ने हुँदैन। अदालतमा वयान गरेकै आधारमा मौकाको बयानमा उल्लेखित बेहोरा स्वतः खण्डित हुने पनि होईन। प्रमाणको मूल्यांकनमा अदालतमा भएको अभियुक्तको बयानको साथसाथै मौकामा भएको बयानमा उल्लेखित तथ्य समेतको समग्रतामा मूल्यांकन अपरिहार्य हुन जान्छ। अदालतको बयानमा उल्लेखित बेहोराका मूल्यांकन हुने, मौकाको बयानको कुनै मूल्यांकन नै नगर्ने हो भने सरकारवादी हुने मुद्धामा अनुसन्धान अधिकृतले अभियुक्तको न्यायाधिवक्ता समक्ष बयान लिने र गराउने कानूनी प्रबन्धको प्रयोजन नरहने तर्फ न्याय निरूपणमा मनन गर्नु बान्छनीय देखिन्छ।

२८. पीडितको कथन प्रतिवादीले फोनमा सम्पर्क गरी विवाह गरौं भनी ललाई फकाई गरेको, सुनको गर-गहना बनाईदिन्छु भनेको भन्ने रहेको छ। पीडितको यो कथनबाट निज प्रतिवादीको प्रभाव र प्रलोभनमा परेको देखिन्छ। प्रतिवादीको उमेर २९ बर्ष रहेको छ। पीडितको जन्म मिति हेर्दा निजको उमेर १२ बर्ष देखिन्छ। बालबालिकाहरू उमेरको दौंतेरी हुँदा वा साथी-साथी हुँदा एक अर्का प्रति आकर्षित भई माया-प्रेम हुने वा हुन जाने(Teenage love) प्रकृति सम्बद्ध एबं स्वाभाविक हुन सक्दछ। तर प्रस्तुत मुद्धामा दुवैको उमेर फरक छ, दुबैबीच माया, प्रेमको कुनै सन्दर्भ नै छैन। विवाहका लागि पारिवारिक सहमति, सहमति र संलग्नताको सर्बथा अभाव छ। समाजमा यदा कदा जातीय उच-नीचको कारण एक परिवारले अर्को परिवारलाई स्वीकार नगरी घटनालाई अतिरञ्जित गर्दै फसाउनका लागि झुट्टा कुराको अभियोजन हुने गरेको देखिनेमा प्रस्तुत मुद्धामा

त्यस्तो अबस्था समेत देखिन आउँदैन। प्रतिवादीले पहिलो सम्पर्कमा विवाह गरौं भनेको र पीडितको प्रारम्भिक भनाई नै म सानै छु, अहिले मेरो विवाह गर्ने उमेर भएको छैन भन्ने रहेको छ। यति भन्दा पनि निजले केही हुँदैन भन्ने गरी प्रतिवादीको ऐकोहोरो फकाई, फुस्ल्याई एबं प्रलोभनमा कलिलो उमेरकी बालिका फस्न पुगेको देखिन्छ।

२९. बालबालिकामा जीवन र जगतको बारेमा बुझ्ने परिपक्वता रहँदैन भन्ने विश्वब्यापी मान्यता रहेको छ। त्यसैले राज्यले बालबालिकाको उमेरको आधारमा फौज्दारी कसूर गरे पनि कतिपय पय अवस्थामा सजाय नहुने, सजाय हुने अवस्थामा पनि कम सजाय गर्ने, सजाय भुक्तान गर्दा पनि सुधार गृहमा राख्ने व्यवस्था गरेको देखिन्छ। बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६ मा कुनै पनि बालबालिकालाई निजको इच्छा बिपरित बाबु वा आमाबाट भिन्न वा अलग गर्नु हुँदैन भन्ने व्यवस्था रहेको छ। बालबालिकाको निर्णय क्षमता नहुँदा तिनीहरूको तर्फबाट सम्पति प्राप्ति वा हक छाड्दा गर्नु पर्ने काम बाबु आमा वा अविभावकले गर्ने व्यबस्था रहेको देखिन्छ। यसको पछाडिको उदेश्य बालबालिकाले के ठीक,के बेठीक सही तवरले छुट्याउन सक्दैनन् भन्ने हो। बालबालिकाको उमेरको कारण तिनीहरूले परिपक्व तवरले सोच्न नसक्ने हुनाले तिनीहरू अरूको ललाई फकाई र फुस्ल्याईमा पर्न सक्छन् भन्नेमा अन्यथा सोच्नु पर्ने अवस्था रहँदैन र हुँदैन। जब बालिकाले नै मलाई फकाईयो, फुस्ल्याईयो, सानो उमेर छ, विवाह गर्ने उमेर भएको छैन भनिराखेको छ र प्रतिवादीले प्रलोभनमा पारी पीडितलाई लिएर गई घरमा राखेको देखिन्छ भने कलिलो उमेरकी बालिकाको Vulnerability लाई समेत न्यायको रोहमा विचार गर्नु पर्ने देखियो।

३०. मुलुकी अपराध संहिता, २०७४ मा बालबालिकालाई बाबुआमा वा अविभावकको अनुमति बेगर एक स्थानबाट अर्को स्थानमा लैजाने वा कुनै स्थानमा लगी राख्ने कार्यलाई अपहरण वा शरीर बन्धकको अपराधिक कसूर हुने व्यबस्था गरेको देखिन्छ। प्रतिवादीले सुरू अदालतमा पारिवारिक सहमतिमा लगेको भने तापनि मिसिल प्रमाणबाट त्यस्तो अवस्था पुष्टि भएको अवस्था छैन। बाबुआमाको अनुमती बिना उमेर नपुगेकी १२ वर्ष की बालिकालाई लिई गई कब्जामा राख्ने कार्य नै अपराध संहितामा छुट्टै कसूर हुने गरी परिभाषित देखिन्छ। यसरी बालिकालाई फकाई फुस्ल्याई घरमा लैजाने र राख्ने कृया नै फौजदारी कसूर हुने भए पछि प्रतिवादी र पीडितबीच विवाह भएको वा बाल विवाह भएको रहेछ भन्न मनासिब देखिन आएन।

३१. प्रस्तुत मुद्धामा पीडित, प्रतिवादीको कब्जाबाट मिति ०७७।७।१० गते आमाको साथ लागी आफ्नो घर आएको देखिन्छ। पीडितलाई घर लिई आएपछि प्रतिवादी उपर कारबाहीको लागि आमाले जाहेरी दिएको देखिन्छ। १२ बर्ष की बालिकाले प्रतिवादीको घरबाट उम्की घर आए पछि आफूलाइ फकाई, फुस्ल्याई प्रलोभनमा पारी जबरजस्ती करणी गरेको भनी न्यायको याचना गरेको देखिन्छ। पीडितको यो याचनालाई समेत न्याय निरूपणमा विचार गर्नु उतिकै बान्छनीय देखिन्छ।

३२. बाल्यवस्थामा यौनिक समागम(Sexual Intercourse)गर्दा वा हुँदा बालबालिकाको मानसिक वा शारीरिक स्वास्थ्यमा प्रतिकूल असर गर्दछ भन्ने आम मान्यता रहेको छ। खास गरेर बालिकाको हकमा त प्रजनन स्वास्थ्यको दृष्टिले बाल्यवस्थाको यौनिक समागम(Sexual Intercourse) जोखिमपूर्ण मानिन्छ। यौनिक समागम(Sexual Intercourse) का लागि मानसिक,मनोवैज्ञानिक, संवेगात्मक र

शारीरिक सक्षमता अपरिहार्य मानी आएको छ। बाल्यवस्थाको करणी निषेध गर्ने हेतुले मुलुकी अपराध संहिता २०७४, को दफा २१९ को उपदफा (२) मा कसैले कुनै महिलालाई निजको मञ्जूरी नलिई करणी गरेमा वा मञ्जूरी लिएर भए पनि अठार बर्षभन्दा कम उमेरको कुनै बालिकालाई करणी गरेमा निजले त्यस्तो महिला वा बालिकालाई जबरजस्ती करणी गरेको मानिने छ भन्ने व्यवस्था गरेको देखिन्छ। यस्तो अपराधमा दुईवटा तत्व अपरिहार्य मानिन्छः

(क) करणी भएको हुनु पर्ने।

(ख) पीडित बालिकाको उमेर १८ बर्ष भन्दा कम हुनु पर्ने

प्रस्तुत मुद्धामा प्रतिवादीले पीडितलाई करणी गरेको स्वीकार गरेकै देखिएकाले सो तथ्य निर्विवाद रूपमा पुष्टि भएको र पीडितको उमेर १८ बर्ष नपुगेको १२ बर्ष मात्र देखिंदा १८ बर्ष मुनिको बालिकाको मञ्जूरी लिई करणी गरेको भए पनि कानूनले नै जबरजस्ती करणी हुने (Statutory Rape) हुँदा वादीको अभियोग दावीको कसूर गरेको ठहऱ्याई प्रतिवादीलाई सजाय गर्ने गरेको सुरू फैसला मिलेकै देखियो।

३३. यसरी पुनराबेदन जिकिरमा वैवाहिक बलात्कार र बाल विवाहको जिकिर लिएकोमा नाबालकको विवाह हुन नसक्ने, भए पनि स्वत बदर हुने भएकाले नाबालकसंग वैवाहिक सम्बन्ध रहने अवस्था नै नहुँदा वैवाहिक बलात्कार (Marital Rape) को जिकिर मनासिव नदेखिएको र बालविवाहको जिकिर तर्फ प्रतिवादीले श्रीमती बनाएको भन्ने आधारमा मात्र प्रतिवादी र पीडितबीच बाल विवाह भएको भन्न मिल्ने स्थिति समेत नरहेकाले प्रतिवादीको पुनरावेदन जिकिर मनासिव नदेखिंदा सुरू *फैसला बदर गरी वादीको अभियोग दावीबाट सफाई हुनुपर्ने भन्ने प्रतिवादीको पुनरावेदन जिकिर र त्यस तर्फका विद्वान वरिष्ठ अधिवक्ताको बहस जिकिरसंग सहमत हुन सकिएन।*

३४. अतः शुरू संखुवासभा जिल्ला अदालतबाट प्रतिवादी सागर भन्ने गोविन्द बिश्वकर्मालाई वादीको अभियोग दावी वमोजिम कसूर ठहर गर्ने गरी भएको मिति २०७७।०९।०२ को कसूर ठहर सम्बन्धी फैसला र निज प्रतिवादीलाई कसूरदार ठहऱ्याई मुलुकी अपराध संहिता, २०७४ दफा २१९(३)(ख) बमोजिम कैद वर्ष १९ हुने सोही संहिताको दफा २२८ बमोजिम प्रतिवादीबाट पीडितलाई रू.७५,०००।— (पचहत्तर हजार रूपैयाँ) क्षतिपूर्ति भराई दिने र अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१(ज) बमोजिम रू.२,२००। (दुई हजार दुई सय) प्रतिवादीबाट पीडित राहत कोषमा दाखिला गर्नुपर्ने गरी मिति २०७७।०९।०९ मा गरेको सजाय निर्धारण सम्बन्धी फैसला मिलेकै देखिंदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरूमा तपसिल बमोजिम गर्नू।

<u>तपसिल</u>

- प्रस्तुत मुद्धामा दुबै पक्षका कानून व्यवसायी उपस्थित भई बहस पैरवी गरेकाले देहायका कुराका हकमा देहाय बमोजिम गर्नू.......................................................................................१

(क) पुनराबेदक/प्रतिवादी कारागार कार्यालय, संखुवासभा खाँदवारीमा रहेको देखिएकाले प्रस्तुत फैसला उपर पुनरावेदन गर्ने म्याद सुरू हुने मिति, पुनरावेदन गर्न पाउने समय र पुनरावेदन लाग्ने अदालतको बिबरण समेत खुलाई मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १३२(४) बमोजिम

फैसलाको प्रमाणित प्रतिलिपि सहित कारागार कार्यालय मार्फत प्रतिवादी सागर भन्ने गोविन्द बिश्वकर्मालाई फैसलाको सूचना दिनू.............................................................................१

- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३२(४) बमोजिम प्रस्तुत फैसलाको प्रमाणित प्रतिलिपि सहित उच्च सरकारी वकील कार्यालय, धनकुटालाई फैसलाको जानकारी दिनू ...............................................................................................................२
- सरोकारवालाले फैसलाको नक्कल सारी सराई पाउँ भनी दरखास्त दिन आएमा पीडितको गोपनियता कायम राखी नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनू.......................................................३
- फैसलाको विद्युतीय प्रति अपलोड गरी प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू.............................................................................४

**रमेश कुमार खत्री**
**(न्यायाधीश)**

उक्त रायमा म सहमत छु।

**फुर्पा तमाङ**
**(न्यायाधीश)**

फैसला तयार गर्न सहयोग गर्नेः
इजलास अधिकृतः देवी बहादुर प्रधान
**इति सम्बत २०७९ साल असार १९ गते रोज १ शुभम्...................।**
प्रमाणीकरण मितिः २०७९।०४।१३।०६

न्यायायीधश अदालतको छाप

श्री

उच्च अदालत पोखरा

संयुक्त इजलास

माननीय न्यायाधीश श्री उज्ज्वल शुक्ल

माननीय न्यायाधीश श्री ऋषि राजभण्डारी

फैसला

मुद्दा नं. 078-CS-0630

इजलास नं.- ३

निर्णय नं. १०६

मुद्दाः- जबरजस्ती करणी उद्योग।

परिवर्तित नामथर २०७६/०७७(३८) १२ कुमारीको जाहेरीले नेपाल सरकार.......................................................................१ } पुनरावेदक वादी

विरूद्ध

जिल्ला लमजुङ, राईनास नगरपालिका वडा नं. ८ बस्ने हस्तबहादुर श्रेष्ठको छोरा **टिकाराम श्रेष्ठ**.......................................................................१ } प्रत्यर्थी प्रतिवादी

सुरू फैसला गर्ने अदालतः श्री लमजुङ जिल्ला अदालत

सुरू फैसला गर्ने न्यायाधीशः मा.जि.न्या. श्री पुनाराम खनाल

सुरू फैसला मितिः २०७८।०८।२२

सुरू मुद्दा नं. 076-C1-0037

पुनरावेदन दर्ता मितिः २०७८।११।११

*न्याय प्रशासन ऐन, २०७३ को दफा ८(३) बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र पर्ने भई पुनरावेदन दर्ता हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः*

तथ्य-खण्ड

१. परिवर्तित नामथर २०७६/०७७-(३८) १२ कुमारीको जाहेरी दरखास्तः-

म पीडित परिवर्तित नामथर २०७६/०७७-(३८)१२ कुमारी विगत १/२ महिना अघिदेखि आफ्नो मामाघर राईनाश नगरपालिका वडा नं. ८ स्थित दौलियाडाँडा बस्दै आएकी थिएँ। यस्तैमा २०७६।१०।२२ गते राती म आफू बस्ने घरमा साँझको खाना खाई सो घरको माथि तल्लामा जाने भर्यानङको भाग घर बाहिरबाट भएकोले अन्दाजी २१ः३० बजेको समयमा सुत्न जाने क्रममा प्रतिवादी रातको समयमा कहाँबाट मेरो पछि लागि मेरो सुत्ने कोठामा प्रवेश गरी एक्कासि भित्र सुत्ने स्थानमा पुगी म माथी अश्लिल हर्कत मेरो शरीरको अङ्गहरू समाात्नुका साथै विभिन्न भागमा हातपात गरी म माथी जवरजस्ती करणी गर्ने उद्योग गरेकोले पछि मैले आफू सुरक्षीत हुन हार गुहार गरेकोले तल धन्सारमा सुत्ने मेरो मामा समेत के भयो भनी उठी कराउने क्रममा प्रतिवादी सो ठाउँबाट भागी फरार भए। प्रतिवादीले म उपर जबरजस्ती करणी गर्ने उद्योग गरेका हुँदा स्वास्थ्य

परीक्षण समेत गराई प्रतिवादी उपर कानून बमोजिम हदैसम्मको कार्वाही गरी पाउँ भन्ने समेत व्यहोराको परिवर्तित नामथर २०७६/०७७-(३८) १२ कुमारीको २०७६।१०।२६ को जाहेरी दरखास्त।

२. <u>घटनास्थल मुचुल्काः-</u>

लमजुङ जिल्ला राईनाश नगरपालिका वडा नं. ८ स्थित दौलियाडाँडा पूर्वमा मदन विलास पन्तको धन्सार, पश्चिममा शम्भु कंडेलको घर, उत्तरमा तार्कुघाट देखि सिख जाने कच्चि सडक र दक्षिणमा मदन विलास पन्तको धन्सार यति चार किल्लाभित्र ढुङ्गा माटोको गाह्रो भई टिनको छानो भएको, दक्षिण मोहडा भएको पीडित परिवर्तित नामथर २०७६/०७७-(३८) १२ कुमारीको मामाको घर रहेको, सोही कोठामा २०७६।१०।२२ गते अन्दाजी २१:३० राईनाश नगरपालिका वडा नं. ८ बस्ने टिकाराम श्रेष्ठले पीडित परिवर्तित नामथर २०७६/०७७-(३८) १२ कुमारीलाई जबरजस्ती करणीको उद्योग गरेकी भनी देखाइएको चार किल्ला सहितको घटनास्थल मुचुल्का।

३. <u>प्रतिवादी टीकाराम श्रेष्ठले अनुसन्धान अधिकारी समक्ष गरेको बयानः-</u>

जाहेरवाली र म सधैंजसो गाईवस्तु चराउन घरदेखि तलपट्टि खेतमा जाने आउने गर्दथ्यौं। २०७६।१०।२२ गते दिउँसोको समयमा गाईवस्तु चराउन खेतमा गएको अवस्थामा जाहेरवालीसँग कुराकानी हुँदै जादा जाहेरवालीले करणी गर्ने ईच्छा व्यक्त गरेको जस्तो हाउभाउ देखाएकी हुँदा सहमतिमै खेत छेउको पातिको झाडिमा एक पटक निजलाई मैले करणी गरेको हुँ। पछि घरतिर जानेक्रममा निजले मलाई राति ९ बजेतिर मेरो कोठामा आउनु होला, कोठामा म एक्लै हुन्छु, ढोका खुल्लै राखिदिन्छु भनेकी थिइन्। राति करिव ९ बजेतिर जाहेरवाली सुत्ने कोठामा जाँदा कोठाको ढोका खुल्लै अवस्थामा थियो। कोठाभित्र प्रवेश गरी जाहेरवालीसँग कुराकानी गर्दा निजले त्यहीं कोठामै करणी गर्ने भनेकी थिइन्, मैले यहाँ कोठामा हुँदैन बाहिर जाउ भन्ने विषयमा हामीहरू बीच कुराकानी मिलेको थिएन्। रातिको समय भएको हुँदा मलाई डर लागेको कारण म एक्कासी निजको कोठाबाट बाहिर निस्की तल झर्नेक्रममा जाहेरवालीले आफ्नो मामालाई बोलाएकी थिइन्। निजको मामाले हल्लाखल्ला गर्न थालेपछि म त्यहाँबाट भागी आफ्नो घरमा गई सुतेको हुँ भन्ने समेत व्यहोराको प्रतिवादीले अनुसन्धान अधिकारी समक्ष गरेको बयान।

४. <u>शारीरिक परीक्षण प्रतिवेदनः-</u>

Hymen absent देखिएको भन्ने समेत व्यहोराको जाहेरवालीको शारीरिक परीक्षण प्रतिवेदन।

५. <u>घटना विवरण कागज गर्ने मदन विलाश पन्तले गरेको कागजः-</u>

जाहेरवाली नाताले मेरो भान्जी पर्दछिन् र उनि मेरो घरमा बस्दछिन्। वारदातको समयमा जाहेरवाली आफू सुत्ने कोठबाट हल्ला गरेको सुनी बाहिर निस्कने क्रममा केही टाढा मानिस भागेको जस्तो देखी जाहेरवालीसँग सोधपुछ गर्दा प्रतिवादी टिकाराम श्रेष्ठ आफू सुत्ने कोठामा आई जवरजस्ती करणी गर्न खोजेका थिए भनी बताएकी थिईन् भन्ने समेत व्यहोराको घटना विवरण कागज गर्ने मदन विलाश पन्तले गरेको कागज।

६. <u>पार्वती पाण्डे, जुना नेपाली र कमला पाण्डेले गरेको घटना विवरण कागजः-</u>

२०७६।१०।२२ गते राति प्रतिवादी टिकाराम श्रेष्ठ जाहेरवाली आफू सुत्ने कोठामा गई निज उपर जवरजस्ती करणी गर्न खोजेका थिए भन्ने कुरा जाहेरवालीले भने बताएकी हुँदा थाहा पाएका हौं भन्ने समेत व्यहोराको करिब एकै मिलानको पार्वती पाण्डे, जुना नेपाली र कमला पाण्डेले गरेको घटना विवरण कागज।

७. <u>अभियोग पत्रः-</u>

मिसिल संलग्न आधार प्रमाणहरूबाट प्रतिवादी टिकाराम श्रेष्ठले २०७६।१०।२२ गते राति २१:३० बजेको समयमा पीडित वर्ष ५० कि परिवर्तित नामथर २०७६/०७७-(३८) १२ कुमारी आफ्नो कोठामा सुतेको अवस्थामा प्रवेश गरी पीडितलाई समाई अश्लिल हर्कत गरी करणी गर्न खोज्दा पीडित कराई हार गुहार गर्दा करणी गर्न नपाई भागी गएको देखिदा प्रतिवादी टिकाराम श्रेष्ठको उक्त कार्य मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (१) ले निषेधित दफा २१९ को उपदफा (२) ले परिभाषित जबरजस्ती करणी गर्न नपाई ऐ. को दफा ३४ को उपदफा (१) र (२) बमोजिम कसूर अपराध गरेको देखिदा सोही कसूर अपराधमा प्रतिवादीलाई सोही ऐनको दफा २१९ को उपदफा (३) को देहाय खण्ड (ङ) बमोजिम हुने सजायमा सोही संहिताको दफा ३४ को उपदफा (३) बमोजिम हदैसम्मको सजाय होस् भन्ने समेत व्यहोराको अभियोग पत्र।

८. <u>प्रतिवादीले अदालत समक्ष गरेको बयानः-</u>

म सधैं जसो गाईवस्तु चराउन जानेक्रममा जाहेरवाला पनि गाईवस्तु चराउन आउने हुँदा निजसँग उक्त घटना भएको ४/५ दिन अघिदेखि चिनजान भई एक आपसमा जिस्कने बोल्ने गरेका थियौं। मैले सात्तो गएको अवस्थामा सामान्य झारफुक गर्ने हुँदा जाहेरवालीले २०७६।१०।२२ गते निज सुत्ने कोठामा आउनु झारफुक समेत गर्नु छ भनेकीले म उक्त दिनको राति ९:३० बजेतिर जाहेरवाला सुत्ने कोठामा गई झारफुक गर्नेक्रममा हल्लाखल्ला भएकोले म आफ्नो घरतिर हिडेको हुँ। मैले जाहेरवालाले भनेजस्तो जवरजस्ती करणी उद्योगको कसूर गरेको होइन, जाहेरी झुट्टा हो भन्ने समेत व्यहोराको प्रतिवादी टिकाराम श्रेष्ठले अदालत समक्ष गरेको बयान।

९. <u>सुरू अदालतको आदेशः-</u>

जाहेरी दरखास्तमा प्रतिवादीले आफूलाई अश्लिल हर्कत र हातपात समेत गरी जबरजस्ती करणीको उद्योग गरेको भनी लेखाएकोमा पीडितको शारीरिक परीक्षण रिपोर्ट हेर्दा निजको शरीरमा कुनै घाउचोट वा जबरजस्ती करणीको उद्योगका संकेतहरू भएको नदेखिए तापनि प्रतिवादीले वारदात समयमा घटनास्थलमा आफ्नो उपस्थितिलाई स्वीकार गरेको हुँदा निज प्रतिवादी उपरको फौजदारी दायित्वलाई निरपेक्ष ढंगबाट हेर्न मिलेन। प्रस्तुत अभियोग दावीको गम्भीरता समेतलाई दृष्टिगत गरी थुनछेक आदेश गर्न उपयुक्त देखिएकोले पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाललाई प्रतिवादी टिकाराम श्रेष्ठबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ को उपदफा (१) बमोजिम सोही दफा ७२ समेतलाई विचार गरी रू.५०,०००।– धरौटी माग गरी निजले उक्त धरौटी दिए तारेखमा राखी र दिन नसके थुनामा राखी मुद्दाको पूर्पक्ष गर्नू भन्ने समेत व्यहोराको २०७६।११।२० को शुरू अदालतको आदेश।

१०. <u>बकपत्र व्यहोराः-</u>

- प्रतिवादी राम्रो चालचलन भएका र असल व्यक्ति हुन्। पीडित भनिएकी परिवर्तित नामथर २०७६/०७७-(३८) १२ कुमारी लठेब्री हुन्। प्रतिवादी समाजमा झारफुक गर्ने समाजसेवी व्यक्ति हुन्, यस्ता व्यक्तिले करणी गर्नेसम्मको हर्कत गर्ने कुरा हुँदैन। प्रतिवादी साँझमा फुकफाक गरी घर आउनेक्रममा पीडितको घरकै बाटो आउँदा अरूकै उक्साहटमा प्रतिवादीलाई फसाउनको लागि उजुरी दिएकी हुन सक्छिन्। प्रतिवादीले अभियोग दावी बमोजिमको कुनै कसूर नगरेको हुँदा सजाय हुनुपर्ने होईन् भन्ने समेत व्यहोराको प्रतिवादीका साक्षी रेशम खनालले अदालत समक्ष गरेको बकपत्र।
- २०७६।१०।२२ गते म खाना खाई सुत्नको लागि घरको माथिल्लो तलामा जाँदा यि प्रतिवादी मेरो पछि आई मेरो शरीरको संवेदनशिल अङ्ग समाति म माथि करणी गर्न खोज्दा मैले मामा भनी बोलाएपछि धन्सारमा सुतेका मेरा मामा कराउँदा निज प्रतिवादीले मलाई छाडी भागेका हुन्। मलाई जबरजस्ती करणी गर्न खोज्ने प्रतिवादीलाई कानून बमोजिम होस् भन्ने समेत व्यहोराको परिवर्तित नामथर २०७६/०७७-(३८) १२ कुमारीले अदालत समक्ष गरेको बकपत्र।
- प्रतिवादी टिकाराम श्रेष्ठले जाहेरवाली १२ कुमारीलाई २०७६।१०।२२ गते राति घरमा गई निजमाथी हातपात गर्न खोजेको कुरा मैले २/३ दिनपछि गाउँलेबाट सुनी थाहा पाएकी हुँ, भनी घटना विवरण कागजकी जुना नेपालीले र हातपात गर्न खोजेको मैले पीडितबाट सुनेको हुँ अरू व्यहोरा मलाई थाहा भएन भन्ने पार्वती पाण्डे र कमला पाण्डे समेतले गरेको बकपत्र।
- जाहेरवाली नाताले मेरी भान्जी पर्छिन् र मेरै घरमा बस्छिन्। २०७६।१०।२२ गते रातको करिब ९ बजेको समयमा जाहेरवालीले आफू सुत्ने कोठाबाट होहल्ला गरेकीमा म बाहिर निस्कने क्रममा मानिस भागेको देखेको हुँ। पछि भान्जीसँग सोध्दा प्रतिवादी टिकाराम श्रेष्ठ कोठामा प्रवेश गरी मलाई छातीमा समाती जबरजस्ती करणी गर्न खोजेको हो भनी मलाई भनेकी हुँदा मैले थाहा पाएको हुँ, प्रतिवादीलाई कानून बमोजिम होस् भन्ने समेत व्यहोराको घटना विवरण कागज गर्ने मदन विलास पन्तले अदालत समक्ष गरेको बकपत्र।

११. <u>सुरू अदालतको फैसलाः-</u>

आफ्नो घर कोठामा आएका प्रतिवादीले आफूलाई यौनका आशयले हातपात गरेको भनी जाहेरवालीले बकपत्र गरे तापनि सो बकपत्र व्यहोरा निजको शारीरिक परीक्षण प्रतिवेदन एवं बुझिएका व्यक्तिले गरेको बकपत्र समेतबाट पुष्टि भएको देखिएन। आरोपित कसूरमा प्रतिवादीले मौकामा बयान गर्दा समेत इन्कार रहेको र अन्य तथ्यगत प्रमाणबाट अभियोजित कसूर पुष्टि नभएको अवस्थामा जाहेरवालीको बकपत्रसम्मको आधारमा जबरजस्ती करणीको कसूरको वारदात पुष्टि हुने विश्वसनिय आधार नदेखिएकोले प्रतिवादी टिकाराम श्रेष्ठले आरोपित कसूरबाट सफाई पाउने ठहर्छ। निज प्रतिवादीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २१९(१)(२) विपरित दफा ३४(१) र (२) ऐ. को कसूरमा ऐ. (३) (ङ) बमोजिम हुने सजायको आधारमा ऐ. को दफा ३४(३) बमोजिम सजाय गरी पाउँ भन्ने वादी नेपाल सरकारको अभियोग दावी पुग्न सक्दैन भन्ने समेत बेहोराको सुरू लमजुङ जिल्ला अदालतको मिति २०७८।०८।२२ को फैसला।

१२. <u>पुनरावेदन पत्रः-</u>

यी प्रतिवादीले आफु वारदातको समयमा पीडितको घर गएको र करणी लिनुदिनु सम्बन्धमा विवाद भएको तथ्य स्वीकार गरेका छन् भने अदालतमा बयान गर्दा समेत म निजको कोठामा रातको समयमा गएको र झारफुक गर्ने क्रममा हल्ला भएकाले म आफ्नो घरमा हिँडेको हुँ भनि रातको समयमा वारदात स्थलमा भएको तथ्य स्वीकार गरेको अवस्था छ। प्रतिवादी रातको समयमा महिला बस्ने कोठामा के उद्देश्यले गए, किन करणी गर्न खोजेको आरोप लाग्यो र मौकामा वारदात स्थलमा मौजुदा प्रतिवादी उपर जबरजस्ती करणी गर्न खोजेको आरोप लगाई पीडित आफै समाजमा सामाजिक लज्जित हुनपर्ने गरी उजुरी किन गरिनु पर्‍यो युक्तियुक्त जवाफ दिन नसकेका यी प्रतिवादीले कसूर नै गरेको होइनन् भनि केवल इन्कारी बयान अंशलाई मात्र आधार मानी सफाई दिनु त्रुटीपूर्ण भएकाले अभियोग दावी बमोजिम सजायँ गरी पाउँ भन्ने समेत व्यहोराको वादी नेपाल सरकारको पुनरावेदन पत्र।

१३. <u>यस अदालतको आदेशः-</u>

यसमा, प्रतिवादीले पीडितको संवेदनशील अंग समाती करणी गर्न खोजेको अवस्थामा पीडितले आफ्नो मामा बोलाएपछि प्रतिवादी भागेको भन्ने पीडित एवं पीडितको मामा मदन विलास पन्त समेतका साक्षीहरूको बकपत्रको मुल्यांकनको रोहबाट सुरू लमजुङ जिल्ला अदालतको फैसला फरक पर्न सक्ने देखिँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) को प्रयोजनार्थ प्रत्यर्थी प्रतिवादीलाई म्याद (सूचना) जारी गरी झिकाई आएपछि वा अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नुहोला भन्ने यस अदालतको मिति २०७९।०१।२७ को आदेश।

<u>ठहर-खण्ड</u>

१४. नियमबमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न कागजातको अध्ययन गरी पुनरावेदक, वादी नेपाल सरकारको तर्फबाट उपस्थित उच्च सरकारी वकिल कार्यालय पोखराका विद्वान उपन्यायाधिवक्ता श्री खेमराज पाठकले, प्रतिवादी टिकाराम श्रेष्ठले पीडित सुत्ने कोठामा राति नौं बजेतिरको समयमा गएको र निज पीडित जाहेरवाली चिच्चाएर आफ्नो मामालाई बोलाएपछि प्रतिवादी भागेको कुरा स्वयं प्रतिवादीले मौकामा स्वीकार गरेका छन्। प्रतिवादीले अदालतसमक्षको वयानमा समेत रातको समयमा झारफुक गर्न भनी पीडित जाहेरवाला सुत्ने कोठामा गएको तथ्य स्वीकार गरेको अवस्था छ। रातको समयमा महिला सुत्ने कोठामा के कारणले गए, किन करणी गर्न खोजेको आरोप लाग्यो जस्ता प्रश्नको स्पष्ट जवाफ प्रतिवादीले दिन नसकेको अवस्थामा केबल इन्कारी बयानलाई आधार मानी प्रतिवादीलाई अभियोग दावीबाट सफाई दिने गरी भएको शुरू फैसला त्रुटीपुर्ण हुँदा बदर गरी निज प्रतिवादीलाई अभियोग दावी बमोजिम सजायँ होस् भनी गर्नु भएको बहस जिकर समेत सुनियो।

१५. मिसिल अध्ययन गरी हेर्दा, प्रतिवादी टिकाराम श्रेष्ठले पीडित वर्ष ५० कि परिवर्तित नामथर २०७६/०७७-(३८) १२ कुमारी सुतिरहेको कोठामा प्रवेश गरी पीडितलाई समाई अश्लिल हर्कत गरी करणी गर्न खोज्दा पीडित कराई हार गुहार गर्दा करणी गर्न नपाई भागी गएको देखिदा प्रतिवादीको उक्त कार्य मुलुकी अपराध संहिता, २०७४ को दफा २१९(१) ले निषेधित दफा

२१९(२) ले परिभाषित जबरजस्ती करणी नभई ऐ. को दफा ३४(१) र (२) बमोजिम कसूर अपराध गरेको देखिदा सोही कसूर अपराधमा प्रतिवादीलाई सोही ऐनको दफा २१९(३)(ङ) बमोजिम हुने सजायमा सोही संहिताको दफा ३४(३) बमोजिम सजाय मागदावी पाइयो। शुरू जिल्ला अदालतबाट आरोपित कसूरमा प्रतिवादी टिकाराम श्रेष्ठले मौकामा बयान गर्दा समेत इन्कार रहेका र अन्य तथ्यगत प्रमाणबाट अभियोजित कसूर पुष्टि नभएको अवस्थामा जाहेरवालीको बकपत्रसम्मको आधारमा मात्र जबरजस्ती करणीको कसूरको वारदात स्थापित नभई घटना वारदात पुष्टि हुने विश्वसनिय आधार नदेखिएबाट प्रतिवादी टिकाराम श्रेष्ठले आरोपित कसूरबाट सफाई पाउने ठहरी भएको फैसलामा वादी नेपाल सरकारले चित्त नबुझाई उक्त फैसला बदर गरी प्रतिवादीलाई शुरू अभियोग दावी बमोजिम सजाय गरी पाउँ भनी पुनरावेदन गरेको देखियो।

१६. उपरोक्तानुसारको विद्वान उपन्यायाधिवक्ताको बहस जिकिर एवं पुनरावेदनपत्र समेत अध्ययन गरी प्रस्तुत मुद्दामा **शुरू जिल्ला अदालतको फैसला मिलेको छ, छैन? वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन?** भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१७. निर्णयतर्फ विचार गर्दा, मिति २०७६/१०/१२ गते अं. २१:३० बजेको समयमा म जाहेरवाली बर्ष ५० की परिवर्तित नामथर २०७६।०७७(३८)१२ कुमारी सुत्ने कोठामा प्रतिवादी टिकाराम श्रेष्ठ एक्कासी प्रवेश गरी मेरो शरीरको संवेदनशिल अंगहरूमा समाती जवरजस्ती करणी गर्न खोजेको हुँदा प्रतिवादीलाई कानून बमोजिम कारवाही गरीपाउँ भन्ने पीडितको जाहेरी परी मुद्दाको उठान भएको देखिन्छ। पीडित जाहेरवालाले अदालतसमक्ष समेत मौकाको जाहेरी समर्थन हुने प्रतिवादीले मेरो शरीरको संवेदनशिल अंग समाती करणी गर्न खोजेकोमा मैले मामा भनी बोलाएकोमा मामा कराएपछि प्रतिवादी मलाई छाडी भागेका हुन् भनी वयान गरेको पाइन्छ। प्रतिवादी टिकाराम श्रेष्ठले समेत मौकामा अनुसन्धान अधिकारीसमक्ष र अदालतसमक्षको वयानमा समेत रातको समयमा पीडित जाहेरवाला सुत्ने कोठामा गएको तथ्यमा स्वीकार गरेबाट प्रतिवादी वारदातको मिति र समयमा पीडितको घरमा गएको तथ्य सम्म पुष्टी भइरहेको देखिन्छ।

१८. प्रतिवादी टिकाराम श्रेष्ठले मौकामा अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा, जाहेरवालीको घरमा राति करिब ९ बजे तिर जाहेरवाली सुत्ने कोठाको ढोका खुल्ला अवस्थामा भएकोले निजको कोठा भित्र प्रवेश गरी जाहेरवालासँग कुराकानी गर्दा जाहेरवालीले आफ्नो मामालाई बोलाएको र निजको मामाले हल्लाखल्ला गर्न थालेपछि त्यहाँबाट भागी आफ्नो घरमा गई सुतेको हुँ भन्ने व्यहोरा उल्लेख गरेको पाईन्छ। निजले अदालतसमक्ष बयान गर्दा निज जाहेरवालाले आफु सुत्ने कोठामा आउनु झारफुक समेत गर्नु छ भनेकोले म उक्त दिनको राति ९:३० बजेतिर जाहेरवाला सुत्ने कोठामा गई झारफुक गर्ने क्रममा हल्लाखल्ला भएकोले म आफ्नो घरतिर हिडेको हुँ। मैले जाहेरवालाले भनेजस्तो जवरजस्ती करणीको उद्योग गरेको होइन भनी आरोपित कसूरमा इन्कारी बयान गरेको देखिन्छ। घटना विवरण कागज गर्ने मदन विलाश पन्तले वारदातको समयमा जाहेरवाली सुत्ने कोठाबाट हल्ला गरेको सुनी बाहिर निस्किदा एउटा मानिस भाग्दै गरेको देखिएकोले जाहेरवालासँग सोधपुछ गर्दा प्रतिवादी टिकाराम श्रेष्ठ जाहेरवालीको कोठामा प्रवेश गरी निजलाई

जबरजस्ती करणी गर्न खोजेको थिए भनि घटना विवरण कागज गरि दिएको देखिन्छ। उल्लेखित व्यहोराको जाहेरवाला
एवं घटना विवरण कागज गर्ने व्यक्तिहरूले बकपत्र गरेतापनि पीडित जाहेरवालाको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट निजको शरीरमा कुनै घाँउचोट वा जबरजस्ती करणीको उद्योगको कसूर स्थापित हुने प्रकृतिको संकेत चिन्हहरू देखिदैन।

१९. वारदातको समयमा जाहेरवालीले आफु सुत्ने कोठाबाट होहल्ला गरेकीमा म बाहिर निस्कने क्रममा मानिस भागेको देखेको र पीडितलाई सोध्दा प्रतिवादी टीकाराम श्रेष्ठ म सुत्ने कोठामा प्रवेश गरी मेरो छातीमा समाती जबरजस्ती करणी गर्न खोजेको भनेकी थिइन् भनी घटनाका प्रत्यक्षदर्शी घटना विवरण कागजका मानिस मदन विलास पन्तले अदालतसमक्ष गरेको बकपत्र व्यहोराबाट समेत वारदातको समयमा प्रतिवादी पीडितको घरकोठामा प्रवेश गरेको तथ्य समर्थित भइरहेको पाइन्छ।

२०. जाहरवाली परिवर्तित नाम २०७६/०७७-(३८)१२ कुमारीले अदालत समक्ष बकपत्र गर्दा मिति २०७६/१०/१२ गते खाना खाई आफ्नो कोठामा सुत्न जाँदा प्रतिवादी निजको पछि आई जाहेरवालीको संवेदनशिल अंग समाती जबरजस्ती करणी गर्न खोजेकोले जाहेरवाली कराएको कारणले निजको मामालाई बोलाएपछि प्रतिवादी भागेका हुन भन्ने व्यहोरा उल्लेख गरेको देखिंदा जाहेरवालीको बकपत्रको व्यहोरा एवं घटना विवरणका मानिसहरूले व्यक्त गरेको बकपत्र व्यहोरा समेतबाट जाहेरवालालाई प्रतिवादीले करणीका आसयले समाती निजको संवेदनशील अंगहरू चलाएको सम्मको तथ्य पुष्टि हुन आएको देखिन्छ।

२१. प्रतिवादीले जाहेरवालीलाई जबरजस्ती करणी गर्न लागेको भन्ने जाहेरवालीको जाहेरी दरखास्त एवं निजको बकपत्रमा उल्लेख भएको भएतापनि वारदातको प्रकृति र प्रतिवादीको कार्य व्यवहार हेर्दा, जबरजस्ती करणी गर्न आवश्यक बल प्रयोग भएको भन्ने प्रमाणित गर्ने कुनै प्रमाण मिसिल संलग्न देखिदैन। मुलुकी अपराध संहिता, २०७४ को दफा २२४ मा ***"यौन दुर्व्यवहार गर्न नहुने: (१) कसैले कसैलाई यौन दुर्व्यवहार गर्न वा गराउनु हुदैन। (२) कसैले आफ्नो पति वा पत्नी बाहेक अन्य व्यक्तिलाई निजको मञ्जुरी बिना करणीका आशयले समातेमा वा निजको संवेदनशील अंग छोएमा वा छुन प्रयास गरेमा, निजको भित्री पोशाक खोलेमा वा खोल्ने प्रयास गरेमा, निजले लगाउने भित्री पोशाक लगाउन वा फुकाल्न कुनै किसिमले बाधा अवरोध गरेमा वा निजलाई अस्वाभाविक रूपमा कुनै एकान्त ठाउँमा लगेमा, यौन सम्बन्धी आफ्नो अंग निजलाई छुन, समाउन लगाएमा, निजसँग अश्लिल वा अन्य त्यस्तै प्रकारको शब्द मौखिक, लिखित वा साङ्केतिक रूपमा वा विद्युतीय माध्यमबाट प्रयोग गरेमा, अश्लिल चित्र वा तस्वीर देखाएमा, यौनका आशयले जिस्क्याएमा वा हैरानी दिएमा वा निजसँग अस्वाभाविक, अवाञ्छित वा अमर्यादित व्यवहार गरेमा निजले यौन दुर्व्यवहार गरेको मानिनेछ। (३) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई तीन बर्षसम्म कैद र तीस हजार रूपैयाँसम्म जररबाना हुनेछ।"*** भन्ने कानुनी व्यवस्था रहेको देखिन्छ। उल्लेखित कानूनी व्यवस्थाका आधारमा प्रस्तुत मुद्दाको वारदात हुँदाको पीडित उपर प्रतिवादीको कार्य व्यवहार हेर्दा यौन दुर्व्यवहारको कसूर सम्म गरेको अवस्था देखिन्छ। प्रतिवादीको कार्य व्यवहार एवं वारदात

हुँदाको परिस्थिति र अवस्था समेत पीडित उपर प्रतिवादीले जवरजस्ती करणी गर्ने सम्मको सम्पुर्ण प्रयास गरीसकेको भन्ने पुष्टि हुने ठोस अवस्था देखिदैन। वादी नेपाल सरकारले
प्रतिवादी उपर लिएको जवरजस्ती करणीको उद्योगको अभियोग दावी पुष्टि हुन सक्ने यथोचित प्रमाण पेश गर्न सकेको पाइदैन। तर वारदातको मितिमा बेलुका ९:०० बजे यी प्रतिवादी पीडित जाहेरवाली सुत्ने कोठामा प्रवेश गरेको तथ्य प्रतिवादी समेतले स्वीकार गरेको देखिन्छ। रातको समयमा कुनै बयस्क पुरूष एकजना महिलाको घर कोठामा प्रवेश गरेको अर्थले प्रतिवादीको पीडित उपर दुषित मनसाय रहेछ भन्ने कुरा पुष्टि हुन आउछ।

२२. जाहेरवालीलाई प्रतिवादीले करणी गर्न नपाउने स्थिति भएकोले वारदात स्थलबाट भागेर आफ्नो घरतिर गएको भन्ने प्रतिवादी स्वयंको बयान एवं जाहेरवालीलाई करणी गर्न भनि निजको संवेदनशिल अंग मुसार्ने, समाउने गरेको भन्ने जाहेरवालीले अदालतसमक्ष गरेको बकपत्रमा उल्लेख गरेको समेतका मिसिल संलग्न सबुद प्रमाण एवं वारदात हुँदाको परिस्थिति समेतबाट प्रतिवादीले पीडित उपर गरेको कार्य समेतबाट प्रतिवादीले जाहेरवाली उपर यौन दुर्व्यवहारको कसुर गरेको भन्ने कुरा स्थापित हुन आएको देखिन्छ। यस अवस्थामा प्रतिवादीको कार्य र वारदातको स्थलबाट जबरजस्ती करणीको उद्योगको कसुर प्रमाणित हुने अवस्था नदेखिई शुरू जिल्ला अदालतबाट अभियोग दावी बमोजिमको कसूरबाट प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला सो हदसम्म मिलेतापनि मुलुकी अपराध संहिता, २०७४ को दफा २२४ मा परिभाषित गरिएको करणीका आशयले जाहेरवालाको संवेदनशील अंग समाति जाहेरवाली उपर प्रतिवादीले यौन दुरूपयोगको कसुर गरेको स्थिति देखिन आयो।

२३. तसर्थः उपरोक्त आधार र कारण समेतबाट प्रतिवादीले आरोपित कसूरबाट सफाई पाउने ठहऱ्याई सुरू लमजुङ जिल्ला अदालतबाट मिति २०७८।०८।२२ मा भएको फैसला सो हदसम्म मिलेकै देखिंदा सदर हुने ठहर्छ। परन्तु, वारदातको प्रकृति र परिस्थिति हेर्दा निज पीडित परिवर्तित नामथर २०७६/०७७(३८)१२ कुमारीलाई प्रतिवादी टिकाराम श्रेष्ठले मुलुकी अपराध संहिता, २०७४ को दफा २२४ बमोजिमको कसुर गरेको देखिंदा जाहेरवाला पीडितलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४२(१) बमोजिम सूचना दिई पीडितले सोही संहिताको दफा ४२(२) बमोजिमको म्यादभित्र मुद्दा सकार गरेमा निज पीडितलाई वादी कायम गरी शुरू मिसिलबाट कानून बमोजिम कारवाही र किनार गर्नु भनि लमजुङ जिल्ला अदालतमा लेखि पठाईदिने ठहर्छ। अरूमा तपसिल बमोजिम गर्नूहोला।

<u>तपसिल-खण्ड</u>

- माथी ठहर खण्डमा लेखिए बमोजिम *पीडित परिवर्तित नामथर २०७६/०७७(३८)१२ कुमारीलाई प्रतिवादी टिकाराम श्रेष्ठले मुलुकी अपराध संहिता, २०७४ को दफा २२४ बमोजिमको कसुर गरेको देखिंदा जाहेरवाला पीडितलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४२(१) बमोजिम सूचना दिई पीडितले सोही संहिताको दफा ४२(२) बमोजिमको म्यादभित्र मुद्दा सकार*

*गरेमा निज पीडितलाई वादी कायम गरी शुरू मिसिलबाट कानून बमोजिम कारवाही र किनार गर्नू* भनि सुरू लमजुङ जिल्ला अदालतमा लेखि पठाईदिनूहोला..............................................१

- प्रस्तुत फैसलाको प्रतिलिपि साथै राखी फैसलाको जानकारी उच्च सरकारी वकील कार्यालय, पोखरालाई पठाइदिनुहोला..........................................................................२
- नक्कल मागने सरोकारवालालाई नियमानुसार गरी नक्कल दिनुहोला..................................................................................................३
- प्रस्तुत फैसलाको विद्युतीय प्रति विद्युतीय प्रणालीमा अपलोड गर्नुहोला..................................................................................................४
- प्रस्तुत फैसला प्रमाणिकरण भएको विवरण सूचना पाटीमा र यस अदालतको वेबसाइटमा प्रकाशन गर्नुहोला..................................................................................................५
- प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी सुरू मिसिल सुरू अदालतमा पठाई रेकर्ड मिसिल अभिलेख शाखामा बुझाइदिनुहोला..........................................................................६

**(ऋषि राजभण्डारी)**
**न्यायाधीश**

उक्त रायमा म सहमत छु।

**(उज्ज्वल शुक्ल)**
**न्यायाधीश**

इजलास अधिकृत लेखनाथ पौडेल
कम्प्यूटर अपरेटर प्रेम बहादुर खत्री
**इति सम्वत २०७९ साल पौष महिना १८ गते रोज २ शुभम्.....................................।**
**प्रमाणिकरण मिति २०७९।१०।१०**
**अदालतको छापः-**

श्री

उच्च अदालत विराटनगर

धनकुटा इजलास

संयुक्त इजलास

माननीय न्यायाधीश श्री रमेश कुमार खत्री

माननीय न्यायाधीश श्री फूर्पा तमाङ

फैसला

मुद्दा नं.:-०७८-CS-०१६६

कोड नं. :-२२-०७८-००१४७

इजलास नं.१/निर्णय नं.:-७४

०६-०६६-०४ परिवर्तित नाम ०६ जि. प्र. का. ATRF को जाहेरीले नेपाल सरकार..........................................................................१ — पुनरावेदक वादी

बिरूद्ध

जिल्ला पाँचथर साविक अमरपुर गा. वि. स. वडा नं.९ हाल ऐ.जिल्ला हिलिहाङ गाउँपालिका वडा नं.२ बस्ने चन्द्रप्रसाद थापाको छोरा वर्ष २५ को विनोद थापा..........................................................................................१ — प्रत्यर्थी प्रतिवादी

सुरू फैसला गर्ने अदालतः-श्री तेह्रथुम जिल्ला अदालत।

सुरू फैसला गर्नेः-मा. जि. न्यायाधीश श्री महेन्द्रप्रसाद पोखरेल।

सुरू फैसला मिति :- २०७८/१२/०१

पुनरावेदन दर्ता मिति :- २०७९/०१/०९

मुद्दा :- जवरजस्ती करणी उद्योग।

न्याय प्रशासन ऐन, २०७३ को दफा ८(३) अनुसार यसै अदालतको अधिकार क्षेत्र अन्तर्गतको भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र यस अदालतको निर्णय यस प्रकार छः-

तथ्य खण्ड

१. **जाहेरी दरखास्तः-** वारदात मिति २०७४/०८/२१ गते म जाहेरवाला समेतका घर परिवार घरमा पिडित मेरी नाबालिका छोरी ०६ जि.प्र.का. ATRV1 र नाबालक छोरा ०६ जि.प्र.का.ATRB लाई घरमा छाडी निर्वाचनमा भोट हाल्न भनी गई वारदात समय (अं.२१:१५ वजेको समय) मा हामी घर परीवार घटना स्थल घरमा आई पुग्दा नाबालिका छोरी रोई कराई रहेकी के भयो भनी छोरी ०६ जि.प्र.का.ATRV1 लाई सोधी खोजी गर्दा बिनोद अंकल भाइ र म खाना खाई रहेको अवस्थामा आई एक गिलास रक्सी मागी खाई रहेको अवस्थामा भाइले खाना खाइ सकी सुत्ने कोठामा गयो र भाई जान साथ बिनोद अंकल मेरो छेउमा आई मैले खाई रहेको खानाको थाल सारी दिई मलाई एक्कासी समाई मेरो संवेदनशील अंगहरूमा समाउन थाले पश्चात म प्रतिकार गरी बाहिर भाग्न खोज्दा मलाई बाहिर जाना नदिई जवरजस्ती तानी बोकी कोठा भित्र रहेको टेबलमा उत्तानो पारी लडाई मैले लगाएको सुरूवाल निजले फुकाल्न प्रयास गर्न थाले पश्चात मैले हार गुहार गर्दा कोठामा रहेको

भाई तत्काल आई भाई समेतले हार गुहार गरे पश्चात निज भागी गएको भनी नावालिका छोरीले भने पश्चात वारदात सम्बन्धमा प्रष्ट भई नावालिका छोरीलाई लिई यो जाहेरी दरखास्त दिन आएको छु त्यसरी नावालक छोरा, छोरी मात्र घरमा भएको मौका पारी नावालिका छोरी माथि जवरजस्ती करणी गर्न खोज्ने बिरूद्ध खण्डमा उल्लेखित मानिसलाई खोज तलास पक्राउ गरी मुलुकी ऐन जवरजस्ती करणी उद्योग अन्तर्गत हदैसम्म कानून बमोजिम कार्वाही गरी पाउँ भन्ने व्यहोराको जाहेरी दर्खास्त।

२. **चार किल्ला सहितको घट्नास्थल मुचुल्का:-** परिवर्तीत ठेगाना ०६-०६६-४ स्थितमा वारदात मिति समयमा जाहेरवाला परिवर्तित नाम ०६-जि.प्र.का ATRF को नावालिका छोरीलाई प्रतिवादी विनोद थापाले जवरजस्ती करणी गर्न खोजेको भनी देखाए बमोजिमको चार किल्ला सहितको घट्नास्थल मुचुल्का।

३. **परिवर्तित नाम ०६ जि.प्र.का. ATRV1 को घटना विवरण कागज:-** यसमा मेरो भएको व्यहोरा यो छ की वारदात दिन आमा बुवा निर्वाचनमा भोट लगाउन भनी गएको र घरमा भाई र म मात्र साझ खाना पकाई खाई रहेको अवस्थामा प्रतिवादी बिनोद थापा हामी खाना खाई रहेको कोठामा आई मलाई खाजा नास्ताको रूपमा एक गिलास रक्सी मागी सोही कोठामा बसी खाएर सोही समयमा मेरो भाई खाना खाई सकी सुत्ने कोठामा गए पश्चात निज प्रतिवादी मेरो सामुन्नेमा आई मैले खाना खाई रहेको थाल सारी दिए र मेरो शरिरको संम्वेदनशील अंगहरूमा समाउन थाले पश्चात मैले प्रतिकार गरी बाहिर भाग्न खोज्दा मलाई बाहिर जान नदिई जवरजस्ति समाई तानि उक्त कोठाको टेबुलमा लडाई निजले मैले लगाएको सुरूवाल खोल्न प्रयास गर्न थाले पश्चात म आतिएर हारगुहार गरे पश्चात कोठामा रहेको मेरो भाई तत्काल आई भाई समेतले हार गुहार गर्दा निजले मलाई समाउन छाडी गएका हुन्। आमा बुबा आए पश्चात सम्पुर्ण कुरा जानकारी गराएको हुँ, त्यसरी घरमा म जस्तो नाबालिका मात्र घरमा भएको मौका पारी आई जवरजस्ती गर्न खोज्ने प्रतिवादीलाई कानून बमोजिम कारवाही होस भनी पीडित परिवर्तित नाम ०६ जि.प्र.का. ATRV1 ले अनुसन्धान अधिकारी समक्ष गरीदिएको घटना विवरण कागज।

४. **पीडितको स्वास्थ्य परीक्षण रिपोट:-** Impression:- From the examination of ०६ जि.प्र.का. ATRV1, she is physically and mentally stable at the time of examination. There are no injuries noted in the body. However, the possibility of attempt for sexual assault could not be ruled out. भन्ने व्यहोराको पीडित परिवर्तित नाम ०६ जि.प्र.का. ATRV1 को स्वास्थ्य परीक्षण रिपोट।

५. **परिवर्तित नाम ०६ जि.प्र.का.ATRB को घटना विवरण कागज:-** यसमा मेरो भएको सहि सत्य व्यहोरा यो छ की वारदात मिति समयमा वारदात स्थान हाम्रो घरमा दिदी र म मात्र थियौ साझँ दिदी र म खाना खाई म तलामाथि गए, दिदी तल मुनि नै भएको अवस्थामा यस मुद्धाका प्रतिवादी विनोद थापा दिदी भएको कोठामा आई दिदीलाई समाउन तान्न थाले पछि दिदीले आतिएर हार गुहार गरेको सुनि आई हेर्दा निज प्रतिवादीले दिदीलाई समाई लडाउन थालेको थिए म दिदीलाई लडाउन लागेको देखी आतिई हारगुहार गर्दा निज भागी गएका हुन भनी परिवर्तित नाम ०६ जि.प्र.का.ATRB ले अनुसन्धान अधिकारी समक्ष गरीदिएको घटना विवरण कागज।

६. **पीडितको जन्मखुलेको कागजः-** पिडित परिवर्तित नाम ०६ जि.प्र.का ATRV1को जन्म वि.स.२०६१/२/४ गते भएको भन्ने जन्मदर्ताको प्रमाणपत्र।

७. **परिवर्तित नाम ०६ जि.प्र.का. (अ) ,(आ) र (ई) समेतले गरी दिएको वस्तुस्थिती मुचुल्काः-**यसमा मेरो भएको व्यहोरा यो छ की वारदात मिति समयमा म आफ्नै घरमा थिए यस मुद्धाका दुवै पक्षलाई राम्रो संग चिन्दछु हामी एकै गाउले छिमेकी नाता सम्बन्धका मानिस हौ वारदात मैले पत्यक्ष आखाले देखेको होईन जाहेरवालाको घरमा ठुला मानिस नभएको मौका छोपी प्रतिवादी बिनोद थापाले जाहेरवालाको नाबालिका छोरी पीडित परिवर्तित नाम ०६ जि.प्र.का. ATRV1 लाई जवरजस्ती करणी गर्न खोजेको भनी गाउँ टोलमा होहल्ला हुँदा सुनी थाहा पाएको हो त्यसरी नावालिका वाल बच्चामात्र एक्लै भएको मौका पारी जवरजस्ती करणी गर्न खोज्ने प्रतिवादीलाई कानून बमोजिम होस भनी परिवर्तीत नाम०६जि.प्र.का. (अ),(आ) र (ई) समेतले अनुसन्धान अधिकारी समक्ष एकै मिलान हुने गरी दिएको वस्तुस्थिती मुचुल्का।

८. **परिवर्तित नाम ०६ जि.प्र.का. ATRF को घटना विवरण कागजः-** यसमा मेरो भएको व्यहोरा यो छ की मैले पेश गरेको जाहेरी दरखास्तको सि.नं.४ मा उल्लेखित भएको समय अं.२१:१५ बजेको समयमा नै मेरो जाहेरी दरखास्तको रीत व्यहोरा अनुसार नै घटना घटेको हो। घटनास्थल मुचुल्का तयार पार्दा भुलवस वारदात समय १७:०० बजेको समय उल्लेख भएको हुँदा प्रतिवादीलाई कानून बमोजिम होस भनी परिवर्तीत नाम०६ जि.प्र.का. ATRF ले अनुसन्धान अधिकारी समक्ष गरिदिएको कागज।

९. **परिवर्तित नाम ०६ जि.प्र.का. (उ) को घटना विवरण कागजः-** यसमा मेरो भएको व्यहोरा यो छ की वारदात मिति समयमा म आफ्नै घरमा थिएँ सो राती अं.२१:१५ बजेको समयमा जाहेरवालाको घरमा हल्ला भएको सुनी थाहा पाई घटनास्थलमा गई बुझ्दा पिडित ०६ जि.प्र.का ATRV1 ले म र भाई खाना खाई रहेको कोठामा आई मलाई खाजा नास्ताको रूपमा एक गिलास रक्सी मागी सोही कोठामा बसी खाएर सोही समयमा मेरो भाई खाना खाई सकी सुत्ने कोठामा गए पश्चात  निज प्रतिवादी मेरो सामुन्नेमा आई मैले खाना खाई रहेको थाल सारी दिए र मेरो शरिरको संम्वेदनशील अंगहरूमा समाउन थाले पश्चात मैले प्रतिकार गरी बाहिर भाग्न खोज्दा मलाई बाहिर जान नदिई जवरजस्ती समाई तानि उक्त कोठाको टेबुलमा लडाई निजले मैले लगाएको सुरूवाल खोल्न प्रयास गर्न थाले पश्चात म आतिएर हारगुहार गरे पश्चात कोठामा रहेको मेरो भाई तत्काल आई भाई समेतले हार गुहार गर्दा निजले मलाई समाउन छाडि भागी गएका हुन बताए पश्चात जाहेरी दरखास्तको सि.नं.४ मा उल्लेखि भएको समय अं.२१:१५ बजेको समयमा नै घटना घटेको हो घटनास्थल मुचुल्का तयार पार्दा भूलवस वारदात समय १७:०० बजेको समय उल्लेख भएको रहेछ प्रतिवादीलाई कानून बमोजिम होस भनी परिवर्तीत नाम०६ जि.प्र.का. (उ) ले अनुसन्धान अधिकारी समक्ष गरिदिएको कागज।

१०. **परिवर्तित नाम ०६ जि.प्र.का. (ए)  को घटना विवरण कागजः-** यसमा मेरो भएको व्यहोरा यो छ की वारदात मिति समयमा भोट हाल्न भनी मतदान स्थलमा गएको थिए वारदात भएको मैले देखेको होईन गाउँ घरमा हल्ला हुँदा सुनी थाहा पाएको हो प्रतिवादी बिनोद थापाले जाहेरवालाकी

नावालिका छोरीलाई के-कुन परिवन्धमा पारी जवरजस्ती करणी गर्न खोजेका हुन सो कुरा थाहा भएन निज प्रतिवादीले बिगत ३/४ बर्ष देखि मेरो ट्याक्टर चलाउदै आएका थिए मेरो घरमा वारदात हुनु भन्दा ५/६ महिना अगाडि देखि श्रीमान/श्रीमती र १ छोरी सहित मेरो घरमा डेरा गरी बस्दै आएका थिए सो भन्दा पहिला यस मुद्धाका जाहेरवालकै घरमा डेरा गरी बस्ने गर्दथ्ये। निज प्रतिवादी वारदात घटाई फरार भए पश्चात पनि निजकी श्रीमती र छोरी मेरै घरमा बस्दै आएका थिए उनीहरू पनि विगत ३ महिना देखि घर जान्छु भनी कोठा छाडी हिडिन हाल के-कहा बस्छन मलाई थाहा छैन। त्यसरी  घरमा कोही नभएको मौका पारी जवरजस्ती करणी गर्न खोज्ने प्रतिवादीलाई कानून बमोजिम होस भनी परिवर्तित नाम ०६ जि.प्र.का. (ए) ले अनुसन्धान अधिकारी समक्ष गरिदिएको कागज।

११. **अभियोग दावीः-** प्रतिवादी विनोद थापाले पीडित परिवर्तित नाम ०६ जि.प्र.का. ATRV1 लाई जवरजस्ती करणी गर्ने उद्योग गरेको कसूर पुष्टि हुन आएकोले निज प्रतिवादी विनोद थापालाई मुलुकी ऐन जवरजस्ती करणीको महलको ५ नं वमोजिमको कसूरमा सोही महलको ३ नं.को देहाय २ नं. वमोजिम सजाय हुनेमा सोही महलको दफा ५ नं.वमोजिम सजाय हुन दावी लिई सक्कल मिसिल यसै अभियोगपत्र साथ  राखी पेस गरिएको छ। साथै हाल फरार रहेका प्रतिवादी विनोद थापालाई ताहाँ अदालतबाटै वारेण्ट तथा म्यादी पूर्जी समेत जारी गरिपाउँ भन्ने ब्यहोराको वादी नेपाल सरकारको अभियोग-पत्र।

१२. **सुरू अदालतबाट भएको आदेशः-**यसमा प्रतिवादी बिनोद थापाले यस अदालतबाट जारी भई तामेल भएको म्याद भित्र उपस्थित हुन आएको नदेखिंदा बादी पक्षले प्रमाण खण्डमा उल्लेख गरेका साक्षिहरूलाई कानून बमोजिम गरी मिति किटान गरी सम्वन्धित प्रहरी कार्यालयबाट सरकारी वकिल कार्यालय मार्फत झिकाई उपस्थित भए बकपत्रका लागि पेश गर्नू। आदेशको जानकारी जिल्ला सरकारी वकिल कार्यालय तेह्रथुम समेतलाई दिनू। प्रतिवादीको नामको सम्पत्ति साबिक तत्काल प्रचलित मुलुकी ऐन अं.१९० नं.बमोजिम रोक्का राख्नू भन्ने मिति २०७५/०७/१८ को सुरू अदालतको आदेश।

१३. **वादीका साक्षीको बकपत्रः-**

(क) **परिवर्तित नाम ०६ जि.प्र.का.(आ) ले सुरू अदालतमा गरेको बकपत्रः-** चुनावको दिन थियो म इवा गा.पा वार्ड नं.६ मा म दिनको १२.०. बजे गएर साँझको ६ बजे आएर १२/१३ जना सरहरूलाई खाना दिइरहेको थिए। तेतिवेला तुम्मा (ठुली आमा) वाहिर भाउनुस भन्दा यता आउ म हतारमा छु भन्दा पनि तुम्भा यतै आउनुस भन्यो त्यसपछि म आफै खाना थप्दै थिए त्यसपछि म आफै आगनमा निस्केर नानी के भयो भन्दा नवोली हाम्रो घरमा जाउ भनेपछि म उस्को घर जादै गर्दा वाटोमा के भयो भनी सोध्दा विनोद अंकल हाम्रो घरमा हुनुहुन्छ जा भन्दा पनि जादैन किन भनी सोध्दा कोनी भनी भने अनी म जाँदा विनोद भन्ने मानिस त्याहा थिएन। पछि तिमीहरू २ जना वसेका थियौ के भयोत भनी पीडितलाई सोध्दा प्रतिवादी विनोद थापाले मलाई जवरजस्ती गर्न खोज्यो भनेर पीडित र पीडितको भाई र म पनि धुरूधुर, रूए। त्यसपछि प्रतिवादी विनोद थापा कहाँ गयो त अनि कोठा र घरमा खोज्दा कतै भेटिएन र पीडित र पीडितको भाइलाई कसलाई फोन गरौं

भनी सोध्दा पीडितले बुवालाई फोन गरिदिनुस भन्दा मैले फोन गरी घटनाको वारेमा जानकारी गराइसके पछि मैले नानी र बावुलाई के गरौ घरमा नै राखौं कि मेरो घरमा लैजाउ भने पछि तपाइकै घरमा लगेर राखिदिनुहोए म आउछु भन्नु भयो भन्ने ब्यहोराको परिवर्तित नाम ०६ जि.प्र.का.(आ) ले सुरू अदालतमा गरेको बकपत्र।

(ख) **०६ जि.प्र.का.ई ले अदालतमा गरेको बकपत्रः-** सो घटना हुँदा म आफ्नै घरको पसलमा थिएँ। सो घटना भएको बखत पीडित र पीडितको भाई मात्र घरमा थिए। त्यसपछि प्रतिवादी बिनोद थापा निज पीडितको घरमा आयो। निज प्रतिवादीले सो घरमा आई रक्सी माग्यो। पीडितलाई हातपात गरी जबरजस्ती करणी गर्न खोज्दा पीडितको भाईले देखि होहल्ला गरेपछि छरछिमेक भेला भएपछि पुलिस आउँछ भनी निज प्रतिवादी त्यस ठाउँबाट निस्किएर फरार भए भन्ने ब्यहोराको वादीका साक्षि ०६ जि.प्र.का.ई ले सुरू अदालतमा गरेको बकपत्र।

(ग) **घटना विवरण कागज गर्ने परिवर्तित नाम ०६ जि.प्र.का. ATRB ले अदालतमा गरेको बकपत्रः-** दिदी र म खाना खान लाग्दा प्रतिवादी बिनोद थापा घरमा आई रक्सी माग्दा दिदीले छैन भनी भन्नु भयो तर पनि मागेको मागै गर्‍यो, हामी खाना खान बस्यौं। म खाना खाईसकेंपछि तलामाथि गएपछि दिदी तल कराएको सुनें म तल झरेर हेर्दा बिनोद थापाले दिदीलाई हातपात गरेको देखें मलाई पनि उसले देख्यो। मैले देखेपछि उसले दिदीलाई छोड्यो र पछि दिदी बाहिर आउनु भयो। प्रतिवादी बिनोद थापाले मलाई पुलिस छ कि छैन भनेर हेर्न पठायो। हेरेर प्रहरी छैन भन्दा प्रतिवादी बिनोद थापा भागेर उसको कोठामा गयो। त्यसपछि परतिर गएर तुम्मा (ठूलो आमा) लाई बोलाएपछि तुम्मा घरमा आउनु भयो र तुम्माले (ठूलो आमा) बुबा परिवर्तित नाम जि.प्र.का. ATRE लाई फोन गर्दा बुबा र ममि आउनु भयो भन्ने ब्यहोराको घटना विवरण कागज गर्ने परिवर्तित नाम ०६ जि.प्र.का. ATRB ले सुरू अदालतमा गरेको बकपत्र।

(घ) **०६ जि.प्र.का.(अ) ले अदालतमा गरेको बकपत्रः-** वारदात मिति २०७४ साल मंसिर २१ गते चुनाबको दिन पीडितका बुबा आमा भोट हाल्न चुहानडाँडा जानुभएको थियो। त्यस समयमा पीडित ATRV1 र उनको भाई ०६ जि.प्र.क.ATRB आफ्नै घरमा खाना खाइरहनु भएको थियो। त्यस समयमा निज प्रतिवादी विनोद थापा घरमा आई एक गिलास रक्सी माग्नु भयो। रक्सी दिएपछि पीडितको भाई खाना खाएर आफ्नो कोठामा जानुभयो। भाई कोठामा गईसकेपछी निज प्रतिवादीले पीडितलाई हातपात गर्न शुरू गर्‍यो। भाई कोठाबाट आएपछि भाइले देख्यो र भाई अत्तालियो भाईलाई निज प्रतिवादीले बाहिर ढोकामा पुलिस हेर्न जाउ भन्यो हेर आउँदा भाइले निज प्रतिवादीले पीडितलाई लडाई संवेदनशिल अंगहरू छुन खोजेको तथा सुरूवाल खोलेको देख्यो। (जबरजस्ती करणी) त्यसपछि होहल्ला हुँदा मानिसहरू भेला भए। निज प्रतिवादी त्यस स्थानबाट फरार भए भन्ने ब्यहोराको बादीका साक्षि ०६ जि.प्र.का.(अ) ले सुरू अदालतमा गरेको बकपत्र।

(ङ) **पीडित ATR1 ले अदालतमा गरेको बकपत्रः-** मिति २०७४/०८/२१ गते म पीडित ATR 1 र मेरो भाई ATRB बेलुकाको ७ बजे तिर खाना बनाईसकेर खाँदै गरेको बेलामा प्रतिवादी बिनोद थापा मेरो (पीडित) को घरमा २ वर्ष देखि भाडामा बस्दै आउनुभएको थियो घटना हुनुभन्दा

पहिला लगभग ५ महिना पहिला मेरो घरभाडा छोडी आफ्नै साहुको घरमा बस्न सर्नु भएको थियो। प्रतिवादी विनोद थापा मिति २०७५/०८/२१ गते राति ७ बजे तिर रक्सी खान आउनु भयो। त्यति बेला मेरो बुबा ATRF र आमा तल अर्को घरमा घुम्न जानु भएको थियो। त्यो भन्दा पहिला पनि प्रतिवादी बिनोद थापा मेरो (पीडित) को घरमा रक्सी खान आउनु हुन्थ्यो। त्यतिबेला मैले प्रतिवादीलाई भने आज रक्सी छैन भनेर भने। प्रतिवादी बिनोद थापाले थोरै पनि छ भने मलाई देउ। त्यसपछि मैले खोजेर १ गिलास रक्सी प्रतिवादी विनोद थापालाई दिदा मेरो अर्को हात प्रतिवादी विनोद थापाले पक्रिनु भयो। त्यसपछि मैले भने के गर्नु भएको भने र त्यसपछि प्रतिवादीले फेरी बोलेन अनि मैले प्रतिवादीलाई धकले अनि म बाहिर निस्किन सकिन त्यसपछि प्रतिवादीले फेरी मेरो हात पक्रिनु भयो। त्यसपछि मेरो (पीडित) संबेदनशिल अंगहरूमा हात लिएर पक्रीनु भयो। त्यसपछि मलाई उठाएर टेवलमा सुताउनु भयो। त्यसपछि मेरो (पीडित) सुरूवाल फुकाउन खोज्दा म कराए त्यसपछि मेरो भाई ATRB खाना खाएर आफ्नो कोठामा पढ्न जानु भयो। भाई ATRB घटना स्थानमा आउँदा प्रतिवादी बिनोद थापाले मलाई जबरजस्ती करणी उद्योगगर्दै गर्दा छोड्यो अनि त्यसपछी म घटना भएको कोठा देखि बहिर निस्के त्यसपछि प्रतिवादी बिनोद थापा पनि कोठा देखि बाहिर निस्कनु भयो। त्यतिकै बेला मेरो भाई ATRB ले प्रतिवादी विनोद थापालाई भन्यो यहाँ निर किन पस्नु भएको आफ्नो घर जानु त्यसपछि प्रतिवादी बिनोद थापाले मेरो भाइलाई ATRB लाई भन्यो बाहिर प्रहरी छ कि छैन हेरत अनि मेरो भाईले भन्यो छैन बाहिर प्रहरी त्यसपछि बिनोद थापा बाहिर निस्केर गयो। त्यसपछि मेरो भाई ATRB पल्लो तुम्माको घरमा गएर तुम्मालाई बोलाएर ल्याउनु भयो। त्यसपछि तुम्माले फोन गरेर बुबालाई बोलाउनु भयो। त्यसपछि बुबा ATRF ले प्रहरीमा उजुरी गर्नु भयो भन्ने ब्यहोराको पीडित ATR1 ले सुरू अदालतमा गरेको बकपत्र।

**(च) जाहेरवाला परिवर्तित नाम ATRF ले अदालतमा गरेको बकपत्रः-** घटना मिति २०७४/०८/२१ गते घटेको हो। त्यो दिन म ATRF परिवर्तित नाम ATRV 1 र परिवर्तित नाम ATRB लाई मात्र घरमा छाडि भोट हाल्न गएको र फर्कि आउनुलाई अवेला भएपछि घरमा आई नपुगी परिवर्तित नाम ATRFV 1 र ATRB दुबैजना साँझको खाना खाँदै गर्दा भित्र बिनोद थापा प्रतिवादी छिरि रक्सी खाने निहुँ गरी मागेको नदिँदा पनि धेरै बेर सम्म बसि रहेर परिवर्तित नाम ATRB ले खाना खाई सकेपछि आफ्नो कोठातिर गयो र परिवर्तित नाम ATRV 1 खाना खाई रहेको बेला खाई रहेको जुठो थाल समेत पर सारी परिवर्तित नाम ATRV 1 माथि हातपात गरी जबरजस्ती करणी गर्न खोज्दा ATRV 1 (पीडित) हारगुहार गरी कराई बाहिर जान खोज्दा अझ बिनोद थापा (प्रतिवादी) ले तानी भित्र लडाउन खोज्दा परिवर्तित नाम ATRB ले कराएको सुनी घर तल्ला मुनी भान्छा कोठामा झर्दा प्रतिवादी बिनोद थापाले पीडीत ATRV 1 लाई तानी रहेको देखेपछि बिनोद थापाले पीडित ATRV 1 लाई छोड्यो र ATRB किन यसो गरेको घर जानु भन्दा निज बिनोद थापाले जाउ प्रहरी आउछ होला हेर भनी ढोकामा हेर्न पठाई प्रहरी छैन भन्दा ढोकाबाट निस्केर जान लाग्दा ATRB ले छिमेकमा हारगुहार माग्न जाँदा निज बिनोद थापा घटनास्थलबाट गएको कुराहरू परिवर्तित नाम ATRV 1 र ATRB ले सुनाए त्यसपछि ATRF ले इलाका प्रहरी कार्यालय संक्रान्ती

बजारमा प्रहरीलाई जानकारी गराएको हुँ भन्ने ब्यहोराको जाहेरवाला परिवर्तित नाम ATRF ले सुरू अदालतमा गरेको बकपत्र।

१४. **अदालतको आदेशः-** यी प्रतिवादीका नाममा यस अदालतबाट जारी भएको ७० दिने म्याद मिति २०७५/०३/३२ गते तामेल भएकोमा म्याद भित्र प्रतिवादी हाजिर हुन नआएको र निजका नामको सम्पत्ति रोक्का राखु भनी मिति २०७५/०७/१८ मा नै यस अदालतबाट आदेश भई सकेको देखिए पनि सम्पत्ति रोक्का भएको नदेखिंदा आदेशानुसार यी प्रतिवादीका नाउँको सम्पत्ति रोक्का गरी प्रतिवादी हाजिर भए वा पक्राउ परी आएका बखत वा फेला नपरे वा हाजिर नभएमा समेत तत्काल प्रचलित मुलुकी ऐन, अ.वं.१९० नं. बमोजिम जगाउने गरी सोही अ.वं.१९० बमोजिम प्रस्तुत मुद्दा मुलतवीमा राखिदिएको छ। दायरीको लगत कट्टा गरी अरूमा कानून बमोजिम गर्नू भन्ने मिति २०७५/०८/२५ गतेको अदालतको आदेश।

१५. **अंश रोक्का राख्नु भन्ने सुरू अदालतको आदेशः-** प्रतिवादीको नामको सम्पत्ति साविक तत्काल प्रचलित मुलुकी ऐन, १९० नं.बमोजिम रोक्का राख्नु भनी आदेश भएको हुँदा यस अदालतबाट च.नं.७०० मिति २०७५/०८/२६ गते पत्र पठाई पाँचथर जिल्ला अदालतबाट च.नं.५२/२०९९ मिति २०७६/०१/११ को प्राप्त पत्रानुसार जग्गा रोक्का राखिएको कागजात मिसिल सामेल रहेको छ।

१६. **अदालतको आदेशः-** मुद्दा मुलतवी रहेको अवधिमा प्रतिवादी अदालतमा हाजिर हुन नआएका, प्रहरी द्वारा पक्राउ परी उपस्थित गराएको नदेखिएको र मुद्दा मुलतवीमा राख्नु पर्ने अवधि ३ बर्ष समेत नाघेको देखिंदा प्रस्तुत मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९८ (४) बमोजिम मुलतवीबाट जगाई दिएको छ। मुद्दा मुलतवीबाट जागेको जानकारी जिल्ला सरकारी वकिल कार्यालय तेह्रथुमलाई दिई नियमानुसार पेशी तारेख तोकी पेश गर्नु भन्ने मिति २०७८/११/२६ गतेको सुरू अदालतको आदेश।

१७. **सुरू फैसलाः-** प्रतिवादीले नावालिकालाई पक्रेको, संवेदनशील अंग समाएको र नावालिकालाई उत्तानो पारी लडाएर सुरूवाल खोल्न खोजेको घटना देखिंदा साविकको मुलुकी ऐन जबरजस्ती करणी महलको दफा ५ नं. बमोजिम जबरजस्ती करणी उद्योगको सजायको अभियोग माग दावी देखिए तापनि सुरूवाल खोलिसकेको सम्मको अवस्था नदेखिएको र करणीका आशयले नावालिकाको यौन सम्वन्धी अङ्ग छोए समाएको देखिंदा प्रतिवादीले प्रचलित मुलुकी अपराध संहिता, २०७४ को दफा २२५ बमोजिम बाल यौन दुरूपयोग गरेको कसूर अपराध गरेको देखिंदा प्रतिवादी विनोद थापा उपर ऐ.उपदफा (१) को कसूर अपराधमा ऐ.उपदफा (२) अनुसार कैद १।८।० र जरिवाना रू.९,०००।-सजाय हुने ठहर्छ। मिसिलबाट नामवालिकाको स्वास्थ्य अबस्था सामान्य रहेको देखिंदा प्रचलित कानून मुलुकी अपराध संहिता, २०७४ को दफा २२८ बमोजिम प्रतिवादीले नावालिकालाई रू.२१,०००।-क्षतिपूर्ति तिर्नु पर्ने ठहर्छ भन्ने समेत व्यहोराको सुरू जिल्ला अदालतको फैसला।

१८. **पुनरावेदक वादीको पुनरावेदन पत्र** :- जवरजस्ती करणी उद्योग भन्नाले जवरजस्ती करणीको प्रयास गरेको तर केही अवरोधको कारण प्रतिवादीको कार्यले पूर्णता नपाएको अवस्था हो। पीडितले

सहमति नदिएको अवस्थामा जोरजुलुम गरी करणी गर्न खोजिएको अवस्था जवरजस्ती करणी उद्योगको अवस्था हो। प्रतिवादीले जवरजस्ती करणी गर्न खोज्दा पीडितले चिच्याई कराई गर्दा पीडितको भाइ समेत आएर चिच्याई हारगुहार गरेको कारण प्रतिवादीको जवरजस्ती करणी गर्ने कार्यले पूर्णता नपाएको अवस्था हो। प्रतिवादीले पीडितको पीडितलाई जबरजस्ती करणी गर्ने मनसायले संवेदनशील अंग समाती, पीडितलाई बसेको स्थानबाट बोकी अर्को कोठाको टेवलमा पुऱ्याई सुताई थिची सुरूवाल खोल्न लागेको अवस्थामा पीडितको भाइ परिवर्तित नाम ATRB को उपस्थितिले जबरजस्ती करणी हुन नपाएको तथ्य पुष्टि भइरहेको अवस्थामा बाल यौन दुरूपयोग तर्फ परिणत गरी भएको फैसला त्रुटीपूर्ण भई बदरभागी छ, वदर गरी अभियोग दावी बमोजिम नै प्रतिवादीलाई जबरजस्ती करणी उद्योगको कसूरमा कसूरदार ठहर गरी साविक मुलुकी ऐन जवरजस्ती करणी महलको ५ नं.को कसूरमा सोही महलको ३ नं.को देहाय २ नं. बमोजिम सजाय गरी पाउँ भन्ने समेत व्यहोराको पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट पेस हुन आएको पुनरावेदन पत्र।

१९. **प्रत्यर्थी झिकाउने आदेशः-** यसमा, तेह्रथुम जिल्ला अदालतबाट मिति २०७८/१२/०१ मा भएको फैसला विचारणीय भई फरक पर्न सक्ने देखिंदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) को प्रयोजनार्थ पुनरावेदक/वादीको पुनरावेदनपत्रको प्रमाणित प्रतिलिपि साथै राखी म्याद दिई प्रत्यर्थी/प्रतिवादीलाई झिकाई म्याद भित्र उपस्थित भए वा अवधि व्यतित भए पछि नियमानुसार पेस गर्नु भन्ने यस अदालतबाट मिति २०७९/४/२९ मा भएको प्रत्यर्थी झिकाउने आदेश।

## यस अदालतको ठहर

२०. नियम बमोजिम निर्णयार्थ पेश भएको प्रस्तुत मुद्दामा पुनरावेदक वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्धान उप-न्यायाधीवक्ता श्री गोकुल बहादुर निरौलाले प्रतिवादीले घरमा बाबुआमा नभएको मौका पारी पीडित नाबालिकालाई जवरजस्ती करणी गर्ने मनसायले पीडितको भाइ कोठामा सुत्न गएको अवस्थामा पीडितको संवेदनशील अंगहरूमा समाती टेबुल माथि सुताई जवरजस्ती करणी गर्न खोज्दा पीडितले चिच्याउँदा निजको भाइ आएको कारण जवरजस्ती करणीको वारदातले पूर्णता नपाएकोमा वादीको अभियोग दावीको कसूरदार ठहर नगरी बालयौन दुरूपयोगको कसूर ठहर गरी सजाय गरेको शुरू फैसला मिलेको नहुँदा सो फैसला उल्टी गरी वादीको अभियोग दावीको कसूर ठहर गरी सजाय गरी पाऊँ भन्ने समेत बहस गर्नुभयो।

२१. यसमा, प्रतिवादी विनोद थापाले पीडित परिवर्तित नाम ०६ जि.प्र.का. ATRV1 लाई जवरजस्ती करणीको उद्योगको कसूर गरेकोले निज प्रतिवादीलाई मुलुकी ऐन जवरजस्ती करणीको महलको ५ नं बमोजिमको कसूरमा सोही महलको ३ नं.को देहाय २ नं. बमोजिम सजाय हुनेमा सोही महलको दफा ५ नं.बमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको अभियोग दावी रहेको र प्रतिवादी फरार रहेको प्रस्तुत मुद्धामा शुरू तेह्रथुम जिल्ला अदालतले प्रतिवादी विनोद थापाले वादी नेपाल सरकारले साविकको मुलुकी ऐन जबरजस्ती करणी महलको ५ नं. बमोजिम जबरजस्ती करणी उद्योगको अभियोग माग दावी लिएको देखिए तापनि पीडितको सुरूवाल खोलिसकेको सम्मको अवस्था नदेखिएको र करणीको आशयले नाबालिकाको यौन सम्बन्धी अङ्ग छोए समाएको देखिंदा

प्रतिवादीले प्रचलित मुलुकी अपराध संहिता, २०७४ को दफा २२५ बमोजिम बाल यौन दुरूपयोग गरेको कसूर गरेको देखिंदा प्रतिवादी विनोद थापालाई ऐ. संहिताको दफा २२५ को उपदफा (१) को कसूरमा ऐ.उपदफा (२) बमोजिम कैद १।८।० र जरिवाना रू.९,०००।-सजाय हुने र मुलुकी अपराध संहिता, २०७४ को दफा २२८ बमोजिम प्रतिवादीले पीडित नाबालिकालाई रू २१,०००। क्षतिपूर्ति भराई दिने ठहर्याई गरेको फैसला उपर चित्त नबुझाई वादी नेपाल सरकारको यस अदालतमा पुनरावेदन परेको देखियो।

२२. तेह्रथुम जिल्ला अदालतबाट भएको फैसला मिलेको छ, छैन? वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्ने हो वा होइन? यही विषयमा निर्णय दिनु पर्ने देखिन आयो।

२३. सम्बद्ध मिसिल अध्ययन गरी निर्णयतर्फ विचार गर्दा, मिति २०७४/०८/२१ गते पिडित मेरी नाबालिका छोरी ०६ जि.प्र.का. ATRV1 र नाबालक छोरा ०६ जि.प्र.का.ATRB लाई घरमा छाडी निर्वाचनमा भोट हाल्न राति घरमा आई पुग्दा नाबालिका छोरी रोई कराई गरेकोले के भयो भनी नाबालिका छोरी ०६ जि.प्र.का.ATRV1 लाई सोधनी गर्दा भाइ र म खाना खाई रहेको अवस्थामा बिनोद अंकल आई एक गिलास रक्सी मागेकाले रक्सी दिएकी हुँ। भाइ खाना खाएर सुत्ने कोठामा गएपछि निज बिनोद अंकल मेरो छेउमा आई मैले खाई रहेको खानाको थाल सारी दिई मलाई एक्कासी समाई मेरो संवेदनशील अंगहरूमा समाउन थालेकाले मैले प्रतिकार गरी बाहिर भाग्न खोज्दा मलाई बाहिर जान नदिई जवरजस्ती तानी बोकी कोठा भित्र रहेको टेबलमा सुताई मैले लगाएको सुरूवाल निज प्रतिवादीले फुकाल्ने प्रयास गरेकाले मैले हार गुहार गर्दा कोठामा सुतिरहेको भाइ तत्काल आएकाले निज बिनोद अंकल भागी गएको हो भनी पीडित नाबालिका छोरीले आफूलाई बताएको हुँदा निज प्रतिवादीलाई कानून बमोजिम सजाय गरी पाउँ भन्ने समेत व्यहोराको पीडित नाबालिकाकी बाबु जाहेरवाला परिवर्तित नाम ०६-जि.प्र.का ATRF को जाहेरी दरखास्तको आधारमा प्रस्तुत मुद्धाको अनुसन्धान तहकीकात भएको देखियो।

२४. प्रस्तुत मुद्धामा पीडितको स्वास्थ्य परीक्षण रिपोटमा Impression:- From the examination of ०६ जि.प्र.का. ATRV1, she is physically and mentally stable at the time of examination. There are no injuries noted in the body. However, the possibility of attempt for sexual assault could not be ruled out भन्ने व्यहोरा स्वास्थ्य परीक्षण प्रतिवेदनमा उल्लेख गरेको देखियो।

२५. प्रतिवादी बिनोद थापाले आफू उपरको आरोपित कसूरका सम्बन्धमा मौकामा र शुरू जिल्ला अदालत समक्ष उपस्थित भई बयान गर्नु पर्नेमा सो नगरी फरार रहेको देखियो।

२६. पीडित परिवर्तित नाम ०६ जि.प्र.का. ATRV1 ले मौकाको घटना विवरण कागजमा आफू र भाइ परिवर्तित नाम ०६ जि.प्र.का. ATRB खाना खाइरहेको अवस्थामा घरमा बाबुआमा नभएको मौका पारी प्रतिवादी बिनोद थापा रक्सी खाने भनी घरमा आएको हो। भाइ खाना खाएर सुत्न गएपछि निज प्रतिवादीले आफ्नो हात समाती शरीरको संवेदनशील अंगहरूमा समाई आफूलाई उठाई कोठाको टेबुलमा सुताई जवरजस्ती करणी गर्ने मनसायले आफ्नो सुरूवाल समेत फुकाउने प्रयास गरेकाले आफूले हार गुहार गरी प्रतिकार गर्दा कोठामा सुत्न गएको भाइले आफू कराएको

सुनी भाइ आएपछि प्रतिवादीले आफूलाई जवरजस्ती करणी गर्न नपाएको हो भनी लेखाई दिएको भनाई व्यहोरालाई समर्थन गर्दै सुरू अदालत समक्ष बकपत्र गरी लेखाई दिएको देखियो।

२७. घटनाको प्रत्यक्षदर्शी एवं पीडितकी नाबालिका भाइ परिवर्तित नाम ०६ जि.प्र.का. ATRB ले आफू र दिदी (पीडित परिवर्तित नाम ०६ जि.प्र.का. ATRB ) खाना खानै लाग्दाको अवस्थामा प्रतिवादी बिनोद थापा घरमा आई रक्सी माग्न आएको थियो। खाना खाएपछि आफू सुत्न भनी माथिल्लो तलाको कोठामा गएकोमा पीडित दिदी तल कराएको सुनेपछि आफू तल ओर्लेर आई हेर्दा निज प्रतिवादी बिनोद थापाले पीडित दिदीलाई हातपात गरेको देखेको हुँ। निज प्रतिवादीले मलाई देखेपछि पीडित दिदीलाई हातपात गर्न छोडेको हो। त्यसपछि आफूहरूले पल्लो घरमा बस्ने ठूली आमा तुम्मालाई घटनाको बारेमा भन्न गएको र ठूली आमा तुम्माले बाबु र आमालाई फोन गरेर घटनाको बारे सुनाएको हो भनी मौकाको घटना बिवरण कागजको बयान व्यहोरालाई समर्थन गर्दै अदालतमा बकपत्र गरी लेखाइ दिएको पाइयो।

२८. जाहेरवाला परिवर्तित नाम ०६ जि.प्र.का. ले ATRF ले घटनाको दिन घरमा नाबालिका पीडित र नाबालक छोरा दुईजना मात्र रहेको अवस्थामा साँझको खाना खाँदै गरेको बेला प्रतिवादी बिनोद थापा रक्सी खाने निहूँ गरी घरमा आई नाबालक छोरा खाना खाई सुत्न भनी घरको माथिल्लो तलामा गएपछि निन प्रतिवादीले पीडित नाबालिका छोरीलाई जवरजस्ती करणी गर्ने मनसायले हातपात गरेकाले पीडित नाबालिका छोरीले हार गुहार गरी रोई कराई गरेपछि माथिल्लो तलामा सुत्न गएको नाबालक छोरा परिवर्तित नाम ०६ जि.प्र.का. ATRB ले सुनी सुत्न गएको कोठाबाट ओर्लेर तल आई हेर्दा प्रतिवादी बिनोद थापाले पीडित दिदीलाई तानीरहेको देखेको र भाइ आएको देखेपछि पीडितलाई प्रतिवादीले छोडेर भागी गएको हो भनी आफूलाई पीडित नाबालक छोरी र छोरा दुवैजनाले बताएकोले सोही व्यहोरा उल्लेख गरी आफूले प्रतिवादीका बिरूद्ध जाहेरी दरखास्त दिएको हुँ भनी मौकाको जाहेरी व्यहोरालाई समर्थन गर्दै अदालत समक्ष बकपत्र गरी लेखाई दिएको पाइयो।

२९. वादीको साक्षी परिवर्तित नाम ०६ जि.प्र.का. (आ) ले वारदातको मिति र समयमा पीडित र निजकी भाइ आफ्नो घरमा रोएर आएकोले किन रोएको भनी सोध्दा ठूली ममी बिनोद अंकलले मलाई जवरजस्ती करणी गर्न खोज्यो भनी पीडितले बताएकी र सोही व्यहोरा पीडितकी भाइले पनि बताएको हो भनी मौकाको वस्तुस्थिति मुचुल्कामा लेखाई दिएको भनाई व्यहोरालाई समर्थन गर्दै अदालत समक्ष बकपत्र गरी लेखाई दिएको देखिन्छ। यसैगरी वारदातको दिन घरमा पीडित र पीडितको भाइ मात्र भएको मौका पारी प्रतिवादी बिनोद थापाले रक्सी माग्ने निहूँ पारेर पीडितको घरमा गईञ पीडितलाई जवरजस्ती करणी गर्ने मनसायले पीडितको शरीरमा हातपात गर्दा पीडितको भाइले देखेर होहल्ला गरेपछि निज प्रतिवादीले पीडितलाई जवरजस्ती करणी गर्न नपाएको हो भन्ने व्यहोराको मौकाको वस्तुस्थिति मुचुल्का लेखाई दिने वादीका साक्षी परिवर्तित नाम नाम ०६ जि.प्र.का. (ई) को र सोही व्यहोराको अर्का वादीका साक्षी परिवर्तित नाम ०६ जि.प्र.का. (अ) ले अदालत समक्ष बकपत्र गरी व्यहोरा लेखाई दिएको देखिन्छ।

३०. साविक मुलुकी ऐनको जबरजस्ती करणीको महलको १ नम्बरले "कसैले कुनै महिलालाई निजको मञ्जुरी नलिई करणी गरेमा वा सोह्र वर्षभन्दा कम उमेरकी बालिकालाई निजको मञ्जुरी लिई वा नलिई करणी गरेमा निजले जबरजस्ती करणी गरेको ठहर्छ" भन्ने तथा मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (२) मा "कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा वा मन्जुरी लिएर भए पनि अठार वर्ष भन्दा कम उमेरको कुनै बालिकालाई करणी गरेमा निजले त्यस्तो महिला वा बालिकालाई जवरजस्ती करणी गरेको मानिनेछ" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। साविक मुलुकी ऐनको जबरजस्ती करणीको महलको ५ नम्बरले "जबरजस्ती करणी गर्ने उद्योग गरेको करणी गर्न भने पाएको रहेनछ भने जबरजस्ती करणी गर्नेलाई हुने सजायको आधा सजाय हुन्छ" भन्ने कानून व्यवस्था रहेको देखिन्छ। साविक मुलुकी ऐनको सोही महलको ३ नम्बरको देहाय २ नं. दश वर्ष वा सोभन्दा बढी चौध वर्षभन्दा कम उमेरको बालिका भए आठदेखि बाह्र वर्षसम्म कैद सजाय हुने" व्यवस्था गरेको पाइन्छ।

३१. प्रतिवादी बिनोद थापालाई मुलुकी ऐन जबरजस्ती करणीको महलको ५ नं बमोजिमको कसूरमा ऐ ऐनको महलको ३(२) नं ले हुने सजाय ऐ मुलुकी ऐनको जबरजस्ती करणीको महलको ५ नं बमोजिम सजाय गरी पाउँ भन्ने मागदावी लिएकोमा शुरू जिल्ला तेह्रथुम जिल्ला अदालतले बालयौन दुरूपयोगतर्फ मुद्धा परिणत गरी प्रतिवादीलाई सजाय गरेको मिलेन भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर रहे तर्फ विचार गर्दा, पीडितले मौकाको घटना विवरण कागज र अदालत समक्षको बकपत्रमा आफू र भाइ साँझको खाना खाइरहेको बेला प्रतिवादी बिनोद थापा आई रक्सी मागेपछि आफूले रक्सी छैन भनेको तर थोरै भए पनि दिनु भनेकोले १ गिलास रक्सी दिँदा निज प्रतिवादीले आफ्नो हात समात्न आएकोले के गर्नुभएको भनी धकेली दिई आफू बाहिर निस्किन खोजेको निस्किन सकिनँ। निज प्रतिवादीले आफ्नो अर्को हात पनि पक्री आफ्नो संवेदनशील अंगहरूमा समात्न थाल्यो र आफूलाई उठाई टेबुलमा सुताई आफूले लगाएको सुरूवाल प्रतिवादीले फुकाउन खोजेकोले आफूले गुहार मागी कराउँदा खाना खाएर कोठामा सुत्न गएको भाइ परिवर्तित नाम ०६ जि.प्र.का. ATRB ले सुनी भाइ आएपछि प्रतिवादी बिनोद थापाले आफूलाई जबरजस्ती करणी गर्न नपाएको हो भनी घटनाको बारेमा लेखाई दिएको र घटनाको प्रत्यक्षदर्शी पीडितकी भाइ परिवर्तित नाम ०६ जि.प्र.का. ATRB ले आफू र दिदी खाना खान लाग्दा प्रतिवादी बिनोद थापा घरमा आई रक्सी मागेको र दिदीले रक्सी छैन भने पनि प्रतिवादीले मागी रह्यो। खाना खाएपछि आफू माथिल्लो तलामा गएको बेला तलको कोठामा दिदी कराएको सुनेपछि आफू तल झरेर हेर्न जाँदा प्रतिवादी बिनोद थापाले पीडित दिदी परिवर्तित नाम ०६ जि.प्र.का. ATR1 लाई हातपात गरिरहेको आफूले देखेको र निज प्रतिवादीले आफू माथिल्लो तलाबाट त्यस ठाउँमा आएको देखेपछि पीडित दिदीलाई हातपात गर्न छोडेको हो भनी मौकाको आफ्नो भनाई व्यहोरालाई अदालत समक्ष आई प्रमाणित गरी बकपत्र गरी लेखाई दिएको, वारदात लगतै पीडित र पीडितकी भाइ दुवैजना रोई कराई घटनाको बारेमा आफूलाई बताउन आएका हुन् भनी पीडितको ठूली आमा नाताको परिवर्तित नाम ०६ जि.प्र.का. (आ) ले अदालत समक्ष गरेको बकपत्र तथा जाहेरवाला परिवर्तित नाम ०६ जि.प्र.का. ATRF ले अदालत समक्ष गरेको बकपत्र समेतका आधार र कारण जबरजस्ती करणीको उद्योग कसूर गरेको देखियो।

३२. मुलुकी अपराध संहिता, २०७४ को दफा २२५ को उपदफा (१) ले "कसैले बालयौन दुरूपयोग गर्न वा गराउन हुँदैन। सोही दफाको उपदफा (२) ले "कसैले करणीका आशयले बालबालिकालाई अस्वभाविक रूपमा एकान्तमा लगेमा, यौन सम्बन्धी निजको अङ्ग छोएमा वा समातेमा, यौन सम्बन्धी आफ्नो अङ्ग निजलाई छुन वा समाउन लगाएमा वा निजसंग अन्य कुनै किसिमको यौनजन्य अस्वभाविक व्यवहार गरेमा बालयौन दुरूपयोग गरेको मानिनेछ" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। जबरजस्ती करणीको उद्योग र बालयौन दुरूपयोग बिचको अन्तरका सम्बन्धमा वादी नेपाल सरकार प्रतिवादी प्रदिप भट्टराई भएको जबरजस्ती करणी उद्योग मुद्दामा सम्मानीत सर्वोच्च अदालतबाट "जबरजस्ती करणीको कसुर" जबरजस्ती करणी, जबरजस्ती करणीको उद्योग, र आशय करणी (यौन दुर्व्यवहार) तीन प्रकारका कसुरजन्य कार्यमध्ये सबैभन्दा गम्भीर कार्य अथवा कसुरले पूर्णता प्राप्त गरेको कार्य हो। "जबरजस्ती करणीको उद्योग" सम्बन्धी कसुरमा पीडकले इच्छा गरेको करणीसम्बन्धी कसुरजन्य कार्यले पूर्णतासम्म प्राप्त नगरेको, कसुरले पूर्णता प्राप्त गर्नुभन्दा अगाडिका कसुरजन्य चरणहरू पूरा गरिसकेको अवस्था रहन्छ। "यौन दुर्व्यवहारसम्बन्धी कसुरमा" यौनजन्य हिंसा भएको, तर जबरजस्ती करणीको कसुर वा सोसम्बन्धी उद्योगको तहको कसुर भइनसकेको अवस्था रहने" भनी नजीर सिद्धान्त समेत प्रतिपादन भएको (ने.का.प. २०७६ अंक ६ नि.नं. १०२८०) परिप्रेक्ष्यमा प्रतिवादी बिनोद थापालाई वादीको अभियोग दावी बमोजिम जबरजस्ती करणीको उद्योगको कसूरदार ठहर नगरी मुलुकी अपराध संहिता, २०७४ को दफा २२५ को उपदफा (१) बमोजिम बालयौन दुरूपयोगको कसूर ठहर गरी सोही संहिताको दफा २२५ को उपदफा (२) बमोजिम १ वर्ष ८ महिना कैद र रू. ९,०००। जरिवाना हुने र पीडितलाई रू. २१,०००। क्षतिपूर्ति प्रतिवादीबाट भराई दिने ठहऱ्याई शुरू तेह्रथुम जिल्ला अदालतबाट गरेको फैसला त्रुटीपूर्ण भएकोले उक्त फैसला उल्टि गरी प्रतिवादीलाई वादीको अभियोग दावीको जबरजस्ती करणी उद्योगको कसूरमा सजाय गरी पाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर तथा निज तर्फका विद्वान उपन्यायाधिवक्ताको बहस जिकिर मनासिवै देखिन आयो।

३३. अतः माथि विवेचित आधार, कारण र प्रमाणबाट बाल यौन दुरूपयोग गरेको कसूर गरेको ठहऱ्याई सजाय गर्ने गरेको सुरू तेह्रथुम जिल्ला अदालतको मिति २०७८/१२/०१ को फैसला मिलेको नदेखिंदा उल्टी भई प्रतिवादी विनोद थापाले वादीको अभियोग दावी बमोजिम साविक मुलुकी ऐन, जवरजस्ती करणी महलको ५ नं.को कसूर गरेको ठहरी निज प्रतिवादीलाई सोही महलको ३ नं.को देहाय २ नं. बमोजिम हुने सजायको उद्योग तर्फ आधा ४(चार) वर्ष कैद हुने ठहर्छ। अरूमा तपसिल बमोजिम गर्नू।

<u>तपसिल</u>

- माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादी बिनोद थापाले बालयौन दुरूपयोगको कसूर गरेको ठहऱ्याएको सुरू फैसला उल्टी (वदर) भई निजले साविक मुलुकी ऐन जबरजस्ती करणी महलको ५ नं. बमोजिम जबरजस्ती करणी उद्योग गरेको ठहरी ऐ.महलको ३ नं. को देहाय २ नं. बमोजिम ४ (चार) वर्ष कैद सजाय हुने ठहरेकाले सुरू फैसलाको तपसिल खण्डको देहाय १,२ बमोजिम प्रतिवादीको नाममा रहेको जरिवाना र क्षतिपूर्तिको लगत कट्टा गर्नू र कैदको लगत संशोधन गरी

४(चार) वर्ष कायम गरी कैदको संशोधित लगत कसी असुल गर्नू भनी सुरू तेह्रथुम जिल्ला अदालतमा लेखी पठाउनू.........................................................................१

- सुरू फैसलाको तपसिल खण्डको देहाय ३ बमोजिम प्रतिवादीको नाममा रहेको क्षतिपूर्ति शुल्कको लगत संशोधन गरी अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१(१)(घ) बमोजिम प्रतिवादीबाट क्षतिपूर्ति शुल्क बापत रू.८००/-(आठ सय) पीडित राहत कोषमा दाखिला गराउनू भनी सुरू जिल्ला अदालतमा लेखी पठाउनू.........................................................२
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३२ (१) बमोजिम अनुसूची-४४ को ढाँचामा प्रत्यर्थी प्रतिवादीलाई र ऐ. कार्यविधि संहिताको १३२ (४) बमोजिम श्री उच्च सरकारी वकील कार्यालय, धनकुटालाई प्रस्तुत फैसलाको प्रमाणित प्रतिलिपि सहितको जानकारी दिनू.........................................................................................................३
- सरोकारवालाले फैसला सहितका कागजातहरूको नक्कल सारी सराई लिन पाउँ भनी दरखास्त दिए नियमानुसारको दस्तुर लिई 'विषेश प्रकृतिका मुद्दाको कारवाहीमा पक्षको गोपनियता कायम राख्ने सम्बन्धी कार्यविधि निर्देशिका, २०६४' बमोजिम गोपनियता कायम गरी नक्कल दिनू.........................................................................................................४
- प्रस्तुत फैसलाको विद्युतीय प्रति अपलोड गरी प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू.................................................................५

**फूर्पा तमाङ**
**(न्यायाधीश)**

उक्त रायमा म सहमत छु।

**रमेश कुमार खत्री**
**(न्यायाधीश)**

फैसला तयार गर्न सहयोग गर्नेः
शाखा अधिकृतः ललित कुमार वि.के.
इति सम्वत २०७९ साल पौष १८ गते रोज ०२ शुभम्..................................।
प्रमाणीकरण मितिः

न्यायाधीश अदालतको छाप

**श्री**

**उच्च अदालत पोखरा**

**संयुक्त इजलास**

**इजलास नं. १**

**माननीय का.मु. मुख्य न्यायाधीश श्री डिल्लीराज आचार्य**

**माननीय न्यायाधीश श्री उज्ज्वल शुक्ल**

**फैसला**

**मुद्दाः जबरजस्ती करणी।**

**मुद्दा नं. 077-CS-0551**

**नि.नं. ३७९**

| | |
|---|---|
| पर्वत जिल्ला साविक आर्थर डाँडाखर्क गा.वि.स. वडा नं. ३ हालको कुस्मा नगरपालिका, वडा नं. १४ घर भई हाल कारागार कार्यालय कास्कीमा रहेका लाल बहादुर क्षेत्रीको छोरा मन बहादुर क्षेत्री...........................................................................................१ | **पुनरावेदक प्रतिवादी** |

**विरूद्ध**

| | |
|---|---|
| परिवर्तित नाम थर पोखरा ५४ को जाहेरीले नेपाल सरकार...........................................................................................१ | **प्रत्यर्थी वादी** |

शुरू फैसला गर्ने अदालतः श्री कास्की जिल्ला अदालत

शुरू फैसला गर्ने माननीय जिल्ला न्यायाधीशःश्री आनन्दप्रसाद श्रेष्ठ

शुरू फैसला मितिः २०७७।१२।०५

शुरू मुद्दा नं.: 076-C1-0350

पुनरावेदन दर्ता मितिः २०७७।१२।२६

**न्याय प्रशासन ऐन, २०७३ को दफा ८(३) बमोजिम यसै अदालतको अधिकारक्षेत्र भित्रको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छः-**

**तथ्य-खण्ड**

१. जाहेरी दरखास्तः-

फेसबुक मार्फत चिनजान भएका मन बहादुर क्षेत्रीले मलाई भेट्न बोलाई मिति २०७६।०८।२८ गतेका दिन १२.०० बजे कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ०९ पृथ्विचोकमा रहेको पर्वत स्याङ्जा आँधिखोला होटलको कोठा नं. ११३ मा पुर्याई मलाई जबरजस्ती करणी गरेको हुँदा निजलाई कानून बमोजिम कारबाही गरी पाउँ भन्ने समेत व्यहोराको परिवर्तित नाम पोखरा ५४ को जाहेरी दरखास्त।

२. <u>घटनास्थल मुचुल्का:-</u>
कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ०९ पृथ्विचोक स्थित अतित रानाको ४ तलाको घर, उक्त घरमा शेष कान्त शर्माले सञ्चालन गरेको पर्वत स्याङ्जा आंधिखोला होटलको तल देखी गन्ती गर्दा ४ तलाको दक्षिण पश्चिम तर्फ रहेको ११३ नं. कोठा खोली हेर्दा उक्त कोठामा उत्तर दक्षीण कुनामा सेतो तन्ना सहितको काठको दुई बटा लोबेड रहेको, सो कोठामा उत्तर तर्फ कुनामा रहेको काठको लोबेडमाथी मन बहादुर क्षेत्रीले परिवर्तित नाम पोखरा ५४ लाई जबरजस्ती करणी गरेको र सो कोठाबाट उत्तर तर्फ रहेको बेड माथी बाट कालो कालो कपालको जस्तो देखिने ६ ईन्च लामो १ थान, गुप्ताङ्गको भुत्ला जस्तो देखिने २ ईन्च लम्बाईएको १ थान र कालो कपालको रंग जस्तो देखिने ११ ईन्च लम्बाई भएको १ थान, उक्त बेडमा माथी भएको सेतो तन्नामा ५ ईन्च लम्बाईको १ थान, उक्त बेडमा माथी भएको सेतो तन्नामा ५ ईन्च लम्बाई रगतको जस्तो पदार्थ टाँसिएको तन्ना १ थान, सोही बेडबाट पूर्वतर्फ २ फिट ९ ईन्च लम्बाईमा १ फिट ६ ईन्च अग्लो काठको टेबल माथी दुई बाट Ruslan Vodka लेखेको सिसाको बोत्तल रहेको, एउटा बोत्तल खालि, अर्को आधा तरल पदार्थ रहेको चारकिल्ला सहितको घटनास्थल भन्ने समेत व्यहोराको घटास्थल मुचुल्का।

३. <u>प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान:-</u>
यी नाम परिवर्तित पोखरा ५४ सँग मेरो फेसबुक मार्फत चिनजान भई एक आपसमा कुराकानी हुने क्रममा दुबै जनाको सहमतिमा २०/२२ दिन अगाडी शारिरिक सम्पर्क राखेका हौं। सो पश्चात मिति २०७६।०८।२८ गतेका दिन ११.०० बजे यी जाहेरवालीले मलाई फोन गरी भेट्न बोलाएको हुँदा निजलाई पोखरा महेन्द्रपुलमा भेट गरी कुराकानी हुँदा खाजा खान जाउँ भनेको हुँदा निजलाई मैले प्रयोग गर्ने ग १० प ३८४६ नम्बरको मोटरसाईकलको पछाडी राखी कास्की जिल्ला पोखरा म.न.पा. वडा नं.०९ पृथ्विचोकमा भएको पर्वत स्याङ्जा आंधिखोला होटलमा गई चिनजान भएको होटल हुँदा कोठा नं.११३ मा गई खाजा खान्छौ भनी उक्त कोठामा गई बसेकोमा मैले रक्सी खाएको हु भने यी जाहेरवाली चिकन र जुस मगाई खाएकी हुन् भने कुराकानी कै क्रममा यी जाहेरवालीलाई मैले अं १२.०० बजे करणी गरेको हुँ। सो पश्चात जाहेरवालीले प्रहरीलाई खबर गरेपछि मलाई पक्राउ गरी ल्याएका हुन् भन्ने समेत व्यहोराको प्रतिवादी मन बहादुर क्षेत्रीको बयान।

४. <u>मौकामा बुझिएका मानिसको कागज:-</u>
मैले कास्की जिल्ला पोखरा म.न.पा. वडा नं.०९ नागढुङ्गा स्थितमा मेरो नाममा पर्वत स्याङ्जा आधिखोला होटल सञ्चालन गर्दै आऊने क्रममा मिति २०७६।०८।२८ गतेका बिहान अं ११.०० बजे प्राय जसो होटलमा आऊने जाने नबराज भन्ने मन बहादुर क्षेत्री मेरो होटलमा आई मैले पाहुनालाई खाना खुवाउँदै गरेको अवस्थामा कोठा चाहियो भनेपछि ईन्ट्री गर्नु भन्दा चिया खाएर जान्छु भनेको हुँदा म आफ्नै काममा लागे। निज मन बहादुर क्षेत्रीले एकजना महिला परिवर्तित नाम पोखरा ५४ लाई साथमा लिई होटलको कोठा नं. ११३ मा बसेका हुन्। निज महिलाले होटलको रिसेप्सनमा आई रक्सी मागेको हुँदा मैले कोठामा हो हजुर भन्दा म कोठा

नं. ११३ मा हो भनी रूस्लानको १ क्वाटर मागेर लिई गएकी हुन। पछी निजले नै चिकेन फ्राई समेत अर्डर गरी लगेकी हुन। केही बेर पछी मेरो श्रीमानसँग निज महिला रिसेप्सनमा आई रूस्लानको अर्को क्वाटर मागी लिई गएकीमा दिन १२.०० बजे प्रहरी आएको र कोठा नं.११३ मा जबरजस्ती करणी भएको कुरा गरे पश्चात मैले र मेरो श्रीमान समेतले थाहा पाएका हौ। प्रहरी समेत मेरो श्रीमान उक्त कोठामा जाँदा निज पीडित महिला रोई बसेकी थिई भन्ने कुरा सुनेकी हुँ। निज महिला उक्त दिन भन्दा अगाडी पनि १ दिन मन बहादुर क्षेत्री संग मेरो होटलमा आई बसी चिया खाएकी हुन। पछी बुझ्दा निज महिलालाई मन बहादुर क्षेत्रीले जबरजस्ती करणी गरेको भनी प्रहरीलाई फोन गरे पश्चात प्रहरी आएका रहेछन। म मिटिङको लागी बाहिर गएकी थिए। मेरो श्रीमानलाई बोलाए पश्चात प्रहरीसंग कोठामा जानु भएको रहेछ। प्रहरीले निज पीडित तथा मन बहादुर क्षेत्रीलाई सोधपुछ गरे पश्चात मुचुल्का समेत गरी मन बहादुर क्षेत्रीलाई पक्राउ गरी लगेका हुन भन्ने समेत व्यहोराको कंचन बराल शर्माको कागज।

५. <u>घटनाविवरण कागजः-</u>

मिति २०७६।०८।२८ गते प्रतिवादी मन बहादुर क्षेत्रीले परिवर्तित नाम पोखरा ५४ लाई कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ०९ पृथ्विचोक स्थित पर्वत स्याङ्जा आँधिखोला होटलको कोठा नं. ११३ मा पुर्याΈई जबरजस्ती करणी गरेको भन्ने थाहा पायौं। निजलाई कानून बमोजिम कारबाही हुनु पर्दछ भन्ने समेत व्यहोराको घटना विवरण कागजमा बुझिएका कल्पना गर्बुजा, गोपाल श्रेष्ठ र मनोज पाठक समेतका मानिसहरूको भनाई लेखाई।

६. पीडितको नामथर वतन खुल्ने जाहेरी दरखास्त समेतका कागजात गोप्य खाम बन्दी भई मिसिल संलग्न रहेको।

७. पीडित तथा पीडकको स्वास्थ्य परिक्षण प्रतिवेदन मिसिल संलग्न रहेको।

८. <u>अभियोग मागदावीः-</u>

प्रतिवादी मन बहादुर क्षेत्रीले जाहेरवाली परिवर्तित नाम पोखरा ५४ लाई जवरजस्ती करणी गरी मुलुकी अपराध संहिता, २०७४ को दफा २१९(१) ले निषेधित ऐ. संहिताको ऐ. दफाको उपदफा (२) मा परिभाषित कसूर अपराध गरेको पुष्टी हुन आयो। प्रतिवादी मन बहादुर क्षेत्रीलाई मुलुकी अपराध संहिता, २०७४ को करणी सम्बन्धी कसुरको दफा २१९ को उपदफा (३) को देहाय (ङ) बमोजिम सजाय हुन र प्रतिवादीबाट अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ को उपदफा (४) बमोजिम क्षतिपूर्ति शुल्क निर्धारण गरिपाउन साथै मुलुकी अपराध संहिता, २०७४ को दफा २२८ बमोजिम पीडितलाई प्रतिवादीबाट मनासिब क्षतिपूर्ति दिलाई भराई पाउन भन्ने मागदावी लिई दायर भएको अभियोगपत्र।

९. <u>प्रतिवादीले सुरू अदालतमा गरेको बयानः-</u>

घटनास्थल मुचुल्का पढीवाची नसुनाई मलाई सहीछाप गर्न लगाईएको हो। पोखरा महानगरपालिका वडा नं. ९ पृथ्वीचोक स्थितको पर्वत स्याङ्जा आधिँखोला होटलमा जाहेरवाला र म बिहानको साढे १०.०० बजे खाना खान गएका थियौं। खाली ठाउँमा नबसौं चिनजानको मानिसले देख्छन भनेर जाहेरवालाले नै माथिल्लो चौथो तल्लाको कोठा नं ११३ मा लगेकी हुन्। उनले कोठामा गएपछि

आफ्नो लागि चुरोट र मेरो लागि रक्सी मगाएकी थिईन्। रक्सी मगाएपनि मैले खाएको थिईन। गिलासमा खनाएको रक्सी उनले नै ओछ्यानमा पोखाएपछि अर्को रक्सी लिन आफैं गएकी हुन् र ल्याएकी हुन्। उनले मसँग रू.२,०००० ।— (दुई लाख) मागेकी हुन्। मलाई घर व्यवहार चलाउन, बच्चा पढाउन २ लाख पछि तिर्ने गरी मागेकी थिईन्। मैले मसँग तेती पैसा छैन मेरो हैसियत छैन भनी भनेको हुँ। मैले पैसा नदिने कुरा गरेपछि जुस ल्याउछु भनेर तल झरेकी हुन्। उनी अ.१५ मिनेट जति तल भुलेर माथि एकैचोटी प्रहरी लिएर आएकी हुन्। मैले जाहेरवालीसँग कोठामा रहँदा कुनै जवरजस्ती करणी गरेको होईन। निजसँग शारीरिक सम्बन्ध भएको होइन। प्रहरी आएका कारण खाना र ल्याएको रक्सी पनि खान पाएको थिइन। कोठामा पस्ने बित्तिकै खाटमा जाहेरवाला बसेकी थिइन। निजकै कपाल खसेको हुन सक्छ। कोठामा भेटिएको रगतको जस्तो पदार्थ होटलको बेड भएकाले कस्को हो, के चिज हो मलाई थाहा भएन। निज जाहेरवालीसंग बसेर कुराकानी मात्र भएको हो। शारीरिक सम्बन्ध, जवरजस्ती करणी गरेको होइन। निजले म सँग २ लाख रूपैया घर खर्चको लागि मागेकोमा मैले पैसा दिन नसकेको कारणले जवरजस्ती करणी गरेको भनी झुट्टा जाहेरी दिएकी हुन्। मैले अभियोग मागदावी बमोजिमको कसूर गरेको होईन। अभियोग मागदावी बमोजिमको सजाय मलाई हुनुपर्ने होईन भन्ने समेत व्यहोराको बयान।

१०. <u>सुरू अदालतको आदेशः-</u>

यी प्रतिवादीलाई मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा ६७ को उपदफा (१) को खण्ड(क) बमोजिम कानून बमोजिमको सुविधा पाउने गरी मुद्दा पुर्पक्ष प्रयोजनको लागि थुनामा राख्न पठाउने गरी मिति २०७६।९।२५ मा सुरू अदालतबाट भएको आदेश।

११. <u>बकपत्र बेहोराः-</u>

- म नदिपुरमा बसेर क्यान्टिनमा काम गर्न थालेको थिए। प्रतिवादीसँग फेसबुकमा चिनजान भएर प्रतिवादीले मलाई फोन गरेर भेट गरौं भनी भन्नु भएकाले खाजा खानका लागि पृथ्वीचोकमा रहेको न्यू स्याङ्जा आँधीखोला लेखेको होटलमा लिएर जानु भएको हो। प्रतिवादीले मैले नमान्दा नमान्दै पनि खाजा खानको लागि होटलको माथि कोठामा लिएर जानु भएको हो। प्रतिवादीले मलाई रक्सी लिन पठाएका हुन् र मैले रक्सी ल्याएपछि निजले खाएपछि मलाई हातपात गरेका हुन। निजले मलाई जबरजस्ती करणी गरेका हुन र म फुत्केर होटल तलपट्टी आई पुलिसलाई फोन गरेको हुँ। त्यसपछि पुलिस आएर निजलाई समाएका हुन्। प्रतिवादीले मलाई खाटमा लगी पल्टयाएर जवरजस्ती कपडा खोली करणी गरेका हुन। म रोई कराई गरेको हुँ भन्ने समेत व्यहोराको बकपत्र।
- यी प्रतिवादी मनबहादुर क्षेत्रीले हाल परिवर्तित नाम पोखरा ५४ लाई लिई एकपटक हाम्रो होटलमा आई डाईनिङ कोठामा बसी चिया नास्ता खाई गएका हुन्। उक्त वारदातको दिनमा निजहरूले ४ तला माथिको कोठा बुक गरी परिवर्तित नाम पोखरा ५४ नै रिसेप्सनमा आई पटक पटक गरी रक्सी चिकेन फ्राई जुस मागी आफैले सर्भिस गरेकी थिइन। निजले पहिलो पटक रक्सी माग्न आउदा मलाई यो होटलको नाम के हो भनी सोधेकी पनि थिइन। निजहरू कोठामा

गईसकेपछि म मिटिङमा गएकी थिए पछि प्रहरी होटलमा आएपछि मैले घटनाबारे थाहा पाएकी हुँ भन्ने समेत व्यहोराको बकपत्र।

- उक्त वारदातको दिन दिउसो करिव ४ बजेको समयमा म आफ्नो काम विशेषले फिल्डमा जाने क्रममा जाहेरवालालाई प्रतिवादी मनबहादुर क्षेत्रीले जवरजस्ती करणी गरेको भन्ने कुरा मैले बाटोमा सुनी थाहा पाएकी हुँ भन्ने समेत व्यहोराको बकपत्र।
- यी प्रतिवादीलाई मैले सानैबाट चिन्दछु। यी प्रतिवादी राम्रै चरित्र भएका व्यक्ति हुन्। यी परिवर्तित नाम पोखरा-५४ र यी प्रतिवादी मनबहादुर क्षेत्री पहिले देखि नै होटलमा आउने जाने गर्दछन भन्ने कुरा मैले सुनेको थिएँ। उक्त वारदात मितिमा पनि यी जाहेरवाला र पीडित बीचमा रकमको कुरामा नमिली जाहेरवालाले यस्तो जाहेरी दिएकी हुन् भन्ने मैले सुनेको हुँ। यी प्रतिवादीले जाहेरवालालाई जवरजस्ती करणी गरेका होइनन। यी जाहेरवाला पहिले पनि प्रतिवादीसंग आउने जाने गर्ने गरेकोमा सो दिनमा पनि जाहेरवालाले नै होटलबाट रक्सी आफैले लिएर रकममा गएकी हुन भन्ने मैले सुनी थाहा पाएको हुँ भन्ने समेत व्यहोराको बकपत्र।
- यी प्रतिवादीलाई बच्चैबाट चिन्दछु। निज समाजमा राम्रो व्यक्ति हुनुहुन्छ। यी परिवर्तित नाम पोखरा-५४ र यी प्रतिवादी मनबहादुर क्षेत्री पहिले देखि नै होटलमा आउने जाने गर्दछन भन्ने कुरा मैले सुनेको थिएँ। उक्त वारदात मितिमा जाहेरवाला र प्रतिवादी संगै नदीपुरबाट प्रतिवादीको मोटरसाइकलमा बसी होटलमा आएको भन्ने मैले सुनेको थिएँ। मलाई मनबहादुर क्षेत्रीले जाहेरवालालाई जवरजस्ती करणी गर्नुभयो भन्ने लाग्दैन।जाहेरवाला आफै मनबहादुर सँगसँगै होटलमा आई आफैं रक्सी सर्भिस गर्नुभएको रहेछ। यदी जवरजस्ती गरेको भए त्यस्तो अवस्था हुदैनथ्यो। यी प्रतिवादी राम्रो आर्थिक हैसियत भएको व्यक्ति भएको हुँदा यी जाहेरवालाले निजलाई रकममा नमिली फसाउन यस्तो जाहेरी दिएको हुनुपर्दछ। निजहरू बीचमा पहिले देखि नै सहमतिमा संगै बस्ने खाने हुने गर्दथ्यो भन्ने पनि मैले सुनेको थिएँ। प्रतिवादीले जाहेरवालालाई जवरजस्ती करणी गरे जस्तो मलाई लाग्दैन निजलाइ सजाय हुनुपर्ने होईन भन्ने समेत व्यहोराको बकपत्र।
- यी जाहेरवाला र प्रतिवादी पहिले पनि उक्त आधिखोला होटलमा आई बस्ने गरेको भन्ने मैले सुनेको हुँ। उक्त वारदातको दिनमा यी जाहेरवालाले नै होटलमा आफैंले रक्सी सर्भिस गरेकी रहिछन् र पछि निज आफैले प्रहरीलाई खबर गरेकी रहीछन्। यी जाहेरवालाले प्रतिवादीलाई फसाउने नियतले जाहेरी दिएकी हुन जस्तो मलाई लाग्दछ।घटनाको प्रकृतिलाई हेर्दा यी मनबहादुर क्षेत्रीलाई सजाय हुनुपर्ने होइन भन्ने समेत व्यहोराको बकपत्र।
- उक्त दिन म समेत उक्त होटलकी साहुनी मिटिङमा गएका थियौं र हामीलाई होटलमा यस्तो भयो भनी फोन गएपछि हामी उक्त होटलमा आउँदा प्रहरीहरू आईसक्नुभएको थियो।मैले देख्दा जाहेरवाला अर्को कोठामा बसी रोईरहेकी थिइन र प्रतिवादी अर्को कोठामा थिए। उक्त वारदातको दिनमा यी जाहेरवालाले नै होटलमा आफैले रक्सी सर्भिस गरेकी रहिछन र पछि निज आफैले प्रहरीलाई खबर गरेकी रहिछन्। यी जाहेरवालाले के कति कारणले प्रस्तुत जाहेरी दिएकी हुन् र निजहरूबीच के के भयो सो सम्बन्धमा मलाई थाहा भएन। जाहेरवालाले नै आफैले मन मिली

निजसँग सँगै होटलमा गई आफैं रक्सी मगाई खाएकोमा निजको नियत के हो सो मलाई थाहा भएन तर न्याय पाउनुपर्नेले न्याय पाउनुपर्छ भन्ने समेत व्यहोराको बकपत्र।

- पिडितको स्वास्थ्य परिक्षणको क्रममा उनको सम्पुर्ण बाह्र्य शरीरमा जाँच गर्दा कुनै ताजा घाउचोटहरू रहेका थिएनन। यौनाङ्गको जाँच गर्दा पनि त्यहाँ कुनै ताजा घाउचोट नरहेको यौनिझिल्ली सामान्य प्राकृतिक र चोट बिहिन अवस्थामा रहेको थिएन र सन्तान जन्माईसकेको महिलामा हुने किसिमको त्यहाँ छुँदा नदुखे र रक्तश्राव पनि नहुने अवस्थामा रहेको थियो। जाँचको क्रममा तत्काल यौनीबाट लिएको ३ वटा स्वाबमा शुक्राणु नरहेको रिपोर्ट प्राप्त भएको थियो। निज पोखरा ५४ को पिसाबबाट गरिने गर्भवती जाँचमा निज गर्भवती नभएको भनी रिपोर्ट प्राप्त भएको थियो भन्ने समेत व्यहोराको बकपत्र।

१२. <u>लिखित बहसनोटः-</u>

वादी नेपाल सरकारको तर्फवाट जिल्ला सरकारी वकिल कार्यालय कास्की र प्रतिवादीको र्तफवाट निजको कानून व्यवसायी मार्फत १० (दश) दिनभित्र लिखित बहसनोट पेश गर्न लगाउनु भन्ने सुरू अदालतको मिति २०७७/१०/०६ को आदेश। सो आदेशानुसार वादी नेपाल सरकार र प्रतिवादीको तर्फबाट निजको कानून व्यवसायीहरूले पेश गरेको बहस नोट मिसिल सामेल रहेको।

१३. <u>सुरू अदालतको फैसलाः-</u>

**कसूर ठहरः-** किटानी जाहेरी दरखास्त, प्रतिवादीको अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान, पीडितको मौकाको कागज एवं अदालतमा आई गरेको बकपत्र, पीडितको शारीरिक परिक्षण प्रतिवेदन, पीडित एवं प्रतिवादीको मौकामा अनुसन्धानको क्रममा स्वास्थ्य परिक्षण गर्ने विशेषज्ञ डाक्टरको बकपत्र, घटना विवरण कागज गर्ने मानिसहरूको भनाई एवं बकपत्र समेतका प्रमाण आधारबाट यी प्रतिवादी मनबहादुर क्षेत्रीले पीडितलाई जवरजस्ती करणी गरेको पुष्टी हुन आएकोले यी प्रतिवादीले अभियोग दावी बमोजिमको कसूर गरेको ठहर्छ। यी प्रतिवादीले अभियोग दावी बमोजिमको कसूर गरेको ठहरेकोले फौजदारी कसूर(सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ९ बमोजिम छुट्टै सुनुवाई गर्ने प्रयोजनार्थ वादी नेपाल सरकारको तर्फबाट जिल्ला सरकारी वकिल कार्यालय कास्कीबाट र प्रतिवादीको तर्फबाट प्रतिवादीको कानून व्यवसायीबाट फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १२ बमोजिम सजाय पूर्वको प्रतिवेदन लिई सजाय निर्धारणको लागि पेश गर्नू भन्ने समेत व्यहोराको मिति २०७७।११।१० को कसुर ठहर।

**सजाय निर्धारणः-** यी प्रतिवादीले गरेको कसूर तथा कसूर गर्दाको परिस्थिति तथा निजको उमेर तथा निजको पारिवारिक स्थिति समेतको विचार गरी फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १२,१४,१५,१७,१८ समेतलाई विचार गर्दा सजायको तल्लो हद सजाय गर्दा पनि विधायिकी मनसाय पूर्ति हुने हुँदा मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा ३ को खण्ड (ङ) बमोजिम तल्लो हद ७(सात) वर्ष कैद सजाय हुने ठहर्छ। साथै अपराध पीडित संरक्षण ऐन २०७५ को दफा ४१(४) बमोजिम पीडित राहत कोषमा एक हजार तीन सय यी प्रतिवादीबाट जम्मा गर्नुपर्ने र मुलुकी अपराध संहिता, २०७४ को दफा २२८

बमोजिम पीडितलाई यी प्रतिवादीबाट रू.५०,०००।– (पचास हजार रूपैयाँ) क्षतिपूर्ति समेत भराई दिने ठहर्छ भन्ने समेत बेहोराको सुरू अदालतको मिति २०७७।१२।०५ को फैसला।

१४. <u>पुनरावेदन पत्रः</u>

मैले अदालतमा इन्कार रही कसुरलाई अस्वीकार गरी बयान गरेको छु। मेरो इन्कारी बयान मेरा साक्षीहरू विष्णु बहादुर क्षेत्री र प्रदिप सुवेदीबाट समर्थन भएको अबस्था छ। पिडित भनिएकी पोखरा ५४ को शारीरिक परिक्षण प्रतिवेदन, वारदात स्थानमा भेटिएका प्रमाण कागज, म पुनरावेदकको परिक्षण प्रतिवेदनबाट वारदात स्थापित हुने अवस्था देखिँदैन। कोठामा जाहेरवाली र म पुनरावेदक २ जना रहे बसेको अबस्थामा जाहेरवाली पटक पटक होटल कोठाबाट रक्सी मासु लिन रेष्टुरेण्टमा जाने आउने गरेको तथ्य समेत मिसिलबाट देखिन्छ। त्यस्तो अबस्थामा एक बयस्क पुरूषले एक बयस्क महिलालाई जवरजस्ती बोल्न, कराउन, भाग्न, उम्कन नदिई निजको कपडा खोली जवरजस्ती करणी गर्न सम्भव नै हुदैन। कसैले लगाएको कपडा निजको सक्रियता बेगर सामान्य अबस्थामा कसैले खोल्न सम्भव हुदैन। सम्भव भएमा संघर्षको चिन्ह देखिनु पर्दछ। कपडा पेन्टी च्यातिएको अबस्था हुनु पर्दछ। शरिरमा घाउचोट लागेको र हार गुहार गरेको अबस्था समेत देखिनु पर्दछ। मिसिल संलग्न प्रमाण कागजबाट त्यस्तो अबस्था कहीकतै देखिँदैन। वयस्क महिलाको इच्छा बेगर करणी गर्ने कार्य समेत कल्पना पनि गर्न सकिदैन। जबरजस्ती करणी गर्दा यौनाङ्ग लगायत शरिरका संवेदनशिल अंगहरूमा घाउचोट देखिनु पर्दछ। त्यस्तो अवस्था देखिएको छैन। घटना घटे लगत्तै

पिडितको योनीरस परिक्षणका लागि लिईएको देखिन्छ। त्यसमा शुक्रकिट देखिएको छैन। पीडितको स्वास्थ्य परिक्षण गर्दा निजको शरिरमा र यौनाङ्गमा समेत कुनै चोटपटक देखिदैन। बेडको तन्नामा लागेको रातो दाग परिक्षण गर्दा पीडित र पीडकको रगतसंग मेल नखाएको भन्ने फरेन्सिक ल्याबको रिपोर्टबाट देखिन्छ। प्रतिवादी मन बहादुर क्षेत्रीको शरीरमा कुनै चोट पटक लागेको पनि देखिदैन। उल्लेखित तथ्यबाट समेत जवरजस्ती करणीको वारदात स्थापित हुने अवस्था नदेखिँदा नदेखिँदै अनुमानका आधारमा मलाई कसूरदार कायम गर्ने गरी भएको फैसला फौजदारी न्यायको सर्वमान्य सिद्धान्त विपरित भई बदरभागी हुँदा बदरै गरी अभियोग दावीबाट सफाई पाउँ भन्ने समेत व्यहोराको पुनरावेदक प्रतिवादीको मिति २०७७।१२।२६ को पुनरावेदन पत्र।

१५. <u>यस अदालतको आदेशः-</u>

वारदात भयो भनिएकी दिन पीडित र प्रतिवादीको समेत स्वास्थ्य परीक्षण भएको र घटनस्थलबाट बरामद भएको वस्तु केन्द्रिय प्रहरी विधि विज्ञान प्रयोगशालाको परीक्षण प्रतिवेदन एवं घटना विवरण कागज गर्नेहरूको बकपत्र समेतको समुचित विश्लेषण नगरी भएको सुरू जिल्ला अदालतको फैसला प्रमाण मूल्याङ्कनको रोहममा फरक पर्न सक्ने देखिँदा, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) प्रयोजनार्थ उच्च सरकारी वकिल कार्यालय पोखरालाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नुहोला भन्ने यस अदालतको मिति २०७८।४।२५ को आदेश।

## ठहर-खण्ड

१६. नियम बमोजिम दैनिक पेसी सुचिमा चढी यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदन पत्र एवं प्राप्त सुरू मिसिल समेत अध्ययन गरीयो।

१७. पुनरावेदक प्रतिवादीकोतर्फबाट विद्वान अधिवक्ताहरू श्री जगन्नाथ ढकाल र श्री डिलमाया भुजेलले जाहेरवाली पोखरा ५४ खाजा खान आफै प्रतिवादीसँग होटलमा गएकी, आफैले रक्सी, जुस, मासु र चुरोट अडर गरी माथि कोठामा लगि प्रतिवादीसँग सँगैबसी खाएको समेतको वारदातको अवस्था देखिन्छ। जाहेरी दरखास्तको बेहोरा अनुसार प्रतिवादीले कथित जबरजस्ती करणी गर्दा जाहेरवालीले अस्वीकार गरेको वा कुनै प्रतिकार गरेको भन्ने केही छैन। जाहेरवालीको शरीरमा कुनै घाउ चोटपटकहरू लागेका छैनन्। यसबाट जबरजस्ती करणीको वारदात भएको भन्न मिल्ने देखिँदैन। प्रतिवादी अभियोग दावीका सम्बन्धमा पूर्ण रूपमा इन्कार रहेका छन। जाहेरवालीको जाहेरी बेहोरा र बकपत्रको बेहोरालाई अन्य कुनै प्रमाणहरूले समर्थन गरेको अवस्था छैन। यस अवस्थामा पनि अभियोग दावी बमोजिमको कसूरदार ठहर गर्नु भनेको कुनैपनि पुरूषलाई सुरक्षित रूपमा रहन नदिनु हुन जान्छ। कुनै रिसइबी वा पैसा माग्दा नदिएको वा अन्य कुनै व्यवहारमा कुरा नमिलेको कारणले फसाउने सहज अवस्था हुन जान्छ। वारदातको यस प्रकृतिका आधारमा र जाहेरी दरखास्तको बेहोरा अन्य कुनै प्रमाणबाट समर्थित नभएको आधारसमेतबाट पुनरावेदक प्रतिवादीले अभियोग दावीबाट सफाई पाउनुपर्छ भन्ने समेत बहस प्रस्तुत गर्नुभयो।

१८. प्रत्यर्थी वादी नेपाल सरकारकोतर्फबाट विद्वान सहन्यायाधिवक्ता श्री इश्वरीप्रसाद ढकालबाट अनुसन्धान तहकिकातको समयमा प्रतिवादीले जाहेरवालीलाई एक पटक करणी गरेको तथ्यमा साबित रहेका छन। पीडितको शरीर जाँच हुँदा कुनै चोटपटक नदेखिनु भनेको पीडित बच्चा जन्माएकी परिपक्क महिला भएको कारणले हो। प्रतिवादीले जबरजस्ती करणी गर्दा कुनै प्रकारको प्रतिवाद नगर्नुलाई पुरूष प्रधान मानसिकता र संस्कारको उपजका रूपमा लिनुपर्ने हुन्छ। जबरजस्ती करणी जस्तो संवेदनशील र जघन्य कसूरमा महिलाकै भनाइले प्राथमिक प्रमाणको रूप धारण गर्ने न्यायिक मान्यता रहेको हुँदा पुनरावेदक प्रतिवादीलाई अभियोग दावी बमोजिम कसूरदार ठहर गरेको सुरू अदालतको फैसला न्यायपूर्ण हुँदा सदर कायम रहनुपर्छ भन्ने समेत बहस प्रस्तुत गर्नुभयो।

१९. विद्वान अधिवक्ताहरू एवं विद्वान सहन्यायाधिवक्ताबाट प्रस्तुत भएको उपरोक्तानुसारको बहस सुनी प्रस्तुत मुद्दाको रोहमा सुरू कास्की जिल्ला अदालतको फैसला मिले नमिलेको के रहेछ? पुनरावेदक प्रतिवादी मनबहादुर क्षेत्रीको पुनरावेदन जिकिर अनुसार अभियोग दाबीबाट निजले सफाइ पाउने हुन वा सुरू अदालतकै फैसला सदर कायम रहने के हो? भन्ने सम्बन्धमा हेर्दा निम्न आधार र कारणबाट उक्त फैसला मिलेको नदेखिइ उक्त फैसला उल्टी भई पुनरावेदक प्रतिवादीले अभियोग दावीबाट सफाइ पाउने देखियोः

२०. **प्रथमतः** परिवर्तित नामथर पोखरा ५४ र प्रतिवादीका बिचमा वारदात मिति/समय भन्दा केही महिना अगाडि नै चिनजान भएको र वारदात मिति भन्दा अगाडि दुई दुई पटक एकैसाथ घुम्ने,

खाने र बस्ने गरेको तथ्यलाई जाहेरवाली स्वयंले जाहेरी दरखास्त एवं बकपत्रमा र प्रतिवादीले समेत आफ्नो बयान बेहोरामा स्वीकार गरेको देखिन्छ। वारदात मिति २०७६।०८।२८ गतेको दिन करिब ११ बजेतिर जाहेरवाली र प्रतिवादीका बिच मोबाईलमा सम्बाद हुँदा जाहेरवालीले आफू डेरा लिई बसेको ठाउँमा लिन प्रतिवादीलाई बोलाएकी र प्रतिवादीले चलाएको ग१० प ३८४६ नं. को मोटरसाइकलमा बसी पृथ्वीचोक स्थित पर्वत स्याङ्जा आँधिखोला होटलमा आएका र जाहेरवाली स्वयंले तल बस्दा चिनजानका मानिस आउने हुँदा माथि बस्ने (सुरू अदालतको बयानको स ७ को जवाफमा) भनी सोही होटलको ११३ नं. को कोठामा गई बसेका भन्ने देखिन्छ। यसका साथै खाजा खाने क्रममा जाहेरवाली स्वयं तल झरेर चुरोट, जुस, मासु र रक्सी अडर गरेकी र पटक पटक तल झरेर अडर अनुसारका खाजा सामाग्रीहरू आफै लिई कोठा नं.११३ मा लगेको भन्ने समेत देखिन्छ। यस तथ्यलाई प्रतिवादीले मात्र होइन, जाहेरवाली स्वयंले पनि स्वीकार गरेकी छिन र यसलाई साथीको विश्वासमा परी कोठा नं.११३ मा गएको भनेकी छिन।

२१. अन्यथा प्रमाणित नभएसम्म र ग्राहकले रात्रीबासका लागि कोठा लिएको अवस्थामा बाहेक होटलमा खाजा वा खाना खाने स्थान भनेको होटलद्वारा तोकिएको स्थान वा डाइनिङ हलमा नै हो। खाजा वा खाना खाने प्रयोजनकै लागि कोठा बुक गर्ने वा माथिल्लो तलामा रहेका कोठामा सहज रूपमा जाने वा लैजाने कार्य सामान्यतः हुदैनन। यसैगरी सम्बन्धका हिसाबले आपसमा नाता सम्बन्ध केही नै नभएका र घर वा बसोबास एकै ठाँउमा नभएका, केही समय अगाडि मात्र परिचित एक परपुरूषसँग खाजा खाने प्रयोजनका लागि होटलको तेस्रो तल्लामा जाने र सोही स्थानमा बसेर सँगै खाजा खाने कार्यलाई स्वभाविक मान्न मिल्दैन। यसप्रकारको अवस्थालाई सहमतिपूर्ण बसाइ र ब्यबहार भनी सहजरूपमा अनुमान गर्नुपर्ने हुन्छ। जाहेरी बेहोरा अनुसारको प्रतिवादीले आफू उपर जबरजस्ती करणीको हर्कत गर्दा जाहेरवालीले कुनै प्रकारको प्रतिवाद वा हो हल्ला गरेको भन्ने देखिदैन। निजको शरीरमा संघर्षका कुनै प्रकारका चिन्हहरू रहेको भन्नेपनि देखिदैन। यो यस्तो तरिकाले प्रतिवाद गरेकी भन्ने निजको भनाई पनि छैन। तत्काल भए गरेका सबै ब्यबहारहरू सहज र स्वभाविक ब्यबहारका रूपमा देखिएका छन।

२२. सुरू कास्की जिल्ला अदालतमा बयान गर्दा प्रतिवादी मनबहादुर क्षेत्री अभियोग दावी बमोजिमको कसूरमा पूर्णतः इन्कार रहेका र उपरोक्तानुसारको वारदातको प्रकृति र अवस्थालाई मध्यनजर राख्दा जबरजस्ती करणीको वारदात मान्न मिल्ने अवस्था नदेखिएकोले प्राथमिक रूपमा नै प्रतिवादीलाई अभियोग दावी बमोजिमको कसूरदार ठहर गर्न मिल्ने देखिएन।

२३. **दोस्रोः** पीडितको स्वास्थ्य परिक्षण गर्ने चिकित्सक डा. मदनकुमार बरालको प्रतिवेदन तथा बकपत्र बेहोरामा पीडितको यौनाङग लगायत शरीरको कुनैपनि भागमा कुनैपनि प्रकारका घाउ चोट वा घर्षणका चिन्हरू वा गुप्ताङ्गाका रौंहरू (No foreign hairs) थिएनन। यौनीको वरपर वा भल्वा (Vegina, Perinem, Valva, Labia majora, Labia minora) लगायतका योनाङ्गसँग सम्बन्धित सबै स्थानहरूको अवस्था स्वभाविक र सामान्य थियो र कुनै प्रकारको ताजा चोट वा रगत बहेको अवस्था (Not Fresh injury & No blood on touch in vegina) भन्ने समेतको उल्लेखन र सोही अनुसारको बकपत्र रहेको छ। पीडितले सुरू अदालतमा बकपत्र गर्दा वारदात मिति र समयमा

आफू महिनावारीको अवस्थामा रहेको भन्ने समेत बेहोरा खुलाइकी छिन। चिकित्सकले निजको स्वास्थ्य परीक्षण गर्दा निजले प्याड बाहेकका सबै कपडाहरू परिवर्तन नगरेको भन्ने छ। तर निजको यौनाङ्ग जाँच गर्दा कुनै प्रकारको रगतजन्य वा यौनजन्य कुनै तरल पदार्थसम्म पनि नरहेको वा नदेखिएको भन्ने समेत स्वास्थ्य परीक्षण प्रतिवेदनमा उल्लेख भएको छ। ल्याव परीक्षण गर्दा KM test, Ap test र ASIT test गरिएको र सबै टेस्टहरूमा पोजेटिभ देखिएको भन्ने बेहोरा रहेको छ तर DNA Test बाट ति परीक्षणहरू प्रतिवादीसँग सम्बन्धित रहेको भन्ने देखिएको छैन। जाहेरवालीले आफूहरू सरासर कोठाभित्र बसेपछि केही खाएका र त्यसपछि प्रतिवादीले ढोका लगाई आफूलाई खाटमा पल्टाई आफ्ना कपडाहरू खोली जबरजस्ती करणी गरेका भन्ने बेहोराबाट बकपत्र गरेकी छिन। होटलमा अन्य ग्राहकहरू रहेको दिउसोको समयमा जाहेरवालीको बकपत्र अनुसार यसरी सहज रूपमा हुने क्रियाकलापहरूलाई जबरजस्ती करणीको ब्यबहारका रूपमा परिभाषित गर्न मिल्दैन। यसप्रकारको अवस्थालाई विद्वान सहन्यायाधिवक्ताले बहसको क्रममा प्रस्तुत गरेको बेमेलका बिचमा पनि सहअवस्था रहेको (Contradiction Vs. Corroborations) को अवस्थाका रूपमा पनि मान्न नमिल्ने हुँदा पुनरावेदक प्रतिवादीलाई अभियोग दावी अनुसारको कसूरदार ठहर गर्न मिल्ने देखिँदैन।

२४. **तेस्रोः** प्रतिवादीले खाजा खाने क्रममा जाहेरवालीले आफूसँग रू.२,००,०००।—(दुइ लाख) मागेकी र आफूले सो बमोजिमको रकम दिन नसक्ने बताएपछि निज होटलको तल गई प्रहरीलाई खबर गरेकी रहिछन। रकम दिन नसक्ने बताएको केही बेरमा प्रहरीहरू आई पक्राउ गरेकाले अर्डर अनुसारको रक्सी र मासु समेत खाइ नसकेको भन्नेसमेत बेहोराबाट सुरू अदालतमा बयान गरेका छन। वारदात मिति र समयमा देख्ने अर्थात घटनास्थल अवस्थाका बारेमा कागज गर्ने होटलसँग सम्बन्धित व्यक्ति कन्चन बराल, कल्पना गर्बुजा, सुन्दर कुमार श्रेष्ठ, करिश्मा बराल र स्वास्थ्य परिक्षण गर्ने चिकित्सक मदन प्रसाद बराल सहितका व्यक्तिहरूले मौकामा गरेको कागज र सुरू अदालतमा गरेको बकपत्र बेहोराबाट वारदात मिति र समयमा जबरजस्ती करणी र प्रतिकारको कुनै आवाज आएको वा त्यस्तो अवस्था देखिएको भन्ने देखिदैन। अपितु यस अगाडि पनि एकपटक प्रतिवादीसँग सँगै सोही होटलमा आएर डाइनिङ हलमा बसी खाजा खाएर गएकी र यसपटक निज आफैले पटक पटक रक्सी चुरोट मासुसहितका खाद्य सामाग्रीहरू अडर गर्ने र लैजाने क्रममा पटकपटक तलमाथि गरेकी र सोही क्रममा होटलको नाउँ सोधेको भन्ने देखिन्छ। यसले अभियोग दावीका सम्बन्धमा प्रतिवादीले आफ्नै गाउँको बन्धु कुटुम्बभित्रको बिष्णुबहादुर खत्री, जो युनिटि लाइफको ठगी प्रकरणसँग सम्बन्धित ब्यवसाय र कारोबारको सन्दर्भमा पक्राउ परेका र निज तथा सो संस्थाका अध्यक्ष बिष्णुबहादुर गुरूङ र निज बिष्णुबहादुर खत्रीकी चौथो श्रीमती रिसिसा पौडेल समेतलाई पक्राउ गर्ने-गराउने कार्यमा आफ्नो सहयोग रहेको भन्ने सम्झेर र बिष्णुबहादुर खत्रीको अस्वीकार्यताका बिचमा निजकी पाँचौ श्रीमतीबाट जन्मेका सन्तानको जन्मदर्ताको सम्बन्धमा आवश्यक पर्ने सर्जमिन मुचुल्का बनाउन आफूले सहयोग गरेको समेतको रिसइबीबाट निजहरूले आफूलाई फसाउन तयार गरेको एक पात्रका रूपमा जाहेरवालीलाई अगाडि सार्दै कारगारबाट पठाएको वास्तविक तथ्य भन्ने बेहोराको निवेदन द.न.३८७७ मा मिति

२०७७।८।४ मा कास्की जिल्ला अदालतमा दर्ता गरेको निवेदनको बेहोरा समर्थित हुन गएको देखिएबाट अभियोग दावी अनुसारको कसूर पुनरावेदकले गरेको भन्न मिल्ने देखिएन।

२५. **चौथोः** प्रस्तुत मुद्दामा सङ्कलित उल्लेखित तथ्य र प्रमाणहरूको रोहबाट समग्रमा हेर्दा जाहेरवालीको जाहेरी बेहोरा र सोही अनुसारको बकपत्रको बेहोरा बाहेक प्रस्तुत मुद्दामा अभियोग दावी प्रमाणित गर्ने अन्य वस्तुनिष्ठ प्रमाणको अभाव रहेको देखिन्छ। सामान्य र स्वभाविक अवस्थामा जबरजस्ती करणीको कसूरमा जाहेरी दरखास्तको बेहोरा र पीडितको भनाइले प्राथमिक प्रमाणको रूपधारण गर्दछ तर जहाँ विवादस्पद र अस्वभाविक अवस्था देखिन्छ, त्यहा पीडितको जाहेरी दरखास्त वा बकपत्रको बेहोरा अन्य वस्तुनिष्ठ प्रमाणले समर्थित गरेको हुनु वा देखिनुपर्छ।

२६. कुनै अपराधको सम्बन्धमा दर्ता भएको जाहेरी दरखास्तको बेहोरा वा पीडितको बकपत्र आफैमा सम्पूर्ण प्रमाण होइन, प्रमाणहरूको एक श्रृखला वा कडी मात्र हो। पीडितले आफू उपर कसैबाट जबरजस्ती करणी भएको भनी आरोप लगाउनु मात्र अभियोग प्रमाणित हुने आधार बन्न सक्दैन। निजको शारीरिक परीक्षणबाट तत् सम्बन्धि कुनै न कुनै अवस्था देखिनु पर्छ अथवा अन्य कुनै वस्तुनिष्ठ प्रमाणबाट पीडित हुँ भन्नेको जाहेरी र बकपत्रको कथन समर्थित भएको हुनु पर्छ। मुद्दामा प्रस्तुत भएका प्रमाणहरूको एक कडीले अर्को कडीसँग तादाम्यता कायम गरेको हुनुपर्छ। प्रमाणहरू आपसमा विरोधाभास वा अस्वभाविक हुनु वा देखिनु हुदैंन।प्रमाणहरूको मूल्यको सिद्धान्तमा प्रमाणहरूका बिचमा रहेको बेमेल वा भिन्नताको अवसर प्रतिवादीको पक्षमा जान्छ र फौजदारी न्यायको सिद्धान्त अनुसार प्रमाणहरूका बिचमा देखिएको शंकाजन्य अवस्थाको अर्थात शंकाको मौकाको सुविधापनि प्रतिवादीले पाउँछ। जाहेरी दरखास्त एवं बकपत्रको बेहोरा अन्य प्रमाणहरूबाट समर्थित नभएको अवस्थामा अभियोग दावी प्रमाणित हुन सकेको मानिदैन।

२७. यस सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट जबरजस्ती करणी कै कसूरका सम्बन्धमा स्थापित भएका निर्णाधारहरू- जाहेरी दरखास्त मात्रलाई आधार मानेर कसूरदार ठहर गर्न मिल्दैन (ने.का.प.२०६९, अंक २, नि.नं.७८६४ पृष्ठ १७१), पीडितले बकपत्र गर्दैमा कसूरदार ठहर गर्न मिल्दैन (ने.का.प.२०७७, अङ्क ३, नि.नं. १०४६४ पृष्ठ ५७५, ने.का.प. २०७६, अंक१२, नि.नं.१०४११ पृष्ठ २५००) लाई यहा स्मरण एवं आकर्षित गर्नु न्यायको रोहबाट मनासिव देखिन आउँछ।

२८. **वस्तुतः** जबरजस्ती करणीको वारदात भएको भन्ने सम्बन्धमा देखिएको माथि उल्लिखित अविश्वसनीय वारदातको अवस्था, पीडित स्वयंको शारीरिक परीक्षणबाट देखिएको स्वभाविक अवस्था, अभियोग दावीका सम्बन्धमा मौकामा जाहेरवालीले मागे अनुसारको रकम दिन प्रतिवादीले नसकेको कारण समतले फसाउन जाहेरी दिएको भन्ने समेत बेहोराबाट अभियोग दावीका सम्बन्धमा रहेको प्रतिवादीको पूर्ण इन्कारी, जाहेरवालीको स्वास्थ्य परीक्षण गर्ने चिकित्सकको परीक्षण प्रतिवेदन र तद् अनुकुलको बत्रपत्र समेतका संकलित प्रमाणहरूले जाहेरी दरखास्त र तद् अनुकुलको बकपत्रलाई समर्थन नगरेको स्थितिमा केबल जाहेरी र परिपक्क वालिग महिलाले उल्लिखित वारदात देखाई दिएको जाहेरी अनुसारको बकपत्रकै आधारमा जबरजस्ती करणी जस्तो गम्भीर प्रकृतिको कसूरमा प्रतिवादीलाई कसूरदार ठहर गर्न मिल्ने देखिएन।

२९. उल्लिखित आधार र प्रमाणहरूको मूल्याङ्कनको रोहबाट पुनरावेदक प्रतिवादी मिनबहादुर खत्रीले अभियोग दावी बमोजिमको कसूर गरेको भन्ने नदेखिँदा अभियोग दावी बमोजिमको कसूरबाट निजलाई सफाई दिनु पर्नेमा कसूरदार ठहर गरी ७ वर्ष कैद तथा पीडितलाई रू.५०,०००।- क्षतिपूर्ति दिने र अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१(४) अनुसार प्रतिवादीले पीडित राहतकोषमा रू.१३००।- दाखिल गर्नुपर्ने समेत ठहर्याएको सुरू कास्की जिल्ला अदालतको मिति २०७७।१२।०५ को फैसला मिलेको देखिएन। पुनरावेदक प्रतिवादी मिनबहादुर खत्रीले अभियोग दावी बमोजिमको जबरजस्ती करणीको अभियोगबाट सफाई पाउने देखियो।

३०. तसर्थ माथि उल्लेखित आधार कारणबाट प्रतिवादी मनबहादुर क्षेत्रीलाई आफ्नो डेरा कोठा नजिक बोलाई, निजले प्रयोग गरेको ग.१प.३८४६ नं. को मोटरसाइकलमा चढी पृथ्वीचोकमा रहेको पर्वत स्याङ्जा आँधिखोला होटलको कोठा नं.११३ मा गई चुरोट रक्सी जुस तथा मासु समेत आफैले काउन्टरबाट उक्त कोठामा लगि सँगै बसी सेवन गरेको समेतको वारदातको प्रकृति एवं अवस्था तथा जाहेरी बेहोरा र जाहेरवालीको बकपत्र सो बेहोरालाई समर्थित गर्ने अन्य वस्तुनिष्ट प्रमाणको अभावमा पुनरावेदक प्रतिवादी मन बहादुर क्षेत्रीलाई अभियोग दावी बमोजिम जाहेरवाली परिवर्तित नाम पोखरा ५४ लाई जवरजस्ती करणी गरेको ठहर्याएको सुरू कास्की जिल्ला अदालतको मिति २०७७।१२।५ को फैसला मिलेको नदेखिँदा उल्टी भई प्रतिवादी मनबहादुर क्षेत्रीले अभियोग दावीबाट सफाई पाउने ठहर्छ।

३१. सो ठहर्नाले अन्य मुद्दाबाट निजलाई थुना वा कैदमा राख्न नपर्ने भए प्रस्तुत मुद्दाको रोहबाट अविलम्व थुना मुक्त गरी दिनु भनी कारागार कार्यालय कास्कीलाई लेखी पठाउनुहोला। अरूमा तपसिल बमोजिम गर्नुहोला।

## तपसील

- माथि ठहर खण्डमा लेखिए बमोजिम शुरू कास्की जिल्ला अदालतको फैसला उल्टी भई पुनरावेदक प्रतिवादी मन बहादुर क्षेत्रीले अभियोग दावीबाट सफाई पाउने ठहरी फैसला भएकोले प्रस्तुत मुद्दाको रोहबाट शुरू अदालतको फैसला अनुसार कैदमा रहेका प्रतिवादीलाई अन्य मुद्दा तथा कारणबाट तहाँ थुनामा राखी राख्नु पर्ने नभएमा प्रस्तुत मुद्दाको रोहबाट निज प्रतिवादीलाई थुना मुक्त गरी दिनुहोला भनी कारागार कार्यालय कास्कीमा लेखी पठाईदिनुहोला......................................................................................१
- शुरू फैसला उल्टी भई प्रतिवादीले अभियोग दावीबाट सफाई पाउने ठहरी फैसला भएकोले शुरू फैसला अनुसार प्रतिवादी मन बहादुर क्षेत्रीको नाँउमा मिति २०७८/२/२४ मा कसिएको लगत नं. ६५४० कट्टा गरी दिनुहोला भनी शुरू अदालतमा लेखी पठाईदिनुहोला......................................................................................२
- न्याय प्रशासन ऐन,२०७३ को दफा ९(१)(ग) बमोजिम फैसलाको प्रतिलिपी समेत साथै राखी फैसला भएको जानकारी सहित पुनरावेदनको म्याद उच्च सरकारी वकील कार्यालय,पोखरालाई दिनुहोला......................................................................................३

- सरोकारवालाले नक्कल माग गरे नियमानुसार नक्कल दिनुहोला....................................................................................................४
- प्रस्तुत फैसला प्रमाणिकरण भएको विवरण सूचना पाटीमा र अदालतको वेवसाईटमा प्रकाशन गर्नुहोला....................................................................................................५
- प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी, फैसला विद्युतीय प्रणालीमा अपलोड गरी शुरू मिसिल शुरू जिल्ला अदालतमा पठाई रेकर्ड मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनुहोला....................................................................................................६

**(डिल्लीराज आचार्य)**
**का.मु.मुख्य न्यायाधीश**

उक्त रायमा म सहमत छु।

**(उज्ज्वल शुक्ल)**
**न्यायाधीश**

**इजलास अधिकृतः दीपक गिरी**
**कम्प्युटर अपरेटरः केशव पौडेल, सरस्वती शर्मा**
**इति सम्वत २०७९ साल वैशाख महिना २७ गते रोज ३ शुभम्..............................**
**फैसला प्रमाणिकरण मितिः २०७९।०३।**